# आर्थिक सर्वेक्षण

## आर्थिक वर्ष २०७३/७४

नेपाल सरकार

## अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

# आर्थिक सर्वेक्षण

## आर्थिक वर्ष २०७३/७४

नेपाल सरकार

## अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

# प्राक्कथन

उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गरी आर्थिक सामाजिक रूपान्तरण गर्नु सरकारको मुख्य उद्देश्य हो । संघीय प्रणालीलाई आर्थिक समृद्धिको अवसरको रूपमा लिई संघ, प्रदेश र स्थानीय तहमा लगानीका स्रोत र साधनको पर्याप्त व्यवस्था गर्नुपर्ने हुन्छ । संघीय वित्त व्यवस्थापनका लागि स्रोत र साधनको परिचालनका आधार निर्माण गरी समष्टिगत आर्थिक स्थायित्वसहितको आर्थिक विकास गर्ने गरी राष्ट्रिय आर्थिक नीति र क्षेत्रगत नीतिहरू बनाई कार्यान्वयन गर्नुपर्दछ । उपलब्ध प्राकृतिक स्रोत साधनको अधिकतम परिचालन, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा पुँजी परिचालन गरी दिगो आर्थिक विकास गर्ने र प्राप्त उपलब्धिहरूको न्यायोचित वितरणबाट आर्थिक असमानताको अन्त्य गरी शोषणरहित समाजको निर्माणमा आर्थिक नीति केन्द्रित हुनु पर्दछ।

विगत वर्षमा विनाशकारी भूकम्प र सीमा नाका अवरोधबाट आपूर्ति व्यवस्थामा असहजता भई अर्थतन्त्रमा गम्भीर नकारात्मक प्रभाव पर्न गएको थियो । सरकारले विभिन्न नीति तथा कार्यक्रमको माध्यमबाट यसको प्रभावलाई सम्बोधन गरी अर्थतन्त्रलाई पुनर्जीवित गर्न गरेको प्रयासले चालु आर्थिक वर्षमा ६.९४ प्रतिशतको आर्थिक वृद्धि हासिल  हुने अनुमान छ । यो आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ यताकै उच्च रहेको छ । यसर्थ, विद्यमान उच्च आर्थिक वृद्धिदर, न्यून मुद्रास्फीति, पर्याप्त विदेशी विनिमय सञ्चिति र स्रोतको उपलब्धतालाई स्थायित्व प्रदान गरी लगानी परिचालनबाट रोजगारीको अवसर सिर्जना गर्न सकिएमा आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सहज हुनेछ । वित्त संरचनामा स्रोत र साधनको अभाव नभएता पनि कार्यान्वयन क्षमतामा अभिवृद्धि र लगानी अनुकूल वातावरण तयार गरी निजी क्षेत्रको लगानी बढाउन आवश्यक छ ।

अर्थतन्त्रका विभिन्न पक्षहरू र महत्त्वपूर्ण नीति तथा कार्यक्रमहरूको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरूको विश्लेषणात्मक समीक्षा गरी आर्थिक वर्ष २०७३/७४ को आर्थिक सर्वेक्षण तयार पारिएको छ । सर्वेक्षणमा आर्थिक तथा सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण रहेका कार्यक्रमहरूलाई समेटी तिनले समग्र अर्थतन्त्रमा पार्ने प्रभाव र प्रवृत्तिको विश्लेषण गरिएको छ ।

मुलुकको आर्थिक गतिविधिप्रति रूचि र सरोकार राख्ने बुद्धिजिवी, अनुसन्धानकर्ता, कर्मचारी, विद्यार्थी, उद्योगी, व्यवसायी, नेपाल सरकारका निकाय, गैरसरकारी संस्था तथा सर्वसाधारण नागरिकको साथै विकास साझेदार एवं विदेशी लगानीकर्ताको लागि समेत यो आर्थिक सर्वेक्षण अत्यन्त उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालय, आर्थिक नीति विश्लेक्षण महाशाखाका कर्मचारीहरू तथा आवश्यक तथ्याङ्क, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने विभिन्न मन्त्रालय, विभाग र अन्य सबै सम्बद्ध निकायहरूलाई धन्यवाद दिन चाहन्छु ।

**कृष्णबहादुर महरा**

**२०७४ जेठ** **उपप्रधान तथा अर्थमन्त्री**

# विषय सूची


| | | |
|---|---|---|
| प्राक्कथन | | |
| तालिका सूची | | iii |
| चार्ट सूची | | vii |
| छोटकरी रूप | | ix |
| कार्यकारी सारांश | | x |
| समष्टिगत आर्थिक परिसूचकहरू | | xvi |
| अर्थतन्त्रका प्रमुख चुनौतीहरू | | xxii |
| १. | समग्र आर्थिक स्थिति | १ |
| २. | सार्वजनिक वित्त | २० |
| ३. | मूल्य | ४९ |
| ४. | मुद्रा तथा बैंकिङ | ५९ |
| ५. | पुँजी बजार तथा बीमा | ८३ |
| ६. | बाह्य क्षेत्र | ९७ |
| ७. | गरिबी निवारण र रोजगारी | १०७ |
| ८. | कृषि, वन र भूमिसुधार | १२६ |
| ९. | उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन | १५८ |
| १०. | आवास तथा सहरी विकास, वातावरण र ऊर्जा | १८१ |
| ११. | भौतिक पूर्वाधार, यातायात तथा सञ्चार | १९८ |
| १२. | सुशासन, सामान्य प्रशासन र शान्ति तथा पुनर्निर्माण | २१५ |
| १३. | सामाजिक क्षेत्र | २२७ |
| १४. | सार्वजनिक संस्थान | २८५ |
| १५. | भूकम्पपछिको पुनर्निर्माण र नवनिर्माण | २९६ |

# तालिका सूची


तालिका १ (क) : विश्व आर्थिक वृद्धिदर २
तालिका १ (ख) : छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर २
तालिका १ (ग) : विश्वको मुद्रास्फीति दर ३
तालिका १ (घ) : चीन तथा दक्षिण एशियाली मुलुकको मुद्रास्फीति दर ३
तालिका १ (ङ) : विश्व वस्तु तथा सेवा व्यापारको स्थिति ४
तालिका १ (च) : कुल गार्हस्थ्य उत्पादनमा अंश ६
तालिका २ (क) : सार्वजनिक वित्त र कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१
तालिका २ (ख) : सरकारी खर्चको विवरण २४
तालिका २ (ग) : चालु खर्चको सेवा तथा कार्यगत विवरण २६
तालिका २ (घ) : पुँजीगत खर्चको सेवा तथा कार्यगत विवरण २७
तालिका २ (ङ) : सरकारी आयको विवरण २९
तालिका २ (च) : कुल सरकारी खर्चमा सरकारी आय, अनुदान र ऋणको अनुपात ३०
तालिका २ (छ) : राजस्वको विवरण ३३
तालिका २ (ज) : विगत ५ वर्षको राजस्वको संरचना ३५
तालिका २ (झ) : वैदेशिक सहायता प्रतिवद्धताको स्थिति ३७
तालिका २ (ञ) : बजेट घाटा र न्यून वित्त परिचालनको विवरण ३९
तालिका २ (ट) : भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा साँवा फिर्ता र ब्याज खर्च ४१
तालिका २ (ठ) : खुद आन्तरिक ऋण निष्काशन ४३
तालिका २ (ड) : स्थानीय निकायको खर्च तथा आय विवरण ४४
तालिका २ (ढ) : स्थानीय निकायमा उपलब्ध सरकारी अनुदान ४६
तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकांकमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर ५१
तालिका ३ (ख) : विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकांकमा भएको परिवर्तन ५२
तालिका ३ (ग) : राष्ट्रिय थोकमूल्य सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन ५४
तालिका ३ (घ) : राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन ५५
तालिका ३ (ङ) : प्रमुख खाद्य वस्तुहरूको सरदर खुद्रा बजार मूल्य ५५
तालिका ३ (च) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य ५६
तालिका ३ (छ) : पेट्रोलियम पदार्थको आपूर्ति ५८
तालिका ४ (क) : बैंकदर, पुनरकर्जादर र अनिवार्य नगद अनुपात ६१
तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू ६३
तालिका ४ (ग) : प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन ६४
तालिका ४ (घ) : सञ्चित मुद्रा र मुद्रा गुणक ६४
तालिका ४ (ङ) : खुला बजार कारोबार स्थिति ६५
तालिका ४ (च) : ब्याजदरको संरचना ६७
तालिका ४ (छ) : निक्षेप परिचालन तथा कर्जा प्रवाह ६७
तालिका ४ (ज) : क्षेत्रगत आधारमा कर्जा प्रवाहको अवस्था ६८
तालिका ४ (झ) : बैंक तथा वित्तीय संस्थाको संख्या ६९
तालिका ४ (ञ) : निक्षेप, कर्जा तथा सम्पतिमा बैंक तथा वित्तीय संस्थाहरुको अंश ७०
तालिका ४ (ट) : वित्तीय क्षेत्र सबलताका सूचक ७०

तालिका ४ (ठ) : वित्तीय प्रगाढताको अवस्था ७१
तालिका ४ (ड) : वित्तीय पँहुचका केही परिसूचक ७२
तालिका ४ (ढ) : बैंक तथा वित्तीय संस्थाका शाखा ७४
तालिक ४ (ण) : लघुवित्त संस्थाको साधनको स्रोत तथा उपयोगको विवरण ७५
तालिका ४ (त) : कर्जा तथा निक्षेप सुरक्षणको अवस्था ७७
तालिका ४ (थ) : ग्रामीण स्वावलम्बन कोषको अवस्था ७९
तालिका ४ (द) : भाखा नाघेको कर्जा तथा पुँजीकोष ८०
तालिका ५ (क) : प्राथमिक बजार ८४
तालिका ५ (ख) : दोस्रो बजार प्रवृत्ति ८७
तालिका ५ (ग) : कमोडिटी डेरिभेटिभ बजार ८८
तालिका ५ (घ) : नेपालमा बीमा कम्पनीको स्वामित्व संरचना ९०
तालिका ५ (ङ) : जीवन तथा निर्जीवन बीमा कम्पनीको स्रोत तथा उपयोग ९१
तालिका ५ (च) : जीवन तथा निर्जीवन बिमकहरूको बीमाशुल्क ९२
तालिका ५ (छ) : जीवन तथा निर्जीवन बीमा व्यवसायमा लगानी ९४
तालिका ५ (ज) : बीमा व्यवसायबाट प्राप्त राजस्व ९५
तालिका ६ (क) : अन्तर्राष्ट्रिय व्यापार स्थिति १०१
तालिका ६ (ख) : विप्रेषण आप्रवाहको अवस्था १०३
तालिका ६ (ग) : कुल विदेशी विनिमय सञ्चिति १०४
तालिका ६ (घ) : वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति १०५
तालिका ६ (ङ) : विदेशी विनिमय १०५
तालिका ७ (क) : राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण ११०
तालिका ७ (ख) : सामुदायिक संस्था मार्फत परिचालित रकम ११४
तालिका ७ (ग) : सीप विकास तालिम प्राप्तको अवस्था ११७
तालिका ७ (घ) : वैदेशिक रोजगारी सुचना व्यवस्थापन प्रणालीमा आवद्ध संस्था ११८
तालिका ७ (ङ) : श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरूको विवरण ११८
तालिका ७ (च) : देशगत वैदेशिक रोजगारीको स्थिति ११९
तालिका ७ (छ) : मृतक संख्या र आर्थिक सहायताको विवरण १२०
तालिका ७ (ज) : विरामी र अंग भंगको विवरण १२०
तालिका ७ (झ) : सामाजिक सुरक्षा कोषमा संकलित रकम १२१
तालिका ७ (ञ) : ग्रामीण सामुदायिक पूर्वाधार विकास १२३
तालिका ८ (क) : खाद्यान्न बालीको उत्पादन विवरण १२९
तालिका ८ (ख) : दलहन बालीको उत्पादन विवरण १३१
तालिका ८ (ग) : नगदे बालीको उत्पादन विवरण १३३
तालिका ८ (घ) : औद्योगिक बालीको उत्पादन विवरण १३५
तालिका ८ (ङ) : मसला बालीको उत्पादन विवरण १३६
तालिका ८ (च) : पशुपन्छीको संख्या १३७
तालिका ८ (छ) : पशुपंक्षीजन्य उत्पादनको स्थिति १३८
तालिका ८ (ज) : कृषि उत्पादनसँग सम्बन्धित साधनहरूको आपूर्ति स्थिति १३९
तालिका ८ (झ) : प्राकृतिक प्रकोपबाट प्रभावित बालीहरूको क्षेत्रफल १४०
तालिका ८ (ञ) : रासायनिक मलको विक्री वितरण स्थिति १४१
तालिका ८ (ट) : थप सिञ्चित क्षेत्रफल १४२
तालिका ८ (ठ) : बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा १४२

तालिका ८ (ङ) : स्रोत बिउ उत्पादन तथा बालीको जात उन्मोचन १४३
तालिका ८ (ढ) : साना किसान विकास बैंक लिमिटेडको सदस्य तथा ऋण लगानीको स्थिति १४५
तालिका ८ (ण) : पशुपालन कर्जा कार्यक्रमको विवरण १४५
तालिका ८ (त) : सहकारी संस्थाको आधारभूत स्थिति १४७
तालिका ८ (थ) : नेपालको वन स्रोत १४९
तालिका ८ (द) : वन सम्बन्धी केहि तथ्याङ्क १५०
तालिका ८ (ध) : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रको विवरण १५१
तालिका ८ (न) : मुख्य वन्यजन्तु प्रजातिको संख्या १५२
तालिका ८ (प) : संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरूको संख्या र राजस्व आम्दानी १५३
तालिका ८ (फ) : भू तथा जलाधार व्यवस्थापनको अवस्था १५४
तालिका ८ (ब) : राष्ट्रिय वनस्पति उद्यानमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटक १५५
तालिका ८ (भ) : वन क्षेत्रसँगको कुल राजश्व संकलन १५५
तालिका ९ (क) : विगत एक दशकमा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग १५९
तालिका ९ (ख) : सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग १६०
तालिका ९ (ग) : विगत दश वर्षमा उद्योगमा विदेशी लगानी १६२
तालिका ९ (घ) : देशगत रूपमा विदेशी लगानी १६३
तालिका ९ (ङ) : Doing Business मा नेपालको सार्क क्षेत्रमा स्थान १६४
तालिका ९ (च) : औद्योगिक बौद्धिक सम्पत्ति दर्ता १६५
तालिका ९ (छ) : विप्पा सम्झौता भएका मुलुक १६५
तालिका ९ (ज) : कम्पनी दर्ताको स्थिति १६८
तालिका ९ (झ) : पर्यटक आगमन तथा बसाइँ अवधि १७५
तालिका १० (क) : ऊर्जा खपतको स्थिति १८५
तालिका १० (ख) : विद्युत माग, खपत, उत्पादन, आयात एवं भौतिक संरचना १८८
तालिका १० (ग) : आर्थिक वर्ष २०७३/७४मा सम्पन्न भएका जलविद्युत आयोजना १८९
तालिका १० (घ) : निर्माणाधिन जलविद्युत आयोजना १९०
तालिका १० (ङ) : जलविद्युत उत्पादन अनुमतिपत्रको स्थिति १९१
तालिका १० (च) : क्षेत्रगत विद्युत उपभोग १९२
तालिका १० (छ) : वैकल्पिक ऊर्जा प्रयोगको स्थिति १९३
तालिका १० (ज) : पेट्रोलियम पदार्थहरूको दैनिक र मासिक औषत आयात विवरण १९४
तालिका १० (झ) : पेट्रोलियम पदार्थको खपत विवरण १९५
तालिका ११ (क) : सडक सुविधा विस्तारको स्थिति १९८
तालिका ११ (ख) : सडक विभागबाट गरिएको सडक सुविधाको विस्तार १९९
तालिका ११ (ग) : स्थानीय निकायबाट निर्माण भएका सडकको विवरण २००
तालिका ११ (घ) : प्रदेश अनुसार स्थानीय सडकको विवरण २००
तालिका ११ (ङ) : भौगोलिक क्षेत्र अनुसार स्थानीय सडकको विवरण २०२
तालिका ११ (च) : सवारी साधनहरूको दर्ता संख्या २०२
तालिका ११ (छ) : नागरिक उड्डयनसम्बन्धी सूचकहरू २०३
तालिका ११ (ज) : श्रव्य दृश्य सम्बन्धी ईजाजत संख्या २०६
तालिका ११ (झ) : दुरसञ्चार सेवाको अवस्था २०७
तालिका ११ (ञ) : वितरित कुल टेलिफोन संख्या २०८
तालिका ११ (ट) : दर्ता भएका पत्रपत्रिकाहरूको तुलनात्मक विवरण २०९
तालिका ११ (ठ) : चलचित्र क्षेत्रको स्थिति २११

तालिका ११ (ड) : सूचना प्रविधि सम्बन्धी सम्पादित कार्य २१३
तालिका १२ (क) : तेस्रो मुलुकमा पुनर्वास भएका भुटानी शरणार्थीहरूको सङ्ख्या २१९
तालिका १२ (ख) : निजामती कर्मचारी विवरण २२०
तालिका १२ (ग) : निजामती कर्मचारी विवरण २२०
तालिका १२ (घ) : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको विवरण २२२
तालिका १२ (च) : आर्थिक वर्ष २०६५/६६ देखि २०७२/७३ सम्म आयोगमा परेको पुनरावलोकन, उजुरी तथा निवेदनको संख्याको अवस्था २२३
तालिका १२ (छ) : आर्थिक वर्ष २०७२/७३ मा क्षेत्रगत निवेदन, उजुरी तथा पुनरावेदनको अवस्था २२३
तालिका १२ (ज) : राहत, आर्थिक सहायता, पुनर्निर्माण तथा पुनस्थापनाको अवस्था २२४
तालिका १३ (क) : नेपाल र अन्य मुलुकहरूबीच मानव विकासको तुलना २२७
तालिका १३ (ख) : शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको खर्च प्रवृति २२८
तालिका १३ (ग) : शैक्षिक सूचकमा आधारित उपलब्धिहरू २३१
तालिका १३ (घ) : तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात २३९
तालिका १३ (ङ) : शैक्षिक सत्र २०७३ सम्म सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको तहगत/ क्षेत्रगत विवरण २३९
तालिका १३ (च) : परम्परागत विद्यालयहरूको विवरण २४०
तालिका १३ (छ) : सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत सबै किसिमका शिक्षक २४०
तालिका १३ (ज) : विद्यालयगत र तहगत शिक्षकहरूको लैङ्गिक विवरण २४१
तालिका १३ (झ) : विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था २४२
तालिका १३ (ञ) : शैक्षिक सत्र २०७३ मा तहगत विद्यार्थी भर्नाको अवस्था २४२
तालिका १३ (ट) : तहगत विद्यार्थी भर्नादर सम्बन्धी विवरण २४३
तालिका १३ (ठ) : अनुमति प्राप्त कक्षा ११-१२ सञ्चालित माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण २४३
तालिका १३ (ड) : **SEE** (साविकको एस.एल.सी.) परीक्षा परीक्षाको विवरण २४४
तालिका १३ (ढ) : स्वास्थ्य क्षेत्रका कार्यक्रमबाट परेको प्रभाव सम्बन्धी सूचक २४८
तालिका १३ (ण) : स्वास्थ्य संस्था, शैया र जनशक्तिको विवरण २४८
तालिका १३ (त) : विकास क्षेत्र अनुसार स्वास्थ्य सेवाबाट लाभान्वित भएका जनसंख्या २४९
तालिका १३ (थ) : विकास क्षेत्र अनुसार बहिरंग सेवा लिनेको विवरण २४९
तालिका १३ (द) : विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप २५०
तालिका १३ (ध) : प्रजनन् स्वास्थ्यको विवरण २५१
तालिका १३ (न) : नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट भएका अध्ययन अनुसन्धान २५५
तालिका १३ (प) : सामाजिक सुरक्षा कार्यक्रम २५७
तालिका १३ (फ) : दक्षिण एशियाली मुलुकहरूबीच मुख्य सूचकहरूको तुलना २५९
तालिका १३ (ब) : पुनर्स्थापना केन्द्रबाट सेवा लिनेहरूको विवरण २६१
तालिका १३ (भ) : सशस्त्र द्वन्द्वबाट प्रभावित बालवालिका संरक्षण, राहत तथा पुनःएकीकरण विवरण २६५
तालिका १३ (म) : अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी विवरण २६७
तालिका १३ (य) : आधारभूत खानेपानी तथा सरसफाइको स्थिति २६८
तालिका १३ (र) : सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता २७३
तालिका १३ (ल) : व्यक्तिगत घटना दर्ता २७६
तालिका १३ (व) : सामाजिक सुरक्षा भत्ता वितरण २७७
तालिका १५ (क) : निजी आवास अनुदान लाभग्राही र अनुदान वितरणको स्थिति २९८

# चार्ट सूची


चार्ट १ (क) : कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ५
चार्ट १ (ख) : कुल गार्हस्थ्य उत्पादनको संरचना ६
चार्ट १ (ग) : क्षेत्रगत उत्पादन वृद्धिदर ७
चार्ट १ (घ) : क्षेत्रगत उत्पादनको संरचना ८
चार्ट १ (ङ) : कुल उपभोग संरचना १४
चार्ट १ (च) : निजी उपभोगको संरचना १५
चार्ट १ (छ) : कुल स्थिर पुँजी निर्माण संरचना १५
चार्ट १ (ज) : कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य वचत र कुल राष्ट्रिय वचत अनुपात १६
चार्ट १ (झ) : प्रतिव्यक्ति आय १७
चार्ट १ (ञ) : प्रतिव्यक्ति आय १८
चार्ट २ (क) : कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१
चार्ट २ (ख) : प्रतिव्यक्ति राजस्व र सरकारी खर्च २२
चार्ट २ (ग) : कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्चको अनुपात २३
चार्ट २ (घ) : सरकारी खर्चको संरचना २४
चार्ट २ (ङ) : सरकारी आयको संरचना २९
चार्ट २ (च) : कुल खर्चमा राजस्व, अनुदान र ऋणको अनुपात ३१
चार्ट २ (छ) : कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात ३२
चार्ट २ (ज) : कुल राजस्वको संरचना ३६
चार्ट २ (झ) : आर्थिक वर्ष २०७२/७३ मा बजेट तथा गैर बजेट परियोजनामा विकास सहायता ३८
चार्ट २ (ञ) : भुक्तानी गर्न बाँकी सार्वजनिक ऋणको संरचना ४०
चार्ट २ (ट) : प्रतिव्यक्ति जिडिपी र ऋण ४२
चार्ट ३ (क) : नेपालको मुद्रास्फीतिको प्रवृत्ति ४९
चार्ट ३ (ख) : समग्र मुद्रास्फीति दर ५०
चार्ट ३ (ग) : भौगोलिक क्षेत्रका आधारमा मुद्रास्फीति ५३
चार्ट ३ (घ) : नेपालमा पेट्रोलियम पदार्थको मूल्य ५७
चार्ट ४ (क) : विस्तृत मुद्रा प्रदाय र संकुचित मुद्रा प्रदायको वार्षिक विन्दुगत परिवर्तन ६२
चार्ट ४ (ख) : निक्षेप, कर्जा र आधार ब्याज दर ६६
चार्ट ४ (ग) : अन्य मुलुकको तुलनामा नेपालमा वित्तीय पहुँचको अवस्था ७३
चार्ट ५ (क) : बजार पुँजीकरणको प्रवृत्ति ८५
चार्ट ५ (ख) : कारोबार रकम चुक्ता पुँजी ८६
चार्ट ५ (ग) : नेप्से परिसूचक ८७
चार्ट ५ (घ) : जीवन तथा निर्जीवन बीमा कम्पनीको स्रोत तथा उपयोग ९१
चार्ट ५ (ङ) : जीवन तथा निर्जीवन बीमा शुल्क ९२
चार्ट ५ (च) : जीवन तथा निर्जीवन बीमा शुल्कको वृद्धिदर ९३
चार्ट ५ (छ) : कुल गार्हस्थ्य उत्पादनमा बीमा व्यवसायको अनुपात ९३
चार्ट ५ (ज) : जीवन तथा निर्जीवन बीमामा लगानी ९४
चार्ट ५ (झ) : राजस्वमा योगदान ९५
चार्ट ६ (क) : कुल व्यापारमा आयात र निर्यातको अंश ९८
चार्ट ६ (ख) : विप्रेषण आप्रवाहको अवस्था ९९

चार्ट ६ (ग) : शोधनान्तरका प्रमुख तत्वहरू १०२
चार्ट ६ (घ) : विदेशी विनिमय सञ्चिति पर्याप्तता सुचकको अवस्था १०४
चार्ट ८ (क) : मुख्य खाद्यान्न बाली मध्ये धान, मकै र गहुँको उत्पादन १२९
चार्ट ८ (ख) : रासायनिक मलको बिक्री वितरण स्थिती १४१
चार्ट ९ (क) : कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १५८
चार्ट ९ (ख) : विगत एक दशकमा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योगमा भएको लगानी १६०
चार्ट ९ (ग) : सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग १६१
चार्ट ९ (घ) : विगत दश वर्षमा उद्योगमा विदेशी लगानी १६२
चार्ट ९ (ङ) : देशगत रूपमा विदेशी लगानीको अंश १६४
चार्ट ९ (च) : पर्यटक आगमन १७५
चार्ट ९ (छ) : सन् २०१६ मा पर्यटक बढी आउने देश १७६
चार्ट ९ (ज) : उद्देश्य अनुसार पर्यटक आगमन १७७
चार्ट १० (क) : ऊर्जा खपतको अवस्था १८६
चार्ट १० (ख) : विद्युत, ग्याँस र पानीको वृद्धिदर १८७
चार्ट १० (ग) : विद्युत, माग र आपूर्ति बीचको अन्तर १८८
चार्ट १० (घ) : क्षेत्रगत विद्युत खपत १९२
चार्ट ११ (क) : सडक विभागबाट गरिएको सडक सुविधाको विस्तार १९९
चार्ट ११ (ख) : प्रदेश अनुसार स्थानीय सडकको विवरण २०१
चार्ट १३ (क) : कुल बजेटमा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हिस्सा २२८
चार्ट १३ (ख) : कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान २२९
चार्ट १३ (ग) : कक्षा १ मा भर्ना हुनेमध्ये बालविकास केन्द्रको अनुभव लिएका विद्यार्थीहरूको प्रतिशत २३३
चार्ट १३ (घ) : भौगोलिक क्षेत्रअनुसार तहगत विद्यालयहरूको विवरण २३८
चार्ट १३ (ङ) : त्रिभुवन विश्विविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको भर्ना अवस्था २४६
चार्ट १३ (च) : त्रिभुवन विश्विविद्यालयमा र अन्य विश्वविद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या २४७
चार्ट १३ (छ) : हराएका, हराएर फेला परेका र बेवारीस फेला परेका बालवालिकाको विवरण २६३
चार्ट १३ (ज) : बालवालिका सम्बन्धी विवरण २६३
चार्ट १३ (झ) : बाल हेल्पलाइन निःशुल्क टेलिफोन नम्बर १०९८ बाट लाभान्वित बालवालिका २६४
चार्ट १४ (क) : सार्वजनिक संस्थानको सञ्चालन आय २९३
चार्ट १४ (ख) : सार्वजनिक संस्थानको खुद नाफा/नोक्सान २९३
चार्ट १४ (ग) : सार्वजनिक संस्थानको कुल लगानी २९४
चार्ट १५ (क) : भूकम्प प्रभावित १४ जिल्लामा भएको अनुदान वितरणको स्थिति २९९

# छोटकरी रूप

| | |
|---|---|
| ARV | Anti Rabies Vaccination |
| ASBA | Application Supported by Blocked Amount |
| ASV | Anti Snake Venom |
| BIMSTEC | Bay of Bengal Initiative for Multi-sectoral Technical and Economic Cooperation |
| CB PMTCT | Community Based Pregnant Mother to Child Transmitted |
| CBEGRA | Classroom Based Early Grade Reading Assessment |
| CBT | Computer Based Test |
| CIRS | Criminal Information Record System |
| EDLURS | Electronic Driving License Vehicle Registration System |
| EGRA | Early Grade Reading Assessment |
| EPS | Employment Permit System |
| FEIMS | Foreign Employment Information Management System |
| FMIS | Fund Management Information System |
| FPO | Further Public Offering |
| GFS | Government Finance Statistic |
| GDP | Gross Domestic Product |
| GIDC | Government Information Data Center |
| GPA | Gross Point Average |
| GST | Goods & Service Tax |
| HIV | Human Immunedeficiency Virus |
| HTC | HIV Testing & Counseling |
| ICT | Information & Communication Technology |
| ID | Intra Dermal |
| IMF | International Monetary Fund |
| LDC's | Least Developed Countries |
| LRIMS | Land Reform Information Management System |
| NASC | Nepal Administrative Staff College |
| NIPS | National Integrated Power System |
| ODA | Official Development Assistance |
| ODF | Open Defecation Free |
| OECD | Organization for Economic Cooperation and Development |
| PDRF | Post Disaster Reconstruction Framework |
| PMIS | Population Management Information System |
| PMTCT | Preventing Mother to Child Transmission |
| PPP | Purchasing Power Parity |
| RCC | Reinforced Cement Concrete |
| SAARC | South Asian Association for Regional Cooperation |
| SAFTA | South Asian Free Trade Area |
| SDG | Sustainable Development Goals |
| SEE | School Education Examination |
| SEZ | Special Economic Zone |
| TABUCS | Transaction Accounting and Budget Control System |
| TOE | Tones of Oil Equivalent |
| UNDP | United Nations Development Program |
| WTO | World Trade Organization |
| WUPAP | Western Uplands poverty Alleviation Project |

# कार्यकारी सारांश

१. विकसित मुलुकको आर्थिक पुनरूत्थानसँगै विश्व अर्थतन्त्र सुधारोन्मुख अवस्थामा छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विश्व अर्थतन्त्र सन् २०१७ मा ३.५ प्रतिशतले बढ्ने अनुमान छ । सन् २०१६ मा यस्तो वृद्धिदर ३.१ प्रतिशत थियो । त्यसैगरी, सन् २०१७ मा छिमेकी मुलुक भारत र चीनको अर्थतन्त्र क्रमशः ७.२ प्रतिशत र ६.६ प्रतिशतले बढ्ने प्रक्षेपण छ ।

२. आर्थिक वर्ष २०७३/७४ मा नेपालको आर्थिक वृद्धि उत्साहजनक रहेको छ । अनुकूल मौसम, सरकारको पुँजीगत खर्चमा वृद्धि, ऊर्जा व्यवस्थापन, लगानीको वातावरणमा सुधार लगायत समग्र आपूर्ति व्यवस्थामा सुधारसँगै आर्थिक गतिविधिमा विस्तार भएको छ । फलस्वरूप, चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादन ६.९४ प्रतिशतले बढ्ने अनुमान छ । यो आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ यताकै उच्च हो । गत आर्थिक वर्षमा आर्थिक वृद्धिदर ०.०१ प्रतिशत रहेको थियो । भूकम्प र सीमा नाका अवरोधबाट संकुचित अर्थतन्त्र चालु वर्षमा पुनरूत्थान र विस्तार उन्मुख छ ।

३. आर्थिक वर्ष २०७३/७४ मा कृषि र गैर कृषि क्षेत्रको उत्पादन क्रमशः ५.२९ प्रतिशत र ७.७४ प्रतिशतले बढ्ने अनुमान छ । गत आर्थिक वर्ष यी क्षेत्रको उत्पादन क्रमशः ०.०३ प्रतिशत र ०.१६ प्रतिशत थियो । चालु आर्थिक वर्षमा सेवा र उद्योग क्षेत्रको उत्पादन क्रमशः ६.९० प्रतिशत र १०.९७ प्रतिशतले बढ्ने अनुमान छ ।

४. अर्थतन्त्रको आकारमा सेवा क्षेत्रको अंश बढ्दै गएको छ भने कृषिको अंश घट्दो रहेकोले अर्थतन्त्रको संरचनामा परिवर्तन भइरहेको छ । आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमशः २९.३७ प्रतिशत र ७०.६३ प्रतिशत रहने अनुमान छ ।

५. कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश उच्च रहदै आएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ८९.७ प्रतिशत रहने अनुमान छ। यस्तो अंश अघिल्लो आर्थिक वर्षमा ९६.१८ प्रतिशत रहेको थियो ।

६. अघिल्लो वर्षको तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अंश ६.४३ प्रतिशत विन्दुले वृद्धि भई १०.२५ प्रतिशत हुने अनुमान छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अनुपात ४३.७८ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्ष यस्तो अनुपात ३९.९६ प्रतिशत थियो ।

७. चालु आर्थिक वर्ष २०७३/७४ मा गत वर्षको तुलनामा ४५.८ प्रतिशतले वृद्धि भई कुल पुँजी निर्माण खर्च रु. ११ खर्ब ४ अर्ब ९६ करोड रहने अनुमान छ । आर्थिक वर्ष २०७२/७३ को कुल गार्हस्थ्य उत्पादनमा कुल पुँजी निर्माणको अंश ३३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अंश ४२.५ प्रतिशत रहने अनुमान छ ।

८. आर्थिक वर्ष २०७३/७४ मा स्थिर मूल्यमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन गत वर्षको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रु. २८ हजार ७ सय ३३ रहने अनुमान छ । अमेरिकी डलरमा प्रति व्यक्ति राष्ट्रिय आय ८ सय ६२ पुगेको छ । गत आर्थिक वर्षमा यस्तो आय अमेरिकी डलर ७ सय ५७ रहेको थियो ।

९. आर्थिक वर्ष २०७३/७४ मा मुद्रास्फीति दर गत केही वर्ष यताकै न्यून रहेको छ । चालु वर्षको प्रथम आठ महिनामा औसत उपभोक्ता मुद्रास्फीति दर ५.१ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ९.७ प्रतिशत थियो । कृषि उत्पादनमा वृद्धि र समग्र आपूर्ति व्यवस्थामा आएको सुधारका कारण मुद्रास्फीति न्यून रहेको हो ।

१०. चालु आर्थिक वर्षको प्रथम आठ महिनामा खाद्य मुद्रास्फीति दर ०.४ प्रतिशतले ऋणात्मक छ भने गैर-खाद्य मुद्रास्फीति ५.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यी मुद्रास्फीतिदर क्रमशः १०.३ प्रतिशत र १०.२ प्रतिशत रहेका थिए । क्षेत्रगत आधारमा काठमाडौंमा उपभोक्ता मुद्रास्फीतिदर १.९ प्रतिशत, पहाडमा ५.९ प्रतिशत, हिमालमा ३.७ प्रतिशत र तराईमा २.८ प्रतिशत रहेको छ ।

११. आर्थिक वर्ष २०७३/७४ का लागि विनियोजित बजेट रु. १० खर्ब ४८ अर्ब ९२ करोड मध्ये प्रथम आठ महिनासम्ममा रु. ४ खर्ब १६ करोड खर्च भएको छ । यसमध्ये चालु खर्च रु. २ खर्ब ९३ अर्ब ४२ करोड, पुँजीगत खर्च रु. ६७ अर्ब ८३ करोड र वित्तीय व्यवस्था खर्च रु. ३८ अर्ब ९१ करोड रहेको छ । कुल खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अंश क्रमशः ७३.३२ प्रतिशत, १६.९५ प्रतिशत र ९.७३ प्रतिशत छ । गतवर्षको सोही अवधिको तुलनामा चालु खर्च ४८.२ प्रतिशत र पुँजीगत खर्च १४८.५ प्रतिशतले बढी हो ।

१२. आर्थिक वर्ष २०७३/७४ मा कुल राजस्व परिचालन रु. ५ खर्ब ६५ अर्ब ९० करोड रहने अनुमान गरिएकोमा प्रथम आठ महिनामा रु. ३ खर्ब ५३ अर्ब ९१ करोड परिचालन भएको छ । यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५३.१६ प्रतिशतले बढी हो । कुल राजस्व संकलनमा कर राजस्वको अंश ९३.१८ प्रतिशत र गैर-कर राजस्वको ६.८२ प्रतिशत छ । आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनसँग राजस्वको अनुपात २१.४५ प्रतिशत रहेको थियो ।

१३. चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रु. २ खर्ब १२ अर्ब ४ करोड वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ । यो सहायता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३५.७६ प्रतिशतले बढी हो । कुल प्राप्त वैदेशिक सहायताको प्रतिवद्धतामा अनुदानको अंश २१.५ प्रतिशत र ऋणको अंश ७८.५ प्रतिशत रहेको छ ।

१४. २०७३ फागुन महिनासम्म तिर्न बाँकी खुद सार्वजनिक ऋण रु. ६ खर्ब २७ अर्ब ७९ करोड रहेको छ । यसमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमश: ३८.१ प्रतिशत र ६१.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनसँग कुल सार्वजनिक ऋणको अनुपात २४.१ प्रतिशत रहेको छ ।

१५. चालु आर्थिक वर्षमा मौद्रिक योगाङ्क वाञ्छित स्तरमा रहेका छन् । आर्थिक वर्षको प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदाय ९.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.५ प्रतिशत थियो ।

१६. आर्थिक गतिविधिमा सुधारसँगै निजी क्षेत्रतर्फ प्रवाहित कर्जा चालु वर्षको प्रथम आठ महिनामा १६.२ प्रतिशतले वृद्धि भई रु. १९ खर्ब ६६ अर्ब १९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.६ प्रतिशत रहेको थियो । साथै, चालु वर्षको प्रथम आठ महिनामा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन ८.३ प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ८३ अर्ब ३० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ८.४ प्रतिशत थियो । फलस्वरूप, कर्जा निक्षेप अनुपात २०७३ फागुनमा ८४.८० प्रतिशत पुगेको छ ।

१७. वित्तीय क्षेत्र स्थायित्वको अवस्था कायमै रहेको छ । २०७३ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा अनुपात २.१३ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप कर्जा अनुपातमा वृद्धिसँगै उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहलाई संकुचन आउन नदिन चालु आर्थिक वर्षमा मौद्रिक र वित्तीय अल्पकालीन उपकरणको अवलम्बन गरिएको छ । त्यसैगरी, वित्तीय पहुँचको अवस्था सुधारोन्मुख छ ।

१८. आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल वस्तु निर्यात १२.८ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब २२ करोड पुगेको छ । सोही अवधिमा कुल वस्तु आयात ४४.२ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब २८ अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा वस्तु निर्यात र आयातको वृद्धिदर ऋणात्मक रहेको थियो । फलस्वरूप, चालु वर्षको आठ महिनामा कुल व्यापार घाटा ४७.६ प्रतिशतले बढेर रु. ५ खर्ब ८० अर्ब ३४ करोड पुगेको छ । पुनर्निमाणले गति लिएको, सरकारको पुँजीगत खर्चमा वृद्धि, निजी क्षेत्रमा कर्जा प्रवाह विस्तार लगायतका कारणले आयात उच्च दरले बढेको हो ।

१९. समग्र बाह्य क्षेत्र स्थायित्वको अवस्था सन्तोषजनक रहेको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा समग्र शोधनान्तर रु. ५० अर्ब ६ करोडले बचतमा रहेको छ । फलस्वरूप, कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको तुलनामा ३.४ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ७४ अर्ब २७ करोड पुगेको छ । प्रथम आठ महिनाको आयातलाई आधार मान्दा उक्त सञ्चितिले करिब १२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

२०. आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा विप्रेषण आप्रवाह ५.३ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ५० अर्ब पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनसँग विप्रेषणको अनुपात २९.६ प्रतिशत पुगेको थियो ।

२१. धितोपत्र बजारमा गरिएका सुधार, बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि योजना लगायत समग्र आर्थिक गतिविधिमा सुधारसँगै पुँजी बजारमा उतारचढाव एंव विस्तार भएको छ । २०७२ फागुन मसान्तमा १,३१८.९ विन्दु रहेको नेप्से परिसूचक २०७३ असार मसान्तमा १,७१८.२ विन्दु पुगेकोमा २०७३ फागुन मसान्तमा घटेर १,३५५.२ विन्दु कायम भएको छ । त्यसैगरी, चालु आर्थिक वर्षको प्रथम आठ महिनामा बजार पुँजीकरण रु. १५ खर्ब ३७ अर्ब पुगेको छ । कुल गार्हस्थ्य उत्पादनसँग कुल बजार पुँजीकरणको अनुपात ५९.१३ प्रतिशत रहेको छ ।

२२. अनुकुल मौसम, रासायनिक मल लगायत कृषि औजारको सहज उपलब्धताका कारण खाद्यान्न उत्पादन बढेको छ । आर्थिक वर्ष २०७३/७४ मा कुल खाद्यान्न उत्पादन ९७ लाख ४१ हजार मेट्रिक टन हुने अनुमान छ । यो उत्पादन गत वर्षको तुलनामा १३.० प्रतिशतले बढी हो । समीक्षा अवधिमा खाद्यान्न बालीमध्ये सबैभन्दा बढी धानको उत्पादन २१.६ प्रतिशत वृद्धि भई ५२ लाख ३० हजार मेट्रिक टन पुगेको छ । त्यसैगरी, अन्य खाद्यान्न बाली, नगदे, औद्योगिक एवं मसला बालीको उत्पादन समेत बढेको छ । चालु वर्षको प्रथम आठ महिनामा सिंचाइ सुविधा थप ९ हजार ७ सय ७५ हेक्टरमा विस्तार भएको छ ।

२३. वन क्षेत्र कुल भु-भागको ४० प्रतिशत कायम भएको छ । वन तथा भू-संरक्षणका क्षेत्रमा अतिक्रमित वन क्षेत्र खाली गराई पुनः वन कायम गर्ने, समुदायमा आधारित वन, कवुलियती वन तथा संरक्षित क्षेत्रमा विस्तार जस्ता कार्यहरूको निरन्तरताले वन, वन्यजन्तु र वातावरण संरक्षणमा अभिवृद्धि भएको छ ।

२४. गरिब लक्षित कार्यक्रमको लागि २५ जिल्लामा गरिब घरपरिवार पहिचान कार्यक्रम सम्पन्न भएको छ । बाँकी ५० जिल्लामा समेत यस्तो कार्यको थालनी भएको छ । रोजगारी

सिर्जना एवं स्वरोजगारमूलक कार्यक्रमहरू संचालन भएबाट गरिबी निवारण कार्यमा प्रत्यक्ष मद्दत पुग्न गई गरिबीको रेखामुनि रहेको जनसंख्यामा कमी आएको छ । साथै, दिगो विकासका लक्ष्य प्राप्तिको लागि कार्यक्रमको आन्तरिकीकरण र स्रोत व्यवस्थापनको कार्य थालिएको छ।

२५. चालु आर्थिक वर्षको आर्थिक वृद्धिबाट रोजगारी वृद्धिदर ३ प्रतिशत भन्दा बढी हुने अनुमान छ । चालु वर्षको प्रथम आठ महिनामा श्रम स्वीकृति लिई १ लाख ८६ हजार १ सय ६६ जना वैदेशिक रोजगारीमा गएका छन् । तालिम प्राप्त वैदेशिक रोजगारीमा जाने श्रमशक्ति २४.५ प्रतिशत रहेको छ ।

२६. आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ६ हजार ८ सय ३४ उद्योग दर्ता भई करिब ५ लाख ३६ हजारले रोजगारी पाएका छन् । कुल उद्योगको पुँजी रु. १२ खर्ब ७४ अर्ब १९ करोडमा ऊर्जामूलक उद्योगको हिस्सा ५२.९ प्रतिशत छ । त्यसैगरी, आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २ सय १३ वटा उद्योगमा रु. १० अर्ब १५ करोड १० लाख विदेशी लागानी स्वीकृत भएको छ । सोही अवधिमा १९ हजार ६ सय ८६ घरेलु तथा साना उद्योग दर्ता भएका छन् ।

२७. चालु आर्थिक वर्षमा समग्र आर्थिक गतिविधिमा सुधारसँगै पर्यटन क्षेत्रमा विस्तार भएको छ। पर्यटक आगमनको संख्या सन् २०१६ मा अघिल्लो वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भई ७ लाख ५३ हजार रहेको छ । अघिल्लो वर्ष यस्तो संख्या ३२ प्रतिशतले घटेको थियो ।

२८. आर्थिक वर्ष २०७३/७४ मा समग्र ऊर्जा आपूर्तिको अवस्था उत्साहजनक रहेको छ । प्रथम आठ महिनामा भएको ऊर्जा खपत ८ हजार २ सय ५७ टन तेल शक्तिमध्ये परम्परागत, व्यापारिक र नवीकरणीय ऊर्जाको अंश क्रमशः ७४.५ प्रतिशत, २२ प्रतिशत र ३.५ प्रतिशत रहेको छ । सोही अवधिमा विद्युत उत्पादन १२.३ प्रतिशत अर्थात १०५.३ मेगावाटले बढेर कुल विद्युत उत्पादन ९६१.२ मेगावाट पुगेको छ । विद्युत चुहावट समग्रमा २.८ प्रतिशत विन्दुले घटेको छ । फलस्वरूप, काठमाडौं र पोखरामा लोडशेडिङ्ग नरहेको तथा अन्य क्षेत्रमा समेत लोडशेडिङ्ग क्रमशः घटेको अवस्था छ ।

२९. आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा थप ८ सय ४९ किलोमिटर सडक निर्माण भई कुल सडक सञ्जाल २९ हजार १ सय ५७ किलोमिटर पुगेको छ । यसमध्ये कालोपत्रे सडकको अंश ४२.२ प्रतिशत छ । साथै, स्थानीय स्तरमा थप ४ हजार ३ सय ३२ किलोमिटर सडक निर्माण भई कुल ५७ हजार ६ सय ३२ किलोमिटर पुगेको छ । यसमध्ये कच्ची सडकको अंश ७४.२ प्रतिशत छ । रेल यातायात एवं राष्ट्रिय गौरवका

आयोजनाको निर्माण प्राथमिकतामा रहेको छ । साथै, दूरसञ्चार क्षेत्रमा उल्लेख्य विस्तारसँगै कुल टेलिफोन ग्राहक संख्या ३ करोड ४५ लाख ३४ हजार पुगी टेलिफोन प्रयोगकर्ताको घनत्व १३०.३५ प्रतिशत पुगेको छ ।

३०. शिक्षा, स्वास्थ, खानेपानी लगायतका सामाजिक क्षेत्रको अवस्था सुधारोन्मुख रहेको छ । शैक्षिक सत्र २०७३ मा आधारभूत (१-५), आधारभूत (६-८) र माध्यमिक तह (९-१०) को खुद भर्नादर क्रमशः ९६.९ प्रतिशत, ८०.९ प्रतिशत र ५९.८ प्रतिशत पुगेको छ । कुल विद्यार्थीको संख्या आधारभूत तहमा ५९ लाख ९५ हजार र माध्यमिक तहमा ९ लाख ५९ हजार छ । कुल शिक्षक (संस्थागत विद्यालयका समेत) संख्या आधारभूत तह र माध्यमिक तहमा क्रमशः २ लाख ५२ हजार र ४० हजार २ सय पुगेको छ । फलस्वरूप, विद्यार्थी शिक्षक अनुपात आधारभूत तह र माध्यमिक तहमा क्रमशः ३९ र २४ पुगेको छ ।

३१. जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ सम्पन्न भएको छ । सो सर्वेक्षणअनुसार नवजात शिशु मृत्युदर (प्रति हजारमा २८ दिनभित्र) २१, शिशु मृत्युदर (प्रतिहजारमा १ वर्षभित्र) ३२, पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजारमा ५ वर्षभित्र) ३९, पूर्णरूपमा खोप लगाउने बालवालिका ७८ प्रतिशत र दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने महिला ५८ प्रतिशत पुगेको छ । २०७३/७४ को प्रथम आठ महिनासम्ममा कुल ४ हजार ६ सय स्वास्थ्य संस्थामा करिब ९० हजार ९ सय जनशक्ति कार्यरत छन् ।

३२. चालु आर्थिक वर्षमा भूकम्प पश्चातको पुनर्निर्माण कार्यले गति लिएको छ । भूकम्प अति प्रभावित १४ जिल्लामा पहिचान भएका कुल ६ लाख ५३ हजार ९ सय १३ लाभग्राहीमध्ये आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ५ लाख ५४ हजार ६ सय १४ घरधनीसँग अनुदान सम्झौता भएको छ । साथै, ५ लाख ३३ हजार ६ सय ९१ लाभग्राहीको बैंक खातामा प्रथम किस्ता वापतको रु. ५० हजार जम्मा भएको छ । मापदण्ड पूरा गरी निर्माण सुरु भएका घरधनीलाई दोस्रो तथा तेस्रो किस्ता वापतको रकम उपलब्ध गराउने कार्य समेत सुरु भएको छ । त्यस्तै, क्षतिग्रस्त शैक्षिक संस्था, स्वास्थ्य संस्था, पुरातात्विक सम्पदा र सरकारी भवनको पुनर्निर्माण कार्य भइरहेको छ ।

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाई | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४[१] |
| **वास्तविक क्षेत्र** | | | | | | | | | | | |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | ५.८० | ३.९० | ४.२६ | ३.८५ | ४.६१ | ३.७६ | ५.७२ | २.९७ | ०.०१ | ६.९४ |
| कृषि | वार्षिक प्रतिशत परिवर्तन | ५.८२ | २.९९ | २.०१ | ४.४८ | ४.६३ | १.११ | ४.६४ | १.१२ | -०.०१ | ५.३२ |
| उद्योग | वार्षिक प्रतिशत परिवर्तन | १.६४ | -०.६३ | ४.०५ | ४.४ | २.९५ | २.६९ | ६.९२ | १.४२ | -६.४५ | १०.९७ |
| सेवा | वार्षिक प्रतिशत परिवर्तन | ७.३५ | ६.० | ५.८३ | ३.४२ | ५.०१ | ५.७३ | ६.२२ | ४.६३ | २.०६ | ६.९ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | ४.६४ | ३.०९ | ३.३७ | २.४८ | ३.३९ | २.७४ | ४.५८ | १.९५ | -०.९२ | ६.०७ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | ४.६३ | ३.२५ | ३.६५ | २.१२ | ३.७२ | ३.१८ | ५.८४ | १.७३ | -०.९१ | ५.२० |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | १२.१ | २१.२ | २०.७ | १४.६ | ११.७ | ११.० | १५.९ | ८.४ | ५.५ | १५.७ |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | १२.० | २१.४ | २०.२ | १४.४ | १२.० | १०.९ | १६.९ | ८.४ | ५.४ | १५.१ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | वार्षिक प्रतिशत परिवर्तन | १६.५ | २४.२ | १८.८ | १३.३ | १६.६ | १२.४ | १९.२ | ९.३ | ६.४ | १३.४ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | अमेरिकी डलर | ४९१ | ४९७ | ६१० | ७१४ | ७०२ | ७०८ | ७२५ | ७६६ | ७४६ | ८५३ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ४९६ | ५०२ | ६१४ | ७१८ | ७०८ | ७१४ | ७३७ | ७७८ | ७५७ | ८६२ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी | अमेरिकी डलर | ६०६ | ६२८ | ७५९ | ८७९ | ९०२ | ९२१ | ९७० | १०३३ | १०१५ | ११३९ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. अर्ब | ५२२ | ५४३ | ५६६ | ५८८ | ६१५ | ६३८ | ६७४ | ६९४ | ६९४ | ७४३ |
| कृषि | रु. अर्ब | १९८ | २०४ | २०८ | २१७ | २२७ | २३० | २४१ | २४३ | २४३ | २५६ |
| उद्योग | रु. अर्ब | ८६ | ८५ | ८९ | ९३ | ९५ | ९८ | १०५ | १०६ | ९९ | ११० |

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **एकाई** | **२०६४/६५** | **२०६५/६६** | **२०६६/६७** | **२०६७/६८** | **२०६८/६९** | **२०६९/७०** | **२०७०/७१** | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४[१]** |
| सेवा | रु. अर्ब | २६१ | २७७ | २९३ | ३०३ | ३१९ | ३३७ | ३५८ | ३७४ | ३८२ | ४०८ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | रु. अर्ब | ५६५ | ५९० | ६१९ | ६४० | ६७० | ६९८ | ७४० | ७६४ | ७६७ | ८२५ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (२०५७/५८ को मूल्यमा) | रु. | २२११० | २२७९३ | २३५६१ | २४१४४ | २४९६२ | २५६४६ | २६८२० | २७३४२ | २७०८९ | २८७३३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय (२०५७/५८ को मूल्यमा) | रु. | २२५६७ | २३३०१ | २४१५२ | २४६६४ | २५५८२ | २६३९७ | २७९३९ | २८४२२ | २८१६३ | २९६२७ |
| प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | रु. अर्ब | ८१६ | ९८८ | ११९३ | १३६७ | १५२७ | १६९५ | १९६५ | २१३० | २२४७ | २५९९ |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | रु. अर्ब | ८२४ | १००० | १२०२ | १३७४ | १५३४ | १७०८ | १९९७ | २१६४ | २२८१ | २६२७ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | रु. अर्ब | १००६ | १२५० | १४८५ | १६८२ | १९६२ | २२०६ | २६२९ | २८७४ | ३०६० | ३४७१ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | रु. | ३२२५७ | ३८६२६ | ४५७८२ | ५१८७९ | ५७३३७ | ६२७६४ | ७२४१३ | ७७४२६ | ८०५२५ | ९१४८८ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | रु. | ३९४१७ | ४८२६२ | ५६५४९ | ६३४९९ | ७३०८२ | ८१०५१ | ९५३०८ | १०२८२३ | १०७९९२ | १२०८६९ |
| कुल उपभोग/ जि.डि.पी. | प्रतिशत | ९०.२ | ९०.६ | ८८.५ | ८६.० | ८९. | ८९.४ | ८८.१ | ९०.८ | ९६.२ | ८९.७ |
| कुल गार्हस्थ्य बचत/जि.डि.पी. | प्रतिशत | ९.८ | ९.४ | ११.५ | १४.० | ११. | १०.६ | ११.९ | ९.२ | ३.८ | १०.३ |
| कुल राष्ट्रिय बचत/ जि.डि.पी. | प्रतिशत | ३३.२ | ३५.९ | ३५.९ | ३७.० | ३९ | ४०.७ | ४५.७ | ४४.१ | ४०.० | ४३.८ |
| कुल स्थिर पुँजी लगानी/जि.डि.पी. | प्रतिशत | २१.९ | २१.४ | २२.२ | २१.४ | २०.८ | २२.६ | २३.५ | २८.० | २८.८ | ३३.८ |
| कुल स्थिर पुँजीमा सरकारी लगानी/ जि.डि.पी. | प्रतिशत | ४.० | ४.५ | ४.५ | ४.७ | ४.७ | ४.४ | ४.८ | ५.२ | ७.१ | ७.३ |
| कुल स्थिर पुँजीमा निजी लगानी/ जि.डि.पी. | प्रतिशत | १७.८ | १६.९ | १७.७ | १६.७ | १६.१ | १८.१ | १८.७ | २२.८ | २१.७ | २६.५ |
| कुल पुँजी लगानी/ जि.डि.पी. | प्रतिशत | ३०.३ | ३१.७ | ३८.३ | ३८.० | ३४ | ३७.३ | ४१ | ३९ | ३४ | ४३ |
| कुल जनसंख्या | करोड | २५.५ | २५.९ | २६.३ | २६.५ | २६.९ | २७.२ | २७.६ | २८. | २८.३ | २८.७ |
| मूल्य | | | | | | | | | | | |
| उपभोक्ता मूल्य सूचकाङ्क[३] | वार्षिक प्रतिशत परिवर्तन | ५.९ | १२.६ | ९.६ | ९.६ | ८.३ | ९.९ | ९.१ | ७.२ | ९.९ | ५.९ |
| कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क[२] | वार्षिक प्रतिशत परिवर्तन | ५.६ | १६.० | १४.४ | ११.० | ७.० | ६.१ | ९.० | ५.० | ५.० | ८.० |
| प्राथमिक क्षेत्र | वार्षिक प्रतिशत परिवर्तन | ३.३ | २१.४ | २५.१ | १५.६ | १.४ | ४.६ | ६.४ | ४.१ | ४.७ | २.० |

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाई | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४[१] |
| द्वितीय क्षेत्र | वार्षिक प्रतिशत परिवर्तन | ११. | १४ | ९.२ | ८.९ | ८.३ | ८.२ | ५.९ | ६.० | ७.२ | ७.५ |
| सेवा क्षेत्र | वार्षिक प्रतिशत परिवर्तन | ५.३ | १२.९ | ८.९ | ८.२ | १०.१ | ६.५ | ११.७ | ५.४ | ४.४ | ११.६ |
| थोक मूल्य सूचकाङ्क[४] | वार्षिक प्रतिशत परिवर्तन | ९.० | १२.८ | १२.६ | ९.९ | ६.४ | ९.० | ८.० | ६.१ | ६.३ | - |
| तलब तथा ज्यालादर सूचकाङ्क[५] | वार्षिक प्रतिशत परिवर्तन | ९.७ | १५.३ | १७.२ | १८. | २७ | ९.२ | १३.७ | ८.४ | १४.९ | - |
| तलब | वार्षिक प्रतिशत परिवर्तन | १०.९ | १०.५ | ० | २०.२ | ० | १९.३ | ० | २५.४ | ८.४ | - |
| ज्यालादर | वार्षिक प्रतिशत परिवर्तन | ९.४ | १६.९ | २४ | १६.३ | २९.६ | २९.६ | ११.५ | ११.२ | ८.४ | - |
| **सार्वजनिक वित्त** | | | | | | | | | | | |
| राजस्व | वार्षिक प्रतिशत परिवर्तन | २२.७ | ३३.३ | २७.२ | ११.४ | २३.२ | २१.१ | २०.५ | १३.८ | १८.७ | २०.२ |
| कुल सरकारी खर्च | वार्षिक प्रतिशत परिवर्तन | २०.८ | ३६.१ | १८.२ | १३.७ | १४.८ | ५.७ | २१.३ | २२.२ | १३.१ | ५५.७ |
| चालु खर्च | वार्षिक प्रतिशत परिवर्तन | १८.६ | ३९.७ | १८.२ | १२.६ | १५.८ | १.६ | २२.७ | ११.८ | ९.४ | ५१.३ |
| पुंजीगत खर्च | वार्षिक प्रतिशत परिवर्तन | ३४.७ | ३६.६ | २३.५ | १६.८ | ८.६ | ६.२ | २२.२ | ३३.२ | ३८.७ | ११२.६ |
| वित्तीय व्यवस्था | | | | | | | | १४.६ | ५९.३ | २.३ | ६.२ |
| साँवा भुक्तानी खर्च | वार्षिक प्रतिशत परिवर्तन | -२.२ | १४.९ | -२.१ | -६.६ | १७.१ | ७४.३ | १९.२ | ५३.९ | ७.० | -३६.९ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | वार्षिक प्रतिशत परिवर्तन | -०.७ | १८.६ | ५.३ | ५.४ | १७.९ | ३८.४ | १०.३ | ३६.७ | ४.२ | -१३.९ |
| राजस्व / जि.डि.पी. | प्रतिशत | १३.२ | १४.५ | १४.९ | १४.७ | १६ | १७.५ | १८.२ | १९.१ | २१.४ | २२.३ |
| कर राजस्व/ जि.डि.पी. | प्रतिशत | १०.४ | ११.८ | १३.४ | १३ | १३.९ | १५.३ | १५.९ | १६.७ | १८.७ | १९.५ |
| गैर–कर राजस्व/ जि.डि.पी. | प्रतिशत | २.८ | २.७ | १.५ | १.५ | २.१ | २.२ | २.२ | २.३ | २.७ | २.८ |

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **एकाई** | **२०६४/६५** | **२०६५/६६** | **२०६६/६७** | **२०६७/६८** | **२०६८/६९** | **२०६९/७०** | **२०७०/७१** | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४[१]** |
| कुल सरकारी खर्च/ जि.डि.पी. | प्रतिशत | १८.४ | १९.८ | २२.२ | २१.८ | २१.६ | २२.२ | २२.१ | २५.० | २६.७ | ३६.० |
| चालु खर्च/ जि.डि.पी. | प्रतिशत | ११.२ | १२.९ | १२.७ | १५.४ | १५.९ | १४.६ | १५.५ | १५.९ | १६.५ | २१.६ |
| पुँजीगत खर्च/ जि.डि.पी. | प्रतिशत | ६.६ | ७.४ | ७.६ | ३.५ | ३.४ | ३.२ | ३.४ | ४.२ | ५.५ | १०.१ |
| वित्तीय व्यवस्था/ जि.डि.पी. | | | | | | | | ३.३ | ४.८ | ४.७ | ४.३ |
| साँवा भुक्तानी खर्च / जि.डि.पी. | प्रतिशत | २.० | १.९ | १.५ | १.३ | १.३ | २.१ | २.१ | ३.० | ३.१ | १.७ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी)/ जि.डि.पी. | प्रतिशत | २.८ | २.७ | २.४ | २.२ | २.३ | २.९ | २.७ | ३.५ | ३.४ | २.५ |
| बजेट घाटा/ जि.डि.पी. | प्रतिशत | ४.१ | ५.० | ३.५ | ३.६ | ३.४ | १.५ | २.० | ३.८ | ३.१ | ६.५ |
| कुल तिर्न बाँकी ऋण | रु. अर्ब | ३७५.६ | ४२५.१ | ४४०.४ | ४४३.७ | ५२३.२ | ५४५.३ | ५५३.५ | ५४४.९ | ६२७.८ | ६२४.५ |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. अर्ब | ११६ | १२५.७ | १४८.१ | १८४.२ | २१४ | २११.९ | २०६.७ | २०१.७ | २३९.० | २३३.२ |
| तिर्न बाँकी वैदेशिक ऋण | रु. अर्ब | २५० | २७७ | २५६.२ | २५९.६ | ३०९.३ | ३३३.४ | ३४६.८ | ३४३.३ | ३८८.८ | ३९१.३ |
| प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण | रु. | १४७११ | १६४१६ | १६७७३ | १६७४९ | १९४८८ | २००४१ | २००६८ | १९४९३ | २२१५९ | २१७४९ |
| कुल तिर्न बाँकी ऋण/ जि.डि.पी. | प्रतिशत | ४६.१ | ४०.८ | ३३.९ | ३२.५ | ३४.३ | ३२.२ | २८.२ | २५.६ | २७.९ | २४.१ |
| तिर्न बाँकी आन्तरिक ऋण/ जि.डि.पी. | प्रतिशत | १५.४ | १५.० | १२.४ | १३.५ | १४.० | १२.५ | १०.५ | ९.५ | १०.६ | ९.० |
| तिर्न बाँकी वैदेशिक ऋण/ जि.डि.पी. | प्रतिशत | ३०.६ | २७.९ | २१.५ | १९ | २०.२ | १९.७ | १७.७ | १६.१ | १७.३ | १५.१ |
| तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व | प्रतिशत | २३२.३ | १९७.९ | १४४ | १३०.८ | १२६.६ | ११२.६ | ९७.३ | ८४.६ | ८०.७ | ६७.५ |
| ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालु खर्च | प्रतिशत | २४.९ | २१.१ | १५.२ | १४.३ | १४.५ | १९.७ | १७.८ | २१.७ | २०.७ | ५.७ |
| तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय संचिति | प्रतिशत | ११७.६ | ९७.४ | ९५.३ | ९५.४ | ७०.४ | ६२.५ | ५२.१ | ४१.७ | ३७.४ | ३५.९ |
| **मुद्रा तथा बैंकिङ #** | | | | | | | | | | | |
| आन्तरिक कर्जा | वार्षिक प्रतिशत परिवर्तन | २१.३ | २७.१ | १७.२ | १४.६ | ९.३ | १७.२ | १२.७ | १६.२ | १८.२ | २५.० |
| निजी क्षेत्रतर्फको कर्जा | वार्षिक प्रतिशत परिवर्तन | २४.३ | २९.० | १४.२ | १३.९ | ११.३ | २०.२ | १८.३ | १९.४ | २३.२ | २०.० |
| सरकार तर्फको खुद कर्जा | वार्षिक प्रतिशत परिवर्तन | ११.२ | २०.४ | २६.९ | १९.७ | -०.३ | ३.० | -१५.४ | -१०.४ | -३१.० | १२८.८ |
| बैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश | प्रतिशत | ७७.७ | ७८.९ | ८०.२ | ७९.९ | ८१.४ | ८३.५ | ८७.६ | ९०. | ९३.७ | ९०.० |
| संकुचित मुद्रा प्रदाय (एम१) | वार्षिक प्रतिशत परिवर्तन | २१.६ | २७.३ | ११.० | ५.२ | १८.६ | १४.४ | १७.७ | १९.७ | १८.५ | १४.० |
| मुद्रा | वार्षिक प्रतिशत | १९.९ | २५.५ | १३.० | १.९ | २०.१ | १४.९ | १६.२ | १८.७ | २१.३ | १७.० |

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाई | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४[1] |
| | परिवर्तन | | | | | | | | | | |
| चल्ती निक्षेप | वार्षिक प्रतिशत परिवर्तन | २५.० | ३०.५ | ७.६ | ११.४ | १५.९ | १३.४ | २०.४ | २१.५ | १३.७ | ८.४ |
| विस्तृत मुद्रा प्रदाय (एम२) | वार्षिक प्रतिशत परिवर्तन | २५.२ | २७.३ | १४.१ | १२.३ | २२.७ | १६.४ | १९.१ | १९.९ | १९.५ | १६.० |
| मुद्दती र वचत निक्षेप | वार्षिक प्रतिशत परिवर्तन | २७.० | २७.३ | १५.५ | १४.८ | २४.० | १७.० | १९.५ | २०.० | १९.८ | १६.६ |
| कुल आन्तरिक कर्जा/ जि.डि.पी. | प्रतिशत | ५३.६ | ५६.२ | ६६.८ | ६६.२ | ६४.८ | ६८.८ | ६६.९ | ७१.७ | ८०.३ | ८६.९ |
| निजी क्षेत्रतर्फको कर्जा/ जि.डि.पी. | प्रतिशत | ४१.७ | ४४.४ | ५३.५ | ५२.९ | ५२.७ | ५७.४ | ५८.६ | ६४.५ | ७५.३ | ७८.१ |
| सरकारतर्फको खुद कर्जा/ जि.डि.पी. | प्रतिशत | १०.७ | १०.६ | ११.४ | ११.९ | १०.६ | ९.९ | ७.२ | ६.० | ३.९ | ७.७ |
| संकुचित मुद्रा प्रदाय/ जि.डि.पी. | प्रतिशत | १८.९ | १९.९ | १७.८ | १६.२ | १७.२ | १७.७ | १८.१ | १९.९ | २२.४ | २२.१ |
| चल्ती निक्षेप/ जि.डि.पी. | प्रतिशत | ६.६ | ७.२ | ६.१ | ५.९ | ६.१ | ६.२ | ६.५ | ७.३ | ७.८ | ७.३ |
| विस्तृत मुद्रा प्रदाय/ जि.डि.पी. | प्रतिशत | ६०.७ | ६३.८ | ६८.८ | ६७.१ | ७४.० | ७७.६ | ७९.७ | ८८.२ | ९९.९ | १००.२ |
| मुद्दती र वचत निक्षेप/ जि.डि.पी. | प्रतिशत | ४१.८ | ४३.९ | ५१. | ५०.८ | ५६.४ | ५९.८ | ६१.६ | ६८.२ | ७७.५ | ७८.१ |
| **बाह्य क्षेत्र** | | | | | | | | | | | |
| निर्यात (वस्तु) | वार्षिक प्रतिशत परिवर्तन | -०.२ | १४.२ | -१०.२ | ५.८ | १५.४ | ३.६ | १९.६ | -७.३ | -१७.८ | १२.० |
| आयात (वस्तु) | वार्षिक प्रतिशत परिवर्तन | १४ | २८ | ३१.६ | ५.८ | १६.५ | २०.६ | २८.३ | ८.४ | -०.१ | २५.७ |
| निर्यात/आयात अनुपात | प्रतिशत | २६.७ | २३.८ | १६.२ | १६.२ | १६.१ | १३.८ | १२.९ | ११. | ९.१ | ८.१ |
| व्यापार घाटा | वार्षिक प्रतिशत परिवर्तन | २०.२ | ३३.३ | ४४.६ | ५.८ | १६.७ | २३.९ | २९.७ | १०.८ | २.० | २७.० |
| पर्यटन आय | वार्षिक प्रतिशत परिवर्तन | ८४ | ४९.९ | ०.६ | -१२.५ | २४.८ | ११.४ | ३५.६ | १५.२ | -२१.८ | ३०.० |
| पर्यटन व्यय | वार्षिक प्रतिशत परिवर्तन | ३२ | ५०.५ | २.८ | -१४.४ | –६.८ | ५३.७ | ६.५ | २६.१ | ६.१ | २५.० |
| विप्रेषण आय | रु. अर्ब | १४२.७ | २०९.७ | २३१.७ | २५३.६ | ३५९.६ | ४३४.६ | ५४३.३ | ६१७.३ | ६६५.१ | ६९९. |
| विप्रेषण आय | वार्षिक प्रतिशत परिवर्तन | ४२.५ | ४७. | ११ | ९.४ | ४१.८ | २०.९ | २५. | १३.६ | ७.७ | ५.१ |
| चालु खाता सन्तुलन | रु. अर्ब | २३.७ | ४१.४ | -२८.१ | -१२.९ | ७६. | ५७ | ८९.७ | १०८.३ | १४०.४ | -४.६ |

| परिसूचक | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **एकाई** | **२०६४/६५** | **२०६५/६६** | **२०६६/६७** | **२०६७/६८** | **२०६८/६९** | **२०६९/७०** | **२०७०/७१** | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४[1]** |
| निर्यात/ जि.डि.पी. | प्रतिशत | ७.३ | ६.९ | ५.१ | ४.७ | ४.९ | ४.५ | ४.७ | ४. | ३.१ | ३. |
| आयात/ जि.डि.पी. | प्रतिशत | २७.२ | २८.८ | ३१.४ | २९. | ३० | ३२.८ | ३६.४ | ३६.४ | ३४.४ | ३७.४ |
| व्यापार घाटा/ जि.डि.पी. | प्रतिशत | -१९.९ | -२१.९ | -२६.३ | -२४.३ | -२५.४ | -२८.३ | -३१.७ | -३२.४ | -३१.३ | -३४.४ |
| पर्यटन आय/ जि.डि.पी. | प्रतिशत | २.३ | २.८ | २.४ | १.८ | २. | २ | २ | २.५ | १.९ | २.१ |
| पर्यटन व्यय/ जि.डि.पी. | प्रतिशत | २.६ | ३.२ | २.७ | २. | २ | २.३ | २.१ | २.५ | २.५ | २.७ |
| विप्रेषण आय/ जि.डि.पी. | प्रतिशत | १७.५ | २१.२ | १९.४ | १८.५ | २३.५ | २५.६ | २७.७ | २९. | २९.६ | २६.९ |
| चालु खाता सन्तुलन/ जि.डि.पी | प्रतिशत | २.९ | ४.२ | -२.४ | -०.९ | ५. | ३ | ४.६ | ५.१ | ६.२ | -०.२ |
| शोधनान्तर वचत | रु. अर्ब | २९.७ | ४४.८ | -३.३ | ४.०९ | १३१.६३ | ६८.९४ | १२७.१३ | १४५.० | १८९.० | ५१.० |
| विदेशी विनिमय संचिति | रु. अर्ब | २१२.६ | २८६.५ | २६८.९ | २७२.२ | ४३९.५ | ५३३.३ | ६६५.४ | ८२४.१ | १०३९.२ | १०९०.२ |
| विदेशी विनिमय संचिति | वार्षिक प्रतिशत परिवर्तन | २८.८ | ३४.८ | -५.४ | १.२ | ६१.५ | २१.४ | २४.८ | २३.८ | २६.१ | ४.९ |
| सञ्चितिको आयात धान्ने क्षमता | | | | | | | | | | | |
| वस्तु आयात | महिनाको आयात बराबर | ११.७ | १२.२ | ८.७ | ८.४ | ११.६ | १०.२ | ११.४७ | १२.९८ | १६.४८ | १३.७६ |
| वस्तु तथा सेवा आयात | महिनाको आयात बराबर | ९.४ | १०. | ७.४ | ७.३ | १०.३ | ८.७ | ९.९७ | ११.१९ | १४.०९ | ११.८८ |
| विदेशी विनिमय दर[६] | १ अमेरिकी डलर = रु. | ६५.०२ | ७६.८८ | ७४.५४ | ७२.२७ | ८१.०२ | ८७.९६ | ९८.२५ | ९९.४९ | १०६.३५ | १०६.९४ |

**[1]वार्षिक प्रारम्भिक अनुमान [2]आधार वर्ष २०५७/५८=१००; [3]आधार वर्ष २०७१/७२=१००; [4]आधार वर्ष २०५६/५७=१००; [5]आधार वर्ष २०६१/६२=१००; [6]खरिद र विक्री दरको वार्षिक औसत ।**

**२०६७ असारदेखि विकास बैंक तथा वित्त कम्पनीको तथ्याङ्क समेत समावेश भएको ।**

**आर्थिक वर्ष २०६८/६९ देखि IMF को GFS २००१ को वर्गीकरणमा आधारित**

**टिप्पणी : जि.डि.पी.सँगको अनुपात हिसाब गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ ।**

**टिप्पणी : आर्थिक वर्ष २०७०/७१ भन्दा अगाडि वित्तीय व्यवस्था खर्च पुँजीगत खर्चमा समावेश भएको छ ।**

# अर्थतन्त्रका प्रमुख चुनौतीहरू

१. उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि मार्फत गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरताको अन्त्य गरी दिगो विकासका लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने कार्य चुनौतीपूर्ण छ ।

२. सबल एवं दिगो आर्थिक वृद्धिको लागि उत्पादनका साधनहरूको समुचित प्रयोग तथा व्यवस्थापन, साधनहरूको वितरण एवं पुनः वितरण प्रणालीको व्याख्यासहित आर्थिक नीति तर्जुमा गरी सोको कार्यान्वयनबाट संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. संघीय शासन प्रणालीअनुरूप संघ, प्रदेश र स्थानीय तहमा लगानीका स्रोत र साधनको उपलब्धता र सुनिश्चितता, समन्यायिक बाँडफाँड र स्रोत साधनको परिचालनका आधार निर्माण गरी समष्टिगत आर्थिक स्थायित्वसहितको आर्थिक विकास गर्ने कार्य चुनौतीपूर्ण छ।

४. औद्योगिक पूर्वाधार, सुमधुर श्रम सम्बन्ध, ऊर्जा उपलब्धता, गुणस्तरीय वस्तुको उत्पादनद्वारा आन्तरिक उत्पादनमा वृद्धि, तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु र सेवाको उत्पादन वृद्धि र स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्न लगानीमैत्री वातावरणको निर्माण गर्नु चुनौतीपूर्ण छ ।

५. राष्ट्रिय आवश्यकता र मागबमोजिम दक्ष जनशक्ति तयार गरी जनसाङ्ख्यीय लाभ लिंदै स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारी माथिको निर्भरता कम गर्नु चुनौतीपूर्ण छ ।

६. जलवायु परिवर्तनले जलविद्युत लगानी तथा उत्पादनमा पार्न सक्ने जोखिमलाई कम गर्न जलाशययुक्त वा ठूला जलविद्युत आयोजना निर्माण गरी लोडसेडिङ्गलाई दीर्घकालीन रूपमा अन्त्य गर्नु चुनौतीपूर्ण छ ।

७. आर्थिक वृद्धिका सम्वाहक क्षेत्रहरू कृषि, पर्यटन, जलविद्युत र पूर्वाधारमा लगानी केन्द्रित गरी उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्नु चुनौतीपूर्ण रहेको छ ।

८. उन्नत बिउ, मल, सिँचाइ, कृषि कर्जा, प्रविधि तथा उपकरणहरू र दक्ष जनशक्ति लगायतका कृषिका साधन श्रोतको पर्याप्त व्यवस्था मिलाई उत्पादन तथा उत्पादकत्व वृद्धि गरेर कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने कार्य चुनौतीपूर्ण छ ।

९. वैज्ञानिक भूउपयोग नीतिको रणनीति र कार्ययोजना बनाउने, भूमिको जथाभावी प्रयोग र सार्वजनिक जग्गाको अतिक्रमणको समस्या समाधान गरी भूमिको व्यवस्थापन प्रभावकारी बनाउनु चूनौतीपूर्ण छ ।

१०. संघीय संरचनाअनुसारका संघ, प्रदेश र स्थानीय तहमा भौतिक पूर्वाधारको निर्माण र स्थानीय तहका केन्द्रहरूलाई एक आपसमा आवद्ध गर्ने र उक्त केन्द्रहरूलाई प्रदेश तथा संघसँग आवद्ध गर्ने विकासका कार्यहरू चुनौतीपूर्ण छन् ।

११. भूकम्पबाट ध्वस्त भएका निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन, सांस्कृतिक सम्पदा, भौतिक तथा सामाजिक पूर्वाधार संरचनाहरूको पुनर्निर्माण तथा व्यवस्थित र आधुनिक बस्ती विकासको लागि बजेटको सुनिश्चितता कायम गरी पुनर्निर्माणको काम समयमै सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

१२. संविधानअनुसारको राज्यका नीति र मौलिक हकको क्रमशः कार्यान्वयनको लागि आवश्यक स्रोत परिचालन र राज्यको धान्न सक्ने वित्त संरचनाअनुसार लगानी (Bearing Capacity) वृद्धि गर्ने कार्य चुनैतीपूर्ण छ ।

१३. तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास र स्वेच्छिक कर सहभागिताबाट कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको अनुपात बढाउँदै संघीय संरचनाअनुसारको राजस्व संरचनाको निर्माण गरी संघीय वित्तलाई सुदृढ बनाउनु चुनौतीपूर्ण छ ।

१४. वैदेशिक सहायतालाई राष्ट्रिय हित र प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्दै आर्थिक विकासको क्षमता वृद्धि गरी विकास वित्तका लागि अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिको निर्भरतालाई कम गर्दै लैजानु चुनौतीपूर्ण छ ।

१५. पेट्रोलियम पदार्थ लगायत समग्र वस्तुको भण्डारण र वितरण प्रणालीलाई व्यवस्थित गर्ने, बजार अनुगमन तथा मूल्य सूचना प्रणालीको व्यवस्था मार्फत आपूर्ति व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी मुद्रास्फीतिलाई अपेक्षित स्तरमा कायम राख्नु चुनौतीपूर्ण छ ।

१६. सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्नु, कोषको रकमलाई लगानी योजना बनाई समन्वयात्मक ढंगले परिचालन गर्नु र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई लक्षित वर्गसम्म पुऱ्याउनु चुनौतीपूर्ण छ ।

१७. संघीय संरचनाअनुसारका ७ सय ४४ वटा स्थानीय तहका केन्द्रहरूमा न्यूनतम एउटा बैंकको व्यवस्था, वित्तीय साक्षरता, नवीनतम प्रविधिमा आधारित वित्तीय उपकरण मार्फत कार्यक्रम सञ्चालन गरी वित्तीय पँहुचको विस्तार मार्फत औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाई अर्थतन्त्रलाई थप गतिशील बनाउनु चुनौतीपूर्ण छ ।

१८. गाउँ र सहर, हिमाल पहाड र तराई एवं विभिन्न जाति, वर्ग र लिङ्गलाई समुचित तरिकाले सम्बोधन गरी सन्तुलित तथा समावेशी विकास गर्नु चुनौतीपूर्ण छ ।

# १. समग्र आर्थिक स्थिति

विकसित मुलुकको आर्थिक गतिविधिमा सुधारसँगै विश्व अर्थतन्त्र सुधारोन्मुख अवस्थामा छ । विश्व वस्तु बजारमा ऊर्जा लगायतका वस्तुहरूको मूल्य बढेकाले विकसित मुलुक र उदीयमान तथा विकासशील मुलुकको मुद्रास्फीतिमा दबाबको अवस्था कायमै छ । विश्व अर्थतन्त्रको यस परिवेशमा आर्थिक वर्ष २०७३/७४ मा नेपालको समग्र आर्थिक गतिविधिमा विस्तार भएको छ। अनुकूल मौसम, सरकारको पुँजीगत खर्चमा भएको वृद्धि, लगानीको अनुकूल वातावरण, ऊर्जाको उपलब्धता लगायत आपूर्ति व्यवस्थामा आएको सुधारका कारण आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ यताकै उच्च ६.९४ प्रतिशत रहेको छ । यो चालु आर्थिक वर्षमा प्रक्षेपण गरिएको आर्थिक वृद्धिदर ६.५ प्रतिशत भन्दा बढी हो । भूकम्प र सीमा नाका अवरोधबाट गम्भीर रूपमा प्रभावित र संकुचित भएको अर्थतन्त्र चालु आर्थिक वर्षमा करिब पूर्णरूपमा पुनरुत्थान भएको छ । साथै, अर्थतन्त्रमा समष्टिगत आर्थिक स्थायित्वको अवस्था कायमै छ । मुद्रास्फीति विगत केही वर्ष यताकै न्यून छ भने शोधनान्तर बचतमा छ । आगामी वर्ष संघीयताको व्यवस्थापन गर्दै उच्च आर्थिक वृद्धिदर हासिल गरी थप समावेशी बनाउदै लैजाने विषय चुनौतीपूर्ण छ ।

## विश्व अर्थतन्त्र

### आर्थिक वृद्धिदर

१.१ अन्तर्राष्ट्रिय मुद्रा कोषको सन् २०१७ अप्रिलमा प्रकाशित विश्व आर्थिक परिदृश्य (World Economic Outlook) का अनुसार सन् २०१६ मा ३.१ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०१७ मा ३.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । विकसित मुलुकको आर्थिक गतिविधिमा आएको पुनरूत्थान र उदीयमान तथा विकासशील अर्थतन्त्रको विश्व आर्थिक वृद्धिमा योगदान उच्च रहेकाले विश्व अर्थतन्त्र सीमान्त दरले विस्तार हुने प्रक्षेपण छ ।

१.२ सन् २०१६ मा १.७ प्रतिशतले बढेको विकसित मुलुकको अर्थतन्त्र सन् २०१७ मा २.० प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । सन् २०१६ मा विकसित मुलुकहरू मध्ये अमेरिकी अर्थतन्त्रको उत्पादन १.६ प्रतिशतले बढेकोमा सन् २०१७ मा २.३ प्रतिशतले बढ्ने प्रक्षेपण छ । त्यसैगरी, सन् २०१६ मा १.७ प्रतिशतले विस्तार भएको युरो क्षेत्र सन् २०१७ मा समेत सोही दरमा विस्तार हुने प्रक्षेपण छ । खुद निर्यात बढेकोले सन् २०१६ मा १.० प्रतिशतले वृद्धि भएको जापानको अर्थतन्त्र सन् २०१७ मा १.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ ।

**तालिका १ (क) : विश्व आर्थिक वृद्धिदर (प्रतिशत)**

| क्षेत्र | २०१४ | २०१५ | २०१६ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१७ | २०१८ | २०२२ |
| विश्वको उत्पादन | ३.५ | ३.४ | ३.१ | ३.५ | ३.६ | ३.८ |
| विकसित अर्थतन्त्र | २.० | २.१ | १.७ | २.० | २.० | १.७ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.७ | ४.२ | ४.१ | ४.५ | ४.८ | ५.० |
| उदीयमान तथा विकासोन्मुख एशिया | ६.८ | ६.७ | ६.४ | ६.४ | ६.४ | ६.३ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक | २.७ | २.६ | ३.८ | २.३ | ३.२ | ३.५ |
| उदीयमान तथा विकासशील युरोप | ३.९ | ४.७ | ३.० | ३.० | ३.३ | ३.१ |
| युरोपियन युनियनका मुलुक | १.७ | २.४ | २.० | २.० | १.८ | १.७ |

स्रोत : अन्तर्राष्ट्रिय मुद्राकोष, अप्रिल, २०१७

१.३ सन् २०१७ मा उदीयमान र विकासशील देशको अर्थतन्त्र ४.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । यी मुलुकको वृद्धिदर सन् २०१६ मा ४.१ प्रतिशत रहेको थियो । सन् २०१६ मा ६.८ प्रतिशतले वृद्धि भएको भारतीय अर्थतन्त्र सन् २०१७ मा ७.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । आर्थिक सुधारका कार्यक्रम, आपूर्तिमा सहजता र नीतिगत सुधारका कारण भारतीय अर्थतन्त्र उच्चदरले विस्तार हुने प्रक्षेपण छ । साथै, सन् २०१६ मा चिनीयाँ अर्थतन्त्र ६.७ प्रतिशतले बढेकोमा सन् २०१७ मा ६.६ प्रतिशतले बढ्ने प्रक्षेपण मुद्रा कोषको छ ।

**तालिका १ (ख) : छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर (प्रतिशत)**

| मुलुक | २०१४ | २०१५ | २०१६ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१७ | २०१८ | २०२२ |
| बंगलादेश | ६.३ | ६.८ | ६.९ | ६.९ | ७.० | ७.० |
| भुटान | ४.० | ६.१ | ६.२ | ५.९ | ११.२ | ६.३ |
| भारत | ७.२ | ७.९ | ६.८ | ७.२ | ७.७ | ८.२ |
| मालदिभ्स | ६.० | २.८ | ३.९ | ४.१ | ४.७ | ४.७ |
| नेपाल | ६.० | २.७ | ०.६ | ५.५ | ४.५ | ३.८ |
| श्रीलंका | ४.९ | ४.८ | ४.३ | ४.५ | ४.८ | ५.३ |
| पाकिस्तान | ४.१ | ४.० | ४.७ | ५.० | ५.२ | ५.९ |
| अफगानिस्तान | १.३ | ०.८ | २.० | ३.० | ३.५ | ५.५ |
| चीन | ७.३ | ६.९ | ६.७ | ६.६ | ६.२ | ५.७ |

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष अप्रिल, २०१७

१.४ सन् २०१६ को तुलनामा सन् २०१७ मा भुटान र बंगलादेश बाहेक अन्य सबै दक्षिण एशियाली मुलुकहरूको आर्थिक वृद्धिदर बढ्ने प्रक्षेपण छ । त्यसैगरी, सन् २०१५ को तुलनामा सन् २०१६ मा दक्षिण एशियाली मुलुकहरू मध्ये भारत, श्रीलंका र नेपाल बाहेक अन्य सबै मुलुकहरूको अर्थतन्त्र सीमान्त दरले विस्तार भएको थियो ।

## मूल्य स्थिति

१.५ सन् २०१६ मा ०.८ प्रतिशत रहेको विकसित अर्थतन्त्रको मुद्रस्फीति दर सन् २०१७ मा २.० प्रतिशत रहने मुद्रा कोषको प्रक्षेपण छ । त्यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको मूल्य वृद्धि सन् २०१६ मा ४.४ प्रतिशत रहेकोमा सन् २०१७ मा ४.७ प्रतिशत रहने प्रक्षेपण छ । विश्व बजारमा ऊर्जा लगायतका वस्तुहरूको मूल्य बढेकाले विकसित तथा विकासशील मुलुकहरूमा मुद्रास्फीति दर बढ्ने प्रक्षेपण छ ।

**तालिका १ (ग) : विश्वको मुद्रास्फीति दर (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| क्षेत्र | २०१४ | २०१५ | २०१६ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१७ | २०१८ | २०२२ |
| विकसित अर्थतन्त्र | १.४ | ०.३ | ०.८ | २.० | १.९ | २.१ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.७ | ४.७ | ४.४ | ४.७ | ४.४ | ४.१ |
| उदीयमान तथा विकाशोन्मुख एशिया | ३.५ | २.७ | २.९ | ३.३ | ३.३ | ३.७ |
| उदीयमान तथा विकासशील युरोप | ४.१ | ३.२ | ३.२ | ५.७ | ५.५ | ४.६ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | ६.६ | ५.९ | ५.४ | ८.१ | ७.७ | ४.९ |
| न्यून-आय भएका विकासशील अर्थतन्त्र | ७.२ | ७.२ | ९.० | ९.४ | ८.६ | ७.२ |

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष अप्रिल, २०१७

१.६ सन् २०१६ को तुलनामा सन् २०१७ मा दक्षिण एशियाली मुलुकहरू मध्ये नेपाल, भारत र भुटानको मुद्रास्फीति घट्ने अनुमान छ । त्यसैगरी, सन् २०१५ को तुलनामा सन् २०१६ मा दक्षिण एशियाली मुलुकहरू मध्ये नेपाल, बंगलादेश, श्रीलंका र अफगानिस्तानको मुद्रास्फीति दरमा वृद्धि भएको थियो भने अन्य मुलुकहरूमा मुद्रास्फीति सीमान्त दरले घटेको थियो ।

**तालिका १ (घ) : चीन तथा दक्षिण एशियाली मुलुकको मुद्रास्फीति दर**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०१४ | २०१५ | २०१६ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१७ | २०१८ | २०२२ |
| बंगलादेश | ७.० | ६.२ | ६.४ | ६.४ | ५.८ | ५.६ |
| भुटान | ९.९ | ६.३ | ४.२ | ४.१ | ४.६ | ४.७ |
| भारत | ५.९ | ४.९ | ४.९ | ४.८ | ५.१ | ५.० |
| मालदिभ्स | २.५ | १.४ | ०.९ | २.५ | १.९ | २.५ |
| नेपाल | ९.० | ७.२ | ९.९ | ६.७ | ७.६ | ६.५ |
| श्रीलंका | ३.३ | ०.९ | ३.७ | ५.८ | ५.० | ५.० |
| अफगानिस्तान | ४.७ | -१.५ | ४.४ | ६.० | ६.० | ६.० |
| पाकिस्तान | ८.६ | ४.५ | २.९ | ४.३ | ५.० | ५.० |
| चीन | २.० | १.४ | २.० | २.४ | २.३ | ३.० |

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष, अप्रिल, २०१७

१.७ सन् २०१६ मा चीनको मुद्रास्फीति दर २.० प्रतिशत रहेकोमा औद्योगिक क्षेत्रमा सुस्तताका कारण सन् २०१७ मा २.४ प्रतिशतले बढ्ने प्रक्षेपण छ । त्यसैगरी, सन् २०१६ मा भारतको मुद्रास्फीति दर ४.९ प्रतिशत रहेकोमा सन् २०१७ मा सीमान्त दरले घटी ४.८ प्रतिशत रहने प्रक्षेपण छ ।

## विश्व व्यापार

१.८ सन् २०१६ मा वस्तु तथा सेवाको विश्व व्यापार २.२ प्रतिशतले बढेकोमा सन् २०१७ मा ३.८ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण छ । विकसित मुलुकहरूको अर्थतन्त्रमा पुनरूत्थानसँगै विश्व व्यापारमा समेत विस्तार भएको छ ।

**तालिका १ (ङ) : विश्व वस्तु तथा सेवा व्यापारको स्थिति (प्रतिशत)**

| व्यापार | **अर्थतन्त्र** | **२०१४** | **२०१५** | **२०१६** | **प्रक्षेपण** | |
|---|---|---|---|---|---|---|
| | | | | | **२०१७** | **२०१८** |
| कुल व्यापार | विश्व | ३.७ | २.७ | २.२ | ३.८ | ३.९ |
| निर्यात | विकसित अर्थतन्त्र | ३.९ | ३.७ | २.१ | ३.५ | ३.२ |
| | उदीयमान र विकासशील अर्थतन्त्र | २.८ | १.४ | २.५ | ३.६ | ४.३ |
| आयात | विकसित अर्थतन्त्र | ३.९ | ४.४ | २.४ | ४.० | ४.० |
| | उदीयमान र विकासशील अर्थतन्त्र | ४.० | -०.८ | १.९ | ४.५ | ४.३ |
| व्यापारको शर्त | विकसित अर्थतन्त्र | ०.३ | १.८ | ०.९ | -०.५ | ०.१ |
| | उदीयमान र विकासशील अर्थतन्त्र | -०.६ | -४.२ | -१.२ | १.३ | -०.४ |

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष, अप्रिल, २०१७

१.९ सन् २०१६ मा विकसित अर्थतन्त्रको निर्यात २.१ प्रतिशतले तथा उदीयमान र विकासशील अर्थतन्त्रको निर्यात २.५ प्रतिशतले बढेकोमा सन् २०१७ मा यस्तो वृद्धिदर क्रमशः ३.५ प्रतिशत र ३.६ प्रतिशत रहने प्रक्षेपण छ । त्यस्तै, सन् २०१७ मा विकसित अर्थतन्त्र र उदीयमान तथा विकासशील अर्थतन्त्रको आयात क्रमशः ४.० प्रतिशत र ४.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । सन् २०१६ मा यस्तो वृद्धिदर क्रमशः २.४ प्रतिशत र १.९ प्रतिशत रहेको थियो । सन् २०१७ मा वस्तु तथा सेवाको विश्व व्यापारमा निर्यात तथा आयात दुबै बढे तापनि आयातमा उच्च वृद्धि भएको छ ।

## राष्ट्रिय अर्थतन्त्र

## आर्थिक वृद्धि

१.१० अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण तथा अर्थतन्त्रका गतिविधिहरूको नियमित अनुगमन एवं मूल्यांकनका लागि कुल गार्हस्थ्य उत्पादन, उपभोग, बचत, लगानी जस्ता महत्त्वपूर्ण राष्ट्रिय लेखा (National Accounts) सम्बन्धी समष्टिगत

आर्थिक परिसूचकहरू तयार पारिन्छ । यस्ता परिसूचकहरूले अर्थतन्त्रको वर्तमान अवस्थाको यथार्थ चित्रण गर्नुको साथै भावी दिनको लागि दिशावोध समेत गर्दछन् ।

१.११ आर्थिक वर्ष २०७३/७४ आर्थिक वृद्धिका हिसाबले उत्साहजनक रहेको छ । अनुकूल मौसमको कारणले कृषि उत्पादनमा बढोत्तरी, पुनर्निर्माण कार्यमा तीव्रता र नियमित विद्युत आपूर्ति माध्यमबाट ऊर्जा संकट समाधानमा गरिएका प्रयासको परिणामबाट अर्थतन्त्र विस्तार भएको छ । त्यसैगरी, कृषिको व्यवसायीकरणमा विस्तार, स्थिरता उन्मुख राजनीति, वन्द हडतालमा कमी तथा सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनमा सुधार जस्ता कारणहरूले चालु आर्थिक वर्षमा अर्थतन्त्र सुधारोन्मुख छ ।

**चार्ट १ (क) : कुल गार्हस्थ्य उत्पादन वृद्धिदर**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

१.१२ आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) वृद्धिदर ६.९४ प्रतिशत हुने अनुमान छ । आर्थिक वर्ष २०७१/७२ मा आर्थिक वृद्धिदर २.९७ प्रतिशत रहेको थियो भने गत आर्थिक वर्ष २०७२/७३ मा वृद्धिदरमा ह्रास आई ०.०१ प्रतिशत रहेको थियो ।

१.१३ पछिल्लो दश वर्षको औसत आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहेको छ । अधिकांश वर्षहरूमा आर्थिक वृद्धिदर न्यून रह्यो । चालु वर्षको ६.९४ प्रतिशत वृद्धिदर नै पछिल्लो एक दशकको उच्च वृद्धि हो । यो आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ यताकै उच्च हो । त्यसैगरी, पछिल्लो एक दशकको अवधिमा कृषि तथा गैरकृषि क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ३.२ प्रतिशत र ४.७ प्रतिशत रहेको छ। त्यस्तै, गैर कृषि क्षेत्रमा उद्योग र सेवा क्षेत्रको पछिल्लो एक दशकको औसत वृद्धिदर क्रमशः २.८ प्रतिशत र

५.३ प्रतिशत रहेको छ । यस अवधिमा सेवा क्षेत्रको वृद्धिदर सन्तोषजनक रहेता पनि कृषि र उद्योग क्षेत्रको वृद्धिदर आशातित रूपमा हासिल हुन सकेन।

## कुल गार्हस्थ्य उत्पादनको संरचना

१.१४ आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७०.६३ प्रतिशत रहेको छ । पछिल्लो पन्ध्र वर्षको अवधिमा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान घट्दै आएको छ । आर्थिक वर्ष २०५९/६० देखि २०६३/६४ सम्मको पाँच वर्षमा कृषि क्षेत्रको योगदान औसत ३४.३ प्रतिशत रहेकोमा २०६४/६५ देखि २०६८/६९ पाँच वर्षमा औसत ३४.१ प्रतिशत र २०६९/७० देखि २०७३/७४ सम्मको पाँच वर्षमा औसत ३१.४ प्रतिशत रहको छ । सोही अवधिमा गैर कृषि क्षेत्रको योगदान क्रमशः ६५.७ प्रतिशत, ६५.९ प्रतिशत र ६८.६ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश घट्दै जानु र गैर कृषि क्षेत्रको अंश विस्तारै बढ्दै जानुले अर्थतन्त्र संरचनागत परिवर्तन उन्मुख छ । गैर कृषि क्षेत्रमा पनि सेवा क्षेत्रको विस्तार उच्च रहेको छ ।

**चार्ट १ (ख) : कुल गार्हस्थ्य उत्पादनको संरचना**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

**तालिका १ (च) : कुल गार्हस्थ्य उत्पादनमा अंश (पाँच वर्षको औसत, प्रतिशतमा)**

| आर्थिक क्षेत्र | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०५९/६० - २०६३/६४ | २०६४/६५ - २०६८/६९ | २०६९/७० - २०७३/७४ |
| कृषि | ३४.३ | ३४.१ | ३१.४ |
| गैर-कृषि | ६५.७ | ६५.९ | ६८.६ |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## क्षेत्रगत उत्पादन

### प्राथमिक क्षेत्र

१.१५ प्राथमिक क्षेत्र अन्तर्गत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन आर्थिक क्रियाकलाप पर्दछन् । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ३०.० प्रतिशत रहने अनुमान छ । विगत दशवर्ष देखि कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान क्रमशः घटदै गत आर्थिक वर्ष २०७२/७३ मा ३२.२ प्रतिशत रहेको थियो । पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान औसत ३३.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७३/७४ मा प्राथमिक क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ५.३२ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०७२/७३ मा यस्तो वृद्धिदर ०.०१ प्रतिशतले ऋणात्मक रहेको थियो । अनुकूल मौसम, कृषिमा व्यवसायीकरण, पुनर्निर्माणका लागि वन पैदावर सामग्री उत्पादनमा वृद्धि तथा उत्खनन क्षेत्रको उत्पादन वृद्धिका कारण चालु आर्थिक वर्ष २०७३/७४ मा प्राथमिक क्षेत्रको उत्पादन वृद्धि भएको छ ।

**चार्ट १ (ग) : क्षेत्रगत उत्पादन वृद्धिदर**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

### द्वितीय क्षेत्र

१.१६ द्वितीय क्षेत्रमा निर्माण उद्योग, विद्युत, ग्याँस तथा पानी सम्बन्धी आर्थिक गतिविधिहरू पर्दछन्। विगत दश वर्ष देखि कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान घटदै गएको छ । पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान औसत १४.६ प्रतिशत रहेको छ भने चालु आर्थिक वर्ष २०७३/७४ मा घटेर १४.० प्रतिशत रहेको छ । गत आर्थिक वर्ष २०७२/७३ मा ६.४५ प्रतिशतले ऋणात्मक भएको द्वितीय

क्षेत्रको वृद्धिदर चालु आर्थिक वर्ष २०७३/७४ मा १०.९७ प्रतिशत रहेको छ । पछिल्लो दश वर्षमा औसत २.८ प्रतिशतले मात्र वृद्धि भएको द्वितीय क्षेत्रले संरचनागत आधारमा अर्थतन्त्रको सबै भन्दा कम हिस्सा ओगटेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा पुनर्निर्माण तथा अन्य निर्माण कार्यमा आएको तीव्रता, ऊर्जा क्षेत्रमा भएको विस्तार, औद्योगिक उत्पादनमा वृद्धि जस्ता कारणले द्वितीय क्षेत्रको कुल मूल्य अभिवृद्धि बढेको हो ।

## तृतीय क्षेत्र

१.१७ तृतीय क्षेत्रमा थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात, सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा क्षेत्रका आर्थिक क्रियाकलाप पर्दछन् । विगत १० वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान औसत ५१.७ प्रतिशत रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५६.० प्रतिशत रहने अनुमान छ । पछिल्ला वर्षहरूमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः वृद्धि हुनुले अर्थतन्त्र संरचनागत परिवर्तन उन्मुख छ । पछिल्ला १० वर्षमा सेवा क्षेत्रको औसत वृद्धिदर ५.३ प्रतिशत रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा यस्तो वृद्धिदर ६.९ प्रतिशत रहने अनुमान छ । स्वदेशी वस्तुको उत्पादन तथा आयातित वस्तुहरूमा वृद्धि भई व्यापार क्षेत्रको उत्पादनमा विस्तार, पर्यटक आगमनमा वृद्धि, व्यावसायिक वातावरण अनुकूलताका कारण होटल रेष्टुरेन्ट, यातायात तथा सञ्चार क्षेत्रमा आर्थिक क्रियाशिलता बढ्नु र शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवामा विस्तार भएकाले सेवा क्षेत्रको वृद्धि भएको छ ।

**चार्ट १ (घ) : क्षेत्रगत उत्पादनको संरचना**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि

## कृषि क्षेत्र

### कृषि तथा वन

१.१८ चालु आर्थिक वर्ष २०७३/७४ मा कृषि तथा वन क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ५.२५ प्रतिशत रहने अनुमान छ भने अघिल्लो आर्थिक वर्षमा यस्तो वृद्धिदर ०.१९ प्रतिशतले ऋणात्मक रहेको थियो । पछिल्लो दश वर्षमा औसत कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.१५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७३/७४ मा कृषि तथा वन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २८.८९ प्रतिशत योगदान रहने अनुमान छ । प्रमुख खाद्यान्न बाली धान, गहुँ, मकै आदिको उत्पादनमा भएको वृद्धिले कुल मूल्य अभिवृद्धि बढेको अनुमान छ । समग्र कृषि उत्पादनमा उच्च अंश ओगटेको धान बालीको उत्पादन अनुकूल मौसमका कारण चालु आर्थिक वर्षमा २१.७ प्रतिशतको उच्च दरले बढेको अनुमान छ । कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा धानको योगदान २०.७ प्रतिशत छ । त्यसैगरी, अनुकूल मौसम, कृषि क्षेत्रमा व्यवसायीकरण, मल बिउको उपलब्धता, सिँचाइ विस्तार जस्ता कारणले चालु आर्थिक वर्षमा कृषि तथा वन क्षेत्रको उत्पादन वृद्धि हुने अनुमान छ।

### मत्स्यपालन

१.१९ आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा मत्स्यपालन क्षेत्रको योगदान ०.४८ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्ष २०७२/७३ मा मत्स्यपालन क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ११.७६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा वृद्धिदरमा कमी आई ६.८६ प्रतिशत रहने अनुमान छ । विगत दश वर्षमा यो क्षेत्रको औसत वृद्धिदर ६.२९ प्रतिशत रहेको छ । सरकारी तथा गैर सरकारी प्रयासका कारण मत्स्य उत्पादनमा वृद्धि भएको अनुमान छ ।

### खानी तथा उत्खनन्

१.२० आर्थिक वर्ष २०७२/७३ को तुलनामा खानी तथा उत्खनन् क्षेत्रमा आर्थिक वर्ष २०७३/७४ मा कुल मूल्य अभिवृद्धि ८.१९ प्रतिशतले वृद्धि हुने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको योगदान ०.६३ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षमा यस क्षेत्रको उत्पादन वृद्धिदर २.७८ प्रतिशतले ऋणात्मक रहेको थियो । पछिल्लो दश वर्षमा औसत वृद्धिदर ३.६९ प्रतिशत रहेको छ । पुनर्निमाण कार्य र भूकम्प अति प्रभावित जिल्लाहरू लगायत अन्य जिल्लाहरूमा ढुङ्गा, गिटी, बालुवा र माटो उत्खनन्मा वृद्धि भई निर्माण कार्यमा तीव्रताका कारण यो क्षेत्रको वृद्धिदर उच्च रहेको अनुमान छ ।

## उद्योग क्षेत्र

### उत्पादनमूलक उद्योग

१.२१ आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि ९.७ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षमा भूकम्पको प्रतिकूल प्रभाव तथा सीमा नाकामा भएको अवरोधका कारण यो क्षेत्रको उत्पादन ८.० प्रतिशतले घटेकोमा चालु आर्थिक वर्षमा इन्धन तथा कच्चा पदार्थको पर्याप्त आपूर्तिका साथै बन्द, हड्ताल जस्ता अवरोधमा कमी आई औद्योगिक वातावरण अनुकूल भएकाले उत्पादनमा उच्च वृद्धि भएको छ । आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान ७.३४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा घटेर ५.६७ प्रतिशतमा खुम्चिएको छ । पछिल्लो दश वर्षमा औसत वृद्धिदर २.०८ प्रतिशत रहेको छ। यस अवधिमा लगानी अनुकूल वातावरण नहुनु, औद्योगिक श्रम सम्बन्ध अपेक्षित सुमधुर नहुनु, विद्युत आपूर्ति भरपर्दो र नियमित नहुनु, राजनीतिक संक्रमणकाल लम्बिनु र औद्योगिक पूर्वाधार कमजोर हुनु लगायतका कारणले उद्योग क्षेत्रको उत्पादन सन्तोषजनक रहन सकेन ।

### विद्युत, ग्यास तथा पानी

१.२२ चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा पानी क्षेत्रको योगदान १.१६ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्ष २०७२/७३ मा यो क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ७.४० प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा १२.९७ प्रतिशतको उच्च वृद्धि हुने अनुमान छ । विद्युत उत्पादनमा उल्लेख्य वृद्धि भएका कारण चालु आर्थिक वर्षमा मूल्य अभिवृद्धि उच्च अंकले वृद्धि भएको छ । पछिल्लो दशकमा यस क्षेत्रको औसत वृद्धिदर २.२१ प्रतिशत रहेको छ।

### निर्माण

१.२३ आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि ११.६६ प्रतिशतले वृद्धि हुने अनुमान छ । खासगरी मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोशी जल विद्युत आयोजना लगायत अन्य ठूला आयोजनाको निर्माण कार्यले उत्पादनमा उल्लेख्य वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा निर्माणको योगदान ७.१८ प्रतिशत रहने अनुमान छ ।

## सेवा क्षेत्र

### थोक तथा खुद्रा व्यापार

१.२४ चालु आर्थिक वर्ष २०७३/७४ मा थोक तथा खुद्रा व्यापार क्षेत्रको कुल मूल्य अभिवृद्धि ९.७६ प्रतिशतले वृद्धि हुने अनुमान छ । अघिल्लो आर्थिक वर्ष २०७२/७३ मा यस्तो वृद्धिदर २.५४ प्रतिशतले ऋणात्मक रहेको थियो । विगत दश वर्षमा यस क्षेत्रको औसत वृद्धिदर ४.८८ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा बिक्रीयोग्य वस्तुहरूको उत्पादन, प्रमुख कृषिजन्य उत्पादन, औद्योगिक उत्पादन, वस्तु आयात लगायतमा भएको वृद्धिका कारणले थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर उच्च रहने अनुमान छ । चालु आर्थिक वर्षमा गैरकृषि क्षेत्र अन्तर्गतका क्षेत्रमध्ये कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान रहेको यो क्षेत्रको योगदान १३.५२ प्रतिशत रहने अनुमान छ ।

### होटल तथा रेष्टुरेन्ट

१.२५ चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा होटल तथा रेष्टुरेन्टको योगदान १.९८ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७२/७३ मा ९.६८ प्रतिशतले ऋणात्मक रहेको यो क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर चालु आर्थिक वर्ष २०७३/७४ मा ७.०९ प्रतिशत हुने अनुमान छ । पछिल्लो दशकमा यस क्षेत्रको औसत वृद्धिदर ४.२३ प्रतिशत रहेको छ । पर्यटकको आगमनमा वृद्धि, आन्तरिक पर्यटनमा सुधार, ऊर्जा उपलब्धता, बन्द हड्तालमा कमी जस्ता कारणहरूले गत आर्थिक वर्षमा संकुचित भएको होटल तथा रेष्टुरेन्ट क्षेत्र चालु आर्थिक वर्षमा विस्तार भएको छ ।

### यातायात, सञ्चार तथा भण्डारण

१.२६ आर्थिक वर्ष २०६४/६५ देखि क्रमशः घट्दै गएको यातायात, सञ्चार तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर चालु आर्थिक वर्ष २०७३/७४ मा ६.५० प्रतिशतले वृद्धि हुने अनुमान छ । पछिल्लो दशकमा औसत ६.३२ प्रतिशत वृद्धिदर रहेकामा आर्थिक वर्ष २०७२/७३ मा न्यून वृद्धिदर २.०२ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा यातायात क्षेत्रमा बन्द, हड्ताल जस्ता अवरोध कम भएका कारण उत्पादनमा वृद्धि भएको छ। अर्थतन्त्रका समग्र क्षेत्रमा आर्थिक गतिविधि चलायमान हुँदा यातायात क्षेत्रमा सकारात्मक प्रभाव परेको छ । साथै, सञ्चार क्षेत्रको सेवा विस्तारले प्रयोगकर्ता बढेका कारण मूल्य अभिवृद्धि बढ्न गएको छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ८.११ प्रतिशत रहने अनुमान छ ।

### वित्तीय मध्यस्थता

१.२७ वित्तीय मध्यस्थता क्षेत्र भित्र बैंकिङ, बीमा र सामाजिक सुरक्षा कारोवार पर्दछन् । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा वित्तीय मध्यस्थता क्षेत्रको योगदान ५.४० प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धि ६.७२ प्रतिशतले वृद्धि हुने अनुमान छ । बचत तथा ऋण खाता संख्यामा बढोत्तरी तथा वित्तीय संस्थाका शाखा विस्तारका कारण कुल मूल्य अभिवृद्धि बढेको छ ।

### रियल स्टेट तथा व्यावसायिक सेवा

१.२८ चालु आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा रियल स्टेट तथा व्यावसायिक सेवा क्षेत्रको योगदान ९.९ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा कुल मूल्य अभिवृद्धि वृद्धिदर ५.२७ प्रतिशतले बढ्ने अनुमान छ । आर्थिक वर्ष २०७१/७२ मा भूकम्पको कारण उत्पादन ०.७७ प्रतिशले मात्र बढेको थियो । खासगरी शहरी क्षेत्रमा घर जग्गा कारोवारमा बढोत्तरी तथा व्यावसायिक कारोवारमा वृद्धिले चालु आर्थिक वर्षमा वृद्धिदर उच्च रहने अनुमान छ । पछिल्लो दश वर्षमा औसत वृद्धिदर ३.९२ प्रतिशत रहेको छ ।

### सार्वजनिक प्रशासन तथा रक्षा

१.२९ चालु आर्थिक वर्ष २०७३/७४ मा सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि ९.६४ प्रतिशतले वृद्धि हुने अनुमान छ भने अघिल्लो आर्थिक वर्षमा २.५२ प्रतिशतले वृद्धि भएको थियो । सार्वजनिक प्रशासन तथा रक्षामा भएको उत्पादन लागत अनुसार उक्त वृद्धिदर हासिल हुने अनुमान छ । खासगरी निजामती कर्मचारी संख्यामा भएको वृद्धि, निर्वाचनका लागि सुरक्षा क्षेत्रमा तलब भत्ता वितरण, पुनर्निमाणमा खटिने अस्थायी कर्मचारीको तलब भत्ता आदिका आधारमा उत्पादनमा वृद्धि हुने अनुमान छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ३.० प्रतिशत रहने अनुमान छ ।

### शिक्षा

१.३० चालु आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ७.२३ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्षमा ७.०४ प्रतिशतले वृद्धि भएको शिक्षाको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष २०७३/७४ मा ४.२१ प्रतिशतले वृद्धि हुने अनुमान छ । मध्यवर्ती उपयोगमा कमी र आयमा बढोत्तरी भएका कारण निजी शैक्षिक संस्थाको कुल मूल्य अभिवृद्धि बढेको भएता पनि सामुदायिक विद्यालयमा विद्यार्थी

संख्या उल्लेख्य रूपमा नबढेका कारण शिक्षा क्षेत्रको मूल्य अभिवृद्धिमा सामान्य वृद्धि रहेको छ ।

### स्वास्थ्य

१.३१ आर्थिक वर्ष २०७२/७३ मा ३.२५ प्रतिशतले वृद्धि भएको स्वास्थ्य क्षेत्रको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष २०७३/७४ मा ६.५८ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष २०७२/७३ मा भूकम्पबाट प्रभावित बिरामीको उपचारमा मध्यवर्ती खर्च उल्लेख्य रूपमा बढेकोले मूल्य अभिवृद्धि सामान्य दरमा बढेको थियो । चालु आर्थिक वर्षमा स्वास्थ्य सेवाको पहुँच विस्तार, स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा निजी स्वास्थ्य संस्थाको आयमा वृद्धिका कारण कुल मूल्य अभिवृद्धि बढेको छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य क्षेत्रको योगदान १.७४ प्रतिशत रहने अनुमान छ।

### अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा

१.३२ चालु आर्थिक वर्ष २०७३/७४ मा अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाको कुल मूल्य अभिवृद्धि ५.८८ प्रतिशतले वृद्धि हुने अनुमान छ भने अघिल्लो आर्थिक वर्षमा ३.६७ प्रतिशतले वृद्धि भएको थियो । पछिल्लो दश वर्षमा यो क्षेत्रको औसत वृद्धिदर ७.९१ प्रतिशत रहेको छ । केन्द्रीय तथा स्थानीय सरकारको सामुदायिक, सामाजिक क्षेत्रमा भएको बजेट तथा खर्च र निजी क्षेत्रबाट सञ्चालित एफ.एम. रेडियो तथा टेलिभिजन जस्ता मनोरञ्जनात्मक सेवाको गतिविधिमा विस्तार भएकाले चालु आर्थिक वर्षमा यो क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धि हुने अनुमान छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ५.०९ प्रतिशत रहने अनुमान छ ।

### उपभोग

१.३३ आर्थिक वर्ष २०७२/७३ मा उपभोग खर्च ११.८ प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ६१ अर्ब ५१ करोड रहको थियो । गत आर्थिक वर्षको तुलनामा ७.९ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०७३/७४ मा प्रचलित मूल्यमा कुल उपभोग खर्च रु. २३ खर्ब ३२ अर्ब ७४ करोड रहने अनुमान छ । पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अनुपात औसत ८९.८६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अनुपात ९०.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा कमी आई ८६.०३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुपात पछिल्लो दश वर्षकै उच्च भई ९६.१८ प्रतिशत पुगेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा ८९.७ प्रतिशत रहने अनुमान छ।

१.३४ आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको उपभोगको अंश ७८.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा ७६.२ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षमा भने यो अंश ८२.८ प्रतिशत रहेको थियो । यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा सरकारी उपभोगको अंश आर्थिक वर्ष २०७१/७२ मा ११.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७२/७३ मा सोही हाराहारीमा ११.७ प्रतिशत रहने अनुमान छ ।

**चार्ट १ (ङ) : कुल उपभोग संरचना**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

१.३५ चालु आर्थिक वर्ष २०७३/७४ मा कुल उपभोग मध्ये निजी क्षेत्रको उपभोग अंश ८४.९ प्रतिशत रहेको छ भने गत आर्थिक वर्ष २०७२/७३ मा ८६.१ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा कुल उपभोग मध्ये सरकारी उपभोग अंश १३.१ प्रतिशत र गैर नाफामूलक संस्थाको उपभोग अंश २.० प्रतिशत रहेको छ ।

१.३६ कुल निजी उपभोग मध्ये गैर खाद्यवस्तु र सेवातर्फको अंश भन्दा खाद्यान्न उपभोगको अंश दुई तिहाइको हाराहारीमा रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल निजी उपभोगमा खाद्यवस्तु, गैर खाद्यवस्तु र सेवाको अंश क्रमशः ६५.० प्रतिशत, २५.१ प्रतिशत र ९.९ प्रतिशत रहेको छ। पछिल्लो समयमा खानपानमा आएको परिवर्तन तथा खाद्यवस्तुको मूल्य वृद्धिका कारण गैर खाद्यवस्तु र सेवाको तुलनामा खाद्यान्न तर्फको खर्च वृद्धि हुँदै गएको छ । दश वर्ष पहिले खाद्यवस्तु, गैर खाद्यवस्तु र सेवातर्फको उपभोग खर्च क्रमशः ६० प्रतिशत, २८ प्रतिशत र १२ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा प्रचलित मूल्यमा घरपरिवार तर्फको उपभोग खर्च गत वर्षको तुलनामा कमी आई ८१.४ प्रतिशत रहेको छ ।

## चार्ट १ (च) : निजी उपभोगको संरचना




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## लगानी

१.३७ आर्थिक वर्ष २०७१/७२ मा रु. ८ खर्ब ३१ अर्ब ९८ करोडको कुल पुँजी निर्माण खर्च भएकोमा आर्थिक वर्ष २०७२/७३ मा ८.९ प्रतिशतले घट्न गई रु. ७ खर्ब ५७ अर्ब ६८ करोड रहको थियो । चालु आर्थिक वर्ष २०७३/७४ मा अघिल्लो वर्षको तुलनामा ४५.८ प्रतिशतले बढ्न गई रु. ११ खर्ब ४ अर्ब ९६ करोड रहने अनुमान छ । आर्थिक वर्ष २०७२/७३ को कुल गार्हस्थ्य उत्पादनमा कुल पुँजी निर्माणको अंश ३३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अंश ४२.५ प्रतिशत रहने अनुमान छ ।

## चार्ट १ (छ) : कुल स्थिर पुँजी निर्माण संरचना




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

१.३८ आर्थिक वर्ष २०७२/७३ मा प्रचलित मूल्यमा कुल स्थिर पुँजी निर्माण खर्च रु. ६ खर्ब ४७ अर्ब २९ करोड रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा ३५.७ प्रतिशतले बढ्न गई रु. ८ खर्ब ७८ अर्ब ६० करोड रहने अनुमान छ । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पुँजी निर्माणको अंश ३३.८ प्रतिशत रहने अनुमान छ भने गत वर्ष यस्तो अंश २८.८ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्ष २०७३/७४ मा कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७८.५ प्रतिशत र सरकारी क्षेत्रको योगदान २१.५ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ७५.२ प्रतिशत र २४.८ प्रतिशत रहेको थियो ।

**बचत**

१.३९ कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अंश र कुल राष्ट्रिय बचतको अनुपात दुवैको अंश चालु आर्थिक वर्ष २०७३/७४ मा वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अंश ३.८२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा बढेर १०.२५ प्रतिशत रहने अनुमान छ । चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात ४३.७८ प्रतिशत रहने अनुमान छ भने गत आर्थिक वर्ष यस्तो अनुपात ३९.९६ प्रतिशत रहेको थियो। पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत अनुपात औसत १०.१ प्रतिशत र कुल राष्ट्रिय बचत अनुपात औसत ३९.६ प्रतिशत रहेको छ ।

**चार्ट १ (ज) : कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत अनुपात**



स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

### प्रति व्यक्ति आय

१.४० आर्थिक वर्ष २०७३/७४ मा प्रचलित मूल्यमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन रु. ९० हजार ५ सय २१ रहेको छ । गत आर्थिक वर्ष २०७२/७३ मा यस्तो प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन रु. ७९ हजार ३ सय २५ रहेको थियो । गत आर्थिक वर्ष ४.१ प्रतिशतले बढेको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा १४.१ प्रतिशतले बढेको छ । त्यसैगरी, गत आर्थिक वर्षमा रु. २७ हजार ८९ रहेको स्थिर मूल्यमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्ष २०७३/७४ मा ६.१ प्रतिशतले बढी रु. २८ हजार ७ सय ३३ रहने अनुमान छ । अघिल्लो आर्थिक वर्षमा स्थिर मूल्यमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनमा ०.९ प्रतिशतले ह्रास आएको थियो ।

**चार्ट १ (झ) : प्रतिव्यक्ति आय**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

१.४१ आर्थिक वर्ष २०७३/७४ मा यथार्थ प्रति व्यक्ति कुल खर्च योग्य आम्दानी गत वर्षको तुलनामा ३.६ प्रतिशतले वृद्धि भई रु. ३९ हजार १ सय ४२ पुगेको छ । अघिल्लो आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर ७ सय ४६ रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा बढेर अमेरिकी डलर ८ सय ५३ पुगेको छ । त्यसैगरी, अघिल्लो आर्थिक वर्ष अमेरिकी डलर ७ सय ५७ रहेको प्रति व्यक्ति कुल राष्ट्रिय आय आर्थिक वर्ष २०७३/७४ मा अमेरिकी डलर ८ सय ६२ रहेको छ । चालु आर्थिक वर्षको उच्च आर्थिक वृद्धिका कारण अमेरिकी डलरमा प्रति व्यक्ति आय बढेको हो ।

**चार्ट १ (ञ) : प्रतिव्यक्ति आय**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## चुनौतीहरू

१.४२ उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि मार्फत गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरताको अन्त्य गरी दिगो विकासका लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय मुलुकको स्तरमा पुग्ने कार्य चुनौतीपूर्ण छ।

१.४३ सबल एवं दिगो आर्थिक वृद्धिको लागि उत्पादनका साधनहरूको समुचित प्रयोग तथा व्यवस्थापन र उक्त साधनहरूको वितरण एवं पुनः वितरण प्रणालीको व्याख्यासहित आर्थिक नीति तर्जूमा एव कार्यान्वयनबाट संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र विकासको कार्य चुनौतीपूर्ण छ।

१.४४ गरिबी, असमानता, बेरोजगारी, कमजोर पूर्वाधार एवं आन्तरिक उत्पादन, न्यून गार्हस्थ्य बचत तथा लगानी, कमजोर लगानीमैत्री वातावरण, अनौपचारिक आर्थिक क्षेत्र, न्यून पुँजीगत खर्च, उच्च व्यापार घाटा, प्रतिभा पलायन र विप्रेषणमूखी अर्थतन्त्र लगायतका आर्थिक मुद्दालाई सम्बोधन गरी आर्थिक समृद्धि हासिल गर्नु चुनौतीपूर्ण छ ।

१.४५ संघीय शासन प्रणाली अनुरूप संघ, प्रदेश र स्थानीय तहमा लगानीका स्रोत र साधनको उपलब्धता र सुनिश्चितता, समन्यायिक बाँडफाँड र स्रोत साधनको परिचालनका आधार निर्माण गरी आर्थिक विकाससहितको समष्टीगत आर्थिक स्थायित्व कायम गर्न चुनौतीपूर्ण छ।

१.४६ आर्थिक वृद्धिका संवाहक क्षेत्रहरू कृषि, पर्यटन, जलविद्युत र पूर्वाधारमा लगानी केन्द्रित गरी उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्नु चुनौतीपूर्ण रहेको छ ।

१.४७ उपलब्ध प्राकृतिक स्रोत साधनको अधिकत्तम परिचालन तथा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत आन्तरिक तथा विदेशी पुँजी परिचालनबाट आर्थिक वृद्धि, रोजगारी सिर्जना, दिगो विकास लक्ष्य हासिल गरी आर्थिक समृद्धि सहित शोषणरहित समाजको निर्माण कार्य चुनौतीपूर्ण छ ।

१.४८ उन्नत बिउ, मल, सिँचाइ, कृषि कर्जा, प्रविधि तथा उपकरणहरू र दक्ष जनशक्ति जस्ता कृषिका साधन स्रोतको पर्याप्त व्यवस्था मिलाई उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिको आधुनिकीकरण र व्यवसायिकीकरण कार्य चुनौतीपूर्ण छ ।

१.४९ जलवायु परिवर्तन एवं प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गरी वातावरण अनुकूलित विकास निर्माण कार्य चुनौतीपूर्ण छ ।

# २. सार्वजनिक वित्त

सार्वजनिक वित्तले अर्थतन्त्रमा सरकारको भूमिका एवं उपस्थितिलाई परिभाषित गर्छ । निरन्तर बढिरहने सार्वजनिक खर्चलाई धान्न सरकारले गर्ने साधनस्रोतको परिचालन नै सार्वजनिक वित्त हो । मुलतः राजस्व, सरकारी खर्च, सार्वजनिक ऋण तथा वैदेशिक अनुदान जस्ता वित्तीय औजारहरुको प्रभावकारी परिचालन तथा उपयोग मार्फत सरकारले आर्थिक वृद्धि, रोजगारी सिर्जना, समन्यायिक वितरण र आर्थिक स्थिरता कायम गर्ने वृहत्तर आर्थिक उद्धेश्य लिएको हुन्छ । सरकारी खर्चसँगै सरकारी राजस्व पनि हरेक वर्ष बढिरहेको छ । कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात निरन्तर बढेको भएता पनि कुल राजस्व संकलनमा वैदेशिक व्यापारमा आधारित राजस्वको योगदान करिब ५० प्रतिशत रहेको छ । सार्वजनिक ऋणलाई उत्पादनशिल क्षेत्रमा प्रयोग गर्न पर्याप्त वित्तीय दायरा (Fiscal Space) भएता पनि सार्वजनिक ऋणको अपेक्षित उपयोग हुन सकेको छैन । परिवर्तित सन्दर्भमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहका आर्थिक स्रोतहरुको उचित एवं महत्तम बाँडफाँड गरी दिगो एवं समावेशी आर्थिक विकास हासिल गर्नुपर्नेछ । दिगो आर्थिक वृद्धि र समन्यायिक वितरण मार्फत विकास र समानता हासिल गर्ने दिशामा आर्थिक वृद्धि र समता बीच सन्तुलन कायम गर्नुपर्नेछ। पछिल्ला केही वर्षहरुदेखि नै पुँजीगत खर्च गर्ने क्षमतामा ह्रास आएको भएतापनि चालु आर्थिक वर्षमा यसमा सुधारको संकेत देखिएको छ । सरकारको कोषमा भएको रकम खर्च नहुँदा पूँजी निर्माणको गतिमा कमी आउने र आर्थिक गतिविधिहरुमा शीथिलता आई अर्थतन्त्र विस्तार हुन सक्दैन । तसर्थ, सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गरी आर्थिक विकासमा सरकारको भूमिकालाई दिगो र परिपूरक रुपमा स्थापित गर्नु आवश्यक छ ।

## सार्वजनिक वित्त तथा यसको स्वरूप

२.१ आर्थिक वर्ष २०७२/७३ मा सरकारी आय (राजस्व र अनुदान) आर्थिक वर्ष २०७१/७२ को तुलनामा १५.५ प्रतिशतले वृद्धि भै रु. ५ खर्ब १७ अर्ब ७२ करोड थियो । आर्थिक वर्ष २०७१/७२ मा सरकारी आय आर्थिक वर्ष २०७०/७१ को तुलनामा १३.१ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ४८ अर्ब ३३ करोड रहेको थियो ।

२.२ आर्थिक वर्ष २०७१/७२ मा बजेट रु. २० अर्ब ८ करोडले बचतमा रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा १५.४ प्रतिशतले वृद्धि भई यस्तो बचत २३ अर्ब १७ करोडमा पुग्यो। आर्थिक वर्ष २०७०/७१ मा यस्तो घाटा रु. २६ अर्ब ९ करोड रहेको थियो ।

तालिका २ (क) : सार्वजनिक वित्त र कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (रु. करोडमा)

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन | १५२७३४.४ | १६९५०१.१ | १९६४५४.० | २१३०१५.० | २२४७४२.२ |
| कुल सरकारी खर्च | ३३९१६.७ | ३५८६३.८ | ४३५०५.२ | ५३१५५.८ | ६०१०१.६ |
| सरकारी आय | २८७७९.७ | ३३३१७.२ | ३९६३१.५ | ४४८३३.१ | ५१७७१.७ |
| बजेट बचत (+)न्यून(-) | -७०५.४ | ३१११.८ | २६०८.९ | २००८. | २३१६.८ |
| **कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशतमा)** | | | | | |
| कुल सरकारी खर्च | २२.२ | २१.२ | २२.१ | २५.० | २६.७ |
| सरकारी आय | १८.८ | १९.७ | २०.२ | २१.१ | २३.० |
| बजेट बचत (+)न्यून(-) | -०.५ | १.८ | १.३ | ०.९ | १.०३ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।

२.३ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारी खर्च २६.७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा यस्तो अनुपात २५.० प्रतिशत थियो। आर्थिक वर्ष २०७०/७१ मा सरकारी खर्चको अनुपात कुल गार्हस्थ्य उत्पादनको तुलनामा २२.१ प्रतिशत थियो ।

चार्ट २ (क) : कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।

२.४ आर्थिक वर्ष २०६८/६९ मा बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ०.५ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा बजेट निरन्तर बचतमा रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा बजेट बचत ०.९ प्रतिशत रहेको

थियो । त्यसैगरी, आर्थिक वर्ष २०७२/७३ मा सो अनुपात अघिल्लो वर्षको तुलनामा ०.४ प्रतिशत विन्दुले बढेर १.०३ प्रतिशत पुगेको छ ।

२.५ संघीयतामा तीन तहका सरकारको संरचना व्यवस्थापनमा ठूलो स्रोतको आवश्यक पर्ने र पुनर्निर्माण तथा नवनिर्माणको लागि पनि पर्याप्त स्रोतको परिचालन गर्नुपर्ने हुँदा आगामी वर्षमा बजेट घाटा थप वृद्धि हुन सक्ने देखिन्छ ।




स्रोतः महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।
पुनश्चः जनसंख्याको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागको प्रक्षेपण(मध्यम स्तर) लाई आधार बनाइएको ।

२.६ प्रतिव्यक्ति राजस्व र प्रतिव्यक्ति सरकारी खर्च वर्षेनी वढ्दै गइरहेको छ । आर्थिक वर्ष २०७२/७३ मा प्रतिव्यक्ति राजस्व आर्थिक वर्ष २०७१/७२ को तुलनामा १७.१ प्रतिशतले वृद्धि भै रु. १६ हजार ९ सय ५२ पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा प्रतिव्यक्ति राजस्व रु. १४ हजार ४ सय ७६ रहेको थियो । आर्थिक वर्ष २०६८/६९ मा प्रतिव्यक्ति राजस्व रु. ९ हजार ९४ रहेकोमा आर्थिक वर्ष २०६९/७० मा बढेर रु. १० हजार ८ सय ६० पुगेको थियो । आर्थिक वर्ष २०७०/७१ मा प्रतिव्यक्ति राजस्व रु. १२ हजार ९ सय रहेको थियो ।

२.७ आर्थिक वर्ष २०७२/७३ मा प्रतिव्यक्ति सरकारी खर्च आर्थिक वर्ष २०७१/७२ को तुलनामा ११.५ प्रतिशतले वृद्धि भै रु. २१ हजार १ सय ३९ पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा प्रतिव्यक्ति सरकारी खर्च रु. १८ हजार ९ सय ५९ रहेको थियो ।

आर्थिक वर्ष २०६८/६९ मा प्रतिव्यक्ति सरकारी खर्च रु. १२ हजार ६ सय २१ रहेकोमा आर्थिक वर्ष २०६९/७० मा बढेर रु. १३ हजार १ सय ५८ पुगेको थियो।

## सरकारी खर्च

२.८ कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्चको अनुपात विगत पाँच वर्षको औसत २३.४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्चको अनुपात २५.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो अनुपात बढेर २६.७ प्रतिशत पुगेको छ ।




स्रोतः महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।

२.९ विगत पाँच वर्षमा कुल गार्हस्थ्य उत्पादनमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात औसतमा क्रमशः १५.६९ प्रतिशत, ३.९३ प्रतिशत र ३.८३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादनमा पुँजीगत खर्चको अनुपात ३.३६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो अनुपात ५.४८ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा यस्तो अनुपात ४.१७ प्रतिशत थियो ।

२.१० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल खर्च रु. ४ खर्ब १६ करोड पुगेको छ । समीक्षा अवधिको कुल यथार्थ सरकारी खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अंश क्रमशः ७३.३२ प्रतिशत, १६.९५ प्रतिशत र ९.७३ प्रतिशत छ।

### तालिका २ (ख): सरकारी खर्चको विवरण (रकम रु. करोडमा)

| खर्च विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
| चालु खर्च | २४३४६.० | २४७४५.५ | ३०३५३.२ | ३३९४०.८ | ३७१२९.७ | २९३४१.८ |
| पुँजीगत खर्च | ५१३९.१ | ५४५९.८ | ६६६९.५ | ८८८४.४ | १२३२५.१ | ६७८२.६ |
| सेयर लगानी | १२०९.४ | ८९०.२ | ९४५.१ | १०५१.० | १२७२.८ | ४२४.७ |
| आन्तरिक ऋण लगानी | १२०६.४ | १२५५.२ | १३४९.८ | २८३३.९ | २४७९.० | ६८९.५ |
| आन्तरिक ऋणको साँवा फिर्ता | ६६२.७ | २०९४.० | २५१५.२ | ४७४३.० | ५०३३.५ | १७९७.५ |
| वैदेशिक ऋणको साँवा फिर्ता | १३५३.२ | १४१९.० | १६७२.५ | १७०२.८ | १८६१.४७ | ९८०.३ |
| जम्मा खर्च | ३३९१६.७ | ३५८६३.८ | ४३५०५.२ | ५३१५५.८ | ६०१०१.६ | ४००१६.३ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

* प्रथम आठ महिनाको ।

२.११ आर्थिक वर्ष २०७२/७३ मा कुल यथार्थ खर्च रु. ६ खर्ब १ अर्ब १ करोड मध्ये चालु खर्च ६१.८ प्रतिशत, पुँजीगत खर्च २०.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १७.७ प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा सो खर्च क्रमशः ६३.९ प्रतिशत, १६.७ प्रतिशत र १९.४ प्रतिशत थियो । आर्थिक वर्ष २०६९/७० र आर्थिक वर्ष २०७०/७१ मा कुल सरकारी खर्चमा पुँजीगत खर्चको अनुपात क्रमशः १५.२ प्रतिशत र १५.३ प्रतिशत रहेको थियो ।



२.१२ विगत ५ वर्षको सरकारी खर्चको प्रवृत्तिलाई विश्लेषण गर्दा कुल यथार्थ सरकारी खर्चमा चालु खर्चको अनुपात क्रमशः घट्दै गईरहेको र आर्थिक वर्ष २०७०/७१ देखि कुल यथार्थ सरकारी खर्चमा पुँजीगत खर्चको अनुपात बढेको छ ।

२.१३ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा नेपाल सरकारले सार्वजनिक संस्थानहरू र विभिन्न आयोजनामा गरी रु. ११ अर्ब १४ करोड बराबरको सेयर तथा ऋण लगानी गरेको छ । गत वर्षको सोही अवधिमा यस्तो लगानी रु. ११ अर्ब थियो । आर्थिक वर्ष २०७२/७३ मा सरकारले सेयर लगानी रु. १२ अर्ब ७२ करोड र ऋण लगानी २४ अर्ब ७९ करोड गरी कुल रु. ३७ अर्ब ५२ करोड बराबरको सेयर तथा ऋण लगानी गरेको थियो ।

२.१४ आर्थिक वर्ष २०६८/६९ मा कुल खर्चमा सेयर तथा ऋण लगानीको अनुपात ७.१२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७०/७१ र आर्थिक वर्ष २०७१/७२ मा यस्तो अनुपात क्रमशः ५.२७ प्रतिशत र ७.३० प्रतिशत थियो । आर्थिक वर्ष २०७२/७३ मा भने यस्तो अनुपात ६.२४ प्रतिशत थियो ।

२.१५ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक एवं बाह्य ऋणको सावाँ फिर्ता रु. ३८ अर्ब ९१ करोड भएको छ । कुल सरकारी खर्चमा आन्तरिक एवं बाह्य ऋणको सावाँ फिर्ताको अनुपात ६.९४ प्रतिशत रहेको छ ।

२.१६ आर्थिक वर्ष २०७२/७३ मा आन्तरिक एवं बाह्य ऋणको सावाँ फिर्ता आर्थिक वर्ष २०७१/७२ को तुलनामा ७.० प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ९५ करोड पुगेको थियो। सोही अवधिमा कुल सरकारी खर्चमा आन्तरिक एवं बाह्य ऋणको सावाँ फिर्ताको अनुपात ११.४७ प्रतिशत थियो ।

## चालु खर्चको सेवा तथा कार्यगत खर्चको स्थिति

२.१७ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा सबै सेवा तथा कार्यगत शीर्षकमा चालु खर्च गत वर्षको सोही अवधिको तुलनामा ४८.२० प्रतिशतले वृद्धि भई रु. २ खर्ब ९३ अर्ब ४२ करोड रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो खर्च अघिल्लो वर्षको तुलनामा ७.४७ प्रतिशतले घटेर रु. १ खर्ब ९७ अर्ब ९९ करोड रहेको थियो । चालु आर्थिक वर्षमा कर्मचारीको तलब तथा सामाजिक सुरक्षा भत्तामा भएको वृद्धिको कारण चालु खर्चमा उल्लेख्य वृद्धि भएको छ ।

२.१८ आर्थिक वर्ष २०७२/७३ मा चालु खर्च अघिल्लो वर्षको तुलनामा ९.४ प्रतिशतले बढेर रु. ३ खर्ब ७१ अर्ब ३० करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा चालु खर्च ११.८२ प्रतिशतले बढेको थियो ।

२.१९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको यथार्थ चालु खर्च रु. २ खर्ब ९३ अर्ब ४२ करोडमा सामान्य सार्वजनिक सेवामा २५.८० प्रतिशत अर्थात ७५ अर्ब ६९ करोड खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस शीर्षकमा २५.१९ प्रतिशत खर्च भएको थियो । गत वर्षको आठ महिनाको तुलनामा समीक्षा अवधिमा सबै खर्च शीर्षकमा बढी खर्च भएको छ ।

**तालिका २ (ग): चालु खर्चको सेवा तथा कार्यगत विवरण (रु. करोडमा)**

| खर्च शीर्षक | आर्थिक वर्ष | | | | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| सामान्य सार्वजनिक सेवा | ६०५२.४ | ६२६८.६ | ९९७८.६ | ९४१६.२ | ४९८७.२ | ७५६९.१ |
| रक्षा | १८४७.७ | २५७७.८ | २८०७.३ | २९१६.५ | १८९६.२ | २२३४.० |
| सार्वजनिक शान्ति सुरक्षा | ३४८३.२ | ३९८५.४ | ३००४.२ | ३०३३.२ | १९०७.६ | २३३६.२ |
| आर्थिक मामिला | ३५९६.५ | ५०६८.१ | ५२६०.६ | ६७६५.६ | २६५६.६ | ५६९६.३ |
| वातावरण संरक्षण | २९.२ | १५२.१ | २८१.५ | २५०.५ | १२०.९ | १५०.८ |
| आवास तथा सामुदायिक सुविधा | २३०.७ | ६०४.६ | २३८.९ | ३१२.५ | १५५.७ | २१६.९ |
| स्वास्थ्य | १८९१.८ | २३३६.२ | २६१८.८ | ३०४३.४ | १४२०.३ | १९०१.३ |
| मनोरन्जन, सँस्कृति तथा धर्म | २२५.६ | ३६०.६ | २९८.७ | ३५५.८ | १८२.२ | २३०.९ |
| शिक्षा | ६२२९.१ | ७७६९.९ | ७९७४.५ | ९०४५.६ | ५३४५.९ | ६४६२.३ |
| सामाजिक सुरक्षा | ११५९.५ | १२२९.८ | १४७७.६ | १९९०.५ | ११२५.९ | २५४४.१ |
| जम्मा | २४७४५.५ | ३०३५३.२ | ३३९४०.८ | ३७१२९.७ | १९७९८.५ | २९३४१.८ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

२.२० चालु आर्थिक वर्षको प्रथम आठ महिनाको कुल यथार्थ चालु खर्चको अनुपातमा सामान्य सार्वजनिक सेवा पछि बढी खर्च शिक्षामा भएको छ । समीक्षा अवधिमा शिक्षामा २२.०२ प्रतिशत, आर्थिक मामिलामा १९.४१ प्रतिशत र सामाजिक सुरक्षामा ८.६७ प्रतिशत खर्च भएको छ । त्यसैगरी, सार्वजनिक शान्ति सुरक्षा, रक्षा र स्वास्थ्यमा क्रमशः ७.९६ प्रतिशत, ७.६१ प्रतिशत र ६.४८ प्रतिशतको अनुपातमा खर्च भएको छ । मनोरञ्जन, सँस्कृति तथा धर्म, आवास तथा सामुदायिक सुविधा र वातावरण संरक्षण शीर्षकमा चालु खर्चको अनुपातमा १ प्रतिशत भन्दा कम खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कुल चालु खर्चको अनुपातमा सबै भन्दा बढी शिक्षामा २७ प्रतिशत र सबैभन्दा कम वातावरण संरक्षणमा ०.६१ प्रतिशत खर्च भएको थियो ।

२.२१ आर्थिक वर्ष २०७२/७३ को कुल यथार्थ चालु खर्चमा सबै भन्दा बढी अंश सामान्य सार्वजनिक सेवामा २५.३६ प्रतिशत रहेको थियो । त्यसपछि शिक्षा २४.३६ प्रतिशत, आर्थिक मामिला १८.२२ प्रतिशत र स्वास्थ्य ८.२० प्रतिशत थियो । मनोरञ्जन, सँस्कृति तथा धर्म, आवास तथा सामुदायिक सुविधा र वातावरण संरक्षणको अंश १ प्रतिशत भन्दा कम रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा पनि चालु खर्चमा बढी हिस्सा क्रमशः सामान्य सार्वजनिक सेवा, शिक्षा र आर्थिक मामिलाको रहेको थियो ।

## पुँजीगत खर्चको सेवा तथा कार्यगत खर्चको स्थिति

२.२२ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल यथार्थ पुँजीगत खर्चको सेवा तथा कार्यगत खर्च गत वर्षको सोही अवधिको तुलनामा १४८.६ प्रतिशतले वृद्धि भई रू ६७ अर्ब ८३ करोड रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो खर्च अघिल्लो वर्षको तुलनामा ६७.९१ प्रतिशतले ह्रास आई रु.२७ अर्ब २८ करोडमा झरेको थियो । गत आर्थिक वर्षको न्यून पुँजीगत खर्चको आधारको प्रभाव, भूकम्प पछिको पुनर्निर्माणले गति लिएको र चालु आर्थिक वर्षमा राष्ट्रिय गौरवका आयोजनाको निर्माणका कारण पनि पुँजीगत खर्चको वृद्धि उल्लेख्य रहेको छ ।

**तालिका २ (घ) : पुँजीगत खर्चको सेवा तथा कार्यगत विवरण (रु. करोडमा)**

| खर्च शीर्षक | आर्थिक वर्ष | | | | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| सामान्य सार्वजनिक सेवा | २०९.६ | ४६८४.६ | ३१३.१ | ४००.८ | १०२.२ | १४७.८ |
| रक्षा | २४२.२ | ६५८.८ | ४५३.४ | ४१८.५ | ६०.७ | १०९.६ |
| सार्वजनिक शान्ति सुरक्षा | २९३.१ | ५११.४ | ३९२.७ | ४४६.२ | ११०.१ | १६२.३ |
| आर्थिक मामिला | ३६२९.१ | ५९८६.८ | ५८७७.४ | ८६४३.३ | १९४०.९ | ५१८७.५ |
| वातावरण संरक्षण | ३२.९ | १०५.१ | १६०.५ | १७८.९ | ३१.५ | ६८.७ |
| आवास तथा सामुदायिक सुविधा | ७०८.५ | ८२२.८ | १२९२.५ | १७९४.२ | ३६३.० | ८८७.१ |
| स्वास्थ्य | २९५.३ | ३१५.६ | ३२८.० | ३५७.६ | ९३.७ | १८३.६ |
| मनोरन्जन, सँस्कृति तथा धर्म | १५.६ | ३०.६ | ३६.४ | ४१.१ | १३.५ | १२.८ |
| शिक्षा | १३.९ | १२.६ | ९.६ | २३.३ | ३.१ | ५.३ |
| सामाजिक सुरक्षा | १९.५ | २३.७ | २०.८ | २१.३ | ९.९ | १७.७ |
| जम्मा | ५४५९.८ | १३१५२.१ | ८८८४.३ | १२३२५.२ | २७२८.४ | ६७८२.५ |

स्रोतः महालेखा नियन्त्रकको कार्यालय ।

२.२३ आर्थिक वर्ष २०७२/७३ मा सबै सेवा तथा कार्यगत शीर्षकमा पूँजीगत खर्च आर्थिक वर्ष २०७१/७२ को तुलनामा ३८.७३ प्रतिशतले बढेर रु. १ खर्ब २३ अर्ब २५ करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा यस्तो खर्चमा ३२.४५ प्रतिशतले ह्रास आएको थियो ।

२.२४ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको कुल यथार्थ पुँजीगत खर्च रु. ६७ अर्ब ८३ करोडमा आर्थिक मामिला शीर्षकमा सर्वाधिक ७६.४८ प्रतिशत अर्थात ५१ अर्ब ८८ करोड खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस शीर्षकमा ७१.१४ प्रतिशत खर्च भएको थियो । गत वर्षको आठ महिनाको तुलनामा चालु वर्षको सोही अवधिमा मनोरन्जन, सँस्कृति तथा धर्म शीर्षक बाहेक सबै खर्च शीर्षकमा बढी खर्च भएको छ ।

२.२५ चालु आर्थिक वर्षको प्रथम आठ महिनाको कुल पुँजीगत खर्चको अनुपातमा आर्थिक मामिला पछि बढी खर्च आवास तथा सामुदायिक सुविधामा भएको छ । यस अवधिमा सामान्य सार्वजनिक सेवामा २.१८ प्रतिशत, आवास तथा सामुदायिक सुविधामा १३.१ प्रतिशत, स्वास्थ्यमा २.७१ प्रतिशत, सार्वजनिक शान्ति सुरक्षा २.३९ प्रतिशत र रक्षामा १.६२ प्रतिशत खर्च भएको छ । वातावरण संरक्षण, मनोरञ्जन, संस्कृति तथा धर्म, सामाजिक सुरक्षा र शिक्षामा कुल पुँजीगत खर्चको अनुपातमा १ प्रतिशत वा सो भन्दा कम खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कुल पुँजीगत खर्चमा सबैभन्दा बढी अनुपात आर्थिक मामिलामा ७१.१४ प्रतिशत र सबैभन्दा कम शिक्षामा ०.११ प्रतिशत रहेको थियो ।

२.२६ आर्थिक वर्ष २०७२/७३ को कुल यथार्थ पुँजीगत खर्चमा सबैभन्दा बढी हिस्सा आर्थिक मामिलामा ७०.१३ प्रतिशत रहेको थियो । त्यसैगरी, सामान्य सार्वजनिक सेवा ३.२५ प्रतिशत, आवास तथा सामुदायिक सुविधा १४.५६ प्रतिशत, वातावरण संरक्षण १.४५ प्रतिशत, रक्षा ३.४ प्रतिशत, सार्वजनिक शान्ति सुरक्षा ३.६२ प्रतिशत र स्वास्थ्य २.९ प्रतिशत थियो । मनोरञ्जन, सँस्कृति तथा धर्म, शिक्षा र सामाजिक सुरक्षाको हिस्सा १ प्रतिशत भन्दा न्यून रहेको थियो ।

## सरकारी आय

२.२७ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा सरकारी आय रु. ३ खर्ब ६६ अर्ब ७० करोड परिचालन भएको छ । चालु आर्थिक वर्षको कुल सरकारी आयमा राजस्व, वैदेशिक अनुदान र ऋणको सावाँ फिर्ताको अनुपात क्रमशः ९६.५१ प्रतिशत, २.८१ प्रतिशत र ०.००३ प्रतिशत रहेको छ । साथै बेरुजु असुलीको अनुपात सरकारी आयमा ०.६८ प्रतिशत रहेको छ ।

**तालिका २ (ङ): सरकारी आयको विवरण (रु. करोडमा)**

| खर्च शीर्षक | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| कर राजस्व | २५९२१.५ | ३१२४४.१ | ३५५९५.६ | ४२१०९.७ | ३२९७५.९ |
| गैह्रकर राजस्व | ३६८०.६ | ४४१८.० | ४९९१.१ | ६०८६.५ | २४१५.२ |
| कुल राजस्व | २९६०२.१ | ३५६६२.१ | ४०५८६.६ | ४८१९६.२ | ३५३९१.१ |
| वैदेशिक अनुदान# | ३५२३.० | ३३९६.० | ३६३७.४ | ३२४७.८ | १०२९.८ |
| ऋणको सावाँ फिर्ता | ७५.५ | ५७.० | २०८.२ | १३६९.४ | १.१ |
| बेरूजु असुली | १९२.१ | ५७३.४ | ६०९.० | ३२७.७ | २४७.८ |
| जम्मा आय | ३३३९२.७ | ३९६८८.५ | ४५०४१.३ | ५३१४१.१ | ३६६६९.८ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

*प्रथम आठ महिनाको ।

#आर्थिक वर्ष २०७३/७४को वैदेशिक अनुदान नेपाल राष्ट्र बैंकको कोष विवरण अनुसार ।

२.२८ आर्थिक वर्ष २०७२/७३ मा सरकारी आय अघिल्लो वर्षको तुलनामा १७.९८ प्रतिशतले वृद्धि भई ५ खर्ब ३१ अर्ब ४१ करोड रहेको थियो । सो वर्ष कुल सरकारी आयमा राजस्व परिचालन, वैदेशिक अनुदान र ऋणको साँवा फिर्ताको अनुपात क्रमशः ९०.६९ प्रतिशत, ६.११ प्रतिशत र २.५८ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा रु. ३ अर्ब २८ करोड बेरूजु असुली भई कुल सरकारी आयमा ०.६२ प्रतिशत योगदान पुगेको थियो ।



२.२९ कुल सरकारी आयमा राजस्वको योगदान करिब ९० प्रतिशत रहँदै आएको छ । तर सरकारी आयमा वैदेशिक अनुदानको योगदान आर्थिक वर्ष २०६९/७० बाट क्रमशः घट्दै आएको छ । ऋणको सावाँ फिर्ता तथा बेरुजु असुलीको योगदान न्यून रहेको छ ।

२.३० आर्थिक वर्ष २०७२/७३ मा कुल सरकारी खर्चमा करिब ८८.४ प्रतिशत योगदान सरकारी आयको रहेको थियो । आर्थिक वर्ष २०७०/७१ र आर्थिक वर्ष २०७१/७२ मा यस्तो योगदान क्रमशः ९१.२ प्रतिशत र ८४.७ प्रतिशत रहेको थियो ।

२.३१ आर्थिक वर्ष २०७१/७२ को कुल सरकारी खर्चमा वैदेशिक अनुदानको योगदान ६.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो योगदान ५.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६९/७० देखि कुल सरकारी खर्चमा वैदेशिक अनुदानको योगदान क्रमशः घट्दै गइरहेको छ । आर्थिक वर्ष २०७२/७३ मा करिब रु. ३२ अर्ब ४८ करोड वैदेशिक अनुदान परिचालन भएको थियो ।

**तालिका २ (च): कुल सरकारी खर्चमा सरकारी आय, अनुदान र ऋणको अनुपात (रु. करोडमा)**

| विवरण | २०६९/७० | | २०७०/७१ | | २०७१/७२ | | २०७२/७३ | |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कुल सरकारी खर्च | ३५८६३.८ | | ४३५०५.२ | | ५३१५५.८ | | ६०१०१.६ | |
| कुल सरकारी आय | ३३३९२.७ | ९३.१ | ३९६८८.५ | ९१.२ | ४५०४१.३ | ८४.७ | ५३१४१.१ | ८८.४ |
| कुल राजस्व | २९६०२.१ | ८२.५ | ३५६६२.१ | ८२.० | ४०५८६.६ | ७६.४ | ४८१९६.२ | ८०.२ |
| वैदेशिक अनुदान | ३३९६.० | ९.५ | ३६३७.४ | ८.४ | ३२४७.८ | ६.१ | ३२४७.८ | ५.४ |
| आन्तरिक ऋण | १९०४.३ | ५.३ | १९९८.३ | ४.६ | ४२३६.८ | ८.० | ८७७७.५ | १४.६ |
| वैदेशिक ऋण | ११९६.९ | ३.३ | १७९९.९ | ४.१ | २५६१.६ | ४.८ | ३३२२.८ | ५.५ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

२.३२ आर्थिक वर्ष २०६९/७० र आर्थिक वर्ष २०७०/७१ मा कुल सरकारी खर्चमा आन्तरिक ऋणको योगदान क्रमशः ५.३ प्रतिशत र ४.६ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा आन्तरिक ऋणको योगदानमा उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष २०७१/७२ मा कुल सरकारी खर्चमा आन्तरिक ऋणको योगदान ८.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा १४.६ प्रतिशत पुगेको छ ।




२.३३ विगत पाँच वर्षमा कुल सरकारी खर्चमा राजस्वको अनुपातमा उतारचढाव देखिएको छ । आर्थिक वर्ष २०६८/६९ देखि सरकारी खर्चमा वैदेशिक अनुदानको अनुपात क्रमशः घट्दै आर्थिक वर्ष २०७२/७३ मा ५.४ प्रतिशतमा पुगेको छ । तर आर्थिक वर्ष २०७१/७२ देखि सरकारी खर्चमा कुल ऋण (आन्तरिक र वैदेशिक) को अनुपात बढ्दै गईरहेको छ । विनाशकारी भूकम्पपछिको पुनर्निर्माण तथा नवनिर्माणमा सरकारी खर्च केन्द्रित भएकोले ऋणको अनुपात बढेको छ ।

२.३४ आर्थिक वर्ष २०७१/७२ मा कुल सरकारी खर्चमा बाह्य ऋणको अनुपात ४.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो अनुपात ५.५ प्रतिशत पुग्यो । आर्थिक वर्ष २०७२/७३ को सरकारी खर्चमा कुल सार्वजनिक ऋणको अनुपात २०.१ प्रतिशत थियो।

## राजस्व परिचालन

२.३५ आर्थिक वर्ष २०३१/३२ मा कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात ६.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०४७/४८ मा सो अनुपात ८.९ प्रतिशत पुगेको थियो । आर्थिक वर्ष २०५७/५८ मा सो अनुपात ११.१ प्रतिशतमा रहेकोमा त्यसपछिका वर्षहरुमा कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात उल्लेखनीय रुपमा बढ्दै आर्थिक वर्ष २०७२/७३ मा २१.४५ प्रतिशतमा पुगेको थियो ।

#### चार्ट २ (छ) : कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात (प्रतिशतमा)




स्रोत: अर्थ मन्त्रालय

२.३६ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रु. ३ खर्ब २९ अर्ब ७६ करोड कर राजस्व र रु. २४ अर्ब १५ करोड गैह्रकर राजस्व गरी जम्मा रु. ३ खर्ब ५३ अर्ब ९१ करोड राजस्व परिचालन भएको छ । आर्थिक वर्ष २०७२/७३ को सोही अवधिमा कर राजस्व रु. २ खर्ब ५ अर्ब १९ करोड र गैह्रकर राजस्व रु. २५ अर्ब ८९ करोड गरी कुल राजस्व परिचालन रु. २ खर्ब ३१ अर्ब ८ करोड रहेको थियो । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल राजस्व परिचालन गत वर्षको सोही अवधिको १४.२९ प्रतिशत वृद्धिको तुलनामा ५३.१६ प्रतिशतले वृद्धि भएको छ ।

२.३७ आर्थिक वर्ष २०७२/७३ मा राजस्व परिचालन आर्थिक वर्ष २०७१/७२ को तुलनामा १८.७५ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ८१ अर्ब ९६ करोड रह्यो । आर्थिक वर्ष २०७१/७२ मा सो वृद्धिदर १३.८१ प्रतिशत रहेको थियो ।

२.३८ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल राजस्वमा कर राजस्व र गैह्रकर राजस्वको योगदान क्रमशः ९३.१८ प्रतिशत र ६.८२ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो योगदान क्रमशः ८८.८० प्रतिशत र ११.२० प्रतिशत रहेको थियो ।

२.३९ आर्थिक वर्ष २०७२/७३ मा कुल राजस्वमा कर राजस्व र गैह्रकर राजस्वको योगदान क्रमशः ८७.३७ प्रतिशत र १२.६३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा यस्तो योगदान क्रमशः ८७.७० प्रतिशत र १२.३० प्रतिशत रहेको थियो ।

**तालिका २ (छ): राजस्वको विवरण (रु. करोडमा)**

| राजस्व शीर्षक | आर्थिक वर्ष | | | | प्रथम आठ महिना | | |
|---|---|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर | ६४१८.६७ | ७५६१.३६ | ८६१६.५७ | ११४१३.८० | २४४४.६२ | ४९२२.९४ | ७०६०.४८ |
| पारिश्रमिकमा आधारित कर | १८८.०६ | २४४.९९ | २९२.५८ | ३२६.९८ | १४८.८१ | १८१.५९ | २५४.१८ |
| सम्पत्ति कर | ५३४.०२ | ६६७.११ | ९३९.९४ | १३१४.९४ | ३६२.८७ | ४४७.४५ | ८२६.८८ |
| वस्तु तथा सेवामा आधारित कर | १२९२७.१ | १५७७१.८४ | १८००२.५२ | २०५६६.८७ | १०६१४.२१ | १०६७४.०१ | १७७२४.६१ |
| वैदेशिक व्यापारमा आधारित कर | ५६९३.१८ | ६७९८.०५ | ७४८४.१२ | ८२१५.९१ | ४८१५.७१ | ४१५३.६७ | ६७७९.५६ |
| अन्य कर | १६०.५२ | २००.७७ | २५९.८४ | २७१.१६ | १२९.२० | १३९.१५ | ३३०.२० |
| कुल कर राजस्व | २५९२१.५ | ३१२४४.१२ | ३५५९५.५७ | ४२१०९.६६ | १८५१५.४१ | २०५१८.८२ | ३२९७५.९१ |
| सम्पत्तिबाट प्राप्त आय | १७६०.८४ | २०६७.५२ | २२७०.८७ | २६१५.८९ | ४९१.९२ | ८४८.१२ | ८२७.९१ |
| वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम | ११२४.७ | ११६४.५३ | १२२३.०६ | १३८४.६९ | ४९६.९३ | ८४९.१५ | ९६५.५६ |
| दण्ड जरिवाना र जफत | ३३.८२ | ४५.२८ | १२५.४३ | ७८.८९ | २६.३३ | ३८.९९ | ४२.६० |
| अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण | ०.५१ | ०.२४ | ०.५० | ०.३० | ०.३६ | ०.२२ | ०.०६ |
| विविध राजस्व | ७६०.७७ | ११४०.३९ | १३७१.२१ | २००६.७३ | ६८८.०५ | ८५२.३६ | ५७९.०२ |
| कुल गैह्रकर राजस्व | ३६८०.६४ | ४४१७.९५ | ४९९१.०७ | ६०८६.५० | १७०३.५९ | २५८८.८४ | २४१५.१५ |
| कुल राजस्व | २९६०२.१३ | ३५६६२.०७ | ४०५८६.६४ | ४८१९६.१६ | २०२१९.०१ | २३१०७.६६ | ३५३९१.०६ |

स्रोतः महालेखा नियन्त्रकको कार्यालय ।

२.४० विगत ५ वर्ष देखि कर राजस्वमा वस्तु तथा सेवामा आधारित करको योगदान औसत ५०.४ प्रतिशत र कुल राजस्वमा सो करको योगदान औसत ४४.०३ प्रतिशत रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल कर राजस्वमा वस्तु तथा सेवामा आधारित करको योगदान गत वर्षको सोही अवधिको ५२ प्रतिशतको तुलनामा १.८ प्रतिशत विन्दुले बढेर ५३.८ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल राजस्वमा वस्तु तथा सेवामा आधारित करको योगदान ५०.१ प्रतिशत छ ।

२.४१ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर र वैदेशिक व्यापारमा आधारित करको कुल राजस्वमा योगदान क्रमशः १९.९५ प्रतिशत र १९.१६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो योगदान क्रमशः २१.३० प्रतिशत र १७.९८ प्रतिशत थियो ।

२.४२ आर्थिक वर्ष २०७२/७३ मा आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर र वैदेशिक व्यापारमा आधारित करको कुल राजस्वमा योगदान क्रमशः २३.६८ प्रतिशत र १७.०५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा सो करको योगदान क्रमशः २१.२३ प्रतिशत र १८.४४ प्रतिशत थियो ।

२.४३ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा सम्पत्ति कर र पारिश्रमिकमा आधारित करको कुल राजस्वमा योगदान क्रमशः २.३४ प्रतिशत र ०.७२ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त करहरुको योगदान क्रमशः १.९४ प्रतिशत र ०.७९ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल राजस्व परिचालनमा अन्य करको योगदान गत वर्षको सोही अवधिको ०.६० प्रतिशतको तुलनामा वृद्धि भई ०.९३ प्रतिशत रहेको छ ।

२.४४ आर्थिक वर्ष २०७२/७३ मा सम्पत्ति कर र पारिश्रमिकमा आधारित करको कुल राजस्वमा योगदान क्रमशः २.७३ प्रतिशत र ०.६८ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा उक्त करहरुको योगदान क्रमशः २.३२ प्रतिशत र ०.७२ प्रतिशत थियो । आर्थिक वर्ष २०७२/७३ मा कुल राजस्व परिचालनमा अन्य करको योगदान अघिल्लो वर्षको ०.६४ प्रतिशतको तुलनामा सिमान्त दरले ह्रास भई ०.५६ प्रतिशत रहेको थियो ।

२.४५ गैह्रकर राजस्व परिचालनतर्फ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा सम्पत्तिबाट प्राप्त आय रु. ८ अर्ब २८ करोड परिचालन भएको छ । सोही अवधिमा कुल राजस्व परिचालनमा यस्तो योगदान २.३४ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सम्पत्तिबाट प्राप्त आय रु. ८ अर्ब ४८ करोड संकलन भएको थियो । त्यसैगरी चालु आर्थिक वर्षको प्रथम आठ महिनामा वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकमको कुल राजस्वमा योगदान २.७३ प्रतिशत रहेको छ । यो करको योगदान गत आर्थिक वर्षको सोही अवधिमा ३.६७ प्रतिशत थियो ।

२.४६ आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा सम्पत्तिबाट प्राप्त आय आर्थिक वर्ष २०७१/७२ को तुलनामा १५.२ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब १६ करोड परिचालन भएको थियो । आर्थिक वर्ष २०७२/७३ मा सम्पत्तिबाट प्राप्त आयको कुल राजस्वमा योगदान ५.४३ प्रतिशत थियो । त्यसैगरी, आर्थिक वर्ष २०७२/७३ मा वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकमको कुल राजस्वमा योगदान २.८७ प्रतिशत रहेको थियो । यो करको योगदान आर्थिक वर्ष २०७१/७२ मा ३.०१ प्रतिशत थियो ।

२.४७ गैह्रकर राजस्वमा दण्ड र जरिवानाको हिस्सा आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७०/७१ सम्ममा औसत ०.१३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७१/७२ मा सो अनुपात बढेर ०.३१ प्रतिशत पुगेको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा दण्ड र जरिवानाको हिस्सा कुल राजस्वमा ०.१२ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सो हिस्सा ०.१७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा दण्ड र जरिवानाको कुल राजस्वमा हिस्सा ०.१६ प्रतिशत थियो ।

२.४८ कुल राजस्वमा परिचालनमा मूल्य अभिवृद्धि करको योगदान सबैभन्दा बढी रहँदै आएको छ । विगत ५ वर्षमा यस्तो करको योगदान औसत २७.७ प्रतिशत रहेको छ । त्यसैगरी, कुल राजस्वमा भन्सार महशुलको योगदान विगत ५ वर्षमा औसत १८.९ प्रतिशत तथा आयकरको योगदान औसत २२.२ प्रतिशत छ । त्यसैगरी, कुल राजस्व संकलनमा अन्तशुल्क र गैरकर राजस्वको योगदान विगत ५ वर्षमा औसत १३.५ प्रतिशत र ११.५ प्रतिशत र अन्य करको योगदान औसत ६.३ प्रतिशत रहेको छ । वस्तुको पैठारीमा भन्सार महशुलको अतिरिक्त अन्तशुल्क र मूल्य अभिवृद्धि कर पनि लाग्ने हुँदा वैदेशिक व्यापारमा आधारित राजस्व करिब ५० प्रतिशत रहेको छ ।

**तालिका २ (ज): विगत ५ वर्षको राजस्वको संरचना (प्रतिशतमा)**

| राजस्वको विवरण | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६९/७० | जिडीपी सँग अनुपात | २०७०/७१ | जिडीपी सँग अनुपात | २०७१/७२ | जिडीपी सँग अनुपात | २०७२/७३ | जिडीपी सँग अनुपात | २०७३/७४* |
| मु.अ.कर | २८.१८ | ४.९२ | २८.३५ | ५.१५ | २७.७२ | ५.२८ | २५.४ | ५.४५ | २८.३८ |
| अन्तशुल्क | १२.२४ | २.१४ | १२.७३ | २.३१ | १३.१९ | २.५१ | १३.६५ | २.९३ | १५.५७ |
| आयकर | २१.६८ | ३.७९ | २१.२ | ३.८५ | २१.२३ | ४.०५ | २३.६८ | ५.०८ | १९.९५ |
| भन्सार महशुल | १८.५ | ३.२३ | १८.२८ | ३.३२ | १७.४५ | ३.३३ | १६.१७ | ३.४७ | १८.३२ |
| गैह्रकर | १२.४३ | २.१७ | १२.३९ | २.२५ | १२.३ | २.३४ | १२.६३ | २.७१ | ६.८२ |
| अन्य | ६.९६ | १.२२ | ७.०४ | १.२८ | ८.१ | १.५४ | ८.४७ | १.८२ | १०.९५ |
| कुल राजस्व | १०० | १७.४६ | १०० | १८.१५ | १०० | १९.०५ | १०० | २१.४५ | १०० |

स्रोतः अर्थ मन्त्रालय ।

*प्रथम आठ महिनाको ।

द्रष्टव्यः अन्य अन्तर्गत अन्य कर, विशेष सेवामा लाग्ने कर, वस्तुको प्रयोग तथा वस्तु प्रयोग गर्न अनुमतिमा लाग्ने कर, रजिष्ट्रेशन दस्तुर तथा सवारी साधन कर रहेका छन् ।

२.४९ विगत चार वर्षमा कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि करको अनुपात सबैभन्दा बढी रहेको छ । आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि करको अनुपात ४.९ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरुमा क्रमशः वृद्धि हुँदै आर्थिक वर्ष २०७२/७३ मा ५.५ प्रतिशत पुगेको छ । त्यसैगरी कुल गार्हस्थ्य उत्पादनमा आयकरको पनि अनुपात बढ्दै गईरहेको छ । आर्थिक वर्ष २०७२/७३ मा यो करको अनुपात ५.१ प्रतिशत थियो । विगत चार वर्षको राजस्वको प्रवृत्तिलाई विश्लेषण गर्दा कुल गार्हस्थ्य उत्पादनमा सबै करहरुको अनुपात बढेको छ । कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात बढ्दै गएकाले पनि सबै करहरुको अनुपातमा वृद्धि हुँदै गएको हो ।




आर्थिक वर्ष २०७२/७३ को वार्षिक तथ्याङ्कमा आधारित ।

२.५० आर्थिक वर्ष २०७२/७३ मा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको योगदान २५.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७२/७३ सम्म कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको योगदान क्रमशः घट्दै गइरहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको राजस्व संकलनमा यस्तो करको योगदान बढेर २८.४ प्रतिशत पुगेको छ ।

२.५१ विकसित तथा विकासशील राष्ट्रहरुमा कुल राजस्वमा आयकरको योगदान प्रायः उच्च हुने गर्छ । राजस्व संकलनमा आयकरको योगदान बढ्दै गएमा राजस्व वृद्धि दिगो भई विकास वित्तका लागि स्रोतको सुनिश्चितता रहन्छ । आयकर बढ्दै गए पनि कुल राजस्वमा आयकरको योगदानमा उत्साहजनक वृद्धि गर्नका लागि कर प्रणालीलाई स्वच्छ, तटस्थ र दक्ष बनाउनुपर्ने हुन्छ । मूल्य अभिवृद्धि कर नै राजस्व परिचालनको प्रमुख आधार भएकोले यो करलाई बढी तटस्थ र दक्ष बनाउन सकिएमा राजस्व परिचालनमा थप प्रभावकारीता आउँछ ।

**वैदेशिक सहायता प्रतिबद्धता**

२.५२ आर्थिक-सामाजिक विकासमा सार्वजनिक वित्त मध्ये अन्तर्राष्ट्रिय वित्तको महत्वपूर्ण भुमिका रहन्छ । अन्तर्राष्ट्रिय वित्त अन्तर्गत वैदेशिक प्रत्यक्ष लगानी, विप्रेषण र वैदेशिक विकास सहायता (ODA) रहेका हुन्छन् । अन्तर्राष्ट्रिय आर्थिक सहायता विकास वित्तको रुपमा परिचालन भएको छ । विगतमा विकास खर्चको अधिकांश स्रोत वैदेशिक सहायता रहने

गरेकोमा हाल यसले कुल राष्ट्रिय बजेटको करिब २० प्रतिशत अंश ओगट्ने गरेको छ । भुकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको आवश्यकताले आगामी वर्षहरुमा वैदेशिक अनुदान र ऋणको अंश बढ्ने देखिन्छ ।

**तालिका २ (झ): वैदेशिक सहायता प्रतिबद्धताको स्थिति (रु. करोडमा)**

| विवरण | आर्थिक वर्ष | | | | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| **कुल वैदेशिक अनुदान** | **५३९०.१** | **७२९१.८** | **९१६०.३१** | **७९२०.३७** | **६१८५.७६** | **४५६१.२५** |
| द्विपक्षीय अनुदान | २३३०.९९ | ४८६८.५० | ८०३४.०० | ४६३१.२० | ४९९०.५९ | १४४४.९५ |
| बहुपक्षीय अनुदान | ३०५९.११ | २४२३.३० | ११२६.३१ | ३२८९.१७ | ११९५.१७ | ३११६.३० |
| **कुल वैदेशिक ऋण** | **६१२५.५८** | **६०५२.६** | **१३४२१.६** | **११६३९.५** | **९४३३.५०** | **१६६४३.१५** |
| द्विपक्षीय ऋण | १५२१.०० | ६५८.७० | ९८०२.९० | ४४७५.७० | २२६९.७० | ९४९०.५० |
| बहुपक्षीय ऋण | ४६०४.५८ | ५३९३.९० | ३६१८.७२ | ७१६३.८० | ७१६३.८० | ७१५२.६४ |
| **कुल वैदेशिक सहायता** | **११५१५.७** | **१३३४४.४** | **२२५८१.९** | **१९५५९.९** | **१५६१९.३** | **२१२०४.४** |

स्रोतः अर्थ मन्त्रालय ।

२.५३ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठमहिनामा ऋण तथा अनुदान दुवै गरी रु. २ खर्ब १२ अर्ब ४ करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ । गत वर्षको सोही अवधीमा यस्तो रकम रु. १ खर्ब ५६ अर्ब १९ करोड रहेको थियो । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः २१.५ प्रतिशत र ७८.५ प्रतिशत छ । गत वर्षको सोही अवधिमा यो अंश क्रमशः ३९.६ र ६०.४ प्रतिशत थियो ।

२.५४ आर्थिक वर्ष २०७२/७३ मा ऋण तथा अनुदान गरी कुल रु. १ खर्ब ९५ अर्ब ६० करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा उक्त प्रतिवद्धता रु. २ खर्ब **५५** अर्ब ८२ करोड थियो । आर्थिक वर्ष २०७१/७२ र आर्थिक वर्ष २०७२/७३ दुवैमा कुल वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ४०.५ प्रतिशत र ५९.५ प्रतिशत थियो ।

२.५५ विगत पाँच वर्षमा आर्थिक वर्ष २०७०/७१ बाहेक सबै वर्ष कुल वैदेशिक सहायता प्रतिवद्धतामा ऋणको अंश अनुदानको तुलनामा उच्च रहँदै आएको छ ।

**वैदेशिक सहायता परिचालन**

२.५६ आर्थिक वर्ष २०७२/७३ मा कुल वैदेशिक विकास सहायता (ODA) आर्थिक वर्ष २०७१/७२ को तुलनामा ५.२२ प्रतिशतले बढेर अमेरिकी डलर १०७४.०६ मिलियन पुगेको थियो । आर्थिक वर्ष २०७१/७२ मा कुल विकास सहायता अमेरिकी डलर

१०२०.७५ मिलियन रहेको थियो । विगत ६ वर्षमा कुल वैदेशिक सहायता परिचालन अमेरिकी डलर १ विलियन देखि १.१ विलियन सम्म रहेको छ ।

२.५७ आर्थिक वर्ष २०७२/७३ मा कुल वैदेशिक विकास सहायता मध्ये अनुदान, ऋण र प्राविधिक सहायताको अंश क्रमशः ४९.६४ प्रतिशत, ३४.८९ प्रतिशत र १५.४७ प्रतिशत थियो । त्यसैगरी सो वर्ष कुल वैदेशिक विकास सहायतामा वहुपक्षीय सहायता र द्धिपक्षीय सहायताको अंश क्रमशः ५८ प्रतिशत र ४२ प्रतिशत रहेको थियो ।

२.५८ आर्थिक वर्ष २०७२/७३ मा कुल वैदेशिक विकास सहायतामा सबैभन्दा योगदान विश्व बैंक समूह (२२.६९ प्रतिशत) र त्यसपछि एसियाली विकास बैंक (२०.२७ प्रतिशत), अमेरिकन सहयोग नियोग (११.०७ प्रतिशत), संयुक्त राष्ट्रसंघ (१०.५७ प्रतिशत), बेलायत (८.३३ प्रतिशत), जापान (४.२७ प्रतिशत), स्वीट्जरल्याण्ड (३.४४ प्रतिशत), भारत (३.३३ प्रतिशत), नर्वे (३.३१ प्रतिशत), चीन (३.२९ प्रतिशत) र अन्य (९.४३ प्रतिशत) रहेको थियो ।

२.५९ आर्थिक वर्ष २०७२/७३ मा बजेट परियोजना अन्तर्गत अमेरिकी डलर ६७८.६५ मिलियन (६३ प्रतिशत) र गैरबजेट परियोजनामा अमेरिकी डलर ३९५.४१ मिलियन (३७ प्रतिशत) वैदेशिक विकास सहायता परिचालन भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा सो अनुपात क्रमशः ६५ प्रतिशत र ३५ प्रतिशत थियो ।

**चार्ट २ (झ) : आर्थिक वर्ष २०७२/७३ मा बजेट तथा गैर बजेट परियोजनामा विकास सहायता (प्रतिशतमा)**




२.६० आर्थिक वर्ष २०७१/७२ मा वैदेशिक अनुदान रु. ४२ अर्ब २० करोड उपयोग भएकोमा आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुदान रु. ३९ अर्ब ५४ करोड उपयोग भएको थियो।

## बजेट घाटा र न्यून वित्त परिचालन

२.६१ सरकारी खर्च सँगै राजस्व पनि निरन्तर बढिरहेको छ । राजस्व परिचालन सन्तोषजनक र उत्साहप्रद रहेपनि सरकारी आयले सरकारी खर्चलाई धान्न सकेको छैन । तसर्थ सरकारले आन्तरिक तथा बाह्य स्रोतबाट ऋण परिचालन गर्दै आएको छ । तर पनि पुँजीगत खर्च लक्ष्यअनुसार हुन नसक्दा बाह्य तथा आन्तरिक ऋणको उपयोग कम भएको छ र बजेट घाटा पूर्ति गर्न त्यति धेरै आन्तरिक ऋण परिचालन गर्नु परिरहेको छैन। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋणभार तुलनात्मक रुपमा उच्च नभएकोले ठूला आयोजनाको कार्यान्वयनमा थप ऋण परिचालन गर्न सकिने स्थिति छ ।

**तालिका २ (ञ) : बजेट घाटा र न्यून वित्त परिचालनको विवरण (रु. करोडमा)**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
| बजेट बचत (+)/घाटा (-) | -७०५.३९ | ३१११.८३ | २६०८.८७ | २००८.०१ | २३१६.८ |
| **बजेट घाटा पूर्तिको स्रोत** | | | | | |
| वैदेशिक ऋण | ११०८.३ | ११९६.९ | २११३.२ | २०४३.२ | ४३७७.४ |
| आन्तरिक ऋण | ३६४१.९ | १९०४.३ | १९९८.३ | ४२३६.८ | ८७७७.५ |
| मौज्दात परिवर्तन (-/+) | १०४२.५९ | -५५९३.४७ | -४९२२.९४ | -५८५०.५९ | १५६०.७ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

२.६२ आर्थिक वर्ष २०७१/७२ को बजेट घाटा रु. २० अर्ब ८ करोडको तुलनामा आर्थिक वर्ष २०७२/७३ मा बजेट घाटा १५.४ प्रतिशतले वृद्धि भई २३ अर्ब १६ करोड रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा बजेट घाटा पूर्ति गर्न रु. १ खर्ब ३१ अर्ब ५५ करोड सार्वजनिक ऋण परिचालन गरिएको थियो ।

२.६३ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेट घाटा १.०३ प्रतिशत थियो । आर्थिक वर्ष २०७१/७२ मा सो अनुपात ०.९४ प्रतिशत रहेको थियो ।

## कुल सार्वजनिक ऋण र भुक्तानी

२.६४ आर्थिक वर्ष २०७२/७३ सम्म रु. ६ खर्ब २७ अर्ब ७९ करोड कुल तिर्न बाँकी सार्वजनिक ऋण रहेको छ । यसमध्ये आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ३८.१ प्रतिशत र ६१.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७१/७२ सम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.५ खर्ब ४४ अर्ब ९२ करोड रहेको थियो । सो वर्ष आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ३७.० प्रतिशत र ६३.० प्रतिशत थियो ।

२.६५ आर्थिक वर्ष २०६९/७० देखि आर्थिक वर्ष २०७१/७२ सम्म कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात क्रमशः घट्दै गइरहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो

अनुपातमा वृद्धि भई २७.९३ प्रतिशत पुगेको छ । तथापि, कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात दक्षिण एसियामै न्यून छ ।




*प्रथम आठ महिनाको ।

२.६६ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा तिर्न बाँकी कुल वैदेशिक ऋण रु. ३ खर्ब ९१ अर्ब २८ करोड रहेको छ । यसमध्ये द्विपक्षीय र बहुपक्षीय ऋणको अनुपात क्रमशः ९.६६ प्रतिशत र ९०.३४ प्रतिशत छ ।

२.६७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा भुक्तानी गर्न बाँकी कुल ऋण रु. ६ खर्ब २४ अर्ब ५१ करोड रहेको छ । यस्तो ऋणमा बाह्य ऋण र आन्तरिक ऋणको अंश क्रमशः ६२.६५ प्रतिशत र ३७.३५ प्रतिशत छ ।

२.६८ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा सावाँ र व्याज गरी जम्मा ऋण भुक्तानी खर्च रु. ३३ अर्ब ५८ करोड पुगेको छ । सोही अवधिमा जम्मा ऋण भुक्तानी कुल सरकारी खर्चको अनुपातमा ८.३९ प्रतिशत छ ।

२.६९ आर्थिक वर्ष २०७१/७२ मा कुल सार्वजनिक ऋण मध्ये रु. ६४ अर्ब ४६ करोड साँवा भुक्तानी गरिएकोमा गत आर्थिक वर्ष २०७२/७३ मा रु. ६८ अर्ब ९५ करोड साँवा भुक्तानी गरिएको थियो । यस्तो ऋण भुक्तानीमा २७ प्रतिशत आन्तरिक ऋण र ७३ प्रतिशत बाह्य ऋणको अंश रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा साँवा भुक्तानी अघिल्लो वर्षको तुलनामा ६.९६ प्रतिशतले बढी हो ।

**तालिका २ (ट) : भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा साँवा फिर्ता र व्याज खर्च (रु.करोडमा)**

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| **भुक्तानी गर्न बाँकी ऋणको विवरण** | | | | | | |
| आन्तरिक ऋण | २१३९९.१ | २२०३४.७ | २०६६८.९ | २०१६५.७ | २३९०२.९ | २३३२२.६ |
| वैदेशिक ऋण | ३०९२८.७ | ३३३४४.२ | ३४६८१.९ | ३४३२६.२ | ३८८७६.० | ३९१२८.० |
| कुल ऋण | ५२३२७.८ | ५५३७८.९ | ५५३५०.८ | ५४४९१.९ | ६२७७८.९ | ६२४५०.६ |
| **साँवा फिर्ताको खर्चको विवरण** | | | | | | |
| आन्तरिक ऋण | ६६२.७ | २०९४.० | २५१५.२ | ४७४३.० | ५०३३.५ | १७९७.५ |
| वैदेशिक ऋण | १३५३.२ | १४१९.० | १६७२.५ | १७०२.८ | १८६१.५ | ९८०.३ |
| जम्मा साँवा फिर्ता खर्च | २०१५.९ | ३५१३.० | ४१८७.७ | ६४४५.८ | ६८९५.० | २७७७.८ |
| **व्याज खर्चको विवरण** | | | | | | |
| आन्तरिक ऋण | १२३३.० | १०७३.४ | ८६७.३ | ६२२.९ | ५३६.२ | ३८९.८ |
| वैदेशिक ऋण | २८३.१ | ३००.३ | ३३६.५ | ३०३.६ | ३३१.१ | १९०.६ |
| **जम्मा व्याज खर्च** | १५१६.१ | १३७३.७ | १२०३.८ | ९२६.५ | ८६७.३ | ५८०.४ |
| जम्मा ऋण भुक्तानी खर्च (साँवा र व्याज) | ३५३२.० | ४८८६.७ | ५३९१.५ | ७३७२.३ | ७७६२.३ | ३३५८.२ |
| सरकारी खर्चमा ऋण भुक्तानी खर्च (प्रतिशतमा) | १०.४१ | १३.६३ | १२.३९ | १३.८७ | १२.९२ | ८.३९ |
| कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अंश (प्रतिशतमा) | ३४.२६ | ३२.६७ | २८.१७ | २५.५८ | २७.९३ | २४.१ |

स्रोत: महालेखा नियन्त्रकको कार्यालय र नेपाल राष्ट्र बैंक ।

*प्रथम आठ महिना ।

२.७० आर्थिक वर्ष २०७१/७२ मा कुल सार्वजनिक ऋणको रु. ९ अर्ब २७ करोड व्याज भुक्तानी गरिएकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. ८ अर्ब ६७ करोड व्याज भुक्तानी गरिएको थियो । आर्थिक वर्ष २०६९/७० देखि व्याज भुक्तानीको परिमाण घट्दै गएको छ ।

२.७१ आर्थिक वर्ष २०७१/७२ मा सार्वजनिक ऋणको सावाँ तथा व्याज भुक्तानीको अनुपात कुल सरकारी खर्चको तुलनामा १३.८७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुपात १२.९२ प्रतिशत रहेको थियो ।




स्रोतः महालेखा नियन्त्रकको कार्यालय र केन्द्रिय तथ्याङ्क विभाग

*प्रथम आठ महिनाको विवरण ।

पुनश्चः जनसंख्याको तथ्याङ्क केन्द्रिय तथ्याङ्क विभागको जनसंख्या प्रक्षेपण (मध्यमा स्तर) मा आधारित ।

२.७२ आर्थिक वर्ष २०७२/७३ मा प्रतिव्यक्ति ऋण रु. २२ हजार ८१ रहेको थियो । चालु आर्थिक वर्षको ८ महिनाको भुक्तानी गर्न बाँकी कुल ऋणलाई मात्र आधार मान्दा यो वर्ष प्रतिव्यक्ति ऋण रु. २१ हजार ६ सय ६५ पुगेको छ । चालु आर्थिक वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन प्रतिव्यक्ति ऋणको तुलनामा करिब ४ गुणा बढी रहेको छ । आर्थिक वर्ष २०७३/७४ को अन्त्य सम्ममा भुक्तानी गर्न बाँकी ऋणको परिमाण अझै बढ्न सक्ने हुँदा चालु वर्षमा प्रतिव्यक्ति ऋण बढ्ने देखिन्छ ।

२.७३ आर्थिक वर्ष २०७२/७३ मा प्रतिव्यक्ति वैदेशिक ऋण रु. १३ हजार ६ सय ७४ रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मको भुक्तानी गर्न बाँकी कुल वैदेशिक ऋणलाई आधार मान्दा सो ऋण घटेर रु. १३ हजार ५ सय ७४ रहेको छ । प्रतिव्यक्ति ऋण र प्रतिव्यक्ति वैदेशिक ऋणको तुलनामा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर तुलनात्मक रुपमा उच्च रहेको छ ।

### तालिका २ (ठ) : खुद आन्तरिक ऋण निष्काशन (रु.करोडमा)

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| **कुल निष्कासन** | ३६४१.८७ | १९०४.२९ | १९९८.२९ | ४२४२.३१ | ८७७७.४५ |
| ट्रेजरी विल | १७२८.३४ | १९००.०० | १०००.०० | १०००.०० | २०५०.०० |
| विकास ऋणपत्र | १४००.०० | - | ९००.०० | ३०००.०० | ६२००.०० |
| राष्ट्रिय बचतपत्र | ५००.०० | - | ९०.६५ | - | - |
| नागरिक बचतपत्र | १२.६६ | - | - | २३३.९४ | ५००.०० |
| वैदेशिक रोजगार बचतपत्र | ०.८७ | ४.२९ | ७.६४ | ८.३७ | २७.४५ |
| विशेष ऋणपत्र | - | - | - | - | - |
| **कुल भुक्तानी** | ६६२.६८ | २११६.१४ | २५१६.७१ | ४७४५.४९ | ५०४०.२४ |
| ट्रेजरी विल | ६००.०० | १४१५.६० | १०००.०० | २६६१.०० | २४२९.९० |
| विकास ऋणपत्र | - | ५९०.८५ | १३५०.०० | २००४.०९ | १०१७.०० |
| राष्ट्रिय बचतपत्र | - | - | - | - | १५६८.०० |
| नागरिक बचतपत्र | ६२.६४ | ९३.९३ | १६६.७१ | ८०.०० | २५.०० |
| वैदेशिक रोजगार बचतपत्र | - | - | - | ०.४ | ०.३४ |
| विशेष ऋणपत्र | ०.४० | १५.७६ | - | - | - |
| **खुद आन्तरिक ऋण** | २९७९.१९ | -२११.८५ | -५१८.४२ | -५०३.१८ | ३७३७.२१ |
| ट्रेजरी विल | ११२८.३४ | ४८४.४० | - | -१६६१.०० | -३७९.९० |
| विकास ऋणपत्र | १४००.०० | -५९०.८५ | -४५०.०० | ९९५.९१ | ५१८.३० |
| राष्ट्रिय बचतपत्र | ५००.०० | - | ९०.६५ | - | -१५६८.०० |
| नागरिक बचतपत्र | -४९९.८० | -९३.९३ | -१६६.७१ | १५३.९४ | ४७५.०० |
| वैदेशिक रोजगार बचतपत्र | ०.८७ | ४२.९० | ७.६४ | ७.९७ | २७.११ |
| विशेष ऋणपत्र | -०.४० | -१५.७६ | - | - | - |

स्रोतः नेपाल राष्ट्र बैंक ।

२.७४ आर्थिक वर्ष २०७२/७३ मा विविध उपकरण मार्फत रु. ८७ अर्ब ७७ करोड बराबरको कुल आन्तरिक ऋण उठाइएकोमा ऋण भुक्तानी रु. ५० अर्ब ४० करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ मा विविध उपकरण मार्फत रु. ४२ अर्ब ४२ करोड बराबरको कुल आन्तरिक ऋण उठाइएकोमा ऋण भुक्तानी रु. ४७ अर्ब ४५ करोड थियो । उठाइएको आन्तरिक ऋण भन्दा भुक्तानी न्यून रहेकाले आर्थिक वर्ष २०७२/७३ मा खुद आन्तरिक ऋण निष्कासन रु. ३७ अर्ब ३७ करोडले धनात्मक रहन गयो । तर आर्थिक वर्ष २०७१/७२ मा भने उठाइएको आन्तरिक ऋण भन्दा भुक्तानी बढी भएकोले खुद आन्तरिक ऋण निष्कासन रु. ५ अर्ब ३ करोडले ऋणात्मक रहेको थियो ।

२.७५ आर्थिक वर्ष २०७२/७३ मा कुल आन्तरिक ऋण निष्कासन मध्ये सबैभन्दा बढी अंश विकास ऋणपत्रको ७०.६४ प्रतिशत थियो । त्यसैगरी, क्रमशः ट्रेजरी बिल २३.३६ प्रतिशत, नागरिक बचतपत्र ५.७० प्रतिशत र वैदेशिक रोजगार बचतपत्र ०.३१ प्रतिशत

थियो । आर्थिक वर्ष २०७१/७२ मा पनि कुल आन्तरिक ऋण निष्कासन मध्ये सबैभन्दा बढी अंश विकास ऋणपत्रको ७०.७२ प्रतिशत थियो । तर आर्थिक वर्ष २०७०/७१ मा भने ट्रेजरी बिलको अंश सबैभन्दा बढी अर्थात ५०.०४ प्रतिशत थियो ।

## स्थानीय निकायको वित्तीय व्यवस्था

## स्थानीय निकायमा अनुदान

२.७६ हाल स्थानीय तहको रुपमा ४ सय ७९ गाउँपालिका, २४८ नगरपालिका, १३ उपमहानगरपालिका, ४ वटा महानगरपालिका र ७५ जिल्ला समन्वय समितिमा रुपान्तरण भैसकेका छन् । उक्त निकायहरुले हाल रुपान्तरित स्थानीय तहको रुपमा सेवा प्रवाह र विकास निर्माणका कार्य गर्दै आएका छन् । नेपाल सरकारले वर्षेनी स्थानीय निकायहरुलाई अनुदान दिदैं आएकोमा परिवर्तित सन्दर्भमा आर्थिक वर्ष २०७४/७५ देखि स्थानीय तहलाई उपलब्ध गराउने अनुदान सम्बन्धी विषयमा अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।

**तालिका २ (ड) : स्थानीय निकायको खर्च तथा आय विवरण (रु.करोडमा)**

| विवरण | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|
| **१. जिल्ला विकास समिति** | | | | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | २०८४.३१ | २६७१.० | २६७२.० | २७१८.० |
| आन्तरिक स्रोत र राजस्व बाँडफाँटको कुल रकम | २७५.६० | ३५७.४६ | ४५७.८० | ४१०.२९ |
| खर्चको लागि विनियोजित कुल रकम | २३५९.९१ | ३०२८.४६ | ३१२९.८० | ३१२८.२९ |
| **वास्तविक कुल खर्च** | १७९५.८२ | २६७८.० | २५१९.८५ | २३३३.० |
| **२. नगरपालिका** | | | | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ४२८.४२ | ३३४.५२ | ४९६.६७ | १२०६.० |
| आन्तरिक स्रोत र राजस्व बाँडफाँटको कुल रकम | ३३६.५६ | ३७८.२५ | ४०९.९८ | ६९६.४४ |
| खर्चका लागि विनियोजित कुल रकम | ७६४.९८ | ७१२.७७ | ९०६.६५ | १९०२.४४ |
| **वास्तविक कुल खर्च** | ६७६.८७ | ६१७.४९ | ७९७.८५ | १०४५.०० |
| **३. गाउँ विकास समिति** | | | | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ६६९.२० | ८२१.० | ७३६.० | ८०५ |
| आन्तरिक स्रोत र राजस्व बाँडफाँटको कुल रकम | ११७.१३ | १३०.२२ | ८९.६५ | - |
| खर्चको लागि विनियोजित कुल रकम | ७८६.३३ | ९५१.२२ | ८२५.६५ | ८०५.० |
| वास्तविक कुल खर्च | ७६४.९१ | ९३४.०४ | ९३४.०४ | ८०१.० |

**सारांश**

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
| स्थानीय निकायको कुल आन्तरिक आम्दानी | ७२९.२९ | ८६५.९३ | ९५७.४३ | ११०६.७३ |
| स्थानीय निकायमा प्राप्त कुल अनुदान रकम | ३१८१.९३ | ३८२६.५३ | ३९०४.७ | ४७२९.० |
| स्थानीय निकायको कुल आय | ३९११.२२ | ४६९२.४६ | ४८६२.१ | ५८३५.७३ |
| कुल आयमा आन्तरिक आम्दानीको अंश (प्रतिशतमा) | १८.६५ | १८.२५ | १९.६९ | १८.९६ |

स्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालय ।

२.७७ जिल्ला विकास समितिलाई सरकारबाट आर्थिक वर्ष २०७१/७२ मा रु. २६ अर्ब ७२ करोड अनुदान प्रदान गरिएकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. २७ अर्ब १८ करोड अनुदान उपलब्ध गराईएको थियो । जिल्ला विकास समितिको कुल आन्तरिक आम्दानी आर्थिक वर्ष २०७१/७२ मा रु. ४ अर्ब ५७ करोड रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. ४ अर्ब १० करोड थियो । आर्थिक वर्ष २०७२/७३ मा जिल्ला विकास समितिको कुल विनियोजित रकमको ७४.५८ प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा यस्तो खर्च ८०.५१ प्रतिशत थियो ।

२.७८ नगरपालिकालाई सरकारबाट आर्थिक वर्ष २०७१/७२ मा रु. ४ अर्ब ९७ करोड अनुदान प्रदान गरिएकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. १२ अर्ब ६ करोड अनुदान उपलब्ध गराईएको थियो । नगरपालिकाको कुल आन्तरिक आम्दानी आर्थिक वर्ष २०७१/७२ मा रु. ४ अर्ब १० करोड रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. ६ अर्ब ९६ करोड थियो । आर्थिक वर्ष २०७२/७३ मा नगरपालिकाको कुल विनियोजित रकमको ५५.० प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा यस्तो खर्च ८८.० प्रतिशत थियो ।

२.७९ गाउँ विकास समितिलाई सरकारबाट आर्थिक वर्ष २०७१/७२ मा रु. ७ अर्ब ३६ करोड अनुदान प्रदान गरिएकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. ८ अर्ब ५ करोड अनुदान उपलब्ध गराईएको थियो । गाउँ विकास समितिको कुल आम्दानी आर्थिक वर्ष २०७१/७२ मा रु. ८९ करोड ६५ लाख रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा गाउँ विकास समितिको कुल विनियोजित रकमको करिब शत प्रतिशत खर्च भएको छ ।

२.८० स्थानीय निकायको आन्तरिक आम्दानी आर्थिक वर्ष २०७१/७२ मा रु. ९ अर्ब ५७ करोड रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा यस्तो रकममा १५.६ प्रतिशतले वृद्धि भई

रु. ११ अर्ब ७ करोड रहेको थियो । आर्थिक वर्ष २०७२/७३ मा स्थानीय निकायलाई नेपाल सरकारले रु. ४७ अर्ब २९ करोड अनुदान उपलब्ध गराएको थियो ।

२.८१ आर्थिक वर्ष २०७१/७२ मा स्थानीय निकायको कुल आयमा आन्तरिक आम्दानीको अनुपात १९.६९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो अनुपात १८.९६ प्रतिशत रहेको थियो ।

**तालिका २ (ढ) : स्थानीय निकायमा उपलब्ध सरकारी अनुदान (रु. करोडमा)**

| अनुदान | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|
| जि.वि.स. अनुदान पुँजीगत | १३३.६८ | १३७.० | १२७.३० | १३६.९६ | १३२.६० |
| जि.वि.स. अनुदान चालु | ३०९.७९ | १९५.० | २०७.४० | २३०.४९ | २६७.४२ |
| जम्मा | ४४३.४८ | ३३२.० | ३३४.७० | ३६७.४६ | ४००.०२ |
| गाउँ विकास समिति अनुदान पुँजीगत | ५१२.६५ | ६६४.४० | ५७९.४० | ६६३.४४ | १३८३.२० |
| गाउँ विकास समिति अनुदान चालु | १५६.६० | १५६.६० | १५६.६० | १४१.७४ | १७२.२५ |
| जम्मा | ६६९.२५ | ८२१.० | ७३६.० | ८०५.१८ | १५५५.४५ |
| नगरपालिका अनुदान पुँजीगत | ९४.१४ | ११५.० | ३७८.८० | ५०६.५६ | ११७६.०५ |
| नगरपालिका अनुदान चालु | ११.० | ०.० | ३६.० | १२३.०१ | १३३.०९ |
| जम्मा | १०५.१४ | ११५.० | ४१४.८० | ६२९.५७ | १३०९.१५ |
| स्थानीय विकास शुल्क कोष पुँजीगत | १२३.७० | १९५.६८ | २००.४३ | २३४.६३ | - |
| स्थानीय विकास शुल्क कोष चालु | ३९.९७ | ६४.३२ | ६१.१२ | १०८.७३ | - |
| जम्मा | १६३.६८ | २६०.० | २६१.५५ | ३४३.३७ | - |
| **कुल जम्मा** | **१३८१.५५** | **१५२८.०** | **१७४७.०५** | **२१४५.५९** | **३२६४.६२** |

स्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिबालय ।

२.८२ आर्थिक वर्ष २०७३/७४ देखि साविकका पुराना ५८ नगरपालिकालाई उपलब्ध गराइने स्थानीय विकास शुल्क कोष शीर्षकको रकम नगरपालिका अनुदानमा नै थप गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकालाई विनियोजन गरिएको कुल अनुदान रकम रु. २१ अर्ब ४६ करोडमा ५२.१५ प्रतिशतले वृद्धि भई चालु आर्थिक वर्षमा सो अनुदान रकम रु. ३२ अर्ब ६५ करोड पुगेको छ ।

२.८३ गाउँ विकास समितिलाई स्थानीय तहको सरकारको रुपमा विकास गर्न सहयोग पुग्ने हेतुले चालु आर्थिक वर्ष २०७३/७४ मा गाउँ विकास समिति र नगरपालिकालाई उपलब्ध गराइने अनुदान रकम दोब्बर गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा गाउँ विकास समितिलाई उपलब्ध गराईएको अनुदान रु. ८ अर्ब ५ करोड रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा यस्तो अनुदान रकम रु. १५ अर्ब ५५ करोड पुगेको छ । त्यसैगरी चालु आर्थिक वर्ष २०७३/७४ मा नगरपालिकालाई उपलब्ध गराईएको अनुदान रकम रु. १३ अर्ब ९ करोड रहेको छ । आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुदान रु. ६ अर्ब ३० करोड थियो ।

२.८४ आर्थिक वर्ष २०७२/७३ का लागि जिल्ला विकास समितिलाई रु. ३ अर्ब ६७ करोड अनुदान विनियोजन गरिएकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा यस्तो रकममा ८.८६ प्रतिशतले वृद्धि भई रु.४ अर्ब रहेको छ । यसमध्ये चालुतर्फ रु.२ अर्ब ६७ करोड र पुँजीगततर्फ रु. १ अर्ब ३२ करोड रहेको छ ।

२.८५ चालु आर्थिक वर्ष २०७२/७३ मा गाउँ विकास समितिलाई चालु तथा पुँजीगत अनुदान क्रमशः रु.१ अर्ब ४२ करोड र रु.६ अर्ब ६३ करोड विनियोजन गरिएकोमा चालु आर्थिक वर्षमा सो अनुदान क्रमशः रु.१ अर्ब ७२ करोड र रु.१३ अर्ब ८३ करोड रहेको छ ।

२.८६ चालु आर्थिक वर्ष २०७३/७४ मा नगरपालिकालाई उपलब्ध गराइएको अनुदान रकम चालु तर्फ रु.१ अर्ब ३३ करोड र पुँजीगत तर्फ रु.११ अर्ब ७६ करोड गरी कुल अनुदान रकम रु.१३ अर्ब ९ करोड रहेको छ । गत आर्थिक वर्षमा सो अनुदान रकम रु.६ अर्ब ३० करोड थियो ।

## चुनौतीहरू

२.८७ संघीयतामा तीन तहका सरकार रहने भएकाले साधन तथा स्रोतको उचित बाँडफाँड गरी सामाजिक तथा आर्थिक पूर्वाधारमा लगानीको प्रत्याभूति गर्नुपर्नेछ । संघीयता व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँड तथा खर्चको प्राथमिकीकरण यकिन गरी सार्वजनिक स्रोतको उपयोगिता सिद्ध गर्ने प्रमुख चुनौती छ । साथै, साधनस्रोतको उचित प्रयोग गर्ने गरी तीन तहका सरकारको वित्तीय उपयोग क्षमता बढाउने चुनौती छ ।

२.८८ सार्वजनिक खर्चलाई उत्पादनशील क्षेत्रमा वृद्धि गर्न नसक्दा आर्थिक वृद्धि, रोजगारीका अवसर सिर्जना र गरिबी न्यूनीकरणका कार्य प्रभावित भएका छन् । यसका साथै सरकारले समयमै पुँजीगत खर्च गर्न नसक्दा ठूलो रकम बचत हुन गएको छ । सार्वजनिक खर्चलाई अर्थतन्त्रको विस्तार र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने गरी साधन परिचालन गर्ने चुनौती छ।

२.८९ संघीयता कार्यान्वयनको चरणमा चालु खर्च अझै बढ्न सक्ने हुँदा विकास निर्माणमा साधनस्रोतको प्रत्याभुति गर्न चालु खर्च र पुँजीगत खर्च बीच सन्तुलन कायम गर्नुपर्नेछ । यसर्थ, वर्षेनी बढिरहने चालु खर्चलाई विकास निर्माणको गतिमा बाधा नपुग्ने गरी वाञ्छित सीमाभित्र राख्ने चुनौती छ ।

२.९० स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास र स्वेच्छिक कर सहभागिताबाट कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउँदै संघीय संरचना अनुसारको राजस्व संरचनाको निर्माण गरी संघीय वित्तलाई सुदृढ बनाउने चुनौती छ ।

२.९१ कर परिपालना (Tax Compliance) मा सुधार तथा करको दायरामा विस्तार गरी राजस्व क्षमतामा अभिवृद्धि गर्ने चुनौती छ । यसका साथै विश्वव्यापीकरणको सन्दर्भमा नेपालको राष्ट्रिय कराधारको संरक्षण गर्दै लगानी बढाउन कर कानून र संस्थागत क्षमतालाई समसामायिक बनाउने चुनौती छ ।

२.९२ कुल राजस्व परिचालनमा वैदेशिक व्यापारमा आधारित राजस्वको योगदान उल्लेख्य हुनुले राजस्व वृद्धि दिगो हुनेमा जोखिम रहेको छ । तसर्थ, सार्वजनिक वित्त संरचनामा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको योगदान बढाई राजस्व बचतबाट स्रोतको सुनिश्चितता कायम गर्ने चुनौती छ ।

२.९३ वैदेशिक सहायतालाई राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा उपयोग मार्फत आर्थिक विकासको क्षमता वृद्धि गरी विकास वित्तका लागि अन्तर्राष्ट्रिय आर्थिक सहायताको निर्भरतालाई कम गर्दै लैजाने चुनौती छ ।

२.९४ कुल गार्हस्थ्य उत्पादनमा तिर्न बाँकी कुल ऋणको अनुपात दक्षिण एसियामै न्यून रहेको छ । साथै, सार्वजनिक ऋणको परिचालन गर्न सक्ने प्रयाप्त वित्तीय दायरा (Fiscal Space) छ । वित्तीय दायराको उचित सदुपयोग गर्दै विकासको बढ्दो आवश्यकतालाई पूरा गर्न सार्वजनिक ऋणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने चुनौती छ । यसका साथै प्रदेश तथा स्थानीय तहबाट समेत ऋण लिन पाउने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने गरी विधि र प्रणालीको विकास गर्ने चुनौती छ ।

२.९५ आर्थिक समृद्धिको गन्तव्यमा पुग्नका लागि राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नुपर्नेछ । यसका लागि आर्थिक वृद्धि र समता बीच सन्तुलन कायम गर्ने गरी सार्वजनिक वित्तका नीतिहरूको तर्जुमा एवं कार्यान्वयनमा दक्षता ल्याउने चुनौती छ ।

# ३. मूल्य

| |
|---|
| आपूर्ति व्यवस्थामा आएको सहजता र मुद्राप्रदाय वाञ्छित स्तरमा रहेकाले आर्थिक वर्ष २०७३/७४ मा मुद्रस्फीतिदर आठ वर्ष यताकै न्यून छ । समीक्षा अविधमा गैर-खाद्य भन्दा खाद्य मुद्रास्फीतिदर न्यून रहेको छ । कमजोर सडक सञ्जाल, अपर्याप्त आपूर्ति व्यवस्था लगायतका संरचनागत समस्याहरूले गर्दा मुद्रास्फीतिमा उतारचढाव तथा भौगोलिक आधारमा समेत फरक रहेको छ । थोक मूल्यमा आधारित मुद्रास्फीति न्यूनस्तरमा छ भने राष्ट्रसेवक कर्मचारीको तलब वृद्धिसँगै तलब तथा ज्यालादर सूचकाङ्क बढेको छ । |

३.१ मौद्रिक स्थायित्व वा मूल्य स्थायित्व नेपालको समग्र आर्थिक स्थायित्वको महत्त्वपूर्ण पक्षंको रूपमा रहेको छ । गरिबी निवारण लगायत समग्र आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न मूल्य स्थायित्वको महत्त्वपूर्ण भूमिका रहन्छ । यसप्रकार नेपालको समष्टिगत आर्थिक नीति मुद्रास्फीतिलाई वाञ्छित स्तरमा कायम राख्न समेत लक्षित रहने गरेको छ ।

## मुद्रास्फीतिको स्वरूप र प्रवृत्ति

३.२ विगतका वर्षहरूमा रहेको उच्च मुद्रास्फीति समष्टिगत आर्थिक नीतिको प्रमुख चासोको विषय हो । आर्थिक वर्ष २०६७/६८ देखि आर्थिक वर्ष २०७२/७३ को अवधिमा औसतमा मुद्रास्फीतिदर ८.९ प्रतिशत, खाद्य मुद्रास्फीतिदर ९.९ प्रतिशत र गैर-खाद्य मुद्रास्फीतिदर ८.० प्रतिशत रह्यो । विगत आठ वर्षदेखि मुद्रास्फीति दबाब (Inflationary Pressure) उच्च रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा यस्तो दबाबमा कमी आएको छ।

**चार्ट ३(क): नेपालको मुद्रास्फीतिको प्रवृति (२०६६-२०७३, प्रतिशतमा)**



३.३ मुद्रास्फीतिदरमा उच्च उतार चढाव समेत रहने गरेको छ । आर्थिक वर्ष २०६०/६१ मा ४.० प्रतिशत रहेको समग्र मुद्रास्फीति दर आर्थिक वर्ष २०६५/६६ मा १२.६ प्रतिशत पुग्यो । चालु आर्थिक वर्षमा पुन मुद्रास्फीतिदर घटेको छ । विगतदेखि नै गैर-खाद्य भन्दा खाद्य मुद्रास्फीतिको उतार चढाव उच्च रहेको छ । भारतीय मुद्रास्फीति, पेट्रोलियम पदार्थको मूल्य तथा आपूर्तिमा आउने उतारचढाव, एकाधिकारमुखी प्रवृति, कालोबजारी, अस्वस्थ्य प्रतिस्पर्धा र  बन्द हडताल लगायतका संरचनागत एवं आपूर्तिमा असहजता जस्ता कारणले मुद्रास्फीतिमा उतारचढाव रहने गरेको हो ।

३.४ मुद्रास्फीतिमा तुलनात्मक रूपले खाद्य मुद्रास्फीतिको योगदान उच्च रहेको छ । २०६५ कार्तिक यता अधिकांश महिनामा समग्र मुद्रास्फीतिमा गैर-खाद्य भन्दा खाद्य मुद्रास्फीतिको योगदान उच्च रहदै आएकोमा २०७२ माघ देखि गैर-खाद्य मुद्रास्फीतीको योगदान उच्च छ । आर्थिक वर्ष २०७१/७२ को समग्र मुद्रस्फीति दरमा खाद्य मुद्रास्फीतिको योगदान ५८.११ प्रतिशत अर्थात ४.१२ प्रतिशत विन्दु रहेकामा आर्थिक वर्ष २०७२/७३ मा यस्तो योगदान ४८.२४ प्रतिशत अर्थात ४.८० प्रतिशत रहेको थियो । त्यस्तै, सोही अवधिमा गैर-खाद्य मुद्रास्फीतिको योगदान ४१.८९ प्रतिशत अर्थात २.९७ प्रतिशत विन्दुबाट बढेर ५१.७६ प्रतिशत अर्थात ५.१५ प्रतिशत विन्दु पुगेको थियो ।

**चार्ट ३(ख): समग्र मुद्रास्फीति दर (२०५३-२०७३, प्रतिशतमा)**




## समग्र उपभोक्ता मूल्य स्थिति

३.५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिमा औसत उपभोक्ता मुद्रास्फीति दर ५.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो उपभोक्ता मुद्रास्फीति

दर औसत ९.७ प्रतिशत थियो । आर्थिक वर्ष २०७३/७४ को फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर २.९ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.२ प्रतिशत थियो । विगत वर्षमा भन्दा चालु वर्षमा आपूर्ति व्यवस्थामा आएको सुधार, भारतमा मुद्रास्फीति न्यून रहेको तथा गत वर्षको आधार मूल्यको प्रभावका कारण उपभोक्ता मुद्रास्फीति घटेको हो ।

**तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकांकमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर**
**(आधार वर्ष २०७१/७२ = १००, प्रतिशत परिवर्तन)**

| महिना | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|
| साउन | ११.९ | ७.९ | ७.५ | ६.९ | ८.६ |
| भदौ | ११.२ | ८.० | ७.६ | ७.२ | ७.९ |
| असोज | १०.५ | ८.४ | ७.५ | ८.२ | ६.७ |
| कार्तिक | १०.५ | १०.० | ७.२ | १०.४ | ४.८ |
| मंसीर | १०.४ | १०.३ | ७.० | ११.६ | ३.८ |
| पुस | ९.८ | ९.७ | ६.८ | १२.१ | ३.२ |
| माघ | १०.१ | ८.८ | ७.० | ११.३ | ३.३ |
| फागुन | १०.२ | ८.९ | ७.० | १०.२ | २.९ |
| चैत | ९.५ | ९.४ | ६.९ | ९.७ | - |
| वैशाख | ८.७ | ९.७ | ७.१ | १०.० | - |
| जेठ | ८.२ | ९.५ | ७.४ | ११.१ | - |
| असार | ७.८ | ८.१ | ७.६ | १०.४ | - |
| **औसत** | **९.९** | **९.१** | **७.२** | **९.९** | **५.१** |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## समूहगत उपभोक्ता मूल्य स्थिति

३.६ समीक्षा अवधिमा वार्षिक विन्दुगत खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ०.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो समूहको मूल्य सूचकाङ्क १०.३ प्रतिशतले बढेको थियो । यस समूह अन्तरगत दलहन तथा गेडागुडीको मूल्य ११.२ प्रतिशतले, तरकारीको मूल्यमा ८.३ प्रतिशत र घीउ तथा तेलको मूल्य ५.८ प्रतिशतले कमी आएकोले समग्र खाद्य मूद्रास्फीति दर घटन गएको हो ।

३.७ गैर–खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क २०७३ फागुनमा वार्षिक विन्दुगत आधारमा ५.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस समूहको सूचकाङ्क १०.२ प्रतिशतले बढेको थियो । यस समूह अन्तरगत लत्ता कपडा तथा जुत्ता, घरायसी सामान तथा सेवा, शिक्षा, यातायात, सञ्चार, स्वास्थ र घरयासी सामान तथा सेवा लगायतका

वस्तुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेकोले गैर-खाद्य मुद्रास्फीतिदर कम रहेको हो । लत्ता कपडा तथा जुत्ताको ७.४ प्रतिशत, घरायसी सामान तथा सेवाको ७.७ प्रतिशत, शिक्षाको ८.९ प्रतिशत र फर्निचर तथा घरायसी उपकरणको ४.७ प्रतिशतले बढेको छ ।

**तालिका ३ (ख) : विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकांकमा भएको परिवर्तन**
**(आधार वर्ष २०७१/७२=१००, प्रतिशत परिवर्तन)**

| उपभोग्य वस्तुहरू | भार प्रतिशत | आर्थिक वर्ष (फागुन महिना) | | | |
|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| **कुल (क+ख)** | **१००.** | **८.९** | **७.०** | **१०.२** | **२.९** |
| **क. खाद्य तथा पेय पदार्थ** | **४६.८** | **१०.८** | **९.५** | **१०.३** | **-०.४** |
| अन्न तथा अन्नबाट बनेका परिकार | १४.८ | ११.७ | ७.८ | ९.२ | -०.१ |
| दाल | २. | ६.८ | १६.७ | ३१.६ | -११.२ |
| तरकारी | ५.७ | १३.९ | ४.८ | ६.८ | -८.३ |
| मासु तथा माछा | ५.७ | १३.५ | ९.९ | ६.५ | ०.० |
| दुग्ध पदार्थ तथा अण्डा | ५. | ६.७ | १६.८ | ११.९ | ३.९ |
| घ्यू तथा तेल | २.७ | ०.३ | -०.४ | १८.८ | -५.८ |
| फलफूल | २.२ | १४.१ | १०.४ | ९.२ | ०.९ |
| चिनी तथा मिठाई | १.४ | -३.५ | -०.१ | ६.७ | १५.२ |
| मसला | १.५ | १०.५ | १२. | १६.६ | २.४ |
| हल्का पेय पदार्थ | १. | २.४ | ४.२ | ४.७ | ३.१ |
| मदिरा | १.७ | २२.५ | २१.१ | १४.५ | १०.७ |
| सूर्तिजन्य पदार्थ | ०.९ | २५.३ | २६.६ | ७.९ | ४.६ |
| रेष्टुराँ तथा होटल | २.४ | ९.५ | ११.३ | ९.९ | ५.१ |
| ख. गैर खाद्य वस्तु तथा सेवा | ५३.२ | ७.१ | ४.९ | १०.२ | ५.६ |
| लत्ता कपडा तथा जुत्ता | ८.५ | १२.२ | १०. | १५.३ | ७.४ |
| घरायसी सामान तथा सेवा | १०.९ | ५.१ | ०.९ | १३.१ | ७.७ |
| फर्निचर तथा घरायसी उपकरण | ४.९ | ९.४ | ८.९ | ६.८ | ४.७ |
| स्वास्थ्य | ३.३ | ९.१ | ४.३ | २.५ | २.२ |
| यातायात | ६. | ४.९ | ०.५ | ३.४ | -१.३ |
| सञ्चार | ३.६ | ०.१ | ०.३ | ५.७ | ०.० |
| मनोरञ्जन तथा संस्कृति | ५.४ | ७.५ | ६.२ | ४.८ | १.७ |
| शिक्षा | ८.५ | ७.८ | ५.५ | १२.४ | ८.९ |
| अन्य वस्तु तथा सेवाहरू | २.२ | ६.५ | ८.३ | ८.१ | ५.७ |

स्रोत : नेपाल राष्ट्र बैंक

## क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.८ भौगोलिक क्षेत्रका अनुसार पहाडमा मुद्रास्फीति उच्च रहेको छ । समीक्षा अवधिमा काठमाडौं उपत्यकामा उपभोक्ता मुद्रास्फीति १.९ प्रतिशत, पहाडमा ५.९ प्रतिशत, हिमालमा ३.७ प्रतिशत र तराईमा २.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर काठमाडौं उपत्यकामा १२.७ प्रतिशत, पहाडमा १०.४ प्रतिशत, हिमालमा ८.५ प्रतिशत र तराईमा ८.६ प्रतिशत रहेको थियो । कमजोर सडक सञ्जाल तथा सुक्ष्म तहमा कमजोर आपूर्ति व्यवस्था लगायतका कारणले वस्तु तथा सेवाहरूको उच्च उत्पादन मूल्य तथा क्षेत्रगत आधारमा फरक रहने गरेको हो ।

**चार्ट ३(ग): भौगोलिक क्षेत्रका आधारमा मुद्रास्फीतिदर (२०७२-२०७३, प्रतिशतमा)**




स्रोत : नेपाल राष्ट्र बैंक

## थोक मूल्य सूचकाङ्क

३.९ आर्थिक वर्ष २०७३/७४ को फागुन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर १.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.५ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुको मूल्य सूचकाङ्क ०.२ प्रतिशतले घटेको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ४.२ प्रतिशत र आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.१ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६.३ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको थियो ।

३.१० कृषि वस्तु समूह अन्तर्गत नगदेबालीको मूल्य १२.८ प्रतिशत र फलफूल तथा तरकारीको मूल्य ७.६ प्रतिशतले घटेको छ भने मसला उप–समूहको मूल्य १०.८ प्रतिशत र पशु उत्पादन उप–समूहको मूल्य ७.२ प्रतिशतले बढेको छ । स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहमा पेय तथा सूर्तिजन्य वस्तुहरू र खाद्यसँग सम्बन्धित वस्तुहरू दुवै उप-समूहको मूल्य ६.० प्रतिशतले वृद्धि भएको छ भने निर्माण सामाग्रीको मूल्य १.३ प्रतिशतले घटेको छ । त्यसैगरी, आयातीत वस्तु समूहमा यातायातका साधन र मेसिनरीहरूको मूल्य १३.२ प्रतिशतको उच्च दरले बढेको छ भने पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य १.२ प्रतिशतले घटेको छ ।

**तालिका ३ (ग) : राष्ट्रिय थोकमूल्य सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन**
**(आधार वर्ष २०५६/५७=१००, प्रतिशत परिवर्तन)**

| समूह | भार | आर्थिक वर्ष ( फागुन महिना) | | | |
|---|---|---|---|---|---|
| | प्रतिशत | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| समग्र थोकमूल्य सूचकाङ्क | १००.० | ८.३ | ५.५ | ५.५ | १.० |
| कृषिसम्बन्धी वस्तु | ४९.६ | ११.३ | ८.४ | ९.१ | -०.२ |
| स्वदेशमा उत्पादित औधोगिक वस्तु | २०.४ | ६.७ | ६.० | ६.३ | ४.२ |
| आयातित वस्तु | ३०.० | ३.७ | - ०.८ | - २.८ | १.८ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.११ वार्षिक विन्दुगत आधारमा २०७३ फागुन महिनामा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १४.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ४.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १८.९ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १३.० प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले सार्वजनिक सेवाका कर्मचारीको तलब वृद्धि गरेकोले तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि भएको हो। तलब अन्तर्गत निजामती सेवा, सैनिक तथा प्रहरीबल, शिक्षा र सार्वजनिक संस्थान उप–समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत, २०.७ प्रतिशत र २१.७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १३.० प्रतिशत, १३.५ प्रतिशत र ११.६ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ३ (घ) : राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन**
**(आधार वर्ष २०६१/६२=१००, प्रतिशत परिवर्तन)**

| उपभोग्य वस्तुहरू | भार प्रतिशत | आर्थिक वर्ष (फागुन महिना) | | | |
|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| **कुल सूचकाङ्क** | **१००.०** | **१६.९** | **६.८** | **४.६** | **१४.१** |
| **१. तलव सूचकाङ्क** | **२७.०** | **२६.४** | **७.६** | **०.८** | **१८.९** |
| १.१ निजामती सेवा | २.८ | ३१.३ | ९.७ | ०.० | २४.२ |
| १.२ सार्वजनिक संस्थानहरू | १.१ | २७.६ | ७.५ | ०.७ | २१.७ |
| १.३ बैंक तथा वित्तीय संस्था | ०.६ | ४७.७ | ४.३ | २.३ | १२.९ |
| १.४ सेना तथा प्रहरीबल | ४.० | ३४.५ | ८.५ | ०.० | २३.६ |
| १.५ शिक्षा | १०.६ | ३०.५ | ९.१ | १.५ | २०.७ |
| १.६ निजी प्रतिष्ठानहरू | ७.९ | ०.० | ०.० | ०.० | ०.० |
| **२.ज्यालादर सूचकाङ्क** | **७३.०** | **१४.८** | **६.६** | **५.५** | १३.० |
| २.१ कृषि मजदुर | ३९.५ | ११.१ | ७.९ | ५.६ | १३.५ |
| २.२ औधोगिक मजदुर | २५.२ | २४.८ | २.७ | ३.६ | ११.६ |
| २.३ निर्माण मजदुर | ८.३ | १०.० | १०.४ | १०.२ | १३.० |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## दैनिक उपभोग्य वस्तुको खुद्रा मूल्य

३.१२ दैनिक उपभोग्य वस्तुहरू मध्ये प्रमुख १० कृषिजन्य वस्तुहरूको सरदर खुद्रा मूल्य श्रावणको तुलनामा २०७३ फागुनमा चामल, रहरको दाल, तोरीको तेल, खारेको घ्यू र खसीको मासुको मूल्य वृद्धि भएको छ भने गहुँको पीठो, मासको दाल, आलु, सुकेको प्याज र ताजा अदुवाको मूल्य घटेको छ । त्यसैगरी, फागुन महिनामा तोरीको तेल, घ्यू, अदुवा र मासु बाहेक अन्य वस्तुहरूको मूल्य पहाडमा भन्दा तराईमा कम रहेको छ ।

**तालिका ३ (ङ) : प्रमुख खाद्य वस्तुहरूको सरदर खुद्रा बजार मूल्य (रु. प्रति किलो ग्राममा)**

| वस्तुको नाम | २०७३/७४ | | | | | |
|---|---|---|---|---|---|---|
| | पहाड | | तराई | | नेपाल | |
| | श्रावण | फागुन | श्रावण | फागुन | श्रावण | फागुन |
| चामल मोटो | ४६.८ | ४५.० | ४०.७ | ४२.८ | ४३.७ | ४३.९ |
| गहुँको पीठो | ५१.५ | ४४.८ | ३९.९ | ४३.८ | ४५.७ | ४४.३ |
| मासको दाल | २६८.८ | २५७.८ | १९८.२ | १७९.३ | २३३.५ | २१८.५ |
| रहरको दाल | २३२.३ | २४६.० | १९९.५ | १९४.३ | २१५.९ | २२०.२ |
| तोरीको तेल प्रति लिटर | १८७.३ | १८१.८ | १७२.५ | १९३.२ | १७९.९ | १८७.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ्यू खारेको | ७०२.५ | ७३७.५ | ७९१.३ | ८७९.३ | ७४६.९ | ८०८.४ |
| खसीको मासु | ६३७.५ | ६४७.५ | ६४५.८ | ६८१.३ | ६४१.६ | ६६४.४ |
| आलु रातो | ५१.५ | ३६.३ | ३७.३ | २१.८ | ४४.४ | २९.० |
| सुकेको प्याज | ४६.५ | ४२.८ | ३३.० | ३१.५ | ३९.८ | ३७.१ |
| अदुवा ताजा | ११३.८ | ६८.८ | ९८.० | ८३.८ | १०५.९ | ७६.३ |

स्रोतः कृषि बिभाग, कृषि ब्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन ।

* प्रारम्भिक तथ्याङ्क ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ तथा सुनको मूल्य

३.१३ समीक्षा अवधिमा अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ फागुन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ३९.४१ रहेकोमा २०७३ फागुन मसान्तमा २७.१ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ५०.१० कायम भएको छ । तेल निर्यातकहरूको संघ ओपेकले पेट्रोलियम पदार्थको उत्पादन कटौती गर्ने निर्णय गर्दा पेट्रोलियम पर्दाथको मूल्यमा वृद्धि भएको हो ।

**तालिका ३ (च) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य**

| वस्तुको नाम | असार मसान्त | | | फागुन मसान्त | | | प्रतिशत परिवर्तन (फागुन) | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७१ | २०७२ | २०७३ | २०७१ | २०७२ | २०७३ | २०७२ | २०७३ |
| तेल (डलर प्रति ब्यारल) * | १०४.७ | ५७.३ | ४६.३ | ५४.८ | ३९.४१ | ५०.१० | -२८.१ | २७.१ |
| सुन (डलर प्रति आउन्स) ** | १३१०.० | ११४४.४ | १२८३.३ | ११५२.० | १२६४.८ | १२०४.२ | ९.८ | -४.८ |

स्रोत : नेपाल राष्ट्र बैंक

* क्रुड आयल ब्रेन्ट, ** लन्डन दरमा आधारित ।

३.१४ २०७२ फागुन मसान्तमा सुनको मूल्य प्रति आउन्स अमेरिकी डलर १ हजार २ सय ६५ रहेकोमा २०७३ फागुन मसान्तमा ४.८ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर १ हजार २ सय ४ पुगेको छ ।

## नेपालमा पेट्रोलियम पदार्थको मूल्य प्रवृत्ति

३.१५ विगत केही वर्षयता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेकोले नेपालमा समेत समीक्षा अवधिमा पेट्रोलियम पदार्थको खुद्रा मूल्य घटेको छ । पेट्रोलियम पदार्थहरूमध्ये पेट्रोलको मूल्य आर्थिक वर्ष २०६८/६९ मा रु. १२० रहेकोमा क्रमशः बढ्दै आर्थिक वर्ष २०७०/७१ मा रु. १३५ पुगेकोमा पुनः घटेर आर्थिक वर्ष २०७३/७४ मा रु. १०१.५ रहन गएको छ । त्यसैगरी, डिजेल र मट्टितेलको मूल्य आर्थिक वर्ष २०६८/६९ को रु.

८९ बाट बढेर आर्थिक वर्ष २०७०/७१ मा रु. १०६ पुगेकोमा आर्थिक वर्ष २०७३/७४ मा घटेर रु. ७७.५ पुगेको छ ।

३.१६ पेट्रोलियम पदार्थको थोक बिक्री वितरण बिराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौं, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत, दाङ्ग, धनगढी, दिपायल र जनकपुरबाट गरिएको छ । ढुवानीको दुरीको आधारमा पेट्रोलियम पदार्थको थोक मूल्य तथा खुद्रा मूल्य फरक राखिएको छ । २०७३ फागुन मसान्तमा काठमाडौं उपत्यकामा पेट्रोलको खुद्रा मूल्य रु. १०१.५, डिजेल तथा मट्टितेलको खुद्रा मूल्य रु. ७७.५ र हवाई इन्धनको मूल्य रु. ८६ प्रति लिटर रहेको छ ।

**चार्ट ३(घ): नेपालमा पेट्रोलियम पदार्थको मूल्य (२०६१-२०७३, मूल्य रू. मा)**




स्रोत : नेपाल राष्ट्र बैंक

## आपूर्ति स्थिति

३.१७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा पेट्रोलको आपूर्ति १०६.३ प्रतिशत, डिजेलको आपूर्ति ११०.८ प्रतिशत, हवाई इन्धनको आपूर्ति १६१.२ प्रतिशत, एल. पि. ग्यासको आपूर्ति ८५.६ प्रतिशत र मट्टितेलको आपूर्ति ६८.२ प्रतिशतले बढेको छ ।

**तालिका ३ (छ) : पेट्रोलियम पदार्थको आपूर्ति**

| पेट्रोलियम पदार्थ | प्रथम आठ महिना | | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | फागुन / फागुन |
| पेट्रोल (कि.लि.) | ११७७८९ | २४२९४३ | १०६.३ |
| डिजेल (कि.लि.) | ३४६३८० | ७३०२०८ | ११०.८ |
| मट्टितेल (कि.लि.) | ६८८३ | ११५७४ | ६८.२ |
| हवाई इन्धन (कि.लि.) | ३७१५८ | ९७००४ | १६१.१ |
| एल.पी.ग्याँस (मे.ट.) | १०१३९२ | १८८१७० | ८५.६ |

स्रोत : आपूर्ति मन्त्रालय, नेपाल सरकार ।

## चुनौती

३.१८ मुद्रास्फीतिलाई अपेक्षित स्तरमा राख्न विगतमा चालिएका विभिन्न कदमहरूका वावजुद पनि मुद्रास्फीतिमा उतारचढाव रहँदै आएको छ । यस्ता आपूर्तितर्फका समस्याहरूको समाधान गर्दै मौद्रिक तथा वित्त नीतिको उपयुक्त संयोजनमार्फत मुद्रास्फीतिदरलाई वाञ्छित स्तरमा कायम राख्नु चुनौतीपूर्ण रहेको छ ।

३.१९ क्षेत्रगत आधारमा समेत वस्तु तथा सेवाहरूको मूल्यमा फरकपना रहने गरेको छ। यस सन्दर्भमा पेट्रोलियम पदार्थ लगायत समग्र वितरण प्रणालीलाई थप व्यवस्थित गर्ने, वस्तुहरूको भण्डारण क्षमता विस्तार, बजार अनुगमन, कृषि उपजको भण्डारण, वितरण तथा मूल्य सूचना प्रणालीको व्यवस्था लगायतका समग्री आपूर्ति व्यवस्थाको प्रभावकारी कार्यन्वयन गर्नु चुनौतीपूर्ण रहेको छ ।

३.२० माग तथा आपूर्ति पक्ष लगायतका वहुआयामिक तत्वहरूले मुद्रास्फीतिलाई प्रभाव पार्ने गरेका छन् । यसप्रकार मौद्रिक, वित्त, आपूर्ति लगायतका नीतिहरूको प्रभावकारी कार्यान्वयन एवं समन्वय मार्फत मुद्रास्फीतिलाई अपेक्षित स्तरमा कायम राख्नु एक प्रमुख चुनौती हो । साथै, नीतिगत सुनिश्चतता मार्फत मुद्रास्फीति अपेक्षा (Inflation Expectation) मा अंकुश लगाउनु एक प्रमुख चुनौतीको रूपमा रहेको छ ।

३.२१ मौद्रिक नीतिमार्फत मुद्रास्फीतिलाई वाञ्छित स्तरमा राख्ने र मूल्य सङ्कलन गरी मुद्रास्फीतिदर प्रकाशन गर्ने दुवै कार्य गर्दै आएको छ । यस्तो मूल्य सङ्कलन र मुद्रास्फीति गणना गर्ने कार्य अन्य निकायलाई दिई घरजग्गा मूल्य सूचकाङ्क लगायतका अन्य वस्तु तथा सेवाहरूको मूल्य समेत प्रकाशन गर्ने कार्य चुनौतीपूर्ण छ ।

# ४. मुद्रा तथा बैंकिङ्ग

आर्थिक वर्ष २०७३/७४ मा समग्र वित्तीय क्षेत्रको स्थिति सन्तोषजनक रहेको छ । विस्तृत मुद्राप्रदाय वाञ्छित सीमाभित्र रहेको छ भने बैंकिङ्ग क्षेत्रको निष्कृय कर्जा अनुपात घटेको छ । बैंकिङ्ग क्षेत्रको निक्षेपको विस्तार सामान्य प्रवृति (Normal Trend) मा रहेको तर आर्थिक गतिविधिमा सुधारसँगै कर्जा प्रवाह विस्तार उच्च रहेकाले बैक तथा वित्तीय संस्थाहरूको निक्षेप कर्जा अनुपात बढेको छ । समग्रमा वित्तीय क्षेत्र स्थायित्वका परिसूचकहरूको अवस्था सन्तोषजनक रहेको छ भने वित्तीय पँहुचको अवस्था सुधारोन्मुख रहेको छ । वित्तीय क्षेत्रले समष्टिगत आर्थिक स्थायित्व कायम गराउन सहयोग गरेको छ । यस क्षेत्रको सन्तोषजनक उपलब्धिले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक रहेका छन् ।

४.१ समग्र आर्थिक गतिविधिलाई चलायमान राख्न वित्तीय क्षेत्रको स्थायित्व र गतिशीलताका साथै मौद्रिक स्थायित्व आवश्यक पर्दछ । वित्तीय क्षेत्रको विकासले आर्थिक वृद्धिलाई सहयोग गर्नुका साथै वित्तीय पँहुचले यस्तो वृद्धिलाई थप समावेशी बनाउने परिप्रेक्ष्यमा नेपालको वित्तीय क्षेत्र नीति वित्तीय स्थायित्व, विकास एवं पँहुच विस्तारमा केन्द्रित छ । मौद्रिक नीतिले मूल्य स्थायित्व र बाह्य क्षेत्र स्थायित्वमा सकरात्मक योगदान पुऱ्याएको छ ।

## मौद्रिक नीति

४.२ आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक नीति तर्जुमा एवं त्यसको मध्यावधि समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ । मौद्रिक नीतिको सञ्चार तथा पारदर्शितामा थप सुधार गर्न आर्थिक वर्ष २०७३/७४ देखि मौद्रिक नीतिको त्रैमासिक समीक्षाको थालनी गरिएको छ । मौद्रिक नीति मुलतः मूल्य स्थायित्व, बाह्य क्षेत्र स्थायित्व, वित्तीय स्थायित्व लगायत तरलता व्यावस्थापन मार्फत आर्थिक वृद्धिलाई सहयोग गर्ने जस्ता उदेश्यहरूमा केन्द्रित छ।

## मौद्रिक नीतिको कार्यदिशा

४.३ आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको कार्यदिशाले भूकम्पपश्चात् अर्थतन्त्रको पुनरुत्थानका क्रममा मागपक्षबाट मुद्रास्फीतिमा पर्न सक्ने चापलाई सम्बोधन गर्ने, वित्तीय बजारको उतारतचढावमा कमी ल्याउने, वित्तीय साधनको उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने र वित्तीय समावेशीकरणमा जोड दिने लक्ष्यका साथ कार्यान्वयनमा छ ।

४.४ बाह्य क्षेत्र स्थायित्वमा पर्न सक्ने जोखिम र बजेट कार्यन्वयनबाट आर्थिक स्थायित्व कायम गर्न सहज हुने गरी मौद्रिक नीतिको कार्यदिशा अबलम्बन गरिएको छ ।

## आर्थिक तथा मौद्रिक लक्ष्य

४.५ आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिले उपभोक्ता मुद्रास्फीति दरलाई वार्षिक औषत ७.५ प्रतिशतमा सीमित राखी कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्ने र ६.५ प्रतिशतको लक्षित आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य रहेको थियो ।

४.६ विद्यमान विनिमयदर प्रणालीलाई यथावत राखी अन्तरिम लक्ष्यको रूपमा रहेको विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १७.० प्रतिशत र कुल आन्तरिक कर्जालाई २५.० प्रतिशतमा कायम राख्ने लक्ष्य राखिएको थियो । साथै, निजी क्षेत्रतर्फको कर्जा २० प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको थियो ।

## मौद्रिक नीतिको सञ्चालन उपकरण

४.७ आर्थिक तथा मौद्रिक लक्ष्य हासिल हुने गरी मौद्रिक नीतिका सञ्चालन उपकरणहरू चयन गरिएका थिए । अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, बैंकदर र पुनरकर्जादरहरूलाई यथावत राखिएको थियो ।

४.८ खुला बजार कारोबार विनियमावली, २०७१ अन्तर्गत सञ्चालनमा रहेका सोझै बिक्री, खरिद, रिपो, रिभर्स रिपो, निक्षेप संकलन बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्रमा निरन्तरता दिइएको थियो ।

४.९ अल्पकालीन व्याजदरमा आउने उतारचढावमा न्यूनीकरण गर्दै व्याजदरलाई वाञ्छित दिशामा डोऱ्याउन मौद्रिक नीतिको आधुनिक उपकरणको रूपमा व्याजदर करिडोरलाई पहिलो पटक कार्यन्वयनमा ल्याइएको छ । व्याजदर करिडोर अन्तर्गतको रिपो एवं निक्षेप संकलनको नियमित कार्यन्वयनले मौद्रिक व्यवस्थापन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

४.१० अनिवार्य नगद मौज्दात कायम गर्ने अवधिलाई एक हप्ताबाट दुई हप्ता र यस्तो मौज्दात दैनिक रूपमा कम्तीमा ७० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

४.११ कृषि, जलविद्युत, पशुपंक्षी एवं मत्स्यपालन व्यवसाय र तोकिएका अन्य उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह विस्तार गरी समग्र आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले प्रदान गर्दै

आएको साधारण पुनरकर्जा दरलाई ४ प्रतिशतमा यथावत कायम गरिएको थियो । साथै, पर्यटकीय गन्तव्य पाथीभारा, माईपोखरी, हलेशी, लाङटाङ, स्वर्गद्धारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न समेत साधारण पुनरकर्रजाको व्यवस्था थप गरिएको थियो ।

४.१२ रूग्ण उद्योग, घरेलु तथा साना उद्योग, वैदेशिक रोजगारी, दलित, जनजाति, उत्पीडित, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग तथा समुदायका व्यक्तिद्वारा सञ्चालित साना व्यवसाय आदिलाई प्रवर्द्धन गर्न र निर्यातलाई प्रोत्साहन गर्न १ प्रतिशतमा प्रदान गर्दै आएको विशेष पुनरकर्जादरलाई यथावत राखिएको थियो । साथै, अष्ट्रिच पालन, अलैंची खेती र मौरी पालन गरी निर्यात गरेमा सो बराबरको रकममा १ प्रतिशतमा पुनरकर्जा दिने व्यवस्था थप गरिएको थियो ।

**तालिका ४ (क) : बैंकदर, पुनरकर्जादर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)**

| उपकरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४# |
| **बैंकदर** | ८.० | ८.० | ८.० | ७.० | ७.० |
| **पुनरकर्जादरहरुः** | | | | | |
| निर्यात कर्जा (स्वदेशी मुद्रामा) | १.५ | १.० | १.० | १.० | १.० |
| निर्यात कर्जा (विदेशी मुद्रामा) | ०.२५* | ०.२५* | ०.२५* | ०.२५* | ०.२५* |
| रूग्ण उद्योग | १.५ | १.० | १.० | १.० | १.० |
| साना तथा घरेलु उद्योग | १.५ | १.० | १.० | १.० | १.० |
| उत्पादनमूलक क्षेत्र | ६.० | ५.० | ४.० | ४.० | ४.० |
| अनिवार्य नगद अनुपात | | | | | |
| "क" वर्ग | ६.० | ५.० | ६.० | ६.० | ६.० |
| "ख" वर्ग | ५.५ | ४.५ | ५.० | ५.० | ५.० |
| "ग" वर्ग | ५.० | ४.० | ४.० | ४.० | ४.० |
| स्थायी तरलता सुविधा दर# | ८.० | ८.० | ८.० | ७.० | ७.० |

* LIBOR Rate मा जोड्ने ।

स्रोतः नेपाल राष्ट्र बैंक ।

# वार्षिक अनुमान

४.१३ उच्च गरिबीको गहनता बढी भएका १० जिल्लाहरू तथा पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दक्षिणी सीमावर्ती गाउँपालिका एवं नगरपालिकाहरूमा कृषि तथा साना व्यवसायमा आधारित आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले १ प्रतिशत व्याजदरमा उपलब्ध गराउँदै आएको विशेष पुनरकर्जालाई निरन्तरता दिइएको थियो ।

## मौद्रिक क्षेत्र

### मुद्रा प्रदाय

४.१४ चालु आर्थिक वर्षको आठ महिनामा विस्तृत मुद्रा प्रदाय ९.५ प्रतिशतले र संकुचित मुद्रा प्रदाय २.२ प्रतिशतले बढेका छन् । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदायहरू क्रमशः ११.५ प्रतिशतले र २०.० प्रतिशतले बढेका थिए । आर्थिक गतिविधिमा सुधारसँगै निजीतर्फ क्षेत्र प्रवाहित कर्जा विस्तार भएकाले विस्तृत मुद्रा प्रदाय बढन गएको हो।



चार्ट ४ (क) : विस्तृत मुद्राप्रदाय र संकुचित मुद्राप्रदायको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)

### खुद वैदेशिक सम्पत्ति

४.१५ समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) रु. ५० अर्ब ६ करोड (५.२ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १ खर्ब ५८ अर्ब १८ करोड (२१.२ प्रतिशत) ले बढेको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिमा सुस्तता तथा आयात बढेकाले खुद वैदेशिक सम्पत्तिको वृद्धिदर न्यून रहेको हो ।

### कुल आन्तरिक कर्जा

४.१६ आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा कुल आन्तरिक कर्जा १२.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ५.५ प्रतिशतले बढेको थियो । निजी क्षेत्र तथा वित्तीय संस्था माथिको दाबी बढेको कारण समीक्षा अवधिमा कुल आन्तरिक कर्जा गत वर्षको सोही अवधिको तुलनामा उच्च रहेको हो । समीक्षा अवधिमा

सरकारमाथिको खुद दावी ६६.१ प्रतिशतले घटेको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा रु. १ खर्ब ९५ अर्ब ७१ करोडको सरकारी बचत कायम रहेकोले यस्तो दावी घट्न गएको हो । अघिल्लो वर्ष यस्तो दावी ६०.५ प्रतिशतले घटेको थियो ।

**तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू (रु. करोडमा)**

| मौद्रिक योगाङ्क | | आठ महिनाको परिवर्तन | | | |
|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४* | |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | खुद वैदेशिक सम्पत्ति (१.१-१.२) | १५८१८.३@ | २१.२ | ५००५.६# | ५.२ |
| १.१ | वैदेशिक सम्पत्ति | १८९१०.८ | २२.३ | ३३१८.१ | ३.१ |
| १.२ | वैदेशिक दायित्व | ५६०.२ | ५.६ | -८२७.३ | -७.३ |
| २ | खुद आन्तरिक सम्पत्ति (२.१-२.२) | ५७२०.२@ | ५.१ | १६३१२.१# | १२.७ |
| २.१ | कुल आन्तरिक कर्जा | ८४७१.७ | ५.५ | २२०२५.२ | १२.२ |
| (क) | सरकारलाई गएको खुद कर्जा | -७६९४.२ | -६०.५ | -५८०२.० | -६६.१ |
| | अ.सरकारमाथिको दावी | -१४६६.७ | -९.१ | २२६७.४ | ११.२ |
| | आ.सरकारी निक्षेप | ६२२७.५ | १८४.२ | ८०६९.४ | ७०.२ |
| (ख) | गैर-वित्तीय सरकारी संस्थालाई गएको कर्जा | ५५.७ | -५.५ | ४.५ | ०.६ |
| (ग) | वित्तीय संस्थानहरूलाई गएको कर्जा | ३१९.२ | १९.८ | ४२९.९ | २४.६ |
| | अ. सरकारी | १५.३ | ४.७ | १०२.४ | ३०.० |
| | आ.गैर सरकारी | ३०३.८ | २३.७ | ३२७.४ | २३.३ |
| (घ) | निजी क्षेत्रलाई गएको कर्जा | १५९०२.४ | ११.६ | २७३९२.८ | १६.२ |
| २.२ | खुद अमौद्रिक दायित्व | २७५१.५@ | ६.९ | ५७१३.१# | ११.० |
| ३ | मुद्रा प्रदाय, एम २ (३.१+३.४) | २१५३८.५ | ११.५ | २१३१७.७ | ९.५ |
| ३.१ | मुद्रा प्रदाय, एम १ (ख+क) | ८५१४.८ | २०.० | १११५.२ | २.२ |
| | (क) मुद्रा | ४१५४.१ | १५.४ | ३४३७.७ | १०.५ |
| | (ख) चल्ती निक्षेप | ४३६०.७ | २८.२ | -२३२२.४ | -१३.२ |
| ३.२ | बचत र कल निक्षेप | ११५४३.० | १२.१ | -२१०१.८ | -१.९ |
| ३.३ | आवधिक निक्षेप+ | १४८०.८ | ३.० | २२३०४.२ | ३६.६ |
| ३.४ | आवधिक र बचत निक्षेप (३.२+३.३) | १३०२३.८ | ९.० | २०२०२.४ | ११.६ |

*अपरिष्कृत, @विनिमय नाफा / नोक्सान समायोजन गरिएको, + मार्जिन निक्षेप समेत ।

@ विनिमय दर परिवर्तन नाफा रु. २५३२.४ करोड समायोजन गरिएको

#विनिमय दर परिवर्तन घाटा रु. ८६०.१ करोड समायोजन गरिएको

स्रोत : नेपाल राष्ट्र बैंक ।

४.१७ चालु आर्थिक वर्षको आठ महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा १६.२ प्रतिशत अर्थात् रु. २७३ अर्ब ९३ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ११.६ प्रतिशत अर्थात् रु. १५९ अर्ब २ करोडले बढेको थियो । समीक्षा अवधिमा औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, निर्माण, यातायात, सञ्चार तथा सार्वजनिक सेवा,

कृषि आदि क्षेत्रहरूतर्फ बैंक तथा वित्तीय संस्थाको लगानी बढेको कारण निजी क्षेत्रतर्फको दाबी बढन गएको हो ।

**तालिका ४ (ग) : प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)**

| शीर्षक | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | फागुन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०७२ | २०७३ |
| चलनचल्तिमा रहेको मुद्रा | १४.९ | १६.२ | १८.७ | २१.३ | २२.३ | १६.१ |
| सञ्चित मुद्रा | १०.९ | २३.३ | १९.८ | ४.६ | ३०.९ | १२.७ |
| चल्ती निक्षेप | १३.४ | २०.४ | २१.५ | १३.७ | ५८.९ | -२३.० |
| मुद्दती निक्षेप | १४.३ | ११.८ | १५.१ | २१.६ | ९.६ | ६१.३ |
| बचत तथा कल निक्षेप | १८.७ | २४.३ | २२.७ | १८.९ | २६.६ | ४.१ |
| नीजि क्षेत्रतर्फ प्रवाहित कर्जा | २०.२ | १८.३ | १९.४ | २३.२ | १८.५ | २८.३ |
| संकुचित मुद्राप्रदाय | १४.४ | १७.७ | १९.७ | १८.५ | ३४.३ | ०.९ |
| विस्तृत मुद्राप्रदाय | १६.४ | १९.१ | १९.९ | १९.५ | २३.६ | १७.४ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

## सञ्चित मुद्रा र मुद्रा गुणक

४.१८ आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा सञ्चित मुद्रा १२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४ प्रतिशतले बढेको थियो । बैंकहरूको राष्ट्र बैंकमा रहेको निक्षेप तथा अन्य निक्षेप वृद्धि भएकाले सञ्चित मुद्रा बढेको हो ।

**तालिका ४ (घ) : सञ्चित मुद्रा र मुद्रा गुणक**

| शीर्षक | २०७२ असार मसान्त | २०७२ फागुन मसान्त | २०७३ असार मसान्त | २०७३* फागुन मसान्त | प्रथम आठ महिनामा प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०७२/७३ | २०७३/७४ |
| सञ्चित मुद्रा (रु. करोडमा) | ५२२८९.८ | ५४३९१.२ | ५४७०५.३ | ६१२९२.३ | ४.० | १२.० |
| संकुचित मुद्रा गुणक | ०.८१२ | ०.९३७ | ०.९२० | ०.८३९ | १५.४ | -८.८ |
| विस्तृत मुद्रा गुणक | ३.५९१ | ३.८४८ | ४.१०३ | ४.०१० | ७.२ | -२.३ |

* अपरिष्कृत ।

स्रोतः नेपाल राष्ट्र बैंक ।

४.१९ मुद्रा गुणकतर्फ, विस्तृत मुद्रा गुणक २०७३ असार मसान्तमा ४.१० रहेकोमा २०७३ फागुन मसान्तमा २.३ प्रतिशतले घटन गई ४.०१ पुगेको छ । सोही अवधिमा संकुचित मुद्रा गुणक २०७३ असार मसान्तको ०.९२ रहेको तुलनामा २०७३ फागुन मसान्तमा

८.८ प्रतिशतले घटन गई ०.८४ पुगेको छ । समीक्षा अवधिमा मुद्रा प्रदायको तुलनामा सञ्चित मुद्राको विस्तार उच्च रहेकाले विस्तृत मुद्रा गुणक घटेको हो ।

## मौद्रिक उपकरणहरूको कार्यान्वयन स्थिति

४.२० मौद्रिक योगाङ्क तथा व्याजदरलाई लक्षित स्तरमा राख्न मौद्रिक उपकरणहरू मार्फत तरलता व्यवस्थापन गरिएको छ । आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोल मार्फत् रु. ३६ अर्ब ८५ करोड र रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब २५ करोडको तरलता प्रशोचन गरिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा पटक-पटक गरी निक्षेप बोलकबोल मार्फत् रु. २९७ अर्ब ५० करोड, रिभर्स रिपोमार्फत् रु. १६२ अर्ब ७७ करोड तरलता प्रशोचन गरिएको थियो।

४.२१ आर्थिक वर्ष २०७३/७४ को आठ महिनसम्मा रिपो बोलकबोल मार्फत रु. ३३ अर्ब २१ करोड तरलता प्रवाह गरिएको छ । सोही अवधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले रु. ५८ अर्ब १७ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन् ।

**तालिका ४ (ङ) : खुला बजार कारोबार स्थिति (रु. करोडमा)**

| विवरण | | २०७१/७२ | २०७२/७३ | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|
| | | | | २०७२/७३ | २०७३/७४ |
| क | तरलता प्रशोचन | ४७६८० | ५४२५५ | ४६९३७ | १०११० |
| | सोझै बिक्री बोलकबोल | ६०० | ९१० | ९१० | - |
| | रिभर्स रिपो बोलकबोल | ३१५८० | २३५९५ | १६२७७ | ६४२५ |
| | निक्षेप बोलकबोल | १५५०० | २९७५० | २९७५० | ३६८५ |
| | नेराबैंक ऋणपत्र | - | ४९०८ | - | - |
| ख | तरलता प्रवाह | ०.० | ०.० | ०.० | ४७१८ |
| | खरिद बोलकबोल | - | - | - | १३९७ |
| | रिपो बोलकबोल | - | - | - | ३३२१ |
| ग | खुद तरलता प्रशोचन (ख -क) | ४७६८० | ५९१६३ | ४६९३७ | ५३९२ |

४.२२ आर्थिक वर्ष २०७२/७३ को आठ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ६७ करोड खुद खरिद गरी रु. २८६ अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ८९ करोड खुद खरिद गरी रु. ३०६ अर्ब ३३ करोड खुद तरलता प्रवाह भएको थियो ।

४.२३ भातीय रूपैंयाको माग व्यवस्थापन गर्न समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ७२ करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. ३०१ अर्ब ९० करोड बराबरको भा.रु. खरिद

गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ३ करोड र यूरो १ करोड बिक्री गरी रु. २१५ अर्ब २ करोड बराबरको भा.रु. खरिद गरिएको थियो ।

## अन्तर बैंक कारोबार र स्थायी तरलता सुविधा

४.२४ आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा वाणिज्य बैंकहरूले रु. ७५० अर्ब ४९ करोड र अन्य वित्तीय संस्था (वाणिज्य बैंकबीच बाहेक) ले रु. २७५ अर्ब ८५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाले क्रमशः रु. ५२३ अर्ब ८४ करोड र रु. ४५ अर्ब २० करोडको यस्तो कारोबार गरेका थिए ।

## व्याजदर

४.२५ २०७२ फागुनको तुलनामा २०७३ फागुनमा ९१-दिने ट्रेजरी विल तथा अन्तर-बैंक कारोबारको भारित औषत व्याजदरमा वृद्धि भएको छ । २०७२ फागुनमा ९१-दिने ट्रेजरी विलको भारित औषत व्याजदर ०.५३ प्रतिशत रहेकोमा २०७३ फागुनमा ०.७४ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औषत व्याजदर २०७२ फागुनको ०.४२ प्रतिशतको तुलनामा २०७३ फागुनमा ०.९० प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाबीचको अन्तर-बैंक कारोबारको भारित औषत व्याजदर २०७२ फागुनको ०.९८ प्रतिशतको तुलनामा २०७३ फागुनमा ७.९६ प्रतिशत रहेको छ । यस्तो वाणिज्य बैंक र अन्य वित्तीय संस्थाबीच व्याजदर फरकपनाले अन्तरबैंक बजारमा उच्च घर्षण (Friction) रहेको जनाउँदछ ।

चार्ट ४ (ख): निक्षेप , कर्जा र आधार व्याजदर (भारित औसत, प्रतिशतमा)



४.२६ २०७३ फागुनमा वाणिज्य बैंकले निक्षेपमा प्रदान गर्ने भारित औषत व्याजदर ५.०४ प्रतिशत तथा कर्जामा लिने भारित औषत व्याजदर १०.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप तथा कर्जाको व्याजदर क्रमशः ३.०६ प्रतिशत र ९.१७ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकको औषत आधार दर २०७२ फागुनको ६.४६ प्रतिशतको तुलनामा २०७३ फागुनमा ८.३० प्रतिशत रहेको छ ।

**तालिका ४ (च) : व्याजदरको संरचना (प्रतिशत)**

| भारित औषत व्याजदर | २०७२ असार | २०७२ असोज | २०७२ पुस | २०७२ चैत्र | २०७३ असार | २०७३ असोज | २०७३ पुस | २०७३ फागुन |
|---|---|---|---|---|---|---|---|---|
| ९१ दिने ट्रेजरी विल | ०.१७ | १.१ | ०.६८ | १.१० | ०.०५ | २.१२ | १.७४ | ०.७४ |
| **अन्तर-बैंक दर** | | | | | | | | |
| वाणिज्य बैंकहरू बीच | १.०१ | ०.६४ | ०.२६ | १.५९ | ०.६९ | ३.२७ | २.७१ | ०.९० |
| अन्य वित्तीय संस्था बीच | ३.८९ | २.१ | १.२१ | १.५२ | ३.२५ | ४.१३ | ५.५३ | ७.९६ |
| **निक्षेप** | ३.९४ | ३.५५ | ३.३२ | २.९४ | ३.२८ | ३.३० | ३.९८ | ५.०४ |
| **कर्जा** | ९.६२ | ९.४६ | ९.२९ | ९.०६ | ८.८६ | ८.६२ | ९.३१ | १०.६० |
| **आधार व्याजदर** | ७.८८ | ७.२२ | ६.८२ | ६.३२ | ६.५४ | ६.४३ | ७.१० | ८.३० |

स्रोतः नेपाल राष्ट्र बैंक ।

## निक्षेप परिचालन तथा कर्जा प्रवाह

४.२७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप ८.३ प्रतिशत (रु. १ खर्ब ६६ अर्ब ४९ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ८.४ प्रतिशत (रु. १ खर्ब ४१ अर्ब ७९ करोड) ले बढेको थियो। २०७३ फागुनमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमशः ६.९ प्रतिशत, ३७.६ प्रतिशत र ३८.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.१ प्रतिशत, ४४.१ प्रतिशत, र २८.५ प्रतिशत रहेको थियो । अन्य निक्षेपको तुलनामा मुद्दती निक्षेपमा व्याजदर बढेकाले समीक्षा अवधिमा कुल निक्षेपमा मुद्दती निक्षेपको अंश बढेको हो ।

**तालिका ४ (छ) : निक्षेप परिचालन तथा कर्जा प्रवाह (रु. करोडमा)**

| शीर्षक | २०७२ असार मसान्त | २०७२ फागुन मसान्त | २०७३ असार मसान्त | २०७३ फागुन मसान्त | प्रथम आठ महिनामा प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०७२/७३ | २०७३/७४ |
| निक्षेप परिचालन | | | | | | |
| वाणिज्य बैंकहरू | १४५२७५ | १५७०३२ | १७५३४३ | १९१५१६ | ८.१ | ९.२ |
| विकास बैंकहरू | २३०७३ | २४२४७ | २६८९० | २६८६१ | ५.१ | -०.१ |
| वित्त कम्पनी | ७१६४ | ७७८५ | ६३०३ | ५६७७ | ८.७ | -९.९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था + | १६८८८३ | १८३०६२ | २०१६८२ | २१८३३० | ८.४ | ८.३ |
| कर्जा प्रबाह (निजी क्षेत्रमा) | | | | | | |
| वाणिज्य बैंकहरू | १०८०५४ | १२०४५१ | १३६७२८ | १६०८३४ | ११.५ | १७.६ |
| विकास बैंकहरू | १९३४२ | २०६९७ | २३२७० | २४७७८ | ७.० | ६.५ |
| वित्त कम्पनी | ६४९७ | ७१४९ | ५६८६ | ५४८४ | १०.० | -३.६ |
| बैंक तथा वित्तीय संस्था+ | १३३८९३ | १४८२९६ | १६५६८४ | १९१०९६ | १०.८ | १५.३ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

* अपरिष्कृत ।

+ बैंक तथा वित्तीय संस्थाहरू बीच एक आपसको निक्षेप समायोजन गरिएको ।

४.२८ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १५.३ प्रतिशत (रु. २५४ अर्ब १२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १०.८ प्रतिशत (रु. १४४ अर्ब ३ करोड) ले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र विकास बैंकको कर्जा प्रवाह क्रमशः १७.६ प्रतिशत र ६.५ प्रतिशत बढेको छ भने वित्त कम्पनीको कर्जा प्रवाह ३.६ प्रतिशतले घटेको छ ।

**तालिका ४ (ज) : क्षेत्रगत आधारमा कर्जा प्रवाहको अवस्था (रु. करोडमा)**

| क्षेत्र | २०७२ असार | २०७३ असार | २०७३ फागुन | २०७३ (असार-फागुन प्रतिशत परिवर्तन) | कुल कर्जामा अंश (२०७३ फागुन प्रतिशतमा) |
|---|---|---|---|---|---|
| कृषि | ६५१६.० | ७८७९.१ | ८५४५.३ | ८.५ | ४.४ |
| खानी | ३५२.६ | ३४०.४ | ३२९.५ | -३.२ | ०.२ |
| उत्पादन | २५५५६.६ | २९६११.१ | ३३१७०.५ | १२.० | १७.१ |
| निर्माण | १५२८७.२ | १८२८७.२ | २१५६८.६ | १७.९ | ११.१ |
| धातु उत्पादन, मेशिनरी र विद्युतीय उपकरण | १६२०.८ | १९४७.३ | २३४३.६ | २०.३ | १.२ |
| यातायातका समान उत्पादन र फिटिङ | २३००.२ | २९९४.२ | ३५५५.१ | १८.७ | १.८ |
| यातायत, सञ्चार र सार्वजनिक सेवा | ६००४.२ | ८३९६.७ | १०२७९.५ | २२.४ | ५.३ |
| थोक तथा खुद्रा ब्यापार | २९७४६.५ | ३७४३५.० | ४२३०६.० | १३.० | २१.८ |
| वित्तीय, वीमा र स्थीर स्मत्ति | १०७२५.३ | १३५०५.६ | १५७३६.६ | १६.५ | ८.१ |
| सेवा उद्याग | १०७९९.४ | १२६५७.५ | १४५१९.६ | १४.७ | ७.५ |
| उपभोग्य ऋण | ५८६८.८ | ६५१८.७ | ७९१९.४ | २१.५ | ४.१ |
| स्थानीय सरकार | १७१.५ | १६५.५ | १५६.१ | -५.७ | ०.१ |
| अन्य | २१२५९.६ | २८४४६.९ | ३३२४३.८ | १६.९ | १७.२ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

४.२९ आर्थिक वर्ष २०७३/७४ मा समग्र आर्थिक गतिविधिमा विस्तारसँगै विभिन्न क्षेत्रमा कर्जा विस्तार भएको छ । यसप्रकार औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १२.० प्रतिशत, थोक

तथा खुद्रा व्यापारतर्फको कर्जा १३.० प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १७.९ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २२.४ प्रतिशत र कृषि क्षेत्रतर्फको कर्जा ८.५ प्रतिशतले बढेको छ । २०७३ फागुनमा लगानीमा रहिरहेको कुल कर्जामा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ४.४ प्रतिशतमात्र छ ।

## वित्तीय क्षेत्र

४.३० चालु आर्थिक वर्षको फागुनसम्ममा २८ वाणिज्य बैंक, ५५ विकास बैंक, ३६ वित्त कम्पनी तथा ५० लघु वित्तसम्बन्धी कारोवार गर्न इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्था रहेका छन् । त्यसैगरी, १५ सहकारी संस्था तथा २५ गैर सरकारी संस्थालाई पनि सीमित बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी स्थापनाका लागि इजाजत दिने कार्य स्थगन गरिएको र पुँजी वृद्धि सम्बन्धि नीतिका कारण बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्तिमा सामेल हुँदै गएकाले बैंक तथा वित्तीय संस्थाको संख्या घट्दै गएको छ ।

४.३१ बैंक तथा वित्तीय संस्थाका अतिरिक्त वित्तीय प्रणालीका अभिन्न अंगका रूपमा २७ बिमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक बचत बैंक लगायतका संस्था कार्यरत रहेका छन् । हुलाक बचत बैंकका ११७ कार्यालयहरू सञ्चालनमा रहेका छुन ।

**तालिका ४ (झ) : बैंक तथा वित्तीय संस्थाको संख्या (असार मसान्त)**

| वित्तीय संस्था | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७३* |
|---|---|---|---|---|---|---|
| वाणिज्य बैंक | ३२ | ३१ | ३० | ३० | २८ | २८ |
| विकास बैंक | ८८ | ८६ | ८४ | ७६ | ६७ | ५५ |
| वित्त कम्पनी | ७० | ५९ | ५३ | ४८ | ४२ | ३६ |
| लघु वित्त कारोवार गर्ने संस्था | २४ | ३१ | ३३ | ३८ | ४२ | ५० |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्था (सीमित बैंकिङ कारोवार गर्ने) | १६ | १६ | १५ | १५ | १५ | १५ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर सरकारी संस्था (लघु वित्त कारोवार गर्ने) | ३६ | ३१ | २९ | २७ | २५ | २५ |
| बिमा कम्पनी | २५ | २५ | २५ | २६ | २६ | २७ |
| कर्मचारी सञ्चय कोष | १ | १ | १ | १ | १ | १ |
| नागरिक लगानी कोष | १ | १ | १ | १ | १ | १ |
| हुलाक बचत बैंक | १ | १ | १ | १ | १ | १ |
| हुलाक बचत बैंकका कार्यालयहरू | ११७ | ११७ | ११७ | ११७ | ११७ | ११७ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

*फागुन मसान्त

४.३२ बैंक तथा वित्तीय संस्थाको निक्षेप, कर्जा सापट तथा कुल सम्पतिमा वाणिज्य बैंकको हिस्सा उच्च रहँदै आएको छ । २०७३ फागुनको कुल निक्षेप, कर्जा र सम्पतिमा वाणिज्य बैंकको अंश क्रमशः ८३.५ प्रतिशत, ७९.१ प्रतिशत र ८०.६ प्रतिशत रहेको छ ।

**तालिका ४(ञ) : निक्षेप, कर्जा तथा सम्पतिमा बैंक तथा वित्तीय संस्थाहरूको अंश**

**(२०७३ फागुन मसान्त, प्रतिशतमा)**

| संस्थाहरू | कुल निक्षेप | कुल कर्जा | कुल सम्पति |
|---|---|---|---|
| बाणीज्य बैंक | ८३.५ | ७९.१ | ८०.६ |
| विकास बैंक | ११.७ | १२.१ | १३.४ |
| वित्त कम्पनी | २.५ | २.९ | ३.० |
| अन्य संस्था# | २.३ | ५.८ | ५.० |

स्रोतः नेपाल राष्ट्र बैंक ।

#लघुवित्त संस्थाहरु र नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी ।

## वित्तीय क्षेत्र स्थायित्व

४.३३ आर्थिक वर्ष २०७३/७४ मा बैंकिङ्ग क्षेत्र सबल रहेको छ । २०७२ असार मसान्तको तुलनामा वाणिज्य बैक र वित्त कम्पनी समूहको कुल कर्जामा निष्कृय कर्जाको अनुपात घटेको छ भने विकास बैकहरूको यस्तो अनुपात सीमान्त दरले बढेको छ । वाणिज्य बैंक समूहको निष्कृय कर्जा २०७३ असार मसान्तमा १.८२ प्रतिशत रहेकोमा २०७३ फागुन मसान्तमा १.७७ प्रतिशत रहेको छ । विकास बैंक समूहको निष्कृय कर्जा २०७३ असार मसान्तको १.४८ प्रतिशतबाट सीमान्त दरले बढेर २०७३ फागुन मसान्तमा १.७८ प्रतिशत पुगेको छ। त्यसैगरी, वित्त कम्पनी समूहको निष्कृय कर्जा २०७३ असार मसान्तको १४.४२ प्रतिशतबाट घटेर २०७३ फागुन मसान्तमा १३.१८ प्रतिशत पुगेको छ ।

**तालिका ४ (ट) : वित्तीय क्षेत्र सबलताका सूचक (प्रतिशतमा)**

| सूचकहरू | २०७० असार | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७३ फागुन |
|---|---|---|---|---|---|
| निष्कृय कर्जा अनुपात | ३.८ | ३.७६ | ३.३३ | २.१९ | २.१३ |
| वाणिज्य बैंक | २.६ | २.९२ | २.६३ | १.८२ | १.७७ |
| विकास बैंक | ४.५ | ४.१६ | ३.५८ | १.४८ | १.७८ |
| वित्त कम्पनी | १६.० | १४.३३ | १४.५८ | १४.४२ | १३.१८ |
| कुल तरल सम्पति/कुल निक्षेप अनुपात | ३२.७ | ३२.४८ | ३०.२२ | २७.६१ | २३.९५ |
| नगद तथा बैंक मौज्दात/कुल निक्षेप अनुपात | १६.८ | १७.७६ | १६.१७ | १५.१५ | १३.७३ |
| प्राथमिक पुँजी/ जोखिम भारित सम्पति अनुपात | ११.७ | ११.२७ | ११.३९ | ११.५२ | १२.०० |
| कुल पुँजी/जोखिम भारित सम्पति अनुपात | १३.२ | १२.७४ | १३.९२ | १२.९१ | १३.३८ |
| कुल कर्जा/कुल निक्षेप अनुपात | ७६.५० | ७६.४५ | ७६.८३ | ७९.८० | ८४.८० |

स्रोतः नेपाल राष्ट्र बैंक ।

४.३४ २०७३ फागुनमा कुल तरल सम्पत्तिको कुल निक्षेपसँगको अनुपात २३.९५ प्रतिशत, बैंकसँग रहेको नगद तथा मौज्दातको कुल निक्षेपसँगको अनुपात १३.७३ प्रतिशत र कुल कर्जाको कुल निक्षेपसँगको अनुपात ८४.८० प्रतिशत रहेको छ । २०७३ असारमा यस्ता अनुपातहरू क्रमशः २७.६१ प्रतिशत, १५.१५ प्रतिशत र ७९.८० प्रतिशत रहेका थिए। चालु आर्थिक वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा विस्तार भएकाले कुल निक्षेपको तुलनामा कुल तरल सम्पति र बैंकमा रहेको नगद तथा मौज्दातको वृद्धिदर कम भएकाले यस्तो अनुपातमा कमी आएको हो । त्यस्तै, जोखिम भारित सम्पतिको तुलनामा प्राथमिक पुँजी र कुल पुँजीको अनुपात क्रमशः १२.०० प्रतिशत र १३.३८ प्रतिशत रहेको छ ।

## वित्तीय प्रगाढता

४.३५ वित्तीय क्षेत्रको उदारीकरण र वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट वित्तीय प्रगाढता उल्लेख्य रूपमा बढेको छ । मुलतः विस्तृत मुद्राप्रदाय, निजीक्षेत्रतर्फ प्रवाहित कर्जा तथा कुल निक्षेपको कुल गार्हस्थ उत्पादनसँगको अनुपात जस्ता वित्तीय क्षेत्र प्रगाढता सूचकहरूमा उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष २०४७/४८ मा विस्तृत मुद्राप्रदायको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३१.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा ९९.९ प्रतिशतमा पुगेको छ । त्यस्तै, सोही अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा र कुल निक्षेपको कुल गार्हस्थ्य उत्पादन अनुपातसँगको अनुपात क्रमशः ११.७ प्रतिशत र २१.६ प्रतिशतबाट बढेर क्रमशः ७५.३ प्रतिशत र ८५.३ प्रतिशत पुगेको छ ।

**तालिका ४ (ठ) : वित्तीय प्रगाढताको अवस्था (प्रतिशतमा)**

| आर्थिक वर्ष | विस्तृत मुद्राप्रदाय-कुल गार्हस्थ उत्पादन अनुपात | निजी क्षेत्र प्रवाहित कर्जा-कुल गार्हस्थ उत्पादन अनुपात | कुल निक्षेप-कुल गार्हस्थ उत्पादन अनुपात |
|---|---|---|---|
| २०३१/३१ | १२.५ | ४.७ | ६.९ |
| २०४७/४८ | ३१.३ | ११.७ | २१.६ |
| २०५६/५७ | ४९.० | २८.८ | ३७.९ |
| २०६१/६२ | ५१.० | ३३.४ | ३९.३ |
| २०६६/६७ | ६०.३ | ४२.० | ४८.४ |
| २०६९/७० | ७७.६ | ५७.४ | ६६.० |
| २०७०/७१ | ७९.७ | ५८.६ | ६८.१ |
| २०७१/७२ | ८८.२ | ६४.५ | ७५.५ |
| २०७२/७३ | ९९.९ | ७५.३ | ८५.३ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

## वित्तीय पँहुच

४.३६ विगत दश वर्षयता बैंक तथा वित्तीय संस्थाको संख्या वृद्धिसँगै वित्तीय पँहुच बढेको छ। २०७३ फागुन मसान्तमा निक्षेप खाताको संख्या १ करोड ८२ लाख ७ हजार, ऋण खाताको संख्या ११ लाख ५७ हजार, एटिमको संख्या १ हजार ९ सय ८५, मोबाइल बैंकिङ सेवा प्रयोगकर्ता २२ लाख ३६ हजार र इन्टरनेट बैंकिङ सेवा प्रयोगकर्ताको संख्या ५ लाख ६४ हजार रहेको छ ।

**तालिका ४ (ड) : वित्तीय पँहुचका केही परिसूचक**

| वित्तीय पँहुचका सूचक | २०७० असार | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७३ फागुन |
|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २४९२ | २६०४ | २७२२ | २८९६ | ३००३ |
| वाणिज्य बैंक | १४८६ | १५४७ | १६७२ | १८६९ | २०१३ |
| विकास बैंक | ७६४ | ८१८ | ८०८ | ८५२ | ८३६ |
| वित्त कम्पनी | २४२ | २३९ | २४२ | १७५ | १५४ |
| प्रति बैंक शाखा जनसंख्या | १०९३८ | १०६१७ | १०३०० | ९८१८ | ९५९९ |
| निक्षेप खाताको संख्या | ११४०३३८५ | १३१२९५७४ | १४९३४६१८ | १६८३६०१७ | १८२०६७२४ |
| ऋण खाताको संख्या | ८४९९०८ | ९४०००५ | १०३३३८३ | १०९६५७० | ११५६८४१ |
| शाखारहित बैंकिङ्क केन्द्र | - | - | - | ८१२ | ९४० |
| मोबाइल बैकिङ्क सेवा प्रयोगकर्ता | - | - | - | १७५४५६६ | २२३६०७४ |
| इन्टरनेट बैकिङ्क सेवा प्रयोगकर्ता | - | - | - | ५१५४६५ | ५६४१२८ |
| एटिमको संख्या | १४९९ | १६५२ | १७२१ | १९०८ | १९८५ |
| डेबिटकार्डको संख्या | ३५८१७२६ | ४१३१२४२ | ४५३१७८७ | ४६५७१२५ | ४८४८०५३ |
| क्रेडिट कार्डको संख्या | ३८५८७ | ५७८९८ | ४३८९५ | ५२०१४ | ५८९३२ |
| प्रति १००० वयस्क जनसंख्यामा निक्षेप खाता संख्या | ६७८ | ७६१ | ८४४ | ९२९ | ९८३ |
| प्रति १००,००० वयस्क जनसंख्यामा एटिम संख्या | ८.९१ | ९.५७ | ९.७३ | १०.५३ | १०.७२ |
| प्रति १००,००० वयस्क जनसंख्यामा शाखा संख्या | १४.८२ | १५.०८ | १५.३८ | १५.९९ | १६.२१ |
| प्रति १००,००० वयस्क जनसंख्यामा डेबिट कार्ड संख्या | २१२९७ | २३९३२ | २५६११ | २५७०६ | २६१७७ |
| प्रति १००,००० वयस्क जनसंख्यामा क्रेडिट कार्ड संख्या | २२९ | ३३५ | २४८ | २८७ | ३१८ |

स्रोत: नेपाल राष्ट्र बैंक ।

*जनसंख्याको तथ्याङ्क केन्द्रिय तथ्याङ्क विभागको जनसंख्या प्रक्षेपण (मध्यमस्तर) बाट लगिएको ।

४.३७ वयस्क जनसंख्यामा निक्षेप खाता, एटिम र बैंक शाखा संख्या वित्तीय पँहुचका प्रमुख परिसूचकका रूपमा लिइन्छ । विगतका वर्षमा यस्ता परिसूचकमा भएको सुधारले वित्तीय पँहुच बढेको देखाउँदछ । २०७३ फागुन मसान्तमा प्रति १ हजार वयस्क जनसंख्यामा निक्षेप खाताको संख्या ९ सय ८३ छ । त्यसैगरी, सोही अवधिमा प्रति १ लाख वयस्क जनसंख्यमा एटिमको संख्या १०.७२, बैंक तथा वित्तीय संस्थाको शाखा संख्या १६.२१, डेबिट कार्डको संख्या २६ हजार १ सय ७७ र क्रेडिट कार्डको संख्या ३ सय १८ रहेको छ । विश्व बैंकको तथ्याङ्कका आधारमा हेर्दा नेपालमा वित्तीय पँहुचको अवस्था विकसित तथा उदीयमान मुलुकको तुलनामा न्यून स्तरमा छ ।




स्रोतः विश्व बैंक ।

४.३८ आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको (क, ख र ग वर्गका- संस्थाको) कुल शाखा संख्या ३ हजार ३ पुगेको छ । यस अविधमा वाणिज्य बैंकको शाखा संख्या २ हजार १३, विकास बैंकहरूको ८ सय ३६ र वित्त कम्पनीको १ सय ५४ पुगेको छ । बैंक तथा वित्तीय संस्थाका यी शाखाहरूलाई आधार मान्दा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र र मध्यपश्चिमाञ्चल विकास क्षेत्र वित्तीय विस्तारका दृष्टिकोणले सबै भन्दा पछाडि परेका छन् । कुल शाखा मध्ये ४४.१ प्रतिशत मध्यमाञ्चल विकास क्षेत्रमा रहेका छन् भने सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ५.१ प्रतिशत मात्र शाखा रहेका छन् ।

**तालिका ४ (ढ) : बैंक तथा वित्तीय संस्थाका शाखा (२०७२ फागुन मसान्त)**

| विकास क्षेत्र तथा अञ्चल | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | जम्मा | अंश (प्रतिशत |
|---|---|---|---|---|---|
| **पूर्वाञ्चल विकास क्षेत्र** | **३६५** | **९६** | **२५** | **४८६** | **१६.२** |
| मेची | ९९ | ३७ | ८ | १४४ | ४.८ |
| कोशी | १८० | ५० | ११ | २४१ | ८.० |
| सगरमाथा | ८६ | ९ | ६ | १०१ | ३.४ |
| **मध्यमाञ्चल विकास क्षेत्र** | **९५६** | **२८६** | **८२** | **१३२४** | **४४.१** |
| जनकपुर | १०५ | ३५ | १ | १४१ | ४.७ |
| नारायणी | १९१ | १०१ | १३ | ३०५ | १०.२ |
| वागमती | ६६० | १५० | ६८ | ८७८ | २९.२ |
| **पश्चिमाञ्चल विकास क्षेत्र** | **३८४** | **३३६** | **३७** | **७५७** | **२५.२** |
| गण्डकी | १५५ | १४४ | १५ | ३१४ | १०.५ |
| लुम्बिनी | १८२ | १६० | १९ | ३६१ | १२.० |
| धौलागिरी | ४७ | ३२ | ३ | ८२ | २.७ |
| **मध्य पश्चिमाञ्चल विकास क्षेत्र** | **१९०** | **८५** | **८** | **२८३** | **९.४** |
| राप्ती | ७२ | ४५ | ५ | १२२ | ४.१ |
| कर्णाली | १९ | २ | ० | २१ | ०.७ |
| भेरी | ९९ | ३८ | ३ | १४० | ४.७ |
| **सुदूर पश्चिमाञ्चल विकास क्षेत्र** | **११८** | **३३** | **२** | **१५३** | **५.१** |
| सेती | ७३ | १८ | २ | ९३ | ३.१ |
| महाकाली | ४५ | १५ | ० | ६० | २.० |
| **कुल जम्मा** | **२०१३** | **८३६** | **१५४** | **३००३** | **१००** |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## मर्जर तथा प्राप्ति

४.३९ वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा समेल हुने बैंक तथा वित्तीय संस्थाको संख्या बढ्दै गएको छ। २०७३ फागुन मसान्तसम्ममा १ सय ३४ वटा बैंक तथा वित्तीय संस्था (घ वर्गका सहित) मर्जर तथा प्राप्ति प्रक्रियामा गएका छन् । यसमध्ये ९१ वटा संस्थाको इजाजत खारेज हुनगई कुल ४३ संस्था कायम रहेका छन् ।

## रिजोलुसन

४.४० हालसम्म १६ वटा बैंक तथा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरेकोमा ७ वटा संस्थाको रिजोलुसन भइसकेका छन् भने समीक्षा अवधिसम्ममा ९ वटा संस्था समस्याग्रस्त अवस्थामा रहेका छन् । उक्त संस्थामा निक्षेप रु. २ अर्ब ५० करोड रहेको छ भने कर्जा

लगानी रु. ५ अर्ब ६७ करोड रहेको छ । यी संस्थाको खराव कर्जा करिब ९७.५ प्रतिशत रहेको छ भने समग्र पुँजीकोष करिब २० प्रतिशतले ऋणात्मक रहेको छ।

## लघुवित्त कारोबार गर्ने (घ) वर्गका संस्था

४.४१ ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका समुदायलाई (विशेषगरी महिलालाई) वित्तीय सेवा प्रदान गरी आयमूलक काममा संलग्न गराउनका लागि लघुवित्त कारोवार गर्ने विभिन्न बैंक तथा संस्था कार्यरत रहेका छन् । आर्थिक वर्ष २०७३ चैत मसान्तमा लघु वित्तसम्बन्धी कारोवार गर्ने "घ" वर्गका वित्तीय संस्थाको संख्या ५० रहेको छ । लघुवित्त सम्बन्धी कारोवार गर्ने "घ" वर्गका वित्तीय संस्थाको कुल सम्पत्ति/दायित्व २०७३ असार मसान्तको तुलनामा २०७३ फागुन मसान्तमा २१ प्रतिशतले बढेर रु. १ खर्ब १५ अर्ब ७६ करोड पुगेको छ । २०७३ फागुन मसान्तमा यी संस्थाको कुल निक्षेप र लिएको सापटी क्रमशः रु. २९ अर्ब ९२ करोड र रु. ६१ अर्ब ८ करोड पुगेको छ भने कुल कर्जा र लगानी क्रमशः रु. ९७ अर्ब ७० करोड र रु. २ अर्ब २६ करोड पुगेको छ ।

**तालिक ४ (ण) : लघुवित्त संस्थाको साधनको स्रोत तथा उपयोगको विवरण (रु. करोडमा)**

| | विवरण | २०७२ असार | २०७२ फागुन | २०७३ असार | २०७३ फागुन* | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७२ | २०७३* |
| साधन | पुँजी कोष | ६२०.४ | ८४५.५ | ८६७.४ | ११४७.८ | ३६.३ | ३२.३ |
| | निक्षेप | १६०५.८ | २०६६.२ | २४०९.५ | २९९२.२ | २८.६७ | २४.२ |
| | सापटी | ३८४९.७ | ४५०३.४ | ५२४३.१ | ६१०७.७ | १६.९८ | १६.५ |
| | अन्य | ५२६.८ | ७३७.७ | ७२०.० | १०३४.४ | ४०.०४ | ४३.७ |
| | नाफा नोक्सान हिसाब | २६०.४ | २२२.७ | ३३०.६ | २९३.७ | -१४.४७ | -११.२ |
| | साधन / उपयोग | ६८६३.१ | ८३७५.५ | ९५७०.७ | ११५७५.८ | २२.० | २१.० |
| उपयोग | तरल कोष | ६८२.५ | ८९७.१ | ११०७ | १०१८.० | ३१.४४ | -७.१ |
| | लगानी | २४७.८ | २९५.१ | २८४ | २२६.४ | १९.१ | -२०.२ |
| | कर्जा तथा सापटी | ५५३२.७ | ६७३०.२ | ७७२३ | ९७६९.६ | २१.६४ | २६.५ |
| | अन्य | ३९५.४ | ४५२.६ | ४५५ | ५५९.१ | १४.४६ | २३.० |
| | नाफा नोक्सान हिसाब | ४.६ | ०.५ | १.१ | २.७ | -८८.८८ | १४८.८ |

स्रोतः नेपाल राष्ट्र बैंक

* अपरिष्कृत ।

## अन्य वित्तीय संस्थाको साधनको स्रोत र उपयोगको स्थिति

## कर्मचारी सञ्चय कोष

४.४२ कर्मचारी सञ्चयकोष ऐन, २०१९ अन्तर्गत स्थापना भएको कर्मचारी सञ्चयकोषले निजामती कर्मचारी, सैनिक, प्रहरी, शिक्षक, सरकारी संस्थान तथा केही निजी कम्पनीका कर्मचारीको सञ्चयकोषको व्यवस्थापन गर्दैं आएको छ । सञ्चयकर्ताहरूबाट कोष संकलन गर्ने र ऋण

प्रदान गर्ने कार्यका अतिरिक्त यस कोषले घर जग्गा व्यवसाय, उद्योग तथा जलविद्युत परियोजनामा समेत लगानी गर्दै आएको छ । यस कोषको सम्पत्ति/दायित्व २०७३ असार मसान्तमा रु. २ खर्ब २४ अर्ब ७० करोड रहेकामा २०७३ फागुन मसान्तमा यस्तो सम्पत्ति/दायित्व रु. २ खर्ब ४५ अर्ब ६५ करोड रहेको छ । सञ्चयकर्ताहरूको सञ्चित रकम २०७३ फागुन मसान्तमा रु. २ खर्ब ३७ अर्ब ४४ करोड पुगेको छ ।

## नागरिक लगानी कोष

४.४३ नागरिक लगानीकोष ऐन, २०४७ अन्तर्गत स्थापित नागरिक लगानी कोषले व्यक्तिगत तथा संस्थागत बचत परिचालन गर्नुका साथै, ऋण तथा सापटी प्रदान गर्ने र विभिन्न संगठित संस्थाको धितोपत्र निष्कासनको कामलाई सहज तुल्याउन निष्काशन प्रबन्धकको काम समेत गर्दै आएको छ । यस कोषको सम्पत्ति तथा दायित्व २०७३ असार मसान्तमा रु. ८३ अर्ब ५ करोड रहेकोमा २०७३ चैत्र मसान्तमा यस्तो सम्पत्ति तथा दायित्व ११.७ प्रतिशतले वृद्धि भई रु. ९२ अर्ब ७२ करोड पुगेको छ ।

४.४४ कोषको स्रोत तर्फ हेर्दा २०७३ असार मसान्तमा निक्षेप (कोष संकलन) रु. ८० अर्ब १५ करोड रहेकोमा २०७३ फागुन मसान्तमा रु. ८५ अर्ब ९० लाख पुगेको छ । समीक्षा अवधिमा संकलित कुल कोष रकममध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषको अंश ६८.५ प्रतिशत, नागरिक एकांक योजनाको अंश २.० प्रतिशत, उपदान कोष योजनाको अंश १४.५ प्रतिशत, लगानी कर्ता हिसाब योजनाको अंश ३.३ प्रतिशत र बिमा कोषबाट संकलित रकमको अंश ११.७ प्रतिशत रहेको छ ।

४.४५ आर्थिक वर्ष २०७२/७३ मा कोषले पुँजी बजार सेवा अन्तर्गत मर्चेन्ट बैकिङ्ग कारोबारमा रु. ७ अर्ब ८३ करोड बराबरको साधारण तथा हकप्रद सेयर निष्कासनको काम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०७३/७४ को फागुनसम्ममा लगानी कोषले यस्तो निष्कासनको काम गरेको छैन ।

४.४६ नागरिक लगानी कोषले आर्थिक वर्ष २०७२/७३ मा विभिन्न क्षेत्रमा गरी रु. ७६ अर्ब ४८ करोड लगानी गरेकोमा २०७३ फागुन मसान्तमा रु. ८१ अर्ब ४० करोड पुगेको छ। २०७२ फागुन मसान्तमा भएको कुल लगानीमा मुद्धति निक्षेप लगायतका निश्चित व्याज प्राप्त हुने साधनहरूमा लगानीको अंश ७४.२ प्रतिशत, सरकारी ऋणपत्रमा भएको लगानीको अंश २.२ प्रतिशत, सेयरधितोपत्रमा भएको लगानीको अंश ३.१ प्रतिशत, समयकालीन कर्जाको अंश ५.० प्रतिशत र सहभागी सापटी/आवास कर्जाको अंश १५.५ प्रतिशत रहेको छ ।

## हुलाक बचत बैंक

४.४७ नेपाल सरकारबाट सञ्चालित हुलाक बचत बैंकले २०३३ सालदेखि कार्य प्रारम्भ गरेको हो। निक्षेप संकलन गर्न स्वीकृत हुलाक कार्यालयहरूको संख्या १ सय १७ रहेको भएता पनि ६८ वटा कार्यालयहरूले मात्र बैंकिङ्ग कारोबार सञ्चालन गरिरहेका छन् । हुलाक बचत बैंकको कुल निक्षेप २०७३ असार मसान्तमा रु. २ अर्ब १९ करोड ५७ लाख रहेकोमा २०७३ फागुन मसान्तमा रु. २ अर्ब १४ करोड रहेको छ । सो बैंकमा २०७३ असार मसान्तमा कुल खाता संख्या ७२ हजार १ सय ७८ रहेकोमा २०७३ फागुन मसान्त सम्ममा कुल खाता संख्या ७१ हजार १ सय ९६ पुगेको छ ।

## निक्षेप तथा कर्जा सुरक्षण

४.४८ प्राथमिकता प्राप्त क्षेत्रमा वाणिज्य बैंकलाई लगानी गर्न प्रोत्साहित गरी दुर्गम क्षेत्र तथा गरिब जनताको घरदैलोमा बैकिङ्ग सेवा पुऱ्याउने उद्देश्यले स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण निगमले प्राथमिकता प्राप्त क्षेत्र कर्जालगायत पशुधन सुरक्षण, तरकारी बाली सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण, लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण र साना तथा मझौला उद्यम कर्जा सुरक्षण जस्ता कार्यहरू गर्दै आएको छ । हाल निगमको चुक्ता पुँजी रु. २ अर्ब रहेको छ । स्वामित्व संरचना तर्फ नेपाल सरकारको ८९.२ प्रतिशत, नेपाल राष्ट्र बैंकको १० प्रतिशत र नेपाल बैंक लिमिटेड/राष्ट्रिय वाणिज्य बैंकको ०.८ प्रतिशत रहेको छ ।

**तालिका ४ (त): कर्जा तथा निक्षेप सुरक्षणको अवस्था**

| विवरण | २०७२ असार | २०७२ फागुन | २०७३ असार | २०७३ फागुन |
|---|---|---|---|---|
| **कर्जा सुरक्षण** | | | | |
| रकम (रु. करोडमा) | १९१ | ३३६ | ३६० | ७२३ |
| बैंक तथा वित्तीय संस्थाको संख्या | ५५ | ५५ | ४० | ३९ |
| कर्जा संख्या | ४२५३४ | ७५९४९ | ८१६६८ | १२७०५९ |
| **निक्षेप सुरक्षण** | | | | |
| रकम (रु. करोडमा) | २८३८० | ३१८३५ | ३१८३५ | ३६५४९ |
| बैंक तथा वित्तीय संस्थाको संख्या | १६४ | १५० | १५० | १२० |
| निक्षेप संख्या | ११९२०९६० | १३६०६४८३ | १३६०६४८३ | १५१३६८२७ |

स्रोतः कर्जा तथा सुरक्षण निगम ।

४.४९ निक्षेप तथा कर्जा सुरक्षण निगमले २०७३ असार मसान्तसम्ममा रु. ३ अर्ब ६० करोड कर्जा सुरक्षण गरेकोमा २०७३ फागुन मसान्तसम्ममा रु. ७ अर्ब २३ करोड कर्जा सुरक्षण

भएको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम "क","ख","ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दति खातामा रहेको रु. २ लाखसम्मको निक्षेप सुरक्षण गर्नु पर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७२/७३ सम्ममा १५० वटा बैंक तथा वित्तीय संस्थाको रु.३ खर्ब १८ अर्ब ३५ करोड निक्षेप सुरक्षण भएकोमा २०७३ फागुन मसान्तसम्ममा उक्त निगमबाट विभिन्न १२० वटा बैंक तथा वित्तीय संस्थाको जम्मा रु. ३ खर्ब ६५ अर्ब ४९ करोड बराबरको निक्षेप रकम सुरक्षण भएको छ ।

## कर्जा सूचना केन्द्र

४.५० कर्जा सूचना केन्द्र लिमिटेडले ऋणको भुक्तानी सम्बन्धी अवस्थाको बारेमा जानकारी हासिल गरी सो जानकारी बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउने र कालोसूचीमा रहेका ऋणीहरूको विवरण तयार पार्ने गर्दछ । यस केन्द्रमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक समूह, विकास बैंक समूह र वित्त कम्पनी समूहको क्रमशः १० प्रतिशत, ६५ प्रतिशत, १० प्रतिशत र १५ प्रतिशत सेयर स्वामित्व रहेको छ । २०७३ फागुनसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाका ८ हजार ८ ऋणी कालोसूचीमा समावेश गरिएको र सोही अवधिमा २ हजार ८ सय ७१ ऋणी सो सूचीबाट हटेका छन् ।

## ग्रामीण स्वावलम्वन कोष

४.५१ विक्रम सम्वत् २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने गरी लक्षित वर्गको आर्थिक एवं सामाजिक स्तरमा सुधार ल्याउने उद्देश्यले थोक कर्जा उपलब्ध गराउँदै आएको छ । यस कोषमा नेपाल सरकारबाट हालसम्म जम्मा रु. ५४ करोड र नेपाल राष्ट्र बैंकबाट रु. २५ करोड ३४ लाख प्राप्त भई हाल कोषको बिउ पुँजी रु. ७९ करोड ३४ लाख रहेको छ । सोही पुँजीबाट कोषले आफूसँग आवद्ध संस्थालाई सम्बन्धित संस्थाको क्षमता तथा प्राथमिक पुँजीको आधारमा कर्जा उपलब्ध गराउँदै आएको छ ।

४.५२ २०७३ चैत्र मसान्तसम्ममा कोषबाट गैरसरकारी संस्था, सहकारी संस्था र कृषि विकास बैंक गरी १ हजार १ सय ५८ वटा संस्थालाई रु. २ अर्ब २२ करोड ५६ लाख कर्जा प्रवाह भएको छ । उक्त कर्जामध्ये रु. १ अर्ब ६० करोड ६ लाख असुली भएको छ भने रु. ६१ करोड ९७ लाख कर्जा लगानीमा रहेको छ । सहकारी तथा गैर-सरकारी संस्थालाई कोषबाट प्रवाहित कर्जाको असुली दर ९४.८ प्रतिशत रहेको छ । कोषबाट गैर सरकारी संस्था र सहकारी संस्थामार्फत् उपलब्ध गराइएको यस्तो कर्जा नेपालको ७० जिल्ला पुगेको छ । विभिन्न आय तथा स्वरोजगारमूलक कार्यक्रमका लागि प्रवाह गरिने यस्तो कर्जाबाट कुल ५७ हजार ९ सय २५ ग्रामीण घर परिवार प्रत्यक्षरूपले लाभान्वित भएका छन् ।

तालिका ४ (थ) : ग्रामीण स्वावलम्बन कोषको अवस्था (रु. करोडमा)

| क्रस. | विवरण | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७३ फागुन |
|---|---|---|---|---|---|
| १ | कर्जा वितरण भएको जिल्ला संख्या | ६८ | ६८ | ७० | ७० |
| २ | कर्जा वितरित संस्था संख्या | ९४० | १,०२४ | ११०४ | ११५८ |
| ३ | लाभान्वित परिवार संख्या | ४६०८१ | ४९२४५ | ५५३०४ | ५७९२५ |
| ४ | वितरित कर्जा रकम (रु. करोडमा) | १५२.३३ | १७०.०६ | २००.१ | २२२.६ |
| ५ | असुल भएको रकम (रु. करोडमा) | ९१.३ | ११६.५ | १४४.४ | १६०.६ |
| ६ | लगानीमा रहिरहेको रकम (रु. करोडमा) | ६१.०४ | ५३.५६ | ५५.६ | ६१.० |
| ७ | भाखा नाघेको कर्जा (असुल हुनुपर्ने रकमको प्रतिशत) | ३.६७ | ५.३८ | ४.७ | ५.२ |
| ८ | कर्जा असुली (प्रतिशत) | ९६.३३ | ९४.६२ | ९५.३ | ९४.८ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

* गैर सरकारी संस्था मार्फत् गएको समेत जोडिएको ।

## सीमित बैंकिङ कारोवार गर्ने सहकारी संस्था

४.५३ सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सीमित बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेका सहकारी संस्थाको (राष्ट्रिय सहकारी विकास बैंक समेत) संख्या २०७२ फागुन मसान्तसम्ममा १६ रहेको छ । यी संस्थाको कुल सम्पत्ति तथा दायित्व २०७३ असार मसान्तसम्ममा रु. ३२ अर्ब ५२ करोड रहेकोमा २०७३ फागुन मसान्तसम्ममा रु. ३२ अर्ब ७१ करोड पुगेको छ । त्यसैगरी, २०७३ फागुन मसान्त सम्ममा यी संस्थाको निक्षेप संकलन रु. २३ अर्ब ७१ करोड पुगेको छ भने कर्जा तथा सापटी रु. २४ अर्ब १७ करोड पुगेको छ । यी संस्थाले २०७३ फागुन मसान्तसम्ममा सरकारी धितोपत्र, मुद्दति खाता र अन्यमा गरी रु. १ अर्ब ७४ करोड लगानी गरेका छन्।

## वित्तीय क्षेत्र सुधार तथा अन्य व्यवस्था

४.५४ आर्थिक वर्ष २०७३/७४ मा वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनमा परिमार्जनसहित तर्जुमा भएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४, कर्मचारी सञ्चय कोष ऐन, २०१९ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधन भएको छ । त्यसैगरी, निक्षेप सुरक्षण तथा कर्जा कोष सम्बन्धी ऐन, २०७३ ले निक्षेप तथा कर्जा सुरक्षणका क्षेत्रमा कानुनी आधारको व्यवस्था गरेको छ । त्यस्तै, अन्तर्राष्ट्रिय विवेकशील मान्यता तथा अभ्यासहरू, नेपाल लेखामान प्रतिवेदन मापदण्ड अनुसारको लेखाङ्कन पद्धतिसँग समेत सामञ्जस्यता हुनेगरी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी विनियमावली, २०७३ लागू गरिएको छ ।

४.५५ आर्थिक वर्ष २०७३/७४ देखि २०७७/७८ सम्मको वित्तीय क्षेत्र रणनीति लागू भएको छ। उक्त रणनीतिले बैंकिङ्ग, पुँजी बजार, बीमा लगायत अन्य गैर-बैकिङ्ग क्षेत्रको विकासको लागि पाँच वर्षको स्पष्ट मार्गचित्र तय गरेको छ ।

४.५६ वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत रहेको राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको सुधार कार्यमा निरन्तरताको फलस्वरूप यी संस्थाको वित्तीय अवस्थामा सुधार आएको छ । हाल दुवै बैंकको पुँजीकोष धनात्मक रहेको, चुक्त पुँजीमा उल्लेख्य वृद्धि भएको निष्कृय कर्जा अनुपात न्यून रहेको, उच्च मुनाफा र निक्षेपमा उल्लेख्य विस्तार भएका कारण यिनको अवस्था सन्तोषजनक रहेको छ ।

**तालिका ४ (द): भाखा नाघेको कर्जा तथा पुँजीकोष**

| असार मसान्त | कुल कर्जामा भाखा नाघेको कर्जा (प्रतिशत) | | पुँजीकोष (रु. अर्बमा) | |
|---|---|---|---|---|
| | नेपाल बैंक लिमिटेड | राष्ट्रिय वाणिज्य बैंक | नेपाल बैंक लिमिटेड | राष्ट्रिय वाणिज्य बैंक |
| २०६० | ६०.४७ | ६०.१५ | -९.८० | -२२.३९ |
| २०६५ | १२.३८ | २१.६५ | -५.७२ | -१५.५ |
| २०७० | ४.५३ | ५.३१ | -०.९६ | २.५० |
| २०७१ | ४.७४ | ३.९५ | ३.७६ | २.९० |
| २०७२ | ३.९५ | ३.४१ | ३.७७ | ७.५१ |
| २०७३ | २.७२ | ३.९५ | ३.२४ | १२.५२ |
| २०७३ फागुन | २.८५ | २.७५ | ६.५४ | ८.६१ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

४.५७ युवालाई कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कर्यविधि, २०७३ कार्यन्वयनमा ल्याइएको छ । नयाँ कार्यविधि बमोजिम व्याज अनुदान दरलाई ४ प्रतिशतबाट ५ प्रतिशत, कर्जा सीमालाई ७ करोड, एकल बैक सीमा ३ अर्ब र बालीको वा सामुहिक जमानीमा रु. १० लाखको सीमा कायम गरिएको छ । साथै, विपन्न वर्ग कर्जाको सीमा बढाइएको छ।

४.५८ २०७४ साउन १ गतेदेखि लागू हुने गरी रु. १० लाख वा सो भन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद/बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरणमार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.५९ सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन वाणिज्य बैकहरूमा पूर्णतः जोखिममा आधारित सुपरीवेक्षण प्रणाली लागू गरिएको छ । राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थामा BASEL II लागू गरिएको छ ।

४.६० नयाँ "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको इजाजत मनाङ, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा र दार्चुला गरी १० जिल्लाहरूमा मात्र प्रदान

गर्ने नीति अबलम्बन गरिएको छ । साथै, "घ" वर्गका लघुवित्त वित्तीय संस्थाले ग्राहकलाई प्रदान गर्ने कर्जाको व्याजदर बढीमा १८ प्रतिशत भन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ ।

४.६१ वाणिज्य बैंकले कृषि र ऊर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, वाणिज्य बैंकले विपन्न वर्ग कर्जा प्रवाह गर्ने क्रममा आफ्नो कुल कर्जा सापटको न्यूनतम २ प्रतिशत कर्जा प्रत्यक्ष रूपमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.६२ बैंक तथा वित्तीय संस्थाहरूले Margin Lending प्रकृतिको सेयर सुरक्षण राखी प्रवाह हुने कर्जामा थप कडाइ गरिएको छ ।

४.६३ भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ मा संशोधन गरिएको छ । त्यसैगरी, भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ तर्जुमा गरी कार्यन्वयनमा ल्याइएको छ ।

४.६४ काठमाडौं उपत्यका, महानगरपालिका वा उपमहानगरपालिका वा नगरपालिकाका केन्द्र बाहेकका स्थानमा शाखा खोल्न स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको छ । यस व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट शाखा खोल्ने निर्णय भएको मितिले ७ दिन भित्र नेपाल राष्ट्र बैंकलाई जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ ।

४.६५ आर्थिक वर्ष २०७३/७४ को मध्यतिर बैंकिङ क्षेत्रमा देखिएको कर्जायोग्य साधनको कमीको अवस्थालाई ध्यानमा राखी उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह अवरुद्ध नहोस् भन्ने उद्देश्यले विपन्न वर्गमा प्रत्यक्ष रूपमा प्रवाह हुने २ प्रतिशतसम्मको कर्जा, "युवालाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि" बमोजिम प्रवाह हुने कर्जा तथा उत्पादनशील क्षेत्रमा प्रवाह भएको कर्जाको ५० प्रतिशतसम्मको रकमलाई २०७४ असार मसान्तसम्म विद्यमान ८० प्रतिशतको कर्जा-निक्षेप (प्राथमिक पुँजीसहित) अनुपात गणना गर्दा घटाउने व्यवस्था गरिएको छ ।

## चुनौतीहरू

४.६६ बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै बैंकिङ्ग सेवामा विस्तार भएता पनि वित्तीय पँहुच न्यून स्तरमा छ । मुलतः ग्रामीण तथा दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको न्यून उपस्थिति र अन्य नविनत्तम वित्तीय पँहुचका उपायको न्यून प्रयोगका कारण वित्तीय पँहुच विस्तार हुन सकेको छैन । वित्तीय साक्षरता, नवीनतम प्रविधिमा आधारित वित्तीय उपकरण लगायत वित्तीय पँहुच कार्यक्रमलाई राष्ट्रिय अभियानका रूपमा कार्यन्वयन गरी वित्तीय पँहुचको विस्तार मार्फत समावेशी आर्थिक वृद्धिको प्राप्ति चुनौतीपूर्ण छ । संघीय संरचना

अनुसारका ७४४ वटा स्थानीय तहका केन्द्रमा न्यूनतम एउटा बैंकको व्यवस्था गर्न चुनौतीपूर्ण छ ।

४.६७ बचत तथा ऋण सहकारी संस्थाको माध्यमबाट वित्तीय पहुँच विस्तारमा योगदान पुगेको भएता पनि समग्र सहकारी क्षेत्रमा नियमन तथा सुपरीवेक्षण र संस्थागत सुशासनको अभाव छ । यसप्रकार छाँया बैंकिङ्ग (Shadow Banking) को विस्तारले दीर्घकालमा वित्तीय क्षेत्रमा समानान्तर बैंकिङ्गको अवस्थाका साथै वित्तीय जोखिमको सम्भावना रहन्छ । बचत तथा ऋण सहकारीको भूमिकालाई प्रष्ट रूपमा परिभाषित गर्दै यो क्षेत्रलाई व्यवस्थित गर्न संस्थागत, संरचनागत, कानुनी, नियमनकारी व्यवस्था गर्न चुनैतीपूर्ण छ ।

४.६८ मौद्रिक नीतिको आधुनिकीकरणका क्रममा व्याजदर करिडोर, निक्षेप संकलन लगायतका नयाँ मौद्रिक उपकरणलाई प्रयोगमा ल्याइएको भएता पनि बदलिदो वित्तीय क्षेत्र तथा बाह्य क्षेत्रसँगै मूल्य स्थायित्व कायम गर्न मौद्रिक नीतिको कार्यन्वयन तथा पारदर्शीतामार्फत थप विश्वशनियता (credibility) कायम गरी मुद्रास्फीति अपेक्षा (Inflation Expectation) मा अंकुश लगाउनु चुनतौपूर्ण छ ।

४.६९ अन्तर्राष्ट्रिय वित्तीय बजारको प्रभाव, वित्तीय प्रविधिको विकास एवं आर्थिक गतिविधिमा आउने उतारचढावको सन्र्दभमा वित्तीय क्षेत्रको नियमन तथा सुपरीवेक्षण कार्यलाई थप सुधार गरी वित्तीय क्षेत्रलाई थप मजबुत बनाउदै लैजान चुनैतिपूर्ण छ ।

४.७० बैंकिंङ्ग क्षेत्रको लगानीमा रहिरहेको कर्जामा घरजग्गाको धीतोमा प्रवाहित कर्जाको अंश करिब ६० प्रतिशतभन्दा बढी छ । यस सन्र्दभमा सुरक्षित कारोबार (Secured Transactions) सम्बन्धी कानूनी, संस्थागत व्यवस्था गरी चालु सम्पत्तिमा (Movable Property) समेत कर्जा प्रवाह विस्तार चुनौतीपूर्ण छ ।

४.७१ वित्तीय क्षेत्र सुधारसँगै वित्तीय क्षेत्रको विकास भएता पनि समग्र अर्थतन्त्रमा सुचनाको अभाव (Information Assymetry) का कारण उच्च कारोबार लागत (Transactions Cost) रहेकाले वित्तीय क्षेत्रमा समेत उच्च घर्षण (Market Friction) को अवस्था छ । यसप्रकार वित्तीय क्षेत्र सुधारका थप कार्यक्रम मार्फत वित्तीय क्षेत्रको विकास गरी वित्तीय सुचनाको उपलब्धता र कारोबार लागत लगायत अप्रतिस्पधी बजारमूखी प्रवृतिमा न्यूनीकरण गर्न चुनौतीपूर्ण छ ।

४.७२ नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्नको लागि छुट्टै विभागको व्यवस्था गरी कार्य अगाडि बढाएको भएता पनि भुक्तानी प्रणाली सम्बन्धी कानूनी, नीतिगत, सुपरीवेक्षण, उपकरण एवं प्रणालीगत नवपर्वतनका क्षेत्रमा कमी कमजोरी रहेका छन् । वित्तीय नवपर्वतन, प्रविधिको विकास र वित्तीय क्षेत्रको विकाससँगै भुक्तानी प्रणालीको विकास गर्नु चुनैतीपूर्ण छ ।

# ५. पुँजीबजार तथा बीमा

देशमा छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न आर्थिक वृद्धिको लागि महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको धितोपत्र बजारमा केही संरचनात्मक परिवर्तनहरू भएका छन्। धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हक हितको संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद तथा बिक्रीलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्न कानूनी तथा नीतिगत व्यवस्था भएको छ । उन्नत प्रविधिको प्रयोग मार्फत विश्वको धितोपत्र बजार थप आधुनिकीकरण हुँदै गइरहेको सन्दर्भमा धितोपत्रको पूर्ण अभौतिक कारोबार, प्राथमिक बजारमा आस्बा प्रणालीको कार्यान्वयन, हकप्रद सेयर, बोनस सेयर तथा नगद लाभांश सेयरधनीको खातामा सिधैं जम्मा हुने नयाँ व्यवस्थाले नेपालको धितोपत्र बजार पनि प्रविधिमैत्रीं र लगानीमैत्रीं बन्दै गएको छ ।

## पुँजीबजार

५.१ आर्थिक वर्ष २०७२/७३ मा धितोपत्र बजार विकासका लागि भएका थप सुधार कार्यहरू, वित्तीय बजारमा उच्च तरलता भई बैंक व्याजदर न्यून रहेको र बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि योजना सार्वजनिक भएकोले धितोपत्रको प्राथमिक तथा दोस्रो बजारमा सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको छ ।

## प्राथमिक बजार

५.२ आर्थिक वर्ष २०७२/७३ मा प्राथमिक बजारको स्थिति मिश्रित देखिएतापनि चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा धितोपत्रको प्राथमिक बजारमा सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाको संख्या र सार्वजनिक निष्काशन रकम दुवैमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा प्राथमिक बजारमार्फत ९ संस्थाले प्राथमिक निष्काशन, ३ संस्थाले थप निष्काशन, ४० संस्थाले हकप्रद निष्काशन र ३ संस्थाले म्युचुअल फण्ड निष्काशन गरी कुल ५५ संगठित संस्थाबाट रु.३४ अर्ब ६७ करोड बराबरको पुँजी परिचालन भएको छ । यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७८.०३ प्रतिशतले बढी हो । अघिल्लो वर्षको सोही अवधिमा ३० संगठित संस्थाबाट रु.१२ अर्ब ४७ करोड बराबरको पुँजी परिचालन भएको थियो । आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा ५५ संगठित संस्थाबाट करिब रु.१९ अर्ब बराबरको पुँजी परिचालन भएको थियो ।

**तालिका ५ (क) : प्राथमिक बजार (रु. अर्बमा)**

| विवरण | २०७०/७१ | | २०७१/७२ | | २०७२/७३ | | प्रथम आठ महिना | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| प्राथमिक निष्काशन | १६ | १.५७ | १८ | ६.९८ | १४ | २.७६ | १२ | ६.८१ | ६ | २.२८ | ९ | १.०३ |
| हकप्रद सेयर | २६ | ४.२४ | २२ | २.३१ | ३७ | ९.४० | १५ | १.१८ | २० | ३.३६ | ४० | २३.०१ |
| थप निष्काशन | – | – | – | – | ३ | ५.८३ | – | – | ३ | ५.८३ | ३ | ७.७८ |
| म्युचुअल फण्ड | १ | १.०० | ३ | २.२५ | १ | १.०० | ३ | २.२५ | १ | १.०० | ३ | २.८५ |
| ऋणपत्र निष्काशन | ३ | १.४५ | ५ | २.९० | – | – | २ | १.०० | – | – | – | – |
| **जम्मा** | **४६** | **८.२६** | **४८** | **१४.४४** | **५५** | **१८.९९** | **३२** | **११.२४** | **३०** | **१२.४७** | **५५** | **३४.६७** |

स्रोतः नेपाल धितोपत्र बोर्ड ।

५.३ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ९ संगठित संस्थाबाट साधारण सेयरको प्राथमिक निष्काशन मार्फत रु. १ अर्ब ३ करोड बराबरको पुँजी परिचालन भएको छ । यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ५५.० प्रतिशतले न्यून हो । साथै, ३ सूचीकृत संगठित संस्थाबाट रु. ७ अर्ब ७८ करोडको थप निष्काशन भएको छ जुन अघिल्लो वर्षको तुलनामा ३३.४५ प्रतिशतले वढी हो । आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा १४ संगठित संस्थाबाट साधारण सेयरको प्राथमिक निष्काशन मार्फत् रु. २ अर्ब ७६ करोड र ३ सूचीकृत संगठित संस्थाबाट रु. ५ अर्ब ८३ करोड बराबरको थप निष्काशन (Further Public Offering, FPO) भएको थियो ।

५.४ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा हकप्रद सेयरमार्फत बढी पुँजी परिचालन भएको छ । यस अवधिमा ४० संगठित संस्थाबाट हकप्रद सेयर मार्फत रु.२३ अर्ब बराबरको पुँजी परिचालन भएको छ । यो पुँजी अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ८ गुणाले बढी हो भने धितोपत्रको प्राथमिक बजार मार्फत् भएको कुल पुँजी परिचालनको करिब ६६ प्रतिशत हो । आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा ३७ सूचीकृत संगठित संस्थाबाट रु. ९ अर्ब ४० करोड बराबरको हकप्रद सेयर जारी भएको थियो ।

५.५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म म्युचुअल फण्डमार्फत् पुँजी परिचालनमा गतवर्षको सोही अवधिको तुलनामा १८५ प्रतिशतले बढेको छ । यस अवधिमा तीन म्युचुअल फण्डले रु.२ अर्ब ८५ करोड बराबरको युनिट जारी गरेका छन्। आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा १ म्युचुअल फण्ड मार्फत् रु.१ अर्बको पुँजी परिचालन भएको थियो ।

५.६ आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा ५५ संगठित संस्थाबाट रु.९ अर्ब ८४ करोडको बोनस सेयर जारी भएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ९१

संगठित संस्थाबाट रु.१७ अर्ब २३ करोड बराबरको बोनस सेयर जारी भएको छ । यो रकम गतवर्षको सोही अवधिको तुलनामा ७५.१ प्रतिशतले वढी हो । गत आर्थिक वर्षको अन्त्यमा १ सय १८ सूचीकृत संगठित संस्थाबाट करिब रु.२१ अर्ब बराबरको बोनस सेयर जारी भएको थियो ।

## दोस्रो बजार

५.७ आर्थिक वर्ष २०७२/७३ मा विश्व धितोपत्र बजारमा शिथिलता आएतापनि बजार सुधार तथा विकासका थप प्रयासले गर्दा नेपालको धितोपत्र बजार बढोत्तरीतर्फ गएको छ। धितोपत्रको ओटीसी बजार थप व्यवस्थित भई नेपाल स्टक एक्सचेन्जमा सूचीकृत नभएका पब्लिक कम्पनीको कारोवारमा समेत वृद्धि भएको छ ।

५.८ आर्थिक वर्ष २०७२/७३ मा सूचीकृत कम्पनीको संख्या २ सय २९ रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा थप ७ वटा कम्पनी सूचीकरण भएका छन् । यसै अवधिमा २६ वटा सूचीकृत कम्पनी एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति भएको र लामो समयदेखि कारोबार तथा सञ्चालनमा नरहेका सूचीकृत कम्पनीलाई सूचीबाट हटाइएकाले सूचीकृत कम्पनीको संख्या २ सय १२ रहेको छ ।

चार्ट ५ (क): बजार पुँजीकरणको प्रवृति (रू. अर्बमा)




स्रोतः नेपाल धितोपत्र बोर्ड ।

५.९ आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा बजार पुँजीकरण रु. १४ खर्ब २१ अर्ब रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिना सम्ममा बजार पुँजीकरण ८.१६ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ३७ अर्ब पुगेको छ । गत आर्थिक वर्षको अन्त्यमा

बजार पुँजीकरण रु. १८ खर्ब ९० अर्ब रहेको थियो । चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अन्त्यमा कुल गार्हस्थ्य उत्पादनसँग बजार पुँजीकरणको अनुपात ५९.१३ प्रतिशत रहेको छ ।

५.१० चालु आर्थिक वर्षको प्रथम आठ महिनामा भएको धितोपत्रको कारोबार रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८८.७६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३२ अर्ब रहेको छ । आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा रु. ७० अर्ब बराबरको धितोपत्र कारोबार भएको थियो । त्यस्तै, गतवर्षको प्रथम आठ महिनामा कुल ४ लाख ३३ हजार ३ सय ९३ वटा कारोबार भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कारोबार संख्यामा ८४.८४ प्रतिशतले वृद्धि भई ८ लाख १ हजार ९५ पुगेको छ।

५.११ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा सूचीकृत संगठित संस्थाको कुल चुक्ता पुँजीमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३४.२१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ५२ अर्ब पुगेको छ । गत वर्षको प्रथम आठ महिनामा यस्तो पुँजी रु. १ खर्ब ८७ अर्ब रहेको थियो ।




स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.
*प्रथम आठ महिना

५.१२ २०७२ फागुन मसान्तमा १३१८.८८ विन्दु रहेको नेप्से परिसूचक २.७६ प्रतिशतले वृद्धि भई २०७३ फागुन मसान्तमा १३५५.१५ विन्दु कायम भएको छ । आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा उक्त परिसूचक १७१८.१५ विन्दु रहेको थियो ।




स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.

*प्रथम आठ महिना

### तालिका ५ (ख) : दोस्रो बजार प्रवृत्ति

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | प्रथम आठ महिना | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| सूचीकृत संगठित संस्थाको कुल संख्या | २३५ | २३२ | २२९ | २३२ | २३० | २१२ |
| कुल सूचीकृत धितोपत्रको संख्या(करोडमा) | १६०.७७ | २५५.३१ | ३६४.२९ | १५९.३२ | १९३.९८ | २५८.५८ |
| सूचीकृत धितोपत्रको चुक्ता मूल्य (रु. अर्बमा) | १४२.३६ | १५७.५८ | २०४.०२ | १५३.७४ | १८७.४६ | २५१.५९ |
| धितोपत्रको कारोबार रकम (रू अर्बमा) | ७७.३० | ६५.३३ | १६३.९५ | ५०.४२ | ७०.११ | १३२.३४ |
| कुल कारोबार भएको दिन | २३० | २१६ | २३३ | १४७ | १४९ | १५१ |
| कारोबार भएको स्क्रिप संख्या | २६९ | २७१ | २७४ | २५० | २५५ | २४४ |
| कारोबार संख्या | ५६६,३९० | ४७७,२७८ | ८३१,९९७ | ३७९,७९८ | ४३३,३९३ | ८०१,०९५ |
| सूचीकृत धितोपत्रको बजार पुँजीकरण(रु. अर्बमा) | १,०५७.१७ | ९८९.४० | १,८९०.१३ | १,००४.०३ | १,४२०.०८ | १,५३६.९३ |
| फ्लोट बजार पुँजीकरण (रु. अर्बमा) | ३३१.०६ | २८१.७८ | ७१८.९६ | ३१८.२७ | ४६८.५४ | ५१५.९१ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ७.३१ | ७.७२ | ८.६७ | ५.०२ | ४.९४ | ८.६१ |
| कुल गाहर्स्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ५३.८१ | ४६.४५ | ८४.१० | ५३.१४ | ७०.७५ | ५९.१३ |
| कुल गाहर्स्थ उत्पादनमा फ्लोट बजार पुँजीकरणको प्रतिशत | १७.१७ | १३.२९ | ३१.९७ | १६.८४ | २३.३४ | २५.७० |
| नेप्से परिसूचक | १,०३६.११ | ९६१.२३ | १,७१८.१५ | ९७८.४४ | १,३१८.८८ | १,३५५.१५ |
| नेप्से फ्लोट परिसूचक | ६४.१० | ६८.४७ | १२५.४१ | ६८.७८ | ९५.१८ | ९९.९५ |
| नेप्से सेन्सिटिभ परिसूचक | २२२.५० | २०४.६७ | ३६९.०७ | २०८.०८ | २८३.८६ | २९४.४१ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.

## कमोडिटी डेरिभेटिभ बजार

५.१३ नेपालमा ७ वटा कमोडिटीज एक्सचेन्ज स्थापना भएता पनि कानूनी तथा अन्य पूर्वाधार निर्माणको क्रममा रहेको कारण ३ वटा एक्सचेन्ज मात्र सञ्चालनमा रहेका छन् । सञ्चालित एक्सचेन्जबाट लगानीकर्तालाई अन्तर्राष्ट्रिय बजारमा मूल्य निर्धारण हुने बहुमूल्य धातु, ऊर्जा, कृषि तथा अन्य विभिन्न वस्तुहरूको विशिष्टीकृत करारलाई आफ्ना राफसाफ र गैर-राफसाफ सदस्यहरूमार्फत् खरिद बिक्री भएको छ ।

**तालिका ५ (ग) : कमोडिटी डेरिभेटिभ बजार**

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|
| कारोबार रकम (रु. अर्बमा) | ४९९.९१ | २५५.७३ | २९५.३२ | २२६.८३ |
| ब्रोकरको संख्या | ११३ | २०९ | २३२ | २०० |
| लगानीकर्ताको संख्या | ३,०१० | ३,६१७ | ३,८८० | ४,४७० |

स्रोतः नेपाल डेरिभेटिभ एक्सचेन्ज लि.,डेरिभेटिभ एण्ड कमोडिटी एक्सचेन्ज नेपाल लि., मर्कटाइल एक्सचेन्ज नेपाल लि.।
*प्रथम आठ महिना

५.१४ आर्थिक वर्ष २०७२/७३ मा कमोडिटी बजारमार्फत् रु.२ खर्ब ९५ अर्ब ३२ अर्ब बराबरको कारोबार भएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा रु.२ खर्ब २६ अर्ब ८३ करोड बराबरको कारोबार भएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कमोडिटी बजारमा २ सय ब्रोकरहरू र ४ हजार ४ सय ७० लगानीकर्ता सक्रिय रहेका छन् भने गत वर्ष २ सय ३२ ब्रोकर र ३ हजार ८ सय ८० लगानीकर्ता सलंग्न रहेका थिए ।

## नेपाल धितोपत्र बोर्ड

५.१५ स्वचालित धितोपत्रको कारोवार प्रणाली अनुसार सूचीकृत कम्पनीको अभौतिकृत धितोपत्रको मात्र कारोवार हुने गरी कारोवार, नामसारी र राफसाफको पूर्ण स्वचालित कारोवार सञ्चालन हुँदै आएको छ । नेपालको धितोपत्र बजार दक्षिण एशियाका अन्य देशको धितोपत्र बजार सरह आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ।

५.१६ धितोपत्रको अभौतिक रूपमा मात्र कारोवार भइरहेको अवस्थामा लगानीकर्ताको थप सहजताको लागि सूचीकृत कम्पनीले प्रदान गर्ने हकप्रद तथा बोनस सेयर अभौतिक रूपमा लगानीकर्ताको डिम्याट खातामा प्रदान गर्ने व्यवस्था भएको छ । साथै, सूचीकृत संगठित संस्थाले सेयरधनीलाई दिने नगद लाभांश तथा सार्वजनिक निष्काशनमा नपरेको वा बढी भएको रकम सम्बन्धित सेयरधनीको नेपाल क्लियरिङ हाउसको सदस्य भएको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा राख्न सकिने व्यवस्था भएको छ ।

५.१७ धितोपत्रको निष्काशन कार्यलाई थप व्यवस्थित तथा पारदर्शी बनाई वास्तविक क्षेत्र लगायत अन्य क्षेत्रका कम्पनीले प्रिमियम मूल्यमा सेयर जारी गर्न सक्ने, अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने तथा निष्काशन सम्बन्धी हितको द्वन्द्व समाधान हुने व्यवस्था सहितको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागू भएको छ।

५.१८ प्राथमिक बजारमा आस्बा (ASBA) प्रणाली लागू भई आवेदकको रकम आवेदककै बैंक खातामा रोक्का हुने, धितोपत्र निष्काशन समय तथा लागतमा कमी आउने, छद्मभेषी लगानीकर्ता न्यूनीकरण गरी वास्तविक लगानीकर्ता लाभान्वित हुनेगरी धितोपत्र प्राथमिक बजारको संरचनात्मक परिवर्तन भएको छ ।

५.१९ थप निष्काशन (Further Public Offering- FPO) को मूल्य निर्धारण कार्यमा एकरूपता कायम गर्न तथा यसलाई थप व्यवस्थित, स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउनको लागि पुँजीकृत भएको आम्दानी, प्रति सेयर खुद सम्पत्तिको मूल्य, १८० दिनको औसत बजार मूल्य, भबिष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य जस्ता मापदण्ड राखी मूल्य निर्धारणको विधि र आधारहरू तयार गरी लागू गरिएको छ।

## नेपाल स्टक एक्सचेन्ज लि.

५.२० धितोपत्रको अभौतिक कारोबार प्रणाली अनुसार धितोपत्रको नियमित कारोबारमा १० कित्ता भन्दा कम सेयरको समेत कारोबार हुन सक्ने व्यवस्था भएबाट धितोपत्र दोस्रो बजारको कारोबार थप सहज एवं सरल भएको छ । धितोपत्रको माग तथा आपूर्तिको जानकारी लिन सक्ने गरी सम्पूर्ण लगानीकर्ताले बजारको गहिराई (Market Depth) हेर्न पाउने व्यवस्था छ।

## केन्द्रीय निक्षेप सेवा

५.२१ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा धितोपत्र निक्षेप तथा राफसाफको लागि थप १५ कम्पनी दर्ता भई कुल दर्ता कम्पनीको संख्या २ सय २० पुगेको छ । गत आर्थिक वर्षसम्ममा २ सय ५ कम्पनी दर्ता भएका थिए । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा दर्ता भएका निक्षेप सदस्यको संख्या ६० पुगेको छ भने अघिल्लो आर्थिक वर्षमा यस्तो संख्या ५६ रहेको थियो ।

५.२२ प्राथमिक निष्काशनमा हितग्राही खाता अनिवार्य भएसँगै हितग्राही खाता खोल्नेको संख्यामा उल्लेख्य वृद्धि आएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा थप ३ लाख ५४ हजार ३ सय १ हितग्राही खाता खोली कुल संख्या ७ लाख ४६ हजार ६ सय ६० पुगेको छ । गत आर्थिक वर्षसम्ममा हितग्राही खाताको संख्या ३ लाख ९२ हजार ३ सय ५९ रहेको थियो ।

५.२३ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिमा ७५ करोड ५३ लाख ८४ हजार ७ सय ४३ धितोपत्र अभौतिकृत भई यो संख्या १ अर्ब ६८ करोड ५७ लाख ८४ हजार ३ सय ९८ पुगेको छ । यो संख्या आर्थिक वर्ष २०७२/७३ को अन्त्यसम्ममा भएको ९३ करोड ३ लाख ९९ हजार ६ सय ५५ संख्याको तुलनामा ८१.१९ प्रतिशतको बढी हो ।

## बीमा

५.२४ बीमाको विश्वव्यापी मान्यतालाई स्वीकार गरी प्राकृतिक तथा सामाजिक जोखिम विरूद्ध समाजका सबै वर्गलाई जोखिमको आर्थिक सुरक्षा प्रदान गर्न बीमा व्यवसायको विकासको लागि आवश्यक पूर्वाधार निर्माणको कार्य भएको छ ।

५.२५ बीमा कम्पनीको संख्या २७ रहेको छ जस मध्ये ९ कम्पनीले जीवन बीमा व्यवसाय, १७ कम्पनीले निर्जीवन बीमा व्यवसाय र १ कम्पनीले पुनर्बीमा कारोबार गर्दै आएका छन्। स्वामित्व संरचनाका हिसाबले विदेशी बीमा कम्पनीको शाखाको रूपमा ३ बीमा कम्पनी, विदेशी बीमा कम्पनीको संयुक्त पुँजी लगानीमा ५ बीमा कम्पनी, निजी स्वामित्वमा १७ बीमा कम्पनी र सरकारी स्वामित्वमा २ बीमा कम्पनी रहेको छन् ।

**तालिका ५ (घ) : नेपालमा बीमा कम्पनीको स्वामित्व संरचना**

| स्वामित्त्व | निर्जीवन | जीवन | पुनर्बीमा | जम्मा |
|---|---|---|---|---|
| सरकारी | १ | १ | – | २ |
| निजी | १२ | ५ | – | १७ |
| विदेशी | २ | १ | – | ३ |
| संयुक्त | २ | २ | १ | ५ |
| **जम्मा** | १७ | ९ | १ | २७ |

*नेपाल सरकार, जीवन तथा निर्जीवन बीमा कम्पनी र विभिन्न संस्थागत लगानी रहेको ।

स्रोतः बीमा समिति

## स्रोत तथा उपयोग

५.२६ जीवन तथा निर्जीवन बीमा कम्पनीको कुल वित्तीय स्रोत तथा उपयोग चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा रु. १ खर्ब ६३ अर्ब २ करोड ७२ लाख पुगेको छ जसमध्ये जीवन बीमा ब्यवसाय गर्ने बिमकको रु. १ खर्ब २९ अर्ब ८१ करोड १७ लाख र निर्जीवन बीमा ब्यवसाय गर्ने बिमकको रु.३३ अर्ब २१ करोड ५५ रहेको छ। यो वित्तीय स्रोत तथा उपयोग अघिल्लो आर्थिक वर्षको तुलनामा १.९३ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा यस्तो रकम रु.१ खर्ब ५९ अर्ब ९३ करोड ७२ लाख रहेको थियो ।

**तालिका ५ (ङ) : जीवन तथा निर्जीवन बीमा कम्पनीको स्रोत तथा उपयोग*(रु. करोडमा)**

| स्रोत/उपयोग | २०७०/७१ | | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४** | |
|---|---|---|---|---|---|---|---|---|
| | जीवन | निर्जीवन | जीवन | निर्जीवन | जीवन | निर्जीवन | जीवन | निर्जीवन |
| **स्रोत** | | | | | | | | |
| क) चुक्ता पुँजी | ४५३.५२ | २८७.७० | ५७७.७५ | ३७३.२२ | ६२४.४९ | ४७५.०३ | ६७७.१३ | ५७८.०७ |
| ख) जगेडा तथा कोष | ६४७३.८९ | १०९६.६२ | ९३९८.६५ | १७८२.५५ | ११,५६९.२७ | २,१०७.५९ | ११,७९०.५२ | २,३४४.२६ |
| ग) अन्य दायित्व | १७६.९७ | ३२३.४७ | ३९३.४० | ४१८.९० | ७९४.४६ | ४२२.८६ | ५१३.५२ | ३९९.२२ |
| कुल स्रोत | ७१०४.३८ | १७०७.७९ | १०३६९.८० | २५७४.६७ | १२९८८.२२ | ३००५.४८ | १२९८१.१७ | ३३२१.५५ |
| **उपयोग** | | | | | | | | |
| क) बैंक तथा नगद मौज्दात | ८१.६७ | ८६.६५ | १९६.१७ | २७२.०५ | २३६.१३ | ३१७.५० | ९७.२५ | २२४.०६ |
| ख) लगानी | ६,४३७.६४ | १,१४०.५० | ९,४१७.५७ | १,५९०.३२ | ११,७९८.३३ | १,६८१.७५ | ११,९९०.६० | २,०८१.४२ |
| ग) स्थिर सम्पत्ति | १४२.३९ | ९२.८७ | १६३.९४ | १०७.४१ | १६४.८७ | १०९.९६ | १६३.१२ | ११३.३१ |
| घ) अन्य सम्पत्ति | ४४२.६८ | ३८७.७७ | ५९२.१२ | ६०४.८९ | ७८८.८९ | ८९६.२७ | ७३०.२० | ९०२.७६ |
| **कुल उपयोग** | ७१०४.३८ | १७०७.७९ | १०३६९.८० | २५७४.६७ | १२९८८.२२ | ३००५.४८ | १२९८१.१७ | ३३२१.५५ |

स्रोतः बीमा समिति

* राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अपरिष्कृत विवरण समावेश गरिएको ।

**आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्मको Unaudited विवरण समावेश गरिएको ।

**चार्ट ५ (घ) : जीवन तथा निर्जीवन बीमा कम्पनीको स्रोत तथा उपयोग**




स्रोतः बीमा समिति

**प्रथम आठ महिना

## कुल बीमा शुल्क आय

५.२७ जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बिमकहरूबाट आर्थिक वर्ष २०६८/६९ मा कुल बीमा शुल्क रु. २२ अर्ब १ करोड ३६ लाख आय भएकोमा पछिल्ला वर्षहरूमा क्रमशः

वृद्धि हुँदै आर्थिक वर्ष २०७२/७३ को अन्त्य सम्ममा रु. ४६ अर्ब ९६ करोड ९२ लाख पुगेको थियो । आर्थिक वर्ष २०७२/७३ को तुलनामा आर्थिक वर्ष २०७३/७४ मा १७.१० प्रतिशतले वृद्धि भई रु. ५५ अर्बको हाराहारीमा पुग्ने अनुमान छ।

**तालिका ५ (च) : जीवन तथा निर्जीवन बिमकहरूको बीमाशुल्क* (रु. करोडमा)**

| आर्थिक वर्ष | जीवन | निर्जीवन | जम्मा | (प्रतिशतमा) वृद्धिदर |
|---|---|---|---|---|
| २०६८/६९ | १४१६.९३ | ७८४.४३ | २२०१.३६ | २४.६७ |
| २०६९/७० | १६११.१५ | ८१६.८२ | २४२७.९७ | १०.२९ |
| २०७०/७१ | २०००.५३ | १०४२.६० | ३०४३.१३ | २५.३३ |
| २०७१/७२ | २५३४.१९ | ११९८.६५ | ३७३२.८४ | २२.६६ |
| २०७२/७३ | ३१९२.८६ | १५०४.०६ | ४६९६.९२ | २५.८३ |
| २०७३/७४** | ३५५०.०० | १९५०.०० | ५५००.०० | १७.१० |

स्रोतः बीमा समिति * राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अपरिष्कृत विवरण समावेश गरिएको ।
**आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्मको Unaudited विवरण समावेश गरिएको ।

**चार्ट ५ (ङ) : जीवन तथा निर्जीवन बीमा शुल्क**




स्रोतः बीमा समिति
*प्रथम आठ महिनाको

५.२८ जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बिमकहरूबाट आय भएको बीमा शुल्कको वार्षिक वृद्धिदर विगत ६ वर्षमा २५ प्रतिशतको हाराहारीमा रहेको छ । आर्थिक वर्ष

२०६९/७० मा वृद्धिदरमा ह्रास आई १० प्रतिशतमा झरेको थियो भने चालु आर्थिक वर्षमा अझ कमी आई ९ प्रतिशतमा रहने अनुमान छ ।

**चार्ट ५ (च) : जीवन तथा निर्जीवन बीमा शुल्कको वृद्धिदर**




स्रोतः बीमा समिति

*प्रथम आठ महिनाको

## कुल गार्हस्थ्य उत्पादनमा बीमा शुल्कको अनुपात

५.२९ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनमा बीमा शुल्कको अनुपात २.०९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६८/६९ देखि १.४ प्रतिशतको हाराहारीमा रहेको कुल गार्हस्थ्य उत्पादनमा बीमा शुल्कको अनुपात आर्थिक वर्ष २०७३/७४ मा २.०५ प्रतिशत रहने अनुमान छ ।

**चार्ट ५ (छ): कुल गार्हस्थ्य उत्पादनमा बीमा व्यवसायको अनुपात**




स्रोतः बीमा समिति

## बीमामा लगानी

५.३० जीवन तथा निर्जीवन बीमा ब्यवसाय गर्ने बिमकको लगानी योग्य रकम आर्थिक वर्ष २०६९/७० देखि २०७२/७३ सम्ममा क्रमशः रु. ५८ अर्ब ७३ करोड ५ लाख, रु.७५ अर्ब ७८ करोड १४ लाख, रु. १ खर्ब १० अर्ब ७ करोड ८९ लाख, रु.१ खर्ब ३४ अर्ब ८० करोड ८ लाख रहेको छ । साथै, आर्थिक वर्ष २०७३/७४ मा कुल लगानी रु.१ खर्ब ४० अर्ब ७२ करोड २ लाख हुने अनुमान छ । अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७१/७२ मा ४५.३ प्रतिशतले वृद्धि भएको लगानी आर्थिक वर्ष २०७३/७४ मा ४.४ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ ।

**तालिका ५ (छ) : जीवन तथा निर्जीवन बीमा ब्यवसायमा लगानी *(रु. करोडमा)**

| आर्थिक वर्ष | जीवन | निर्जीवन | जम्मा |
|---|---|---|---|
| २०६९/७० | ४९८२.९१ | ८९०.१४ | ५८७३.०५ |
| २०७०/७१ | ६४३७.६४ | ११४०.५० | ७५७८.१४ |
| २०७१/७२ | ९४१७.५७ | १५९०.३२ | ११००७.८९ |
| २०७२/७३ | ११७९८.३३ | १६८१.७५ | १३४८०.०८ |
| २०७३/७४** | ११९९०.६० | २०८१.४२ | १४०७२.०२ |

* राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अपरिष्कृत विवरण समावेश गरिएको ।

**आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्मको Unaudited विवरण समावेश गरिएको ।

स्रोतः बीमा समिति

**चार्ट ५ (ज) : जीवन तथा निर्जीवन बीमामा लगानी ***




स्रोतः बीमा समिति

* राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अपरिष्कृत विवरण समावेश गरिएको ।

**आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्मको (Unaudited) विवरण समावेश गरिएको ।

## राजस्वमा योगदान

५.३१ बीमा व्यवसायबाट संस्थागत तथा अन्य करहरूमा वृद्धि भएको कारण कुल राजस्वमा वृद्धि भएको छ । आर्थिक वर्ष २०६७/६८ देखि २०७२/७३ सम्ममा प्राप्त भएको राजस्व क्रमशः रु. २ अर्ब ७२ करोड २३ लाख, रु. ३ अर्ब ३९ करोड ५० लाख, रु. ४ अर्ब २१ करोड ४५ लाख, रु. ६ अर्ब २५ करोड २० लाख र रु. ४ अर्ब ६३ करोड ९७ लाख रहेको छ । राजस्व प्राप्तिमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०७१/७२ मा ४८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०७२/७३ मा २६ प्रतिशतले ह्रास भएको छ।

**तालिका ५ (ज) : बीमा व्यवसायबाट प्राप्त राजस्व***

| आर्थिक वर्ष | राजस्व (रु.करोडमा) |
|---|---|
| २०६८/६९ | २७२.२३ |
| २०६९/७० | ३३९.५० |
| २०७०/७१ | ४२१.४५ |
| २०७१/७२ | ६२५.२० |
| २०७२/७३ | ४६३.९७ |

स्रोतः बीमा समिति

*राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अनुमानित विवरण समावेश गरिएको ।

**चार्ट ५ (झ): राजस्वमा योगदान***




स्रोतः बीमा समिति

*राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीको अनुमानित विवरण समावेश गरिएको ।

## बाली तथा पशुपंक्षी बीमा

५.३२ कृषि बीमाको संस्थागत सुरुवात अनुरूप, २०६९ सालमा बाली तथा पशु बीमा निर्देशिका लागू भई ६ वटा कृषि बीमा बीमालेख तयार पारी जारी गरिएको थियो। आर्थिक वर्ष २०७०/७१ साल साउन १ गते देखि बाली तथा पशुपन्छी बीमा प्रिमियममा ५० प्रतिशत अनुदानको व्यवस्था भएको छ ।

## चुनौतीहरू

५.३३ धितोपत्र बजारको संस्थागत विकासको लागि प्राथमिक तथा दोस्रो बजारमा संरचनात्मक सुधार भएता पनि बजारलाई स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्ता मैत्री बनाई यस क्षेत्रको स्तरोन्नति गर्ने मुख्य चुनौती रहेको छ।

५.३४ धितोपत्र बजारको कारोबार सेवालाई विद्युतीय प्रणालीमा आधारित (Internet Based) बनाई देशव्यापी बनाउन र धितोपत्रको दोस्रो बजार सेवा गैर-आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्तालाई खुला गर्न सरकारी स्वामित्वमा रहेको नेपाल स्टक एक्सचेन्ज लिमिटेडलाई आधुनिक, प्रतिस्पर्धी एवं व्यावसायिक बनाउने कार्य चुनौतीपूर्ण छ ।

५.३५ विश्व पुँजी बजारमा अत्याधुनिक प्रणाली प्रचलनमा आइसकेको अवस्थामा Cross Boarder Listing and Trading को व्यवस्था गर्न, धितोपत्र बजारको कारोवार प्रणालीलाई अन्तर्राष्ट्रिय कारोवार प्रणालीको स्तर अनुरूप बनाउन सूचीकृत कम्पनी, दलाल व्यवसायीसहित सबै सहभागीको क्षमता अभिवृद्धि गर्ने र बजारको कार्यक्षेत्र विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । साथै, काठमाडौं बाहिर पनि विस्तार भएको शेयरको कारोवारलाई व्यवस्थापन एवं लगानीकर्ता कर्जा रकम जोखिमरहित बनाउन पुँजी बजारको साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने कार्य चुनौतीपूर्ण छ ।

५.३६ पुँजी बजार विकासको लागि धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीको संख्यामा वृद्धि गर्न दिएका कर उत्प्रेरणाको समेत न्यून प्रभाव मात्र परेकाले थप सुधार गर्नुपर्ने चुनौती छ ।

५.३७ धितोपत्र बजारमा स्थायित्व ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने संस्थागत लगानीकर्ताको हाल न्यून सहभागिता रहेको सन्दर्भमा नागरिक लगानी कोष, बीमा कम्पनी, कर्मचारी सञ्चय कोष जस्ता संस्थालाई संस्थागत लगानीकर्ताको रूपमा विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

५.३८ बाली तथा पशु बीमा अझ तीव्र रूपमा विस्तार गरी कृषिमा जनसाधारणको लगानी सुरक्षित गरी कृषि अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउनु, लघु बीमाको विकास र जीवन बीमा सेवा विस्तार गरी अधिकतम नेपालीको पहुँचमा पुऱ्याई बीमाको आधुनिकीकरणमा सहयोग पुऱ्याउने कानूनी र संस्थागत संरचना तयार गर्नु चनौतीपूर्ण रहेको छ ।

# ६. बाह्य क्षेत्र

आर्थिक वर्ष २०७३/७४ मा बाह्य क्षेत्रको स्थिति सन्तोषजनक रहेको छ । भूकम्प र आपूर्ति व्यवस्थामा अवरोध पश्चात् अर्थतन्त्रको पुनरुत्थानसँगै निर्यातको विस्तार भएता पनि आयातको वृद्धिदर उच्च रहेकाले व्यापार घाटा उच्च नै रहन गयो । विप्रेषण आप्रवाहमा सुस्तताका बावजुद पनि वैदेशिक अनुदान र पेन्सन बढेकाले चालु खाता घाटा न्यून स्तरमा रहेको छ । समग्रमा शोधनान्तर स्थिति बचतमा रहन गै विदेशी विनिमय सञ्चिति बढेको छ । फलस्वरूप, बाह्रय क्षेत्र स्थायित्वको प्रमुख सूचक वस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता १२ महिनासम्म पुग्न सक्ने स्तरमा छ ।

६.१ समष्टिगत आर्थिक नीति अन्तर्गत विदेशी विनिमय दर नीति एवं बाह्य क्षेत्र स्थायित्वका लागि अवलम्बन गरिएका अन्य नीतिहरू समेत पर्दछन् । विद्यमान स्थिर विनिमयदर प्रणाली मौद्रिक नीतिको अंशुकको रूपमा रहेको छ । आयात लगायतका समग्र वैदेशिक भुक्तानीका लागि आवश्यक विदेशी विनिमयको सुनिश्चित गर्नका लागि शोधनान्तर बचतलाई वाञ्छित स्तरमा राख्ने मौद्रिक तथा विनिमय दर नीतिको उद्देश्य रहन्छ ।

६.२ छिमेकी मुलुक भारत र चीनको उच्च आर्थिक वृद्धि, सुधारोन्मुख विश्व अर्थतन्त्र, वित्तीय संकटपश्चात न्यूनस्तरमा रहेको पेट्रोलियम पदार्थको मूल्य लगायतका बाह्रय अवसरबाट नेपालले लाभ लिनसक्ने अवस्था छ । आन्तरिक उत्पादन क्षमता एवं उत्पादकत्व वृद्धिसँगै विश्व व्यापार संगठन जस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरूको लाभ लिनु चुनौतीपूर्ण छ।

## स्वरूप र प्रवृत्ति

६.३ व्यापार उदारीकरणको नीति अबलम्बन गरेपश्चात नेपालको बाह्य व्यापार खुलापन (Trade Openness) मा वृद्धिसँगै व्यापार घाटा उच्चदरले बढेको छ । व्यापार खुलापनको सूचकको रूपमा रहेको कुल व्यापारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक वर्ष २०४७/४८ मा २५.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा ३७.५ प्रतिशत पुगेको छ । सोही अवधिमा व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.२ प्रतिशतबाट बढेर ३१.३ प्रतिशतमा पुगेको छ । विप्रेषणमुखी उपभोगको विस्तारसँगै वस्तु आयात उच्चदरले बढेकाले कुल वैदेशिक व्यापार र व्यापार घाटा बढेको हो । त्यस्तै, कुल निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६.१ प्रतिशतबाट ३.१ प्रतिशतमा झरेको छ।

६.४ विगत एक दशकको अवधिमा कुल व्यापारमा वस्तु निर्यातको अंश घटदै गएको छ । आर्थिक वर्ष २०६१/६२ मा कुल व्यापारमा वस्तु निर्यातको अंश २८.२ प्रतिशत रहेकोमा

आर्थिक वर्ष २०७२/७३ मा यस्तो अंश ८.३ प्रतिशत पुगेको छ । सोही अवधिमा वस्तु निर्यात-आयात अनुपात ३९.३ प्रतिशतबाट ९.१ प्रतिशतमा झरेको छ ।

**चार्ट ६(क): कुल व्यापारमा आयात र निर्यातको अंश (प्रतिशतमा)**




स्रोत : नेपाल राष्ट्र बैंक

६.५ वस्तु निर्यातको वृद्धिदर आयातको तुलनामा न्यून रहेको छ । विगत पाँच वर्षको अवधिमा औसतमा निर्यातको वृद्धिदर २.७ प्रतिशत र आयातको वृद्धिदर १४.७ प्रतिशत छ । कमजोर भौतिक पूर्वाधार तथा लगानीको वातावरण लगायतका संरचनागत समस्याहरूले गर्दा वस्तु निर्यातको वृद्धिदर न्यून भएको हो । सोही अवधिमा भारततर्फको आयात औसतमा १३.४ प्रतिशत र अन्य मुलुकतर्फको आयात १७.४ प्रतिशतले वृद्धि भएको छ।

६.६ आन्तरिक बजारमा मर्यादित रोजगारीका अवसर सिर्जना हुन नसक्दा भारतबाहेक अन्य मुलुकतर्फ कामदार जाने क्रम बढ्दो छ । फलस्वरूप, विप्रेषण आप्रवाह समग्र भुक्तानी सन्तुलन एवं बाह्य क्षेत्र स्थायित्वको प्रमुख आधार बनेको छ । आर्थिक वर्ष २०६३/६४ मा विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा २९.६ प्रतिशत पुगेको छ । विश्व बैंकका अनुसार विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातका आधारमा नेपाल विश्वमा विप्रेषण भित्र्याउने मुलुकको सूचीमा दोश्रो स्थानमा छ । विगत पाँच वर्षको अवधिमा विप्रषणको औसत वृद्धिदर २१.८ प्रतिशत रहेयो । यसप्रकार विप्रेषण आप्रवाह विदेशी विनिमयको प्रमुख स्रोतकोरूपमा रहन गएको छ ।




स्रोत : नेपाल राष्ट्र बैंक

६.७ बाह्य क्षेत्र सबल रहेकाले समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्न सहयोग पुगेको छ । विगत पाँच वर्षयता निरन्तररूपमा कुल विदेशी विनिमय सञ्चितिको स्तरले आठ महिनाभन्दा बढीको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्थामा छ । सोही अवधिमा कुल सञ्चितिको औसत वृद्धिदर ३३.१ प्रतिशत रहयो । भूकम्प, सीमानाका अवरोध लगायतका विभिन्न आपूर्तिजन्य धक्का (Shocks) हरू आउदा पनि शोधनान्तर बचतमा रहदै आएको छ ।

## कुल वैदेशिक व्यापार

६.८ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा कुल वैदेशिक व्यापार ४१.४ प्रतिशतले बढेर रु. ६ खर्ब ७६ अर्ब ७८ करोडमा पुगेको छ । आपूर्ति व्यवस्थामा सहजता, सरकारी खर्चमा वृद्धि र गत वर्षको न्यून ब्यापारसँगै आधार वर्षको प्रभाव जस्ता कारणले कुल ब्यापार उच्च रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार १५ प्रतिशतले घटन गई रु. ४ खर्ब ७८ अर्ब ५३ करोड रहेको थियो । कुल वस्तु व्यापारमा निर्यातको अंश ७.१ प्रतिशत र आयातको अंश ९२.९ प्रतिशत रहेको छ ।

## वस्तु निर्यात

६.९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा कुल वस्तु निर्यात १२.८ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब २२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निर्यातमा २४.९ प्रतिशतले ह्रास आएर रु. ४२ अर्ब ७३ करोडमा सीमित रहेको थियो ।

६.१० समीक्षा अवधिमा भारततर्फ १६.३ प्रतिशत, चीनतर्फ १३.४ प्रतिशत र अन्य मुलुकतर्फ ८.२ प्रतिशतले निर्यात बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारततर्फको निर्यात ३४.५ प्रतिशत, चीनतर्फको निर्यात ४५.९ प्रतिशत र अन्य मुलुकतर्फ ३.७ प्रतिशतले

घटेको थियो । वस्तुगत आधारमा भारततर्फ नुडल्स, तार, आयल केक, रोजिन, जुसलगायतका वस्तुको निर्यात बढेको छ । त्यसैगरी, चीनतर्फ प्रशोधित छाला, हस्तकला, तयारी पोसाकलगायतका वस्तु र अन्य मुलुकतर्फ दाल, प्रशोधित छाला, गरगहना, कागज, हस्तकला लगायतका वस्तुको निर्यात बढेको छ ।

**वस्तु आयात**

६.११ चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा कुल वस्तु आयात ४४.२ प्रतिशतले बढेर रु. ६ खर्ब २८ अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १३.९ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा भारतबाट भएको आयात ५९.० प्रतिशत, चीनबाट भएको आयात १७.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात २६.२ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा भारतबाट पेट्रोलियम पदार्थ, एम.एस.विलेट, सिमेन्ट, मेसिनरी तथा पाटपूर्जा लगायतका वस्तुको आयात बढेको छ । त्यस्तै, चीनबाट मेसिनरी तथा पार्टपूर्जा, विद्युतीय सामान, सञ्चारका उपकरण, टेलिभिजन तथा पाटपूर्जा, यातायातका साधन लगायतका वस्तु र अन्य मुलुकबाट सुन, खाने तेल, रासायनिक मल, यातायतका साधन तथा पाटपूर्जा लगायतका वस्तुको आयात बढेको छ ।

६.१२ परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट गरिएको आयात चालु आर्थिक वर्षको आठ महिनामा ४२.३ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १९.९ प्रशितले घटेर रु. ३९ अर्ब ८६ करोड पुगेको थियो । समीक्षा अवधिमा भारतबाट भएको कुल वस्तु आयातमा परिवर्त्य मुद्रा भुक्तानी गरेर भएको आयातको अंश १३.८ प्रतिशत रहेको छ ।

**व्यापार सन्तुलन**

६.१३ चालु आर्थिक वर्षको आठ महिनामा कुल वस्तु व्यापार घाटा ४७.६ प्रतिशतले बढेर रु. ५ खर्ब ८० अर्ब ३४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १२.५ प्रतिशतले घटेर रु. ३ खर्ब ९३ अर्ब ७ करोड पुगेको थियो ।

६.१४ कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १७.३ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ६३.४ प्रतिशतले बढेको छ । त्यसैगरी, अघिल्लो वर्ष ०.८ प्रतिशतले घटेको चीनसँगको व्यापार घाटा समीक्षा अवधिमा १७.५ प्रतिशतको बढेको छ । अघिल्लो वर्षको आठ महिनाको अवधिमा ६.६ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २९.८ प्रतिशतले बढेको छ । निर्यातको तुलनामा आयात उच्चदरले बढेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात ७.७ प्रतिशतमा झरेको छ ।

## तालिका ६ (क) *:* अन्तर्राष्ट्रिय व्यापार स्थिति (प्रथम आठ महिना, प्रतिशतमा)

| विवरण | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| **निर्यात** | **५.०** | **१९.४** | **-६.६** | -२४.९ | १२.८ |
| भारत | २.० | २१.९ | -९.९ | -३४.५ | १६.३ |
| चीन | - | १२.६ | ९.३ | -४५.९ | १३.४ |
| अन्य मुलुकहरू | | ११.२ | १४.९ | -३.७ | ८.२ |
| **आयात** | **२२.१** | **२७.०** | **१०.५** | -१३.९ | ४४.२ |
| भारत | २४.२ | २८.१ | ५.१ | -१९.३ | ५९.० |
| चीन | - | १४.७ | ४८.६ | -२.० | १७.५ |
| अन्य मुलुकहरू | | १८.२ | ३०.१ | -६.१ | २६.२ |
| **व्यापार सन्तुलन** | **२५.५** | **२८.२** | **१३.१** | -१२.५ | ४७.६ |
| भारत | २८.८ | २९.१ | ७.४ | -१७.३ | ६३.४ |
| चीन | - | १४.८ | ५०.१ | -०.८ | १७.५ |
| अन्य मुलुकहरू | | १९.५ | ३३.९ | -६.६ | २९.८ |
| **कुल व्यापार** | **१९.७** | **२६.०** | **८.५** | -१५.० | ४१.४ |
| भारत | २१.० | २७.३ | ३.३ | -२०.८ | ५५.४ |
| चीन | - | १४.७ | ४७.३ | -३.१ | १७.४ |
| अन्य मुलुकहरू | | १७.३ | २७.५ | -५.८ | २३.६ |
| **निर्यात आयात अनुपात** | **१४.१** | **१३.३** | **११.२** | ९.८ | ७.७ |
| भारत | १४.० | १३.३ | ११.४ | ९.३ | ६.८ |
| चीन | ३.६ | ३.६ | २.६ | १.४ | १.४ |
| अन्य मुलुकहरू | २०.१ | १७.७ | १६.२ | १६.६ | १४.२ |
| **कुल निर्यातमा अंश (प्रतिशत)** | | | | | |
| भारत | ६५.२ | ६६.५ | ६४.२ | ५६.० | ५७.७ |
| चीन | ३.० | २.८ | ३.३ | २.४ | २.४ |
| अन्य मुलुकहरू | ३१.८ | ३०.६ | ३२.५ | ४१.७ | ३९.९ |
| **कुल आयातमा अंश (प्रतिशत)** | | | | | |
| भारत | ६५.९ | ६६.५ | ६३.२ | ५९.३ | ६५.३ |
| चीन | ११.७ | १०.५ | १४.२ | १६.१ | १३.१ |
| अन्य मुलुकहरू | २२.४ | २३.० | २२.६ | २४.६ | २१.५ |
| **व्यापार सन्तुलनमा अंश (प्रतिशत)** | | | | | |
| भारत | ६६.० | ६६.५ | ६३.१ | ५९.६ | ६६.० |
| चीन | १३.१ | ११.७ | १५.५ | १७.६ | १४.० |
| अन्य मुलुकहरू | २०.९ | २१.८ | २१.३ | २२.८ | २०.० |
| **कुल व्यापारमा अंश (प्रतिशत)** | | | | | |
| भारत | ६५.८ | ६६.५ | ६३.३ | ५९.० | ६४.८ |
| चीन | १०.६ | ९.६ | १३.१ | १४.९ | १२.४ |
| अन्य मुलुकहरू | २३.६ | २३.९ | २३.६ | २६.१ | २२.८ |
| **कुल व्यापारमा आयात र निर्यातको अंश** | | | | | |
| निर्यात | १२.४ | ११.७ | १०.१ | ८.९ | ७.१ |
| आयात | ८७.६ | ८८.३ | ८९.९ | ९१.१ | ९२.९ |

* अपरिष्कृत ।

स्रोत : नेपाल राष्ट्र बैंक ।

## शोधनान्तर स्थिति

६.१५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ५० अर्ब ६ करोडले बचत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर बचत रु. १ खर्ब ५८ अर्ब १८ करोड रहेको थियो । अघिल्लो वर्षको पहिलो आठ महिनामा रु. १ खर्ब ३८ अर्ब ५५ करोडले बचतमा रहेको चालुखाता समीक्षा अवधिमा रु. ६ अर्ब ३१ करोडले घाटामा रहेको छ । आयातमा उच्च वृद्धि तथा विप्रेषण आप्रवाहको वृद्धिमा सुस्तताका कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा शोधनान्तर बचत न्यून रहेको हो ।

चार्ट ६(ग): शोधनान्तरका प्रमुख तत्वहरू (रू. अर्बमा)




स्रोत : नेपाल राष्ट्र बैंक

६.१६ एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १२.१ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४८.० प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ६६ अर्ब १९ करोड पुगेको छ । समीक्षा अवधिमा सेवा आय १७.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १ अर्ब ४६ करोड पुगेको छ । त्यस्तै, सेवा आय अन्तर्गत पर्यटन आय अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा ३८.७ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब २० करोड पुगेको छ । कुल सेवा खर्च १९.४ प्रतिशतले वृद्धि भई रु. ९७ करोड ७३ अर्ब पुगेको छ । फलस्वरूप, खुद सेवा आय अघिल्लो वर्षको सोही अवधिमा ६०.५ प्रतिशतले घटेको तुलनामा ११ प्रतिशतले घटेर रु. ३ अर्ब ७३ करोड पुगेको छ ।

६.१७ समीक्षा अवधिमा विप्रेषण आप्रवाह ५.३ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ४९ अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण खुद ट्रान्सफर आय ८.४

प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ४२ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ट्रान्सफर अन्तर्गत अनुदान ३५.३ प्रतिशतले र पेन्सन १२.४ प्रतिशतले बढेको छ ।

**तालिका ६ (ख) : विप्रेषण आप्रवाहको अवस्था**

| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| विप्रेषण आप्रवाह (रु.अर्ब) | ४३४.६ | ५४३.३ | ६१७.३ | ६६५.१ | ४५०.० |
| प्रतिशत परिवर्तन | २०.९ | २५.० | १३.६ | ७.७ | ५.३ |
| विप्रेषण कुल गार्हस्थ्य उत्पादन अनुपात | २५.६ | २७.७ | २९.० | २९.६ | - |
| चालु ट्रान्फर आयमा विप्रेषण आयको अंश | ८७.३ | ८५.६ | ८७.९ | ८५.५ | |

स्रोत : नेपाल राष्ट्र बैंक ।

* प्रथम आठ महिनाको तथ्याङ्क ।

६.१८ आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा पुँजी खातातर्फ रु. १० अर्ब ३ करोड खुद पुँजीगत ट्रान्सफर खाता प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ९ अर्ब ७२ करोडले पुँजी खाता बचतमा रहेको थियो । वित्तीय खाता तर्फ समीक्षा अवधिमा रु. ८ अर्ब ३५ करोड प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. २ अर्ब ३४ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको थियो ।

**विदेशी विनिमय सञ्चिति**

६.१९ कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १० खर्ब ३९ अर्ब २१ करोडबाट ३.४ प्रतिशतले वृद्धि भई २०७३ फागुन मसान्तमा रु. १० खर्ब ७४ अर्ब २७ करोड पुगेको छ । अमेरिकी डलरमा २०७३ असारदेखि फागुन मसान्तसम्ममा कुल सञ्चिति ३.८ प्रतिशतले बढी अमेरिकी डलर १० अर्ब ११ करोड पुगेको छ । मुलतः विप्रेषण आप्रवाह बढेकाले विदेशी विनिमय सञ्चितिमा वृद्धि भएको हो ।

६.२० कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको तुलनामा २०७३ फागुन मसान्तमा ३.२ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब १५ अर्ब ३१ करोड पुगेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ४.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५८ अर्ब ९६ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.१ प्रतिशत रहेको छ।

### तालिका ६ (ग) : कुल विदेशी विनिमय सञ्चिति (रु. अर्बमा)

| विवरण | २०७२ असार | २०७२ फागुन | २०७३ असार | २०७३ फागुन | प्रतिशत परिवर्तन (असार-फागुन) | |
|---|---|---|---|---|---|---|
| | | | | | २०७२ | २०७३ |
| नेपाल राष्ट्र बैंक | ७०३.१ | ८७०.७ | ८८७.० | ९१५.३ | २३.८ | ३.२ |
| बैंक तथा वित्तीय संस्था | १२१.० | १३६.० | १५२.२ | १५९.० | १२.४ | ४.४ |
| कुल सञ्चिति | ८२४.१ | १००६.७ | १०३९.२ | १०७४.३ | २२.२ | ३.४ |
| **कुल सञ्चितिमा अंश** | | | | | | |
| नेपाल राष्ट्र बैंक | ८५.३ | ८६.५ | ८५.४ | ८७.९ | - | - |
| बैंक तथा वित्तीय संस्था | १४.७ | १३.५ | १४.६ | १२.१ | - | - |
| भारतीय मुद्रा | २३.३ | ७८.८ | ७८.६ | ७७.९ | - | - |
| परिवर्त्य विदेशी मुद्रा | ७६.७ | २१.२ | २१.४ | २२.१ | - | - |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## सञ्चिति पर्याप्तता सूचकहरू

६.२१ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.९ महिनाको वस्तु आयात र १२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल आयात र विस्तृत मुद्रा प्रदायसँगको अनुपात क्रमशः ९९.७ प्रतिशत र ४३.७ प्रतिशत रहेको छ । २०७२ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए ।

चार्ट ६ (ग): विदेशी विनिमय सञ्चिति पर्याप्तता सूचकको अवस्था




स्रोत : नेपाल राष्ट्र बैंक

## वैदेशिक सम्पत्ति तथा दायित्व

६.२२ २०७३ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति अघिल्लो वर्षको सोही अवधिको तुलनामा २५.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सम्पत्ति रु. ८ खर्ब ३७ अर्ब ७९ करोड रहेको थियो । त्यसैगरी, २०७३ असार मसान्तमा गत वर्षको सोही अवधिको तुलनामा वैदेशिक दायित्व ८.४ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ६४ अर्ब ५५ करोड पुगेको छ । २०७२ असार मसान्तमा यस्तो दायित्व रु. ५ खर्ब २१ अर्ब १ करोड रहेको थियो ।

**तालिका ६ (घ) : वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति (असार मसान्त, रु. अर्बमा)**

| विवरण | २०७१ | २०७२ | २०७३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०७२ | २०७३ |
| सम्पत्ति | ६८१.३ | ८३७.८ | १०५४.० | २३.० | २५.८ |
| दायित्व | ४९५.४ | ५२१.० | ५६४.६ | ५.२ | ८.४ |
| प्रत्यक्ष लगानी | ७५.४ | ९६.८ | १०७.० | २८.५ | १०.५ |
| खुद वैदेशिक सम्पत्ति तथा दायित्व | १८५.९ | ३१६.८ | ४८९.५ | ७०.४ | ५४.५ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

## विनिमय दर

६.२३ २०७३ असार मसान्तको तुलनामा २०७३ फागुन मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.४३ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ५.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ फागुन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. १०६.२७ पुगेको छ । २०७३ असार मसान्तमा उक्त विनिमय दर रु. १०६.७३ रहेको थियो । त्यसैगरी, २०७३ असार मसान्तको तुलनामा २०७३ फागुन मसान्तमा नेपाली रूपैयाँ युरोसँग ४.६ प्रतिशत, पाउण्ड स्टर्लिङ्गसँग ९.३ प्रतिशत र जापानी येनसँग ९.२ प्रतिशतले अधिमूल्यन भएको छ ।

**तालिका ६ (ङ) : विदेशी विनिमय**

| विदेशी मुद्रा | मसान्तको खरिद दर (नेपाली रूपैयामा) | | | | प्रतिशतमा परिवर्तन * (असार - फागुन) | |
|---|---|---|---|---|---|---|
| | २०७२ असार | २०७२ फागुन | २०७३ असार | २०७३ फागुन | २०७२ | २०७३ |
| १ अमेरिकी डलर | १०१.१४ | १०७.२३ | १०६.७३ | १०६.२७ | -५.७ | ०.४ |
| १ पाउण्ड स्टर्लिङ्ग | १५८.०१ | १५३.१६ | १४१.२८ | १२९.२५ | ३.२ | ९.३ |
| १ यूरो | १११.४८ | ११९.४१ | ११८.६० | ११३.४१ | -६.६ | ४.६ |
| १० जापानी येन | ८.१८ | ९.४२ | १०.११ | ९.२६ | -१३.२ | ९.२ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

*अधिमूल्यन (+)/ अवमूल्यन (-)।

**चुनौतीहरू**

६.२४ विगत केही वर्ष यता समग्रमा व्यापार घाटाको वृद्धिदर उच्च रहेको छ । यस सन्दर्भमा अर्थतन्त्रका संरचनागत लगायत आपूर्ति तर्फका समस्याको सम्बोधन मार्फत उत्पादन एवं प्रतिस्पर्धी क्षमता वृद्धि गरी निर्यात विस्तार तथा आयात प्रतिस्थापन गर्दै व्यापार घाटालाई वाञ्छित स्तरमा राख्नु चुनौतीपूर्ण छ ।

६.२५ सन् १९९० को दशकमा शोधनान्तर खाता अन्तर्गत पुँजी खाताको आंशिक परिवर्त्यता गरिएको भएता पनि वैदेशिक पुँजीको आप्रवाह न्यून छ । संघीयताको पूर्णरूपमा कार्यान्वयनसँगै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्नका लागि पर्याप्तमात्रामा वैदेशिक लगानी भित्र्याउन उपयुक्त क्रममा (Sequencing) पुँजी खाता परिवर्त्य गर्दै लैजानु चुनौतीपूर्ण हो।

६.२६ बाह्य क्षेत्र स्थायित्व मूलतः विप्रेषण आप्रवाह तथा आयातको विस्तारमा निर्भर रहेको छ। विद्यमान स्थिर विनिमय दर प्रणालीका सन्दर्भमा विप्रेषण केन्द्रित बाह्य क्षेत्र जोखिम न्यूनीकरण गर्न पर्यटन लगायत समग्र सेवा क्षेत्र आयमा वृद्धि मार्फत विदेशी विनिमय स्रोतमा विविधिकरण गर्नु चुनौतीपूर्ण छ ।

६.२७ कुल आयातमा करिब बीस प्रतिशत हिस्सा रहेको पेट्रोलियम पदार्थको उपयोगमा वृद्धिदर उच्च रहेको छ । जलविद्युत लगायत अन्य ऊर्जाका स्रोतको पर्याप्त व्यवस्था गरी पेट्रोलियम पदार्थको आयातमा न्यूनीकरण गरी समग्र आयातको प्रतिस्थापन गर्नु चुनौतीपूर्ण छ ।

६.२८ अधिकांश जनसंख्याको रोजगारी क्षेत्र कृषि भएता पनि केही वर्षयता कृषिजन्य वस्तुको आयात उच्चदरले बढी रहेको छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाई यस्ता वस्तुहरूको आयात प्रतिस्थापन गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

६.२९ विश्व व्यापर संगठन र साफ्टा कार्यान्वयनमा गरिएको प्रतिवद्धतासँगै वैदेशिक व्यापारमा निर्यातको अंश बढाउने कार्य थप पेचिलो बन्न गएको छ । यसका लागि तुलनात्मक लाभका वस्तु तथा सेवाको खोजी गर्ने र व्यापार खुला गर्ने कार्यमा पनि चुनौती छ ।

# ७. गरिबी निवारण र रोजगारी

नवौं आवधिक योजनादेखि गरिबी निवारणलाई प्रमुख उद्देश्यको रूपमा राखिदै आएको छ । आवधिक योजनाहरूले सञ्चालन गरेका गरिबी न्यूनीकरणका कार्यक्रमहरू, सामाजिक सुरक्षा कार्यक्रम र विप्रेषणको उपभोगका कारणले गरिबी न्यूनीकरण तथा मानव विकास सूचकांकमा उल्लेख्य रूपमा सुधार भएको छ । निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या बाह्रौं योजना अवधिमा ३१ प्रतिशतबाट २५.४ प्रतिशतमा झरेको थियो । तेह्रौ योजना अवधिमा १८ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २१.६ प्रतिशतमा झरेको छ । सहश्राब्दी विकास लक्ष्यको अधिकांश लक्ष्यहरू पूरा भएका छन् । दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्थामा छन् । विकासका आयममा गरिबी निवारण अन्तरसम्बन्धित विषय भएकोले विकासका हरेक क्रियाकलाप र आयोजनाहरूलाई गरिबी निवारण लक्ष्यसँग आवद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्न जाने विश्वास गर्न सकिन्छ ।

## गरिबी निवारण

७.१ आर्थिक विकासका उपलब्धिको न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य, शोषणरहित समाजको सिर्जना गर्दै विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिन गरिबी निवारणका कार्यक्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । गरिबीलाई आय तथा मानवीय गरिबी र वञ्चितीकरणको कारणबाट हुने गरिबीको रूपमा परिभाषित गरिन्छ । गरिबी घटाउने नीति तथा रणनीति अनुरूप गरिबी निवारण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् । गरिबी अन्तर सम्बन्धित (Cross-cutting) विषय भएकोले विभिन्न सरकारी निकायहरू, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं स्थानीय समुदायबाट गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन भएता पनि अपेक्षित रूपमा गरिबी न्यूनीकरण हुन सकेको छैन ।

७.२ आर्थिक वर्ष २०७२/७३ को अन्त्य सम्ममा उपभोगको आधारमा गरिबीको रेखामुनि रहेको जनसंख्या २१.६ प्रतिशतमा झरेको अनुमान गरिएको भएता पनि विक्रम सम्वत् २०७२ साल वैशाखको भूकम्प र सीमा नाकामा भएको अवरोधका कारणबाट गरिबीको संख्या थप भएको अनुमान छ । यसै सन्दर्भमा तेह्रौ योजना अवधि (आर्थिक वर्ष २०७०/७१ देखि २०७२/७३ सम्म) को अन्त्य सम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्या १८ प्रतिशतमा

झार्ने उद्धेश्यका साथ सञ्चालित विभिन्न कार्यक्रमहरूको मूल्याङ्कन गरी गरिबीको रेखामुनि रहेको जनसंख्या यकिन गर्नुपर्ने अवस्था छ ।

७.३ २५ जिल्लामा गरिब घरपरिवार पहिचानको कार्यक्रम सम्पन्न भएको छ । घरपरिवार सर्वेक्षण फारम मार्फत प्रत्येक घरपरिवारको तथ्याङ्क संकलन गरी गरिबी मापनका सूचकहरूको Proxy Means Test (PMT) विधिबाट करिब १२ लाख घरपरिवार मध्ये प्रारम्भिक रूपमा ३ लाख ५६ हजार ४ सय १८ घरपरिवार पहिचान भएका छन् । यसरी घरपरिवारको सूची २५ जिल्लाका तत्कालीन गाउँ विकास समिति कार्यालय वा नगरपालिकाका वडा कार्यालय मार्फत सार्वजनिक गरी गुनासो सुनुवाई र छानविन पश्चात अति गरिब, मध्यम गरिब र सीमान्त गरिब गरी तीन समूहमा घरपरिवारको अन्तिम सूची तयार भएको छ । चालु आर्थिक वर्षमा गरिबीको परिचय पत्र वितरण गर्ने कार्यक्रम राखिएको छ ।

७.४ आगामी आर्थिक वर्ष २०७४/७५ मा बांकी ५० जिल्लाको गरिब घरपरिवारको पहिचान सम्पन्न गरिसकेपछि एकसाथ गरिब लक्षित कार्यक्रम सञ्चालन गर्न सहज हुनेछ । गरिबी निवारण कार्यको समन्वय गर्न गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायमा सम्पर्क व्यक्ति (Focal person) तोक्ने व्यवस्था भएको छ । गरिबी निवारण सम्बन्धी असल अभ्यासको प्रोफाईलिङ कार्य भएको छ । त्यस्तै, सार्क विकास लक्ष्यको प्रगति स्थिति प्रतिवेदन (२००५ देखि २०१४ सम्मको) तयार भएको छ । गरिबीको परिचयपत्र प्राप्त गर्ने घरपरिवारका लागि उपयुक्त किसिमका सामाजिक सुरक्षाका कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने, गरिबसँग सरकार कार्यक्रम अन्तर्गत गरिब लक्षित कार्यक्रमलाई विनियोजित बजेटसँग समन्वय गरी कार्यान्वयन गर्न सके गरिबी मापन कार्यक्रमले सार्थकता पाउने देखिन्छ ।

७.५ सहकारितालाई गरिबी निवारणको कार्यक्रमसँग आवद्ध गर्न र संविधान तथा दिगो विकासको लक्ष्य अनुरूप हुनेगरी राष्ट्रिय गरिबी निवारण नीति तयार भएको छ । प्रत्येक प्रदेशमा नमुनाको रूपमा एक-एक वटा गरिबी निवारणका आयोजना सञ्चालन गर्ने लक्ष्यका साथ पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन कार्यहरू भएका छन् । गरिबी निवारणका लागि सघाउ पुग्ने गरी सामाजिक क्षेत्रमा लगानी वृद्धि भएको छ । लक्षित समूह र क्षेत्रलाई केन्द्रित गर्दै रोजगार तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ । उद्यमशीलता प्रवर्द्धन मार्फत गरिब परिवारको आयस्तरमा सुधार ल्याउन सुरु गरिएको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई विस्तार गरिएको छ ।

७.६ आर्थिक वर्ष २०६९/७० देखि पश्चिमी पहाडका आठ जिल्लाहरू रूकुम, रोल्पा, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट, बझाङ, र बाजुरामा पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना सञ्चालित छ । उल्लिखित ८ जिल्लाका १ सय ३५ वटा साविकका गाउँ विकास

समितिमा छनौट भएका गरिबहरूको संलग्नतामा नै सामुदायिक लगानी योजना तयारी गर्ने र उनीहरू आफैंले समुदायसँग मिलेर कार्यान्वयन गर्नेगरी तयार गरिएको सामुदायिक लगानी योजना मार्फत दलित तथा अति विपन्न परिवारको जीवनस्तर अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन भइरहेको छ । यस आयोजनाले २ लाख ५६ हजार १ सय ९० घरपरिवार मध्ये ७१ हजार ९ सय ८४ घरपरिवार र कुल जनसंख्या १३ लाख ८४ हजार २४ मध्ये ४ लाख ३१ हजार ८ सय ७० जनसंख्यालाई समेटेको छ । आठ जिल्लाका ३ सय १० मध्ये १ सय ५३ गाउँ विकास समितिलाई समेटेको हुँदा मानव विकास सूचकाङ्क समेतको आधारमा पछि परेको पश्चिमी उच्च पहाडी क्षेत्रका अधिकांश जनसंख्यालाई गरिबी निवारण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन भएको छ ।

७.७ दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा गरिबी हटाउने लक्ष्यमा पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनाले सहयोग पुऱ्याउनेछ । यस आयोजनाको Project Completion Report (2073) मा आयोजना लागू भएका ८ जिल्लाहरू कृषि बजारीकरणका लागि आधारभूत रूपमा तयार भएता पनि किसानहरूको बजार सूचनामा पहुँचको कमी भएकोले सहकारीकरण/सवलीकरण, कृषि उत्पादकत्व वृद्धि, कृषि जमिनको आधुनिकीकरण तथा कृषि सडक विकास/विस्तार र बजार प्रर्वद्धन समेत चारवटा आयोजना सम्भाग (Component) रहने गरी आयोजना निर्माण गर्न सुझाव दिएको छ । उक्त सिकाइको आधारमा ती जिल्लामा पहिचान भएका गरिबहरूलाई सहकारी पद्धतिमा आवद्ध गरी कृषि बजारीकरण सम्बन्धी आयोजना डिजाइन भई ती जिल्लाहरूमा लागू हुने प्रक्रियामा रहेको छ।

७.८ पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना लागू भएका जिल्लाहरूमा गरिबीको रेखामुनि रहेका नागरिकको अवस्थालाई मध्यनजर गर्दै डिजाइन भएको "सहकारी मार्फत गरिबी निवारण" कार्यक्रमका संस्थागत तथा संरचनागत कार्यहरू चालु आर्थिक वर्ष २०७३/७४ भित्रमा नै सम्पन्न भई आगामी आर्थिक वर्ष २०७४/७५ देखि कार्यक्रमहरू सञ्चालनमा आउने छन् ।

## तालिका ७ (क) : राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण

| WUPAP कार्यान्वयन भएको जिल्लाको घरपरिवार र कुल जनसंख्या | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण | | | | | | | | | | | | | |
| क्र.सं. | जिल्ला | घरपरिवार संख्या | जनसंख्या | | | WUPAP बाट लाभान्वित जनसंख्या % | कुल गाउँ विकास समिति संख्या | नगरपालिका संख्या | WUPAP लागू भएको गाउँ विकास समितिसंख्या | WUPAP बाट लाभान्वित गाउँ विकास समिति % | लाभान्वित घरपरिवार जम्मा | लाभान्वित घरपरिवार % | लाभान्वित जनसंख्या |
| | | | जम्मा | पुरूष | महिला | | | | | | | | |
| १ | रोल्पा | ४३,७५७ | २२४,५०६ | १०३,१०० | १२१,४०६ | १६.२२ | ५१ | ० | २० | ३९.२२ | ६६३० | १५.१५ | ३९६७३ |
| २ | रूकुम | ४१,८५६ | २०८,५६७ | ९९,१५९ | १०९,४०८ | १५.०७ | ४३ | ० | २० | ४६.५१ | ९४४० | २२.५५ | ५१२८० |
| ३ | दैलेख | ४८,९१९ | २६१,७७० | १२६,९९० | १३४,७८० | १८.९१ | ५५ | १ | २० | ३६.३६ | १००५७ | २०.५६ | ५८९८९ |
| ४ | जाँजरकोट | ३०,४७२ | १७१,३०४ | ८५,५३७ | ८५,७६७ | १२.३८ | ३० | ० | १५ | ५०.०० | ७१४६ | २३.४५ | ४१८१९ |
| ५ | कालिकोट | २३,०१३ | १३६,९४८ | ६८,८३३ | ६८,११५ | ९.८९ | ३० | ० | १५ | ५०.०० | ८१६१ | ३५.४६ | ४७६८६ |
| ६ | हुम्ला | ९,४७९ | ५०,८५८ | २५,८३३ | २५,०२५ | ३.६७ | २७ | ० | २२ | ८१.४८ | ६४५४ | ६८.०९ | ३९१९१ |
| ७ | बाजुरा | २४,९०८ | १३४,९१२ | ६५,८०६ | ६९,१०६ | ९.७५ | २७ | ० | १८ | ६६.६७ | ११७२१ | ४७.०६ | ७१७२० |
| ८ | बजाङ्ग | ३३,७८६ | १९५,१५९ | ९२,७९४ | १०२,३६५ | १४.१० | ४७ | ० | २३ | ४८.९४ | १२३७५ | ३६.६३ | ८१५१२ |
| | जम्मा | २५६,१९० | १,३८४,०२४ | ६६८,०५२ | ७१५,९७२ | १००.०० | ३१० | १ | १५३ | ४९.३५ | ७१९८४ | २८.१० | ४३१८७० |

स्रोतः सहकारी तथा गरिबी निबारण मन्त्रालय

७.९ प्रत्येक प्रदेशमा लक्षित कार्यक्रमको रूपमा उत्पादन, उत्पादकत्व बढाई, बजारीकरण तथा पूर्वाधारमा सुधार मार्फत गरिबी निवारणका लागि रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०७३/७४ मा सम्भाव्यता अध्ययनको काम सम्पन्न गर्ने र आगामी आर्थिक वर्ष २०७४/७५ देखि ती कार्यक्रमहरूको कार्यान्वयन गर्ने लक्ष्य वमोजिम कार्य भएको छ ।

## सहस्राब्दी विकास लक्ष्यको प्रगति

७.१० नेपालले सन् २०१५ सम्ममा हासिल गर्ने प्रतिवद्धता जनाएका सहस्राब्दी विकास लक्ष्यलाई दशौं योजनादेखि योजना तथा कार्यक्रममा समावेश गरी सामाजिक क्षेत्रमा लगानी बढाउंदै आएकोमा यस अवधिको अन्त्यसम्ममा ती लक्ष्यहरू प्राप्तिमा उल्लेख्य प्रगति भएको छ । सहस्राब्दी विकास लक्ष्य १ को गरिबी न्यूनीकरण सम्बन्धमा सन् १९९५ मा ४२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेकोमा सन् २०१६ मा २१.६ प्रतिशतमा झरेको छ । तथापि, सुदुरपश्चिमाञ्चल तथा कर्णाली क्षेत्र र दलित एवं पिछडिएको जनजाति समूहमा तथा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको अवस्था दयनीय छ ।

७.११ लक्ष्य २ अनुसार प्राथमिक तहमा खुद भर्ना दर ९६.६ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ८८.६ प्रतिशत र प्राथमिक तहमा टिकाउ दर ८६.८ प्रतिशत पुगेको छ भने लैगिक समता सूचक समदरमा पुगेको स्थिति छ । शिक्षा क्षेत्रमा लगानी उल्लेखनीय रूपमा वृद्धि हुनु, विद्यालय तहको शिक्षामा विकास साझेदार समेतको संलग्नतामा विषय क्षेत्रगत कार्यक्रम सञ्चालन गरिनु, छात्रवृत्ति, दिवा खाजा कार्यक्रम, छात्राहरूका लागि अलग शौचालय जस्ता कार्यक्रमका कारण भर्ना दरको लक्ष्य हासिल हुन सकेको हो ।

७.१२ लक्ष्य ३ अनुसार प्राथमिक तथा माध्यमिक विद्यालय तहमा लैगिक समता दर क्रमशः १.०९ र १.० प्रतिशत पुगेको, १५ देखि २४ वर्ष उमेर समूहका महिला तथा पुरूषबीचको साक्षरता दरको अन्तर कम रहेको छ । निजामती सेवामा महिलाको उपस्थिति एक दशक अघिको तुलनामा दोब्बर पुगेको र व्यवस्थापिका संसदमा महिलाको उपस्थिति करिब एक तृतीयांश पुगेकाले लैङ्गिक समानता सम्बन्धी यो लक्ष्य हासिल भएको छ।

७.१३ लक्ष्य ४ अनुसारका विभिन्न सूचकहरूमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । बाल मृत्युदर, शिशु मृत्युदर र दादुरा विरूद्धको खोप गरी ३ वटै सूचकहरूमा उल्लेख्य प्रगति भएको छ । सन् १९९० मा शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १ सय ८ रहेकोमा सन् २०१४ मा ३३ मा झरेको छ । यसैगरी सन् १९९० मा बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा १ सय ६२ रहेकोमा सन् २०१४ मा ३८ मा झरेको छ । दादुरा विरूद्धको खोप ९२ प्रतिशतमा पुगको छ ।

७.१४ लक्ष्य ५ बमोजिम सन् १९९० मा प्रति लाख ८ सय ५० को दरमा रहेको मातृ मृत्युदर सन् २०१५ मा २ सय ५८ मा झरेको छ । मातृ मृत्युदर न्यूनीकरण गर्नमा नेपालले उल्लेखनीय प्रगति गरेकाले राष्ट्रसंघको महासभाबाट नेपाल पुरस्कृत भएको छ । मातृ स्वास्थ्यमा सुधार गर्न निःशुल्क प्रसूति सेवा, यातायात खर्च, दुर्गम क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई उत्प्रेरणा दिने तथा स्थानीय स्वास्थ्यकर्मी तथा सुडेनीलाई तालिम दिने लगायत गर्भपतनलाई कानूनी मान्यता प्रदान गर्ने नीति कार्यान्वयनले गर्दा मातृ मृत्युदरमा सकारात्मक परिवर्तन आएको हो । कुल प्रजनन दर घट्नु, परिवार नियोजनका साधनहरूको प्रयोग बढ्नु, तालिम प्राप्त स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी हुनेको संख्या बढ्नु र गर्भवतीले समयमा स्वास्थ्यकर्मीको सेवा सल्लाह लिनेको संख्या बढ्नुले समेत मातृ मृत्युदर घटाउन सघाएको छ ।

७.१५ लक्ष्य ६ बमोजिम १५ देखि ४९ वर्ष उमेर समूहका महिला तथा पुरूषमा एच. आइ. भि. संक्रमण दर सन् २००० मा ०.२९ प्रतिशत रहेकोमा सन् २०१५ मा संक्रमण दरमा ८० प्रतिशतले कमी आएको छ । क्षयरोग सम्बन्धी लक्ष्य पनि हासिल भएको छ । औलो रोगका हकमा मृत्युदर शुन्य पुगेकाले यो रोग उन्मूलन हुने स्थितिमा पुगेको छ ।

७.१६ लक्ष्य ७ मा रहेको दिगो विकास सम्बन्धी लक्ष्य हासिल गर्नका लागि वातावरणीय स्रोत साधनहरूको क्षय हुन नदिन नेपालले नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । फलस्वरूप कतिपय सूचकहरूमा सकारात्मक सुधार देखिएको छ । सन् २००० मा घरायसी इन्धनका लागि दाउराको प्रयोग गर्ने परिवार ६८.४ प्रतिशत रहेकोमा सन् २०१५ मा ५३.८ प्रतिशतमा झरेको छ । सोही अवधिमा एल.पि. ग्यास प्रयोग गर्ने परिवार ७.७ प्रतिशतबाट बढेर २८.७ प्रतिशतमा पुगेको छ । यसैगरी, वनले ढाकेको क्षेत्रफल ४४.५ प्रतिशत र संरक्षित क्षेत्र २३.५ प्रतिशत पुगेको छ । सुधारिएको खानेपानी संरचनामा ८३.६ प्रतिशत घर परिवारको पहुँच पुगेको छ भने ८१ प्रतिशत घर परिवारमा सरसफाईको सुविधा पुगेको छ । सहस्राब्दी विकास लक्ष्य हासिल सम्बन्धी प्रगति समग्रमा उत्साहजनक रहेको छ। तर, राष्ट्रिय औसतमा हासिल भएका कतिपय लक्ष्यलाई खण्डिकृत गर्दा विभिन्न भौगोलिक क्षेत्र तथा सामाजिक समहूबीच भिन्नता रहेको र परिमाणात्मक रूपमा लक्ष्य हासिल भएता पनि गुणात्मकताको लागि सुधार आवश्यक छ ।

## दिगो विकास लक्ष्य

७.१७ संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि दिगो विकास लक्ष्य कार्यान्वयनमा ल्याएको छ । नेपाल लगायत विश्वका सबै सरकारहरूले यसको कार्यान्वयनमा प्रतिवद्धता जनाएका छन् । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबै प्रकारका गरिबी र भोकमरी उन्मूलन गर्ने देखि विपद् व्यवस्थापन समेतलाई समेटी १७ वटा लक्ष्य (Goals), १ सय ६९ वटा गन्तब्य (Targets) र २ सय ३९ वटा सूचक (Indicators) निर्धारण गरेको छ । यी लक्ष्यहरूले सहस्राब्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर त्यसबाट हाँसिल हुन नसकेका कुराहरू र यसको दायरालाई विस्तार गर्दै गरिबीको अन्त्य, पृथ्वीलाई बचाउने, सबैको लागि समृद्धिको सुनिश्चितता तथा मानव अधिकार प्राप्ति र सबै महिला तथा बालबालिकाका लागि लैङ्गिक समानता तथा स-शक्तिकरणको उद्देश्य राखेको छ । यी लक्ष्यहरू एकीकृत तथा अभिभाज्य छन र यसले दिगो विकासका आर्थिक, सामाजिक र वातावरणीय तीन आयामलाई सन्तुलित गर्दछन् ।

७.१८ चौधौं योजनामा निजी तथा सहकारी क्षेत्र सहितको सहभागितामा दिगो विकासका लक्ष्यहरू हाँसिल गर्दै सन् २०३० सम्ममा रोजगारमुखी र न्यायोचित वितरणसहितको उच्च आर्थिक वृद्धि मार्फत मध्यम आम्दानी भएको मुलुकको रूपमा स्तरोन्नति हुने र अन्ततः दिगो आर्थिक समृद्धि हासिल गर्ने आधार प्रदान गर्ने लक्ष्य तय गरिएको छ । बजेट तर्जुमाको चरणमा नै दिगो विकासका यी लक्ष्यहरूको कार्यान्वयनलाई सुनिश्चतता प्रदान गर्न कार्यक्रम/आयोजनाको छनौट तहबाट नै यसका लक्ष्यहरू समायोजन गर्नुपर्ने हुन्छ । यसका लागि बजेटमा कार्यक्रमहरू प्रस्ताव गर्दा नै दिगो विकासको कुन लक्ष्यलाई सघाउ पुग्नेछ भनी स्पष्ट किटान गर्न सम्पूर्ण कार्यक्रम/आयोजनालाई दिगो विकास लक्ष्यअनुसार

सांकेतिकरण (Coding) तथा विश्लेषण गरी चालु आर्थिक वर्ष २०७३/७४ बाट व्यय अनुमानको विवरण र वार्षिक विकास कार्यक्रममा उल्लेख गरी बजेट बिनियोजनमा सुनिश्चितता कायम गर्ने कार्य भएको छ ।

७.१९ दिगो विकासका लक्ष्यहरूको समन्वय तथा कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षको संयोजकत्वमा ६ सदस्यीय केन्द्रीय निर्देशक समिति गठन भएको छ । निर्देशक समितिले दिगो विकासका लक्ष्यहरूलाई नेपालको सन्दर्भमा कार्यान्वयन गर्नका लागि आवश्यक निर्देशन, मार्गदर्शन तथा नेतृत्व प्रदान गर्नुका साथै उच्च राजनीतिक तहको स्वामित्व लिने कार्य गर्दछ । यस समितिको मातहतमा रहेर राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा ८ सदस्यीय दिगो विकासका लक्ष्य कार्यान्वयन तथा समन्वय समिति गठन भएको छ । यो समितिले दिगो विकासका लक्ष्यसम्बन्धी योजना तथा बजेट, बाह्य सहयोग परिचालन र कार्यान्वयनको अनुगमन गरी केन्द्रीय निर्देशक समितिमा समय-समयमा प्रतिवेदन पेश गर्ने गर्दछ । उल्लिखित दुवै संयन्त्रहरूको सचिबालय राष्ट्रिय योजना आयोगको सचिबालयमा रहने व्यवस्था छ ।

७.२० दिगो विकासका लक्ष्यको कार्यान्वयनको संयोजन र प्रभावकारिताको लागि सरकारी तथा निजी एवं गैरसरकारी क्षेत्रको भूमिका र दायित्वलाई समेत मध्यनजर गर्दै राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा सम्बन्धित मन्त्रालय र नीजि क्षेत्रका संघ संस्थाका प्रतिनिधि समेत रहने गरी ९ वटा विषयगत कार्य समिति (Thematic Working Committee) गठन भएका छन् ।

७.२१ दिगो विकासका लक्ष्यको कार्यान्वयनका क्रममा आधार तथ्याङ्क प्रतिवेदन (Baseline Report), भोलुन्टरी नेशनल रिभ्यु (Voluntary National Review) एवं दिगो विकासका लक्ष्यहरूको सफल कार्यान्वयन गरी निर्धारित उद्देश्य हासिल गर्नका लागि आवश्यक लागत तथा स्रोतसम्बन्धी रणनीति (SDGs Costing and Funding Strategy) समेत तर्जुमा गर्नु पर्नेछ ।

७.२२ गरिबी मापन गर्ने केन्द्रीय तथ्याँक विभागले सन् २०११ मा सम्पन्न गरेको नेपाल जीवनस्तर मापन सर्भेक्षण अनुसार प्रतिव्यक्ति प्रतिदिन २२२० क्यालोरी खान नसक्ने र वार्षिक रु.१९,२६१।- प्रति व्यक्ति खर्च गर्न नसक्ने व्यक्ति उपभोगको आधारमा गरिबको रूपमा परिभाषित गरिएकोमा हाल नेपालमा विकास साझेदारहरूले दैनिक १.२५ अमेरिकी डलर कमाउन नसक्ने र बहुआयामिक गरिबी संकेत अनुसार १० वटा परिसूचक (शिक्षा र स्वास्थ्यका २/२ वटा र जीवनस्तरको ६ वटा) को आधारमा संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमले गरिबीको मापन गर्ने गरेको देखिन्छ । त्यस्तै, जीवन निर्वाहको लागि ३ महिना, ६ महिना र ९ महिना खान पुग्ने/नपुग्ने आधारको साथै मानिसको सम्पत्ति सीप हस्तान्तरण गर्न सक्ने अवसर र पहुँचको आधारमा समेत गरिबीको मापन गर्ने गरिएको छ ।

## गरिबी निवारण कोष

७.२३ निरपेक्ष गरिबीको रेखामुनि रहदै आएको जनसङ्ख्याको तल्लो समूहलाई लक्षित गरी अन्तोदय, सामाजिक समावेशीकरण, पारदर्शिता, मागमुखी कार्यक्रम र सोझै समुदायमा आधारित समाजका अति गरिब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा समुदायको मागमा आधारित कार्यक्रमहरू गरिबी निवारण कोषबाट सञ्चालन हुँदै आएका छन् । गरिब समुदाय स्वयंलाई सहभागी गराई सामुदायिक संस्थाको गठन गरी कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्ने व्यवस्था छ ।

७.२४ आर्थिक वर्ष २०६३/६४ को तुलनामा समुदायमा आधारित कार्यक्रम सञ्चालन गरेका घरधुरीहरूमा गरिबी ५०.७ प्रतिशतबाट ३३.१ प्रतिशतमा झरेको छ । यसबाट प्रतिवर्ष औसतमा २.४९ प्रतिशतले गरिबी घटेको अनुमान छ । सोही अवधिमा प्रतिव्यक्ति औसत उपभोग १२४.२ प्रतिशतले बढेको छ ।

**तालिका ७ (ख) : सामुदायिक संस्था मार्फत परिचालित रकम (रु. हजारमा)**

| क.सं. | आर्थिक वर्ष | आयआर्जन कार्यक्रम | साना पूर्वाधार विकास कार्यक्रम | नवीनतम कार्यक्रम | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | विश्व बैंक अनुदान | ट्रष्ट फण्ड अनुदान | नेपाल सरकार अनुदान |
| १ | २०६२/६३ | १५५०८३ | ९०७३० | १३८०७० | ३८३८८३ | ३१७५९७ | - | ६६२८६ |
| २ | २०६३/६४ | ४०४३३२ | ७६४४४ | ४९९११३ | ९७९८८९ | ९७९८८९ | - | - |
| ३ | २०६४/६५ | १२७४५७२ | २३०६५२ | ४६४५१ | १५५१६७५ | १५५१६७५ | - | - |
| ४ | २०६५/६६ | ९७१४५८ | २६१७९८ | २७६४० | १२६०८९६ | १२६०५२० | - | ३७६ |
| ५ | २०६६/६७ | १३८८२८९ | ४२६५६१ | ३५७४९ | १८५०५९९ | १८५०५९९ | - | - |
| ६ | २०६७/६८ | १५२६८९८ | ४७०९१० | ११४०१ | २००९२०९ | १७२०१२९ | - | २८९०८० |
| ७ | २०६८/६९ | १४४५४६१ | ९१४४८५ | २४१३२ | २३८४०७७ | १६६१८६९ | ६८५६४२ | ३६५६६ |
| ८ | २०६९/७० | १०४४४१४ | ५९१०३० | ३१६३० | १६६७०७५ | १४५७०१३ | १७५१२८ | ३४९३४ |
| ९ | २०७०/७१ | ८९७०२१ | ७४२१५५ | ३२८८२ | १६७२०५९ | १६०३५७९ | २३३०० | ४५१८० |
| १० | २०७१/७२ | ८६१७७० | ४९०५४५ | २००४८ | १३७२३६२ | १३२०९७७ | - | ५१३८५ |
| ११ | २०७२/७३ | ११६३४८८ | ३९६६६४ | १२४७ | १५६१३९९ | १४८८०६५ | १९८१३ | ५३५२१ |
| १२ | २०७३/७४* | १६२८०८ | ९४२१५ | - | २५७०२३ | २५४३५२ | २६७१ | - |

स्रोतः गरिबी निबारण कोष

* प्रथम आठ महिनाको

७.२५ आर्थिक वर्ष २०७२/७३ मा लक्षित समुदायका आयमूलक, सामुदायिक पूर्वाधार विकास र नवीनतम कार्यक्रमका ५ हजार २ सय २२ परियोजनाहरू कार्यान्वयन गर्न सामुदायिक संस्थाहरू मार्फत रु.१ अर्ब ५६ करोड १३ लाख ९९ हजार रकम परिचालन गरिएको थियो । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा लक्षित समुदायका आयमूलक, सामुदायिक पूर्वाधार विकास र नवीनतम कार्यक्रमका गरी कुल १ हजार २ सय ९०

परियोजना कार्यान्वयन गर्न सामुदायिक संस्थाहरू मार्फत रु.२५ करोड ७० लाख २३ हजार रकम परिचालन भएको छ ।

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष

७.२६ युवा तथा साना व्यवसायी स्वरोजगार कोषले आर्थिक रूपले पिछडिएको, विपन्न वर्ग, उत्पीडित, महिला, दलित, जाति-जनजाति, द्वन्दपीडित, अपाङ्ग वा घाईते व्यक्ति, बेपत्ता तथा शहिद परिवार, बेरोजगार युवाहरू तथा परम्परागत सीप भएका जनताहरूलाई कृषि र सेवामूलक व्यवसाय मार्फत आय आर्जनमा वृद्धि गरी उनीहरूको जिविकोपार्जनलाई सहज बनाउन सुलभ रूपमा सहज तरिकाले प्रतिव्यक्ति अधिकतम दुई लाख रूपैयासम्म बिनाधितो आवधिक रूपमा ऋण उपलब्ध गराएको छ । विशेष गरी १८ वर्ष देखि ५० वर्षका बेरोजगार युवाहरू यस कोषका लक्षित वर्ग भित्र पर्दछन् ।

७.२७ उत्पादनशील श्रमको अधिकतम उपयोग गर्न उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुतत्तर विकासको लागि शिक्षित तथा अशिक्षित वेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर उपलब्ध गराउन, बैक तथा बित्तीय संस्था र सहकारी संस्था मार्फत सहुलियत व्याजदरमा बिनाधितो आवधिक ऋण उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गर्न र व्यावसायिक तालिम समेत उपलब्ध गराउनु युवा तथा साना व्यवसायी स्वरोजगार कोषको मुख्य उद्धेश्य रहेको छ ।

७.२८ एक गाउँ एक उत्पादन, ब्यवसायिक खेती तथा पशुपन्छी पालन, कृषि तथा वन्यजन्तु एवं खानी र बहुमूल्य पत्थर उद्योग, रिक्सा तथा ठेलागाडा सेवा, प्लम्बिङ् सेवा सञ्चालन, ईलेक्ट्रोनिक्स सामानको मर्मत सम्भार जस्ता साना तथा घरेलु व्यवसाय एवं पसल सञ्चालन, सीप भएका बेरोजगारलाई सीपमूलक स्वरोजगार कार्यक्रमहरूको लागि ऋण उपलब्ध हुँदै आएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गर्ने, बैंक तथा वित्तीय संस्था र सहकारी संस्थालाई थोक कर्जा दिने साथै सो कर्जा बैक तथा वित्तीय संस्थाले लक्षित वर्गलाई पारिवारिक र सामूहिक जमानीमा परियोजना धितो राखी लघुवित्त कर्जा दिने व्यवस्था छ ।

७.२९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा २० वटा बैंक तथा वित्तीय संस्थाहरू सहित ९ सय ६१ वटा सहकारी संस्थाहरूसँग प्रारम्भिक कर्जा सम्झौता गरी जम्मा रु.३ अर्ब ९५ करोड ३८ लाख लगानी भएको छ । सो लगानी मध्ये रु. १ अर्ब ९६ करोड ६० लाख असुली भई रु. १ अर्ब ९८ करोड ७७ लाख लगानीमा रहेको छ। कुल लगानी भएको ६० प्रतिशत भन्दा बढी रकम उत्पादनमूलक क्षेत्रमा छ । चालु

आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ४ हजार ५ सय ६८ जना समेत गरी कुल जम्मा ३५ हजार २ सय ५४ जना स्वःरोजगार बनेका छन् ।

## रोजगारी

७.३० श्रम तथा रोजगारको क्षेत्रगत नीति, योजना अन्तर्गत रही आन्तरिक श्रम व्यवस्थापन, व्यावसायिक सीप विकास तालिम, सामाजिक सम्बादका माध्यमबाट औद्योगिक शान्ति स्थापना, बालश्रम न्यूनीकरण एवं निकृष्ट बालश्रम रोकथाम, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, बेरोजगार जनशक्तिको लगत संकलन लगायतका रोजगार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालनमा छन् । नेपालको श्रम बजारमा सक्रिय युवा श्रमशक्तिको प्रवेश वार्षिक ५ लाख १२ हजार रहने अनुमान छ ।

७.३१ श्रम तथा रोजगारीको माग तथा आपूर्ति बीचमा ठूलो अन्तर रहेको छ । दक्ष जनशक्ति विकास र रोजगारी सिर्जनामा अपेक्षित वृद्धि हुन सकेको छैन । स्वदेशमा रोजगारी नपाएर दैनिक करिब १ हजार ५ सय भन्दा बढी युवा जनशक्ति रोजगारीको लागि विदेशी मुलुकमा जाने गरेका छन् । औपचारिक तथा अनौपचारिक माध्यमबाट वैदेशिक रोजगारीका लागि विदेशिएका करिब ४५ लाख जनशक्ति मध्ये दक्ष १.५ प्रतिशत, अर्धदक्ष २३ प्रतिशत र अदक्ष ७५.५ प्रतिशत रहेका छन् ।

७.३२ २०७२ सालको भूकम्पले कृषि तथा औद्योगिक क्षेत्रमा पुऱ्याएको क्षतिका कारण सो क्षेत्रमा कार्यरत श्रमिकहरू रोजगारीबाट विमुख हुनु परेको छ । भूकम्प अति प्रभावित क्षेत्रका युवा जनशक्ति विस्थापित भएका छन् । फलस्वरूप श्रम तथा रोजगार सम्बन्धी माग तथा आपूर्तिका बीचमा ठूलो अन्तर देखिएको छ । तथापि, आर्थिक वर्ष २०७३/७४ मा आर्थिक वृद्धिदर ६.९४ प्रतिशतमा पुग्ने अनुमान सँगै रोजगारी वृद्धिदर पनि ३.० प्रतिशत भन्दा बढी हुने अनुमान छ । गत वर्षको यसै समीक्षा अवधिमा २.९ प्रतिशत भन्दा कम रोजगारी वृद्धि भएको थियो ।

## वैदेशिक रोजगार

७.३३ नेपाली श्रम बजारमा रोजगारीको अवसरको कमी, न्यून पारिश्रमिक, श्रमको कदर नगर्ने संस्कार, शिक्षा, सूचना र प्रविधिको विकास तथा युवाहरूमा बढ्दो महत्वाकाँक्षाले युवाको विदेश जाने क्रम निरन्तर बढ्दो छ । भूकम्प र कृषि तथा औद्योगिक क्षेत्रको व्यवसायीकरण र औद्योगिकीकरणको कमीले युवा जनशक्तिका लागि पनि वैदेशिक रोजगारी विकल्प बन्न पुगेको छ ।

७.३४ संस्थागत रूपमा वैदेशिक रोजगारका लागि १ सय १० वटा मुलुकहरू र व्यक्तिगत प्रयासमा वैदेशिक रोजगारमा जानेहरूको लागि १ सय ६७ भन्दा वढी देशहरू खुला भएका

छन् । आन्तरिक रोजगार/स्वरोजगारका साथै वैदेशिक रोजगारीका लागि दक्ष एवं सीपयुक्त श्रमशक्ति तयार गर्न युवा श्रमशक्तिलाई लक्षित गरी सरकारी तथा गैरसरकारी क्षेत्रबाट आन्तरिक एवं बाह्य रोजगार लक्षित व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिएको छ । तालिम प्राप्त गरी वैदेशिक रोजगारीमा जाने श्रमशक्ति २४.५ प्रतिशत मात्र रहेको छ ।

**तालिका ७ (ग) : सीप विकास तालिम प्राप्तको अवस्था**

| आर्थिक वर्ष | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| २०६२/६३ | ३४३२ | ३६३३ | ७०६५ |
| २०६३/६४ | ७४५७ | ६५९६ | १४०५३ |
| २०६४/६५ | ९७१६ | ६४३२ | १६१४८ |
| २०६५/६६ | १२७०२ | ९०३९ | २१७४१ |
| २०६६/६७ | १३३०५ | ९२५७ | २२५६२ |
| २०६७/६८ | १२५३० | ९६०० | २२१३० |
| २०६८/६९ | ८०४५ | ८५०७ | १६५५२ |
| २०६९/७० | ७५८६ | ७५२१ | १५१०७ |
| २०७०/७१ | ८२७८ | ९०५० | १७३२८ |
| २०७१/७२ | ७७५० | ८१२९ | १५८७९ |
| २०७२/७३ | ६९४७ | १०५४६ | १७४९३ |
| २०७३/७४* | ६१२५ | ६९८५ | १३११० |

स्रोतः व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

*प्रथम आठ महिनाको

७.३५ वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित तथा सुरक्षित बनाउन श्रम स्वीकृति, नवीकरण तथा सोको अनुगमन जस्ता कार्यहरू गरिन्छ । नेपालमा कामकाज गर्ने गैरनेपाली नागरिकको नियमितरूपमा अनुगमन गरी आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्म ४ सय ३७ जनाको श्रम स्वीकृति र १ सय ७५ जनाको श्रम स्वीकृति नवीकरण भएको छ। वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति दिने प्रकृयालाई सरलीकृत र लगत व्यवस्थित गर्न २०७३ पौष ३ गते देखि नै Foreign Employment Information Management System (FEIMS) कार्यान्वयनमा आएको छ । यो कार्यमा देहायका निकायलाई आवद्ध गरिएको छ । नेपाल राष्ट्र बैंक लगायत अन्य वाणिज्य बैंकसँग System link गर्ने कार्य समेत गर्नुपर्ने देखिन्छ ।

### तालिका ७ (घ) : वैदेशिक रोजगारी सुचना व्यवस्थापन प्रणालीमा आवद्ध संस्था

| | |
|---|---|
| वैदेशिक रोजगारमा कामदार पठाउने इजाजतपत्रवाला संस्था दर्ता संख्या | दर्ता भएका-१०४४<br>सक्रिय -८९०<br>निष्क्रिय-१५४ |
| वैदेशिक रोजगारमा जाने कामदारलाई अभिमुखीकरण तालिम दिने संस्था संख्या | जम्मा-१२१<br>काम चालु- ११५<br>काम वन्द -७ |
| वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्था संख्या | २७८ |
| विद्युतीय प्रणालीमा आवद्ध भएका बैंकको संख्या | ८ |

स्रोत: श्रम तथा रोजगार मन्त्रालय

### तालिका ७ (ङ) : श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरूको विवरण

| देश | आर्थिक वर्ष २०६३/६४ देखि २०७१/७२ सम्म | | | आर्थिक वर्ष २०७२/७३ को | | | आर्थिक वर्ष २०७२/७३ सम्मको | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| कतार | ८३४८१८ | ७८१९ | ८४२६३७ | १२७५२० | १५१८ | १२९०३८ | ९६२३३८ | ९३३७ | ९७१६७५ |
| मलेसिया | १०२९८७६ | २३२२१ | १०५३०९७ | ५९३५५ | १६२४ | ६०९७९ | १०८९२३१ | २४८४५ | १११४०७६ |
| साउदी अरव | ६२४४५० | ३०६० | ६२७५१० | १३६९५८ | १५७१ | १३८५२९ | ७६१४०८ | ४६३१ | ७६६०३९ |
| यूई.ए.ई. | ३७११८८ | ३०२५९ | ४०१४४७ | ४४६४१ | ८१५२ | ५२७९३ | ४१५८२९ | ३८४११ | ४५४२४० |
| कुवेत | ६२९९० | ३८०२० | १०१०१० | ९२८६ | ७६३ | १००४९ | ७२२७६ | ३८७८३ | १११०५९ |
| बहरायन | ३६८४३ | ३१३० | ३९९७३ | २८२४ | ३२२ | ३१४६ | ३९६६७ | ३४५२ | ४३११९ |
| ओमन | २२२६७ | ३७१३ | २५९८० | २२४३ | ८१६ | ३०५९ | २४५१० | ४५२९ | २९०३९ |
| दक्षिणकोरिया | २६२१७ | १२१३ | २७४३० | ६८५५ | ५७७ | ७४३२ | ३३०७२ | १७९० | ३४८६२ |
| लेवनान | ११०८ | ११३२० | १२४२८ | ५१ | ११६ | १६७ | ११५९ | ११४३६ | १२५९५ |
| इजरायल | २१३८ | ४१८२ | ६३२० | ८१ | १०८ | १८९ | २२१९ | ४२९० | ६५०९ |
| अफगानिस्तान | ७७५५ | ४० | ७७९५ | १४१७ | २ | १४१९ | ९१७२ | ४२ | ९२१४ |
| जापान | १०८८४ | ६७४ | ११५५८ | ३७२५ | ११९ | ३८४४ | १४६०९ | ७९३ | १५४०२ |
| अन्य | ३४९२८ | ९१५५ | ४४०८३ | ४४५० | ३६१९ | ८०६९ | ३९३७८ | १२७७४ | ५२१५२ |
| जम्मा | ३०६५४६२ | १३५८०६ | ३२०१२६८ | ३९९४०६ | १९३०७ | ४१८७१३ | ३४६४८६८ | १५५११३ | ३६१९९८१ |

स्रोत: श्रम तथा रोजगार मन्त्रालय

७.३६ Employment Permit System (EPS) कोरियाको फारम भर्ने Manual पद्धतिलाई विद्युतीय प्रणालीमा परिणत गरी लागू गरिएको छ । Computer-Based Test (CBT) परीक्षा समेत यसै पद्धतिबाट लिने प्रणालीको विकास भएको छ । विभिन्न गन्तव्य देशहरूसँग भएका

आप्रवासन श्रम सम्बन्धी सम्झौताको लागि ५ देशहरू (संयुक्त अरव ईमिरेट्स, कतार, जापान, दक्षिण कोरिया र बहराईन) सँग सहमति भएको छ ।

७.३७ आर्थिक वर्ष २०६३/६४ देखि २०७१/७२ सम्म वैदेशिक रोजगारीमा जाने कुल संख्या ३२ लाख १ हजार २ सय ६८ जना मध्ये ३० लाख ६५ हजार ४ सय ६२ जना पुरूष र १ लाख ३५ हजार ८ सय ६ जना महिला रहेका थिए । आर्थिक वर्ष २०७२/७३ मा कुल संख्या ४ लाख १८ हजार ७ सय १३ जना मध्ये ३ लाख ९९ हजार ४ सय ६ जना पुरूष र १९ हजार ३ सय ७ जना महिला वैदेशिक रोजगारीमा गएका थिए ।

७.३८ आर्थिक वर्ष २०७२/७३ सम्ममा ३६ लाख १९ हजार ९ सय ८१ जना वैदेशिक रोजगारीमा गएका छन् जसमा ३४ लाख ६४ हजार ८ सय ६८ जना पुरुष र १ लाख ५५ हजार १ सय १३ जना महिला छन् । यसैगरी आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने कुल संख्या १ लाख ८६ हजार १ सय ६६ जना मध्ये १ लाख ७६ हजार ८ सय ३१ जना पुरूष र ९ हजार ३ सय ३५ जना महिला रहेका छन् । माथिको तथ्यांक अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने कामदारको संख्या अघिल्ला वर्षहरूको तुलनामा घट्दो क्रममा रहेको छ।

**तालिका ७ (च) : देशगत वैदेशिक रोजगारीको स्थिति**

| देशको नाम | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| कतार | ६१,२५५ | १,०१४ | ६२,२६९ |
| मलेसिया | ३७,८४७ | ६१७ | ३८,४६४ |
| साउदी अरब | ४२,४२३ | ७६० | ४३,१८३ |
| यु.ए.ई. | २२,४५९ | ३,७९२ | २६,२५१ |
| कुवेत | ५,३१७ | ३३१ | ५,६४८ |
| बहराईन | १,७८० | १४४ | १,९२४ |
| ओमन | १,०७८ | ३३४ | १,४१२ |
| दक्षिण कोरिया | ४७ | -- | ४७ |
| लेबनान | ३२ | ४४ | ७६ |
| इजरायल | ३६ | ३६ | ७२ |
| अफगानिस्तान | ५३८ | ३ | ५४१ |
| जापान | १,५६७ | ५३ | १,६२० |
| अन्य | २,४५२ | २,२०७ | ४,६५९ |
| जम्मा | १७६८३१ | ९३३५ | १८६१६६ |

स्रोतः श्रम तथा रोजगार मन्त्रालय

## वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड

७.३९ वैदेशिक रोजगारको सिलसिलामा आर्थिक वर्ष २०६५/६६ देखि आर्थिक वर्ष २०७२/७३ सम्म विदेशमा निधन भएका ५ हजार ३ सय २८ पुरूष र १ सय १६ जना महिला गरी जम्मा ५ हजार ४ सय ४४ जना मृतकका परिवारलाई आर्थिक सहायता रकम रु.९२ करोड ५६ लाख ६९ हजार उपलब्ध गराइएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम ८ महिनामा ३ सय ८ पुरूष र ७ जना महिला गरी जम्मा ३ सय १५ जना मृतकका परिवारलाई आर्थिक सहायता रकम रु.९ करोड ४० लाख १५ हजार वितरण भएको छ ।

**तालिका ७ (छ) : मृतक संख्या र आर्थिक सहायताको विवरण**

| आर्थिक वर्ष | पुरूष (संख्या) | महिला (संख्या) | जम्मा (संख्या) | रकम (रु.हजारमा) |
|---|---|---|---|---|
| २०६५/६६ | ७५ | ३ | ७८ | ७,७०९ |
| २०६६/६७ | ४०० | १९ | ४१९ | ३,८९,७७ |
| २०६७/६८ | ५५८ | ८ | ५६६ | ४,९५,४३ |
| २०६८/६९ | ६३३ | १४ | ६४७ | ७,७१,९५ |
| २०६९/७० | ७११ | ११ | ७२२ | ९,७९,३० |
| २०७०/७१ | ८५२ | २४ | ८७६ | १२,०४,६० |
| २०७१/७२ | १,००० | ६ | १,००६ | २१,७८,९० |
| २०७२/७३ | ७९१ | २४ | ८१५ | २२,१९,५० |
| २०७३/७४* | ३०८ | ७ | ३१५ | ९,४०,१५ |

स्रोतः- श्रम तथा रोजगार मन्त्रालय

* प्रथम आठ महिनाको

**तालिका ७ (ज) : विरामी र अंग भंगको विवरण**

| आर्थिक वर्ष | पुरूष संख्या | महिला संख्या | जम्मा संख्या | रकम (रु.हजारमा) |
|---|---|---|---|---|
| २०६५/६६ | ८ | ० | ८ | २४५ |
| २०६६/६७ | ८ | २ | १० | १६४ |
| २०६७/६८ | ३१ | ० | ३१ | १,४२२ |
| २०६८/६९ | ५५ | २ | ५७ | ३,३७१ |
| २०६९/७० | ८७ | ३ | ९० | ६,२१२ |
| २०७०/७१ | १०८ | ८ | ११६ | ७,५५९ |
| २०७१/७२ | १७९ | ४ | १८३ | १,६६,५० |
| २०७२/७३ | १११ | ५ | ११६ | १,४२,८४ |
| २०७३/७४* | १०६ | १ | १०७ | १,५८,९१ |

स्रोतः श्रम तथा रोजगार मन्त्रालय

*प्रथम आठ महिनाको

७.४० आर्थिक वर्ष २०६५/६६ देखि आर्थिक वर्ष २०७२/७३ सम्म विदेशमा बिरामी र अंगभंग भएका ५ सय ८७ पुरूष र २४ जना महिला गरी जम्मा ६ सय ११ जना व्यक्तिलाई रु.४ करोड ९९ लाख ७ हजार तथा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १ सय ६ पुरूष र १ जना महिला गरी जम्मा १ सय ७ जना व्यक्तिलाई रु.१ करोड ५८ लाख ९१ हजार रकम आर्थिक सहायता उपलब्ध गराइएको छ ।

## सामाजिक सुरक्षा कोष

७.४१ आर्थिक एवं सामाजिक रूपमा जोखिममा रहेका नागरिकलाई सामाजिक सुरक्षण प्रदान गर्नका लागि राज्य र नागरिकको साझा प्रयासमा सामाजिक सुरक्षाको कार्य हुँदै आएको छ। सामाजिक सुरक्षा कोषले सर्वव्यापी सामाजिक सुरक्षाका कार्यक्रम ( Universal Social Security) सञ्चालनको अवधारणा कार्यान्वयन गर्न एकीकृत सामाजिक सुरक्षा रणनीतिको तयारी गर्नुपर्नेछ । सामाजिक सुरक्षा ऐनको मस्यौदा व्यवस्थापिका-संसदमा विचाराधीन छ। सामाजिक सुरक्षा योजना र कार्यविधि निर्माण भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा ८२ प्रतिशत सरकारी क्षेत्र र १८ प्रतिशत गैरसरकारी क्षेत्रका गरी करिब ३ हजार संगठित संस्था सामाजिक सुरक्षा करको दायरामा आई कुल योगदानकर्ताको संख्या २० लाख पुगेको छ । सामाजिक सुरक्षा कोषको कार्यप्रणाली व्यवस्थित गर्न तथ्यांक केन्द्र (Data Centre) र सोको लागि विद्युतीय प्रणालीको प्रबन्ध भएको छ ।

**तालिका ७ (झ) : सामाजिक सुरक्षा कोषमा संकलित रकम (रु. करोडमा)**

| आर्थिक वर्ष | संकलन भएको रकम |
|---|---:|
| २०६६/६७ | ५४ |
| २०६७/६८ | ७४ |
| २०६८/६९ | १५५ |
| २०६९/७० | १४८ |
| २०७०/७१ | २२५.६६ |
| २०७१/७२ | २९२.५८ |
| २०७२/७३ | ३२६.९७ |
| २०७३/७४* | २५४.१९ |

स्रोतः श्रम तथा रोजगार मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय
*प्रथम आठ महिनाको

७.४२ आर्थिक वर्ष २०६६/६७ देखि आर्थिक वर्ष २०७२/७३ सम्ममा सामाजिक सुरक्षा कर वापत रु.१२ अर्ब ७६ करोड २१ लाख संकलन भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रु.२ अर्ब ५४ करोड १९ लाख संकलन भएको छ । सामाजिक

सुरक्षा योजना सञ्चालन गर्नको लागि रु.५२ करोड रकम निकासा भएकोमा सो रकम बैंकमा जम्मा राखी हाल साँवा तथा व्याज रकम गरी रु.६३ करोड पुगेको छ । मातृत्व संरक्षण, दुर्घटना बीमा, औषधोपचार बीमा र विरामी बीमा योजना जस्ता सामाजिक सुरक्षाका कार्यक्रमको सञ्चालनका लागि कानूनी संरचना तयार भएको छ ।

## गरिबी निवारण र रोजगारी लक्षित कार्यक्रम

### कर्णाली रोजगार कार्यक्रम

७.४३ कर्णाली रोजगार कार्यक्रम कर्णाली अञ्चलका पाँच जिल्ला र बाजुरा जिल्लाका साविकका ५ गाउँ विकास समितिमा सञ्चालित छ । ती क्षेत्रमा रहेका ६९ हजार ६ सय ५१ घरधुरीमध्ये करिब ४१ हजार २ सय २९ घरपरिवारका सदस्य रोजगार रहेका छन् । यस कार्यक्रमबाट विगत १० वर्षमा कर्णालीका बासिन्दालाई मौसमी रोजगार उपलब्ध गराई ३४ लाख ९८ हजार ६ सय ९० कार्यदिन रोजगारी सृजना भएको छ भने करिब २ हजार २ सय २६ वटा स-साना योजना (मोटरबाटो, विद्यालय भवन, साना लघु जलविद्युत मर्मत, गोरेटो, घोडेटो, फलफूल एवं जडिबुटी खेती आदि) सम्पन्न भएका छन् । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ६ वटा ग्रामीण सडक निर्माण सम्पन्न भएका छन्। साथै सिँचाइ, लघु जलविद्युत, विद्यालय भवन तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । ५ सय १० घर परिवारका एक परिवार एक सदस्यलाई करिब ४० दिन बराबरको रोजगारी सिर्जना भएको छ । लामो समयसम्म सञ्चालन भएको यस कार्यक्रमको प्रभाव अध्ययन गरी थप विस्तार वा सुधारसहित कार्यान्वयन गर्नुपर्नेछ ।

### गरिबसँग विश्वेश्वर कार्यक्रम

७.४४ मुलुकको ७५ वटै जिल्लाका ४ सय ८३ कार्य क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट अति विपन्न परिवारलाई लक्षित गरी गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस कार्यक्रमबाट हालसम्म ७ हजार समूह गठन भई ८० हजार परिवार आवद्ध भएका छन् । आर्थिक वर्ष २०७२/७३ सम्ममा ३९ जिल्लाका साविक ९७ गाउँ विकास समितिमा थप कार्यक्षेत्र विस्तार भई सीपमूलक तालिम ५५ जना, खानेपानी योजना निर्माण ४० वटा र सिँचाइ योजना निर्माण ३ वटा सम्पन्न भएका थिए । आर्थिक वर्ष २०७३/७४ मा लक्षित समूहबाट माग भई आएका स-साना ग्रामीण पूर्वाधार कार्यक्रम खानेपानी, सिँचाई, कुवा मर्मत, गोरेटो बाटो एवं आय आर्जनका कृयाकलापहरू सञ्चालन भएका छन् ।

## ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम

७.४५ दिगो एवं उत्पादनशील पूर्वाधारको निर्माण गरी खाद्य असुरक्षित क्षेत्रका गरिब घर परिवारहरूको खाद्य सुरक्षा स्थितिमा सुधार ल्याई उनीहरूको स्वावलम्वन क्षमतामा अभिवृद्धि गर्न २१ जिल्लामा यो कार्यक्रम सञ्चालनमा छ । यस कार्यक्रमबाट ग्रामीण सडक निर्माणका साथै स-साना आयआर्जन अभिवृद्धिका क्रियाकलापहरू सञ्चालित छन् ।

**तालिका ७ (ञ) : ग्रामीण सामुदायिक पूर्वाधार विकास**

| आर्थिक वर्ष | ग्रामीण सडक निर्माण (किलोमिटर) | जीविकोपार्जन तथा आय आर्जन वृद्धिका क्रियाकलाप (वटा) | रोजगारी सिर्जना (दिन) |
|---|---|---|---|
| २०७०/७१ | ११७ | १८६ | ११,८६,७३५ |
| २०७१/७२ | ८२.५ | १८८ | ६,०३,४८८ |
| २०७२/७३ | ९५.१२ | १९४ | ६,८५,३८८ |
| २०७३/७४* | २४.३ | ४८ | ६४,१२५ |

स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

*प्रथम आठ महिनाको

## स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रम

७.४६ स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रमबाट जाजरकोट, कालिकोट, जुम्ला, मुगु, अछाम, दैलेख, डोटी जिल्लाका साविक २ सय ३४ गाउँ विकास समितिको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भएको छ । ७ हजार घरपरिवारलाई आय आर्जन क्रियाकलापमा सहभागी गराई बजारसँग आवद्ध गराइएको छ । यस कार्यक्रममा ४ सय उत्पादक समूह क्रियाशील रहेका छन् भने ९० वटा कृषक व्यवसाय, पाठशाला तथा १५ वटा कृषि उपज सङ्कलन केन्द्र सञ्चालनमा आएका छन् । यो कार्यक्रमको चौथो चरण सन् २०१५ मा सम्पन्न भइसकेको र पाँचौं चरण सन् २०१६ देखि २०२० सम्मको लागि जाजरकोट, अछाम, बाजुरा, कालिकोट र मुगु जिल्लामा सुशासन कार्यक्रमको नामबाट सञ्चालन गर्ने तयारी भइरहेको छ ।

## सीमा क्षेत्र विकास कार्यक्रम

७.४७ मानव विकासको सूचकांकमा तुलनात्मक रूपमा पछाडि परेका नेपालको पूर्वी र मध्य तराई क्षेत्रमा समावेशी विकासका लागि सीमा क्षेत्रमा सघन रूपमा यो कार्यक्रम सञ्चालनमा छ । आर्थिक वर्ष २०७२/७३ मा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा जिल्लामा सडक निर्माण तथा स्तरोन्नति, खोला नियन्त्रण, सौर्य बत्ती जडान, पोल जडान,

बाख्रा वितरण र क्षमता विकास सम्बन्धी तालिम सञ्चालन भएको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा थप १२ जिल्लामा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ ।

## चुनौतीहरू

७.४८ सामाजिक सुरक्षाका क्षेत्रमा विभिन्न सरकारी निकायहरू र स्थानीय निकायहरूबाट कार्यक्रम सञ्चालन हुनु, रोजगार सूचना केन्द्र सम्बन्धी ऐन, नियम नभएको, कोषमा लगातार रकम बढ्दै गएतापनि समन्वयात्मक रूपमा यसको उपयोगका लागि लगानी योजना बन्न नसक्नु, सामाजिक सुरक्षा कोषको रकम के कस्ता कार्यमा खर्च गर्ने भन्ने निर्दिष्ट व्यवस्था नहुनु जस्ता समस्या समाधानका लागि ऐन, नियम तर्जुमा गरी लगानी योजना निर्माण र कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ ।

७.४९ अपांगता भएका बालबालिकाको विद्यालयमा सहज पहुँच नहुनु, विद्यालय छोड्ने दर अझै पनि उच्च रहनु, सार्वजनिक विद्यालयको गुणस्तरमा अझै सुधार नआउनु, भूकम्पले विद्यालय भवन लगायतका पूर्वाधार क्षतिग्रस्त हुनु जस्ता कारणले सहश्राब्दी विकास लक्ष्यका हासिल भइसकेका उपलब्धिहरूलाई टिकाई राख्नु चुनौती छ ।

७.५० आर्थिक रूपले सक्रिय जनसंख्याबाट जनसांख्यीय लाभ लिनु, मुलुकको आवश्यकता र अन्तर्राष्ट्रिय बजारको माग बमोजिमको दक्ष जनशक्ति तयार गर्नु, स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारी माथिको निर्भरता कम गर्नु, असल श्रम सम्बन्धको विकास गर्नु, कामदारहरूको व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गर्नु चुनौतीपूर्ण छ । यसका साथै विप्रेषण आयलाई पुँजी निर्माण र उद्यमशीलताका क्षेत्रमा लगानी केन्द्रित गर्ने चुनौती छ ।

७.५१ द्विपक्षीय श्रम सम्झौताको विस्तार गर्न बाँकी रहेका प्रमुख गन्तव्य मुलुकहरूसँग सम्झौता गर्ने कार्य अगाडि बढाउनु, फ्रि भिषा फ्रि टिकट सम्बन्धी निर्णय कार्यान्वयनलाई प्रभावकारी तुल्याउनु चुनौतीको रूपमा देखिएको छ ।

७.५२ सामाजिक सुरक्षाका कार्यक्रमहरूको एकीकृत रूपमा सञ्चालन, सामाजिक सुरक्षा कोषको रकमलाई लगानी योजना बनाई समन्वयात्मक ढंगले परिचालन र योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई लक्षित वर्गसम्म पुर्‍याउनु चुनौतीपूर्ण छ ।

७.५३ आवधिक योजनासँग गरिबी निवारण र रोजगारीका कार्यक्रमलाई आन्तरिकीकरण गरी सामान्जस्यता कायम गर्नु, संघीयताको व्यवस्थापनसँगै स्रोतको सुनिश्चितता गरी संघ प्रदेश र

स्थानीय तहमा गरिबी निवारण र रोजगारीका कार्यक्रमहरूलाई कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ ।

७.५४ बढ्दो व्यापार घाटा, जलवायु परिवर्तनका नकारात्मक असरहरू, ऊर्जा सङ्कट, पूर्वाधारको कमी, समग्र आर्थिक-सामाजिक सूचकहरू उकास्नका लागि आवश्यक पर्ने आर्थिक वृद्धिदर न्यून रहनु जस्ता अवस्थामा गरिबी निवारण गर्ने कार्य थप पेचिलो बन्न पुगेको छ । यसमा विनाशकारी भूकम्पले थप चुनौती थपेको छ ।

७.५५ विभिन्न सरकारी निकायहरू, विकास साझेदार, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा गरिबी र गरिबी निवारणको बुझाई फरक फरक रहेको र तथ्याङ्क पनि फरक फरक भएको अवस्थामा गरिबी निवारणको कार्यक्रममा समन्वय र अनुगमनलाई प्रभावकारी बनाउने कार्य पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

# ८. कृषि, वन र भूमिसुधार

कृषि परम्परादेखि नै जीवन निर्वाहको एक प्रमुख पेशाको रूपमा रही आएको छ । विज्ञान र प्रविधिमा भएको विकाससँगै अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानको अंश कम हुँदै उद्योग र सेवा क्षेत्रको हिस्सा बढ्दै गएको छ । कुल गार्हस्थ्य उत्पादनको २८.९ प्रतिशत हिस्सा कृषि क्षेत्रको रहेको छ भने यस क्षेत्रमा करिब दुई तिहाई जनसंख्या संलग्न रहेका छन् । यसैगरी मुलुकको कुल भू-भागको ४० प्रतिशत वन क्षेत्रले ढाकेको छ । कृषि तथा वन क्षेत्रलाई अर्थतन्त्रका अरू क्षेत्रसँग आबद्ध गर्न नसक्दा यी क्षेत्रमा अपेक्षित स्तरको विकास हुन सकेको छैन । वैज्ञानिक भू-उपयोग नीति अनुरूपको कानून एवं कार्य योजना नहुँदा कृषि भूमिको विनाश हुँदै गएको, वन तथा नदीजन्य पदार्थको अतिक्रमण बढेको, विकास निर्माणका लागि जग्गा प्राप्तिमा कठिनाई उत्पन्न हुने गरेको, अव्यवस्थित बसोबास बढेको, वातावरणीय विनास बढेको जस्ता समस्याहरू रहेका छन् । यसर्थ वैज्ञानिक भू-उपयोग नीति तर्जुमा गरी कृषि, वन, जडीबुटी, पर्यटन, जलस्रोत लगायतका सबै क्षेत्रमा अनुसन्धानमा आधारित तथ्यपरक रणनीति र कार्यक्रम अवलम्वन गरेर उपलब्ध स्रोत र साधनको अत्युत्तम परिचालनबाट आर्थिक वृद्धिलाई उच्च, रोजगार उन्मुख र दिगो बनाउँदै आर्थिक समृद्धिको मार्ग फराकिलो तुल्याउनु पर्नेछ।

## कृषि

८.१ कृषि परापूर्व कालदेखि नै जीवन निर्वाहका लागि एक आधारभूत पेशाको रूपमा रहिआएको छ । विश्व अर्थतन्त्रमा अरू क्षेत्रको विकास र विस्तारसँगै कृषि क्षेत्रको अंश क्रमशः कम हुँदै गएको भए पनि कृषि क्षेत्रको उत्पादनको आकार भने बढ्दै गएको छ । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले हाल २८.९ प्रतिशत ओगटेको छ । कृषि पेशामा संलग्न जनसंख्या भने करिब दुई तिहाइ रहेका छन् । कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै अर्थतन्त्रका अरू क्षेत्रसँग जोड्न सकिएको छैन । कृषिलाई मर्यादित पेशाको रूपमा अनुभूति गराउन नसक्दा यस क्षेत्रको विकास अपेक्षित स्तरमा हुन सकेको छैन ।

८.२ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउँदै कृषिमा आधारित उद्योगको सुधार हुनसक्ने गरी कृषि विकासका नीति तथा कार्यक्रमहरू लागू गर्नुपर्नेछ । कृषि प्रणालीमा जैविक विषादीको उपयोग अभिवृद्धि गर्दै स्वस्थकर खाद्यान्न उत्पादन र उपभोगलाई बढावा दिनुपर्नेछ । खाद्यान्न एवं नगदे खेती प्रणालीमा वैज्ञानिक पद्धतिको अवलम्बन गर्दै कृषि

उत्पादनको आकार वृद्धि गरेर नेपालको संविधानमा मौलिक हकको रूपमा प्रत्याभूति गरिएको खाद्य सम्प्रभूता सुनिश्चित गर्नुपर्नेछ । कृषिका नीति तथा कार्यक्रमलाई यिनै दिशातर्फ अग्रसर तुल्याउँदै लगिएको छ ।

८.३ विक्रम सम्वत् २०५२ सालमा ल्याइएको दीर्घकालीन कृषि योजनाको कार्यान्वयन पछि सन् २०१५-२०३५ को २० वर्षे अवधिका लागि कृषि विकास रणनीति लागू भएको छ । यस रणनीतिमा मुलुकलाई खाद्यान्नमा आत्म निर्भर बनाउने, प्रतिस्पर्धात्मक व्यावसायिक कृषि प्रणालीको विकासबाट रोजगारी अभिवृद्धि गर्ने एवं खाद्य तथा पोषण सुरक्षा र दिगो वातावरणीय संरक्षण गर्ने उद्देश्यहरू रहेका छन् ।

८.४ औद्योगिक विकासको लागि कच्चा पदार्थको आपूर्ति कृषि क्षेत्रबाटै हुने भएकोले कृषि उद्यमशीलता अभिवृद्धि गर्न चालु आर्थिक वर्ष २०७३/७४ देखि आन्तरिक स्रोतबाट कृषि विकास रणनीतिको पुरक योजनाका रूपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू भएको छ । यस कार्यक्रम अन्तर्गत सात प्रदेशमा १ हजार हेक्टरको व्यावसायिक कृषि उत्पादन क्षेत्र सुपरजोनका लागि सम्भाव्य क्षेत्रको पहिचान गरी देशभरि ५ सय हेक्टर क्षेत्रफलका ३० वटा जोन, हुलाकी राजमार्ग आसपासमा ६ सय र मध्य पहाडी राजमार्ग र आसपासमा २ सय समेत गरी न्यूनतम १० हेक्टरका २ हजार १ सय साना पकेट क्षेत्र पहिचान भएका छन् ।

८.५ प्रत्येक जिल्लामा कम्तीमा १ सय हेक्टर क्षेत्रफलका २ वटा कृषि उत्पादन ब्लकहरू स्थापना गरी व्यावसायिक रूपमा कृषि बाली उत्पादनका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यसैगरी वैदेशिक सहयोगबाट समेत सञ्चालित ८ वटा आयोजना मार्फत् स्थानीय रोजगार प्रवर्द्धन तथा कृषि क्षेत्रको औद्योगिकरणमा सहयोगी कार्यक्रमहरू कार्यान्वयन गरिएको छ ।

८.६ आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २८.९ प्रतिशत रहने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७२/७३ मा कृषि क्षेत्रको यस्तो योगदान ३१.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७३/७४ मा आधारभूत मूल्यमा कृषि क्षेत्रको वार्षिक वृद्धि दर ५.३ प्रतिशत हुने अनुमान छ भने गत आर्थिक वर्ष २०७२/७३ मा यस्तो वृद्धि दर ०.०३ प्रतिशतले ह्रास आएको थियो । मौसमी अनुकूलतामा बढी निर्भर रहेको कृषि क्षेत्रको पछिल्लो दश वर्षको वृद्धि दर भने अपेक्षाकृत रूपमा सन्तोषजनक रहन सकेन ।

## खाद्यान्न बाली उत्पादनको स्थिति

८.७ अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा नेपालको कुल खाद्यान्न उत्पादन (धान, गहुँ, मकै, कोदो, जौ, फापर) चालु आर्थिक वर्ष २०७३/७४ मा १३ प्रतिशतले वृद्धि भई ९७ लाख ४१ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा खाद्यान्न उत्पादन ८६ लाख १४ हजार मेट्रिक टन रहेको थियो ।

८.८ चालु आर्थिक वर्ष २०७३/७४ मा ५२ लाख ३० हजार मेट्रिक टन धानको उत्पादन हुने अनुमान छ । यो उत्पादन गत आर्थिक वर्षको ४२ लाख ९९ हजार मेट्रिक टनको तुलनामा करिब २१.६ प्रतिशतले बढी हो । समयमै मनसुन सुरु भएको, रासायनिक मल तथा उन्नत बिउको सहज उपलब्धता एवं कृषक माझ उन्नत प्रविधिको पहुँच बढाउँदै गएकोले धानको उत्पादन बढेको हो।

८.९ धान पछिको दोस्रो प्रमुख खाद्यान्न बालीको रूपमा रहेको मकैको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा ३.९७ प्रतिशतले वृद्धि भई २३ लाख २० हजार मेट्रिक टन हुने अनुमान छ । पशु दाना उद्योगहरूमा मकैको माग बढेकोले कृषकहरू मकै खेतीप्रति आकर्षित भई खेती विस्तार गरिनु, रासायनिक मल तथा उन्नत बिउको आपूर्तिमा सहजीकरण हुनु एवं अनुकूल मौसमको प्रभावले प्रति इकाई उत्पादकत्वमा वृद्धि भई मकै उत्पादन बढ्ने देखिएको छ।

८.१० चालु आर्थिक वर्ष २०७३/७४ मा गहुँबालीको उत्पादन गत आर्थिक वर्ष २०७३/७४ को तुलनामा ६ प्रतिशतले वृद्धि भई १८ लाख ४१ हजार मेट्रिक टन पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा गहुँबाली १७ लाख ३६ हजार मेट्रिक टन उत्पादन भएको थियो । अनुकूल मनसुनका कारण माटोमा चिस्यान रहनु तथा गहुँबाली लगाएपश्चात् वर्षासमेत भएको, रासायनिक मल तथा उन्नत बिउको सुलभ उपलब्धता भएको, कृषकहरूले सुधारिएका उत्पादन प्रविधि अबलम्बन गर्दै गएकोले गहुँबालीको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको हो । यसक्रममा गहुँबालीले गाँज हाल्नु पूर्व नवलपरासी, रूपन्देही, कपिलवस्तु लगायतका जिल्लाहरूमा भएको फौजीकीराको आक्रमण विरूद्ध गरिएको रोकथामको प्रयासबाट समेत उत्पादनमा अभिवृद्धि हुने देखिएको छ ।

८.११ कोदो बाली उत्पादन गत आर्थिक वर्ष २०७२/७३ मा ३ लाख २ हजार मेट्रिक टन भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा करिब १.२६ प्रतिशतले बढेर ३ लाख ६ हजार मेट्रिक हुने अनुमान छ । कोदोबाली लगाइएको क्षेत्रफल गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा १.३९ प्रतिशतले कमी आएको छ । कोदो बालीमा उन्नत बिउ, मल र प्रविधिको प्रयोग गर्ने प्रचलन कम रहेता

पनि मूलतः अनुकूल मौसमका कारण उत्पादकत्वमा २.६९ प्रतिशतले वृद्धि भएकोले कोदोबालीको उत्पादन बढेको हो ।

## तालिका ८ (क) : खाद्यान्न बालीको उत्पादन विवरण

*(क्षेत्रफलः हेक्टर, उत्पादन : मेट्रिक टन, उत्पादकत्व : मेट्रिक टन / हेक्टर)*

| बालीको नाम | २०७१/७२ | | | २०७२/७३ | | | २०७३/७४* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे |
| धान | १४२५३४६ | ४७८८६१२ | ३.३६ | १३६२९०८ | ४२९९०७८ | ३.१५ | १५५२४६९ | ५२३०३२७ | ३.३७ |
| | -४.१४ | -५.१२ | -१.०२ | -४.३८ | -१०.२२ | -६.११ | १३.९१ | २१.६६ | ६.८१ |
| मकै | ८८२३९५ | २१४५२९१ | २.४३ | ८९१५८३ | २२३१५१७ | २.५० | ८९७७८९ | २३२०००० | २.५८ |
| | -४.९९ | -६.०४ | -१.१० | १.०४ | ४.०२ | २.९५ | ०.७० | ३.९७ | ३.२५ |
| गहुँ | ७६२३७३ | १९७५६२५ | २.५९ | ७४५८२३ | १७३६८४९ | २.३३ | ७५०००० | १८४१००० | २.४५ |
| | १.०५ | ४.९१ | ३.८२ | -२.१७ | -१२.०९ | -१०.१४ | ०.५६ | ६.०० | ५.४१ |
| कोदो | २६८०५० | ३०८४८८ | १.१५ | २६६७९९ | ३०२३९७ | १.१३ | २६३१०१ | ३०६२१५ | १.१६ |
| | -१.१६ | १.४४ | २.६३ | -०.४७ | -१.९७ | -१.५१ | -१.३९ | १.२६ | २.६९ |
| फापर | १०८१९ | १०८७० | १.०० | १०८४२ | ११६४० | १.०७ | १०८९० | ११९७९ | १.१० |
| | २.९४ | ५.१८ | २.१७ | ०.२१ | ७.०८ | ६.८६ | ०.४४ | २.९१ | २.४६ |
| जौ | २८०५३ | ३७३५४ | १.३३ | २८३६८ | ३२८०६ | १.१६ | २६९४३ | ३२१४४ | १.१९ |
| | -०.४३ | ७.२७ | ७.७२ | १.१२ | -१२.१८ | -१३.१५ | -५.२ | -२.० | २.०४ |
| खाद्यान्न बाली जम्मा | ३३७७०३६ | ९२६६२४० | २.७४ | ३३०६३२३ | ८६१४२८७ | २.६१ | ३५०११९२ | ९७४१६६५ | २.७८ |
| | -२.९६ | -३.१० | -०.१४ | -२.०९ | -७.०४ | -५.०५ | ५.८९ | १३.०९ | ६.७९ |

स्रोत : कृषि विकास मन्त्रालय ।

पुनश्चः प्रत्येक बालीको तथ्याङ्क भन्दा तल्लो लाइनमा अघिल्लो आर्थिक वर्षको तुलनामा भएको वृद्धिदरलाई प्रतिशतमा जनाइएको छ ।

* अनुमानित




स्रोत : कृषि विकास मन्त्रालय ।

८.१२ विगत वर्षदेखि मुख्य खाद्यान्न बालीको राष्ट्रिय तथ्याङ्कको गणनामा फापरलाई समावेश गरिएको छ । फापर बाली हिमाली क्षेत्रमा उत्पादन गर्ने भएता पनि करिब ५० वटा जिल्लामा लगाइएको छ । मौसमी अनुकूलताले फापर बालीको उत्पादन चालु आर्थिक वर्ष २०७३/७४ मा ११ हजार ९ सय मेट्रिक पुग्ने अनुमान छ, जुन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा २.९ प्रतिशतले बढी हो । गत आर्थिक वर्षमा फापर बालीको उत्पादन ११ हजार ६ सय मेट्रिक टन रहेको थियो ।

८.१३ चालु आर्थिक वर्ष २०७३/७४ मा जौ बालीको उत्पादन ३२ हजार १ सय मेट्रिक टन हुने अनुमान छ । यो उत्पादन आर्थिक वर्ष २०७२/७३ को ३२ हजार ८ सय मेट्रिक टन उत्पादनको तुलनामा २ प्रतिशतले न्यून हो । राम्रो हिउँदे वर्षा र हिमपात भएको कारण कृषकहरू नगदेबाली तर्फ आकर्षित भएकाले जौ खेती कम हुन गई उत्पादनमा केही ह्रास आएको हो ।

८.१४ चालु आर्थिक वर्ष २०७३/७४ मा मुख्य खाद्यान्न मध्ये धान, मकै, गहुँ तथा फापर उत्पादनका लागि प्रयोग गरिएको जमिनको क्षेत्रफल बढेको छ । कोदो र जौ लगाइएको जमिनको क्षेत्रफल घटेको छ । यद्यपि अनुकूल मौसमका साथै खेतीका लागि आवश्यक मल तथा बिउ लगायतका साधनको सहज उपलब्धता र प्रविधिमा समेत क्रमिक सुधार भएकाले मुख्य खाद्यान्न बालीको उत्पादकत्व बढेको छ ।

८.१५ चालु आर्थिक वर्ष २०७३/७४ मा मसुरो, चना, अरहर, मास, भटमास, गहत लगायतको कुल दलहन उत्पादन अघिल्लो आर्थिक वर्ष २०७२/७३ को उत्पादन ३ लाख ५१ हजार मेट्रिक टनको तुलनामा ०.३५ प्रतिशतले वृद्धि भई ३ लाख ५३ हजार मेट्रिक टन पुग्ने अनुमान छ । दलहन उत्पादनको करिब दुई तिहाइ हिस्सा मसुरो बालीको रहेको छ । सबैजसो दलहन बालीहरूको चालु आर्थिक वर्ष २०७३/७४ को उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा सीमान्तकृत रूपमा मात्र वृद्धि भएको छ। दलहन बालीको उत्पादकत्व बढाउन यी बाली लगाउँदा आकाशे नाईट्रोजन तत्वको माटोमा शोषणबाट माटोको गुणस्तरमा पुग्ने योगदानबारे व्यापक प्रचार प्रसार गर्दै सरोकारवाला कृषक सामु सचेतना पुऱ्याउनुपर्ने देखिन्छ ।

## तालिका ८ (ख) : दलहन बालीको उत्पादन विवरण

| बाली को नाम | २०७१/७२ | | | २०७२/७३ | | | २०७३/७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे |
| मसुरो | २०४४७५ | २२७४९२ | १.११ | २०४६०० | २२७५०० | १.११ | २०४६५० | २२८०६८ | १.११ |
| | -०.७२ | ०.२९ | १.०० | ०.०६ | ०.०० | -०.०६ | ०.०२ | ०.२५ | ०.२२ |
| चना | ९२७४ | ९४०७ | १.०१ | ९३५० | ९५०० | १.०२ | ९४०० | ९५६० | १.०२ |
| | -०.७२ | ०.२९ | १.०० | ०.८१ | ०.९८ | ०.१७ | ०.५३ | ०.६३ | ०.१० |
| अरहर | १६८८५ | १६४६२ | ०.९७ | १६८०० | १६४९० | ०.९८ | १६८३० | १६७०० | ०.९९ |
| | -०.७२ | ०.२९ | ०.९९ | -०.५१ | ०.१७ | ०.६७ | ०.१८ | १.२६ | १.०८ |
| मास | २३१४७ | १९४३९ | ०.८४ | २३१५० | १९४५० | ०.८४ | २३२०० | १९५०० | ०.८४ |
| | -०.७१ | ०.२९ | ०.९९ | ०.०१ | ०.०६ | ०.०४ | ०.२२ | ०.२६ | ०.०४ |
| भटमास | २३५८८ | २८३१९ | १.२० | २३६०० | २८३५० | १.२० | २३६२५ | २८४२० | १.२० |
| | -०.७२ | ०.२९ | १.०० | ०.०५ | ०.११ | ०.०६ | ०.११ | ०.२५ | ०.१४ |
| ग्रास पी | ११४१३ | १४१४४ | १.२४ | ११५०० | १४२५० | १.२४ | ११५२० | १४५०० | १.२६ |
| | -०.७२ | ०.२९ | १.०० | ०.७६ | ०.७४ | -०.०१ | ०.१७ | १.७२ | १.५५ |
| हर्स ग्राम | ६१८८ | ५६७८ | ०.९२ | ५७०० | ५७८० | १.०१ | ५७२३ | ५८०० | १.०१ |
| | -०.७३ | ०.२८ | १.०० | -८.५६ | १.७६ | ९.५१ | ०.४० | ०.३४ | -०.०६ |
| अन्य | ३०४२७ | ३२९१३ | १.०८ | ३०५०० | ३०५७५ | १.०० | ३०५२५ | ३०६००.०६१५ | १.०० |
| | -०.७१ | ०.२९ | १.०० | ०.२४ | -७.६५ | -७.९१ | ०.०८ | ०.०८ | ०.०० |
| **दलहन बाली जम्मा** | ३२५३९७ | ३५३८५४ | १.०९ | ३२५२०० | ३५१८९५ | १.०८ | ३२५४७३ | ३५३१४८.०६१ | १.०९ |
| | -०.७१६ | ०.२९० | ०.९९९ | -०.०६१ | -०.५५७ | -०.४९६ | ०.०८४ | ०.३५५ | ०.२७१ |

स्रोत : कृषि विकास मन्त्रालय ।

पुनश्चः प्रत्येक बालीको तथ्याङ्क भन्दा तल्लो लाइनमा अघिल्लो आर्थिक वर्षको तुलनामा भएको वृद्धिदरलाई प्रतिशतमा जनाउँछ।

## नगदे बालीहरूको उत्पादन स्थिति

८.१६ चालु आर्थिक वर्ष २०७३/७४ मा तेलहन बालीको उत्पादन २ लाख १२ हजार मेट्रिक टन पुग्ने अनुमान रहेको छ । यो उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को २ लाख ११ हजार मेट्रिक टनको तुलनामा ०.२८ प्रतिशतले बढी हो । उत्पादनका लागि पर्याप्त रूपमा लगानी बढाउन नसक्दा तेलहन उत्पादनको वृद्धि दर न्यून रहेको छ ।

८.१७ चालु आर्थिक वर्ष २०७३/७४ मा आलुको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को २५ लाख ५२ हजार मेट्रिक टन उत्पादनबाट ८ प्रतिशतले वृद्धि भई २७ लाख ५५ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ । पछिल्लो अवधिमा आलुको उत्पादन लागत बढ्दै गएकोले यसको बजार मूल्य वृद्धि हुँदै गएको छ । केही हिमाली जिल्लाहरूमा आलु मुख्य खाद्यान्नको रूपमा समेत प्रयोग गरिने भएकोले आलुको बढ्दो माग अनुरूप आपूर्ति हुन सकेको छैन ।

८.१८ गत आर्थिक वर्ष २०७२/७३ मा तरकारी बालीको उत्पादन ३८ लाख २० हजार मेट्रिक टन रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा ४१ लाख ६४ हजार मेट्रिक टन उत्पादन हुने अनुमान छ । यो आर्थिक वर्ष २०७२/७३ को उत्पादन परिमाणको तुलनामा ९ प्रतिशतले बढी रहेको छ । नगदेबालीहरू मध्ये तरकारी दैनिक रूपमा उपयोगमा आउने बालीको रूपमा रहेकाले मौसमी तथा बेमौसमी तरकारी खेती, प्लाष्टिक टनेलमा तरकारी खेती, ग्रिन हाउस निर्माण गरी तरकारी खेती गर्ने लगायतका प्रविधिहरूबाट व्यावसायिक रूपमा समेत विस्तार भइरहेकोले यसबाट कृषकको जीवनस्तर सुधारमा योगदान पुगेको छ।

८.१९ चालु आर्थिक वर्ष २०७३/७४ मा फलफूल र महको उत्पादन क्रमशः १० लाख २५ हनार मेट्रिक टन र ३ हजार ५ सय मेट्रिक टन हुने अनुमान छ । फलफूल र महको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा क्रमशः ३.३ प्रतिशत र १६.६ प्रतिशत बढी रहने देखिएको छ । फलफूलको उत्पादनमा खासगरी व्यावसायिक केरा खेतीको क्षेत्रफल बढ्दै गएको छ । स्याउ तथा आँपको उत्पादन समेत वृद्धि हुने देखिएको छ । यद्यपि रोगका कारण सुन्तलाको उत्पादनमा केही कमी भएको छ । जैविक विविधता बमोजिम मौरीपालन र मह उत्पादनको प्रशस्त सम्भावना रहेको र मह उत्पादनको क्षेत्रमा बहुराष्ट्रिय कम्पनीको समेत आकर्षण भएकोले मौरीपालन क्षेत्रमा उत्साहजनक प्रगति हासिल हुन सक्ने देखिन्छ।

८.२० गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा नगदेबाली लगाइएको क्षेत्रफल मध्ये तेलहन बालीको ०.१९ प्रतिशत मात्र वृद्धि हुने अनुमान छ । मह र फलफूल बालीको क्षेत्रफल करिब ३.१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी आलु र तरकारी बाली लगाइएको क्षेत्रफल अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा क्रमशः ६ प्रतिशत र ८ प्रतिशतले वृद्धि भएको छ।

## तालिका ८ (ग) : नगदे बालीको उत्पादन विवरण

| बालीको नाम | २०७१/७२ | | | २०७२/७३ | | | २०७३/७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे. | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे |
| तेलहन | २३३०५४.३० | २०९६३२.७६ | ०.९० | २३४११३.८३ | २११९३६.२५ | ०.९० | २३४५५९.८७ | २११७३२.३१ | ०.९० |
| | ३.५९ | ७.०९ | ३.६३ | ०.४५ | ०.७१ | ०.२६ | ०.१९ | ०.२८ | ०.०९ |
| आलु | १९७०३७ | २५८६२८७ | १३.१३ | १९०८९६ | २५५१७३९ | १३.३६७ | २०२३५० | २७५५८७९ | १३.६२ |
| | -४.२२ | -८.२१ | -४.१६ | -३.१२ | -१.३४ | १.८४ | ६.०० | ८.०० | १.८९ |
| तरकारी | २६६९३७ | ३५८००८५ | १३.४१ | २८०८०६ | ३८१९८०९ | १३.६० | ३०३२७१ | ४१६३५९२ | १३.७३ |
| | ४.७१ | ४.६५ | -०.०६ | ५.२० | ६.७० | १.४३ | ८.०० | ९.०० | ०.९३ |
| फलफूल | ११०८०२ | ९९१९७८ | ८.९५ | १११५०२ | ९९२५५१ | ८.९० | ११५००९ | १०२५२८४ | ८.९१ |
| | ०.१७ | १.२७ | १.१० | ०.६३ | ०.०६ | -०.५७ | ३.१५ | ३.३० | ०.१५ |
| मह | १७०००० | १६५० | ०.००९७ | २२५००० | ३००० | ०.०१३३३ | २३२००० | ३५०० | ०.०१५०८६ |
| | ०.५९ | १.५४ | ०.९४ | ३२.३५ | ८१.८२ | ३७.३७ | ३.११ | १६.६७ | १३.१५ |

स्रोत : कृषि विकास मन्त्रालय ।

पुनश्चः प्रत्येक बालीको तथ्याङ्क भन्दा तल्लो लाइनमा अघिल्लो आर्थिक वर्षको तुलनामा भएको वृद्धिदरलाई प्रतिशतमा जनाउँछ।

### औद्योगिक बालीहरूको उत्पादन स्थिति

८.२१ प्रमुख औद्योगिक बालीको रूपमा रहेको उखुको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ मा २९ लाख ८८ हजार मेट्रिक टन भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा ५.६ प्रतिशतले वृद्धि भई ३१ लाख ५७ हजार मेट्रिक टन पुग्ने अनुमान छ । चिनीको बढ्दो खपतसँगै उखुले राम्रो मूल्य प्राप्त गरेको एवं आफ्नो जग्गाको माटोको बनोट समेतका कारण कृषकको उखु खेतीतर्फ आकर्षण बढेको छ । उत्पादित उखुको मूल्य समयमै भुक्तानी प्राप्त गर्न सकेमा उखुको उत्पादनमा अपेक्षित स्तरमा वृद्धि हुन जाने देखिन्छ ।

८.२२ चालु आर्थिक वर्ष २०७३/७४ मा जुटको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को उत्पादन ११ हजार ६ सय मेट्रिक टनको तुलनामा १६.३ प्रतिशतले कमी आई ९ हजार ७ सय मेट्रिक टन हुने अनुमान छ । जुटबालीको बिउको उपलब्धतामा कठिनाइ देखिएको छ । जुटको बोराको प्रयोग घट्दै जाँदा कृषकहरू तरकारी बाली, माछा पालन लगायतका तुलनात्मक बढी लाभ दिने बालीहरूतर्फ आर्कषित भएकोले पनि जुटवाली उत्पादनमा कमी आउन थालेको हो ।

८.२३ निर्यातजन्य प्रमुख औद्योगिक बालीको रूपमा रहेको चिया र कफीको उत्पादन चालु आर्थिक वर्ष २०७३/७४ मा क्रमशः २४ हजार ७ सय मेट्रिक टन र ५ सय ७९ मेट्रिक टन पुग्ने अनुमान छ । गत आर्थिक वर्ष २०७२/७३ को चिया र कफी उत्पादन क्रमशः २३ हजार १ सय मेट्रिक टन र ४ सय ६४ मेट्रिक टनको तुलनामा समीक्षा वर्षमा क्रमशः ६.५ प्रतिशत र २४.८ प्रतिशतले वृद्धि भएको छ । चिया उत्पादन र यसको गुणस्तर सुधारका कार्यक्रम लागू गरिनुका साथै चिया कृषक, चिया व्यावसायी र नेपाल सरकारका बीचमा आपसी समन्वयबाट चियाको कारखाना गेट मूल्य तोक्ने गरिएकोले चिया बालीको उत्पादन अभिवृद्धि हुँदै गएको छ । बाह्य बजारको सम्भावनालाई दृष्टिगत गरी कफी बालीमा प्राङ्गारिक पद्धति अबलम्बन गरी उत्पादित अर्गानिक कफीबाट बजार प्रवर्द्धन गर्दै लगिएको छ।

८.२४ माछा उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा ४८ हजार ५ सय मेट्रिक टन भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ को सोही अवधिमा १२ प्रतिशतले वृद्धि भई ५४ हजार ३ सय मेट्रिक टन पुग्ने अनुमान छ । खाद्यान्न तथा तरकारी बालीहरूको तुलनामा बढी लाभ दिने, धैरे मेहनत नलाग्ने र पोखरी निर्माणमा अनुदान दिइने गरेकोले पनि कृषकको माछा पालन व्यवसायतर्फ आकर्षण बढेको छ । हाल बजारमा जीवित तथा आलङ्कारिक (सजावटका लागि प्रयोग हुने) माछाको उपलब्धताले माग वृद्धि भएको छ । विभिन्न भौगोलिक क्षेत्रमा रहेका जलस्रोतको उपयोगिताबाट निर्यातमूलक मत्स्यपालन गर्न सकिने पर्याप्त सम्भावना छ ।

८.२५ चालु आर्थिक वर्ष २०७३/७४ मा कपासको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को उत्पादन ४४ मेट्रिक टनको तुलनामा ४.५ प्रतिशतले कमी आई ४२ मेट्रिक टन हुने अनुमान छ । कपास बालीका लागि दाङ्ग, बाँके, बर्दिया लगायतका जिल्लाहरूलाई पकेट क्षेत्रका रूपमा विकास गरी व्यावसायिक ढंगले खेती गर्ने अभियान लागू भएको छ । यद्यपि कपास खेतीसँग औद्योगिक उत्पादन जोड्न नसक्दा कपास बाली उत्पादनको उत्साहजनक अवस्था देखिदैन ।

८.२६ औद्योगिक बालीहरू मध्ये उखु, चिया, कफी र माछापालनमा उपयोग गरिएको जमिनको क्षेत्रफल चालु आर्थिक वर्ष २०७३/७४ मा बढेको छ । यी मध्ये गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा कफी बालीको क्षेत्रफल सर्वाधिक ४७.७ प्रतिशतले बढेको छ। जुट र कपास बालीको क्षेत्रफल भने गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा ७ प्रतिशतको हाराहारीमा घटेको छ ।

## तालिका ८ (घ) : औद्योगिक बालीको उत्पादन विवरण

| बालीको नाम | २०७१/७२ | | | २०७२/७३ | | | २०७३/७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे. | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे |
| उखु | ६६६०० | ३०६३००० | ४५.९९१ | ६७३७२ | २९८८४१८ | ४४.३५६९७ | ६८४०२ | ३१५७४०१ | ४६.१६ |
| | -१३.३५ | -७.६३ | ६.६१ | १.१६ | -२.४३ | -३.५५ | १.५३ | ५.६५ | ४.०६ |
| जुट | ११४०० | १६५३० | १.४५ | ८०१७ | ११६३३ | १.४५१०४२ | ७५०० | ९७३५ | १.३० |
| | २९.७४ | ३०.५८ | ०.६५ | -२९.६८ | -२९.६२ | ०.०७ | -६.४५ | -१६.३२ | -१०.५५ |
| चिया | १९३५० | २२५०० | १.१६२७९ | २०१६५ | २३१८७ | १.१४९८६४ | २१२६७ | २४७०२ | १.१६ |
| | ०.४१ | ५.१७ | ४.७४ | ४.२१ | ३.०५ | -१.११ | ५.४६ | ६.५३ | १.०१ |
| कफी | २३८१ | ४६४ | ०.१९४८८ | २०३१ | ४६४ | ०.२२८४५९ | ३००० | ५७९ | ०.१९ |
| | २४.५९ | ७.९१ | -१३.३९ | -१४.७० | ०.०० | १७.२३ | ४७.७१ | २४.७८ | -१५.५२ |
| माछा | ९२०० | ४१४८१ | ४.५१ | ९९३४ | ४८५४३ | ४.८९ | १०९२७ | ५४३६८ | ४.९८ |
| | ६.९८ | १०.८३ | ३.६० | ७.९८ | १७.०२ | ८.३८ | १०.०० | १२.०० | १.८२ |
| कपास | १२३ | १३७ | १.११३८२ | ३८ | ४४ | १.१५७८९५ | ३५ | ४२ | १.२० |
| | -५.३८ | ३.७९ | ९.६९ | -६९.११ | -६७.८८ | ३.९६ | -७.८९ | -४.५५ | ३.६४ |

स्रोत : कृषि विकास मन्त्रालय ।

पुनश्चः प्रत्येक बालीको तथ्याङ्क भन्दा तल्लो लाइनमा अघिल्लो आर्थिक वर्षको तुलनामा भएको वृद्धिदरलाई प्रतिशतमा जनाउँछ।

## मसला बालीहरूको उत्पादन स्थिति

८.२७ चालु आर्थिक वर्ष २०७३/७४ मा मसला बालीहरू मध्ये अलैंची, अदुवा र लसुनको उत्पादन क्रमशः १२ हजार ८ सय मेट्रिक टन, २ लाख ९० हजार मेट्रिक टन र ४७ हजार २ सय मेट्रिक टन हुने अनुमान छ । यो उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा क्रमशः ५.६ प्रतिशत, ९.२ प्रतिशत र ३.८ प्रतिशतले बढी रहेको छ । यसैगरी बेसार र खुर्सानीको उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को क्रमशः ७२ हजार ४ सय मेट्रिक टन र ४२ हजार ३ सय मेट्रिक टनको तुलनामा क्रमशः १.२ प्रतिशत र ०.६ प्रतिशतले वृद्धि भई क्रमशः ७३ हजार ३ सय मेट्रिक टन र ४२ हजार ६ सय मेट्रिक टन पुग्ने अनुमान छ ।

८.२८ चालु आर्थिक वर्ष २०७३/७४ मा मसला बाली लगाइएको जमिनको क्षेत्रफल ६४ हजार हेक्टर रहेको छ । यो क्षेत्रफल गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा २.५ प्रतिशतले बढी छ । मसला बालीहरू मध्ये अलैचीबाट कृषकको आयस्तरमा सुधार भई कृषक यसतर्फ आकर्षित हुँदा यसको क्षेत्रफलमा विस्तार भएको छ । समय समयमा विभिन्न रोगको प्रकोपले अलैचीको उत्पादनमा न्यूनता, बजारमा मूल्य अस्थिरता र स्वदेशमै गुणस्तरीय प्रशोधनको अभाव जस्ता समस्यालाई सम्बोधन गर्न सकिएमा अलैची निर्यातको राम्रो सम्भावना छ।

### तालिका ८ (ङ) : मसला बालीको उत्पादन विवरण

| बालीकोनाम | २०७१/७२ | | | २०७२/७३ | | | २०७३/७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे. | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे | क्षेत्रफल हे | उत्पादन मेटन | उत्पादकत्व मेटन प्र हे |
| अलैची | १२४५८ | ५१६६ | ०.४१४६७ | १५७०० | १२१२० | ०.७७ | १६६४२ | १२८४७ | ०.७७ |
| | ७.६८ | -१.१४ | -९.५६ | २०.६५ | ५७.३८ | ४६.२८ | ५.६६ | ५.६६ | ०.०० |
| अदूवा | २३८२६ | २४२५४७ | १०.१७९९ | २३८५५ | २६३१४० | ११.०३ | २४३०० | २८९९५२ | ११.९३ |
| | -१.६८ | -१३.८५ | -११.९७ | ०.१२ | ७.८३ | ७.७१ | १.८३ | ९.२५ | ७.५५ |
| लसुन | ७११९ | ४४७२३ | ६.२८२२ | ७२०५ | ४५३९० | ६.३० | ७३२० | ४७२०३ | ६.४५ |
| | ७.७३ | -०.७० | -९.१३ | १.१९ | १.४७ | ०.२८ | १.५७ | ३.८४ | २.३१ |
| बेसार | ७८७७ | ७१८१२ | ९.११६६७ | ७९१५ | ७२४२५ | ९.१५ | ७९९० | ७३३०७ | ९.१७ |
| | ७.२० | ५.८२ | -१.४८ | ०.४८ | ०.८५ | ०.३७ | ०.९४ | १.२० | ०.२७ |
| खुर्सानी | ७६८० | ४०१७२ | ५.२३०७३ | ७७०० | ४२३५० | ५.५ | ७७५० | ४२६२५ | ५.५० |
| | -४.६० | ११.२१ | १५.११ | ०.२६ | ५.१४ | ४.९० | ०.६५ | ०.६५ | ०.०० |
| मसला बाली जम्मा | ५८९६० | ४०४४२० | | ६२३७५ | ४३५४२५ | | ६४००२ | ४६५९३४ | |
| | २.२४ | -६.२५ | | ५.४७ | ७.१२ | | २.५४ | ६.५५ | |

स्रोत : कृषि विकास मन्त्रालय ।

पुनश्चः प्रत्येक बालीको तथ्याङ्क भन्दा तल्लो लाइनमा अघिल्लो आर्थिक वर्षको तुलनामा भएको वृद्धिदरलाई प्रतिशतमा जनाउँछ।

## पशुपालन क्षेत्र

८.२९ कृषि क्षेत्रको एक महत्त्वपूर्ण आयामको रूपमा पशुपन्छीको विकास रहेको छ । पशुपालनको तथ्याङ्क हेर्दा पशु घनत्वको आधारमा समृद्ध स्थिति देखिएको छ । पशुपन्छीजन्य उत्पादकत्व स्तर भने न्यून छ । यद्यपि, पछिल्लो अवधिमा पशुपालनको क्षेत्रमा व्यवसायीकरणको विकास भई पशुपन्छीजन्य उत्पादनका लागि व्यावसायिक रूपमा गाई, भैंसी, कुखुरापालन तथा बंगुरपालन फार्महरूको वृद्धि भएको छ ।

८.३० आर्थिक वर्ष २०७२/७३ मा गाई/गोरु ०.८५ प्रतिशतले, भेंडा/भेंडी १.४३ प्रतिशतले र हाँस ०.५१ प्रतिशतले वृद्धि भएको थियो भने बाख्रा/बोका/खसी ७.१६ प्रतिशत, सुंगुर/बङ्गुर ७.७९ प्रतिशत र घोडा/खच्चड/गधा ५.९९ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्ष २०७३/७४ मा गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा यी पशुपन्छीको संख्यामा क्रमशः ०.८९ प्रतिशत, ०.०९ प्रतिशत, ०.६ प्रतिशत, १.४९ प्रतिशत, २.४ प्रतिशत र १.८ प्रतिशतले बढ्ने अनुमान छ । गत आर्थिक वर्ष २०७२/७३ मा फुल दिने कुखुराको संख्यामा उल्लेखनीय ४६.८४ प्रतिशतको वृद्धि भएको थियो भने चालु आर्थिक वर्ष २०७३/७४ मा १.६ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । याक/नाक/चौरीको संख्या गत आर्थिक वर्ष २०७२/७३ मा ३.०१ प्रतिशतले घटेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा ०.९ प्रतिशतले बढ्ने अनुमान छ ।

## तालिका ८ (च) : पशुपन्छीको संख्या

| पशुपंक्षीको किसिम | आर्थिक वर्ष | | | | बार्षिक वृद्धि (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| गाई/गोरु (Cattle) | ७२४३९१६ | ७२४१४१६ | ७३०२८०८ | ७३६७८०३ | -०.०३ | ०.८५ | ०.८९ |
| भैंसी/राँगो(Buffaloes) | ५१७८६१२ | ५१६७७३३ | ५१६८८०९ | ५१७०३६० | -०.२१ | ०.०२ | ०.०३ |
| भेडा/भेडी(Sheep) | ७८९२१० | ७८९३७० | ८००६५८ | ८०१३७८ | ०.०२ | १.४३ | ०.०९ |
| बाखा/बोका/खसी (Goats) | १०१७७५३१ | १०२५२२३६ | १०९८६११४ | १११४९८०७ | ०.७३ | ७.१६ | १.४९ |
| सुंगुर/बङ्गुर (Pigs) | ११९०१३८ | ११९८००१ | १२९१३०८ | १३२२२९९ | ०.६६ | ७.७९ | २.४० |
| कुखुरा(Fowl) | ४८०७९४०६ | ४८४२९०१६ | ६८६३०६३८ | ७०६२०९२६ | ०.७३ | ४१.७१ | २.९० |
| हाँस(Ducks) | ३९०२०९ | ३९०२८१ | ३९२२५५ | ३९४६०९ | ०.०२ | ०.५१ | ०.६० |
| दुधालु गाई (Milking Cows) | १०२४५१३ | १०२५९४१ | १०२६१३५ | १०२९२१३ | ०.१४ | ०.०२ | ०.३० |
| दुधालु भैंसी(Milking Buffaloes) | १३४५८३७ | १३४९१२४ | १३५५३८४ | १३६२१६१ | ०.२४ | ०.४६ | ०.५० |
| फुल दिने कुखुरा (Laying Hens) | ८३५०३८७ | ८४१२७२८ | १२३५३५१५ | १२५५११७१ | ०.७५ | ४६.८४ | १.६० |
| फुल दिने हाँस(Laying Ducks) | १७९४४७ | १७९४८० | १८०९२७ | १८१६५१ | ०.०२ | ०.८१ | ०.४० |
| याक/नाक/चौंरी(Yak/ Nak/ Chauri) | ७०५८८ | ७०९६६ | ६८८३१ | ६९४५० | ०.५४ | -३.०१ | ०.९० |
| खरायो (Rabbit) | २५४३७ | २५८७१ | ३२२१३ | ३२९५४ | १.७१ | २४.५१ | २.३० |
| घोडा/खच्चड/गधा (Horses/Mules/Asses) | ५२५७७ | ५२६५५ | ५५८०८ | ५६८१३ | ०.१५ | ५.९९ | १.८० |

स्रोत : पशुपन्छी विकास मन्त्रालय ।

*अनुमानित

८.३१ गत आर्थिक वर्ष २०७२/७३ मा देशमा कुल दूध उत्पादन १८ लाख ५३ हजार मेट्रिक टन, मासु ३ लाख १७ हजार मेट्रिक टन र अण्डा १ अर्ब २० करोड ८० लाख ७२ हजार गोटा उत्पादन भएको थियो । यसबाट गत आर्थिक वर्ष २०७२/७३ मा पशुपन्छीजन्य उत्पादनको उपलब्धता प्रति व्यक्ति प्रति वर्ष दूध ७० लिटर, मासु १२ किलोग्राम र अण्डा ४४ गोटा पुगेको थियो । मानव आहारमा पोषणका लागि न्यूनतम पशुपन्छीजन्य पदार्थहरूको उपभोग प्रति व्यक्ति प्रति वर्ष दूध ९१ लिटर, मासु १४ किलोग्राम र अण्डा ४८ गोटा आवश्यक पर्ने भएकोले यसमा देखिएको कमी पूरा गर्ने गरी पशुपन्छीजन्य उत्पादन वृद्धि गर्नुपर्नेछ।

८.३२ गत आर्थिक वर्ष २०७२/७३ मा उत्पादन भएको दूध मध्ये गाई र भैंसीको दूधको उत्पादन अनुपात क्रमशः ३४.५ प्रतिशत र ६५.५ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्ष २०७३/७४ मा दूधको उत्पादन १९ लाख २३ हजार मेट्रिक टन रहने अनुमान छ । यो उत्पादन गत आर्थिक वर्ष २०७२/७३ को तुलनामा ३.८ प्रतिशतले वृद्धि हुने अनुमान छ । मासुको उत्पादन समेत चालु आर्थिक वर्ष २०७३/७४ मा गत आर्थिक वर्ष

२०७२/७३ को उत्पादन ३ लाख १७ हजार मेट्रिक टनको तुलनामा ३.९ प्रतिशतले वृद्धि भई ३ लाख ३० हजार मेट्रिक टन पुग्ने अनुमान छ ।

**तालिका ८ (छ) : पशुपंक्षीजन्य उत्पादनको स्थिति**

| पशुपन्छीजन्य उत्पादनको किसिम | आर्थिक वर्ष | | | | बार्षिक वृद्धि (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| दुध उत्पादन (मेट्रिक टन) | १७०००७३ | १७२४८२३ | १८५३८८५ | १९२३६९२.२२ | १.४६ | ७.४८ | ३.७७ |
| गाई | ५३२३०० | ५५७६६९ | ६३९५९० | ६६५३७९.५६ | ४.७७ | १४.६९ | ४.०३ |
| भैंसी | ११६७७७३ | ११६७७५४ | १२१४२९५ | १२५८३१२.६६ | ०.०० | ३.९९ | ३.६२ |
| खुद मासु उत्पादन (मेट्रिक टन) | २९४२४४ | ३००९०१ | ३१७८५४ | ३३०२१४.७३ | २.२६ | ५.६३ | ३.८९ |
| राँगो | १७३९०६ | १७४०१२ | १७९११० | १८६०८३.०१ | ०.०६ | २.९३ | ३.८९ |
| भेडा | २६५६ | २६५८ | २७८५ | २८२९.०५ | ०.०८ | ४.७८ | १.५८ |
| खसीबोका | ५९०५३ | ६०९०६ | ६३८०७ | ६६२१४.०५ | ३.१४ | ४.७६ | ३.७७ |
| सुंगुर बंगुर | १९२६९ | २०१३५ | २१०९४ | २२०५०.३१ | ४.४९ | ४.७६ | ४.५३ |
| कुखुरा | ४३१३३ | ४५४५८ | ५०८१५ | ५२७९३.३० | ५.३९ | ११.७८ | ३.८९ |
| हाँस | २२७ | २३२ | २४३ | २४५.०२ | २.२० | ४.७४ | ०.८३ |
| फुल गोटा (हजारमा) | ८७२९१८ | ८९९५०१ | १२०८०७२ | १२५६१४४.५७ | ३.०५ | ३४.३० | ३.९८ |
| कुखुरा | ८५९५१५ | ८८५९४७ | ११९४१६६ | १२४१९३२.६४ | ३.०८ | ३४.७९ | ४.०० |
| हाँस | १३४०३ | १३५५४ | १३९०६ | १४२११.९३ | १.१३ | २.६० | २.२० |
| उन (के.जी.) | ५८६८४८ | ५८६७२९ | ५८८३४८ | ५९१०९४.८१ | -०.०२ | ०.२८ | ०.४७ |

स्रोतः वार्षिक प्रतिवेदन (विभिन्न वर्ष), कृषि विकास मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय ।

*अनुमानित

८.३३ गत आर्थिक वर्ष २०७२/७३ मा उत्पादन भएको फुलको तुलनामा चालु आर्थिक वर्ष २०७३/७४ मा फुलको उत्पादन ३.९८ प्रतिशतले वृद्धि भई १ अर्व २५ करोड ६१ लाख ४४ हजार पुग्ने अनुमान छ । गत आर्थिक वर्ष २०७२/७३ मा ऊनको उत्पादन ५ लाख ८८ हजार किलोग्राम भएको थियो भने चालु आर्थिक वर्ष २०७३/७४ मा ०.४७ प्रतिशतले वृद्धि भई ५ लाख ९१ हजार किलोग्राम पुग्ने अनुमान छ ।

## कृषि उत्पादनमा प्रभाव पार्ने प्रमुख कारणहरू

८.३४ **मौसमः** २०७३ सालको असार १ गते (१५ जुन २०१६) देखि पूर्वी क्षेत्रबाट मनसुन प्रवेश गरेको थियो । प्रायजसो हरेक वर्षको जुन १० देखि मनसुन सुरु हुने गरेकोमा यस वर्षको मनसुन ५ दिन ढिला हुन पुग्यो । आषाढ १६ गतेबाट देशभरि नै मनसुनको प्रभाव सक्रिय रहेकोमा मनसुनी वर्षा समग्रमा सरदर सामान्य (Normal) रह्यो । तथापि, क्षेत्रगत रूपमा हेर्दा मध्य तथा सुदुरपश्चिमका तराईका केही भूभागहरू तथा सुदुरपश्चिमका केही

पहाडी भूभागहरूमा सरदर भन्दा बढी वर्षात् भयो । तर पूर्वी तराईका साथै पहाडी भूभागहरूमा वर्षा सरदर भन्दा कम भयो भने बाँकी भूभागहरूमा सरदर वर्षा रह्यो । मनसुनको समग्र स्थिति राम्रो भएकोले धानबाली लगाइएको क्षेत्रफल बढ्नुका साथै उत्पादन समेत बढ्यो । यसैगरी माटोमा रहेको चिस्यान एवं हिउँदे वर्षा पनि सामान्य नै रहेकोले हिउँदे बालीहरूमा पनि सकारात्मक प्रभाव रह्यो ।

**तालिका ८ (ज) : कृषि उत्पादनसँग सम्बन्धित साधनहरूको आपूर्ति स्थिति**

| विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|---|
| रासायनिक मल मे. टन | २९६०४ | १४६५८४ | १७८४६२ | २३२१८८ | २९८६७७ | २५८९१३.९ | १८७१३१.५४ |
| उन्नत बिउ विजन मे. टन | ४३९३ | २९६४ | ३६६९ | ७२९० | ९१५१ | १२४८० | ५०३१ |
| सिंचाइ थप हेक्टर | २६९१९ | ३२५६५ | १९५६१ | १९३१० | १८०८३ | २४२९१ | ९७७५ |
| मत्स्य भुरा/वीज हजारमा | १०८९०० | १२०६२० | १२१९८७ | १४८५०१ | १९१३४५ | २१२३५५ | ३०३५३० |
| कृषि कर्जा वाणिज्य बैंकहरूको रू करोडमा | १४१९.२ | २३४०.७ | ३१५३.१ | ४०२७ | ६५१६ | ७८७९ | ८५४५ |

स्रोत : कृषि विकास मन्त्रालय ।

*प्रथम आठ महिनाको प्रगति।

८.३५ **उन्नत प्रविधि :** कृषि क्षेत्रमा उन्नत प्रविधिको अबलम्बनबाट उत्पादनका अतिरिक्त उत्पादकत्व समेत बढाउन योगदान पुगेको छ । मूलतः उन्नत बिउबिजन, मलखाद, विषादी, खेती गर्ने तरिका, कृषि उपकरणको प्रयोग, तालिम प्राप्त जनशक्ति परिचालनका कारण कृषि प्रणालीमा सुधार भएको छ । उन्नत प्रविधि अबलम्बनको उदाहरणका रूपमा मकै खेती गरिएको कुल क्षेत्रफलको लगभग ९० प्रतिशत भन्दा बढी क्षेत्रफल उन्नत मकैको बिउले ओगटेको छ । तराईमा साबित्री, विन्देश्वरी, राधा-४ तथा राधा-१२ मध्य पहाडमा खुमल-४, खुमल-१०, खुमल-११ तथा उच्च पहाडमा चन्दननाथ आदि सिफारिस गरिएका धान लगाइएको छ । धान खेतीको कुल क्षेत्रफलको ९० प्रतिशत भन्दा बढी भूभागमा सिफारिस गरिएका धान लगाइएको छ । ती धानको उत्पादकत्व हेर्दा स्थानीय जातको धानको भन्दा दोब्बर रहेको छ ।

८.३६ **प्राकृतिक प्रकोप :** कृषि कार्य नियन्त्रित वातावरणमा नभई खुला आकाश मुनि हुने भएकोले प्रकृतिबाट प्रत्यक्ष प्रभावित हुने गर्दछ । चालु आर्थिक वर्ष २०७३/७४ मा सामान्यतया वर्षा सरदर भन्दा केही बढी भएकोले धान, तरकारी, मकै, माछापोखरी, फलफूल आदि बालीहरू गरी १ लाख २७ हजार १ सय ५८ हेक्टर क्षेत्रफलमा क्षति पुगेको अनुमान छ। गत आर्थिक वर्ष २०७२/७३ मा यस्तो क्षति ६० हजार ५ सय २० हेक्टर क्षेत्रफलमा भएको थियो ।

तालिका ८ (झ) : प्राकृतिक प्रकोपबाट प्रभावित बालीहरूको क्षेत्रफल (हेक्टर)

| प्राकृतिक प्रकोपबाट प्रभावित बाली | २०७३ बाढी | २०७२ भूकम्प सुख्खा | २०७१ बाढी पहिरो डुवान कटान | २०७० बाढी पहिरो डुवान कटान | २०६९ बाढी पहिरो डुवान कटान | २०६८ बाढी पहिरो डुवान कटान |
|---|---|---|---|---|---|---|
| धान | ५५७१३ | ५५००० | २३९०० | १३५०० | ११०४५० | ८५९ |
| मकै | १२८७७ | ५५०० | १९०० | ९५ | २१८०१ | ६५६ |
| कोदो,तरकारी, फलफूल,माछा पोखरी आदि | ५८५६८ | २० | ११ | ५ | ३६९१ | २ |
| जम्मा | १२७१५८ | ६०५२० | २५८११ | १३६०० | १३५९४२ | १५१७ |

स्रोत: कृषि विकास मन्त्रालय ।

८.३७ **रासायनिक मल :** आर्थिक वर्ष २०७१/७२ मा रासायनिक मलको बिक्री २ लाख ९८ हजार ६ सय ७७ मेट्रिक टन भएकोमा गत आर्थिक वर्ष २०७२/७३ मा सो बिक्री १३.३ प्रतिशतले घटेर २ लाख ५८ हजार ९ सय १३ मेट्रिक टन मात्र रहेको थियो । गत आर्थिक वर्ष २०७२/७३ मा दक्षिणी सीमा नाकामा भएको अवरोधका कारण आपूर्ति प्रणाली प्रभावित हुँदा रासायनिक मलको बिक्री कम भएको हो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रासायनिक मलको बिक्री १ लाख ८७ हजार १ सय ३१ मेट्रिक टन पुगेको छ । आर्थिक वर्ष २०७३/७४ मा रासायनिक मलको आपूर्ति व्यवस्था सहज रहनुका साथै मौसम समेत अनुकूल भएको र रासायनिक मलको उपयोग बढेकाले धान लगायतका वर्षे बालीहरूको उत्पादनमा अभिवृद्धि भएको छ।

८.३८ विगतमा रासायनिक मलको प्रयोगको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०६९/७०, २०७०/७१ र २०७१/७२ मा प्रति हेक्टर प्रयोग दर क्रमशः ५७ किलोग्राम, ७५ किलोग्राम र ९७ किलोग्राम रहेको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म प्रति हेक्टर रासायनिक मलको प्रयोग ४५ किलोग्राम रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा वर्षे बाली लगाउने सिजन बाँकी रहेकोले आर्थिक वर्षको अन्त्य सम्ममा रासायनिक मलको प्रयोग दर बढ्ने देखिएको छ । माटोको उर्वरा शक्तिलाई कायम राख्दै दिगो रूपमा यसको संरक्षण गर्न प्राङ्गारिक मलको प्रयोगमा प्रोत्साहन दिइएको छ ।

**तालिका ८ (ञ) : रासायनिक मलको बिक्री वितरण स्थिति (मेट्रिक टनमा)**

| मलको नाम | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| युरिया | १०८५५३ | १४५६३२ | १९०१६३ | १६४८०३.८ | ११६६३२ |
| डि. ए. पी. | ६५७२२ | ८२५२० | १०१७९७ | ८७५३२.२५ | ६४८२१.१ |
| पोटास | २६८८ | ५०४६ | ६७१७ | ६५७७.८५ | ५६७८.४४ |
| जम्मा | १७६९६३ | २३२१८८ | २९८६७७ | २५८९१३.९ | १८७१३१.५४ |

स्रोतः कृषि विकास मन्त्रालय ।

*प्रथम आठ महिनाको रासायनिक मल बिक्रीको स्थिति ।




स्रोतः कृषि विकास मन्त्रालय ।

*प्रथम आठ महिनाको रासायनिक मल बिक्रीको स्थिति ।

८.३९ **सिँचाइः** नेपालको कुल भूभाग मध्ये करिब २६ लाख ४१ हजार हेक्टर जमिन कृषियोग्य रहेकोमा भौगोलिक विकटता एवं जमिनको अवस्थितिका कारण लगभग १७ लाख ६६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सक्ने देखिन्छ । सिँचाइ क्षेत्रमा भएको लगानी तथा सुधारका प्रयासहरूबाट आर्थिक वर्ष २०७२/७३ सम्ममा सतह सिँचाइबाट ७ लाख ७५ हजार हेक्टर, भूमिगत सिँचाइबाट ४ लाख ९ हजार १३ हेक्टर, नयाँ प्रविधिमा आधारित सिँचाइबाट ५ हजार ८ सय ६५ हेक्टर र कृषक कुलो सुधारबाट २ लाख २ हजार २ सय ९९ गरी कुल १३ लाख ९२ हजार १ सय ७७ हेक्टरमा सिँचाइका लागि पूर्वाधार बनेको छ ।

८.४० जल स्थानान्तरण तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाको कार्यान्वयन अपेक्षाकृत गतिमा हुन नसक्दा कुल क्षेत्रफलको करिब ४० प्रतिशत जमिनमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुन सकेको छ । गत आर्थिक वर्ष २०७२/७३ मा सतह सिँचाइबाट ५

हजार ८ सय हेक्टर, भूमिगत सिँचाइबाट १७ हजार ४ सय ६३ हेक्टर र नयाँ प्रविधिमा आधारित सिँचाइबाट १ हजार २८ हेक्टर गरि कुल २४ हजार २ सय ९१ हेक्टरमा थप सिँचाइ पूर्वाधार बनेको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा भूमिगत सिँचाइको थप पूर्वाधारबाट ९ हजार ७ सय ७५ हेक्टर क्षेत्रफलमा थप सिँचाइ पुगेको छ ।

**तालिका ८ (ट) : थप सिञ्चित क्षेत्रफल (हेक्टरमा)**

| सिञ्चितको प्रकार | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| कुल सिञ्चित क्षेत्र विस्तार | ३२५६५ | १९५६१ | १९३१० | १८०८३ | २४२९१ | ९७७५ |
| १) सतह सिँचाइ | ९३९५ | २०१६ | ३५१४ | १५८६ | ५८०० | - |
| २) भूमिगत सिँचाइ | २२५६० | १७१८० | १५१३५ | १५९३९ | १७४६३ | ९७७५ |
| ३) नयाँ प्रविधिमा आधारित सिँचाइ | ६१० | ३६५ | ६६१ | ५५८ | १०२८ | - |

स्रोतः सिँचाइ वार्षिकी पुस्तिका २०७२, सिँचाइ विभाग

* चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको प्रगति विवरण ।

८.४१ **कृषि कर्जाः** गत आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्तमा कृषि तथा पशुपालनका लागि प्रवाह भएको ऋण रकम रु. ७८ अर्ब ७९ करोड १५ लाख रहेको थियो । अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा यस्तो ऋण रकम २०.९ प्रतिशत बढी हो । यसैगरी चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म रु. ८५ अर्ब ४५ करोड ३१ लाख कृषिजन्य क्षेत्रमा ऋण प्रवाह भएको छ भने गत आर्थिक वर्ष २०७२/७३ को सोही अवधिमा यस्तो ऋण प्रवाह २०.३ प्रतिशत कम अर्थात् रु. ७० अर्ब ९९ करोड ९१ लाख भएको थियो ।

**तालिका ८ (ठ) : बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा (रु. दश लाखमा)**

| कर्जाको किसिम | आर्थिक वर्ष | | | प्रथम आठ महिनामा भएको परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ (रकम) | २०७३/७४ (रकम) |
| खेतीपाती सम्बन्धी सेवा | ६६८६.९ | ७९९८.३ | १०३४७.९ | ९३६२.२ | ११६१३.३ |
| चिया | ३२०७.९ | ३४७९.९ | ३४२१.८ | ३४१०.५ | २८२४.८ |
| पशुपालन र पशुपालनसम्बन्धी सेवा | १५४४२.२ | २०७३०.१ | २८७६१.७ | २४४८६.३ | ३२१०२.६ |
| वन, माछापालन तथा वधशाला | ५७९१.३ | १७६९.३ | २०१०.१ | २१७३.७ | १३७०.२ |
| अन्य कृषि तथा कृषिजन्य सेवा | १९७८१.७ | ३११८२.२ | ३४२४९.९ | ३१५६६.४ | ३७५४२.१ |
| जम्मा | ५०९०९.८ | ६५१५९.८ | ७८७९१.५ | ७०९९९.१ | ८५४५३.१ |

स्रोतः नेपाल राष्ट्र बैंक ।

## नेपाल कृषि अनुसन्धान परिषद्

८.४२ कृषि अनुसन्धानका लागि बागवानी, पशुपन्छी, मत्स्य तथा जलचर, स्रोत बिउ एवं मल्टिसेक्टर तर्फ अनुसन्धान कार्यक्रम कार्यान्वयनमा छन् । यसक्रममा आधुनिक अलैंची भट्टीको सफल परीक्षण गरिएको, छोटो अवधिमै गाई गर्भवती भएको/नभएको निदान गर्न सकिने प्रविधि विकास भएको, राहु माछाको नश्ल सुधारको सम्भावना देखिएको, रेन्बो ट्राउट माछा भुराको दानामा सिन्थेटिक एमिनो एसिड र सिस्नु उपयोग गर्न सक्ने देखिएको, नासपातीको गुदीलाई चिनी एसिडको मात्रा मिलाई लामो समयसम्म भण्डारण गर्न मिल्ने प्रविधि विकास भएको छ । यसैगरी धान, मकै, गहुँ, आलु, तेलहन, जुट, तरकारी, अदुवा, बेसार, ढैंचा बालीहरूको स्रोत बिउ उत्पादन, वागवानी र घाँसको जात उन्मोचनका कार्य गर्नुका साथै मुख्य खाद्यान्न बालीहरूको पकेट क्षेत्र निर्धारणका मापदण्ड तथा आधारहरू तयार भएका छन् ।

८.४३ आर्थिक वर्ष २०६२/६३ मा विभिन्न बालीहरूको गरी ६ सय ६९ मेट्रिक टन स्रोत बिउ उत्पादन गरिएको थियो भने गत आर्थिक वर्ष २०७२/७३ मा ९ सय ७० मेट्रिक टन स्रोत बिउ उत्पादन भएको छ । यसबाट कृषिजन्य उत्पादनको उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुगेको छ ।

### तालिका ८ (ड) : स्रोत बिउ उत्पादन तथा बालीको जात उन्मोचन

| आर्थिक वर्ष | स्रोत बिउ उत्पादन (मे ट) | बाली - वागवानी र घाँसको जात उन्मोचन (संख्या) | कैफियत |
|---|---|---|---|
| २०६२/६३ | ६६९ | ४ | धान, मकै, गहुँ, दलहन, तेलहन, पहाडी बाली (जौ, कोदो, फापर), आलु, उखु, जुट, तरकारी, अदुवा, ढैंचा, घाँसबिउ |
| २०६३/६४ | ५७५ | १० | |
| २०६४/६५ | ८६४ | २ | |
| २०६५/६६ | ७८१ | ९ | |
| २०६६/६७ | ७१५ | ० | |
| २०६७/६८ | ८०६ | १३ | |
| २०६८/६९ | ९११.८ | ७ | |
| २०६९/७० | १००९.४ | ४ | |
| २०७०/७१ | १००२.८३ | १० | |
| २०७१/७२ | ९७५.४० | १४ | |
| २०७२/७३ | ९७०.६७ | ७ | |

स्रोतः नेपाल कृषि अनुसन्धान परिषद् ।

## साना किसान विकासका लागि लगानी

८.४४ ग्रामीण साना किसानको दिगो विकासका लागि लागू गरिएको साना किसान विकास आयोजनाका कार्यलाई अगाडि बढाउने क्रममा विक्रम सम्वत् २०५८ सालमा स्थापना गरिएको साना किसान विकास बैंकले ग्रामीण क्षेत्रका साना किसानद्वारा स्थापित र सञ्चालित साना किसान कृषि सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थालाई लघुउद्यम तथा कृषि व्यवसायमा आधारित लघुवित्त कार्यक्रम सञ्चालन गर्न आवश्यक थोक कर्जा उपलब्ध गराउँदै आएको छ ।

८.४५ साना किसान विकास बैंक लिमिटेडबाट लागू गरिएका कार्यक्रम चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा ६६ जिल्लामा विस्तार भएका छन् । बैंकको कार्यक्रममा गत आर्थिक वर्ष २०७२/७३ सम्म ६ सय २ सहकारी संस्था आवद्ध भएकामा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ३४ वटा सहकारी संस्था थप भई ६ सय ३६ पुगेका छन् । यसैगरी, बैंकबाट सञ्चालित कार्यक्रममा आर्थिक वर्ष २०६८/६९ सम्म ३१ हजार ९ सय ६८ साना किसान समूह आवद्ध रहेकामा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म यसरी आवद्ध साना किसान समूह संख्या ८१ हजार ३ सय ३० पुगेको छ ।

८.४६ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म यस कार्यक्रममा संलग्न साना किसान सदस्य परिवार संख्या ५ लाख ९९ हजार ७ सय ६५ पुगी करिब २९ लाख जनसंख्या लाभान्वित भएका छन् । यसरी नै साना किसान सहकारी अनुसरणका माध्यमबाट थप १ सय ७१ संस्था स्थापना हुने क्रममा रहेका छन् । यस कार्यक्रममा स्थानीय पुँजी, स्वीकृत ऋण, ऋण लगानी तथा ऋण लगानीको रकममा क्रमिक वृद्धि हुँदै गएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म कुल स्थानीय पुँजी रु. २० अर्ब ३ करोड ८ लाख पुगेको छ । गत आर्थिक वर्ष २०७२/७३ मा कुल स्थानीय पुँजी लगानी रु. १६ अर्ब २९ करोड ५७ लाख रहेको थियो । यसैगरी गत आर्थिक वर्ष २०७२/७३ को अन्त्यसम्म यस कार्यक्रममा रु. ११ अर्ब ३ करोड ४१ लाख ऋण लगानीमा रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म यस्तो लगानी रु. १३ अर्ब १९ करोड ३१ लाख पुगेको छ ।

### तालिका ८ (ढ) : साना किसान विकास बैंक लिमिटेडको सदस्य तथा ऋण लगानीको स्थिति

| विवरण | आर्थिक वर्ष | | | | | प्रथम आठ महिनाको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| समेटिएको जिल्ला संख्या | ४३ | ५४ | ५५ | ५७ | ६५ | ५७ | ६६ |
| आवद्ध सहकारी संस्था संख्या | २९१ | ३९१ | ४२८ | ५१० | ६०२ | ५४४ | ६३६ |
| साना किसान समूह संख्या | ३१९६८ | ४०९९१ | ४५७३८ | ६०३३४ | ७७३७८ | ६५२३५ | ८१३३० |
| साना किसान सदस्य परिवार संख्या | २२८४१८ | ३२३३८४ | ३७६९५७ | ४६०५९० | ५४१६५२ | ४९२१७३ | ५९९७६५ |
| कुल स्थानीय पुँजी (रू.लाखमा) | ४१०३३ | ६५२७३ | ९१२०८ | १३२४६६ | १६२९५७ | १४५६२९ | २००३०८ |
| स्वीकृत ऋण (रू.लाखमा) | २७५५० | ३४३३२ | ५१३५५ | ७४८३४ | १०५५९२ | ६४०२५ | ८२१६२ |
| ऋण लगानी (रू.लाखमा) | २६७३८ | ३३०९१ | ५१३५५ | ७४८३४ | ९७९७९ | ५३७४२ | ७६१२५ |
| ऋण असुली (रू.लाखमा) | १८७५१ | २३५२६ | ३४०१९ | ४७५२९ | ६८६०५ | ४२३१८ | ५४५३० |
| लगानीमा रहेको ऋण (रू.लाखमा) | २६७६२ | ३६३२७ | ५३६६२ | ८०९६७ | ११०३४१ | ९२३९१ | १३१९३१ |

स्रोत: साना किसान विकास बैंक ।

८.४७ मासुजन्य उत्पादन अभिवृद्धिका लागि साना किसानहरूलाई पशुपालन कार्यमा प्रोत्साहित गरी बढ्दो परनिर्भरता कम गर्ने उद्देश्यले बैंकले आर्थिक वर्ष २०६७/६८ देखि मासुजन्य पशुपालन कर्जा कार्यक्रम सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०७१/७२ देखि यस्तो कर्जाको दायरालाई फराकिलो बनाई दुग्धजन्य उत्पादनका लागि पशुपालन गर्न ऋण लगानी गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिसम्ममा ५२ जिल्ला स्थित ३ सय ९० वटा साना किसान कृषि सहकारी संस्थाका ७७ हजार ७ सय ५४ पशुपालक साना किसानलाई रु.७ अर्ब १४ लाख कर्जा प्रवाह भएको छ ।

### तालिका ८ (ण) : पशुपालन कर्जा कार्यक्रमको विवरण

| विवरण | आर्थिक वर्ष | | | | | प्रथम आठ महिनाको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| कर्जा कारोबार गर्ने संस्था संख्या | १८६ | २०७ | २५७ | ३१३ | ३५५ | ३३३ | ३९० |
| कर्जा लिने किसान संख्या | १७९४१ | २५४११ | ३८३७३ | ५३६८० | ६८८१६ | ६१५९२ | ७७७५४ |
| ऋण स्वीकृत (रू.लाखमा) | १४३०५ | २३०२९ | ३८२७२ | ६१४०५ | ८८३२२ | ८२८३२ | ११७७८९ |
| ऋण लगानी रकम (रू.लाखमा) | ११०२३ | १६२२९ | २७१७२ | ४२३७१ | ५८८१६ | ५१२१७ | ७००१४ |
| पशु संख्या | ८७७८३ | १२२४०६ | १९८७४५ | २९५७९६ | ३७८०९८ | ३४२६०५ | ४२२१०८ |
| बाख्रा | ६४०७३ | ९०४३३ | १४३८७२ | २०६४१६ | २५७७०५ | २३६०३१ | २८६४६९ |
| बंगुर | १११९७ | १४५३५ | २४१४८ | ३९३५९ | ४९८४७ | ४५९४६ | ५४०४३ |
| पाडापाडी | ५२०३ | ६३१७ | १०६८९ | १६७६३ | २०४५४ | १८४८९ | २१५०६ |
| भैसी | ७३९० | ११९२१ | २००३६ | ३१७३३ | ४४७०२ | ३८७५८ | ५१७१६ |
| गाई | - | - | - | १५२५ | ५३९० | ३३८१ | ८३७४ |

स्रोत: साना किसान विकास बैंक ।

८.४८ साना किसानका क्षेत्रमा विभिन्न विकास साझेदार समेतको सहयोगमा साना किसानको क्षमता अभिवृद्धि, लघु वित्त सेवा, वैकल्पिक ऊर्जा कर्जा, सुधारिएको चुल्हो, विपद न्यूनीकरण तथा पुनर्स्थापना, जीविकोपार्जन कर्जा कार्यक्रम कार्यान्वयनमा छन् । यसैगरी, शिक्षित युवाहरूलाई सीप एवं दक्षता सहित कृषि पेशामा आकर्षित गर्न इजरायल सरकारको सहयोगमा २० देखि ३० वर्ष उमेर समूहका कम्तीमा १२ कक्षा पास गरेका १ हजार ६ सय जना साना किसान सदस्यका छोराछोरीलाई साना किसान विकास बैंकले कृषि सम्बन्धी सैद्धान्तिक र व्यवहारिक वैदेशिक तालिमको अवसर दिलाएको छ । गत आर्थिक वर्ष २०७२/७३ देखि काठमाडौं विश्वविद्यालयसँग सहकार्य गरी चालु आर्थिक वर्ष २०७३/७४ मा थप ४ सय ९० जनालाई विदेशमा यस किसिमको तालिम लिन पठाउने तयारी भएको छ।

## सहकारी क्षेत्र

८.४९ सहकारितालाई स्वावलम्बन तथा पारस्परिकताको अभ्यास मानिन्छ । सहकारिताको माध्यमबाट व्यक्तिहरूबीच छरिएर रहेको सीमित स्रोतसाधन, सीप र प्रविधिको एकीकरण गरी एकीकृत पुँजीको उपयोगबाट सामूहिक रूपमा व्यावसायिक क्रियाकलाप सञ्चालनबाट आयआर्जन अभिवद्धि गर्दै पारस्परिक एकतासहित जीवनस्तरमा सुधारको प्रयास भएको छ।

८.५० विपन्न सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरणमा सहकारी व्यवसायलाई महत्त्वपूर्ण मानिन्छ । खासगरी नेतृत्व विकास, सामुदायिक सशक्तिकरण, उत्पादक रोजगारीको सिर्जना, सामाजिक द्वन्द न्यूनीकरण तथा गरिबी निवारण समेतमा सहकारी क्षेत्रको योगदान देखिन्छ। सहकारी संस्थाले आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्न विभिन्न व्यावसायिक क्रियाकलापहरू सञ्चालन गर्ने वातावरण बनाएका छन् । उत्पादनमूलक सहकारी संस्थामार्फत कृषिजन्य उत्पादनहरूको व्यावसायिक कारोबार विस्तारमा टेवा पुगेको छ । उपभोक्ता सहकारी संस्थामार्फत बचत तथा ऋणको पहुँच विस्तारका अतिरिक्त उपभोक्तालाई आवश्यक सेवा उपलब्ध भएका छन् । श्रमिक सहकारी संस्थामार्फत उनीहरूकै तत्परतामा व्यावसायिक क्रियाकलाप प्रर्वद्धन भई अतिरिक्त रोजगारीमा श्रमिकहरूको पहुँच बढेको छ ।

८.५१ नेपालको संविधानले आत्मसात गरेको तीन खम्बे अर्थ नीतिको एक खम्बाको रूपमा रहेको सहकारी क्षेत्रको गतिशीलता बढाउँदै लैजानुपर्नेछ । विभिन्न तहका सहकारी संघहरू मार्फत् समस्त सहकारी क्षेत्रको क्षमता अभिवृद्धि, सहकारीमा सुशासनको बढावा र व्यावसायिक क्रियाकलापको प्रर्वद्धनमा योगदान पुगेको छ । चिया, कफी, अलैंची, अदुवा, तरकारी तथा फलफूल, मह, उखु, जुनार, जडिबुटी जस्ता उच्च मूल्यका कृषि वस्तुको उत्पादन, प्रशोधन र बजारीकरण एवं स्वास्थ्य, यातायात, आवास, बीमा, पर्यटन र सञ्चार जस्ता सेवामूलक

क्षेत्रहरूमा सहकारी व्यवसाय स्थापित भएका छन् । यसबाट सहकारी व्यवसाय विपन्न सदस्यहरूको समृद्धि तथा आर्थिक उपलब्धिहरूको न्यायोचित वितरणमा योगदान गर्नसक्ने क्षेत्रको रूपमा विकास भएको छ ।

**तालिका ८ (त) : सहकारी संस्थाको आधारभूत स्थिति (रकम रु. हजारमा)**

| आर्थिक वर्ष | संस्था संख्या | सदस्य संख्या | शेयर पुँजी | बचत परिचालन | ऋण लगानी | प्रत्यक्ष रोजगारी संख्या |
|---|---|---|---|---|---|---|
| २०६३/६४ | ९७२० | १२५९७४७ | १०४५५६३ | १९५१७५१७ | २४१४८४८ | १२१६५ |
| २०६४/६५ | १२६४६ | १८४३७५९ | ८९५९१७२ | २९३०८४३४ | ३००२४६२५ | १५८२८ |
| २०६५/६६ | १९७२४ | २१३८३३४८ | ८४८२४७६ | ४५६७६९४४ | ५२६६०११७ | ३१९९६ |
| २०६६/६७ | २२६४६ | २९६३११४ | २०१९६२७४ | १२१८३१३५९ | १०५४५३५७ | ३७७९८ |
| २०६७/६८ | २३३०१ | ३१४१५८१ | २०२२५१३९ | ११७२९५२२८ | ११६८३५८१४ | ३८८९२ |
| २०६८/६९ | २६५०१ | ३८४२६५७ | २७०९५१५१ | १३९५४३९७१ | १३४३८३२४१ | ३९५७२ |
| २०६९/७० | २७९१४ | ४१०४०२५ | २८८२३०६० | १४७०६९६६३ | १३७०८४८७३ | ५२००० |
| २०७०/७१ | ३११७७ | ४५५५२८६ | ६११८६२०१ | १७२५२९३५० | १५४६३१६०४ | ५४००० |
| २०७१/७२ | ३२६६३ | ५१००३७० | ६३०५९९१४ | २०२४२०५३५ | १८८०७८४३९ | ५७८५४ |
| २०७२/७३ | ३३५९९ | ६०३०८५७ | ७१३५७८८२ | २९५७२७८०२ | २८९८२५०४१ | ५६४७५ |
| २०७३/७४* | ३४३०३ | ६१०२६६५ | ७५७४२३१८ | २९८६८५०८० | २९२७२३२९१ | ५७८८३ |

स्रोतः सहकारी विभाग ।

*प्रथम आठ महिना ।

८.५२ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म प्रारम्भिक सहकारी संस्थाको संख्या ३४ हजार ३ सय ३ तीन पुगेको छ । प्रारम्भिक सहकारी संस्थाका अतिरिक्त सहकारी अभियानको केन्द्रदेखि जिल्ला तहसम्म १ राष्ट्रिय सहकारी संघ, १ राष्ट्रिय सहकारी बैंक, २० केन्द्रीय विषयगत सहकारी संघ, ६९ जिल्ला सहकारी संघ र २ सय ५६ वटा विषयगत जिल्ला सहकारी संघ रहेका छन्।

८.५३ सहकारी संस्थामा संलग्न सदस्यहरूको संख्या ६१ लाख २ हजार ६ सय ६५ रहेकोमा ५१.२ प्रतिशत महिला र ४८.८ प्रतिशत पुरूष सदस्य छन् । कुल सहकारी संस्था मध्ये ४ हजार १ सय १३ सहकारी संस्था पूर्ण रूपमा महिलाद्धारा सञ्चालन भएका छन् । यसबाट सहकारी आन्दोलनको नेतृत्व तहमा महिलाहरूको सहभागिता वृद्धि हुँदै गएको देखिन्छ । यसैगरी सहकारी क्षेत्रमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म ५७ हजार ८ सय ८३ जना व्यक्तिहरूले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

८.५४ सहकारी क्षेत्रमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्म रु. ७५ अर्ब ७४ करोड २३ लाख १८ हजार शेयर पुँजी लगानी रहेको छ । सहकारी क्षेत्रबाट रु. २ खर्ब ९८ अर्ब ६८ करोड ५० लाख ८० हजार बचत परिचालन गरी रु. २ खर्ब ९२ अर्ब ७२ करोड ३२ लाख ९१ हजार ऋण लगानी भएको छ । यसबाट सहकारी संघसंस्था मार्फत् गाउँदेखि सहरसम्म उद्यम व्यवसायको प्रर्वद्धनसँगै उत्पादन वृद्धि, आयआर्जन र रोजगारी सृजनामा योगदान पुगेको छ ।

८.५५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म स्थापित सहकारी संस्थाको प्रकृति हेर्दा सबैभन्दा बढी अर्थात् ४०.५ प्रतिशत सहकारी संस्था बचत तथा ऋण सहकारी संस्थाको रूपमा रहेका छन् भने कृषिसँग सम्बन्धित सहकारी संस्था ३०.३ प्रतिशत रहेका छन् । वित्त तथा उत्पादन क्षेत्रमा काम गर्ने संस्था १२ प्रतिशत, बहुउद्देश्यीय सहकारी संस्था १२ प्रतिशत तथा उपभोक्ता सहकारी संस्था ४.२ प्रतिशत रहेका छन् । यसैगरी अन्य स्वास्थ्य, विद्युत, सञ्चार, जडिबुटी जस्ता क्षेत्रमा समेत सहकारी संस्था क्रियाशील रहेका छन् । सहकारी क्षेत्रको सूचना पद्धतिलाई व्यवस्थित बनाउने कार्यलाई अगाडि बढाइएको छ । सहकारी संघसंस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठन भएकाले सामुदायिक विकासमा निरन्तरता र स्थायित्व हुने हुँदा यसप्रति सबै जसो क्षेत्रको आकर्षण वृद्धि हुँदै गएको छ ।

## कृषि उत्पादनको आयात तथा निर्यातको स्थिति

८.५६ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा खाद्य वस्तु तथा जीवजन्तु पदार्थको निर्यातमा २८.८ प्रतिशतले वृद्धि भई रु. १२ अर्ब ८ करोड र सुर्ती तथा पेय पदार्थको निर्यातमा ५१.०४ प्रतिशतले कमी आई रु. १७ करोडमा सीमित भएको छ। आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा खाद्य वस्तु तथा जीवजन्तु एवं सुर्ती तथा पेय पदार्थहरूको निर्यात क्रमशः रु.९ अर्ब ३८ करोड र रु.३४ करोड रहेको थियो। आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको वस्तुगत निर्यात गत आर्थिक वर्ष २०७२/७३ को सोही अवधिमा भएको निर्यात भन्दा १२.८ प्रतिशतले बढेको छ । त्यस्तै, आर्थिक वर्ष २०७१/७२ को प्रथम आठ महिनामा खाद्य वस्तु तथा जीवजन्तुको आयात ३२.२ प्रतिशतले वृद्धि भई रु.८६ अर्ब ९८ करोड र सुर्ती तथा पेय पदार्थको आयात २८.९ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५० करोड मूल्य बरावरको आयात भएको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको वस्तुगत आयात गत आर्थिक वर्ष २०७२/७३ को सोही अवधिको तुलनामा ४४.२ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब २८ अर्ब ५६ करोड पुगेको छ ।

## वन तथा भू-संरक्षण

८.५७ नेपालका प्राकृतिक स्रोतहरू मध्ये वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता, जलाधारका साथै संरक्षित क्षेत्रको उचित ढंगले संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्नुपर्नेछ । यसबाट अर्थतन्त्रमा रोजगारी सिर्जना मार्फत् आय आर्जनका अवसरहरू अभिवृद्धि गर्दै विपन्न वर्गको जीविकोपार्जनमा सुधारका साथै पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम हुन जान्छ । खासगरी दिगो वन व्यवस्थापनद्वारा वन पैदावारको उत्पादन वृद्धि गरी समग्र वन क्षेत्रको उत्पादकत्व बढाउँदै यस क्षेत्रलाई कृषि, ऊर्जा, पर्यटन, स्वच्छ पानी र औद्योगिक कच्चा पदार्थ समेतको भरपर्दो स्रोतको रूपमा विकास गर्नुपर्छ । यसैबाट दिगो रूपमा वातावरण संरक्षणसहित बृहत्तर आर्थिक लाभका अवसरहरू सृजना गर्न सकिनेछ ।

**तालिका ८ (थ) : नेपालको वन स्रोत**

| | |
|---|---|
| वन क्षेत्र | ५९.६२ लाख हेक्टर (४०.३६ प्रतिशत) |
| बुट्यान क्षेत्र | ६.४८ लाख हेक्टर (४.३८ प्रतिशत) |
| कुल स्टेम आयतन | ९८ करोड २३ लाख ३२ हजार क्यूविक मिटर |
| कुल स्टेम आयतन मध्ये साल प्रजाति | १९ प्रतिशत |
| कुल बायोमास | ११५९७ लाख टन |
| औसत स्टेम आयतन | १६५ क्यूविक मिटर प्रति हेक्टर |
| औसत रूख संख्या | ४३० प्रति हेक्टर |

स्रोत: नेपालको वन स्रोत प्रतिवेदन, २०७२ , वन अनुसन्धान तथा सर्वेक्षण बिभाग

८.५८ नेपालको कुल भू-भागको ४०.३६ प्रतिशत भू-भागमा वन क्षेत्र र ४.३८ प्रतिशत भू-भागमा झाडी बुट्यान क्षेत्र रहेको छ । कुल स्टेम आयतन ९८ करोड २३ लाख ३२ हजार क्यूविक मिटर रहेकोमा यसमध्ये १९ प्रतिशत साल प्रजाति रहेको छ । त्यस्तै, कुल वायोमास ११ हजार ५ सय ९७ लाख टन, औसत स्टेम आयतन १ सय ६५ क्यूबिक मिटर प्रति हेक्टर र औसत रूख संख्या ४ सय ३० प्रति हेक्टर रहेको छ । देशको कुल भू-भागको न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्नका लागि आर्थिक वर्ष २०७२/७३ मा २ हजार ९ सय ७३ हेक्टर र चालु आर्थिक वर्ष २०७३/७४ को फाल्गुण मसान्त सम्ममा ४३.०१ हेक्टर अतिक्रमित वन क्षेत्र खालि गराई वन क्षेत्र कायम भएको छ ।

**तालिका ८ (द) : वन सम्बन्धी केही तथ्याङ्क**

| | |
|---|---|
| सामुदायिक वनको संख्या | १९,४९३ |
| हस्तान्तरण भएको सामुदायिक वनको क्षेत्रफल (हेक्टर) | १८,१२,४८९ |
| सामुदायिक वनमा संलग्न घरधुरी संख्या | २३,९७,६३९ |
| कबुलियती वनको संख्या | ७,७६६ |
| कबुलियती वनको क्षेत्रफल (हेक्टर) | ४५,०४३ |
| कबुलियती वनमा संलग्न घरधुरी संख्या | ६२,१२८ |
| औद्योगिक प्रयोजनको कबुलियती वनको संख्या | २२ |
| औद्योगिक प्रयोजनको कबुलियती वनका क्षेत्रफल (हेक्टर) | ६४० |
| संरक्षित वनको संख्या | ८ |
| संरक्षित वनको क्षेत्रफल (हेक्टर) | १,३३,६८५ |
| साझेदारी वनको संख्या | २८ |
| साझेदारी वनको क्षेत्रफल (हेक्टर) | ७०,१०८.३७ |
| साझेदारी बाट लाभान्वित घरधुरी संख्या | ७,०९,५३७ |
| साझेदारीबाट लाभान्वित जनसंख्या | ४२,५८,८५९ |
| धार्मिक वनको संख्या | ३६ |
| धार्मिक वनको क्षेत्रफल (हेक्टर) | २०५६ |
| निजी वनको संख्या | २४५८ |
| निजी वनको क्षेत्रफल (हेक्टर) | २३६० |

स्रोत: वन विभाग

८.५९ नेपालका समुदायमा आधारित वन, संरक्षित क्षेत्र, भू-परिधि स्तरको वन व्यवस्थापन विश्वस्तरमै सफल उदाहरणका रूपमा छन् । आर्थिक वर्ष २०७२/७३ सम्ममा १९ हजार ३ सय ३२ वटा सामुदायिक वनको १८ लाख ५ सय ७३ हेक्टर वन हस्तान्तरण गरी २३ लाख ८१ हजार ४ सय ३ घरधुरी लाभान्वित भएका थिए । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा १ सय ६१ थप वन हस्तान्तरण भई सामुदायिक वन उपभोक्ता समूह संख्या १९ हजार ४ सय ९३ पुगेको छ भने हस्तान्तरित वनको क्षेत्रफल १८ लाख १२ हजार ४ सय ८९ हेक्टर र लाभान्वित घरधुरी २३ लाख ९७ हजार ६ सय ३९ पुगेका छन् ।

८.६० आर्थिक वर्ष २०७२/७३ सम्ममा ४५ हजार ४३ हेक्टर वन क्षेत्र कबुलियती वनको रूपमा हस्तान्तरण गरिएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा कबुलियती वनको संख्या ८१ वटा थप भई ७ हजार ७ सय ६६ पुगेको छ। कबुलियती वनमा संलग्न घरधुरीको संख्या ६२ हजार १ सय २८ पुगेको छ ।

८.६१ हालसम्म विभिन्न २२ वटा औद्योगिक प्रतिष्ठानलाई ६ सय ४० हेक्टर वन क्षेत्र कबुलियती वनको रूपमा उपलब्ध गराइएको छ । १ लाख ३३ हजार ६ सय ८५ हेक्टर वन क्षेत्रलाई ८ वटा संरक्षित वनको रूपमा संरक्षण तथा व्यवस्थापन गरिँदै आएको छ । परम्परागत धार्मिक मठ, मन्दिर, गुम्बा रहेका ३६ वटा वन क्षेत्रको २ हजार ५६ हेक्टर

वनलाई धार्मिक वनको रूपमा हस्तान्तरण गरिएको छ । यसैगरी, २ हजार ४ सय ५८ वटा निजी वन दर्ता भई २ हजार ३ सय ६० हेक्टर क्षेत्रफलमा वन संरक्षण तथा व्यवस्थापन भएको छ ।

**तालिका ८ (ध) : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रको विवरण**

| नाम | संख्या | क्षेत्रफल / कैफियत |
|---|---|---|
| राष्ट्रिय निकुञ्ज | ११ | ११,१७८.६३ वर्ग किलोमीटर |
| वन्यजन्तु अरक्ष | २ | ८०२.३९ वर्ग किलोमीटर |
| शिकार आरक्ष | १ | १,३२५ वर्ग किलोमीटर |
| संरक्षण क्षेत्र | ६ | १५,४२५.९५ वर्ग किलोमीटर |
| मध्यवर्ती क्षेत्र | १३ | ५,६८७.७८ वर्ग किलोमीटर |
| संरक्षित क्षेत्रको कुल क्षेत्रफल | | ३४१९.७५ वर्ग कि.मी. (नेपालको कुल क्षेत्रफलको २३.३९ प्रतिशत) |
| संरक्षण योजना तयार गरी सोही अनुरूप संरक्षण भइरहेका प्रजाति | | हिउँ चितुवा, खरमयुर र बाघ (स्वीकृत भएको) गैडाको पुनरावलोकन चरणमा रहेको, रेडपाण्डा, सालक र कालिज (स्वीकृतिको क्रममा रहेको) |
| मध्यवर्ती सामुदायिक वन | ४७६ | १,३८,१८४.१ हेक्टर |
| मध्यवर्ती सामुदायिक वनमा संलग्न घरधुरी | ६४,५८७ | |
| मध्यवर्ती कबुलियती वन | ६३ | |
| मध्यवर्ती कबुलियती वनको क्षेत्रफल (हेक्टर) | | २५७.१६ हेक्टर |

स्रोत: राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग

८.६२ आर्थिक वर्ष २०७२/७३ सम्ममा १ लाख ४० हजार २ सय ३९ हेक्टर वन क्षेत्रको जग्गा जलविद्युत विकास, पर्यटन प्रवर्द्धन, वृक्षारोपण, जडीबुटी खेती, औद्योगिक विकास, सरकारी कार्यालय, अस्पताल, विद्यालय, स्मृति प्रतिष्ठान स्थापना, मुक्त कमैया तथा सुकुम्बासी व्यवस्थापन, सेना तथा प्रहरी, सामाजिक सेवा, भौतिक पूर्वाधार जस्ता प्रयोजनको लागि उपयोग भएको छ ।

८.६३ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को व्यवस्था अनुरूप ११ वटा राष्ट्रिय निकुन्ज, २ वटा वन्यजन्तु आरक्ष, १ वटा शिकार आरक्ष, ६ वटा संरक्षण क्षेत्र र १३ वटा मध्यवर्ती क्षेत्र घोषणा भई वन, वन्यजन्तु एवं वातावरण संरक्षणका कार्यहरू भएका छन् । वन संरक्षित क्षेत्रले कुल भू -भागको २३.३९ प्रतिशत अर्थात् करिब ३४ हजार ४ सय २० वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । संरक्षित क्षेत्रमा १ लाख ३८ हजार १ सय ८४ हेक्टर क्षेत्रफल रहेको ४ सय ७६ वटा मध्यवर्ती सामुदायिक वनको क्षेत्रलाई समेत समेटिएको छ भने यसबाट ६४ हजार ५ सय ८७ घरधुरी लाभान्वित भएका छन् । यसैगरी २ सय ५७ हेक्टर क्षेत्रफल रहेको ६३ वटा कबुलियती वनको पनि संरक्षण गरिएको छ ।

८.६४ संरक्षित क्षेत्रमा संरक्षण योजना तयार गरी हिउँ चितुवा, खरमयुर, बाघ, गैंडा, रेडपाण्डा, सालक, कालिज जस्ता दुर्लभ वन्यजन्तुको संरक्षण कार्य कार्यान्वयन गर्दै लगिएको छ। वन्यजन्तुको संख्या हेर्दा गैंडा र घडियाल गोहीको संख्या आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा आर्थिक वर्ष २०७२/७३ को तुलनामा केही बढेको छ भने अरू वन्यजन्तुको संख्यामा उल्लेखनीय फरक रहेको छैन । हिमाली भू-भाग देखि तराईको समथर मैदानसम्म रहेका देशका १ सय १८ किसिमका पारिस्थितिकीय प्रणाली मध्ये हालसम्म ८० किसिमका पारिस्थितिकीय प्रणाली संरक्षित क्षेत्रभित्र पर्दछन । नेपालको संरक्षण अभियान प्रजाति संरक्षणबाट सुरु भई पारिस्थितिकीय प्रणाली हुँदै भू-परिधि स्तरको जनसहभागितामा आधारित रहेको छ ।

**तालिका ८ (न) : मुख्य वन्यजन्तु प्रजातिको संख्या**

| मुख्य वन्यजन्तु | २०७२/७३ | २०७३/७४ |
|---|---|---|
| बाघ | १९८ | १९८ |
| गैंडा | ५३४ | ६४५ |
| हात्ती | १०५ - १४५ | ११० - १५० |
| अर्ना | ४३२ | ४३२ |
| कृष्णसार | ३०० - ३५० | ३०० - ३५० |
| गौरीगाई | - | ४७३ |
| हिउँ चितुवा | ३०० - ५०० | ३५०-५०० |
| बाह्रसिंहा | २१०५ | २४०६ |
| घडियाल गोही | १३४ | १२४ |

स्रोत: राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,

८.६५ संरक्षित क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकको लागि प्रमुख गन्तव्यस्थलको रूपमा रहेका छन् । आर्थिक वर्ष २०६३/६४ मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या २ लाख ४५ हजार ९ सय १० रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा करिब ३७ प्रतिशतले वृद्धि भई ३ लाख ८९ हजार २ सय २३ पुगेको थियो । यसैगरी संरक्षित क्षेत्रबाट प्राप्त हुने राजश्व आर्थिक वर्ष २०६३/६४ को रु. ९ करोड ४५ लाख ५७ हजारको तुलनामा आर्थिक वर्ष २०७२/७३ मा करिब ३.७ गुनाले वृद्धि रु. ३५ करोड २ लाख ३ हजार पुगेको छ। चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा संरक्षित क्षेत्रमा २ लाख ७९ हजार १९ पर्यटकले भ्रमण गरेका र यसबाट रु.२७ करोड ९१ लाख ५१ हजार राजस्व परिचालन भएको छ । भ्रमण गर्ने पर्यटकको संख्या बढ्दै जाँदा राजस्व परिचालन समेत बढ्ने गरेको छ ।

**तालिका ८ (प) : संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरूको संख्या र राजस्व आम्दानी**

| आर्थिक वर्ष | भ्रमण गर्ने पर्यटकको संख्या (स्वदेशी / विदेशी) | संरक्षित क्षेत्रबाट संकलन भएको राजस्व (रु. हजारमा ) |
|---|---|---|
| २०६३/६४ | २,४५,९१० | ९,४५,५७ |
| २०६४/६५ | २,९१,०४० | ११,७८,९८ |
| २०६५/६६ | ३,४९,१९५ | १३,५४,२८ |
| २०६६/६७ | ३,८१,७८९ | १४,०३,८३ |
| २०६७/६८ | ४,५५,२३७ | २४,८५,०४ |
| २०६८/६९ | ५,०२,०९२ | १८,६९,७४ |
| २०६९/७० | ५,१०,२०५ | ४७,१३,३८ |
| २०७०/७१ | ५,५८,५७७ | ५३,०८,५२ |
| २०७१/७२ | ५,१७,०९५ | ५३,८७,१० |
| २०७२/७३ | ३,८९,२२३ | ३५,०२,०३ |
| २०७३/७४* | २,७९,०१९ | २७,९१,५१ |

स्रोत: राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग

*प्रथम आठ महिनाको प्रगति

८.६६ देशका महत्त्वपूर्ण जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी भूक्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिकिय सन्तुलन कायम गरेर जमिनको उर्वरा शक्ति बढाई विकासका पूर्वाधारको संरक्षणमा सहयोग पुऱ्याउने कार्य भएको छ । आर्थिक वर्ष २०७२/७३ मा भू तथा जलाधार संरक्षण कार्यक्रमहरूबाट स्थानीय स्तरमा करिब २ लाख ३४ हजार श्रमिकका लागि रोजगारी सृजना भएको थियो ।

८.६७ जलवायु परिवर्तनको प्रभावको परिणाम स्वरूप जलचक्र तथा वर्षाको प्रकृतिमा आएको परिवर्तनले नेपालको पर्वतीय क्षेत्रमा पानीका स्रोत (मुहान, खोला) हरू सुक्दै गएका र कतिपय पानीका स्रोतबाट उपलब्ध हुने पानीको मात्रा घट्दै गएको छ । यो समस्यालाई सम्बोधन गर्न स्थानीय जनसहभागिता जुटाई पानीका स्रोत (मुहान, खोला) हरूको संरक्षण एवं भूमिगत जल भण्डारमा वर्षाको पानी पुनर्भरणका लागि ती स्रोतको एकीकृत जलाधार व्यवस्थापन गर्न तल्लो पश्चिम सेती र बुढीगंगा जलाधार क्षेत्र भित्र पर्ने ६ जिल्लाहरू (डडेल्धुरा, डोटी, बैतडी, अछाम, वाजुरा, वझाङ) का तत्कालीन १ सय ८ गाउँ विकास समितिहरूको क्षेत्रमा पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना लागू भएका छन् । यसबाट १५ हजार ६ सय १८ घरधुरी लाभान्वित भएका छन् ।

८.६८ वनस्पतिको पहिचान, व्यवस्थापन तथा स्वस्थानीय (in-situ) र परस्थानीय (ex-situ) संरक्षण, अध्ययन अनुसन्धान र अभिलेखीकरणको कार्य निरन्तर चलिरहेको र हालसम्म राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा ५ हजार ७७ वनस्पति प्रजातिका १ लाख ६३

हजार हर्वेरियमका नमुनाको संरक्षण गरी नियमित व्यवस्थापन गरिनुको साथै १५ हजार हर्वेरियम नमूनाहरूको Digitization तथा ८ हजार ९ सय ४० हर्वेरियम नमूनाहरूको Electronic database तयार गरिएको छ । यसका साथै २३ हजार ३ सय ७ हर्वेरियम नमूनाहरूको Labeling गरी Mounting गर्ने कार्य समेत सम्पन्न भइसकेको छ । आर्थिक वर्ष २०७२/७३ को अन्त्य सम्ममा १ सय १६ वटा प्रजातिका वनस्पतिको टिस्युकल्चर प्रविधिको विकास भएको छ भने ३० वटा लोपोन्मुख तथा संकटापन्न प्रजातिहरूको स्थानीय तथा परस्थानीय रूपमा संरक्षण भइरहेको छ ।

**तालिका ८ (फ) : भू तथा जलाधार व्यवस्थापनको अवस्था**

| | |
|---|---|
| कार्ययोजना तयार भएका उप-जलाधार क्षेत्रहरूको संख्या | ४५७ |
| गल्छी/पहिरो संरक्षण | ५७६२ |
| वायोइन्जिनियरिङ्गबाट खोला/खहरे किनार संरक्षण (कि.मि.) | ४४७५.६ |
| पानी मुहान संरक्षण | ३३४६ |
| संरक्षण पोखरी/सर्विक्षेत्र/ताल तलैया संरक्षण | २१२२ |
| कृषि/वन मैत्री खेतवारी संरक्षण (हेक्टर) | ४५२३.६१ |
| क्षतिग्रस्त भूमि पुनरूत्थान (हेक्टर) | १५४४२.८ |
| वायोइन्जिनियरिङ्गबाट सडक पाखो संरक्षण (कि.मि.) | ५६८.१५ |
| सिँचाइ कुलो संरक्षण (कि.मि.) | १८०९.९ |
| विपन्न वर्गका लागि अयमूलक संरक्षण कार्यक्रम घरधुरी | ३३११५ |
| संरक्षण शिक्षा अभियान संस्था | ३५५५ |
| सिमसार संरक्षण | १८ वटा |

स्रोत: भू तथा जलाधार संरक्षण विभाग

८.६९ राष्ट्रिय वनस्पति उद्यानमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटक संख्या आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०७२/७३ मा ३७ प्रतिशतले वृद्धि भई ३ लाख ९ हजार ४६ पुगेको छ । यसैगरी भ्रमण गर्ने पर्यटकबाट प्राप्त हुने राजस्व आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०७२/७३ मा करिब ४ गुणाले वृद्धि भई रु. १ करोड १७ लाख ६१ हजार पुगेको छ । यस्ता उद्यानको उचित व्यवस्थापन गर्न सकिएमा वैज्ञानिक अध्ययन अन्वेषणका साथै सर्वसाधारणले आमोदप्रमोद गर्न उपयुक्त स्थान पाउने तथा राज्यले उल्लेख्य रूपमा राजस्व प्राप्त गर्न सक्ने देखिन्छ ।

**तालिका ८ (ब) : राष्ट्रिय वनस्पति उद्यानमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटक**

| आर्थिक वर्ष | पर्यटक संख्या | | | प्राप्त राजस्व (रु. हजारमा) |
|---|---|---|---|---|
| | आन्तरिक | बाह्य | जम्मा | |
| २०६६/६७ | २२१६४८ | २६३८ | २२४२८६ | ३०१९ |
| २०६७/६८ | २३५९३३ | ३२१४ | २३९१४७ | ३२४१ |
| २०६८/६९ | २४४५६९ | २२७० | २४७८४० | ३३३४ |
| २०६९/७० | २६३३५७ | ३४८८ | २६६८४५ | ३६०९ |
| २०७०/७१ | २७३९४८ | १७६० | २७७७०८ | ३७४१ |
| २०७१/७२ | २८७१३७ | ३४३५ | २९०५७२ | ९९७२ |
| २०७२/७३ | ३०६१४७ | २८९९ | ३०९०४६ | ११७६१ |
| २०७३/७४* | २३५२६४ | २४२० | २३७६८४ | ८४०० |

स्रोतः राष्ट्रिय बनस्पति उद्यान, गोदावरी, २०७३

*प्रथम आठ महिनासम्मको

८.७० वन क्षेत्रबाट परिचालन हुने राजस्वमा काठ, दाउरा, जडिबुटी जस्ता वन पैदावारका अतिरिक्त संरक्षण क्षेत्रमा भ्रमण गर्ने पर्यटकबाट संकलन हुने राजस्व समेत गणना गरिएको हुन्छ । वन क्षेत्रको आर्थिक वर्ष २०६६/६७ को कुल राजस्व संकलन रु. ६९ करोड ७२ लाख ९६ हजार रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा समेत सोही हाराहारी अर्थात् रु. ७० करोड ८२ लाख ४० हजार राजस्व परिचालन भएको छ । यद्यपि यस बीचको अवधिको वन क्षेत्रबाट भएको राजस्व परिचालनको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०६७/६८ र आर्थिक वर्ष २०७१/७२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व संकलन घटेको थियो भने आर्थिक वर्ष २०६९/७० मा अघिल्लो आर्थिक वर्ष २०६८/६९ को तुलनामा ३०.१ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ३९ करोड ५७ लाख १९ हजार संकलन भएको थियो । यसैगरी चालु आर्थिक वर्षको प्रथम आठ महिनामा राजस्व रु. ४६ करोड ११ लाख १७ हजार संकलन भएको छ ।

**तालिका ८ (भ) : वन क्षेत्रको कुल राजश्व संकलन (रु. हजारमा)**

| आर्थिक वर्ष | राजस्व |
|---|---|
| २०६६/६७ | ६९७२९६ |
| २०६७/६८ | ३६१४९७ |
| २०६८/६९ | १०७२८०१ |
| २०६९/७० | १३९५७१९ |
| २०७०/७१ | ११८२१६७ |
| २०७१/७२ | ५३६१०० |
| २०७२/७३ | ७०८२४० |
| २०७३/७४* | ४६१११७ |

स्रोत: वन तथा भूसंरक्षण मन्त्रालय

*प्रथम आठ महिना

## भूमिसुधार तथा व्यवस्था

८.७१ उत्पादनका साधनमा भूमि एक महत्त्वपूर्ण साधन भएकोले यसको दिगो उपयोग गर्नुपर्दछ। आर्थिक क्रियाकलापको विस्तारका लागि पूर्वाधार निर्माण गर्न भूमिको सहज उपलब्धता, भूमिको नापनक्शा तथा भौगोलिक सूचनाको व्यवस्थापन, भूमिको वैज्ञानिक तवरमा अभिलेखीकरण, सरकारी तथा सार्वजनिक जग्गामा हुने अतिक्रमणको नियन्त्रण एवं जनसाधारणको अचल सम्पत्तिको सुरक्षा तथा जग्गाको भोगचलन जस्ता विषयहरू भूमि व्यवस्थापनका महत्त्वपूर्ण क्षेत्र हुन् ।

८.७२ भूमि व्यवस्थापनका सन्दर्भमा भौगर्भिक बनौट, प्रकृति र क्षमताको आधारमा भूमिको वर्गीकरण, भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग नक्सा तयार गर्ने, परम्परागत रूपमा कागजमा आधारित अभिलेखलाई विद्युतीय प्रणालीमा आधारित गर्ने, नवीन सोचमा आधारित भई उपयोग पूर्जा मात्र दिने गरी व्यवस्थित बसोबासको प्रबन्ध मिलाउन बसोबास व्यवस्थापन आयोग गठन तथा मुक्त हलिया र मुक्त कमैयाको पुनःस्थापनाका कार्य भएका छन् ।

८.७३ आर्थिक वर्ष २०७२/७३ सम्ममा व्यवस्थित भू-उपयोगका लागि पचहत्तर वटै जिल्लाको भू-उपयोग नक्शा तथा डाटा तयार भएको छ । यसैगरी ३५ वटा मालपोत कार्यालयको डिजिटल डाटा अद्यावधिक भएको छ । गाँउब्लक नापी १ हजार ८ सय ३२ हेक्टर, पुनः नापी १ हजार ८ सय ९८ हेक्टर र डिजिटल नापी ७ सय ७७ हेक्टरमा सम्पन्न भएको छ । जनगणना एटलस २०११ प्रकाशन भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा साविकका ८ सय २५ वटा गाउँ विकास समिति तथा नगरपालिकाहरूको गाउँ विकास समिति/नगरपालिका स्तरीय भू-उपयोग नक्शा डाटा तयारी कार्य अन्तिम चरणमा छ । गाँउब्लक नापी ६ सय ३३ हेक्टर र पुनः नापी ४ सय २९ हेक्टर र डिजिटल नापी ३ सय ५४ हेक्टर सम्पन्न भएको छ।

८.७४ कुल मुक्त कमैया परिवारको संख्या २७ हजार ५ सय ७० मध्ये हालसम्म २६ हजार ५ सय ३२ परिवारको पुनर्स्थापना सम्पन्न भएको छ । १६ हजार ९ सय ५३ मुक्त हलिया परिवारमध्ये जग्गा खरिदतर्फ ६ सय ७३ परिवार, घर निर्माण तर्फ ४ सय २५ परिवार र घर मर्मततर्फ ६ सय ४७ परिवारलाई अनुदान दिई पुनर्स्थापित गरिएको छ । यसैगरी १९ हजार ५ सय ३१ मुक्त कमैया र १ हजार १ सय ४२ जना मुक्त हलियालाई सीप मूलक तालिम प्रदान गरिएको छ।

८.७५ आर्थिक वर्ष २०७२/७३ मा ५ वटा मालपोत र ३० वटा नापी कार्यालय भवन निर्माणको कार्य सम्पन्न भएको छ । विभिन्न नापी कार्यालयहरूमा जीर्ण रहेका ४ हजार ८ सय वटा नक्सा/फिल्डबुकहरूको पुनःस्थापना भएको छ । जग्गा प्रशासन सम्बन्धी सेवालाई पारदर्शी गर्न ९ वटा मालपोत कार्यालयहरूमा LRIMS (Land Reform Information

Management System) लागू भएको छ । भूमि व्यवस्थापनको सेवाप्रवाहबाट गत आर्थिक वर्ष २०७२/७३ मा रु. १७ अर्ब २४ करोड ४० लाख राजश्व परिचालन भएको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रु. १७ अर्ब २४ करोड राजस्व संकलन भएको छ ।

### चुनौतीहरू

८.७६ सिंचाईका ठूला पूर्वाधार निर्माण भइरहेका आधारक्षेत्रमा सिञ्चित हुने कृषि योग्य जमिनलाई खण्डीकरण गरी  वस्ती विकास गरिने कार्यलाई व्यवस्थित गर्नु चुनौतीपूर्ण छ ।

८.७७ कृषि क्षेत्रको विकासका लागि आवश्यक सडक, विद्युत, वाली भण्डारण र शीत भण्डारण जस्ता पूर्वाधारको निर्माण र कृषि उत्पादकत्व वृद्धिका लागि आवश्यक मल, उन्नत बिउबिजन, सिँचाइ, सुलभ कर्जाको सहज, सुलभ र समयमा उपलब्ध गराउनु चुनौतीपूर्ण छ।

८.७८ भौगोलिक एवं जैविक विविधतायुक्त वनस्रोतलाई आधारभूत किसिमका आवश्यकता परिपूर्तिका अतिरिक्त उद्योगसँग जोड्दै अर्थतन्त्रको आकार अभिवृद्धि एवं रोजगारी सिर्जनामा योगदान पुऱ्याउन सक्ने गरी विकसित गर्नु चुनौतीपूर्ण छ ।

८.७९ भूमिको जथाभावी प्रयोग, सार्वजनिक जग्गाको अतिक्रमण, सार्वजनिक कार्यका लागि भूमिको उपलब्धतामा कठिनाइ, भूमिको भोगचलनमा देखिएका अनुचित विवाद जस्ता समस्यालाई वैज्ञानिक भू-उपयोग नीति मार्फत सम्बोधन गर्नु चुनौतीपूर्ण छ ।

८.८० भौगोलिक विशिष्टता, तुलनात्मक लाभ र स्रोत साधनको उपलब्धताका आधारमा उत्पादनका सम्भावनाको पहिचान गरी स्थानीय तहलाई आर्थिक गतिविधि केन्द्रको रूपमा विकसित गर्नु चुनौतीपूर्ण छ ।

८.८१ सहकारी क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाई सामुहिक हितका कार्यमा समर्पित, उत्पादनमुखी र सामाजिक पुँजीको रूपमा विकसित गर्दै ग्रामीण क्षेत्रमा विस्तार गर्नु चुनौतीपूर्ण छ ।

# ९. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन क्षेत्र आर्थिक विकासका महत्त्वपूर्ण आधार हुन् । यी क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीको सिर्जना, वस्तु तथा सेवाको मूल्य अभिवृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान पुग्दछ । दिगो विकासको लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति हुन यी क्षेत्रको भूमिका महत्त्वपूर्ण छ । नेपालमा यी क्षेत्रको अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहेता पनि आशा गरे अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन । संघीयता व्यवस्थापनको सन्दर्भमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा दिगो एवं बृहत् आधारसहित उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने देखिन्छ ।

## उद्योग क्षेत्र

९.१ आयातमा आधारित अर्थतन्त्रलाई उत्पादन र निर्यातमुखी अर्थतन्त्रमा रूपान्तरण गरी व्यापार घाटा कम गर्न उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ । यस क्षेत्रले स्थानीय स्रोत साधन र प्रविधिको उपयोग, वस्तु तथा सेवाको उपलब्धता र रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याएको छ । आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ६.३५ प्रतिशत भएकोमा त्यसपछि घट्दै गई आर्थिक वर्ष २०७२/७३ मा ५.७२ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ५.६७ प्रतिशत हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा विनाशकारी भूकम्पको प्रभाव तथा सीमा नाकामा भएको अवरोधले उद्योग क्षेत्र संकुचन भएको थियो । आर्थिक वर्ष २०७३/७४ मा इन्धन, विद्युत र कच्चा पदार्थको पर्याप्त आपूर्तिका कारण उत्पादनमा वृद्धि हुँदै गएकोले आर्थिक वर्ष २०७२/७३ को तुलनामा उद्योग क्षेत्रमा कुल मूल्य अभिवृद्धि ९.७ प्रतिशतले वृद्धि हुने अनुमान छ ।




स्रोतः केन्द्रीय तथ्याङ्क विभाग *अनुमानित

९.२ स्वदेशमा रोजगारीको सिर्जना हुन नसक्दा युवा जनशक्ति रोजगारीको लागि विदेश जानु परेको छ । यस्तो अवस्थामा स्वदेशमा उद्योगको स्थापना एवं सञ्चालन हुने वातावरण तयार गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न उद्योग क्षेत्रको विकास र विस्तारमा जोड दिनु जरूरी छ ।

९.३ उद्योग क्षेत्रको विकासका लागि औद्योगिक नीति, २०६७; विदेशी लगानी नीति, २०७१; राष्ट्रिय वौद्धिक सम्पत्ति नीति, २०७३ लगायतका नीति ल्याइएको छ । औद्योगिक व्यवसाय ऐन, २०७३ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ कार्यान्वयनमा ल्याइएको छ । कम्पनी ऐन, २०६३ मा संशोधन भएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन समसामयिक सुधारको प्रक्रियामा छ ।

९.४ विगत एक दशकमा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योगको विश्लेषण गर्दा आर्थिक वर्ष २०६३/६४ देखि २०६७/६८ सम्म उद्योगमा पुँजी लगानीको अवस्था बढ्दो क्रममा थियो । आर्थिक वर्ष २०६८/६९ मा २ सय ७९ उद्योगमा रु. ८४ अर्ब ४२ करोड ७० लाख पुँजी लगानी भएकोमा आर्थिक वर्ष २०६९/७० मा ४ सय ४६ उद्योगमा रु. १ खर्ब १९ अर्ब ६० करोड १० लाख पुँजी लगानी भएको थियो । आर्थिक वर्ष २०६९/७० को तुलनामा आर्थिक वर्ष २०७०/७१ मा ४ सय ६६ उद्योगमा १ सय ४२ प्रतिशतले पुँजी वृद्धि भई लगानी रु. २ खर्ब ८९ अर्ब ३० करोड ८० लाख पुगेको थियो । त्यसपछिका आर्थिक वर्षमा सोही अनुपातमा पुँजी बढ्न सकेको छैन ।

**तालिका ९ (क) : विगत एक दशकमा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग**

| आर्थिक वर्ष | उद्योग संख्या | कुल पुँजी *(रू दश लाखमा)* | स्थीर पुँजी *(रू दश लाखमा)* | चालु पुँजी *(रू दश लाखमा)* | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| २०६३/६४ | १७७ | ८१२४ | ५९७३ | २१५१ | ९२३२ |
| २०६४/६५ | २२७ | २०१२६ | १५५१० | ४६१६ | १२८४४ |
| २०६५/६६ | ३०१ | २६९६१ | २२५२७ | ४४३४ | २०३५९ |
| २०६६/६७ | २५६ | ३९१९३ | ३४३२१ | ४८७२ | १४२२८ |
| २०६७/६८ | २४२ | ९०४१६ | ७७९१३ | १२५०३ | १३७२७ |
| २०६८/६९ | २७९ | ८४४२७ | ७९३६२ | ५०६५ | १६९६० |
| २०६९/७० | ४४६ | ११९६०१ | १०७९८३ | ११६१८ | २८५३५ |
| २०७०/७१ | ३७१ | २८९३०८ | २७६६९९ | १२६०९ | २१५३८ |
| २०७१/७२ | ४६६ | १३८७५१ | १२८७०३ | १००४८ | २२७८५ |
| २०७२/७३ | ४१० | १२२००७ | १०४९१८ | १७०८९ | १८९६० |
| २०७३/७४* | ३०९ | १०४५३६ | ९५२७८ | ९२५८ | १४२६४ |
| जम्मा | ३४८४ | १०४३४५० | ९४९१८७ | ९४२६३ | १९३४३२ |

स्रोतः उद्योग विभाग

*प्रथम आठ महिना

### चार्ट ९ (ख) : विगत एक दशकमा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योगमा भएको लगानी




स्रोतः उद्योग विभाग

*प्रथम आठ महिना

९.५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्म उद्योग विभागमा ६ हजार ८ सय ३४ उद्योग दर्ता भएका छन् । उद्योगको किसिम अनुसार संख्याको आधारमा उत्पादनमूलक उद्योगको संख्या सबैभन्दा बढी २ हजार ७ सय १३ (३९.७ प्रतिशत) रहेको छ । त्यस्तै सेवामूलक उद्योगको संख्या १ हजार ९ सय ७ (२७.९ प्रतिशत), पर्यटन उद्योगको सख्या १ हजार ४ सय ६ (२०.६ प्रतिशत), कृषि तथा वनजन्य उद्योगको संख्या ४ सय १३ (६.१ प्रतिशत) र ऊर्जामूलक उद्योगको संख्या २ सय ८३ (४.१ प्रतिशत) रहेको छ । खनिज उद्योगको संख्या ६३(०.९ प्रतिशत) र निर्माण उद्योगको संख्या ४९(०.७ प्रतिशत) रहेको छ ।

### तालिका ९ (ख) : सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग

| किसिम | उद्योग संख्या | कुल पुँजी (रू दश लाखमा) | स्थीर पुँजी (रू दश लाखमा) | चालु पुँजी (रू दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | ४१३ | २०५२४ | १७५०३ | ३०२१ | ३५१२२ |
| निर्माण | ४९ | ४३४७७ | ४२१८३ | १२९४ | ३३८४ |
| ऊर्जामूलक | २८३ | ६७४१२६ | ६५८००७ | १६११९ | २८३३६ |
| उत्पादनमूलक | २७१३ | २९३८९० | २२६७४५ | ६७१४५ | ३०२८१४ |
| खनिज | ६३ | ४४३८ | ३८९६ | ५४२ | ६४५९ |
| सेवा | १९०७ | १३६४२८ | ८९२६५ | ४७१६३ | ११७८६३ |
| पर्यटन | १४०६ | १०१३०६ | ९१०३८ | १०२६८ | ६११६३ |
| जम्मा | ६८३४ | १२७४१८९ | ११२८६३७ | १४५५५२ | ५३६१८१ |

स्रोतः उद्योग विभाग

चार्ट ९ (ग) : सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योग




स्रोतः उद्योग विभाग

९.६ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म दर्ता भएका उद्योगको पुँजी लगानीको आधारमा ५२.९ प्रतिशत लगानी ऊर्जामूलक उद्योगमा भएको छ । उत्पादनमूलक उद्योगमा २३.१ प्रतिशत, सेवा उद्योगमा १०.७ प्रतिशत, पर्यटन उद्योगमा ८ प्रतिशत, निर्माण उद्योगमा ३.४ प्रतिशत लगानी भएको छ । त्यस्तै, कृषि तथा वनजन्य उद्योगमा कुल लगानीको १.६ प्रतिशत र खनिजजन्य उद्योगमा ०.३ प्रतिशत मात्र लगानी भएको छ।

## विदेशी लगानी

९.७ न्यून गार्हस्थ्य बचतका कारण पुँजी निर्माणमा देखिएको अपर्याप्तता पूर्ति गरी पूर्वाधारको विकास र विस्तार गर्न, आधुनिक प्रविधि तथा व्यवस्थापकीय एवं प्राविधिक सीप भित्र्याई औद्योगिक विकासको माध्यमबाट देशको समग्र विकास गर्न नेपालमा विदेशी लगानीको आवश्यकता छ । प्रचुर प्राकतिक सम्पदा, जैविक विविधता र सांस्कृतिक सम्पदाको उपलब्धता भएको नेपालमा जलविद्युत, पर्यटन, सेवा, भौतिक पूर्वाधार, जडिबुटीको उत्पादन र प्रशोधन लगायतका क्षेत्रमा विदेशी लगानी गर्ने प्रशस्त अवसर छ । संघीय संरचनामा विकास निर्माणका काममा अझ बढी लगानीको आवश्यकता पर्ने भएकोले विदेशी लगानी भित्र्याउने वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ ।

९.८ विगत दश वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०६३/६४ मा १ सय ८८ उद्योगमा विदेशी लगानी रु.३ अर्ब १८ करोड ६० लाख स्वीकृत भएकोमा आर्थिक वर्ष २०७१/७२ मा ३ सय ७० उद्योगमा रु.६७ अर्ब ४५ करोड ५० लाख स्वीकृत भएको थियो । आर्थिक

वर्ष २०७२/७३ मा विदेशी लगानी घट्दै गएर ३ सय ४७ उद्योगमा रु.१५ अर्ब २३ करोड २० लाख स्वीकृत भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २ सय १३ वटा उद्योगमा रु.१० अर्ब १५ करोड १० लाख विदेशी लगानी स्वीकृत भएको छ ।

### तालिका ९ (ग): विगत दश वर्षमा उद्योगमा विदेशी लगानी

| आर्थिक वर्ष | उद्योग दर्ता संख्या | जम्मा पुंजी (रु. दश लाखमा) | स्थीर पुंजी (रु.दश लाखमा) | जम्मा विदेशी लगानी (रु. दश लाखमा) | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| २०६३/६४ | १८८ | ३४२६ | २६५१ | ३१८६ | ७३८९ |
| २०६४/६५ | २१३ | २०४०६ | १६८९८ | ९८१३ | १०७०९ |
| २०६५/६६ | २३१ | ९४१८ | ७५३० | ६२५५ | १११०८ |
| २०६६/६७ | १७१ | १३९५४ | १४९८८ | ९१०० | ७८४८ |
| २०६७/६८ | २१० | ११२५३ | ९३७७ | १००५३ | १०९०२ |
| २०६८/६९ | २२६ | ११९१० | १०७३६ | ७१३८ | ९०३५ |
| २०६९/७० | ३१७ | ५१९९१ | ४१०४६ | १९८१९ | १६५६९ |
| २०७०/७१ | ३०७ | ४०७३७ | ३५०४९ | २०१३३ | ११७९० |
| २०७१/७२ | ३७० | ८१३७० | ७७४३७ | ६७४५५ | १३१६७ |
| २०७२/७३ | ३४७ | २०४९९ | १४१२३ | १५२३२ | ११६४९ |
| २०७३/७४* | २१३ | ११५१९ | ८१७६ | १०१५१ | ६३७७ |
| **जम्मा** | **२७९३** | **२७६४८३** | **२३८०११** | **१७८३३५** | **११६५४३** |

स्रोत: उद्योग विभाग

*प्रथम आठ महिना सम्म

### चार्ट ९ (घ): विगत दश वर्षमा उद्योगमा विदेशी लगानी




स्रोत: उद्योग विभाग

*प्रथम आठ महिना

९.९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा नेपालमा विभिन्न ९० देशका ३ हजार ९ सय ५ उद्योग दर्ता भई रु. २ खर्ब ८ अर्ब ४ करोडको विदेशी लगानी स्वीकृत भएको छ । यसबाट २ लाख २४ हजार २ सय ८६ जनाले रोजगारी पाउने देखिन्छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा विदेशी लगानीको लागि स्वीकृति पाएका उद्योग मध्ये परियोजना लागतका आधारमा भारतले कुल विदेशी लगानीको ३९.१२ प्रतिशत हिस्सा ओगटेको छ । दोस्रो स्थानमा चीन (१६.२३ प्रतिशत) र तेस्रो स्थानमा चीन हङकङ (१३.०६ प्रतिशत) रहेको छ । कुल विदेशी लगानीमा दक्षिण कोरियाको लगानी ५.२८ प्रतिशत, ब्रिटिश आईल्याण्डको ३.८३ प्रतिशत, संयुक्त राज्य अमेरिकाको ३.६४ प्रतिशत र बेलायतको २.५६ प्रतिशत लगानी छ । त्यस्तै मौरिससको १.५९ प्रतिशत, सिङ्गापुरको १.३९ प्रतिशत र स्वीजरल्याण्डको १.३८ प्रतिशत रहेको छ । कुल विदेशी लगानीमा अन्य ८० देशको हिस्सा ११.९२ प्रतिशत रहेको छ ।

**तालिका ९ (घ) : देशगत रूपमा विदेशी लगानी**

| क्र.सं. | देश | उद्योगको संख्या | विदेशी लगानी रु.दश लाखमा | लागतको आधारमा प्रतिशत | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| १ | भारत | ६६२ | ८१३१२ | ३९.१२ | ६६०२७ |
| २ | चीन | १०९३ | ३३७६८ | १६.२३ | ५१३२४ |
| ३ | चीन हङ्कङ्ग | ३३ | २७१८८ | १३.०६ | ४६५१ |
| ४ | दक्षिण कोरिया | ३१२ | १०९९९ | ५.२८ | १०५९३ |
| ५ | ब्रिटिश आइसल्याण्ड | १४ | ७९६७ | ३.८३ | २०५४ |
| ६ | संयुक्त राज्य अमेरिका | ३४४ | ७५८१ | ३.६४ | १६८६९ |
| ७ | बेलायत | १६० | ५३३० | २.५६ | १०५४९ |
| ८ | मौरिसस | ९ | ३३१५ | १.५९ | ९५२ |
| ९ | सिङ्गापुर | ३८ | २८९६ | १.३९ | ३०३५ |
| १० | स्वीजरल्याण्ड | ५५ | २८९१ | १.३८ | १४७५ |
| | बाकी ८० देश | ११८५ | २४७९६ | ११.९२ | ५६७५७ |
| | **जम्मा ९० देश** | **३९०५** | **२०८०४३** | **१००** | **२२४२८६** |

*स्रोतः उद्योग विभाग*

**चार्ट ९ (ङ) : देशगत रूपमा विदेशी लगानीको अंश**




स्रोतः उद्योग विभाग

९.१० उद्योग संख्याको आधारमा विदेशी लगानी गर्नेमा चीन (१ हजार ९३) पहिलो स्थानमा रहेको छ । दोस्रो स्थानमा भारत (६ सय ६२) र तेस्रो स्थानमा संयुक्त राज्य अमेरिका (३ सय ४४) रहेको छ ।

### Doing Business मा नेपालको स्थान

९.११ उद्योग व्यवसाय गर्ने वातावरणको अवस्था चित्रण गर्ने Doing Business, २०१७ मा नेपाल १ सय ९० देश मध्ये १ सय ७ औं स्थानमा छ । नेपालको अङ्क ५८.८८ रहेको छ । सन् २०१६ मा ५९.३६ अङ्कका साथ १०० औं स्थानमा रहेको नेपाल सन् २०१७ मा ७ स्थान तल झरे पछि सार्क देशमा दोस्रो स्थानमा रहेको छ । नेपालमा उद्योग व्यवसाय दर्ता र सञ्चालन गर्ने क्रममा लाग्ने समय र लागतलाई अझ घटाई दक्षता र गुणस्तरमा वृद्धि गरेर उद्योग व्यवसाय गर्ने वातावरण सहज बनाउनु पर्ने देखिन्छ । यसका साथै एकल विन्दु सेवाका माध्यमबाट लगानीको वातावरणमा सुधार गर्नुपर्नेछ ।

**तालिका ९ (ङ) : Doing Business मा नेपालको सार्क क्षेत्रमा स्थान**

| क्र.स. | देशको नाम | १९० देशमा स्थान | अङ्क |
|---|---|---|---|
| १ | भुटान | ७३ | ६५.३७ |
| २ | नेपाल | १०७ | ५८.८८ |
| ३ | श्रीलङ्का | ११० | ५८.७९ |
| ४ | भारत | १३० | ५५.२७ |
| ५ | माल्दिभ्स | १३५ | ५३.९४ |
| ६ | पाकिस्तान | १४४ | ५१.७७ |
| ७ | बङ्गलादेश | १७६ | ४०.८४ |
| ८ | अफगानिस्तान | १८३ | ३८.१० |

स्रोत : Doing Business, 2017

## औद्योगिक वौद्धिक सम्पत्ति

९.१२ उद्योग व्यवसायमैत्री वातावरण सिर्जना गर्न र विदेशी लगानी अभिवृद्धि गर्न वौद्धिक सम्पत्तिको संरक्षण एवं सम्वर्द्धन गर्न जरुरी हुन्छ । नक्कली उत्पादन रोकी गुणस्तर र उपभोक्ता हित संरक्षण गर्न पनि वौद्धिक सम्पत्तिको संरक्षण आवश्यक हुन्छ । वौद्धिक सम्पत्ति नीति, २०७३ कार्यान्वयनमा आएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्म ४५ हजार १ सय ११ वटा ट्रेडमार्क, ७२ वटा पेटेन्ट र १ सय ४० वटा डिजाइन गरी कुल ४५ हजार ३ सय २३ औद्योगिक वौद्धिक सम्पत्ति दर्ता भएका छन्।

**तालिका ९ (च) : औद्योगिक वौद्धिक सम्पत्ति दर्ता (संख्यामा)**

| विवरण | २०७१/७२# | २०७२/७३ | २०७३/७४* | जम्मा |
|---|---|---|---|---|
| ट्रेडमार्क | ४०९१८ | २३९८ | १७९५ | ४५१११ |
| पेटेन्ट | ७२ | ० | ० | ७२ |
| डिजायन | ११६ | ११ | १३ | १४० |
| **जम्मा** | **४१,१०६** | **२,४०९** | **१,८०८** | **४५,३२३** |

स्रोतः उद्योग विभाग

# २०७२ सम्मको जम्मा

* प्रथम आठ महिनासम्म

## दुई पक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (विप्पा)

९.१३ औद्योगिक क्षेत्रमा लगानी गर्ने कुल ९० मुलुक मध्ये फ्रान्स, जर्मनी, बेलायत, मौरिसस, फिनल्याण्ड र भारत गरी ६ मुलुकसँग दुई पक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (विप्पा) भएको छ । ती मुलुकले कुल विदेशी लगानीको करिब ४४ प्रतिशत हिस्सा ओगटेका छन् ।

**तालिका ९ (छ) : विप्पा सम्झौता भएका मुलुक**

| क सं | मुलुक | सम्झौता मिति | परियोजना संख्या | कुल विदेशी लगानी (रु.दशलाखमा) |
|---|---|---|---|---|
| १ | फ्रान्स | २ मे १९८३ | ८१ | ५४५ |
| २ | जर्मनी | २० अक्टोवर १९८६ | १०२ | १३१० |
| ३ | बेलायत | २ मार्च १९९३ | १६० | ५३३० |
| ४ | मौरिसस | ३ अगष्ट १९९९ | ९ | ३३१५ |
| ५ | फिनल्याण्ड | ३ फेब्रुअरी २००९ | १० | ३३६ |
| ६ | भारत | २१ अक्टोवर २०११ | ६६२ | ८१३१२ |
| **जम्मा** | | | **१०२४** | **९२१४८** |

स्रोतः उद्योग मन्त्रालय

## औद्योगिक क्षेत्र

९.१४ औद्योगिक क्षेत्रले उद्योग स्थापनाका लागि अति आवश्यक पर्ने जमिन, औद्योगिक भवन, सडक, विद्युत, पानी, ढल लगायतका आधारभूत पूर्वाधार एकीकृत रूपमा उपलब्ध गराउदै आएको छ । यसबाट उद्योगको प्रवर्द्धन एवं विकास भएर आयात प्रतिस्थापन, निर्यात वृद्धि, स्थानीय सीप र साधनको परिचालन, रोजगारी सिर्जनामा योगदान पुगेको छ । बालाजु, हेटौंडा, पाटन, नेपालगञ्ज, धरान, धनकुटा, पोखरा, बुटवल, भक्तपुर, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह गरी ११ वटा औद्योगिक क्षेत्र भएकोमा धनकुटा बाहेक अन्य १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन् । हाल सञ्चालनमा रहेका औद्योगिक क्षेत्रले ५ हजार ९ सय ७ रोपनी क्षेत्रफल ओगटेको छ । औद्योगिक क्षेत्र भित्र स्थापित ६ सय ७३ उद्योग मध्ये ५ सय ६३ वटा सञ्चालनमा छन् । उक्त उद्योगबाट १७ हजार ५० जनालाई रोजगारी प्रदान र २७ हजार ९ सय ९० के.भि.ए. विद्युत खपत भएको छ ।

९.१५ सात वटै प्रदेशमा कम्तीमा एक हजार बिघा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार जग्गा प्राप्ति गर्ने र पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । प्रदेश नं. १ मा झापाको दमक, प्रदेश नं. २ मा सर्लाहीको मुर्तिया, प्रदेश नं. ३ मा मकवानपुरको मयुरधाप र चितवनको शक्तिखोर, प्रदेश नं. ४ मा गोरखाको च्याङ्गलिटार, प्रदेश नं. ५ मा रूपन्देहीको मोतिपुर, बाँकेको नौबस्ता, दाङको धर्ना र लक्ष्मीपुर, प्रदेश नं. ६ मा सुर्खेतको साटाखानी र प्रदेश नं. ७ मा कञ्चनपुरको दैजीमा नँया औद्योगिक क्षेत्रको लागि तय भएको स्थानमा जग्गा प्राप्तिको प्रकृया अगाडि बढाइएको छ।

## घरेलु तथा साना उद्योग

९.१६ घरेलु तथा साना उद्योगको स्थापना, विकास र विस्तारको माध्यमबाट रोजगारी सिर्जना गर्न र जनताको जीवनस्तर उकास्न सहयोग पुगेको छ । घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिले उद्यमशील ज्ञान र सीप अभिवृद्धि, उद्यमशीलता विकासका साथै उद्योग व्यवसायको स्तरोन्नतिका लागि विभिन्न व्यावसायिक तथा प्रबर्द्धनात्मक कार्य गर्दै आएका छन् |

९.१७ घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका २७ जिल्लामा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १३ हजार २ सय ३८ घरेलु तथा साना उद्योग दर्ता भई कुल ४२ हजार ९ सय ६५ जनालाई रोजगारी सिर्जना भएको छ । त्यस्तै घरेलु तथा साना उद्योग विकास समिति अन्तरगतका ४८ जिल्लामा कुल ६ हजार ४ सय ४८ उद्योग दर्ता भई २१ हजार ७ सय ६० जनालाई रोजगारी प्राप्त भएको छ । आर्थिक वर्ष २०७३/७४

को प्रथम आठ महिनासम्म घरेलु तथा साना उद्योग विभाग र समिति अन्तर्गत देशभर २ लाख ७० हजार ९ सय ८८ भन्दा बढी घरेलु तथा साना उद्योग दर्ता भएका छन् ।

९.१८ घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रबाट आर्थिक वर्ष २०७२/०७३ मा खाद्य प्रशोधन, बेकरी, व्युटिसियन, मोबाइल मर्मत, कागज उत्पादन लगायतका विभिन्न विषयमा १ हजार ५६ जनालाई तालिम प्रदान भएको थियो । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १ हजार २ सय ७३ जनालाई उद्यमी तालिम प्रदान भएको छ । औद्योगिक व्यवसाय विकास प्रतिष्ठान मार्फत आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा जम्मा ८ हजार ५ सय ५९ जनाले तालिम प्राप्त गरेका छन् ।

## लघु उद्यम

९.१९ लघु उद्यम विकास कार्यक्रमका क्रियाकलापलाई आन्तरिकीकरण गर्दै लैजाने अभिप्रायले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम हाल ६९ जिल्लामा सञ्चालित छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०७२/७३ मा १५ हजार ७ सय ५ जना नँया लघु उद्यमी सिर्जना हुनुका साथै १६ हजार ६ सय ९७ जना लघु उद्यमी स्तरोन्नति भएका थिए। आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ४ हजार ९८ जना नयाँ लघु उद्यमीहरू सिर्जना भएका छन् भने भइरहेका लघु उद्यमीहरू ३ हजार ९ सय २५ जना स्तरोन्नति भएका छन् । लघु उद्यमको माध्यमबाट स्थानीय स्रोतको परिचालन र स्थानीय स्तरमा रोजगारी सिर्जना भई गरिबी निवारणमा सहयोग पुगेको छ ।

## कम्पनी दर्ता

९.२० कम्पनीको दर्ता, अध्यावधिक तथा खारेजी गर्ने प्रशासनिक कार्यलाई वढी सरल, सहज र वैज्ञानिक बनाउन अनलाइन सेवाको प्रारम्भ गरिएको छ । कम्पनी दर्ता गर्न सहज भएको तर खारेज गर्न जटिल र असहज भएको जनगुनासोलाई ध्यानमा राखी कम्पनी ऐनमा संशोधन गरिएको छ । यस संशोधनबाट कम्पनी दर्ता एवं खारेजी प्रकृया सहज भएको छ। आर्थिक वर्ष २०७३/७४ को पहिलो आठ महिनासम्म १ लाख ६६ हजार ६ सय ९४ कम्पनी दर्ता भएका छन् । दर्ता भएका कम्पनीहरू मध्ये पब्लिक लिमिटेड १ हजार ४ सय २, प्राईभेट लिमिटेड कम्पनी १ लाख ६३ हजार ७ सय ८३, मुनाफा वितरण नगर्ने कम्पनी १ हजार ३ सय ५४ र विदेशी कम्पनी १ सय ५५ रहेका छन् ।

तालिका ९ (ज) : कम्पनी दर्ताको स्थिति

| क्र.सं. | कम्पनी | २०६८/६९ सम्म कुल | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पब्लिक लिमिटेड | १२०४ | ३७ | २७ | ३१ | ५१ | ५२ | १४०२ |
| २ | प्राईभेट लिमिटेड | १०३३७१ | १०५५० | १००५२ | १२३७१ | १४५५० | १२८८९ | १६३७८३ |
| ३ | मुनाफा वितरण नगर्ने | ४१३ | ८३ | ९४ | २०० | २८९ | २७५ | १३५४ |
| ४ | विदेशी कम्पनी | ४१ | १८ | २१ | २४ | २३ | २८ | १५५ |
| | **कुल** | **१,०५,०२९** | **१०,६८८** | **१०,१९४** | **१२,६२६** | **१४,९२१** | **१३,२४४** | **१,६६,६९४** |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

*प्रथम आठ महिनासम्म

## खानी तथा भूगर्भ

९.२१ भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान कार्यबाट चुरे पहाड तथा महाभारत श्रृंखलाको सम्पूर्ण भाग र उच्च हिमाली क्षेत्रको केही भागमा प्रथम चरणको भौगर्भिक सर्भेक्षण कार्य पूरा गरी दोश्रो चरणको नक्साङ्कन भइरहेको छ ।

९.२२ सुर्खेत, दाङ्ग, मकवानपुर, उदयपुर र धनकुटामा चुनढुङ्गाको उद्योग स्थापना भई सञ्चालनमा आएको छ । पाल्पा, अर्घाखाँची, सल्यान, बैतडी, सिन्धुली, ललितपुर, धादिङ्ग र स्याङ्जा जिल्लामा करिब १ अर्ब टन चुनढुङ्गा खनिज पत्ता लागेको छ । यसको फलस्वरूप निजी तथा सरकारी स्तरमा करिब ८ हजार ५ सय टन प्रति दिन क्षमताको १४ वटा सिमेन्ट उद्योग स्थापना भई सञ्चालनमा छन् । थप ९ वटा साना तथा ठूला सिमेन्ट उद्योग निर्माणधीन अवस्थामा छन् ।

९.२३ नवलपरासीको धौवादीमा फलाम खानीको अन्वेषण कार्य भइरहेको छ । प्रारम्भिक अन्वेषण अनुसार गुणस्तरीय फलाम कायम रहेमा करिब १० करोड टन फलामको भण्डार हुने अनुमान छ ।

९.२४ काठमाडौं जिल्लामा ३१ करोड ६० लाख घन मिटर प्राकृतिक ग्याँस, दाङ्ग, रोल्पा, पाल्पा र अर्घाखाँची जिल्लामा ५० लाख टन पत्थर कोइला भण्डार पहिचान भएको छ । मकवानपुर, बैतडी र मुस्ताङ्गमा विभिन्न चरणका युरेनियम खनिजको अन्वेषण कार्य भइरहेको छ । हालसम्मको अध्ययन अनुसन्धानबाट ती स्थानहरूमा युरेनियम खनिजको सम्भावना देखिएको छ ।

९.२५ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा विभिन्न २४ वटा खनिजको २ सय ६८ वटा खोजतलास अनुमति र विभिन्न १५ वटा खनिजको १ सय २३ वटा उत्खनन अनुमति जारी भएको छ ।

९.२६ नेपालको हिमाली श्रृंखलाको अध्ययन गर्न २१ वटा साईस्मिक स्टेसन र २९ वटा जि.पि.एस. स्टेसन स्थापना गरी भूकम्पको चौविसै घण्टा निरन्तर निगरानी एवं डाटा संकलन कार्य भएको छ । भूप्रकोप अध्ययनको लागि ५ वटा एक्सिलोमिटरको जडान कार्य सम्पन्न भई तथ्याङ्क विश्लेषण एवं अध्ययनको आधारमा भविष्यमा आउन सक्ने भूकम्प, सम्भावित असर, भूकम्पको पुनरावृत्ति र हिमालको संरचना एवं बनोटबारे ज्ञान हासिल भएको छ ।

९.२७ आर्थिक वर्ष २०७२/७३ मा १४ जिल्लामा भूकम्पीय पहिरोको अध्ययन गरी १ सय २७ स्थानमा बस्ती जोखिममा रहेको पहिचान गरिएको छ । इमाडोल क्षेत्रमा प्राकृतिक ग्याँस परीक्षण एवं उत्पादन सुरु भएको छ । ढुङ्गा, गिट्टी, बालुवा लगायतका ७० वटा खानीको वातावरणीय अनुगमन तथा निरीक्षण सम्पन्न भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ७ वटा जिल्लाका विभिन्न स्थानमा पहिरो अध्ययन, टेकु क्षेत्रमा प्राकृतिक ग्याँस परीक्षण एवं उत्पादनका लागि ३ सय ५० मिटर ड्रिलिङ कार्यको लागि सम्झौता भएको छ । ढुङ्गा, गिट्टी, बालुवा लगायतका ५० वटा खानीको वातावरणीय अनुगमन तथा निरीक्षणको कार्य सम्पन्न भएको छ ।

## गुणस्तर तथा नापतौल

९.२८ नाप र तौलमा उपभोक्ताको अधिकार संरक्षण गर्दै आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ८ वटा राष्ट्रिय मापदण्ड (National Standards) तयार भएको छ । नेपाल गुणस्तर चिन्ह प्रयोग गर्न १५ वटा उद्योगलाई इजाजत प्रदान भएको छ । १० वटा निजी प्रयोगशालालाई नेपाल प्रयोगशाला मापदण्ड र ISO १७०२५:२००५ अनुसार Surveillance Audit गर्ने कार्य भएको छ । १ हजार ६ सय ३९ वटा फर्मको अनुगमन निरीक्षण भएको छ । ७ हजार २ सय ६३ व्यावसायीले नापतौल तथा नाप्ने तौलने यन्त्रको अनुमति पाएका छन् । १६ हजार ५ सय ६२ व्यवसायको नापतौल तथा नाप्ने तौलने यन्त्रको जाँच भएको छ । साथै, २ हजार २ सय ९ वटा पेट्रोलपम्पको जाँच सम्पन्न भएको छ ।

## औद्योगिक पूर्वाधार

९.२९ औद्योगिक पूर्वाधार विकास कार्यक्रम मार्फत हाल सञ्चालनमा रहेका, सञ्चालन हुने क्रममा रहेका र निर्माणाधीन सिमेन्ट उद्योगलाई प्राथमिकता दिई प्रसारण लाईन र सवस्टेशन निर्माण तथा पहुँच सडकको निर्माण कार्य भएको छ । विभिन्न १० वटा सिमेन्ट उद्योगको लागि नेपाल सरकारको शेयर लगानी रहने गरी प्रसारण लाईन, सवस्टेशन निर्माण तथा २४ वटा खानीस्थल सम्म पहुँच मार्ग निर्माणको कार्य थालिएको छ ।

## विशेष आर्थिक क्षेत्र

९.३० निर्यातयोग्य उद्योगको विकास एवं प्रवर्द्धनका लागि स्वदेशी तथा विदेशी लगानी आर्कषित गरी मुलुकमा औद्योगिकीकरणको प्रक्रिया अगाडि बढाउन विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को अवधारणा कार्यान्वयनमा ल्याइएको छ । विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लागू भएको छ । विशेष आर्थिक क्षेत्रको व्यवस्थापन, पूर्वाधार संरचनाको निर्माण, स्थापित उद्योगको अनुगमन गर्न तथा त्यस्ता उद्योगलाई एकद्वार इकाइबाट सेवा उपलब्ध गराउन विशेष आर्थिक क्षेत्र प्राधिकरण स्थापना भएको छ ।

९.३१ नेपाल सरकारले हालसम्म देशका १५ स्थानमा विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने घोषणा गरेको छ । प्रादेशिक रूपमा समेट्ने गरी प्रदेश नं. १ मा विराटनगर, प्रदेश नं. २ मा सिमरा, प्रदेश नं. ३ मा पाँचखाल, प्रदेश नं. ४ मा गोरखा, प्रदेश नं. ५ मा भैरहवा, प्रदेश नं. ६ मा जुम्ला र प्रदेश नं. ७ मा धनगढी लगायत नुवाकोट, कपिलवस्तु, बाँके, झापा, धनुषा, रौतहट, सिरहा र कैलालीमा कार्यक्रम अगाडि बढाइएको छ । भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएको छ । सिमरा गार्मेन्ट प्रोसेसिङ्ग जोन र पाँचखाल विशेष आर्थिक क्षेत्रको निर्माण कार्य अगाडि बढेको छ । अन्य विशेष आर्थिक क्षेत्रको इन्जिनियरिङ्ग डिजाइन, सम्भाव्यता अध्ययन, पूर्व सम्भाव्यता अध्ययन जस्ता कार्य भइरहेको छ । विशेष आर्थिक क्षेत्र सञ्चालनबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित भई रोजगारी सिर्जना गर्न र अन्तर्राष्ट्रिय बजारमा वस्तु तथा सेवाको निकासी अभिवृद्धि भई व्यापार घाटा कम गर्न मद्दत पुग्ने देखिन्छ ।

## केन्द्रीय कारागार कारखाना

९.३२ कारागारमा रहेका कैदीबन्दीको क्षमता अभिवृद्धि गरी आय आर्जनमा सक्षम बनाउन केन्द्रीय कारागार कारखानाबाट आर्थिक वर्ष २०७२/७३ सम्ममा महिला बन्दी २ सय ७४ र पुरूष बन्दी ३ हजार ३ गरी कुल जम्मा ३ हजार २ सय ७७ जनाले तालिम लिएका थिए। आर्थिक वर्ष २०७२/७३ मा ४५ हजार ७ सय ९९ मिटर सुती कपडा उत्पादन गरी रु. ३९ लाख ५१ हजार बराबरको कपडा उत्पादन भएको थियो । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ५२ हजार ८ सय १५ मिटर सुती कपडा उत्पादन गरी रु. ४५ लाख ७१ हजार मूल्य बराबरको कपडा उत्पादन भएको छ ।

## वाणिज्य क्षेत्र

९.३३ वाणिज्य क्षेत्रको विकासबाट वस्तु तथा सेवाको उत्पादनमा सहज आपूर्ति भएको छ । देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आय र रोजगारी सिर्जना भई आर्थिक विकासमा सहयोग पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान १४.१० प्रतिशत भएकोमा आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १३.५२ प्रतिशत हुने अनुमान गरिएको छ।

९.३४ तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य नीति, २०७२ र नेपाल एकीकृत व्यापार रणनीति, २०७३ कार्यान्वयनमा ल्याइएको छ । विश्व व्यापार सङ्गठन (WTO), दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (SAFTA) तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायतासम्बन्धी बङ्गालको खाडीको प्रयत्न (BIMSTEC) समेतको आवद्धताबाट अन्तर्राष्ट्रिय व्यापारमा पहुँच र वृद्धि गर्ने अवसर नेपालले प्राप्त गरेको छ ।

९.३५ आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन तथा विस्तारको लागि पर्याप्त अवसर तथा सम्भावना हुँदा हुँदै पनि नेपालको निर्यात व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । आयातलाई प्रतिस्थापन गर्ने वस्तुको उत्पादनमा वृद्धि हुन नसक्दा आयात बढ्दै गएको छ । मुलतः कच्चा पदार्थ, प्राथमिक वस्तु तथा अर्धप्रशोधित वस्तुको निर्यात हुँदा निर्यातमा मूल्य अभिवृद्धि कमजोर देखिएको छ । कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुको आयात उच्च रूपमा बढेकाले व्यापार घाटा प्रत्येक वर्ष बढ्दै गएको छ ।

९.३६ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा कुल वस्तु निर्यात रु. ४८ अर्ब २२ करोड र कुल वस्तु आयात रु. ६ खर्ब २८ अर्ब ५६ करोड भई कुल वस्तु व्यापार घाटा रु. ५ खर्ब ८० अर्ब ३४ करोड पुगेको छ । निर्यात आयात अनुपात करिब १:१३ रहेको छ । वस्तुगत आधारमा जुस, पिना, रोजिन, चाउचाउ, तार लगायतका वस्तुको निर्यात बढेको छ भने अलैची, पोलिस्टर, धागो, तयारी पोशाक, उनी गलैचा लगायतका वस्तुको निर्यात घटेको छ । त्यस्तै पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पाटपूर्जा, एमएस विलेट, अन्य मेशिनरी तथा पाटपूर्जा, सिमेन्ट लगायतका वस्तुको आयात बढेको छ भने रासायनिक मल, औषधि, कोल्डरोल, सिट इन क्वाइल, कच्चा रेशम, तयारी पोशाक लगायतको आयात घटेको छ ।

९.३७ नेपाल भारतको द्विपक्षीय व्यापारको सञ्चालन, नियमन तथा सहजीकरण गर्ने मुख्य संयन्त्रको रूपमा रहेको नेपाल भारत वाणिज्य सन्धि, २००९ लाई २७ अक्टोवर २०१६ देखि लागू हुने गरी सात वर्षको लागि नवीकरण गरिएको छ । विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौतालाई कार्यान्वयनमा ल्याउने प्रोटोकल व्यवस्थापिका संसदबाट अनुमोदन भएको छ । भारतको भिषाखापट्टनम बन्दरगाहको उपयोग सुरु भएको छ । नेपाल चीन बीच पारवहन ढुवानी सम्झौता भएको छ । रसुवागढी नाकामा सुख्खा बन्दरगाह निर्माणको लागि जग्गाको मुआब्जा वितरण भएको छ भने भैरहवाको सुख्खा बन्दरगाहको Pavement निर्माण कार्य सम्पन्न भएको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले Nepal Trade Information Portal (NTIP) सञ्चालनमा ल्याएको छ।

९.३८ स्थानीय उत्पादनलाई प्रोत्साहन र बजारीकरणको लागि स्थानीय उत्पादित वस्तुहरूको राष्ट्रिय र क्षेत्रीयस्तरमा २० वटा व्यापार मेला सम्पन्न भएका छन् । नेपाली वस्तुको निकासी प्रवर्द्धनको लागि ८ वटा प्रमुख गन्तव्यमा सहभागिता जनाई अन्तर्राष्ट्रिय व्यापार मेलामा नेपाली उत्पादनको प्रचार प्रसार गर्ने काम भएको छ ।

९.३९ आर्थिक वर्ष २०७२/७३ मा प्राइभेट फर्मतर्फ नयाँ दर्ता ३४ हजार ६ सय १६, नवीकरण १५ हजार ७ सय ५८, संशोधन ११ हजार २ सय ४ र खारेजी ३ हजार ३ सय ४० भएका थिए । साझेदारी फर्मतर्फ नयाँ फर्म दर्ता ४ सय ४३, नवीकरण ६ सय ६७, संशोधन ३ सय ८० र खारेजी १ सय ३५ तथा एजेन्सी तर्फ १ सय ८१ वटा व्यावसायिक फर्म दर्ता भएका थिए ।

९.४० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा प्राइभेटतर्फ फर्म दर्ता २६ हजार २ सय ५८, नवीकरण २१ हजार ३ सय ७१, संशोधन ११ हजार ४ सय ७३ र खारेजी २ हजार ७० भएको छ । साझेदारी फर्मतर्फ दर्ता ४ सय ७०, नवीकरण ५ सय ६९, संसोधन १ सय २९ र खारेजी ६९ भएको छ । Firm Management Information System (FMIS) प्रविष्टी भएका ४ लाख ५० हजार फर्महरू मध्ये करिब १ लाख ५० हजार फर्मको कागजात Digitized गरिएको छ ।

९.४१ वस्तु विकास र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने गरी सम्भावित जिल्लामा अदुवा, अलैंची, कफी, लप्सी, अल्लो, जडीबुटी, पश्मिना, गलैंचा जस्ता तुलनात्मक लाभका वस्तुको विकासमा आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइएको छ । यसले गर्दा वस्तुहरूको उत्पादन तथा प्रतिस्पर्धी क्षमता वृद्धि हुँदै गएको छ र निर्यात बढाउन सहयोग पुगेको छ।

## आपूर्ति क्षेत्र

९.४२ आपूर्ति व्यवस्थाले वस्तु तथा सेवाको प्राप्ति, भण्डारण, वितरण, नियमन, उपभोक्ताको हक हित मार्फत जनजीवन सहज बनाउन तथा अर्थतन्त्रका विभिन्न अवयव सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

९.४३ खाद्यान्न उत्पादन न्यून हुने दुर्गम पहाडी जिल्लाका जनतालाई सरल र सुलभ ढंगबाट खाद्यान्न उपलव्ध गराउन र काठमाडौं उपत्यका लगायत अन्य सुगम जिल्लामा समेत खाद्यान्नको मूल्य वृद्धि हुन नदिन नेपाल खाद्य संस्थानबाट खाद्यान्न बिक्री वितरण गर्ने व्यवस्था छ । नेपाल खाद्य संस्थानबाट आर्थिक वर्ष २०७२/७३ मा दुर्गम जिल्लामा १६ हजार २ सय ६० मे. टन खाद्यान्न ढुवानी भएको छ । साथै, राष्ट्रिय खाद्य सुरक्षा भण्डार (बफरस्टक) मा १४ हजार ९ सय ८३ मे. टन खाद्यान्न तथा सार्क खाद्यसुरक्षा बैंकमा ८ हजार मे. टन खाद्यान्न मौज्दात रहेको छ । कर्णाली अञ्चलका स्थानीय उत्पादन (सिमी, फापर आदि) ७६ मे. टन खरिद गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिएको छ ।

९.४४ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा दुर्गम जिल्लामा १० हजार २ सय १२ मे. टन खाद्यान्न ढुवानी भएको छ । राष्ट्रिय खाद्यसुरक्षा भण्डार (बफर स्टक) मा २१ हजार ६१ मे. टन खाद्यान्न तथा सार्क खाद्यसुरक्षा बैंकमा ८ हजार मे. टन खाद्यान्न मौज्दात भएको अवस्था छ । कर्णाली अञ्चलका स्थानीय उत्पादन (सिमी, फापर आदि) ८४ मे. टन खरिद भएको छ ।

९.४५ कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत १३ दुर्गम तथा ९ आंशिक जिल्लामा आर्थिक वर्ष २०७२/७३ मा ९८ हजार ५ सय ५६ क्विन्टल नुन ढुवानी भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ५८ हजार ४ सय क्विन्टल नुन ढुवानी भएको छ। यसबाट दुर्गम जिल्लाका जनताले राहतको अनुभूति गर्नुका साथै प्रत्यक्ष रूपमा आयोडिनको कमीबाट उत्पन्न विकृतिहरू निर्मुल पार्नमा सहयोग पुगेको छ ।

९.४६ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा दैनिक उपभोग्य वस्तुको कालोबजारी एवं कृत्रिम अभाव हुन नदिनका लागि देशभर २ हजार ५ सय ९५ पटक बजार अनुगमन भएको छ । यसबाट मूल्य, कालोबजारी र कार्टेलिङ्ग नियन्त्रणमा मद्दत पुगेको छ।

९.४७ नेपाल आयल निगम अन्तर्गत कम्तीमा ९० दिनलाई पुग्ने गरी पेट्रोलियम पदार्थ र एल.पी. ग्याँसको भण्डार गृह निर्माणका लागि सबै प्रदेशमा जग्गा खरिद गर्ने कार्य भएको छ । प्रदेश नं. १ मा झापा, प्रदेश नं. २ मा सर्लाही, प्रदेश नं. ३ मा चितवन र धादिङ्ग, प्रदेश नं. ४ मा तनहुँ, प्रदेश नं. ५ मा भैरहवा र प्रदेश नं. ७ मा कैलालीमा आवश्यक जग्गा

खरिद गर्ने कार्य सुरु भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा चितवन र सर्लाहीमा जग्गा खरिद गर्ने कार्य सम्पन्न भएको छ ।

९.४८ आर्थिक वर्ष २०७१/७२ मा १६ लाख २८ हजार ५ सय ४३ कि.लि/मेट्रिक टन पेट्रोलियम पदार्थको आयात भएकोमा आर्थिक वर्ष २०७२/७३ मा दक्षिणी सीमा नाकामा भएको अवरोधका कारण करिब १८ प्रतिशतले कमी आई १३ लाख ३९ हजार १ सय ३९ कि.लि/मेट्रिक टन पेट्रोलियम पदार्थको आयात भएको थियो । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १३ लाख ५६ हजार ८२ कि.लि/मेट्रिक टन पेट्रोलियम पदार्थको आयात भएको छ । आर्थिक वर्ष २०७३/७४ मा पुनर्निर्माण तथा विकास निर्माणका कार्यमा तीव्रता आएको हुनाले पेट्रोलियम पदार्थको माग उच्च भई आयातमा वृद्धि भएको छ ।

## पर्यटन क्षेत्र

९.४९ अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक देशको रूपमा विश्व सामु परिचित नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य हो । तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले पर्यटन क्षेत्र आर्थिक वृद्धि गर्ने एक महत्त्वपूर्ण सेवा उद्योग हो । पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि भई जीवनस्तर सुधार गर्न सहयोग पुगेको छ।

९.५० पर्यटन सेटलाइट लेखाप्रणालीको अभावमा कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको वास्तविक प्रभावको जानकारी हासिल गर्न कठिन भएको छ । आर्थिक वर्ष २०७२/७३ मा होटल तथा रेस्टुरा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २ प्रतिशत योगदान भएकोमा आर्थिक वर्ष २०७३/७४ मा १.९८ प्रतिशत रहने अनुमान छ ।

९.५१ पर्यटक बढी भित्र्याउनका लागि सन् १९९८ मा नेपाल भ्रमण वर्ष, सन् २००२ र २००३ मा गन्तव्य नेपाल अभियान, सन् २००७ मा पोखरा भ्रमण वर्ष अभियान, सन् २०११ मा नेपाल पर्यटन वर्ष र सन् २०१२ मा लुम्विनी भ्रमण वर्ष कार्यक्रम आयोजना भएको थियो। यी कार्यक्रमको प्रभावले पर्यटक आगमनमा वृद्धि भएको छ ।

९.५२ राष्ट्रिय पर्यटन रणनीतिक योजनाले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटकको भ्रमण गराउने र ८ लाख ९८ हजार रोजगारीको सिर्जना गर्ने लक्ष्य लिएको छ ।

९.५३ विगत एक दशकको पर्यटक आगमनको प्रवृत्ति हेर्दा सन् २००६ मा स्थलमार्गबाट आएका भारतीय पर्यटक बाहेक ३ लाख ८३ हजार ९ सय २६ पर्यटक नेपाल भ्रमणमा आएका थिए । सन् २०१६ मा ७ लाख ५३ हजार २ पर्यटकले नेपाल भ्रमण गरेका छन् । २०७२ सालको विनासकारी भूकम्प र सीमा नाकामा भएको अवरोधले पर्यटन सम्बन्धी

गतिविधिमा नकारात्मक प्रभाव पर्न गई सन् २०१५ मा ३२ प्रतिशतले पर्यटक आगमनमा कमी भएको थियो । यसपछि क्रमिक रूपमा सुधार हुँदै आएको छ । सन् २०१५ मा ५ लाख ३८ हजार ९ सय ७० पर्यटक अगमन भएकोमा सन् २०१६ मा करिब ४० प्रतिशतले वृद्धि भएको छ ।

## तालिका ९ (झ) : पर्यटक आगमन तथा बसाइँ अवधि

| वर्ष (सन्) | पर्यटक संख्या | हवाई मार्गबाट पर्यटकको आगमन | स्थलमार्गबाट पर्यटकको आगमन संख्या | प्रति पर्यटकको सरदर बसाई अवधि (दिनमा) अनुमानित | पर्यटक संख्याको वार्षिक वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| २००६ | ३८३९२६ | २८३८१९ | १००१०७ | १०.२० | २.३० |
| २००७ | ५२६७०५ | ३६०७१३ | १६५९९२ | ११.९६ | ३७.२० |
| २००८ | ५००२७७ | ३७४६६१ | १२५६१६ | ११.७८ | -५.०० |
| २००९ | ५०९९५६ | ३७९३२२ | १३०६३४ | ११.३२ | १.९० |
| २०१० | ६०२८६७ | ४४८८०० | १५६०६७ | १२.६७ | १८.२१ |
| २०११ | ७३६२१५ | ५४५२२१ | १९०९९४ | १३.१२ | २२.१० |
| २०१२ | ८०३०९२ | ५९८२५८ | २०४८३४ | १२.८७ | ९.०८ |
| २०१३ | ७९७६१६ | ५९४८४८ | २०२७६८ | १२.५१ | -०.७० |
| २०१४ | ७९०११८ | ५८५९८१ | २०४१३७ | १२.४४ | -०.९४ |
| २०१५ | ५३८९७० | ४०७४१२ | १३१५५८ | १२.८ | -३२ |
| २०१६ | ७५३००२ | ५७२५६३ | १८०४३९ | १३.४ | ४० |

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नोटः स्थलमार्गबाट आएका भारतीय पर्यटकहरूको आगमन संख्या यसमा समावेश छैन ।

## चार्ट ९ (च) : पर्यटक आगमन




स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

९.५४ कुल पर्यटक आगमनको संख्यालाई देशगत रूपमा विश्लेषण गर्दा सन् २०१६ मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकहरूमा क्रमशः भारत (१५.७%), चीन (१३.८%), श्रीलंका (७.६%), अमेरिका (७%) र बेलायत (६.१%) रहेका छन् । यी देशबाट आएका पर्यटकले कुल पर्यटकको ५० प्रतिशत भन्दा बढी अंश ओगटेको पाईन्छ । सन् २०१५ मा बढी पर्यटक आउने मुलुकमा भारत (१४%), चीन (१२%), अमेरिका (१०%), श्रीलंका (८%) र थाईल्याण्ड (६%) रहेका थिए ।

**चार्ट ९ (छ) : सन् २०१६ मा पर्यटक बढी आउने देश**




स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

९.५५ सन् २०१६ मा स्थलगत मार्गबाट १ लाख ८० हजार ४ सय ३९ पर्यटक (भारतीय बाहेक) को आगमन भएको छ । यसरी कुल पर्यटक आगमनको २५ प्रतिशत स्थलमार्गबाट आएका छन् । स्थलमार्गबाट आउने पर्यटक मध्ये ७९ प्रतिशत भैरहवा (बेलहिया) नाकाबाट भित्रिएका छन् । स्थलगत मार्गबाट पर्यटकको आगमनको संख्यालाई देशगत रूपमा विश्लेषण गर्दा सन् २०१६ मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकहरूमा क्रमशः श्रीलंका (३१.२%), थाईल्याण्ड (१६.१%), चीन (१५.९%), म्यानमार (१४.७%) र बंगलादेश (७%) रहेका छन् ।

९.५६ सन् २०१६ मा आएका कुल पर्यटक मध्ये ६५ प्रतिशतले बिदा/मनोरञ्जन/यात्राको उद्देश्यले नेपाल भ्रमण गरेका छन् । यसैगरी ११ प्रतिशत तीर्थयात्रा, ८.८३ प्रतिशत पर्वतारोहण/पदयात्रा, ३.२३ प्रतिशत व्यापार, २.८३ प्रतिशत कार्यालय सम्बन्धी, १.७ प्रतिशत सभा/सम्मेलन र ७.४१ प्रतिशत अन्य उद्देश्यले नेपाल भ्रमण गरेका छन् । यात्रा उद्देश्यको आधारमा विगत एक दशकको पर्यटक आगमनको तथ्याङ्क विश्लेषण गर्दा

बिदा/मनोरञ्जन/यात्रा, पदयात्रा/पर्वतारोहण तथा तीर्थयात्रा सम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात दुइतिहाइ भन्दा बढी छ ।

**चार्ट ९ (ज) : उद्देश्य अनुसार पर्यटक आगमन**




स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

९.५७ सन् २०१५ मा ७ लाख ४८ हजार २ सय ९४ जना बाह्य तथा आन्तरिक पर्यटकले लुम्बिनी भ्रमण गरेका थिए । सन् २०१६ मा यस्तो संख्यामा करिब ७२ प्रतिशतले वृद्धि भई १२ लाख ८५ हजार ६ सय ८० जनाले लुम्बिनी भ्रमण गरेका छन् । यस मध्ये १० लाख १५ हजार १ सय ५८ नेपाली, १ लाख ३४ हजार २ सय ६९ भारतीय र १ लाख ३६ हजार २ सय ५३ जना अन्य मुलुकका रहेका छन् ।

९.५८ पर्यटन क्षेत्रको विकासको लागि आधारभूत तथा दक्ष तालिम प्राप्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले होटल म्यानेजमेन्ट र टुरिजम एण्ड ट्राभल म्यानेजमेन्ट विषयमा स्नातक तथा होटल म्यानेजमेन्टमा स्नातकोत्तर तहको शिक्षण समेत गराउदै आएको छ । आर्थिक वर्ष २०७३/७४ मा शैक्षिक कोर्ष तर्फ ३ सय ३३ जना र अन्य तालिम तर्फ १ हजार ५ सय २८ जना थप जनशक्ति तयार भई आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म यस संस्थाबाट पर्यटन क्षेत्रमा तालिम प्राप्त जनशक्तिको संख्या ७७ हजार ७ सय १२ पुगेको छ ।

९.५९ सन् २०१५ मा पर्वतारोहण दलको संख्या ३ सय ८० रहेकोमा सन् २०१६ मा ६ सय ९१ पुगेको छ । पर्वतारोहीहरूको संख्या ४ हजार ३ बाट घटेर सन् २०१६ मा ३ हजार ४ सय ६ पुगेको छ । यसैगरी, नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी सन् २०१५ को तुलनामा करिब २१ प्रतिशतले घटेर सन् २०१६ मा रु. २८ करोड ७४ लाख ९४ हजार पुगेको छ ।

९.६० आर्थिक वर्ष २०७२/७३ मा पर्यटन क्षेत्रबाट रु. ४१ अर्ब ७६ करोड ५० लाख बराबरको विदेशी मुद्रा आर्जन भएको छ । यो प्राप्त विदेशी मुद्राको अनुपातमा ५५.८ प्रतिशत, कुल वस्तु निर्यात तथा सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा १९.६ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १.९ प्रतिशत हो । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा पर्यटन क्षेत्रबाट रु. ३६ अर्ब १९ करोड ९० लाख बराबरको विदेशी मुद्रा आर्जन भएको छ । यो प्राप्त विदेशी मुद्राको अनुपातमा ६६.८ प्रतिशत र कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा २३.३ प्रतिशत रहेको छ ।

९.६१ पर्यटन विभागमा दर्ता भई वर्गीकृत भएका होटल मध्ये आर्थिक वर्ष २०७२/७३ सम्म तारा स्तरको होटल संख्या १ सय १६ रहेकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा सो संख्या १ सय २० पुगेको छ । तारा स्तर बाहेकको पर्यटक स्तरीय होटल, लज तथा रिसोर्टको संख्या आर्थिक वर्ष २०७२/७३ सम्म ९ सय ६० भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ९ सय ८५ पुगेको छ । तारा स्तरका होटलको शैयाको संख्या आर्थिक वर्ष २०७२/७३ सम्म ९ हजार ७ सय १० भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा करिब ४ प्रतिशतले बढेर १० हजार ७१ शैया पुगेको छ । तारा होटल बाहेक पर्यटक स्तरीय होटल, लज तथा रिसोर्टको शैया संख्या आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा २८ हजार १ सय ७१ पुगेको छ ।

९.६२ आर्थिक वर्ष २०७२/७३ मा ३ क्यासिनो सञ्चालन भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २ वटा थप भई हाल ५ वटा सञ्चालनमा रहेका छन् । यसैगरी, ३ वटा मिनी क्यासिनो र १ वटा अनलाईन ग्यामिङ्ग सञ्चालनमा रहेका छन् ।

९.६३ आर्थिक वर्ष २०७२/७३ सम्म २ हजार ७ सय ६८ ट्राभल एजेन्सी दर्ता भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २४ प्रतिशतले वृद्धि भई ट्राभल एजेन्सीको संख्या ३ हजार ४ सय ४४ पुगेको छ । आर्थिक वर्ष २०७२/७३ सम्म २ हजार १६

ट्रेकिङ एजेन्सी दर्ता भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ३ सय ५१ वटा थप भई २ हजार ३ सय ६७ पुगेको छ ।

९.६४ आर्थिक वर्ष २०७२/७३ सम्म ६६ वटा र्‍याफ्टिङ्ग एजेन्सी दर्ता भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ७२ पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा ६७ पर्यटक यातायात सेवा व्यवसाय दर्ता भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म ७२ पुगेको छ ।

९.६५ आर्थिक वर्ष २०७२/७३ मा ३ हजार ५ सय ७ टुर गाईड अनुमति पत्र जारी भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ६ प्रतिशतले वृद्धि भई सो संख्या ३ हजार ७ सय १७ पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा ११ हजार ३ सय ५८ ट्रेकिङ गाईड अनुमति पत्र जारी भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १५ प्रतिशतले वृद्धि भई १३ हजार ४९ पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा १ सय ८७ रिभर गाइडको अनुमतिपत्र जारी भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा यस्तो संख्या २ सय ७ पुगेको छ ।

## चुनौतीहरू

९.६६ स्वदेश भित्रै अग्र तथा पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) कायम हुने गरी औद्योगिक कच्चा पदार्थ र तयारी वस्तु उत्पादन गर्ने उद्योग स्थापना गरेर रोजगारीको सिर्जना गर्ने कार्य चुनौतीपूर्ण छ ।

९.६७ औद्योगिक पूर्वाधार, सुमधुर श्रम सम्बन्ध, ऊर्जाको उपलब्धता, प्रतिस्पर्धी र गुणस्तरीय वस्तुको उत्पादनद्वारा आन्तरिक उत्पादनमा वृद्धि गर्ने र उद्योग क्षेत्रमा अपेक्षित रूपमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्न लगानीमैत्री वातावरणको सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ ।

९.६८ तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु र सेवाको उत्पादन वृद्धि तथा गुणस्तर सुधार गरी निर्यातयोग्य वस्तु र सेवाको निकासी वृद्धि गर्नु चुनौतीपूर्ण छ ।

९.६९ विश्व व्यापार संगठन लगायतका अन्तर्राष्ट्रिय संगठनसँगको आवद्धताबाट अधिकतम फाइदा लिदै अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको व्यापार वृद्धि गर्नु र आन्तरिक उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात घटाउनु चुनौतीपूर्ण छ ।

९.७० छिमेकी देश भारतले Goods and Service Tax (GST) लगाउने गरी कानूनी व्यवस्था गरेकोले नेपालको अन्तर्राष्ट्रिय व्यापारमा पर्ने लागतको विश्लेषण गरी व्यापारसँग सम्बन्धित सम्झौता र कानूनमा सुधार गरेर व्यापार लागत घटाउनु चुनौतीको रूपमा रहेको छ ।

९.७१ बन्द, हडताल, कार्टेलिङ्ग, फितलो अनुगमन, खाद्यान्नको माग अनुरूप उत्पादनको कमी लगायतका कारणले वस्तु तथा सेवाको आपूर्तिमा समस्या देखापरेको छ । बजारको नियमित र प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी र सक्षम वजार संयन्त्र मार्फत आपूर्ति व्यवस्था सहज बनाई उपभोक्ताको हकहित संरक्षण गर्नु, खाद्यवस्तुको सहज आपूर्ति बनाई खाद्यसुरक्षाको प्रत्याभूति गराइराख्नु चुनौतीको रूपमा रहेको छ ।

९.७२ विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण गरी पर्यटनलाई पूर्वावस्थामा ल्याउनु र पर्यटन सेवाको विकास, विस्तार र गुणस्तरमा वृद्धि गर्नु चुनौतीपूर्ण छ ।

९.७३ पर्यटन सम्बन्धी प्रमुख सूचकको गणना गर्न पर्यटन स्याटलाइट लेखाप्रणालीको विकास गरी पर्यटन क्षेत्रले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानको यकिन गर्ने कार्य चुनौतीपूर्ण छ।

# १०. आवास तथा सहरी विकास, वातावरण र ऊर्जा

नगरपालिकाको जनसंख्या राष्ट्रिय जनगणना, २०६८ अनुसार ५८.२५ प्रतिशत पुगेको छ । जनसंख्याको चापले गर्दा सहरी पूर्वाधारमा स्थानीयको न्यून पहुँच रहेको र भइरहेका पूर्वाधारको स्थितिमा समेत सुधार गर्नुपर्ने अवस्था छ । संघीय संरचना अन्तर्गत हाल कायम भएका ७ प्रदेश तथा ७ सय ४४ स्थानीय तहमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी व्यवस्थित सहर निर्माण गर्नुपर्नेछ । अर्कोतर्फ विश्वमा देखिएको जलवायु परिवर्तनको असरबाट हुन सक्ने जोखिमलाई कम गर्न विकास निर्माणका गतिविधिहरू सञ्चालन गर्दा वातावरणीय सन्तुलन कायम गर्ने तर्फ पनि ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ । जलस्रोतको प्रचुर सम्भावना भएपनि विद्युत उत्पादनमा सफलता हासिल गर्न सकिएको छैन । साथै, पेट्रोलियम पदार्थको आयात उच्च हुँदै गएको छ । अतः अर्थतन्त्रको मूख्य संवाहकको रूपमा रहेको जलविद्युतमा लगानी सुनिश्चित गरी कुल ऊर्जा खपतमा विद्युतको उपभोग बढाउदै ऊर्जा खपतमा परम्परागत ऊर्जा तथा पेट्रोलियम पदार्थको निर्भरतालाई न्यून गर्न सकेमा अर्थतन्त्रमा गतिशीलता आउने देखिन्छ।

## आवास तथा सहरी विकास

१०.१ कुल गार्हस्थ्य उत्पादनमा सहरी क्षेत्रको योगदान ३३.१ प्रतिशत छ । सहरी क्षेत्र निकट र सहरी क्षेत्रको सेवा लिने गाउँ विकास समितिको योगदान ३० प्रतिशत छ (UNDP-2014) ।

१०.२ सन् २००३/०४ मा सहरमा बस्ने करिब १० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकोमा सन् २०१०/११ मा यस्तो जनसंख्या १५ प्रतिशत थियो । सहरी क्षेत्रबीच गरिबीको विषमता पनि उच्च छ । पोखरामा १.३ प्रतिशत मात्र जनसंख्या गरिबीको रेखामुनि रहेकोमा गुलरियामा ५० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।

१०.३ सहरी घरपरिवारले प्राप्त गर्ने विप्रेषण कुल विप्रेषण आयको करिब १५ प्रतिशत मात्र छ । सहरी क्षेत्रमध्ये काठमाडौंमा सबैभन्दा बढि विप्रेषण आय प्राप्त भएको छ । तराईमा रामग्राम, विराटनगर र जनकपुरले वढी विप्रेषण आय प्राप्त गरेका छन् ।

१०.४ प्रायः उद्योगहरू मोरङ्ग, पर्सा, बारा, रूपन्देही र काठमाडौं उपत्यकामा अवस्थित छन् । काठमाडौं उपत्यकामा रहेका उद्योगले मात्र कुल औद्योगिक रोजगारीको करिब ४० प्रतिशत रोजगारी सिर्जना गरेका छन् ।

१०.५ राष्ट्रिय जनगणना, २०६८ बमोजिम तत्कालीन ५८ वटा नगरपालिकाको जनसंख्या कुल जनसंख्याको १७.१ प्रतिशत रहेकोमा नेपालको सहरी जनसंख्या हाल घोषित २ सय ६५

महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको जनसंख्यालाई आधार मान्दा करिब ५८.२५ प्रतिशत छ । महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकामा जनसंख्याको अत्यधिक चापले सहरी पूर्वाधारमा स्थानीयको अत्यन्त न्यून पहुँच छ भने भइरहेका पूर्वाधारको स्थितिमा समेत सुधार गर्नुपर्ने देखिन्छ ।

१०.६ सहरी क्षेत्रमा औसत सडक घनत्व ३.२६ कि.मि. प्रति वर्ग कि.मि छ । सरसफाई प्रणालीमा जनसंख्याको पहुँच ५६.१ प्रतिशत छ । शौचालय भएका मात्र घरपरिवारको संख्या ८८.२ प्रतिशत छ । पहाडका सहरी क्षेत्रमा ८१.१ प्रतिशत र तराईका सहरी क्षेत्रमा ३२.९ प्रतिशत घरधुरीमा मात्र धाराबाट पानी आपूर्तिको पहुँच पुगेको छ ।

१०.७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा विराटनगरमा ५४.६४ कि.मि सतही ड्रेन र ३५.९० कि.मि. रोडसाइड ढल निर्माण भएको छ । त्यसैगरी, बीरगञ्जमा ३९ कि.मि. सतही ढल र १५.२ कि.मि. रोडसाइड ढल निर्माण भएको छ । काभ्रेमा २०१.६ कि.मि. पाइपलाइन निर्माण कार्य सम्पन्न भएको छ ।

१०.८ काठमाडौं उपत्यकाको सडक विस्तार कार्यलाई निरन्तरता दिंदै हालसम्म ३ सय २० कि.मि सडक विस्तार भएको छ । साथै विपद व्यवस्थापनको लागि काठमाडौं उपत्यकामा २ सय वटा खुला क्षेत्र पहिचान भई १८ वटा पार्क निर्माण कार्य भइरहेको छ ।

१०.९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा धरानमा २९१.६४ कि.मि. खानेपानी पाइपलाइन र जनकपुरमा १०.३३ कि.मि. ढल निर्माण कार्य सम्पन्न भएको छ ।

१०.१० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा विराटनगरमा ४२ कि.मि. मध्ये ४० कि.मि ट्र्याक खोलि स्तरोन्नती भइरहेको छ । नेपालगञ्जमा ७.७२ कि.मि. सडक निर्माण भएको छ भने ५९.३९ कि.मि. ढल निर्माण सम्पन्न भएको छ । त्यसैगरी सिद्धार्थनगर नगरपालिकामा ८ कि.मि. Asphalt र १०.३६ कि.मि. सतही नाली निर्माँण भएको छ ।

१०.११ राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा कुल ४७ लाख ६७ हजार आवासिय संरचना छन् । यस मध्ये ५४ लाख २७ हजार परिवार बसोबास गर्दछन् । आवासीय घरमध्ये ३३ प्रतिशत अस्थायी प्रकृतिका छन् । यसमध्ये ८५.२६ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । विगत १५ वर्षमा घरभाडामा बस्नेको हिस्सा २ प्रतिशतबाट बढेर १२.८१ प्रतिशत पुगेको छ ।

१०.१२ राष्ट्रिय भवन संहिता (NBC) का २३ वटा खण्डहरू मध्ये NBC २०२, NBC २०४ र NBC २०६ परिमार्जन भई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागू भएको छ । राष्ट्रिय भवन

संहितालाई देशका सम्पूर्ण नगरपालिका र १ हजार भन्दा बढी घरधुरी भएका गाउँपालिकाहरूमा लागू गर्ने निर्णय भएको छ ।

१०.१३ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म दलित, विपन्न मुस्लिम, चेपाङ्ग, राउटे, गन्धर्व, वादी, वनकरिया, सुरेल, थामी लगायतका विपन्न एवं लोपोन्मुख समुदायका थप २० हजार परिवारका लागि आवास निर्माण गर्ने कार्यक्रम अन्तर्गत क्रमागतमा १ हजार ५ सय १८ आवास ईकाइ मध्ये ६ सय १० आवास ईकाइ निर्माण सम्पन्न भएको छ ।

१०.१४ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १८ वटा जिल्लाका १ सय ९४ वटा सरकारी कार्यालय भवन मध्ये २३ वटा सरकारी कार्यालयका भवनको मर्मत कार्य सम्पन्न भएको छ।

## वातावरण तथा जलवायु परिवर्तन

१०.१५ विश्वव्यापी रूपमा देखापरेको जलवायु परिवर्तनको प्रभाव र प्राकृतिक विपत्तिको व्यवस्थापन गरी दिगो विकासका लक्ष्य हासिल गर्नु पर्नेछ । यस सन्दर्भमा जलवायु परिवर्तन सम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएकोले जलवायु परिवर्तनको क्षेत्रमा विभिन्न नवीनतम प्रयासहरूको थालनी भएका छन् ।

१०.१६ जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता ४ नोभेम्बर २०१६ देखि कार्यान्वयनमा आएको छ । क्योटो अभिसन्धि अन्तर्गत स्थापित अनुकुलन कोषमा सिधा पहुँच पुऱ्याउन कृषि विकास बैंङ्कलाई राष्ट्रिय कार्यान्वयन निकाय (National Implementing Entity) को रूपमा विकास गरिएको छ ।

१०.१७ जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकुलन तथा अनुकुलनको क्षमतामा अभिवृद्धि गर्न लगानी केन्द्रित भएका छन् । जलवायु परिवर्तन र यसबाट पर्ने प्रभाव नियन्त्रण गरी वातावरणीय सन्तुलन कायम गर्न विकासका कार्यक्रमका बीचमा अन्तरमिलान गर्ने कार्य भएका छन् ।

१०.१८ जलवायु संकेत अनुसार (Climate Code) बजेट विनियोजन र खर्च गर्ने प्रणालीको थालनी भएको छ । साथै, जलवायु परिवर्तन क्षेत्रको लगानीलाई बजेट चक्रमा समाहित गरी सो बाट प्राप्त हुने प्रतिफल समेतको जानकारी हुने प्रकृया तथा पद्धतिको विकास गर्ने कार्य सुरु भइसकेको छ ।

१०.१९ जलवायु परिवर्तनको प्रभावको परिणामस्वरूप जलचक्र तथा वर्षको प्रकृतिमा आएको परिवर्तनले पर्वतीय क्षेत्रमा पानीका श्रोत (मुहान/मूल, खोलाहरू) सुक्दै गएका छन् । पानीका श्रोतबाट उपलब्ध हुने पानीको मात्रा घट्दै गएको हुँदा सो समस्यालाई सम्बोधन

गर्न पानीका श्रोतहरूको संरक्षण एवं भूमिगत जल भण्डारणमा वर्षाको पानी पुनभरणका लागि एकीकृत जलाधार व्यवस्थापन गर्ने कार्य सुरु भएको छ ।

१०.२० नेपाल राष्ट्रिय अनुकुलन योजना तर्जुमा प्रकृयाको लागि हरित जलवायु कोषबाट २९ लाख अमेरिकी डलर अनुदान सहयोग प्राप्त गर्ने पहिलो राष्ट्र हुन सफल भएको छ ।

१०.२१ खतराको सूचीमा रहेको इम्जा हिमतालको जलसतह ३ मिटर भन्दा बढीले घटाउने कार्य सम्पन्न भएको छ । कान्जीरोवा तथा अन्नपूर्ण जल केन्द्रको मर्मत तथा निर्माण सुधार भएको छ । ७२ घण्टे मौसम पुर्वानुमान प्रणालीको विकास भएको छ ।

१०.२२ दार्चुला जिल्ला स्थित चमेलिया नदी जलाधारको उच्च पहाडी भूभागमा जल तथा मौसमी केन्द्र स्थापना भएको छ ।

१०.२३ पहाडी भू-भागमा जलवायु अनुकुलनका गतिविधि सञ्चालित भएका कारणले नेपाल कार्वन व्यापारमा संलग्न हुने अवस्था छ । साथै जलवायु अनुकुलन गाँउ स्थापनाका माध्यमबाट गाँउगाँउमा जलवायु अनुकुलनका अभ्यासहरू मार्फत स्थानीय तहमा हरित रोजगारी सिर्जना भई जीविकोपार्जनमा टेवा पुगेको छ ।

१०.२४ तल्लो पश्चिम सेती र बुढीगंगा जलाधार भित्र पर्ने ६ जिल्लाहरू (डडेल्धुरा, डोटी, वैतडी, अछाम, बाजुरा र बझाङ) का विभिन्न गाउँ विकास समितिहरूमा पर्वतीय जलाधारको जलवायु परिवर्तन समानुकुलन आयोजना सञ्चालनमा छ । यो आयोजनाबाट १५ हजार ६ सय १८ घरधुरी लाभान्वित भएका छन् ।

१०.२५ जलवायु परिवर्तनको असर कम गर्न सहयोग पुग्ने गरी विभिन्न नदीमा तटबन्ध निर्माण, रिभेटमेन्ट, स्पर, स्टड, नदी च्यानलाइजेशन, बेम्बो पाइलिङ, बायो इन्जिनियरङ्ग जस्ता नदी नियन्त्रणका कार्यहरू सम्पन्न भएका छन् ।

१०.२६ नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना र भूमिगत स्यालो तथा डिप ट्युववेल सिचाइ आयोजनाबाट क्रमशः १ हजार २८ र १७ हजार ४ सय ६३ हेक्टर जमिनमा थप सिचाइ सुविधा पुगेको छ ।

१०.२७ जलवायु परिवर्तनसँग सम्बन्धित सामुदायिक सिँचाइ आयोजनाबाट ६ हजार ७ सय २३ हेक्टर र साना सिँचाइ कार्यक्रमबाट १ हजार ८ सय ८८ हेक्टरमा थप सिचाइ सुविधा पुगेको छ । त्यसैगरी, वातावरण मैत्री स्थानीय शासन कार्यक्रमबाट २ सय ३२ वटा पोखरी संरक्षण गरिनुका साथै ७१ हजार ७ सय ७९ वटा विरूवा संरक्षण गरिएको छ ।

## ऊर्जा खपत

१०.२८ **"सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच"** सुनिश्चित गर्ने दिगो विकास लक्ष्य साकार पार्न ऊर्जामा प्राथमिकता दिइएको छ । सन् २०३० सम्ममा विश्वव्यापी ऊर्जा मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सालाई उल्लेख्य मात्राले वृद्धि गर्ने र विश्वव्यापी ऊर्जा दक्षता सुधारको दरलाई दोब्बर गर्ने भन्ने दिगो विकासको लक्ष्य प्राप्तिको लागि नवीकरणीय/वैकल्पिक ऊर्जामा लगानी केन्द्रित भएका छन् ।

१०.२९ कुल ऊर्जा खपतमा करिब तीन चौथाइ हिस्सा परम्परागत स्रोतको छ । त्यसमा पनि करिब दुई तिहाइ हिस्सा दाउराले ओगटेको छ । जलविद्युत उत्पादनको प्रचुर सम्भावना हुँदा पनि कुल ऊर्जा खपतमा विद्युतको अंश न्यून छ । आर्थिक वर्ष २०७२/७३ मा कुल ऊर्जामा विद्युतले ३.७ प्रतिशत हिस्सा ओगटेकोमा चालु आर्थिक वर्षको प्रथम आठमहिनामा सिमान्त वृद्धि भई ४.१ प्रतिशत पुगेको छ ।

**तालिका १० (क) : ऊर्जा खपतको स्थिति (ToE: Tones of oil Equivalent मा)**

| स्रोत | आर्थिक वर्ष | | | | प्रथम आठ महिना | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ (000' ToE) | अंश प्रतिशत | २०७२/७३ (000' ToE) | अंश प्रतिशत | २०७२/७३ (000' ToE) | अंश प्रतिशत | २०७३/७४ (000'ToE) | अंश प्रतिशत |
| **परम्परागत** | **९१०४** | **७७.६** | **९२२७** | **७८.४** | **६०६९** | **५५.३** | **६१५२** | **७४.५** |
| दाउरा | ८२६४ | ७०.५ | ८३७६ | ७१.२ | ५५०९ | ५०.२ | ५५८४ | ६७.६ |
| कृषि | ४०८ | ३.५ | ४१४ | ३.५ | २७२ | २.५ | २७६ | ३.३ |
| गुइँठा | ४३२ | ३.७ | ४३८ | ३.७ | २८८ | २.६ | २९२ | ३.५ |
| **व्यापारिक** | **२३३४.४४** | १९.९ | **२२४८.२** | **१९.१** | ४६०९.७ | **४२.०** | **१८११.९७** | **२२.०** |
| कोइला | ४६५ | ४.० | ५३६.२५ | ४.६ | १९२ | १.८ | ३३२.११ | ४.० |
| पेट्रोलियम पदार्थ | १४६९.१६ | १२.५ | १२७५.३९ | १०.८ | ४१४३.४६ | ३७.८ | ११३९ | १३.८ |
| विद्युत | ३९७.२८ | ३.४ | ४३६.५६ | ३.७ | २७४.३१ | २.५ | ३४०.८६ | ४.१ |
| **नवीकरणीय** | **२९२.१२** | २.५ | **२९२.४९** | **२.५** | **२९१.८६** | **२.७** | **२९३.१२** | **३.५** |
| ***कुल जम्मा*** | **११७२७.५६** | १०० | **११७६७.६९** | **१००** | १०९७०. | **१००.** | **८२५७.०९** | **१००** |

स्रोतः ऊर्जा मन्त्रालय ।

१०.३० जलविद्युतको उत्पादन बढ्दै गएमा कोइला, पेट्रोलियम पदार्थ तथा परम्परागत स्रोतको हिस्सालाई न्यूनीकरण गर्न सकिन्छ । यसबाट एकातर्फ बढ्दो व्यापार घाटा न्यून हुन जाने तथा अर्कोतर्फ ऊर्जा संकट सम्वोधनको कारण वनविनाश घट्न गई समग्र वातावरणमा अनुकूल प्रभाव पर्ने देखिन्छ । आन्तरिक रूपमा उत्पादित ऊर्जाबाट

औद्योगिकीकरणका आधार तयार हुने र नागरिकको जीवनमा पनि सकारात्मक परिवर्तन आउँदछ ।

१०.३१ आर्थिक वर्ष २०७२/७३ को प्रथम आठ महिनामा कुल ऊर्जा खपत १० हजार ९ सय ७० टन तेल शक्ति रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल ऊर्जा खपत २४.७ प्रतिशतले घटेर ८ हजार २ सय ५७ टन तेल शक्ति पुगेको छ ।




*प्रथम आठ महिनाको ।

१०.३२ चालु आर्थिक वर्षको आठ महिनाको तथ्याङ्कलाई आधार मान्दा परम्परागत, व्यापारिक र नवीकरणीय ऊर्जा खपतको अनुपात क्रमशः ७४.५ प्रतिशत, २२.० प्रतिशत र ३.५ प्रतिशत छ । यस्तो अनुपात गत वर्षको सोही अवधिमा क्रमशः ५५.३ प्रतिशत, ४२.० प्रतिशत र २.७ प्रतिशत रहेको थियो ।

१०.३३ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १ मेगावाट भन्दा ठूला २३ वटा गरी १५५.५ मेगावाट र १ मेगावाट भन्दा साना ६ वटा गरी ५.५ मेगावाट क्षमताका सौर्य ऊर्जा आयोजनाको तथा १ वटा १८ मेगावाट क्षमताको बायोमास विद्युत आयोजनाको सर्वेक्षण अनुमति दिइएको छ ।

## विद्युत

१०.३४ चालु आर्थिक वर्षमा द्वितीयक क्षेत्र अन्तर्गत विद्युत, ग्यास र पानी समूहको कुल मूल्य अभिवृद्धि (Gross Value Added) १२.९७ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत वर्ष यस समूहको वृद्धिदर ७.४० प्रतिशतले ऋणात्मक थियो । विद्युत, ग्यास र पानी समूहको कुल गार्हस्थ्य उत्पादनमा योगदान गत वर्षको १.०२ प्रतिशतको तुलनामा यस वर्ष ०.१४

प्रतिशत विन्दुले बढेर १.१६ प्रतिशत पुग्ने अनुमान छ । कुल जनसंख्यामा विद्युतको पहुँच ७४ प्रतिशत छ ।

१०.३५ चालु आर्थिक वर्षमा विद्युत उत्पादन गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भएका कारण यस समूहको कुल मूल्य अभिवृद्धि तथा योगदानमा वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षको प्रथम आठ महिनामा उत्पादन भएको १८.५ मेगावाट विद्युतको तुलनामा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्म कुल १०५.३ मेगावाट थप विद्युत उत्पादन भएको छ ।




स्रोतः नेपाल तथ्याङ्क विभाग ।

प्रा.अ. = प्रारम्भिक अनुमान

१०.३६ आर्थिक वर्ष २०७३/७४ मा विद्युत व्यवस्थापन तथा चुहावटमा उल्लेखनीय सुधार गरी लोडशेडिङ्गमा कमी आएको छ । विद्युत चुहावट समग्रमा २.८ प्रतिशत विन्दु कम भएको छ । गत आर्थिक वर्षको पौष मसान्तसम्मको चुहावटको तुलनामा यस वर्षको विद्युत चुहावट ४.२ प्रतिशतले घटेको छ ।

१०.३७ काठमाडौं र पोखरा उपत्यकाभित्र लोडशेडिङ्गको अवस्था नरहेको तथा अन्य क्षेत्रमा पनि लोडशेडिङ्गमा निकै कमी आएको छ । औद्योगिक क्षेत्रमा भने पिक समय (Peak Hour) मा ४ घण्टा लोडशेडिङ्ग रहेको छ । हाल देशभरि घरेलु (Domestic) ग्राहकका लागि लोडशेडिङ्ग नरहेको अवस्था छ । विराटनगर कोरिडोरका उद्योगहरूमा ४ घण्टा र वीरगञ्ज कोरिडोरका उद्योगहरूमा ६ घण्टा लोडशेडिङ्ग रहेको छ । भैरहवा कोरिडोरका उद्योगमा प्रसारण प्रणाली क्षमताको कारणले ६ घण्टाभन्दा बढी लोडशेडिङ्ग छ ।

१०.३८ आर्थिक वर्ष २०७२/७३ सम्ममा कुल विद्युत उत्पादन ८५५.८९ मेगावाट रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा विद्युत उत्पादन १०५.३ मेगावाट अर्थात १२.३ प्रतिशतले बढेर ९६१.२ मेगावाट पुगेको छ । National Integrated Power System

(NIPS) मा आवद्ध नभई ग्रामीण स्तरमा सञ्चालित साना तथा ग्रामीण जलविद्युत (Rural Electification) आयोजनाबाट उत्पादित जलविद्युत कुल ४.५ मेगावाटलाई समेत समावेश गर्दा नेपालको कुल विद्युत उत्पादन (पुर्ण क्षमतामा उत्पादन हुँदा) समीक्षा अवधिमा ९६५.७ मेगावाट पुगेको छ ।

**तालिका १० (ख) : विद्युत माग, खपत, उत्पादन, आयात एवं भौतिक संरचना**

| विवरण | आर्थिक वर्ष | | | | | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| उत्पादन (मे.वा.) | ७०५.५७ | ७४६ | ७४६ | ८२९.२ | ८५५.९ | ८२९.२ | ९६१.२ |
| प्रशारण लाइन (किलोमिटर) | १९८७.४ | १९८७.४ | १९८७.४ | २८४८.९ | ३००६ | २८४८.९ | ३२०४.० |
| ग्राहक संख्या | २०५३२५९ | २५९९१५२ | २७१३८०४ | २८७२०१५ | २९६९५७६ | २९२२०४१ | ३१२१९०२ |
| वितरण लाइन (किलोमिटर) | ९५८१५६ | ११४१६०.४ | ११६०६६.६ | १२३८२७.८ | १२४११५ | १२३८२७.८ | १२४९७६ |
| उपलब्ध ऊर्जा (गि.वा.आ.) | ३८५८.४ | ४२६०.५ | ३०९२.५ | ४९६६.७ | ५०७७.२ | ४९६६.७ | ३९६४.२ |
| उच्चतम माग (मे.वा.) | १०२६ | १०९४ | १२०१ | १२९१.१ | १३८५ | १२९१.१ | १४४४.१ |
| माग-आपूर्ति भिन्नता (मे.वा.) | ३२०.४ | ३४८.० | ४५५.० | ४६१.९ | ५२९.१ | ४६१.९ | ४८२.९ |
| भारतबाट आयात (गिगावाट घण्टा) | ७४६.०७ | ७९०.१४ | १३१८.७५ | १३६९.८९ | १७८२.८६ | - | ११७१.३८ |

स्रोतः ऊर्जा मन्त्रालय ।

१०.३९ चालु आर्थिक वर्षमा विद्युतको माग १४४४.०६ मेगावाट रहेको छ । माग र आपूर्तिको बीचको फरक ४८२.९ मेगावाट छ । विद्युत उत्पादनसँगै विद्युतको माग पनि क्रमशः बढ्दै गईरहेको छ । आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७२/७३ सम्म विद्युतको माग र आपूर्ति बीचको अन्तर बढेको छ । गत आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा विद्युतको माग र आपूर्ति बीचको अन्तर ४६१.९ मेगावाट रहेकोमा चालु आर्थिक वर्षको समीक्षा अवधिमा सो अन्तर २१ मेगावाटले बढेर ४८२.९ मेगावाट पुगेको छ ।




स्रोतः ऊर्जा मन्त्रालय ।

*प्रथम आठ महिनाको ।

१०.४० चालु आर्थिक वर्षमा लोडशेडिङ्ग न्यूनीकरणको लागि भारतबाट करिब ११७१.३८ गिगावाट घण्टा बराबरको विद्युत आयात भएको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात आयात १७८२.८६ गिगावाट घण्टा बराबर रहेको थियो । अझै पनि दैनिक करिब २४ लाख युनिट ऊर्जाको कमी छ ।

१०.४१ २०७३ साल फाल्गुण मसान्तसम्म NIPS मा आवद्ध भई National Grid मा जडित कुल विद्युत ९६१.२ मेगावाट मध्ये जलविद्युत ९०७.६ मेगावाट, थर्मल प्लान्टबाट उत्पादित विद्युत ५३.४ मेगावाट र सौर्यऊर्जा १०० किलोवाट रहेको छ । त्यसैगरी, नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा सञ्चालित विद्युत परियोजना र निजी क्षेत्रबाट सञ्चालित जलविद्युत परियोजनाबाट National Grid मा जडित कुल विद्युत क्रमशः ५३१.२ मेगावाट र ४२९.७ मेगावाट रहेको छ ।

**तालिका १० (ग) : आर्थिक वर्ष २०७३/७४ मा सम्पन्न भएका जलविद्युत आयोजना**

| क्र.स. | जलविद्युत आयोजना | जिल्ला | क्षमता (मेगावाट) |
|---|---|---|---|
| १. | ज्याग्दी खोला | सिन्धुपाल्चोक | २.०० |
| २. | Tungun-Thosne | ललितपुर | ४.३६ |
| ३. | माथिल्लो मर्स्याङ्गदी "A" | लमजुङ्ग | ५०.०० |
| ४. | दरौदी खोला A | गोर्खा | ६.०० |
| ५. | खानी खोला | ललितपुर | २.०० |
| ६. | मिया खोला | खोटाङ्ग | ०.९९ |
| ७. | माथिल्लो मोदी | कास्की | २५.०० |
| ८. | हेवा खोला A | पाँचथर | १४.९ |
| कुल | | | १०५.३ |

स्रोतः ऊर्जा मन्त्रालय ।

१०.४२ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा लमजुङ्गमा सञ्चालित माथिल्लो मर्स्याङ्गदी "A" बाट ५० मेगावाट तथा अन्य आयोजनाबाट ५५.३ मेगावाट गरी कुल १०५.३ मेगावाट विद्युत उत्पादन भएको छ । गत वर्षको सोही अवधिमा जम्मा १८.५ मेगावाट विद्युत उत्पादन भएको थियो ।

१०.४३ नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीहरू मार्फत नेपाल सरकारको लगानी भएका कुल ७४० मेगावाट क्षमताका ६ वटा जलविद्युत आयोजना निर्माणको चरणमा रहेका छन् । विक्रम सम्वत् २०८० सम्ममा सबै जलविद्युत आयोजना सम्पन्न भई सञ्चालनमा आउने छन् ।

## तालिका १० (घ) : निर्माणाधिन जलविद्युत आयोजना

| क्र.सं. | जलविद्युत आयोजना | उत्पादन क्षमता (मेगावाटमा) | सम्पन्न हुने अवधि (आर्थिक वर्ष) |
|---|---|---|---|
| १. | चमेलिया | ३० | २०७४/७५ |
| २. | कुलेखानी तेस्रो | १४ | २०७४/७५ |
| ३. | माथिल्लो तामाकोशी | ४५६ | २०७५/७६ |
| ४ | माथिल्लो त्रिशुली 3A | ६० | २०७६/७७ |
| ५. | रहुघाट | ४० | २०७७/७८ |
| ६. | तनहूँ | १४० | २०७९/८० |
| जम्मा | | ७४० | विक्रम सम्वत् २०७४ देखी २०८० सम्म |

स्रोतः नेपाल विद्युत प्राधिकरण ।

१०.४४ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा विद्युत प्रशारण लाइन ३२०४ सर्किट कि.मि. पुगेको छ । गत वर्षको सोही अवधिमा विद्युत प्रसारण लाइन २८४८.९ सर्किट कि.मि. रहेको थियो । विद्युत उपभोग गर्ने ग्राहकको संख्या गत आर्थिक वर्षको २९ लाख ६९ हजार ५ सय ७६ बाट ५.१ प्रतिशतले बढेर चालु आर्थिक वर्षको प्रथम आठ महिना सम्ममा ३१ लाख २१ हजार ९ सय २ पुगेको छ । सोही अवधिमा विद्युत वितरण लाईन १ लाख २४ हजार ९ सय ७६ कि.मि. पुगेको छ ।

१०.४५ २०७२ साल फागुन मसान्तसम्म कुल ८ सय ९७ मेगावाटका ७२ वटा आयोजनाले विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी सञ्चालनमा छन् । त्यसैगरी, कुल ३ हजार ५ सय २४ मेगावाटका १ सय ४० वटा आयोजना उत्पादन अनुमतिपत्र लिई निर्माणको विभिन्न चरणमा छन् ।

१०.४६ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रका जलविद्युत कम्पनीहरूलाई थप १ हजार ८९ मेगावाट जडित क्षमता बराबरको ३७ वटा ठूला र साना जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र जारी भएको छ । ठूला र साना गरी जम्मा १ सय ६७ मेगावाटका ३१ वटा विद्युत उत्पादन अनुमति पत्र जारी गरिएको छ । साथै, विद्युत प्रसारणको लागि ९ वटा सर्वेक्षण अनुमति पत्र जारी भएको छ ।

### तालिका १० (ङ) : जलविद्युत उत्पादन अनुमतिपत्रको स्थिति (फागुन मसान्तसम्म)

| किसिम | सख्या | कुल क्षमता (मेगावाट) | कुल क्षमता (मेगावाट) | कैफियत |
|---|---|---|---|---|
| उत्पादन अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका | ५९ | ८८७ | ८९७ | १ मे.वा भन्दा बढी क्षमता |
| | १३ | १० | | १ मे.वा भन्दा कम क्षमता |
| उत्पादन अनुमतिपत्र जारी भई निर्माणको विभिन्न चरणमा रहेका | १२७ | ३,५१४ | ३,५२४ | १ मे.वा भन्दा बढी क्षमता |
| | १३ | १० | | १ मे.वा भन्दा कम क्षमता |
| उत्पादन अनुमति पत्रको लागि निवेदन दिएका | ५२ | ५,४१४ | ५,४१८ | १ मे.वा भन्दा बढी क्षमता |
| | ४ | ४ | | १ मे.वा भन्दा कम क्षमता |
| सर्वेक्षण अनुमतिपत्र जारी भएका | १२० | ६,६८० | ६,८०२ | १ मे.वा भन्दा बढी क्षमता |
| | १७१ | १२२ | | १ मे.वा भन्दा कम क्षमता |
| सर्वेक्षण अनुमतिपत्रको लागि दर्खास्त दिएका | १४३ | ३,७१४ | ३,७६० | १ मे.वा भन्दा बढी क्षमता |
| | ५५ | ४६ | | १ मे.वा भन्दा कम क्षमता |
| जम्मा | ७५७ | २०,४०१ | २०,४०१ | |

स्रोतः ऊर्जा मन्त्रालय ।

१०.४७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १ सय ३२ के.भी तथा अन्य भोल्टेजस्तरका प्रशारण लाइन विस्तार आयोजनातर्फ ५६ वटा र वितरण लाईन आयोजना तर्फ ८९ वटा आयोजनाको गरी जम्मा १ हजार ५९ कि.मि. प्रसारण लाइन सम्पन्न भएको छ । गत वर्षको सोही अवधिमा ५ हजार १७ कि.मी प्रसारण लाइन सम्पन्न भएको थियो ।

१०.४८ चालु आर्थिक वर्षमा कुल ६९.२५ मेगावाटका ४ वटा जलविद्युत आयोजनाको विस्तृत डिजाइन सुरु भएको छ । ४ वटा आयोजनाको विस्तृत इन्जिनीयरिङ्ग डिजाइन सुरु भएको छ । साथै, कुल ४ हजार ५ सय ८० मेगावाटका ३४ वटा आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य सुरु भएको छ ।

१०.४९ बुढीगंगा जलविद्युत आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा वातावरणीय अध्ययन कार्य सम्पन्न भएको छ । आयोजनाको पूर्वाधार विकासको लागि करिब सबै जग्गा अधिग्रहण भई भवन निर्माण, पहुँच सडक निर्माण तथा पुल निर्माणको कार्य सुरु भएको छ ।

१०.५० यस वर्ष १ सय ३२ के. भी. तथा अन्य ठूला प्रशारण लाईनका ५६ वटासहित कुल १ सय ७५ वटा आयोजना सञ्चालनमा रहेका छन् ।

### विद्युत खपत

१०.५१ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा अर्थतन्त्रका सबै क्षेत्रमा गरी कुल ३०४३.३५ गिगावाट घण्टा बराबर विद्युत खपत भएको छ । आर्थिक वर्ष २०७२/७३ मा कुल विद्युत खपत ३७१८.९७ गिगावाट घण्टा बराबर रहेको थियो ।

**तालिका १० (च) : क्षेत्रगत विद्युत उपभोग (गिगावाट घण्टामा)**

| क्षेत्र | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| गार्हस्थ्य | १३४२.६७ | १४०१.६४ | १५७१.३९ | १६७९.३५ | १७९२.९५ | १३८१.६३ |
| व्यापार | २४०.७४ | २५६.८२ | २८५.४२ | ३००.२५ | २८६.४८ | २२५.६२ |
| औद्योगिक | ११२३.९४ | ११४१.०७ | १२५१.६९ | १३५२.१५ | १२०५.६९ | १०९५.२८ |
| अन्य | ३३७.३४ | ३५६.४८ | ३८७.८२ | ४११.९६ | ४३३.८५ | ३४०.८२ |
| कुल | ३०४४.६९ | ३१५६.०१ | ३४९६.३१ | ३७४३.७१ | ३७१८.९७ | ३०४३.३५ |

स्रोतः नेपाल विद्युत प्राधिकरण ।

*प्रथम आठ महिनाको

१०.५२ आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७३/७४ को फागुन महिनासम्मको विश्लेषण गर्दा गार्हस्थ्य वा घरपरिवारमा विद्युत खपत सबैभन्दा बढी वार्षिक औसत ४५.३ प्रतिशत छ । त्यसपछि क्रमशः औद्योगिक क्षेत्र (३५.६ प्रतिशत), अन्य क्षेत्र (११.२ प्रतिशत) र व्यापार (७.९ प्रतिशत) छ ।




स्रोतः नेपाल विद्युत प्राधिकरण ।

*प्रथम आठ महिनाको ।

१०.५३ आर्थिक वर्ष २०७२/७३ मा विद्युत खपत गार्हस्थ्य, औद्योगिक, व्यापार र अन्य क्षेत्रमा क्रमशः ४८.२ प्रतिशत, ३२.४ प्रतिशत, ७.७ प्रतिशत र ११.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठमहिनामा यस्तो खपत क्रमशः ४५.४ प्रतिशत, ३६.० प्रतिशत, ७.४ प्रतिशत र ११.२ प्रतिशत छ ।

१०.५४ आर्थिक वर्ष २०६१/६२ सम्म विद्युत उपभोगमा औद्योगिक क्षेत्रको हिस्सा सबैभन्दा बढी रहेकोमा त्यसपछिका वर्षमा गार्हस्थ्य क्षेत्रले औद्योगिक क्षेत्रलाई उछिन्दै आइरहेको छ। आर्थिक वर्ष २०६१/६२ मा विद्युत खपत औद्योगिक क्षेत्रमा ३८.१ प्रतिशत र गार्हस्थ्य क्षेत्रमा ३७.३ प्रतिशत थियो ।

## नवीकरणीय ऊर्जा

१०.५५ कुल जनसंख्याको करिब १६ प्रतिशत जनसंख्यामा नवीकरणीय ऊर्जा स्रोतबाट विद्युत पहुँच पुगेको छ । आगामी २० वर्षभित्र कुल ऊर्जाको खपत मध्ये १० प्रतिशत नवीकरणीय/वैकल्पिक ऊर्जाबाट र विद्युत पहुँच पुग्ने जनसंख्या मध्ये ३० प्रतिशत नवीकरणीय/वैकल्पिक ऊर्जाबाट उपलब्ध गराउन वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार गर्दै वातावरण सन्तुलन, रोजगारी सिर्जना र समावेशी विकासमा योगदान पुऱ्याउन यस क्षेत्रमा लगानी हुँदै आएको छ । कुल जनसंख्याको करिब २८ प्रतिशत जनसंख्याले स्वच्छ नवीकरणीय ऊर्जा प्रयोग गरिरहेका छन् ।

**तालिका १० (छ) : वैकल्पिक ऊर्जा प्रयोगको स्थिति**

| मुख्य मुख्य कार्यक्रमहरू | आर्थिक वर्ष | | | | | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | २०७३/७४ |
| लघु तथा साना जलविद्युत आयोजनावाट विद्युत उत्पादन (कि.वा.) | ३,२५८ | ३,३६६ | ३,२८८ | ३,३४६ | १९१० | १०९५ | ९५७ |
| सौर्य घरेलु विद्युत प्रणाली जडान | ३५,६२७ | ९६,४९५ | ८७,०३८ | १०३१६१ | ५६७७० | २३,९९४ | ९,२९१ |
| सौर्य पम्प जडान | - | - | १४ | ३० | १५ | ७ | ५ |
| वायोग्यास जडान | १८,९७९ | १७,६३५ | ३१,५१२ | ३००७८ | १६७०६ | १४,३५१ | १५,७०७ |
| सुधारिएको पानी घट्टजडान | ९७१ | १,२५६ | ३४१ | ६४१ | ६७३ | ३०८ | ९१ |
| सुधारिएको चुलो जडान | १,१८,४६१ | १,२०,३६४ | १,४०,६६२ | ३१०२८१ | ५१२११ | ४२,५३४ | ३४,७६७ |

स्रोतः वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ।

१०.५६ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा बायोग्यास तर्फ १५ हजार ७ सय ७ वटा प्लान्ट जडान भएको छ । लघु तथा साना जलविद्युत आयोजनाबाट ९ सय ५७ किलोवाट विद्युत उत्पादन भएको छ । ९ हजार २ सय ९१ वटा सौर्य प्रणाली जडान गरिएको छ । ३४ हजार ७ सय ६७ वटा सुधारिएको चुलो तथा ३ सय ८ वटा सुधारिएको पानीघट्ट जडान गरिएको छ । यस क्षेत्रमा गरिएको लगानीबाट ग्रामीण क्षेत्रका सर्वसाधारण जनतालाई विद्युत सेवा, खाना पकाउने स्वच्छ इन्धन, प्रविधि र खानेपानी

उपलव्ध भएको छ । यसको अतिरिक्त ग्रामीण क्षेत्रमा स्वच्छ ऊर्जाबाट सर्वसाधारण जनताको शिक्षा, स्वास्थ्य तथा वातावरणमा सुधार आएको छ ।

## पेट्रोलियम पदार्थ उपयोग

१०.५७ ऊर्जाको महत्त्वपूर्ण स्रोतको रूपमा प्रयोग भइरहेको प्रेट्रोलियम पदार्थको माग बढिरहेको छ। मूख्यतः आयातको मुख्य अंशको रूपमा रहेको पेट्रोलियम पदार्थको आयातमा भएको उच्च वृद्धिको कारण व्यापार घाटा पनि निरन्तर बढेको छ । जलविद्युतको प्रचुर सम्भावना हुँदा हुँदै पनि पेट्रोलियम पदार्थको आयात निरन्तर बढ्नुले अर्थतन्त्र परनिर्भर हुँदै गएको छ। यसका साथै अर्थतन्त्रको लागतमा समेत बढोत्तरी भएको छ । यसबाट औद्योगिक क्षेत्रको आधार कमजोर भएको छ । साथै सेवा क्षेत्रको विस्तार भएता पनि भरपर्दो बनाउन सकिएको छैन ।

१०.५८ गत आर्थिक वर्षको सुरुदेखि नै सीमानाकामा भएको अवरोधका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा उल्लेख्य कमी आएकोमा चालु आर्थिक वर्षमा आपूर्ति सहजताको कारण पेट्रोलियम पदार्थको आयात तथा उपभोग दुवैमा उल्लेख्य वृद्धि भएको छ ।

**तालिका १० (ज): पेट्रोलियम पदार्थहरूको दैनिक र मासिक औषत आयात विवरण**

| वस्तु | आर्थिक वर्ष २०७१/७२ | | आर्थिक वर्ष २०७२/७३ | | आर्थिक वर्ष २०७३/७४* | |
|---|---|---|---|---|---|---|
| | दैनीक औषत | मासिक औषत | दैनिक औषत | मासिक औषत | दैनिक औषत | मासिक औषत |
| पेट्रोल (किलि) | ७७६.९ | २३६३०.६ | ६५४.१ | १९८९६.३ | १००८.१ | ३०३६७.९ |
| डिजेल (किलि) | २४६९.६ | ७५११६.१ | २१६४.२ | ६५८२६.८ | ३०२९.९ | ९१२७६.० |
| मट्टितेल (किलि) | ५१.० | १५५२.३ | ३८.९ | ११८३.६ | ४८.० | १४४६.८ |
| ए.टि.एफ (किलि) | ३८१.९ | ११६१७.० | २१५.६ | ६५५६.७ | ४०२.५ | १२१२५.५ |
| एल.पि.जी बाहेक जम्मा परिमाण | ३६७९.४ | १११९१६.० | ३०७२.८ | ९३४६३.३ | ४४८८.५ | १३५२१६.१ |
| एल.पि.जी (मेटन) | ७०७.७ | २१५२४.९ | ५९६.१ | १८१३१.६ | ७८०.८ | २३५२१.३ |

स्रोतः आपूर्ति मन्त्रालय ।

*प्रथम आठ महिनाको ।

१०.५९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा एल.पि.जी बाहेक पेट्रोलियम पदार्थको आयात दैनिक औषत ४ हजार ४ सय ८८ दशमलव ५ कि.लि. तथा मासिक औषत १ लाख ३५ हजार २ सय १६ दशमलव १ कि.लि. छ । आर्थिक वर्ष २०७२/७३ मा आपूर्ति प्रणालीमा भएको अवरोधको कारण यस्तो आयात न्यून रहन गएको थियो ।

१०.६० सीमानाकामा भएको अवरोधको कारण आर्थिक वर्ष २०७२/७३ मा दैनिक वा मासिक औसतलाई आधार मान्दा पेट्रोलियम पदार्थको आयातमा १६.५ प्रतिशतले कमी आएको

थियो । चालु आर्थिक वर्षमा भने पेट्रोलियम पदार्थको आयात उच्च दर अर्थात करिब ४५ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्ष आपूर्ति प्रणालीमा देखिएको असहजताको कारण सो वर्षको तुलनामा चालु आर्थिक वर्षमा पेट्रोलियम पदार्थको आयात उच्च दरले बढेको हो । तर आर्थिक वर्ष २०७१/७२ (आपूर्ति सहज भएको वर्ष) को तुलनामा चालु आर्थिक वर्षमा करिब २१ प्रतिशतले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ ।

### तालिका १० (झ) : पेट्रोलियम पदार्थको खपत विवरण

| आर्थिक वर्ष | पेट्रोल (किलि) | डिजेल (किलि) | मट्टितेल (किलि) | ए.टि.एफ (किलि) | एल. डि. ओ (किलि) | फर्निस आयल (कि.लि.) | एल.पि.जी बाहेक जम्मा परिमाण | एल.पि.जी (मेटन) |
|---|---|---|---|---|---|---|---|---|
| २०७३/७४* | २४२९४३ | ७३०२०८ | ११५७४ | ९७००४ | - | - | १०८१७२९ | १८८१७० |
| २०७२/७३ | २३८७५५ | ७८९९२२ | १४२०३ | ७८६८० | - | - | ११२१५६० | २१७५७९ |
| २०७१/७२ | २८३५६७ | ९०१३९३ | १८६२८ | १३९४०४ | - | - | १३४२९९२ | २५८२९९ |
| २०७०/७१ | २५१४५१ | ८११९०० | १९०६४ | १२३५२७ | - | - | १२०५१४२ | २३२६६० |
| २०६९/७० | २२१६७६ | ७१६७४७ | २४७२१ | ११५७८६ | २५८ | २४५० | १०८१६३८ | २०७०३८ |
| २०६८/६९ | १९९७४९ | ६४८५१३ | ४१८०८ | १०८९०८ | ० | ४३५ | ९९९४१३ | १८१४११ |
| २०६७/६८ | १८७६४१ | ६५५१२८ | ४९४९५ | १०१३१४ | २२७ | १४१५ | ९९५२२० | १५९२८६ |
| २०६६/६७ | १६२२७५ | ६१२५०५ | ५५७८८ | ८२६३१ | २३८ | २५८९ | ९१६०२६ | १४११७१ |
| २०६५/६६ | १२४१६९ | ४४६४६८ | ७००८९ | ६८९३५ | ३७७ | २१७१ | ७१२२०९ | ११५८१३ |
| २०६४/६५ | १००८४२ | ३०२७०६ | १५५२१६ | ६८९३८ | ३०६ | २९१९ | ६३०९२७ | ९६८३७ |
| २०६३/६४ | १०१९१२ | ३०६६८७ | १९७८५० | ६३७७८ | १७९ | ४५५८ | ६७४९६४ | ९३५६२ |
| २०६२/६३ | ८०९८९ | २९४३२९ | २२६६३७ | ६४३३५ | २९० | ३६९५ | ६७०२७५ | ८१००५ |

स्रोतः आपूर्ति मन्त्रालय ।

*प्रथम आठ महिनाको ।

१०.६१ पेट्रोलियम पदार्थको खपत मुलतः पेट्रोल, डिजेल, एलपिजी, मट्टीतेल र हवाई इन्धनले नै ओगटेको छ । पेट्रोल, डिजेल, एलपिजी र हवाई इन्धनको खपत प्रतिवर्ष बढिरहेको छ भने मट्टितेलको खपत भने घटिरहेको छ । मट्टीतेलको विकल्पमा भने एलपिजीको प्रयोग भएको देखिन्छ । आर्थिक वर्ष २०७२/७३ मा एलपिजी बाहेक अन्य पेट्रोलियम पदार्थको खपतमा पेट्रोलको अंश २१.३ प्रतिशत, डिजेलको ७०.४ प्रतिशत, मट्टीतेलको १.३ प्रतिशत र एटिएफको ७.० प्रतिशत रहेको देखिन्छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनालाई हेर्दा यो खपत पेट्रोलको २२.५ प्रतिशत, डिजेलको ६७.५ प्रतिशत, मट्टीतेलको १.१ प्रतिशत र एटिएफको ९.० प्रतिशत रहेको छ ।

१०.६२ पेट्रोलियम पदार्थको आपूर्ति नियमित र सहज बनाउन सात वटै प्रदेशमा पर्नेगरी कम्तीमा ९० दिनको माग धान्नसक्ने गरी भण्डारण क्षमता वृद्धि गर्ने उद्धेश्यले आवश्यक जग्गा खरिद गर्ने प्रकृया अघि बढेको छ जसअनुसार झापा, सर्लाही, चितवन, धादिङ्ग, तनहुँ, रूपन्देही र कैलालीमा पेट्रोलियम पदार्थहरूको भण्डारण गरिने छ ।

## चुनौतीहरू

१०.६३ संघीय संरचना अन्तर्गत ७ प्रदेश तथा ७ सय ४४ वटा स्थानीय तहमा भौतिक पूर्वाधारको निर्माण गरी व्यवस्थित रूपमा नयाँ सहरको स्थापना गर्नुपर्नेछ । साथै सडक सञ्जाल लगायतका पूर्वाधारको निर्माण गरी स्थानीय तहका आर्थिक केन्द्रहरू (Growth Centres) लाई एक आपसमा आवद्ध गर्न र उक्त केन्द्रहरूलाई प्रदेश तथा केन्द्रसँग आवद्ध गर्न ठूलो लगानी परिचालन गरी पूर्वाधार निर्माण गर्ने प्रमुख चुनौती छ ।

१०.६४ सहरी क्षेत्रको विकासको लागि लगानीको आवश्यकता, वित्तीय उपलव्धता र कार्यान्वयन क्षमता बीच ठूलो अन्तर रहेको छ । त्यसैगरी सहरी क्षेत्रमा जनसंख्याको चापलाई ध्यानमा राखेर सीमित जग्गामा संयुक्त आवासको माध्यमबाट आवास व्यवस्थापन गर्नुपर्नेछ । यस क्रममा राष्ट्रिय भवन संहिताको पालन गरी सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्न पनि चुनौती रहेको छ ।

१०.६५ योजनावद्ध सहरी विकासमार्फत स्वच्छ, हरियाली, सुरक्षित र समृद्ध पहिचानयुक्त सहरहरूको विकास गरी मागअनुसार नागरिकहरूलाई सर्वसुलभ र भरपर्दो तरिकाले सहरी सेवा तथा सुविधा उपलब्ध गराई सहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु छ । साथै काठमाडौं लगायतका मुख्य सहरका पायक पर्ने स्थानमा सबै प्रकारका वस्तु प्रविधि (IoT) को इन्टरनेटलाई सूचना तथा सञ्चार प्रविधि (ICT) सँग आवद्ध गरी सुरक्षित तवरले सहरी सम्पत्तिको व्यवस्थापन गरी स्मार्ट सिटीको विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

१०.६६ सहरी संरचना र विकास पूर्वाधार निर्माणमा भूकम्पकीय जोखिम न्यूनीकरण गरी संरचनाको निर्माण गर्ने चुनौती छ ।

१०.६७ नयाँ सहरहरूको विकास, एकीकृत बस्ती विकास र जलवायु परिवर्तनको जोखिम कम गरी पर्यटकीय पूर्वाधार र जलस्रोत विकासमा बहुपक्षीय (सिँचाइ, जलविद्युत, पर्यटन र अन्य) अवधारणा आत्मसात गरी विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

१०.६८ जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र जलवायु परिवर्तनका विषयमा अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाज स्थापित गर्नुपर्ने चुनौती छ ।

१०.६९ नवीकरणीय ऊर्जाका लागि चाहिने अधिकांश उपकरणहरू आयात गर्नुपर्ने र महँगो रहने गरेको छ । ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको माग र आपूर्तिबीच सन्तुलन कायम राख्न र ऊर्जाको मिश्रित उपयोग (Energy-Mix) गरी ऊर्जा क्षेत्रको विकास गर्ने चुनौती छ ।

१०.७० जलविद्युत विकासमा जग्गा प्राप्ति प्रमुख समस्याको रूपमा रहेको छ । स्थानीयस्तरमा थप संरचना जस्तै खानेपानी, बाटोघाटो, कृषि सडक, स्कुल भवन लगायतका पूर्वाधारको निर्माण गरिदिन दवाव सिर्जना हुने गरेकोले पनि जलविद्युतको लगानीमा जटिलता थपिने गरेको छ । त्यसैगरी, प्रसारण लाइन विस्तारको लागि जग्गा अधिकरण र मुआब्जा वितरण गर्ने कार्यमा चुनौती छ । साथै, जलविद्युत निर्माण क्षेत्रमा पर्ने वन क्षेत्रको कटानी छपानी सम्बन्धी निर्णय प्रकृयामा ढिलासुस्ती हुनुले समयमै आयोजना सम्पन्न गर्ने चुनौती छ ।

१०.७१ जलविद्युतको उत्पादन बढाई निर्यात गर्ने भन्दा पनि प्रथमतः उत्पादित विद्युतलाई देशभित्र नै खपत गर्ने दीर्घकालीन योजना (Perspective Consumption Plan) बन्न सकेको छैन । अर्को तर्फ सवारी साधनको बढ्दो मागको कारण पेट्रोलियम पदार्थको आयात उच्च हुँदै गएको छ । तसर्थ, पेट्रोलियम पदार्थको परनिर्भरतालाई न्यूनीकरण गरी व्यापार घाटा कम गर्न जलविद्युत उत्पादनमा जोड दिई मुख्यतः सहरी क्षेत्रमा विद्युतीय गाडीलाई प्रयोगमा ल्याउनु पर्नेछ । यसका साथै आर्थिक वृद्धिका मुख्य क्षेत्र पूर्वाधार, पर्यटन, ऊर्जा र कृषिको बीचका औद्योगिकिकरणका अन्तरसम्बन्धहरूको विकास गरी आर्थिक समृद्धिका लागि दीर्घकालीन ऊर्जा दक्षता र उपभोग बढाउने चुनौती छ ।

१०.७२ हाल सञ्चालित प्रायः जलविद्युत आयोजना नदी बेसिन (Run of the River) मा आधारित भएकाले दीर्घकालीन विद्युत उत्पादनको दृष्टिकोणले जोखिमपूर्ण छन् । अर्कोतर्फ विश्वमा देखिएको जलवायु परिवर्तनको असरले नदीहरूमा जलप्रवाह कम हुँदै गएको छ । तसर्थ जलवायु परिवर्तनले जलविद्युत लगानी तथा उत्पादनमा पार्न सक्ने जोखिमलाई कम गर्न जलाशययुक्त वा ठूला जलविद्युत आयोजना निर्माण गरी लोडशेडिङ्गलाई दीर्घकालीन रूपमा अन्त्य गर्ने चुनौती छ ।

# ११. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

मुलुक भित्र विविध भौगोलिक तथा आर्थिक क्षेत्रहरू छरिएर रहेका छन् । सडक, रेल, जलमार्ग तथा रज्जुमार्ग जस्ता पूर्वाधार र राष्ट्रिय रणनैतिक यातायात सञ्जाल मार्फत विविध भौगोलिक र आर्थिक क्षेत्रलाई एक अर्कासँग आवद्ध गरी आर्थिक एवं सामाजिक विकासको अभिवृद्धि गरिनु पर्दछ । दुर्गम ग्रामीण क्षेत्रलाई स्थानीय बजारसँग जोड्दै कृषि, पर्यटन, बिद्युत, उद्योग लगायतका विभिन्न आर्थिक क्रियाकलाप र आयोजनाहरूको प्रवर्द्धन गर्नु जरुरी भएको छ। हालसम्म डोल्पा र हुम्ला जिल्ला बाहेक सबै जिल्ला सदरमुकाम सडक सञ्जालसँग जोडिएका छन् । ६७ जिल्ला सदरमुकाममा कालोपत्रे सडकको पहुँच पुगेको छ । मोटरयोग्य पुलहरू १ हजार ९ सय ५२ वटा निर्माण भएका छन् । सडक यातायातको विकास मार्फत आर्थिक सामाजिक एकीकरण प्रादेशिक सन्तुलन कायम गर्नु जरुरी छ । हवाई सेवालाई सुरक्षित र सर्वसुलभ तुल्याई आन्तरिक र अन्तर्राष्ट्रिय हवाई सेवा सुदृढ गर्नुपर्ने अवस्था छ । मुलुकको समग्र विकास र आर्थिक वृद्धिका लागि सडक, हवाई यातायात, जल यातायात एवं सञ्चार तथा सञ्चार प्रविधिको विकास अपरिहार्य छ ।

## सडक यातायात

११.१ सडक यातायात तर्फ आर्थिक वर्ष २०७२/७३ मा ६ सय ३९ किलोमिटर माटे सडक (नयाँ सडक) निर्माण, ३ सय ४५ किलोमिटर खण्डास्मित तथा २ सय ६४ किलोमीटर कालोपत्रे सडक स्तरोन्नति भएकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म ३ सय १२ किलोमिटर माटे सडक, ४ सय ५ किलोमिटर खण्डास्मित तथा १ सय ३२ किलोमिटर कालोपत्रे सडक स्तरोन्नति भएको छ । त्यस्तै, ८५ किलोमिटर सडकको आवधिक मर्मत सम्भार सम्पन्न भएको छ ।

**तालिका ११ (क) : सडक सुविधा विस्तारको स्थिति**

| क्र.सं | विवरण | इकाई | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|---|
| १ | नयाँ सडक निर्माण | कि.मि. | ८७६ | ११८० | ६४८ | ६३९ | ३१२ |
| २ | खण्डास्मित स्तरमा | कि.मि. | ६२० | ६८५ | ४०१ | ३४५ | ४०५ |
| ३ | कालोपत्रे स्तरमा स्तरोन्नति | कि.मि. | ४६७ | ५३८ | ६०१ | २६४ | १३२ |
| ४ | सडक मर्मत (नियमित | कि.मि. | ७७५७ | ८२०० | ८९०८ | ९२०० | ९५०० |
| ५ | आवधिक मर्मत | कि.मि. | ४२९ | ४०० | ३५० | ४४३ | ८५ |
| ६ | पुल निमार्ण | गोटा | ६३ | ७२ | ७३ | ६३ | २२ |
| ७ | जिल्ला सदमुरकाम जोड्ने | संख्या | १(मुगु) | १(मुगु) | १(मुगु) | - | - |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

*प्रथम आठ महिनाको

११.२ देशभित्र सामरिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरी आर्थिक वर्ष २०७२/७३ को अन्त्यसम्म कालोपत्रे १२ हजार १ सय ७३ किलोमिटर, खण्डास्मित ६ हजार ४ सय ६० किलोमिटर र कच्ची सडक ९ हजार ६ सय ७५ किलोमिटर गरी २८ हजार ३ सय ८ किलोमिटर सडक निर्माण भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म कालोपत्रे १२ हजार ३ सय ५ किलोमिटर, खण्डास्मित ६ हजार ८ सय ६५ किलोमिटर र कच्ची सडक ९ हजार ९ सय ८७ किलोमिटर गरी कुल सडकको लम्बाई २९ हजार १ सय ५७ किलोमिटर पुगेको छ ।

**तालिका ११ (ख) : सडक विभागबाट गरिएको सडक सुविधाको विस्तार (किलोमिटरमा)**

| क्र.सं. | विवरण | २०६९/७० सम्म | २०७०/७१ सम्म | २०७१/७२ सम्म | २०७२/७३ सम्म | २०७३/७४* मा थप | २०७३/७४सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा | अंश(प्रतिशत) |
| १ | कालोपत्रे | १०६५९ | ११११९७ | ११७९८ | १२१७३ | १३२ | १२३०५ | ४२.२० |
| २ | खण्डास्मित | ५९४० | ६०८६ | ६२८७ | ६४६० | ४०५ | ६८६५ | २३.५५ |
| ३ | कच्ची सडक | ८६६६ | ९१६३ | ९४११ | ९६७५ | ३१२ | ९९८७ | ३४.२५ |
| | **जम्मा** | **२५२६५** | **२६४४६** | **२७४९६** | **२८३०८** | **८४९** | **२९१५७** | **१००** |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

*प्रथम आठ महिनाको

**चार्ट ११ (क) : सडक विभागबाट गरिएको सडक सुविधाको विस्तार**




११.३ स्थानीयस्तरमा सञ्चालन गरिने ग्रामीण पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम, विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजना, ग्रामीण पहुँच कार्यक्रम, स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रम, राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम र ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमबाट समेत स्थानीय स्तरमा सडक निर्माण भएको छ।

### तालिका ११ (ग) : स्थानीय निकायबाट निर्माण भएका सडकको विवरण (किलोमिटरमा)

| सडकको विवरण | २०६९/७० सम्म | २०७०/७१ सम्म | २०७१/७२ सम्म | २०७२/७३ सम्म | २०७३/७४* | कैफियत |
|---|---|---|---|---|---|---|
| कच्ची सडक | ३४७६६ | ३७४०२ | ३८७६८ | ३८९४० | ४२८०५ | ३६८ कि.मि. शहरी सडक यस तालिकामा समावेश छैन |
| ग्राभेल सडक | १२२०२ | १२३३६ | १२४२५ | १२५१३ | १२८२३ | |
| कालोपत्रे | १५७६ | १६९० | १७८४ | १८५७ | २००४ | |
| जम्मा | ४८५४४ | ५१४२८ | ५२९७७ | ५३३१० | ५७६३२ | |

स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

*प्रथम आठ महिना सम्मको

११.४ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा स्थानीय स्तरमा सञ्चालन गरिएका विभिन्न पूर्वाधार विकास तथा कृषि सडक अन्तर्गतका जिल्ला सडक मुख्य सञ्जाल, शहरी सडक सञ्जाल र गाउँस्तरीय सडक सञ्जालका कालोपत्रे, ग्रावेल र धुले/कच्ची सडक गरी प्रदेश नं.१ मा ११ हजार ८ सय ३७ कि.मि.; प्रदेश नं. २ मा ५ हजार ६ सय ९८ कि.मि.; प्रदेश नं. ३ मा १४ हजार ८ सय ४२ कि.मि.; प्रदेश नं. ४ मा १० हजार ९ सय १९ कि.मि.; प्रदेश नं. ५ मा ८ हजार ५ सय ५१ कि.मि.; प्रदेश नं. ६ मा २ हजार ५ सय २७ कि.मि. र प्रदेश नं. ७ मा ३ हजार ६ सय २६ कि.मि. गरी सात वटै प्रदेशमा सञ्जाल तर्फ जम्मा २५ हजार ७ सय २८ कि.मि., शहरी सडक तर्फ जम्मा ३ सय ६८ कि.मि र गाँउ स्तरीय सडक तर्फ जम्मा ३१ हजार ९ सय ४ कि.मि. को कुल जम्मा ५८ हजार कि.मि. निर्माण सम्पन्न भएको छ ।

### तालिका ११ (घ) : प्रदेश अनुसार स्थानीय सडकको विवरण*(किलोमिटरमा)

| प्रदेश नं. | वर्ग (सडक सञ्जाल) | जम्मा सडक | धुले/कच्ची | ग्रावेल | कालोपत्रे |
|---|---|---|---|---|---|
| **प्रदेश नं.१** | जिल्ला सडक मुख्य | ५,७१५ | ४,६३६ | ८१७ | २६२ |
| | **शहरी सडक** | ० | ० | ० | ० |
| | **गाँउ स्तरीय सडक** | ६,१२२ | ४,३६३ | १,६१७ | १४२ |
| | **प्रदेशको जम्मा** | **११,८३७** | **८,९९९** | **२,४३४** | **४०४** |
| **प्रदेश नं.२** | जिल्ला सडक मुख्य | २,५२२ | ८४९ | १,६०६ | ६७ |
| | **शहरी सडक** | ० | ० | ० | ० |
| | **गाँउ स्तरीय सडक** | ३,१७६ | १,९८५ | १,१७६ | १५ |
| | **प्रदेशको जम्मा** | **५,६९८** | **२,८३४** | **२,७८२** | **८२** |
| **प्रदेश नं.३** | जिल्ला सडक मुख्य | ५,२३० | ४,०९१ | ८५२ | २८७ |
| | **शहरी सडक** | ३६३ | ६२ | १०० | २०१ |
| | **गाँउ स्तरीय सडक** | ९,२४९ | ७,२३७ | १,७२३ | २८९ |
| | **प्रदेशको जम्मा** | **१४,८४२** | **११,३९०** | **२,६७५** | **७७७** |
| **प्रदेश नं.४** | जिल्ला सडक मुख्य | ४,०८३ | ३,३०८ | ५९४ | १८१ |
| | **शहरी सडक** | ५ | ३ | १ | १ |
| | **गाँउ स्तरीय सडक** | ६,८३१ | ६,००६ | ६९७ | १२८ |

| प्रदेश नं. | वर्ग (सडक सञ्जाल) | जम्मा सडक | धुले/कच्ची | ग्रावेल | कालोपत्रे |
|---|---|---|---|---|---|
| | **प्रदेशको जम्मा** | **१०,९१९** | **९,३१७** | **१,२९२** | **३१०** |
| **प्रदेश नं.५** | जिल्ला सडक मुख्य | ४,०८१ | २,४३४ | १,२१४ | ४३३ |
| | **शहरी सडक** | ० | ० | ० | ० |
| | **गाँउ स्तरीय सडक** | ४,४७० | २,९०५ | १,४६७ | ९८ |
| | **प्रदेशको जम्मा** | **८,५५१** | **५,३३९** | **२,६८१** | **५३१** |
| **प्रदेश नं.६** | जिल्ला सडक मुख्य | १,६७० | १,५२४ | १३६ | १० |
| | **शहरी सडक सञ्जाल** | ० | ० | ० | ० |
| | **गाँउ स्तरीय सडक** | ८५७ | ८२५ | २३ | ९ |
| | **प्रदेशको जम्मा** | **२,५२७** | **२,३४९** | **१५९** | **१९** |
| **प्रदेश नं.७** | जिल्ला सडक मुख्य | २,४२७ | १,७०६ | ६५० | ७१ |
| | **शहरी सडक** | ० | ० | ० | ० |
| | **गाँउ स्तरीय सडक** | १,१९९ | ९३७ | २५१ | ११ |
| | **प्रदेशको जम्मा** | **३,६२६** | **२,६४३** | **९०१** | **८२** |
| **सात वटै प्रदेशको जम्मा** | जिल्ला सडक मुख्य | २५,७२८ | १८,५४८ | ५,८६९ | १,३११ |
| | **शहरी सडक** | ३६८ | ६५ | १०१ | २०२ |
| | **गाँउ स्तरीय सडक** | ३१,९०४ | २४,२५८ | ६,९५४ | ६९२ |
| | **कुल जम्मा सडक सञ्जाल** | **५८,०००** | **४२,८७१** | **१२,९२४** | **२,२०५** |

स्रोत: स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

*प्रथम आठ महिना सम्मको

**चार्ट ११ (ख) : प्रदेश अनुसार स्थानीय सडकको विवरण* (किलोमिटरमा)**




स्रोत: स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

११.५ चालु आर्थिक वर्षको प्रथम ८ महिनासम्ममा स्थानीयस्तरमा सञ्चालन गरिने विभिन्न पूर्वाधार विकास तथा कृषि सडक अन्तर्गत जिल्ला सडक मुख्य संजाल, गाउँस्तरीय सडक संजाल र शहरी सडक संजाल गरी हिमाली क्षेत्रमा ८ हजार १ सय ४८ कि.मि., पहाडी क्षेत्रमा ३१ हजार ९ सय ८८ कि.मि. र तराई क्षेत्रमा १७ हजार ८ सय ६४ कि.मि. गरी कुल ५८ हजार कि.मि. सडक सञ्जाल निर्माण सम्पन्न भएको छ ।

### तालिका ११ (ङ) : भौगोलिक क्षेत्र अनुसार स्थानीय सडकको बिवरण *(किलोमिटरमा)

| भौगोलिक क्षेत्र | कुल स्थानीय सडक संजाल | जिल्ला सडक मुख्य संजाल | गाउँस्तरीय सडक संजाल | शहरी सडकसंजाल |
|---|---|---|---|---|
| हिमाल | ८,१४८ | ३,२६३ | ४८८५ | ० |
| पहाड | ३१,९८८ | १५,४१८ | १६,२०२ | ३६८ |
| तराई | १७,८६४ | ७,०४७ | १०,८१७ | ० |
| जम्मा | ५८००० | २५७२८ | ३१९०४ | ३६८ |

स्रोत: स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग

*प्रथम आठ महिना सम्मको

## सवारी साधन

११.६ आर्थिक वर्ष २०४६/४७ देखि २०७२/७३ को अन्त्यसम्ममा देशभरमा २३ लाख ३९ हजार १ सय ६९ सवारी साधन रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २ लाख ६३ हजार ८ सय १७ नयाँ सवारी साधन दर्ता भई सवारी साधनहरूको कुल संख्या २६ लाख २ हजार ९ सय ८६ पुगेको छ । चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको प्रथम आठ महिनाको तुलनामा करिब ७८ प्रतिशतले सवारी साधनको दर्तामा वृद्धि भएको छ ।

### तालिका ११ (च) : सवारी साधनहरूको दर्ता संख्या

| किसिम | २०४६/४७ देखि २०६९/७०सम्म | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|---|
| बस | ३०१३८ | २७७६ | ३७३७ | ४३५३ | ३९६५ | ४४९६९ |
| मिनिबस/मिनिट्रक | १३३०७ | १४१२ | २२७० | ४६२५ | १६५५ | २३२६९ |
| क्रेन/डोजर/एस्काभेटर/ट्रक | ५०१९२ | २७८९ | ४२३६ | ८३२८ | ९७५१ | ७५२९६ |
| कार/जीप/भ्यान | १३८७३५ | ११३७२ | १३५६० | २८३६१ | १७१७१ | २०९१९९ |
| पिकअप | १८१७१ | ५६६८ | ६०५७ | ५०६० | ८१३३ | ४३०८९ |
| माइक्रो बस | २६३६ | १७८ | ९३२ | ११३७ | ३०५ | ५१८८ |
| टेम्पो | ७५१० | १७ | १५४१ | २६१३ | ३६६७ | १५३४८ |
| मोटरसाईकल | १२०७२६१ | १६३९४५ | १९६३८३ | २६७४३९ | १९९९०८ | २०३४९३६ |
| टेक्टर/पावर टिलर | ८३१०१ | १००७० | १०५२४ | ९७८६ | १०३१६ | १२३७९७ |
| ई-रिक्सा | – | | | ११८९४ | ८७८४ | २०६७८ |
| अन्य | ६४२७ | ११६ | ३४३ | १६९ | १६२ | ७२१७ |
| **आ व को जम्मा** | **१५५७४७८** | **१९८३४३** | **२३९५८३** | **३४३७६५** | **२६३८१७** | **२६०२९८६** |
| **आ व सम्मको जम्मा** | **१५५७४७८** | **१७५५८२१** | **१९९५४०४** | **२३३९१६९** | **२६०२९८६** | |

स्रोत : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

* प्रथम आठ महिनाको

११.७ सडक दुर्घटना न्यूनीकरण गर्न यातायात सुरक्षा कार्य योजनालाई उच्च प्राथमिकतामा राखिएको छ । यातायात व्यवस्था कार्यालय, बागमतीबाट सवारी चालक अनुमति पत्रलाई ईलेक्ट्रोनिक स्मार्ट कार्डमा वितरण गर्ने कामको थालनी भएको छ । सवारी साधनको नम्बर प्लेटलाई ईम्बोस्ड नम्बर प्लेटमा परिणत गर्नको लागि प्रारम्भिक कार्य थालनी भएको छ।

## नागरिक उड्डयन

११.८ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या २५ रहेको छ । गत वर्ष यस्तो संख्या २६ रहेको थियो । अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवाको संख्या २ रहेको छ । त्यसैगरी, द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको संख्या ३८ रहेको छ भने दुइतर्फ हवाई सिट संख्या गत वर्षकै यथावत (बार्षिक ८० लाख सिट) रहेको छ । आन्तरिक उडान गर्ने वायुसेवा (Fixed Wing + Rotor Wing) को संख्या गत वर्ष १७ रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १९ पुगेको छ । सञ्चालनमा रहेका कुल विमानस्थलको संख्या ३२ बाट बढेर ३३ पुगेको छ । सबै मौसममा सञ्चालन हुने विमानस्थलको संख्या २२ बाट बढेर २४ पुगेको छ ।

११.९ पर्यटन क्षेत्रको पूर्वाधार सेवाको रूपमा रहेको हवाई सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो र नियमित बनाउन कार्यक्रम सञ्चालनमा छन् । यसका साथै हवाई यातायातको माध्यमबाट पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्न नागरिक उड्डयनका विभिन्न कार्यक्रम सञ्चालनमा छन् ।

११.१० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा हवाई क्षेत्र सुधारको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्गको केन्द्रविन्दुबाट १ सय ५० मिटर परको १ सय ४१ रोपनी जग्गा र ३ सय २७ वटा घर टहरा अधिग्रहण गर्ने कार्य मूल्यांकनमा छ । पर्यटक आगमनको दृष्टिकोणबाट समेत महत्त्वपूर्ण मानिएको गौतम वुद्ध विमानस्थलको रनवे र ट्याक्सी वे निर्माण कार्यको करिब २७ प्रतिशत काम सम्पन्न भएको छ ।

**तालिका ११ (छ) : नागरिक उड्डयनसम्बन्धी सूचकहरू**

| प्रमुख सूचकहरू | २०७२ फागुन सम्म | २०७३ फागुन सम्म |
|---|---|---|
| अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवाको संख्या | २ | २ |
| नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या | २६ | २५ |
| दिपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको संख्या | ३८ | ३८ |
| दुईतर्फ हवाई सिट संख्या | ८०००००० | ८००००००* |
| आन्तरिक उडान गर्ने वायुसेवाको संख्या | १७ | १९ |
| अन्तर्राष्ट्रिय विमानस्थलको संख्या | १ | १ |
| सबै मौसममा सञ्चालन हुने विमानस्थलको संख्या | २२ | २४ |
| सञ्चालनमा रहेका कुल विमानस्थलको संख्या | ३२ | ३३ |

स्रोतः सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

* उडान संख्या / हप्तालाई आधार मानी दुई तर्फी हवाई सीट संख्या गणना गर्ने प्रयोजनका लागि २०० सीट प्रति उडानलाई आधार मानी गणना गरिएको । वायुसेवाको क्षमताअनुसार सीट संख्या घटबढ हुन सक्ने ।

११.११ बाराको निजगढमा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको लागि गुरूयोजना तयार भएको छ । यसका लागि EIA गर्ने कार्य अगाडि बढेको छ । जग्गा पहिचान सम्बन्धी प्रशासनिक कार्यहरू सम्पन्न भइसकेको र मुआव्जा वितरणको लागि दररेट निर्धारणको प्रकृयामा छ । त्यसैगरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको लागि मुआब्जा वितरण कार्य सम्पन्न भएको छ । थप जग्गा अधिग्रहणको प्रारम्भिक कार्य सम्पन्न भएको छ । इलाम, अर्घाखाँची, गुल्मी, कालिकोट, ओखलढुंगाको खिजीचण्डेश्वरी र लमजुङ्गमा नयाँ विमानस्थल निर्माण कार्य भएका छन् । कालिकोट विमानस्थलमा २०७३ माघ २९ गते परीक्षण उडान समेत सम्पन्न भएको छ । नेपाल वायुसेवा निगमलाई दुईवटा वाईड बडी बीमान खरिदको लागि आपूर्तिकर्ता छनौट भई खरिदको स्वीकृति भएको छ ।

## रेल यातायात

११.१२ राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको ९ सय ४५ कि.मि. पूर्व पश्चिम रेलमार्ग, ५ सय १९ कि.मी. को रसुवागढी-काठमाडौं-पोखरा-लुम्विनी रेलमार्गका साथै भारतीय सीमावर्ती सहरहरूको रेल सञ्जालसँग पूर्व-पश्चिम रेलमार्गलाई जोड्दै जाने उदेश्यअनुरूप रेल यातायातको काम थालनी भएको छ।

११.१३ पूर्व-पश्चिम रेलमार्गको सम्भाव्यता अध्ययन सम्पन्न भई सोही आधारमा १ सय ८ कि.मी. सिमरा-बर्दिवास, १ सय २७ कि.मि. सिमरा-तम्सरिया, ६५ कि.मी तम्सरिया-वुटवल, २८ कि.मी सिमरा-वीरगञ्ज लिङ्क र ४४ कि.मी. वुटवल-भैरहवा-लुम्विनी लिङ्क गरी जम्मा ३ सय ७२ कि.मी. रेल्वे लाइनको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ । उल्लिखित मध्ये १ सय ८ कि.मी. सिमरा-बर्दिवास खण्डको ३० कि.मी. लम्वाईमा ठेक्कापट्टा भई समीक्षा अवधिमा बर्दिवास-लालबन्दी (३० कि.मी.) खण्डको ९ कि.मी.मा रेल्वे ट्र्याकवेड, कल्भर्ट तथा पुलहरूको निर्माण सम्पन्न भएको छ । भारत सरकारको सहयोगमा प्रथम चरणमा १८ कि.मी. लामो बथनाहा-कटहरी तथा ६९ कि.मी. लामो जयनगर-जनकपुर-विजलपुरा-बर्दिवास निर्माणाधीन रेलमार्गको ७० प्रतिशत कार्य सम्पन्न भएको छ ।

११.१४ बर्दिवास-काकरभिट्टा खण्ड र ईटहरी-बिराटनगर लिङ्कको (२ सय ६२ कि.मी.) को विस्तृत आयोजना प्रतिवेदन तयार हुँदैछ । बुटवल-गड्डाचौकी खण्ड (४ सय २१ कि.मी.) को विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि परामर्शदाता छनौट कार्य अन्तिम चरणमा पुगेको छ । निजगढ-हेटौंडा-भरतपुर हुँदै नवलपरासी खण्ड (१ सय ३५ कि.मी.) को सम्भाब्यता अध्ययन भएको छ । रसुवागढी-काठमाडौं-पोखरा-लुम्विनी रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन दुई वर्षमा तयार गर्ने कार्य आरम्भ भएको छ ।

## राष्ट्रिय गौरवका आयोजना

११.१५ समीक्षा अवधिमा मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजनाको ७३ कि.मि. ग्राभेल, ७.५ कि.मि. कालोपत्रे तथा ६ वटा पुलको निर्माण सम्पन्न भएको छ । हुलाकी राजमार्ग आयोजनाको ५.५ कि.मि.कालोपत्रे सम्पन्न भएको र ४ सय २५ कि.मि. सडक स्तरोन्नतिको लागि ठेक्का व्यवस्थापन भएको छ तथा ३ वटा पुलको Foundation कार्य सम्पन्न भएको छ । उत्तर दक्षिण लोकमार्ग अन्तर्गत कालीगण्डकी कोरिडोरको १.२ कि.मि. ट्र्याक तथा २.३ कि.मि. ग्रावेल स्तरमा निर्माण सम्पन्न भएको छ । कर्णाली कोरिडोरको हिल्सा-सिमिकोट खण्ड २.५ कि.मि., कोशी कोरिडोरको ५.५ कि.मि., महाकाली लोकमार्गको १ कि.मि. र सेती लोकमार्गको ९.५ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ । भेरी र रासी कोरिडोरको अध्ययन कार्य सुरु भएको छ भने भेरी कोरिडोरको दुनै-मरिम-तिञ्जे-धोको खण्डमा २.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ। काठमाडौं-तराई/मधेश फास्ट ट्र्याक सडक आयोजनाको निर्माणको लागि नेपाली सेनालाई हस्तान्तरण गर्ने सम्बन्धी कार्य भइरहेको छ ।

## सूचना तथा सञ्चार

११.१६ सूचना र प्रविधिको लागि हुलाक, दूरसञ्चार, मुद्रण, छापा तथा विद्युतीय सञ्चार र चलचित्र क्षेत्रसँग सम्बन्धित राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिवद्धता, नेपालको आवश्यकता अनुरूप सूचना प्रवाहमा प्रभावकारीता ल्याउने एवं ग्रामीण क्षेत्रसम्म सूचना तथा सञ्चार क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्यअनुरूप कार्यक्रम कार्यान्वयनमा छन् । राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र गोरखापत्र संस्थानको महत्त्वपूर्ण तथ्याङ्क र कागजातहरू डिजिटाईजेसन कार्य सुरु भएको छ । सञ्चार तथा बिज्ञान प्रविधि अनुसन्धान प्रयोजनका लागि आफ्नै भु-उपग्रह स्थापना गर्ने कामको थालनी भएको छ ।

११.१७ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा दर्ता भएका ६४ वटा एफ.एम. रेडियो समेत गरी हालसम्म ७ सय ३६ वटा एफएम रेडियोले अनुमति पाएकोमा ५ सय ९६ वटाबाट नियमित प्रशारण भएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा दर्ता भएका १० वटा समेत १ सय ३ वटा टेलिभिजन च्यानलहरूले प्रशारणको अनुमति लिएकोमा २८ वटाबाट मात्र नियमित प्रशारण भइरहेको छ । दर्ता भएका डाउनलिङ्क मध्ये कुल १ सय ८५ वटा नवीकरण भएका छन् । आर्थिक वर्ष २०६९/७० देखि हालसम्म कुल ९ सय ४९ कथानक चलचित्र, ५ सय ३५ विज्ञापन चलचित्रको जाँचपास भएको र ४ सय ३१ चलचित्र छायांकन भएका छन् ।

११.१८ अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३, राष्ट्रिय आमसञ्चार नीति, २०७३, पत्रकार आचारसंहिता, २०७३, सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३

कार्यान्वयनमा छ । सञ्चार संग्रहालय तथा आमसञ्चार अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७३ तर्जुमा भएको छ । एनालग प्रणालीमा सञ्चालित केबुललाई २०७५ वैशाख १५ सम्ममा डिजिटल प्रविधिमा रूपान्तरण गर्ने लक्ष्य अनुरूप काम भएको छ ।

**तालिका ११ (ज) : श्रव्य दृश्यसम्बन्धी ईजाजत संख्या**

| बिवरण | आर्थिक वर्ष | | | | | | हाल सम्म को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ सम्म | २०६९/७० सम्म | २०७०/७१ सम्म | २०७१/७२ सम्म | २०७२/७३ सम्म | २०७३/७४* | |
| एफ.एम.रेडियो | ४७५ | ५१२ | ५६७ | ६३८ | ६७२ | ६४ | ७३६ |
| एफ.एम.रेडियो नियमित प्रसारण | ३२८ | ३७२ | ४२३ | ५४७ | ५५८ | ३१ | ५९६ |
| टेलिभिजन | - | ४९ | ७८ | ८२ | ८८ | १० | १०३ |
| टेलिभिजन नियमित प्रसारण | १८ | २३ | २४ | २५ | २५ | ३ | २८ |
| केबुल टेलिभिजन | ७४४ | ७७३ | ८२७ | ८५१ | ८५३ | ० | ८५३ |
| डिटिएच | १ | १ | १ | १ | १ | १ | २ |
| डाउनलिंकको इजाजत | ८४ | ८४ | ९३ | १३३ | १६२ | २३ | १८५ |
| VHF/UHF Transmitter | - | ३८ | १७५ | ३७९ | ६०८ | १८२ | ७९० |
| रेडियो यन्त्र बिक्री वितरण | - | २० | ३७ | ६० | १०० | ३८ | १३८ |
| कथानक चलचित्र जाँच पास | १८२ | १९५ | २२२ | १९६ | १२८ | १३६ | ९४९ |
| विज्ञापन चलचित्र जाँचपास | १७५ | १४४ | १३२ | ९३ | ६६ | ६७ | ५३५ |
| विदेशी चलचित्र छायांकन# | ६६ | ८२ | ८७ | ९३ | ७१ | ६१ | ४३१ |

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय,

* प्रथम आठ महिनाको

## हुलाक सेवा

११.१९ विक्रम सम्वत् १९३५ मा स्थापित हुलाक सेवामा हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरूबाट चिट्ठीपत्र, पुलिन्दा ओसारपसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक बचत बैंक सञ्चालन, धनादेश सेवा, Same Day Delivery सेवा, द्रुत डाँक सेवा र e-post, टेलिसेण्टर जस्ता विभिन्न सेवाहरू सञ्चालनमा छन् ।

११.२० एक गोश्वारा हुलाक, ५ केन्द्रीय कार्यालय, ५ क्षेत्रीय हुलाक निर्देशनालय, ७० जिल्ला हुलाक कार्यालय, ८ सय ४२ ईलाका हुलाक कार्यालय (हिमाली क्षेत्रमा १ सय ७०, पहाडी क्षेत्रमा ३ सय ७२ र तराईमा ३ सय), ३ हजार ७४ अतिरिक्त हुलाक कार्यालय (हिमाली क्षेत्रमा ४ सय ९२, पहाडी क्षेत्रमा १ हजार ५ सय ४१ र तराईमा १ हजार ४१), हुलाक बचत बैंक सञ्चालनमा रहेका हुलाक संख्या १ सय १७, धनादेश सेवा सञ्चालन भएका हुलाक संख्या ७९ र ७३ जिल्लामा ४ सय १ टेलिसेन्टरहरू सञ्चालनमा छन् । चिठीपत्र, विभिन्न वस्तुहरू, पुलिन्दा, बुकपोष्ट, पत्रपत्रिकाहरू, द्रुत डाँकसेवा लगायत विभिन्न हुलाक वस्तुहरू तथा धनादेश र बचत बैंक सेवाहरू प्रवाह भएका छन् ।

## दूरसञ्चार सेवा

११.२१ दूरसञ्चार सेवा प्रदायक तथा सेवा प्रयोगकर्ताको संख्या वृद्धि भएको छ । नवीन, अत्याधुनिक प्रविधियुक्त दूरसञ्चार सेवाहरू उपलब्ध हुन थालेको कारणले यस क्षेत्रको सेवामा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/७३ मा जम्मा टेलिफोन ग्राहक संख्या ३ करोड १४ लाख ६१ हजार ३ सय ७८ पुगी टेलिफोन प्रयोगकर्ताको घनत्व ११८.७५ प्रतिशत पुगेको छ । समीक्षा अवधिसम्म जम्मा टेलिफोन ग्राहक संख्या ३ करोड ४५ लाख ३४ हजार २ सय ८० पुगी टेलिफोन प्रयोगकर्ताको घनत्व १३०.३५ प्रतिशत पुगेको छ ।

**तालिका ११ (झ) : दूरसञ्चार सेवाको अवस्था**

| **सेवाको किसिम** | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१।७२ | २०७२।७३ | २०७३/०७४* |
|---|---|---|---|---|---|---|
| **कुल टेलिफोन संख्या** | **१,६९,७१,४७७** | **२,१३,३२,२७८** | **२,४५,५६,५७२** | **२,८१,०५,९७१** | **३,१४,६१,३७८** | **३,४५,३४,२८०** |
| **टेलिफोन घनत्व** | **६३.७६** | **८०.५१** | **९२.६८** | **१०६.०८** | **११८.७५** | **१३०.३५** |
| पिएसटिएन | ८,३९,७१० | ८,५०,६१० | ८,२९,४१३ | ८,४५,०२८ | ८,५२,०६९ | ८,६०,५८३ |
| मोबाइल | १,५३,३४,४१३ | १,७९,९६,१२५ | २,२०,५२,६०२ | २,६४,२०,६४५ | २,९७,६२,१५५ | ३,२८,२६,३८९ |
| लिमिटेड मोविलिटि | १०,८०,४०५ | १५,४६,६९७ | १६,७२,८१५ | ८,३८,५५६ | ८,४५,४१२ | ८,४५,५६६ |
| जिएमपिसिएस | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ |
| **कुल इन्टर्नेट ग्राहक** | **४९,४४,४७९** | **६९,१६,१३८** | **८७,८२,९३६** | **१,१५,६९,२९४** | **१,३७,८४,६१८** | **१,५३,८८,७७०** |
| **इन्टर्नेट घनत्व** | **१८.९४** | **२६.१** | **३३.१५** | **४३.६७** | **५२.०३** | **५८.०८** |
| एडिएसएल इन्टर्नेट | ९५,६२३ | १,१४,५३४ | १,२८,३०७ | १,३४,७२९ | १,७७,९७२ | १,८१,३३१ |
| जिपिआरएस | ४६,८३,९२१ | ६४,७६,१३६ | ८३,४१,१७६ | १,१०,८८,२७५ | १,३२,२७,७८१ | १,४७,८८,३३५ |
| CDMA 1X, EVDO | १,८८,२१९ | २,३२,२४८ | १,९३,३१७ | १,९८,५५६ | १,९९,७२० | १,९९,७७२ |
| WiMAX | | २,५६६ | ९,२९९ | १३,३०६ | १६,३९२ | १६,४१९ |
| DialUp (PSTN + ISDN) | १५,०७९ | १५,३८० | - | १०,२९४ | ८,१२५ | ५,१४६ |
| Wireless Modem Optical Fibre Ethernet | ४६,६०२ | ५६,९०० | - | ५२,१३२ | ४७,९४२ | ५६,५४४ |
| Cable Modem | १७,९६८ | १८,३७४ | - | ७१,९८९ | १,०६,६७३ | १,४१,२१० |
| VSAT Based Internet | - | - | - | १३ | १३ | १३ |

स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण

*प्रथम आठ महिनासम्मको

११.२२ आधारभूत टेलिफोन प्रयोगकर्ताको संख्या ८ लाख ६० हजार ५ सय ८३ र मोवाईल फोन प्रयोगकर्ताहरूको संख्या ३ करोड २८ लाख २६ हजार ३ सय ८९ पुगेको छ । ७५ वटै जिल्लामा मोबाइल सुविधा पुगेको छ । नेपालको ९० प्रतिशत भू-भागमा मोबाईल सेवाको पहुँच पुगेको छ । इन्टरनेट प्रयोगकर्ताको संख्या १ करोड ५३ लाख ८८ हजार ७ सय ६० पुगेको छ । यसको घनत्व ५८.०८ प्रतिशत रहेको छ । ७२ वटा जिल्लामा ब्रोडव्याण्ड सेवा पुगिसकेको छ।

**तालिका ११ (ञ) : वितरित कुल टेलिफोन संख्या**

| सेवा प्रदायक | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| नेपाल दूरसञ्चार कम्पनी लि. | २०,७८,८२१ | ३२,७७,६६७ | १,०९,०३,३४४ | १,२९,८१,९४२ | १,५०,१४,४३४ | १,६९,२१,४०३ |
| युनाइटेड टेलिकम लि. | ७६,३२९ | ९५,६७५ | ५,०८,८४१ | ५,२४,७६८ | ५,२६,६८९ | ५,२६,८५७ |
| एनसेल प्रा.लि. | २८,१३,८२४ | ३४,५६,९७५ | १,१९,२४,५५२ | १,२९,०५,५१३ | १,४१,४५,७५८ | १,५२,१५,७०१ |
| एस.टि.एम. टेलिकम प्रा.लि. | ५,३६३ | ५,३८५ | ३,०९५ | २,९८७ | २,९८७ | २,९८७ |
| नेपाल स्याटलाइट टेलिकम प्रा. लि. | १,४९,७०८ | १,४९,६९८ | १,५०,००० | ३,६६,४६३ | ३,७१,६६८ | ३,७१,६६८ |
| स्मार्ट टेलिकम प्रा.लि. | ५,७६,५०३ | ७,५३,२५४ | १०,६४,९९८ | १३,२२,५५६ | १३,९८,१०० | १४,९३,९२२ |
| अन्य | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ | १,७४२ |
| जम्मा | ५७,०२,२९० | ७७,४०,३९६ | २,४५,५६,५७२ | २,८१,०५,९७१ | ३,१४,६१,३७८ | ३,४५,३४,२८० |

स्रोतः नेपाल दूरसञ्चार प्राधिकरण

*प्रथम आठ महिनासम्मको

## राष्ट्रिय सूचना आयोग

११.२३ राष्ट्रिय सूचना आयोगले नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम विभिन्न प्रवर्द्धनात्मक र उपचारात्मक भूमिका निर्वाह गर्दै आएको छ ।

## छापा सञ्चार (सूचना सम्प्रेषण)

११.२४ सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभाग, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति र प्रेस काउन्सिल नेपालले छापा सञ्चारमाध्यबाट सूचना सम्प्रेषणको कार्य गरिरहेका छन् । गोरखापत्र संस्थानले गोरखापत्र राष्ट्रिय दैनिक, द राइजिङ नेपाल दैनिक, शुक्रबार साप्ताहिक पत्रिका, मधुपर्क मासिक पत्रिका, युवामञ्च मासिक पत्रिका र मुना मासिक पत्रिका प्रकाशन गरी राष्ट्रको मुखपत्रको रूपमा नागरिकलाई सुसूचित गर्ने कार्य भएका छन् । नयाँ नेपाल निर्माण अभियान अन्तर्गत विभिन्न ३७ वटा राष्ट्रिय भाषामा समाचार लेख रचना आदि प्रकाशन गरिदै आएको छ ।

## सूचना विभाग

११.२५ सरकारी सूचना र पत्रकार एवं पत्रपत्रिकाको व्यवस्थापनको जिम्मेवारी नेपाल सरकारले सूचना विभागलाई दिएको छ । सूचना प्रविधिको अभूतपूर्व परिवर्तनले सूचना र पत्रकारिताको क्षेत्रमा आमूल परिवर्तनको माग गरेको छ । जनताको सूचनाको हकलाई वास्तविक रूपमा चरितार्थ गर्न, पत्रकारिताको विकास गर्न, सूचना विभागलाई सूचना बैंकको रूपमा स्थापना गर्न सूचना भण्डार (सूचना बैंक) को स्थापना गर्ने एवं जनचेतनाका सूचना प्रवाह गर्न केन्द्रित रही कार्यक्रम सञ्चालन गरिएको छ ।

**तालिका ११ (ट) : दर्ता भएका पत्रपत्रिकाहरूको तुलनात्मक विवरण**

| किसिम | २०६८/६९ सम्म | २०६९/७० सम्म | २०७०/७१ सम्म | २०७१/७२ सम्म | २०७२/७३ सम्म | २०७३/७४* सम्म |
|---|---|---|---|---|---|---|
| दैनिक | ४२६ | ५८२ | ५९९ | ६२२ | ६७६ | ६७६ |
| अ. साप्ताहिक | २४ | ३३ | ३४ | ३२ | ३३ | ३३ |
| साप्ताहिक | २२१३ | २५३६ | २५९४ | २६५७ | २८०३ | २८०४ |
| पाक्षिक | ४०८ | ४३२ | ४४२ | ४५१ | ४६३ | ४६३ |
| मासिक | १९८१ | २०१४ | २०६१ | २११५ | २२१४ | २२१४ |
| द्वैमासिक | २३७ | ३३७ | ३४१ | ३४९ | ३६४ | ३६४ |
| त्रैमासिक | ५१८ | ५६४ | ५७८ | ५९० | ६०९ | ६०९ |
| चौमासिक | २९ | ३१ | ३१ | ३१ | ३५ | ३५ |
| अ.वार्षिक | ७२ | ७८ | ८० | ८४ | ८२ | ८२ |
| वार्षिक | ८३ | ८३ | ८७ | ८८ | ९० | ९० |
| **जम्मा** | **५९९१** | **६६९०** | **६८४७** | **७०१९** | **७३६९** | **७३७०** |

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

*प्रथम आठ महिनासम्मको प्रगति

११.२६ भाषागत रूपमा नेपाली, अंग्रजी, नेपाली/अंग्रेजी, नेवारी, संस्कृत, हिन्दी, मैथिली, भोजपुरी, उर्दु, लिम्बु, तिब्बती, थारू, डोटेली, तामाङ्ग, राई र अन्य भाषामा प्रकाशन हुने पत्रपत्रिका सूचना विभागमा दर्ता भएका छन् । त्यस्ता पत्रपत्रिकाको संख्याको कुल (cumulative) विवरण आर्थिक वर्ष २०६९/७० सम्ममा ६ हजार ६ सय ९०, आर्थिक वर्ष २०७०/७१ सम्ममा ६ हजार ८ सय ४७, आर्थिक वर्ष २०७१/७२ सम्ममा ७ हजार १९, आर्थिक वर्ष २०७२/७३ सम्ममा ७ हजार ३ सय ६९ र आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा ७ हजार ३ सय ७० रहेको छ । दर्ता भएका पत्रपत्रिकामध्ये करिब ६८ प्रतिशत नेपाली, ७ प्रतिशत अङ्ग्रेजी र १८ प्रतिशत नेपाली/अङ्ग्रेजी भाषा रहेका छन् ।

## प्रेस काउन्सिल नेपाल

११.२७ स्वस्थ एवं मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण श्रृजना गर्ने, प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र नेपाल

सरकार बीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने, सार्वजनिक नैतिकता र नागरिकको मर्यादा कायम राख्न लगाउने र प्रेसको स्वतन्त्रता एवं पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिने जस्ता कामहरू भएका छन् । सञ्चार माध्यमलाई अनुगमन गर्ने काम भएको छ । विद्युतीय छापा सञ्चार माध्यमको पत्रकार आचारसंहिता अनुगमनका लागि आवश्यक उपकरण समेत जडान गरिएको छ । पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर नागरिकले उजुरी दिने व्यवस्था समेत छ ।

## राष्ट्रिय समाचार समिति

११.२८ निष्पक्ष र तथ्यपरक सूचना मार्फत जनतालाई सुसूचीत गराउन देशभरका सञ्चालित पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन र विद्युतीय अनलाईन जस्ता सञ्चार माध्यमलाई हरेक दिन विहान ६ वजेदेखि ११ वजेसम्म न्यूजलाइन सफ्टवेयर मार्फत् अविछिन्न सेवा उपलब्ध भएको छ । समाचारलाई वस्तुगत रूपमा सबै जिल्लाबाट सङ्कलन गर्ने र तिनीहरूलाई बिना अवरोध संप्रेषण गर्ने गरिएको छ । आफ्नो सेवालाई विविधिकरण गर्न सेवाग्राहीलाई न्यूजलाइन मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार र फोटो सेवा उपलब्ध गराउँदै आएको छ । साथै एफ. एम. सेवाग्राहीलाई सहयोग गर्न भ्वाईस क्लिप सेवा उपलब्ध गराइरहेको छ ।

## गोरखापत्र संस्थान

११.२९ नेपाली पत्रकारिताको श्री गणेश तथा नेपाली वाङ्गमयको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको गोरखापत्रबाट ५ वटा सह-प्रकाशन प्रकाशित हुँदै आएका छन् । नेपाली भाषा बाहेक नेपालभित्र बोलिने विभिन्न जातिका ३० भाषामा वहुभाषिक पृष्ठ प्रकाशन गरी विश्वकै सबैभन्दा बढी भाषामा प्रकाशन गर्ने दैनिकको रूपमा स्थापित भएको छ । गोरखापत्र दक्षिण एसियामा नै १ सय वर्ष भन्दा बढी निरन्तर प्रकाशन हुने ६ वटा दैनिक पत्रिका मध्येमा पर्दछ ।

## नेपाल टेलिभिजन

११.३० नेपाल टेलिभिजनका तीनवटा च्यानलबाट (राष्ट्रिय प्रसारण, एन.टि.भि. प्लस र समाचार च्यानल) २४ सै घण्टा समाचार, सूचना, तथा विविध कार्यक्रमहरू प्रसारण भएका छन् । विभिन्न १९ स्थानमा प्रसारण केन्द्रहरू स्थापना गरी आफ्नो भू-सतही प्रसारण सेवा पुऱ्याएको छ । नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणको पहुँच जनसंख्याको ७२ प्रतिशत र भौगोलिक हिसाबले ५० प्रतिशत रहेको छ । एन.टि.भि. प्लसको प्रसारण पहुँच जनसंख्याको ४० प्रतिशत र भौगोलिक हिसाबले २५ प्रतिशत रहेको छ । स्याटेलाईट मार्फत् मुलुकभर र विश्वका १ सय ४९ मुलुकमा नेपाल टेलिभिजन हेर्न सकिन्छ ।

## रेडियो नेपाल

११.३१ २४ सै घण्टा प्रशारण सेवा सुरु गरेको रेडियो नेपालको प्रसारण पहुँच ८७ प्रतिशत जनसंख्या र ९० प्रतिशत भू-भागमा पुगेको छ । भाषिक दृष्टिले रेडियो नेपालको केन्द्रीय प्रसारणबाट ८ सहित जम्मा २१ भाषामा समाचार तथा मनोरञ्जनात्मक तथा चेतनामूलक कार्यक्रम प्रसारण भएका छन् ।

## मुद्रण विभाग

११.३२ नेपाल सरकारको सूचनाको रूपमा प्रकाशन हुने राजपत्र निरन्तर प्रकाशन भएको छ । विक्रम सम्वत् २००८ सालदेखि २०७३ साल सम्मका राजपत्रको विद्युतीय अभिलेखीकरण गरिएको छ । हालसम्मका सम्पूर्ण राजपत्र अनलाइनबाटै पाउन सकिने तथा नयाँ प्रकाशन भएका राजपत्र पनि २४ घण्टा भित्रै अनलाइन मार्फत पाउने व्यवस्था गरिएको छ ।

## चलचित्र क्षेत्र

११.३३ चलचित्रको विकास तथा प्रवर्द्धन गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने गराउने, यसका स्रष्टा सर्जक तथा साधकलाई पुरस्कृत एवं सम्मानित गर्ने, निजी क्षेत्रलाई स्तरीय चलचित्र निर्माण तथा प्रदर्शनका लागि प्रोत्साहित गर्ने, राष्ट्रको मौलिक कथा, कला संस्कृति, भाषा, साहित्यलाई चलचित्रमार्फत् प्रवर्द्धन गर्ने नीति रहेको छ ।

**तालिका ११ (ठ) : चलचित्र क्षेत्रको स्थिति**

| शीर्षक | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| नेपाली (सेल्यूलाईड, डिजिटल र भिडियो) कथानक चलचित्र निर्माण ईजाजत प्रदान | १२९ | १८३ | १४३ | १६१ | ११६ |
| विज्ञापन चलचित्र निर्माण इजाजत | ५० | ४२ | ४५ | ३७ | २३ |
| स्वदेशी वृत्तचित्र निर्माण इजाजत | ८ | १८ | १९ | २३ | ११ |
| स्वदेशी चलचित्र जाँचका लागि सिफारिस | ९९ | ८५ | ९४ | १०९ | ६६ |
| चलचित्र निर्माणसम्बन्धी उद्योग दर्ता सिफारिस | २३ | २९ | २३ | १८ | १४ |
| विदेशी निर्माताले बृत्तचित्र तथा चलचित्र निर्माण गर्न उपकरण आयात गर्दा बोर्डको जमानतमा राखि ल्याउन लैजान सिफारिस | ४५ | ५९ | ६६ | ७८ | ३६ |
| चलचित्र प्रदर्शन इजाजत नयाँ (हाइभिजन/सेल्यूलाइड) | ६ | ७ | ११ | ८ | ११ |
| चलचित्र प्रदर्शन इजाजत नवीकरण (हाइभिजन/सेल्यूलाइड) | १५ | ४५ | ३८ | १५ | १० |
| विदेशी चलचित्र जाँचका लागि केन्द्रीय जाँच समितिमा सिफारिस | ७७ | ११४ | ९६ | ८२ | ६२ |
| चलचित्र प्रदर्शन सम्बन्धी उपकरण आयात सिफारिस | १६ | -- | २३ | २५ | १५ |
| च्यारिटी सो प्रदर्शन स्वीकृति | १४ | ३४ | २१ | ४ | ४ |
| चलचित्र वितरण इजाजत नयाँ जारी | ५ | १५ | ५ | ११ | ४ |
| चलचित्र प्रदर्शनसम्बन्धी उद्योग दर्ता सहमति | २ | १२ | -- | २ | ३ |
| स्वदेशी चलचित्रको विदेश प्रदर्शन सिफारिस | ५ | ४ | ८ | ३ | -- |
| चलचित्र वितरण इजाजत नवीकरण | १ | १ | -- | -- | --- |

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय *प्रथम आठ महिनाको

११.३४ नेपाललाई एक आकर्षक अन्तर्राष्ट्रिय चलचित्र केन्द्रको रूपमा विकास गर्न दोलखा जिल्लाको लाकुरी डाँडामा करिब ७६ हेक्टर जग्गामा सुविधा सम्पन्न चलचित्र नगरी निर्माणको लागि जग्गाको भोगाधिकार प्राप्त भएको छ । साथै, चलचित्र नगरीको गुरूयोजना तयारीको कार्य अघि बढाइएको छ । चलचित्र भवनहरूमा ई-टिकेटिङ्सहित बक्स अफिस स्थापना गर्ने कार्यको थालनी भएको छ । औद्योगिक नीति, २०६७ मा चलचित्रलाई सेवामूलक उद्योगमा समावेश गरेको छ ।

## भूकम्प पछिको पुनर्निर्माण

११.३५ भूकम्प अति प्रभावित ४ जिल्ला रसुवा, नुवाकोट, काभ्रेपलान्चोक र सिन्धुपाल्चोकका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा गाउँपालिकासम्म ब्रोडब्याण्ड पुऱ्याउनका लागि नेपाल टेलिकम मार्फत कार्य अगाडि बढाइएको छ । भूकम्प अति प्रभावित बाँकी ७ जिल्लाका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा गाउँपालिकासम्म ब्रोडब्याण्ड पुऱ्याउनका लागि टेण्डर भएको बाँकी ६१ जिल्लाको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा गाउँपालिकासम्म ब्रोडब्याण्ड पुऱ्याउनका लागि विभिन्न प्याकेजमा काम गर्ने गरी कार्य भइरहेको छ ।

## विज्ञान तथा सूचना प्रविधि

११.३६ वैज्ञानिक ज्ञानको अभिवृद्धि तथा प्रवर्द्धन गरी विज्ञान र प्रविधि क्षेत्रको विकासमा योगदान पुऱ्याउने, विद्युतीय सरकारको माध्यमबाट सुशासनलाई टेवा पुऱ्याउने, सूचना प्रविधिको प्रयोगलाई ग्रामीण तहसम्म पुऱ्याई सामाजिक विकासमा यसको अधिकतम उपयोग गर्ने, सूचना प्रविधि क्षेत्रको आवश्यक जनशक्ति विकास गर्ने उदेश्यले विज्ञान तथा प्रविधिको क्षेत्रमा देशभित्रै आनुवांशिक (डिएनए) परीक्षणको व्यवस्था, विधि विज्ञान सेवाको विस्तार, अनुसन्धानशालाको सुदृढीकरण, वृक्षचक्रको अध्ययन प्रारम्भ, प्रतिभा पलायनको न्यूनीकरण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विभिन्न उद्योग तथा शैक्षिक एव अनुसन्धानात्मक संस्थालाई आवश्यक पर्ने प्रविधि सम्बन्धी सूचना प्रवाह र प्रविधि हस्तान्तरण सम्बन्धी कार्यहरू भएका छन् । विज्ञान प्रविधि नीति, २०६१; राष्ट्रिय परमाणु नीति, २०६४; विद्युतीय कारोबार ऐन, २०६३; र विद्युतीय कारोबार नियमावली, २०६४ कार्यान्वयनमा छन् ।

११.३७ परमाणविक पदार्थको नियमन गर्ने प्रभावकारी व्यवस्था मुलुकमा हालसम्म पनि नभएकाले परमाणविक पदार्थको उत्पादन, उपयोग, भण्डारण र ओसारपसारलाई नियमन गर्ने कानूनको मस्यौदा तयार भएको छ ।

**तालिका ११ (ड) : सूचना प्रविधिसम्बन्धी सम्पादित कार्य**

| क्र.सं | कार्य | संख्या | एकाई |
|---|---|---|---|
| १ | DNS रजिष्ट्रेशन | १४५० | निकायगत |
| २ | वेभ तथा एप्लिकेशन होस्टिङ्ग | ५९६ | निकायगत |
| ३ | सरकारी ईमेल प्रदान | १४१ | निकायगत |
| ४ | सिंहदरवारभित्र ईन्टरनेट सेवा प्रदान | ५५ | निकायगत |
| ५ | सर्भर कोलोकेशन सेवा | ६४ | निकायगत |
| ६ | सिंहदरवार ई-गेटपास सिस्टम प्रदान तथा सञ्चालन | ४९ | निकायगत |
| ७ | सूचना प्रविधि सम्बन्धी तालिम प्रदान | २७०० | प्रशिक्षार्थी |

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

*प्रथम आठ महिनाको

११.३८ नेशनल पोर्टल मार्फत जारी गरिने सेवा तथा सूचनालाई अध्यावधिक गर्न सबै सरकारी निकायका पदाधिकारीलाई तालिम प्रदान गरी सम्बन्धित निकायबाटै सूचना अपलोड गर्न सकिने व्यवस्था गरिनुका साथै नेशनल पोर्टल सञ्चालन गर्न निर्देशिका तथा Government Interoperability Framework को निर्देशिका कार्यान्वयनमा छ । दैवीप्रकोप तथा अन्य आपत्कालीन अवस्थामा GIDC मा रहेका सरकारी सूचनाको सुरक्षा गर्न हेटौंडामा Disaster Recovery Center निर्माण सम्पन्न भई सञ्चालन हुने अवस्थामा पुगेको छ ।

## चुनौतीहरू

११.३९ बहुवर्षीय ठेक्का व्यवस्थापनमा कठिनाइ भएको, समयमा अख्तियारी नपुग्ने, सडक निर्माणमा सार्वजनिक खरिद ऐनको कार्यान्वयन, वातावरण प्रभाव मूल्यांकनमा ढिलाई हुने गरेको, ठेकेदारले ढिलाइ गर्ने गरेको, रूख कटान स्वीकृतिमा ढिलाइ, जग्गा प्राप्तिमा कठिनाइ, तोकिएको समयमा निर्माण कार्य नसकिनु, कर्मचारीको छिटो छिटो स्थानान्तरण, निर्माण सामग्री आपूर्तिमा अवरोध, केन्द्रीय स्तरको सडक र रणनैतिक सडकको कार्य लगायत धेरै साना आयोजना पनि मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन गर्नुपर्ने बाध्यता, नियमित मर्मत, कामको कमजोर गुणस्तरीयता जस्ता समस्या समाधान गरी दिगो र फराकिलो पूर्वाधार विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

११.४० चलचित्र क्षेत्र र दूरसञ्चार क्षेत्रमा संख्यात्मक वृद्धिका साथसाथै गुणात्मक सुधार ल्याउनुपर्ने चुनौती रहेको छ । सबै सदरमुकामसम्म अप्टिकल फाइवर पुऱ्याउने र राष्ट्रिय विकासमा सूचना प्रविधिको प्रयोगलाई विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालयसम्म पुऱ्याउन पूर्वाधारको विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

११.४१ देशको विविधतापूर्ण भौगोलिक अवस्थितिका कारण नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारण र एन.टि.भी. प्लसको भू-सतही प्रसारण विस्तार गर्नु र नीजि क्षेत्रमा खुलेका टेलिभिजन

च्यानलसँग प्रतिस्पर्धा गर्दै राष्ट्रिय प्रसारण गर्नु थप चुनौती रहेको छ । टेलिभिजनको कार्यक्रम उत्पादन, सम्पादन र प्रसारणको Analog System लाई सन् २०१७ सम्ममा आन्तरिक स्रोतबाट Digital Switch Over गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

११.४२ देशभित्र उपलव्ध युवा प्रतिभाको सीप र ज्ञानलाई स्वदेश भित्रै उपयोग गर्ने वातावरणको सिर्जना गर्ने, प्राकृतिक स्रोत साधनको उपयोगमा विज्ञान तथा प्रविधिको प्रयोगलाई विस्तार गरी प्राकृतिक स्रोतको दिगो र अधिकतम उपयोग गर्नुपर्ने चुनौती थप हुने भएकोले यसको व्यवस्थापन गर्नुपर्नेछ । हुलाक सेवा विभागबाट प्रवाह गरिने सेवाहरूमा प्रभावकारिता ल्याउनको लागि अनलाइन ट्र्याकिङ्ग प्रणालीको विकास र हुलाक सेवाको विविधिकरण गरी व्यावसायिक रूपमा सेवा प्रवाहमा वृद्धि गर्नु थप चुनौतीपूर्ण रहेको छ ।

११.४३ राष्ट्रिय सञ्चारमाध्यमको रूपमा गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालले राष्ट्रिय दायित्वको रूपमा विभिन्न भाषाभाषीको समाचार तथा कार्यक्रमहरू प्रकाशन/प्रसारण गर्दा निजी क्षेत्रमा खुलेका सञ्चार माध्यमसँग प्रतिस्पर्धा गर्दै राष्ट्रिय प्रसारणको भूमिका निर्वाह गर्नुपर्ने चुनौती रहेको छ ।

११.४४ मुलुक भित्रै सुरक्षण मुद्रणको कार्य गर्ने क्षमता विकास गर्नुपर्ने चुनौती रहेको छ ।

११.४५ संघीयताको व्यवस्थापनसँगै भौतिक पूर्वाधार विकासमा संघ, प्रदेश र स्थानीय तहको सहभागितामा विकासको व्यवस्थापन र स्रोतको सुनिश्चितता चुनौतीको रूपमा रहेको छ ।

# १२. सुशासन, सामान्य प्रशासन र शान्ति तथा पुनर्निर्माण

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाई सार्वजनिक सेवा सुविधामा सबै नागरिकको समान र सहज पहुँचको सुनिश्चतता नै सुशासन हो । सुशासनका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५, भ्रष्टाचार विरुद्धको कार्ययोजना, हेलो सरकार तथा गुनासो व्यवस्थापन र तत्काल सुधार कार्ययोजना, २०७२ लगायतका विधि र प्रणाली कार्यान्वयनमा रहेका छन् । तथापि, सार्वजनिक सेवाले आमनागरिकको विश्वास एवं भरोसा प्राप्त गर्न नसकेको गुनासो रहेको छ । अतः संघीयतामा सुशासनको सवलीकरणको लागि प्रविधिमैत्री र उच्च मनोवलयुक्त जनशक्तिबाट सार्वजनिक सेवा सञ्चालन गर्नुपर्ने हुन्छ ।

## सुशासन

१२.१ पारदर्शिता, जवाफदेहिता र कानूनी शासनको प्रत्याभूतिसहित नागरिकको सहभागितामा सञ्चालित समतामूलक शासन व्यवस्था कायम गर्ने उद्देश्यले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ र तत्काल सुधार कार्ययोजना, २०७२ को कार्यान्वयनबाट सुशासन प्रवर्द्धनमा टेवा पुगेको छ ।

१२.२ कानूनको प्रयोगमा सबै नागरिक समान भए पनि सीमान्तकृत, अल्पसंख्यक र पछाडि परेका नागरिकलाई संरक्षणको माध्यमबाट राज्यका हरेक गतिविधिमा सहभागिता गराइएको छ ।

१२.३ नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचनाको लागि आवश्यक नीतिगत, कानूनी, संरचनागत, जनशक्ति एवं वित्तीय व्यवस्थापन तथा प्रणालीगत अन्तरसम्बन्धको आवश्यक व्यवस्था गरी कार्य सम्पन्न गर्न उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना निर्देशक समिति र संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना समन्वय समितिबाट कार्य अगाडि बढिरहेको छ ।

१२.४ नेपालको संविधान तथा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण गरी तयार भएको प्रतिवेदनबाट समग्र पुनसंरचनाको आधार तयार भएको छ । सो बमोजिम संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन संरचना, जनशक्ति व्यवस्थापन, भौतिक र वित्तीय स्थितिको प्रबन्ध मिलाउन संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचनाको खाका तयार गर्ने कार्य अगाडि बढाइएको छ ।

१२.५ हेलो सरकार कक्षबाट अति जरूरी तत्कालै सम्बोधन गर्नुपर्ने गुनासाहरू सम्बोधन हुने क्रम निरन्तर छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्म कुल ५९ हजार ५६ वटा गुनासो, सुझाव तथा सूचनाहरू प्राप्त भएका छन् । सोको फछ्र्यौटको दर ७५ प्रतिशत रहेको छ । २०७२ जेष्ठ २५ देखि हेलो सरकारको फेसबुक पेज सञ्चालन भएको छ । २०७२ पौष २७ गतेदेखि हेलो सरकारलाई थप प्रभावकारी पार्ने उद्देश्यले ट्वीटरमा खाता खोलेर गुनासा लिन थालिएको र ट्वीटरका गुनासा/सुझावहरू समेत हेलो सरकारको मासिक प्रगतिमा समावेश गर्न थालिएको छ । साथै, आगामी दिनमा मोबाइल APPS प्रणाली मार्फत गुनासा फछ्र्यौट गर्ने कार्यक्रम रहेको छ ।

१२.६ भ्रष्टाचार विरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित कार्य सम्पादन व्यवस्थापन प्रणाली, विभागीय प्रमुखसँगको कार्य सम्पादन मूल्यांकन समितिहरू, हेलो सरकार तथा गुनासो व्यवस्थापन, केन्द्रदेखि जिल्लासम्म विभिन्न अनुगमन तथा राष्ट्रसेवक कर्मचारीको आचारसंहिता जस्ता कार्यक्रमहरू थप प्रभावकारिताका साथ सञ्चालन गरिएका छन् ।

१२.७ "समृद्ध नेपालको लागि दिगो आर्थिक विकासको तत्कालीन कार्यान्वयन कार्ययोजना २०७३" को प्रभावकारी कार्यान्वयनको लागि अनुगमन तथा निरीक्षण गर्न गठित टोलीले विकास निर्माण, सेवा प्रवाह, राजश्व परिचालन, आपूर्ति व्यवस्थापन र समष्टिगत अर्थतन्त्रसँग सम्बन्धित क्षेत्रको अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गरिसकेको छ ।

१२.८ सरकारी कार्यालयमा सूचना प्रविधिको प्रयोगमा विस्तार गर्न, लोकसेवा आयोगको पाठ्यक्रममा सूचना प्रविधिसम्बन्धी विषय समावेश गरिएको, परीक्षा लिने सबै पदको दरखास्त विद्युतीय प्रणालीबाट अनलाईन लिन सुरु गरिएको छ । निश्चित अवधिभित्र सबैको लागि तालिम व्यवस्था मिलाउन विभिन्न तालिम प्रदायक संस्थाबाट प्रदान गरिने तालिमलाई समसामयिक र व्यवहारिक बनाउदै लगिएको छ ।

१२.९ "गरिबका लागि सरकार" कार्यक्रम सञ्चालन गर्नका लागि कार्ययोजना तर्जुमा गरी स्वीकृत गरिएको छ । गरिब घर परिवारका लागि परिचयपत्र वितरण गरी बिपन्न नागरिकलाई सेवा प्रवाहमा प्राथमिकता दिने तयारी गरिएको छ ।

१२.१० नागरिकता, राहदानी, भूमि प्रशासन, वैदेशिक रोजगार, ड्राइभिङ्ग लाईसेन्स जस्ता जनताको बढी सरोकार हुने सेवा प्रवाहलाई सरल, पारदर्शी र छिटो छरितो बनाउने क्रममा केही मालपोत कार्यालयमा जग्गा प्रशासन सम्बन्धी Land Records Information Management System (LRIMS), यातायात व्यवस्था कार्यालयमा Electronic Driving License and Vehicle Registration System (EDLVRS) सफ्टवेयर जडान र अनलाईन सेवा सुरु गरिएको छ।

साथै, यातायात व्यवस्था कार्यालय वाग्मतीबाट नयाँ Smart Driving License Card वितरण भई रहेको छ ।

१२.११ प्रचलित नेपाल कानूनबमोजिम निवृत्तिभरण पाइरहेको व्यक्ति सार्वजनिक लाभको पदमा नियुक्ति भएमा र हाल वहाल रहेका पदाधिकारीले दोहोरो सुविधा लिएकोमा सो मध्ये बढी हुने रकम एक महिना भित्र रोज्नु पर्ने र दोहोरो सुविधा उपभोग गरेको रहेछ भने सञ्चित कोषमा दाखिला गरेपछि मात्र निवृत्तभरण अधिकार पत्र जारी हुने नीतिगत निर्णय कार्यान्वयनमा छ।

## स्थानीय सुशासन

१२.१२ संवैधानिक व्यवस्था बमोजिम २०७३ फागुन २७ देखि साविकका सबै स्थानीय निकायहरू ४ सय ८१ गाउँपालिका, २ सय ४६ नगरपालिका, १३ उपमहानगरपालिका र ४ वटा महानगरपालिका गरी जम्मा ७ सय ४४ वटा स्थानीय निकाय र ७५ जिल्ला विकास समितिहरू जिल्ला समन्वय समितिमा रूपान्तरित भइसकेका छन् । उक्त सबै निकायले सोही मितिदेखि रूपान्तरित स्थानीय तहको रूपमा सेवा प्रवाह र विकास निर्माणका कार्य गरिरहेका छन् ।

१२.१३ वर्तमान संविधानले परिकल्पना गरेअनुरूप लोकतन्त्रको लाभांश जनतासमक्ष पुऱ्याई सामाजिक न्यायमा आधारित समाजको स्थापना गर्न सुशासनलाई प्रमुख रणनीतिक औजारको रूपमा लिइएको छ । लोकतन्त्रको अभ्यासलाई तल्लो तहदेखि व्यवस्थित एवं संस्थागत गराउन ७ सय ४४ स्थानीय निकायहरूमा निर्वाचन सम्बन्धी कार्यहरू अगाडि बढाइएको छ ।

## सामान्य प्रशासन तथा सेवा प्रवाह

## स्थानीय प्रशासन

१२.१४ संघीयताको व्यवस्थापनका लागि निजामती प्रशासनबाट प्रदान भइरहेको सेवाहरूको संघीयता अनुकूल कार्यात्मक विश्लेषण (Functional Analysis) गरी मानवीय, आर्थिक तथ भौतिक साधनको व्यवस्थापन गर्ने तथा संघीयता अनुकूलको संघीय इकाईको आवश्यक खाका तथा संरचना तयार गरी कार्यान्वयनमा ल्याउन संविधानको अनुसूची बमोजिम संघ, प्रदेश र स्थानीय तहका कार्य सूचीको विस्तृतीकरण प्रतिवेदन तयार भएको छ ।

१२.१५ निजामती सेवामा सबै जात, जाति, वर्ग, लिंग र क्षेत्रका मानिसको सहभागिता/प्रतिनिधित्व बढाई यसलाई थप समावेशी बनाउन लिइएको सकारात्मक विभेद नीतिको प्रभाव अध्ययन कार्य थालिएको छ ।

१२.१६ विभिन्न समयमा भएका प्रशासन सुधार आयोग र समितिका सुझावहरूको सान्दर्भिक पक्षहरूको छनौट गरी कार्यान्वयन गर्ने निकायसमेत पहिचान गर्न उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिबाट प्रतिवेदन पेश भइसकेको छ ।

१२.१७ सार्वजनिक सेवामा सर्वसाधारणको पहुँचलाई विस्तार एवं सहज बनाउन कार्यालय समयमा वृद्धि (Extended office Hour) लाई संस्थागत एवं विस्तार गर्ने तथा निजामती सेवालाई थप पारदर्शी एवं जवाफदेही तुल्याउन क्षतिपूर्ति सहितको नागरिक वडापत्र संस्थागत एवं विस्तार गर्न निजामती सेवा ऐन, २०४९ को पाँचौ संशोधन विधेयकमा क्षतिपूर्ति सहित नागरिक बडापत्र कार्यान्वयनको कानूनी आधार समावेश गरी मस्यौदा तयार भएको छ ।

१२.१८ कर्मचारीलाई सुरु नियुक्ति/पदस्थापना सँगै कार्यविवरण दिई सोको अनुगमन गर्ने साथै, ऐन/नियममा भएको द्विअर्थि र स्वविवेकीय अधिकारको कटौती गरी कर्मचारीको जिम्मेवारी स्पष्ट गर्ने कार्य कार्यान्वयनमा ल्याइएको छ ।

१२.१९ सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरू मध्ये प्रत्येक जिल्लामा एक नमुना कार्यालय स्थापनाको लागि नमुना कार्यालय मापदण्ड-२०७३ तयार भएको छ । सरकारी सेवा र समग्र प्रशासनमा नागरिक विश्वास (Citizen Trust) लाई अभिवृद्धि गर्ने रणनीतिक सञ्चार सम्बन्धी पत्रकार र विज्ञबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

१२.२० नेपालको संविधानले सुनिश्चित गरेको समावेशी तथा सहभागितामूलक लोकतन्त्रलाई प्रभावकारी एवं व्यवहारिक कार्यान्वयनको लागि निजामती सेवामा लैंगिक तथा समावेशीमैत्री कार्य वातावरण बनाउन समावेशी मैत्री कार्य वातावरण एवं सेवा प्रवाह प्रणाली सम्बन्धी नीति, २०७३ तर्जुमाको क्रममा रहेको छ ।

१२.२१ नेपालको संविधानको धारा ३०२ बमोजिम संघीयताको व्यवस्थापनको लागि आवश्यक पर्ने कानूनको मस्यौदा तयार भएका छन् ।

१२.२२ राष्ट्रसेवक कर्मचारीलाई काम प्रति थप उत्प्रेरित बनाउन कार्यसम्पादन प्रोत्साहन कोष सञ्चालन कार्याविधि स्वीकृतिको प्रक्रियामा रहेको छ ।

१२.२३ राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रको कार्य सञ्चालन विधि, २०७२ तर्जुमा गरी लागू गरिएको छ । यसका साथै सबै क्षेत्रीय प्रशासन कार्यालय र ४९ जिल्ला प्रशासन

कार्यालयमा आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । सबै क्षेत्रीय प्रशासन कार्यालयमा क्षेत्रीय गोदामघर प्रयोगमा ल्याइएको छ ।

१२.२४ भुटानी शरणार्थीहरूलाई तेस्रो मुलुकमा पुनर्वास गराउने कार्यक्रम अन्तर्गत ३० नोभेम्वर २०१६ सम्ममा १ लाख ७ हजार ४ सय ५८ जना शरणार्थीहरू तेस्रो मुलुकमा पुर्नस्थापना भइसकेका छन् ।

**तालिका १२ (क) : तेस्रो मुलुकमा पुनर्वास भएका भुटानी शरणार्थीहरूको सङ्ख्या**

| क्र.सं. | देश | जनसंख्या |
|---|---|---|
| १ | अष्ट्रेलिया | ६१४८ |
| २ | क्यानडा | ६७६५ |
| ३ | डेनमार्क | ८७५ |
| ४ | नेदरल्याण्ड | ३२९ |
| ५ | न्युजिल्याण्ड | १०६७ |
| ६ | नर्वे | ५७० |
| ७ | वेलायत | ३५८ |
| ८ | अमेरिका | ९१३४६ |
| | जम्मा | १,०७,४५८ |




स्रोत : नेपाल सरकार, गृह मन्त्रालय ।

१२.२५ हालसम्म Criminal Information Record System (CIRS) मा १५ लाखको आपराधिक डाटा संकलन गरिसकिएको र सो डाटालाई व्यवस्थित गर्नको लागि Central Criminal Data Centre स्थापना गर्ने तयारी भइरहेको छ ।

१२.२६ समीक्षा अवधि सम्ममा लागू औषध गाँजा १ हजार ६ सय १३ किलो, चरेश ८ सय ९५ किलो, हेरोइन २ किलो, अफिम ६० किलो, कोकिन ५ किलो, ट्यावलेट ७४ हजार १ सय १, एम्पुस ६७ हजार २ सय ६६, कोरेक्श २ हजार ९ सय ७९ वोतल, सिरिन्ज ४१ पोल्याण्ड ७ किलो पक्राउ गरिएको छ।

१२.२७ मादक पदार्थ सेवन सम्बन्धी ट्राफिक कारवाही भएको नागरिक संख्या २५ हजार ४ सय ९७ देशभरका सवारी साधन कारवाही संख्या ११ लाख ७ हजार २ सय ५७ रहेको छ।

## निजामती किताबखाना

१२.२८ कर्मचारीको सम्पत्ति विवरण व्यवस्थित गर्न छुट्टै Pigeon Hole Rack बनाई कर्मचारीको सम्पत्ति विवरण राख्ने कार्य हुँदै आइरहेको छ भने केन्द्रीय फाईलिङमा रहेका फाईलहरू बारकोडबाट लिने दिने कार्यको थालनी भएको छ ।

## तालिका १२ (ख) : निजामती कर्मचारी विवरण

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७०/७१ | आर्थिक वर्ष २०७१/७२ | आर्थिक वर्ष २०७२/७३ | आर्थिक वर्ष २०७३/७४* |
|---|---|---|---|---|---|
| १ | निजामती सेवामा कार्यरत कर्मचारी | ७९६५३ | ८०१८७ | ८३२४५ | ८३६४९ |
| | काठमाडौं उपत्यका भित्र | २१५५० | २०६५९ | २१११६ | २१६०३ |
| | काठमाडौं उपत्यका बाहिर | ५८२५२ | ५९५२८ | ६२१२९ | ६२०४६ |
| | अधिकृत | १४५०१ | १९४९३ | २१०९७ | २२२८६ |
| | सहायक | २९११५ | ४०५९१ | ४३०९२ | ४३५४७ |
| | श्रेणी बिहीन | २०३१७ | २०१०३ | १८६७८ | १७८१६ |
| २ | सिटरोल दर्ता | १५५५ | ५०९६ | ५४८० | ३५३१ |
| ३ | सेवा निवृत्त कर्मचारी | १८२४ | ३१९२ | २८५५ | २३८२ |
| ४ | उपदान | ९३ | १७६ | १९१ | ११८ |

स्रोत : सामान्य प्रशासन मन्त्रालय

*पहिलो आठ महिनासम्मको

## तालिका १२ (ग) : निजामती कर्मचारी विवरण

| क्र.सं. | श्रेणीतह/ | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| १ | **श्रेणी** | ५४५७३ | ७६८५ | ६२२५८ | ८७.६६ | १२.३४ | ७४.४३ |
| | राजपत्रांकित | १३३६९ | १४६५ | १४८३४ | ९०.१२ | ९.८८ | १७.७३ |
| | विशिष्टश्रेणी | ७१ | ० | ७१ | १०० | ० | ०.०८ |
| | रा.प.प्रथमश्रेणी | ५४८ | ३१ | ५७९ | ९४.६५ | ५.३५ | ०.६९ |
| | रा.प.द्वितीय श्रेणी | ३२१५ | १७९ | ३३९४ | ९४.७३ | ५.२७ | ४.०६ |
| | रा.प.तृतीयश्रेणी | ९५३४ | १२५५ | १०७८९ | ८८.३७ | ११.६३ | १२.९ |
| | विशिष्टश्रेणी (मुख्यसचिव) | १ | ० | १ | १०० | ० | ० |
| | राजपत्र अनंकित | २४७९२ | ४८१६ | २९६०८ | ८३.७३ | १६.२७ | ३५.४ |
| | रा.प.अनं.प्रथमश्रेणी | १४५०१ | २३८८ | १६८८९ | ८५.८६ | १४.१४ | २०.१९ |
| | रा.प.अनं.द्वितीय श्रेणी | ९२३५ | २३२८ | ११५६३ | ७९.८७ | २०.१३ | १३.८२ |
| | रा.प.अनं.तृतीय श्रेणी | ८६४ | ९६ | ९६० | ९० | १० | १.१५ |
| | रा.प.अनं.चतुर्थश्रेणी | १८१ | ४ | १८५ | ९७.८४ | २.१६ | ०.२२ |
| | रा.प.अनं.पाँचौ श्रेणी | ११ | ० | ११ | १०० | ० | ०.०१ |
| | श्रेणी विहिन | १६४१२ | १४०४ | १७८१६ | ९२.१२ | ७.८८ | २१.३ |
| २ | **तह** | १२४८८ | ८९०३ | २१३९१ | ५८.३८ | ४१.६२ | २५.५७ |
| | स्वास्थ | १२२०६ | ८८९८ | २११०४ | ५७.८४ | ४२.१६ | २५.२३ |
| | अधिकृतबारौ | ० | १ | १ | ० | १०० | ० |
| | अधिकृतएघारौ | ९० | १६ | १०६ | ८४.९१ | १५.०९ | ०.१३ |
| | अधिकृत दशौं | १२६ | १९ | १४५ | ८६.९ | १३.१ | ०.१७ |
| | अधिकृत नवौं | १६२ | ४७ | २०९ | ७७.५१ | २२.४९ | ०.२५ |
| | अधिकृत आठौं | ५१५ | १६२ | ६७७ | ७६.०७ | २३.९३ | ०.८१ |
| | अधिकृतसातौं | ६५२ | १७२ | ८२४ | ७९.१३ | २०.८७ | ०.९९ |
| | अधिकृतछैटौं | ३८२९ | १३७४ | ५२०३ | ७३.५९ | २६.४१ | ६.२२ |
| | बरिस्ठपाचौ | १२६ | १७१ | २९७ | ४२.४२ | ५७.५८ | ०.३६ |
| | सहायक पाचौं | ३३९७ | २७०७ | ६१०४ | ५५.६५ | ४४.३५ | ७.३ |
| | सहायकपहिलो | | | | | | ० |
| | सहायकदोस्रो | ५ | ४० | ४५ | ११.११ | ८८.८९ | ०.०५ |
| | सहायकतेस्रो | ४१४ | १०१३ | १४२७ | २९.०१ | ७०.९९ | १.७१ |

| क्र.सं. | श्रेणीतह/ | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| | सहायक चौथो | २८९० | ३१७६ | ६०६६ | ४७.६४ | ५२.३६ | ७.२५ |
| | **न्याय** | २८२ | ५ | २८७ | ९८.२६ | १.७४ | ०.३४ |
| | न्यायाधीश, सर्वोच्च अदालत | ३ | ० | ३ | १०० | ० | ० |
| | अस्थायीन्यायाधीश, सर्वोच्च अदालत | | | | | | ० |
| | मुख्यन्यायाधीश, पुनरावेदन अदालत | १ | ० | १ | १०० | ० | ० |
| | न्यायाधीश, पुनरावेदन अदालत | ५० | ३ | ५३ | ९४.३४ | ५.६६ | ०.०६ |
| | अतिरिक्तन्यायाधीश, पुनरावेदन अदालत | ३ | ० | ३ | १०० | ० | ० |
| | जिल्लान्यायाधीश | २१७ | २ | २१९ | ९९.०९ | .९१ | ०.२६ |
| | अतिरिक्तजिल्ला न्यायाधीश | ८ | ० | ८ | १०० | ० | ०.०१ |
| | **कुलसंख्या** | ६७०६१ | १६५८८ | ८३६४९ | ८०.१७ | १९.८३ | १०० |

स्रोत : सामान्य प्रशासन मन्त्रालय

*पहिलो आठ महिनासम्मको ।

१२.२९ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्मको निजामती सेवामा कार्यरत कुल कर्मचारी सङ्ख्या ८३ हजार ६ सय ४९ मध्ये पुरूष कर्मचारी सङ्ख्या ६७ हजार ६१ र महिला कर्मचारी सङ्ख्या १६ हजार ५ सय ८८ रहेको छ ।

## जनशक्ति विकास

१२.३० नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, राजस्व प्रशासन तालिम केन्द्र, हुलाक प्रशिक्षण प्रतिष्ठान, केन्द्रीय सहकारी प्रशिक्षण प्रतिष्ठान, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, राष्ट्रिय न्यायिक प्रतिष्ठान, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, कृषि तालिम निर्देशनालय, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र ५ वटा क्षेत्रीय वन तालिम केन्द्र जस्ता संस्थाबाट विभिन्न विषयका तालिम दिई सरकारी सेवामा कार्यरत कर्मचारीको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धि गर्न सघाउ पुगेको छ ।

१२.३१ यसरी छरिएका सरकारी तालिम केन्द्रलाई प्रशासनिक पुर्नसरचनाको क्रममा पुनर्व्यवस्थित गर्न अध्ययनको लागि परामर्शदाता नियुक्त भई परामर्शदाताबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ ।

## तालिका १२ (घ) : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको विवरण

| आर्थिक वर्ष | लक्ष्य | | | प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | संख्या | प्रशिक्षार्थी संख्या | कार्यक्रम | संख्या | प्रशिक्षार्थी संख्या | |
| २०७१/०७२ | नियमित (प्रशिक्षण) | ७४ | १७३५ | नियमित | ५६ | १३२० | |
| | सशुल्क (प्रशिक्षण) | ५६ | ११२० | सशुल्क | ३० | ६२३ | |
| | **जम्मा** | **१३०** | **२८५५** | **जम्मा** | **८६** | **१९४३** | |
| २०७२/०७३ | नियमित (प्रशिक्षण) | ४६ | ११८४ | नियमित | ४३ | ११९६ | |
| | सशुल्क (प्रशिक्षण) | १४ | २६० | सशुल्क | २१ | ४६६ | |
| | **जम्मा** | **६०** | **१३४४** | **जम्मा** | **६४** | **१६६२** | |
| | अनुसन्धान | १० | | अनुसन्धान | ९ | | |
| | प्रकाशन | ८ | | | ८ | | |
| | NASC Discussion Series | १२ | ३०० | NASC Discussion Series | ९ | ३५२ | |
| | नियमित (प्रशिक्षण) | २३ | ५४६ | नियमित (प्रशिक्षण) | २२ | ६०३ | |
| २०७३/०७४* | सशुल्क (प्रशिक्षण) | १२ | ३५९ | सशुल्क (प्रशिक्षण) | १५ | ३७० | |
| | अनुसन्धान | १० | | | | | |
| | भौतिक संरचना मर्मत तथा विकास | १९ | | | १३ | | |
| | NASC Discussion Series | ८ | २०० | NASC Discussion Series | ९ | ६७६ | |
| | अन्य<br>(क) तालिम, नियुक्ति तथा पदोन्नति<br>(ख) प्रकाशन<br>(ग) NASC Day and Networking Meeting with Training Institutions | ४<br>६<br>२ | | | २<br>५<br>२ | | |
| | | | | | | | |

स्रोत : सामान्य प्रशासन मन्त्रालय

*प्रथम आठ महिनाको

## सूचनाको हक

१२.३२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायबाट सहज रूपले सूचना प्रवाह गर्ने मूल उद्देश्यले स्थापित राष्ट्रिय सूचना आयोगले सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोकेको छ । आर्थिक वर्ष २०७१/०७२ सम्ममा सार्वजनिक निकायमा करिब २ हजार सूचना अधिकारी तोकिएकोमा चालु आर्थिक वर्ष २०७३/०७४ को प्रथम आठ महिना सम्ममा करिब ३ हजार सूचना अधिकारी तोकिसकेको छ ।

१२.३३ आयोगको स्थापनाकाल आर्थिक वर्ष २०६५/६६ मा पुनरावेदन, उजुरी तथा निवेदनको संख्या जम्मा १२ रहेकोमा सूचनाको क्षेत्रमा काम गर्ने अभियन्ताबाट मात्र सूचना माग भइरहेको अवस्थामा आम नागरिकबाट समेत आफूसँग सरोकार भएका र सार्वजनिक सरोकारका सूचना माग्ने र पाउने प्रवृत्तिको विकास भएको छ । सूचनाको महत्त्वबारे

सर्वसाधारणले दिन प्रतिदिन बुझ्दै गएको अवस्था छ । आर्थिक वर्ष २०७१/७२ मा मात्र यो संख्यामा व्यापक रूपमा वृद्धि भई ७ सय ७७ पुगेको र ७ सय ६५ फछ्र्यौट भई १२ वटा मात्र बाँकी रहेका थिए । आर्थिक वर्ष २०७२/७३ मा उजुरी तथा पुनरावेदनको संख्या ६ सय ७८ रहेको छ ।

**तालिका १२ (च) : आर्थिक वर्ष २०६५/६६ देखि २०७२/७३ सम्म आयोगमा परेको पुनरावलोकन, उजुरी तथा निवेदन संख्याको अवस्था**

| आर्थिक वर्ष | पुनरावेदन, उजुरी तथा निवेदनको संख्या | फछ्र्यौट |
|---|---|---|
| २०६५/६६ | १२ | ११ |
| २०६६/६७ | ३९ | २९ |
| २०६७/६८ | ४७ | २२ |
| २०६८/६९ | १३६ | ९० |
| २०६९/७० | २६० | १९९ |
| २०७०/७१ | ४७० | ४०९ |
| २०७१/७२ | ७७७ | ७६५ |
| २०७२/७३ | ६७८ | ६७७ |
| २०७३/७४* | ३८५ | ३७८ |
| **कुल जम्मा** | **२८०४** | **२५८०** |

स्रोत : राष्ट्रिय सूचना आयोग
*प्रथम आठ महिनाको

१२.३४ आर्थिक वर्ष २०६५/६६ देखि आर्थिक वर्ष २०७२/७३ सम्म आयोगमा परेका कुल २ हजार ७ सय १ मुद्दा मध्ये २ हजार ४ सय १९ वटाको फछ्यौंट भइसकेको छ ।जुन कुल मुद्दाको ९१.७० प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०७२/७३ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा पर्न आएका निवेदन, उजुरी तथा पुनरावेदनको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ ।

**तालिका १२ (छ) : आर्थिक वर्ष २०७२/०७३ मा क्षेत्रगत निवेदन, उजुरी तथा पुनरावेदनको अवस्था**

| उजुरीका क्षेत्र | संख्या |
|---|---|
| शिक्षा | २५ |
| प्रशासन तथा सञ्चार | ३७४ |
| आर्थिक | २३० |
| पूर्वाधार विकास | ९ |
| अन्य | ४० |
| **जम्मा** | **६७८** |

स्रोत : राष्ट्रिय सूचना आयोग



## शान्ति तथा पुनर्निर्माण

१२.३५ शान्ति सम्झौताको कार्यान्वयनमा सघाउ पुऱ्याउने उद्देश्यले हालसम्म ७५ वटा जिल्ला, साविकका २ सय १७ वटा नगरपालिका र २ हजार ८ सय १० वटा गाउँ विकास समिति मा स्थानीय शान्ति समिति कार्यान्वयनमा रहेका छन् । पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रमले राहत र पुनर्निर्माण गरी दुई वटा क्षेत्रमा कार्य गर्दै आएको छ । नेपाल सरकारले नागरिकलाई निश्चित अवस्थामा प्रदान गर्ने राहत, क्षतिपूर्ति तथा आर्थिक सहायताको व्यवस्थालाई पारदर्शी र न्यायोचित वितरण गर्ने कार्य यस कार्यक्रमबाट हुँदै आएको छ ।

**तालिका १२ (ज) : राहत, आर्थिक सहायता, पुनर्निर्माण तथा पुनर्स्थापनाको अवस्था**

| कार्यक्रक | कुल सङ्ख्या | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/०७३ | २०७३/७४* | हाल सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|
| मृतक व्यक्तिका हकदारलाई राहत (रू १ लाख का दरले ) | १७८८६ | १०० | १७४ | २२ | ० | ० | १४३९८ |
| मृतक व्यक्तिका हकदारलाई राहत अधिकतम रु. ५ लाख दरले | १२५०० | ० | ० | ११३०२ | ० | ८०० | १२१०२ |
| बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत अधिकतम रू ५ लाख दरले | १४०० | ० | ० | ११६२ | ० | २६१ | १४२३ |
| व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७४८४ | १०४५ | १०९ | ९५ | ३० | ० | ९१५४ |
| अपहरणमा परेका व्यक्तिक हकदारलाई आर्थिक सहायता ( रु.पच्चीस हजारका दरले ) | ३१४२ | ९०५ | १८३ | १२ | ५ | ६२ | ३१४२ |
| वेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता (रु.एक लाखका दरले) | १५३० | ४२ | ४७ | १० | ० | ० | १५३० |
| द्वन्द्वको क्रममा अपांग भएका घाइतेहरूलाई प्रतिशतको आधारमा आर्थिक सहायता | ८१९१ | २९९६ | १८१० | १६६ | ५ | १ | ८१९१ |
| **ऐतिहासिक जनआन्दोलनका शहिद, घाइते का सन्तति परिवारलाई जिवन निर्वाह भत्ता** | | | | | | | |
| क) ऐतिहासिक जनआन्दोलनका शहिद परिवारलाई मासिक निर्वाह भत्ता | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| ख) ऐतिहासिक जनआन्दोलनका घाइतेलाई मासिक जीवन निर्वाह भत्ता | ३० | २८ | २८ | २८ | २८ | ३० | ३० |
| ग) ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति | ४३ | ३९ | ४१ | ३८ | ३८ | ३८ | ४३ |
| विस्तृत शान्ति सम्झौता पश्चातका सशस्त्र घटनामा परी मृत्यु भएका व्यक्तिका हकदारलाई आर्थिक सहायता (रु. १ लाख ५० हजारका दरले ) | - | २ | १ | ० | ० | ० | ५९ |
| ५१ %भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता(प्रथम ५५२ र विशिष्ट १८४ र थप ६४ समेत ) | - | ७४४ | ७४४ | ७४४ | ७४४ | ७४४ | ७४४ |
| द्वन्द्वको क्रममा आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई आर्थिक सहायता/पुनःस्थापन कार्यक्रम (वार्षिक रू ६० हजारका दरले ) | ६२० | ६२० | ६२० | ६२० | ४९३ | ३७० | ६२० |
| बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई आर्थिक सहायता (रु.२५ हजार थप ) | ० | १११ | ३८ | २ | ० | ० | ६५१ |
| क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण | ९४०९ | २५५ | २०९ | २८० | १५८ | २४७ | ३३११ |
| शान्तिका लागि विकास कार्यक्रमबाट सञ्चालित आयोजना | ४३६८ | ४७ | ३२ | ८६ | १६२ | ३१० | ६४६ |
| द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम | ६०३ | ४१०९ | ८० | - | - | - | ४९३ |

स्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्रालय

*प्रथम आठ महिना

१२.३६ द्वन्द्वबाट प्रभावित स्थानीय स्तरका सरकारी कार्यालयहरू, विद्यालय भवनहरू, गाउँ विकास समिति भवनहरू, खानेपानी आयोजना, समिति, प्राधिकरणका संरचनाहरू तथा दिगो शान्ति कायम गर्न सहयोग पुग्ने नमुना बस्ती, पार्क आदि निर्माण गर्ने कार्यक्रम अन्तर्गत ९ हजार ४ सय ९ वटा भौतिक संरचनाहरू मध्ये ३ हजार ३ सय ११ वटा भौतिक संरचनाको निर्माण कार्य सम्पन्न भएको छ ।

१२.३७ विकास निर्माण कार्यहरूका माध्यमबाट स्थानीय स्तरमा दिगो शान्ति हासिल गर्न सघाउ पुऱ्याउने किसिमका संरचनाहरू जस्तै विद्यालय भवन, मठ, मन्दिर, पार्क, सामुदायिक भवन, खानेपानी बाटो अन्तर्गत ४ हजार ३ सय ६८ वटा भौतिक संरचनाहरू मध्ये ६ सय ४६ वटा भौतिक संरचनाको निर्माण कार्य सम्पन्न भएको छ ।

१२.३८ शान्ति कोषले हालसम्म तीन चरणमा कार्यक्रम/आयोजना कार्यान्वयन गरेको छ । प्रथम चरणको कार्यक्रम २००७-२०१० र दोश्रो चरणको कार्यक्रम २०१०-२०१४ समाप्त भई हाल तेश्रो चरणको कार्यक्रम २०१४-२०१७ कार्यान्वयनमा रहेको छ । यस अवधिमा पहिलो र दोश्रो चरणमा कुल ६५ वटा आयोजना कार्यान्वयन भई ६२ वटा सम्पन्न भइसकेका छन भने तेश्रो तथा अन्तिम चरणका ७ नयाँ आयोजना सहित हाल ११ वटा आयोजना कार्यान्वयनमा रहेका छन ।

१२.३९ शान्ति प्रक्रियाका बाँकी कार्य पूरा गर्ने सन्दर्भमा गठन भई कार्य प्रारम्भ गरेका सत्य निरूपण तथा मेलमिलाप आयोग तर्फ परेका ५८ हजार ५२ वटा उजुरीलाई कम्प्युटरमा दर्ता गरी अनुसन्धान प्रकृया सुरु गरिएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तर्फ परेका २ हजार ९ सय ६३ उजुरीको प्रारम्भिक र दोस्रो चरणको छानबिन सम्पन्न भई विस्तृत अनुसन्धान हुने अवस्थामा रहेको छ ।

१२.४० सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग १ (एक) वर्ष कार्य अवधि थप भएको छ ।

१२.४१ द्वन्द्व प्रभावित बालबालिकाको लागि केन्द्रीय बाल कल्याण समिति मार्फत पुनःस्थापना सेवा कार्यक्रमबाट २० जिल्लाका करिब ४ हजार ७ सय जना बालबालिकालाई शैक्षिक सहायता, स्वास्थ्य सहायता, जीविकोपार्जन सहायता लगायतका सेवा प्रवाह गरिएको छ ।

## चुनौतीहरू

१२.४२ संघीय संरचना अनुरूप निजामती कर्मचारीको व्यवस्थापन र क्षमता विकासका साथसाथै संघीय संरचना अनुरूप राष्ट्रियस्तरका आवश्यक कानून तथा नीतिहरूको निर्माण एवं परिमार्जन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

१२.४३ पुनर्संरचना नभएसम्म हालको सेवा प्रवाहलाई तीनै तहमा निरन्तरता दिने र प्रभावकारी बनाउदै जाने कार्य चुनौतीपूर्ण रहेको छ ।

१२.४४ सार्वजनिक निकायमा कार्यरत राष्ट्रसेवकमा सेवाप्रतिको निष्ठा र कार्यसम्पादनमा इमान्दारितालाई अझै अभिवृद्धि गर्न एकीकृत राष्ट्रिय नैतिकता तथा निष्ठा नीतिको तर्जुमा गरी कार्यान्वयनमा लैजानु चुनौतीपूर्ण रहेको छ ।

१२.४५ कर्मचारीको सेवा सुविधालाई समायानुकुल बनाई उत्प्रेरणामा वृद्धि ल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

१२.४६ सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधको घटनामा संलग्नको सत्यतथ्य अन्वेषण, छानविन तथा निरूपण गरी दिगो शान्ति कायम गर्नु चुनौतीपूर्ण छ ।

# १३. सामाजिक क्षेत्र

शिक्षा, स्वास्थ्य, खेलकुद, महिला तथा बालबालिका, सामाजिक सुरक्षा, खानेपानी तथा सरसफाई लगायतका क्षेत्रहरूको अवस्थाबाट सामाजिक विकासको स्तर मापन गर्न सकिन्छ । मानव विकासको अवधारणाले अर्थतन्त्रको सम्पन्नता भन्दा अझ बढी मानव जीवनको खुशी र सम्पन्नता (Richness and happiness of human lives) मा जोड दिन्छ । UNDP द्वारा प्रकाशित मानव विकास प्रतिवेदन, २०१६ का अनुसार नेपाल मानव विकास सूचकांक ०.५५८ का साथ १ सय ८८ मुलुकहरूमध्ये १ सय ४४ औं स्थानमा छ । जुन OECD औसत ०.८८७, सार्क मुलुक औसत ०.६२१ र छिमेकी मुलुकहरू चीन र भारतको क्रमशः ०.७३८ (९० औं स्थान) र ०.६२४ (१ सय ३१ औं स्थान) भन्दा कम रहेको छ । साथै, अति कम विकसित मुलुक (LDC's) औसत ०.५०८ भन्दा बढी रहेको छ । शिक्षा, स्वास्थ्य र औसत आयुको आधारमा मापन गरिने मानव विकासको क्षेत्रमा नेपालले थप सुधार गर्नुपर्ने देखिन्छ। नेपाल र अन्य मुलुकका अर्थतन्त्रबीचको मानव विकासको तुलनात्मक अवस्था तालिकामा देखाइएको छ ।

**तालिका १३ (क) : नेपाल र अन्य मुलुकहरूबीच मानव विकासको तुलना**

| देश/देशहरूको क्षेत्रीय समूह | मानव विकास सूचाकांक /स्थान | लैङ्गिक विकास सूचाकांक | औसत आयू (जन्मेको अवस्थामा) | अपेक्षित विद्यालय अध्ययन वर्ष | प्रतिव्यक्ति राष्ट्रिय आय (डलरमा)** |
|---|---|---|---|---|---|
| विश्व | ०.७१७ | ०.९३८ | ७१.६ | १२.३ | १४४४७ |
| OECD | ०.८८७ | ०.९७४ | ८०.३ | १५.९ | ३७९१६ |
| पूर्वी एशीया र प्याशिफिक | ०.७२० | ०.९५६ | ७४.२ | १३ | १२१२५ |
| यूरोप र मध्य एशीया | ०.७५६ | ०.९५१ | ७२.६ | १३.९ | १२८६२ |
| दक्षिण एशिया (SAARC) | ०.६२१ | ०.८२२ | ६८.७ | ११.३ | ५७९९ |
| अति कम विकसित मुलुक (LDC's) | ०.५०८ | ०.८७४ | ६३.६ | ९.४ | २३८५ |
| चीन | ०.७३८/९० औं | ०.९५४ | ७६ | १३.५ | १३३४५ |
| भारत | ०.६२४/१३१ औं | ०.८१९ | ६८.३ | ११.७ | ५६६३ |
| नेपाल | ०.५५८/१४४औं | ०.९२५ | ७० | १२.२ | २३३७ |

** विश्व बैंकले PPP विधि अनुसार गरेको गणना

स्रोतः मानव विकास प्रतिवेदन, २०१६ (UNDP)

१३.१ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाका क्षेत्रमा भएको खर्च क्रमशः ४.०४ प्रतिशत, १.५१ प्रतिशत र ०.९० प्रतिशत रहेको छ । यस्तो खर्च आर्थिक वर्ष २०७१/७२ मा क्रमशः ३.७७ प्रतिशत, १.३९ प्रतिशत र ०.७१ प्रतिशत थियो । त्यसैगरी, आर्थिक वर्ष २०७२/७३ मा शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाका क्षेत्रमा कुल बजेट खर्चको अनुपातमा क्रमशः १५.०९ प्रतिशत, ५.६६ प्रतिशत र ३.३५ प्रतिशत भएको छ । उक्त अनुपात आर्थिक वर्ष

२०७१/७२ मा क्रमशः १५.०२ प्रतिशत, ५.५४ प्रतिशत र २.२८ प्रतिशत रहेको थियो।

**तालिका १३ (ख) : शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको खर्च प्रवृति (प्रतिशतमा)**

| आर्थिक वर्ष | शिक्षामा खर्च | | स्वास्थ्यमा खर्च | | सामाजिक सुरक्षामा खर्च | |
|---|---|---|---|---|---|---|
| | जिडिपीसँगको अनुपात | कूल बजेट खर्चसँगको अनुपात | जिडिपीसँगको अनुपात | कूल बजेट खर्चसँगको अनुपात | जिडिपीसँगको अनुपात | कूल बजेट खर्चसँगको अनुपात |
| २०६८/६९ | ४.०६ | १८.३१ | १.५० | ६.७५ | ०.६९ | ३.१२ |
| २०६९/७० | ३.६८ | १७.४१ | १.२९ | ६.१० | ०.७० | ३.२९ |
| २०७०/७१ | ३.९६ | १७.८९ | १.३५ | ६.१० | ०.६४ | २.८८ |
| २०७१/७२ | ३.७५ | १५.०२ | १.३८ | ५.५४ | ०.७० | २.८२ |
| २०७२/७३ | ४.०४ | १५.०९ | १.५१ | ५.६६ | ०.९० | ३.३५ |

स्रोतः अर्थ मन्त्रालय




स्रोतः अर्थ मन्त्रालय

१३.२ नेपालले प्रतिवद्धता जनाइसकेको सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने गरी तय भएका दिगो विकासको लक्ष्य (SDG's) अनुरूप गरिबी घटाउन, भोकमरी निर्मूल गर्न, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन, सबैलाई गुणस्तरीय शिक्षा दिन, लैङ्गिक समता हासिल गर्न, सबैलाई गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन र असमानता घटाई सामाजिक न्याय तथा शान्तिको प्रवर्द्धन गर्दै सामावेशी विकास गर्न सामाजिक क्षेत्रमा गरिने लगानीलाई बढाउदै जानु पर्नेछ ।

## शिक्षा

१३.३ शिक्षाको उद्देश्य नागरिकमा सामान्य साक्षरताका सीप विकासमा मात्र सीमित छैन । सामाजिकीकरण र सामूहिक पहिचान निर्माणमा शिक्षाको ठूलो प्रभाव रहने गर्दछ । यसका अतिरिक्त समाजका विभिन्न तहमा रहेका समूहहरूको सामाजिक उत्थानको आधार बनेर शिक्षाले सामाजिक गतिशिलता बढाउन र समता प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । पछिल्लो समयमा यी सामाजिक उद्देश्यका साथै शिक्षालाई समाजको आर्थिक विकाससँग आवद्ध गरेर मानव स्रोत विकासको साधनको रूपमा हेर्ने दृष्टिकोणले प्राथमिकता पाउन थालेको छ । शिक्षाको माध्यमबाट दक्ष तथा उत्पादनशील नागरिकको उपलब्धता बढ्ने भएकोले कुल गार्हस्थ्य उत्पादन वृद्धि गर्न शिक्षा अभिन्न साधनको रूपमा रहेको छ । समग्र राष्ट्रिय विकासमा शिक्षाको बहुपक्षीय महत्त्व रहने अपेक्षा अनुरूप नै राज्यको तर्फबाट शिक्षा क्षेत्रमा उपयुक्त लगानी गरी प्राप्त प्रतिफलको प्रभाव सामाजिक विकासमा देखिने गरेको छ ।




१३.४ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको हिस्सा ६.८३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७३/७४ मा यस क्षेत्रको हिस्सा ७.२३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । विगत ५ वर्षदेखिको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान हेर्दा आर्थिक वर्ष २०६९/७० मा ५.७९ प्रतिशत रहेकोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०७३/७४ मा आइपुग्दा ७.२३ प्रतिशत पुगेको हो । साथै, चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ । गत वर्ष यस क्षेत्रको वृद्धिदर ७.०४ प्रतिशत थियो ।

१३.५ शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार बनाउने उद्देश्यले शिक्षाका नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएका छन् । शिक्षा क्षेत्रमा राज्यको लगानी वृद्धि

गर्दै निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन तथा नियमन गर्ने र निजी क्षेत्रको शैक्षिक व्यवस्थापनलाई सेवामूलक बनाउनको लागि कार्यक्रमहरू अघि बढाइएको छ ।

१३.६ संघीय संरचना अनुरूपको शैक्षिक मापदण्डको तयार गरी शैक्षिक सेवा प्रवाह गर्न, सहस्राब्दी विकास लक्ष्यअनुरूप सम्पन्न हुन बाँकी कार्य र दिगो विकासका लक्ष्यहरू हासिल गर्न, चालु वर्षदेखि कार्यान्वयनमा आएको १४ औं आवधिक योजनाले राखेको सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने तर्फ शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरू लक्षित हुनु पर्ने अवस्था छ।

## विद्यालय शिक्षा

१३.७ नेपालको संविधानले आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य एवं माध्यमिक शिक्षा निःशुल्क गर्ने व्यवस्थालाई मौलिक हकको रूपमा स्वीकार गरेको छ । यसैगरी अपांगता भएका, विपन्न र दलित समुदायका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा दिने कुरा उल्लेख गरेको छ । शिक्षा ऐनको (आँठौ संशोधन), २०७३ ले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा मानी १२ कक्षासम्मको १३ वर्षको शिक्षालाई विद्यालय शिक्षा मानेको छ ।

१३.८ संवैधानिक प्रावधानको कार्यान्वयन गर्न, शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न र शैक्षिक सान्दर्भिकता अभिवृद्धि गर्न एवं संस्थागत सक्षमता ल्याउन विगतदेखि नै विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । चालु आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-०८०) कार्यान्वयनमा ल्याइएको छ । यी प्रयासहरूको फलस्वरूप शिक्षा क्षेत्रको पहुँचमा उल्लेख्य सुधार भएको छ भने भर्ना दरमा लैंगिक समता हासिल हुन गएको छ ।

१३.९ शैक्षिक सत्र २०७३ को तथ्यांक अनुसार प्राथमिक तहको खुदभर्ना दर ९६.९ (छात्रा ९६.६%), आधारभूत तह कक्षा ६-८ को ८०.९% र माध्यमिक तह (कक्षा ९-१०) को खुद भर्नादर ५९.८% पुगेको छ । शिक्षाको पहुँचमा उल्लेख्य प्रगति हासिल हुन सकेको भएपनि अझै पनि आर्थिक रूपमा कमजोर रहेका समुदायका बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्न बाँकी छ भने शैक्षिक गुणस्तरमा अपेक्षित सुधार हुन सकिरहेको छैन । अझ कक्षा १ मा भर्ना हुने उमेरका ९४.७% मात्र भर्ना भएको देखिनुले ठिक उमेरमा सबैलाई भर्ना गराउने उद्देश्यका लागि निकै मिहेनत गर्नुपर्ने अवस्था देखिएको छ ।यसका साथै माध्यमिक तहबाट उच्च शिक्षामा पुऱ्याउनु पर्ने गरी बीचमा कक्षा छाड्ने विद्यार्थीहरूलाई नियमित रूपमा अध्ययनमा टिकाई राख्न सकिएको छैन, यसमा सुधार गर्नुपर्ने छ । बीचमा कक्षा छाड्ने विद्यार्थीहरूलाई उनीहरूको रूचि एवं क्षमताका आधारमा सीप विकास गरी उत्पादनमुखी रोजगारीतर्फ लैजान सकिएको छैन ।

## तालिका १३ (ग) : शैक्षिक सूचकमा आधारित उपलब्धिहरू (प्रतिशत)

| सूचकहरू | इकाई | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|---|
| १. कक्षा १ मा भर्ना | | | | | | |
| कक्षा १ नयाँ प्रवेश भएकामध्ये पूर्व बाल्यावस्थाको शिक्षा विकासको अनुभव लिई आएका बालबालिकाको प्रतिशत | प्रतिशत | ५५.६ | ५६.९ | ५९.६ | ६२.४ | ६४.७ |
| कुल प्रवेश दर | प्रतिशत | १३७.७ | १४१.८ | १३७ | १३६.७ | १३३.५ |
| खुद प्रवेश दर | प्रतिशत | ९१.२ | ९१.६ | ९३ | ९३.९ | ९४.७ |
| २. कुल भर्नादर (सहजै देखिने भर्ना दर) | | | | | | |
| पूर्व बाल्यावस्था शिक्षा विकास/पूर्व प्राथमिक | प्रतिशत | ७३.७ | ७६.७ | ७७.७ | ८१ | ८२.९ |
| आधारभूत शिक्षा (१–८) | प्रतिशत | १२०.१ | ११५.७ | ११७.१ | १२०.१ | १२२.४ |
| माध्यमिक शिक्षा (९-१२) | प्रतिशत | ५१.७ | ५०.४ | ५१.६ | ५७.७ | ५९.६ |
| ३. खुद भर्नादर | | | | | | |
| आधारभूत शिक्षा(१–५) | प्रतिशत | ९५.३ | ९५.६ | ९६.२ | ९६.६ | ९६.९ |
| आधारभूत शिक्षा(१–८) | प्रतिशत | ८७.५ | ८६.३ | ८७.६ | ८९.४ | ९१ |
| माध्यमिक शिक्षा(९–१२) | प्रतिशत | ३२.४ | ३३.२ | ३४.७ | ३७.७ | ३८.९ |
| ४. आवश्यक योग्यता र तालिम प्राप्त शिक्षक | | | | | | |
| आधारभूत शिक्षा | प्रतिशत | ९१.५ | ९२.५ | ९३.७ | ९५.५ | ९७.४ |
| माध्यमिक शिक्षा | प्रतिशत | ९०.७ | ९१.५ | ९३.० | ९५.३ | ९५.५ |
| ५. आवश्यक प्रमाणपत्र प्राप्त शिक्षक | | | | | | |
| आधारभूत शिक्षा | प्रतिशत | ९६.९ | ९८.१ | ९८.६ | ९८.८ | ९८.८ |
| माध्यमिक शिक्षा | प्रतिशत | ९८.० | ९८.७ | ९८.९ | ९९.३ | ९९.३ |
| ६. विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालयको स्वीकृत शिक्षक दरबन्दी र राहत शिक्षक अनुदानमा कार्यरत शिक्षक सङ्ख्याका आधारमा) | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ४२.० | ४१.० | ४१.० | ४०.० | ४०.० |
| माध्यमिक शिक्षा | अनुपात | ३१.० | ३१.० | ३०.० | ३९.० | ३९.० |
| ७. दोहोऱ्याउने दर | | | | | | |
| कक्षा १ | प्रतिशत | १९.९ | १७.५ | १५.२ | १३.९ | १४.३ |
| कक्षा ८ | प्रतिशत | ६.० | ४.९ | ४.५ | ३.९ | ४.३ |
| ८. कोहर्ट (Chohort) विधि अनुसार कक्षा ५ र ८ सम्म पुग्ने दर | | | | | | |
| कक्षा ५ | प्रतिशत | ८४.२ | ८५.४ | ८६.८ | ८७.५ | ८७ |
| कक्षा ८ | प्रतिशत | ६९.६ | ७२.१ | ७४.६ | ७६.६ | ७५.९ |
| ९. सक्षमता मापक गुणाङ्क (Coefficient of Efficiency) | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ०.७७ | ०.७१ | ०.७३ | ०.७६ | ०.७५ |
| १०. सिकाई उपलब्धी | | | | | | |
| कक्षा ५ | प्रतिशत | - | गणित- ५३<br>नेपाली- ६०<br>अंग्रेजी- ५४ | गणित- ५३<br>नेपाली- ६०<br>अंग्रेजी- ५४ | गणित ५३<br>नेपाली ६०<br>अंग्रेजी ५४ | गणित ४८<br>नेपाली ४६<br>अंग्रेजी ४७ |
| कक्षा ८ | प्रतिशत | ४४** र ६३* | गणित ४३<br>नेपाली ४९<br>सामाजिक४९ | गणित ३५<br>नेपाली ४८<br>सामाजिक ४१ | गणित ३५<br>नेपाली ४८<br>सामाजिक४१ | गणित ३५<br>नेपाली ४८<br>सामाजिक४१ |
| ११. उत्तीर्ण दर | | | | | | |
| प्रवेशिका | प्रतिशत | ४१.५७ | ४३.९२ | ४७.४३ | * | |
| उच्च माध्यमिक(कक्षा ११) | प्रतिशत | ३९.९४ | ३९.८० | ४९.२ | ४७.२६ | ५१.१ |
| उच्च माध्यमिक(कक्षा १२) | प्रतिशत | ४३.३९ | ४४.२९ | ४४.०९ | ४४.०९ | ५२.८१ |
| १२. साक्षरता दर | | | | | | |
| उमेर समूह (१५–२४) | प्रतिशत | - | - | - | - | ८८ |
| उमेर समूह (६ वर्ष भन्दा बढी) | प्रतिशत | ६५.९ | ६५.९ | ६५.९ | ६५.९ | ६५.९ |
| उमेर समूह (१५ वर्ष भन्दा बढी) | प्रतिशत | ५६.५ | ५६.५ | ५६.५ | ५७.० | ५७.० |
| १३. लैङ्गिक समता सूचाङ्कको आधारमा साक्षरता (१५ वर्ष भन्दा बढी) | अनुपात | ०.६२# | ०.६२# | ०.६२# | ०.७६ | ०.७६ |

*:शैक्षिक सत्र २०७२ देखि अक्षरांकन पद्धति (GPA) को सुरुवात गरिएको । स्रोतः शिक्षा मन्त्रालय/केन्द्रीय तथ्याङ्क विभाग ।#NLSS Report 2010/11 *प्रथम आठ महिनाको

## विद्यालय व्यवस्थापन

१३.१० सरोकारवाला समुदायको प्रत्यक्ष सहभागितामा सामुदायिक विद्यालयको व्यवस्थापन तथा सञ्चालनको जिमेवारी स्थानीय समुदायमा दिने कार्य आर्थिक वर्ष २०५९/६० देखिनै कार्यान्वयनमा छ । आर्थिक वर्ष २०६४/६५ मा सबैभन्दा बढी ३ हजार ३ सय ८ वटा विद्यालयको व्यवस्थापनको जिम्मा समुदायमा गएकोमा त्यस पछिका वर्षमा जिम्मेवारीको अवस्था उत्साहजनक देखिदैन । आर्थिक वर्ष २०७०/७१ मा २ सय ३२ वटा विद्यालयहरू समुदायबाट व्यवस्थापन भएको समेत गरी मुलुकभरका १२ हजार ९ सय ८६ विद्यालयहरू समुदायबाट व्यवस्थापन भएका थिए । आर्थिक वर्ष २०७१/७२ मा ३ सय वटा विद्यालय समुदायबाट व्यवस्थापन हुने लक्ष्य राखिएकोमा प्रगति हुन सकेन।

१३.११ स्थानीय तहको क्षमता कम हुनु, स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधिहरू नहुनु, सरोकारवालालाई तयार पार्न नसकिनु, शिक्षकका पेसागत संघ संगठनले स्थानीय तहमा व्यवस्थापन जिम्मा दिने कार्यलाई स्वीकार गर्न नसक्नु लगायतका कारणले आर्थिक वर्ष २०७२/७३ देखि विद्यालयको व्यवस्थापनको जिम्मेवारी समुदायलाई दिने कार्यक्रमले निरन्तरता पाउन सकेको छैन । संघीयताको कार्यान्वयनसँगै विद्यालय शिक्षाको शासकीय प्रबन्धको मूल जिम्मेवारी स्थानीय तहमा रहने स्थितिमा यो कार्यक्रमको आगामी स्वरूप बारे पुनःमूल्याङ्कन हुनुपर्ने स्थिति देखिएको छ ।

## प्रारम्भिक बालशिक्षा कार्यक्रम

१३.१२ समुदाय तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू विस्तार गर्ने नीति अनुरूप आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा ३० हजार ४ सय ४८ वटा प्रारम्भिक बालविकास केन्द्रहरू मार्फत ९ लाख ७३ हजार ४ सय १३ बालबालिका लाभान्वित भएका छन् । शिक्षा ऐनको आठौं संशोधन २०७३ ले प्रारम्भिक बालशिक्षालाई विद्यालय शिक्षाको संरचना भित्र समाहित गरेको सन्दर्भमा सोही अनुसार प्रारम्भिक बालशिक्षालाई आवश्यक व्यवस्थापन गर्नु परेको छ ।

१३.१३ विगतका प्रयासको फलस्वरूप प्रारम्भिक बाल विकासको कुल भर्नादर ८२.९ प्रतिशत पुगेको छ भने गत शैक्षिक सत्र २०७२ मा कक्षा १ मा भर्ना हुने बालबालिका मध्ये बालविकास केन्द्रको अनुभव लिएकाहरूको संख्या ६२.४ प्रतिशत रहेकोमा यस शैक्षिक सत्रमा वृद्धि भई ६४.७ प्रतिशत पुगेको छ ।




## छात्रवृत्ति कार्यक्रम

१३.१४ शिक्षाका विभिन्न तहमा विद्यार्थीको समतामूलक पहुँच विस्तार, टिकाउदरमा सुधार र अर्थपूर्ण सिकाइको अवसर विस्तार गर्ने उद्देश्यले विद्यालय शिक्षाका विभिन्न तहमा विभिन्न छात्रवृत्तिको व्यवस्था गरिएको छ । शिक्षा क्षेत्रमा तोकिएको मापदण्डका आधारमा विद्यालयले छनौट भएका विद्यार्थीलाई वार्षिक रूपमा छात्रवृत्ति उपलब्ध गराउँदै आएका छन् । यस अन्तर्गत विद्यालयमा अध्ययन गर्ने शहीदका छोराछोरी, द्वन्दपीडित बालबालिका, दलित, अतिसीमान्तकृत तथा लोपोउन्मुख जनजातिका सन्ततिलाई आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा रु.२ अर्ब ५ करोड २३ लाख ११ हजार छात्रवृति वितरण गरिएको छ ।

## अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा

१३.१५ नेपाल सरकारबाट अपाङ्गतालाई सुनाइ सम्बन्धी अपाङ्गता, दृष्टि सम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता, स्वर बोलाई अपाङ्गता, शारीरिक अपाङ्गता, श्रवण दृष्टिविहीन अपाङ्गता, बहु अपाङ्गता गरी सात भागमा वर्गीकरण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ ले कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ जना मध्ये ५ लाख १३ हजार ३ सय २१ जना अर्थात १.९४ प्रतिशत अपाङ्गता भएको तथ्यांक सार्वजनिक गरेको छ । त्यस्तै, लिभिङ्ग स्टाण्डर्ड सर्भे, २०११ को प्रतिवेदन अनुसार कुल जनसंख्याको ३.६ प्रतिशतमा अपाङ्गता भएको देखिन्छ ।

१३.१६ नेपालको संविधानले अपाङ्गता भएका बालबालिकालाई निःशुल्क रूपमा शिक्षा दिने, दृष्टिविहीनलाई ब्रेललिपि, बहिरा अपाङ्गता भएकाहरूका लागि सांकेतिक भाषामा शिक्षा दिने

लगायतका हक स्थापित गरेको छ भने शिक्षा ऐनको संसोधित व्यवस्थाले विशेष शिक्षा र समावेशी शिक्षा सञ्चालन विधि पद्दतिका विषयमा स्पष्ट व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ।

१३.१७ अपाङ्गता भएका बालबालिका सम्बन्धी सञ्चालित विविध कार्यक्रमबाट प्रारम्भिक बालविकास तहमा २ हजार ३४, आधारभूत तह (कक्षा १-८) मा ६३ हजार ४ सय जना र माध्यमिक तर्फ ९ हजार ३ सय ९५ जना गरी विद्यालय शिक्षामा कुल ७४ हजार ८ सय २९ जना अपाङ्गता भएका बालबालिका अध्ययनरत रहेका छन् ।

## शैक्षिक जनशक्ति विकास

१३.१८ विद्यालय शिक्षा सम्बन्धी निकायहरूमा संलग्न जनशक्तिको क्षमता विकास तथा बदलिदो परिवेश अनुसार तोकिएको कार्य क्षेत्रमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक ज्ञान सिप युक्त बनाउनको लागि शैक्षिक जनशक्ति विकास केन्द्रको व्यवस्था भई विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । केन्द्रीय तहमा शैक्षिक जनशक्ति विकास केन्द्र, २९ वटा शैक्षिक तालिम केन्द्र र ४६ ओटा अगुवा स्रोत केन्द्रहरू मार्फत शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन भएका छन ।

१३.१९ दरबन्दीमा रहेका सबै शिक्षकलाई शिक्षकको पेसागत तालिमको पहुँचको प्रावधान, शिक्षकको पेसागत विकास तालिम तथा कर्मचारीको समेत क्षमता विकास कार्यका लागि अनलाइन/अफलाइन तालिम, शैक्षिक व्यवस्थापकका लागि व्यवस्थापन तालिम, उच्च तहका कर्मचारीहरूका लागि नीति तथा शैक्षिक सरोकारका विषयमा एकहप्ते सेमीनार सञ्चालन, हप्ताको २ दिन शैक्षिक रेडियो कार्यक्रम प्रसारण, शिक्षक तथा कर्मचारीहरूका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम, सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट पढाउने शिक्षकहरूका लागि ब्रिटिस काउन्सिलसँग सहकार्य गरी तालिम सञ्चालन, भूकम्पबाट अति प्रभावित ११ जिल्लाका १०० वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा Virtual Class सञ्चालन, ३० जिल्लाका विषयगत शिक्षक दरबन्दी शून्य भएका दुर्गम क्षेत्रका विद्यालयहरूमा समेत Virtual Class विस्तार जस्ता कार्यक्रमहरूबाट विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा टेवा पुगेको छ ।

## शिक्षक व्यवस्थापन

१३.२० शिक्षक विद्यार्थी अनुपातको स्वीकृत मानकका आधारमा कतिपय जिल्लामा प्राथमिक तहमा शिक्षक दरबन्दी बढी रहेको छ भने अन्य तहमा शिक्षक दरबन्दी न्यून हुन गएको अवस्था छ । अझै पनि २ हजार २ सय ३३ माध्यमिक विद्यालयमा एक जना पनि शिक्षक दरबन्दी उपलब्ध नरहेको स्थिति छ । त्यस्तै उपलब्ध शिक्षक दरबन्दीलाई पनि

विद्यालयगत वा जिल्लागत रूपमा समानुपातिक वितरण गर्न सामयिक दरबन्दी मिलान र व्यवस्थापनको कार्य प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन ।

१३.२१ चालु आर्थिक वर्ष २०७३/०७४ को नीति तथा कार्यक्रम एवं बजेटले आधारभूत तह (कक्षा १-५) मा बढी हुन आउने शिक्षक दरबन्दीलाई आधारभूत तह (कक्षा ६-८) मा समायोजन गर्ने व्यवस्था गरेको छ । उक्त कार्यका लागि सर्वप्रथम जिल्लागत रूपमा विद्यार्थी संख्या एवं सञ्चालित कक्षाका आधारमा शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गर्नुपर्ने हुँदा दरबन्दी मिलानका आधार तथा मापदण्डको नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । दरबन्दी मिलानको कार्य गर्न सकिएमा आधारभूत तह (कक्षा ६-८) मा रहेको शिक्षक दरबन्दीको अभावलाई न्यूनीकरण गर्न केही मात्रामा सहयोग पुग्नेछ ।

१३.२२ माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक दरबन्दीको न्यूनताका कारणबाट सामुदायिक स्रोतबाट सञ्चालित विद्यालयको शैक्षिक गुणस्तरमा अपेक्षित सुधार ल्याउन सकिएको छैन। दरबन्दी मिलानको आधार तय भइसकेपछि शैक्षिक सत्र २०७३ को अन्तसम्म आधारभूत तहको शिक्षक दरबन्दी समायोजन तथा माध्यमिक तहमा शिक्षकको विषयगत आवश्यकता यकिन गर्ने कार्य समेत सम्पन्न हुनेछ ।

१३.२३ सामुदायिक विद्यालयहरूमा स्वीकृत दरबन्दीमा शिक्षकहरूको स्थायी पदपूर्तिको लागि स्थायी नियुक्ति भएको छ ।आर्थिक वर्ष २०६९/७० देखि २०७२/७३ सम्म साविकका माध्यमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा गरी १६ हजार ५ सय २७ शिक्षकहरू सिफारिस भई पदपूर्ति भएका छन् । लामो समयसम्म विद्यालयहरूमा शिक्षक स्थायी पदपूर्ति नहुँदा शिक्षक बन्न उत्सुक रहेका योग्य जनशक्ति अन्यत्र पलायन हुने तथा सामुदायिक विद्यालयहरूमा अस्थायी शिक्षक रही योग्यताको उपयुक्त परीक्षणमा न्यूनता रहने कारण पठन पाठनमा प्रत्यक्ष पर्ने असरलाई समेत नियमित पदपूर्तिले घटाएको छ ।

१३.२४ विद्यालयको स्थायी दरबन्दीमा रहेका शिक्षकहरूको वृत्ति विकासका लागि कार्य सम्पादन मूल्याङ्कनका आधारमा र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमबाट बढुवा सम्बन्धी कार्यहरू पनि शिक्षक सेवा आयोगबाट सिफारिस भएको छ । सामुदायिक विद्यालयमा स्थायी कार्यरत शिक्षकहरूको सेवा सर्तलाई सुदृढ तुल्याउन तथा मनोवल उच्च कायम गर्न समेत यस व्यवस्थाबाट टेवा पुगेको छ ।

१३.२५ शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमतिपत्रको लागि समेत परीक्षा सञ्चालन गरी योग्य उम्मेदवारलाई अध्यापन अनुमतिपत्र दिइदैं आएको छ । आर्थिक वर्ष २०६०/६१ देखि २०७२/७३ सम्म ७ लाख ६५ जनाले विद्यालय शिक्षाको विभिन्न तहमा अध्यापन गर्न अध्यापन अनुमतिपत्र प्राप्त गरेका छन् ।

### दिवा खाजा कार्यक्रम

१३.२६ विद्यार्थीहरूको स्वास्थ्य एवं पोषणको विद्यमान स्थितिमा सुधार मार्फत शिक्षामा सुधार ल्याउने, शिक्षाको पहुँचमा वृद्धि गर्ने, कक्षा दोहो¥याउने र कक्षा छाड्ने प्रवृत्तिमा कमी ल्याउने, विद्यार्थीहरूको कक्षा उपस्थिति दरमा वृद्धि गर्ने र शैक्षिक क्षति न्यून गरी सिकाइ उपलब्धि बढाउने मुख्य उद्देश्यका साथ दिवा खाजा कार्यक्रम सञ्चालनमा छ । यो कार्यक्रम सन २०१३ देखि २०१७ सम्म डोटी, डडेलधुरा, अछाम, बाजुरा, बैतडी, दार्चुला, बझाङ, दैलेख, रूकुम र जाजरकोट गरी १० जिल्लामा सञ्चालित छ ।

१३.२७ दिवा खाजा उपलब्ध गराउन कर्णाली अञ्चलका ५ जिल्लामा प्रारम्भिक बालशिक्षा कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति दिन रु.२० का दरले, थप १४ जिल्ला (कैलाली, बर्दिया, दाङ, प्युठान, रोल्पा, कपिलवस्तु, नवलपरासी, बारा, धादिङ, सिन्धुपाल्चोक, रसुवा, सिराहा, सप्तरी, सुनसरी) मा न्यून पोषण भएका खास क्षेत्रका विद्यालयहरूमा प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका लागि दिवा खाजा उपलब्ध गराउन प्रति विद्यार्थी प्रतिदिन रु.१५ का दरले, बाँकी अन्य जिल्लामा लक्षित समूहका बालबालिका, लोपोन्मुख (कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवडिया) र अति सीमान्तकृत (चेपाङ, माझी, बोटे, दनुवार, सियार, सतार, थुदाम, धानुक, ल्होमी, थामी, झागड, बरामु) का लागि दिवा खाजा उपलब्ध गराउन प्रति विद्यार्थी प्रतिदिन रु.१५ का दरले सरकारले दिवा खाजा उपलब्ध गराएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा २ लाख ५६ हजार ९ सय ६९ जना विद्यार्थीहरू लाभान्वित भएको आर्थिक वर्ष २०६८/६९ देखि सञ्चालनमा आएको यो कार्यक्रमबाट गरिब तथा बिपन्न समुदायका विद्यालय उमेर समूहका लक्षित बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन र टिकाउनमा समुचित मद्धत पुगेको छ ।

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

१३.२८ प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच विस्तार गरी विद्यालय तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने मूल उद्देश्यका साथ विद्यालय क्षेत्र सुधार योजना, २०६६-०७२ ले नमूनाका रूपमा १०० वटा सामुदायिक माध्यमिक विद्यालयमा माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धार सञ्चालन गर्ने नीतिगत व्यवस्था गरेअनुरूप शैक्षिक सत्र २०७० देखि ९९ वटा विद्यालयमा उक्त धारको पठनपाठन सुरु गरिएको थियो ।

१३.२९ शिक्षा ऐनको आँठौ संशोधन, २०७३ ले माध्यमिक शिक्षाको प्रकारमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेत थप गरी उक्त शिक्षालाई ५ वर्षे बनाउने कानूनी व्यवस्था

गरेसँगै हालसम्म २ सय ४० वटा माध्यमिक तह (कक्षा ९-१२) का विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा सञ्चालनमा आएको छ ।

१३.३० रोजगारमूलक मध्यमस्तरीय जनशक्ति उत्पादन गरी देश विकासमा सक्रिय योगदानको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले महत्त्वपूर्ण स्थान ओगटेको छ । रोजगार बजारको माग बमोजिम प्रत्येक वर्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालनमा रही विभिन्न विषयमा जनशक्ति उत्पादन भई रोजगार तथा स्वरोजगारमूलक व्यवसायलाई यस बाट टेवा पुगेको छ । सम्बन्धन प्राप्त तथा आङगिक शिक्षालय मार्फत आर्थिक वर्ष २०७१/७२ देखि आर्थिक वर्ष २०७३/७४ को आठ महिनासम्ममा सञ्चालित कार्यक्रमहरू तथा उत्पादित जनशक्ति विवरणलाई तालिका १३.३ मा प्रस्तुत गरिएको छ।

१३.३१ शिक्षा मन्त्रालयमा सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सीपयुक्त र तत्काल रोजगार बजारमा माग भए बमोजिम कामदार आपूर्ति गर्ने, गुणस्तरीय तालिमको पहुँच विस्तार गर्न र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्ने कार्यमा सहयोग हुँदै आएको छ । यस अन्तर्गत Skill Test Assessors तालिम, Skill Test Manager तालिम, मुख्य प्रशिक्षक तालिम लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन।

## अनौपचारिक शिक्षा तथा खुला विद्यालय

१३.३२ अनौपचारिक शिक्षाले शिक्षाका अवसरबाट वञ्चित भई निरक्षर रहेका र नवसाक्षर प्रौढहरूलाई निरन्तर शिक्षाको अवसर उपलब्ध गराउन, सबैको सिकाइ आवश्यकता परिपूर्तिको सुनिश्चितता गर्न, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई वैकल्पिक विद्यालय शिक्षा मार्फत शिक्षाको अवसर प्रदान गर्न, जीवन पर्यन्त शिक्षा सहितको अनौपचारिक शिक्षा र खुला सिकाइ पद्धतिबाट मुलुकको शैक्षिक, सामाजिक एवं मानव विकासका लक्ष्य हासिल गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

१३.३३ विगतमा साक्षर नेपाल अभियानमा सहभागी हुन नसकेका निरक्षर र नव साक्षर व्यक्तिहरूलाई साक्षरता सीप हासिल गराउन निरन्तर शिक्षाका कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन गर्ने गरिएको छ । यस अन्तर्गत पिछडिएका क्षेत्रमा बसोवास गर्ने दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी, महिला एवं आर्थिक रूपले विपन्न निरक्षरहरू र नवसाक्षरहरूलाई लक्षित गरी निरन्तर शिक्षाका कार्यक्रम वितरण तथा सञ्चालन गरिएको छ । आय आर्जन र बचत तथा ऋण कार्यक्रम, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बाल बालिकाहरूलाई शिक्षामा मूलप्रवाहीकरण गर्न वैकल्पिक, खुला तथा प्रौढ विद्यालय सञ्चालनमा रहेका छन् ।

१३.३४ विभिन्न कारणवस विद्यालयमा गई नियमित रूपमा अध्ययन गर्न असमर्थ रहेका जनसमुदायलाई विद्यालय तहको शिक्षाको वैकल्पिक अवसर उपलब्ध गराउन आधारभूत

तहका ३७ वटा र माध्यमिक तहका ८४ वटा खुला विद्यालयबाट लक्षित समूहलाई सुविधा प्रदान गरिदै आइएको छ । आधारभूत तहका विद्यालयहरूको सञ्चालन सहजीकरण अनौपचारीक शिक्षा केन्द्र मार्फत भइरहेको छ भने माध्यमिक तहको शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत भइरहेको छ ।

## विद्यालय, विद्यार्थी र शिक्षकहरूको विवरण र अनुपात

१३.३५ शैक्षिक सत्र २०७३ मा नेपालमा भएका ३५ हजार २ सय २२ विद्यालयमध्ये भौगोलिक क्षेत्रअनुसार हिमाल, पहाड, काठमाडौं उपत्यका र तराईमा क्रमशः १२ प्रतिशत, ५०.१ प्रतिशत, ६.२ प्रतिशत र ३१.६ प्रतिशत, प्राथमिक तहतर्फ ३४ हजार ७ सय ३६ मध्ये हिमाल, पहाड, काठमाडौं उपत्यका र तराईमा क्रमशः १२.०९ प्रतिशत, ५०.४ प्रतिशत, ५.९ प्रतिशत र ३१.६ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा ६-८) तर्फ १५ हजार १ सय ७० मध्ये हिमाल, पहाड, काठमाडौं उपत्यका र तराईमा क्रमशः १०.५ प्रतिशत, ४५.६ प्रतिशत, ११.१ प्रतिशत र ३२.८ प्रतिशत रहेको छ भने माध्यमिक तहतर्फ ९ हजार ३ सय ७९ मध्ये हिमाल, पहाड, र तराईमा क्रमशः ८.७ प्रतिशत, ५८.९ प्रतिशत र ३२.३ प्रतिशत विद्यालयहरू रहेका छन् ।

**चार्ट १३ (घ) : भौगोलिक क्षेत्रअनुसार तहगत विद्यालयहरुको विवरण**




१३.३६ शैक्षिक सत्र २०७३ मा माध्यमिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१०) तहमा क्रमशः ११९, १२३ र १०६ रहेको छ । यसै गरी शैक्षिक शत्र २०७३ मा प्रति विद्यालय शिक्षक अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक (९-१०) तहमा क्रमशः ५, ४ र ४ रहेको छ भने प्रति शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक (९-१०) तहमा क्रमशः २१, ३४ र २४ रहेको छ ।

**तालिका १३ (घ) : तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र २०७३)**

| तहगत विवरण / अनुपात | आधारभूत (कक्षा १-५) | आधारभूत (कक्षा ६-८) | आधारभूत कक्षा (१-८) | माध्यमिक कक्षा (९-१०) | माध्यमिक कक्षा(११-१२) | माध्यमिक कक्षा (९-१२) |
|---|---|---|---|---|---|---|
| विद्यार्थी/विद्यालय | ११९ | १२३ | १७२ | १०६ | १३४ | १५४ |
| शिक्षक/विद्यालय | ५ | ४ | ७ | ४ | ५ | ६ |
| विद्यार्थी/शिक्षक | २१ | ३४ | ३९ | २४ | ६० | ४४ |

स्रोतः शिक्षा मन्त्रालय ।

**तालिका १३ (ङ): शैक्षिक सत्र २०७३ सम्म सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको तहगत/ क्षेत्रगत विवरण**

| विकास क्षेत्र | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (कक्षा १-५) | आधारभूत (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१२) | आधारभूत (कक्षा १-५) | आधारभूत (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१२) | आधारभूत (कक्षा १-५) | आधारभूत (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१२) |
| पूर्वाञ्चल क्षेत्र | ६४०७ | २४१२ | १२७७ | ११३१ | ७१७ | ५१९ | ७५३८ | ३१२९ | १७९६ |
| मध्यमाञ्चल | ७६१६ | २९७३ | १७३६ | २२२७ | १७६४ | १६०४ | ९८४३ | ४७३७ | ३३४० |
| पश्चिमाञ्चल | ६४६६ | २४४४ | १४६४ | १२८० | ८७४ | ७१० | ७७४६ | ३३१८ | २१७४ |
| मध्यपश्चिमाञ्चल | ४९८५ | १८८४ | ९०९ | ५९२ | ३४५ | २३० | ५५७७ | २२२९ | ११३९ |
| सुदुरपश्चिमाञ्चल | ३५७९ | १५३९ | ७८५ | ४५३ | २१८ | १४५ | ४०३२ | १७५७ | ९३० |
| जम्मा | २९०५३ | ११२५२ | ६१७१ | ५६८३ | ३९१८ | ३२०८ | ३४७३६ | १५१७० | ९३७९ |

स्रोतः शिक्षा विभाग

१३.३७ शैक्षिक सत्र २०७३ मा साविकका विकासक्षेत्र अनुसार विद्यालयको संख्या मध्यमाञ्चलमा सबैभन्दा बढी रहेको छ । सामुदायिक स्तरमा सञ्चालित प्राथमिक विद्यालय मध्ये पश्चिमाञ्चलमा भन्दा मध्यपश्चिमाञ्चल र सूदुरपश्चिमाञ्चलमा बढी छन् ।

## परम्परागत विद्यालय

१३.३८ शैक्षिकसत्र २०७३ मा मुलुकभरिमा परम्परागत आश्रम⁄गुरूकुल, गुम्बा, विहार र मदरसा तर्फका कुल १ हजार ८६ विद्यालय सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७२ मा यो संख्या ९ सय ३० रहेको थियो ।

**तालिका १३ (च) : परम्परागत विद्यालयहरूको विवरण (संख्यामा)**

| परम्परागत विद्यालय | कुल विद्यालय एकाइ | तहगत विद्यालय | | | |
|---|---|---|---|---|---|
| | | आधारभूत १-५ | आधारभूत ६-८ | माध्यमिक ९-१२ | आधारभूत १-८ |
| मदरसा | ८७९ | ८७८ | ३२ | १५ | ८७९ |
| गुम्बा र विहार | ११० | १०८ | ११ | १ | ११० |
| आश्रम र गुरूकुल | ९७ | ८० | ३० | ११ | ९७ |
| जम्मा | १०८६ | १०६६ | ७३ | २७ | १०८६ |

स्रोतः शिक्षा विभाग

## शिक्षक विवरण

१३.३९ शैक्षिक सत्र २०७३ को तथ्यांक अनुसार सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत कुल शिक्षकमध्ये सामुदायिक तर्फ (निजी स्रोतका समेत) महिला शिक्षकको संख्या १ लाख १३ हजार ४ सय ११ र पुरूष १ लाख ९९ हजार २ सय ७६ गरी ३ लाख १२ हजार ६ सय ८७ रहेका छन् भने संस्थागत तर्फ महिला शिक्षकको संख्या ३८ हजार ९ सय ३६ र पुरूष शिक्षकको संख्या ४७ हजार ३ सय २६ गरी जम्मा ८६ हजार २ सय ६२ जना शिक्षक कार्यरत रहेका छन् ।

**तालिका १३ (छ) : सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत सबै किसिमका शिक्षक विवरण (संख्यामा)**

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | जम्मा |
| आधारभूत (कक्षा१–५) | ५९,६७४ | ८८,२७५ | २७,२६८ | २२,५८० | ८६,९४२ | ११०,८५५ | १९७,७९७ |
| आधारभूत (कक्षा६–८) | ८,४५२ | २९,६२६ | ७,३५७ | ९,१९० | १५,८०९ | ३८,८१५ | ५४,६२४ |
| आधारभूत (कक्षा१–८) | ६८,१२६ | ११७,९०१ | ३४,६२५ | ३१,७७० | १०२,७५१ | १४९,६७० | २५२,४२१ |
| माध्यमिक (कक्षा९–१०) | ३,६६८ | २१,०८६ | ३,६९० | ११,८०३ | ७,३५७ | ३२,८८८ | ४०,२४५ |
| माध्यमिक (कक्षा११–१२) | २,६८२ | १२,९६५ | ६२१ | ३,७५३ | ३,३०३ | १६,७१८ | २०,०२१ |
| माध्यामिक (कक्षा९–१२) | ६,३५० | ३४,०५१ | ४,३११ | १५,५५६ | १०,६६० | ४९,६०६ | ६०,२६६ |
| कुल जम्मा | ७४,४७६ | १५१,९५२ | ३८,९३६ | ४७,३२६ | ११३,४११ | १९९,२७६ | ३१२,६८७ |

स्रोतः शिक्षा विभाग

१३.४० आधारभूत तहका शिक्षक मध्ये संस्थागत विद्यालयमा पुरूष भन्दा महिला शिक्षक बढी रहेका छन् । सामुदायिक विद्यालयमा ३२.८ प्रतिशत मात्र महिला शिक्षक रहेकोमा संस्थागत विद्यालयमा ४५.१ प्रतिशत महिला शिक्षक रहेका छन् ।

१३.४१ सबै प्रकारका विद्यालयमा शिक्षण पेशामा संलग्न महिला शिक्षकको अवस्था हेर्दा अझै सुधार गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका कुल शिक्षक संख्यामा लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (१-५) मा ०.६८ रहेको देखिन्छ भने आधारभूत तह (६-८) र आधारभूत तह (१-८) मा यो सूचक क्रमशः ०.२९ र ०.५८ रहेको छ । तर संस्थागत विद्यालयमा महिला शिक्षकको सहभागिता राम्रो रहेको देखिएको छ ।

**तालिका १३ (ज) : विद्यालयगत र तहगत शिक्षकहरूको लैंङ्गिक विवरण (आधारभूत तह)**

| विद्यालयको किसिम | आधारभूत (१-५) | | | आधारभूत (६-८) | | | आधारभूत (१-८) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला प्रतिशत | पुरूष प्रतिशत | लैङ्गिक समता सूचकाङ्क | महिला प्रतिशत | पुरूष प्रतिशत | लैङ्गिक समता सूचकाङ्क | महिला प्रतिशत | पुरूष प्रतिशत | लैङ्गिक समता सूचकाङ्क |
| सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक संख्यामा लैङ्गिक समता सूचकाङ्क | ४४.० | ५६.० | ०.७८ | २८.९ | ७१.१ | ०.४१ | ४०.७ | ५९.३ | ०.६९ |
| संस्थागत विद्यालयमा कार्यरत कुल शिक्षक संख्यामा लैङ्गिक समता सूचकाङ्क | ५४.७ | ४५.३ | १.२१ | ४४.५ | ५५.५ | ०.८० | ५२.२ | ४७.८ | १.०९ |
| सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका जम्मा शिक्षक संख्यामा लैङ्गिक समता सूचकाङ्क | ४०.३ | ५९.७ | ०.६८ | २२.२ | ७७.८ | ०.२९ | ३६.६ | ६३.४ | ०.५८ |

स्रोतः शिक्षा विभाग

१३.४२ सामुदायिक विद्यालयका शिक्षक मध्ये अधिकांश तालिम प्राप्त रहेका छन् । केही शिक्षकहरू आंशिक तालिम प्राप्त छन् भने ज्यादै कम शिक्षक मात्र तालिम अप्राप्त छन् । आधारभूत तह (कक्षा १-८) मा ९२.७ प्रतिशत शिक्षक तालिम प्राप्त रहेका छन् भने माध्यमिक तह (९-१२) मा ८७.५ शिक्षक तालिम प्राप्त रहेका छन् ।

## विद्यार्थी विवरण

१३.४३ विगत केही वर्षमा विद्यार्थी भर्नाको अवस्था घट्दो क्रममा रहेको पाइन्छ । शैक्षिक सत्र २०७३ मा भर्ना भएका आधारभूत तह (कक्षा १-८) मा ५९ लाख ९४ हजार ६ सय १२ र माध्यमिक तह (कक्षा ९-१०) मा ९ लाख ५८ हजार ५ सय २ विद्यार्थी रहेका

छन् । विगत ५ वर्ष देखिको विद्यार्थी भर्नाको प्रवृत्ति हेर्दा सबै तहमा विद्यार्थीको संख्या घट्दै गएको छ । शैक्षिक सत्र २०६९ मा विद्यालय तह (कक्षा १-१०) मा ७२ लाख ७७ हजार ९ सय ३२ विद्यार्थी रहेकोमा शैक्षिक सत्र २०७३ मा आइपुग्दा घटेर ६९ लाख ५३ हजार १ सय १४ पुगेको छ ।

**तालिका १३ (झ) : विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था (संख्यामा)**

| तह | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|
| आधारभूत (१-५) | ४,५७६,६९३ | ४४०१७८० | ४,३३५,३५५ | ४२६४९४२ | ४१३५२५३ |
| आधारभूत(६-८) | १,८२३,१९२ | १८२८३५१ | १,८३५,३१३ | १८६२८७३ | १८५९३५९ |
| आधारभूत (१-८) | ६,३९९,८८५ | ६,२३०,१३१ | ६१७०६६८ | ६१२७८१५ | ५९९४६१२ |
| माध्यमिक (९-१०) | ८७८०४७ | ८९६,९१९ | ९००,५८५ | ९३८८९७ | ९५८५०२ |
| **जम्मा (१-१०)** | ७,२७७,९३२ | ७,१२७,०५० | ७०७१२५३ | ७०६६७१२ | ६९५३११४ |

स्रोतः शिक्षा विभाग ।

१३.४४ चालु शैक्षिक सत्र २०७३ मा सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा १-१२ मा अध्ययनरत कुल विद्यार्थी संख्या ७४ लाख ४६ हजार ९८ पुगेको छ । तहगत विद्यार्थी संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ (ञ) : शैक्षिक सत्र २०७३ मा तहगत विद्यार्थी भर्नाको अवस्था**

| तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| आधारभूत (कक्षा १–५) | २,०८६,१६५ | २,०४९,०८८ | ४,१३५,२५३ |
| आधारभूत (कक्षा ६–८) | ९३९,२९२ | ९२०,०६७ | १,८५९,३५९ |
| आधारभूत (कक्षा १–८) | ३,०२५,४५७ | २,९६९,१५५ | ५,९९४,६१२ |
| माध्यमिक (कक्षा ९–१०) | ४९६,३४७ | ४६२,१५५ | ९५८,५०२ |
| माध्यमिक (कक्षा ११–१२) | २६८,७८५ | २२४,१९९ | ४९२,९८४ |
| माध्यामिक (कक्षा ९–१२) | ७६५,१३२ | ६८६,३५४ | १,४५१,४८६ |
| कक्षा १-१० सम्मको जम्मा | ३,५२१,८०४ | ३,४३१,३१० | ६,९५३,११४ |
| कक्षा १-१२ सम्मको जम्मा | ३,७९०,५८९ | ३,६५५,५०९ | ७,४४६,०९८ |

स्रोतः शिक्षा विभाग ।

१३.४५ शैक्षिक सत्र २०७३ मा आधारभूत (कक्षा १-५, ५-९ वर्ष उमेर समूहको) खुद भर्नादर ९६.९ प्रतिशत, आधारभूत तह (कक्षा १-८, १०-१२ वर्ष उमेर समूह) को ८०.९ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२, १३-१६ वर्ष उमेर समूह) को ३८.९ प्रतिशत रहेको छ।

**तालिका १३ (ट) : तहगत विद्यार्थी भर्नादर सम्बन्धी विवरण**

| विद्यालय तह | कुल भर्ना दर | | | खुद भर्ना दर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत (कक्षा १–५) | १३८.० | १२९.३ | १३३.६ | ९६.६ | ९७.३ | ९६.९ |
| आधारभूत(कक्षा ६–८) | १०४.२ | १०२.३ | १०३.३ | ८१.५ | ८०.३ | ८०.९ |
| आधारभूत (कक्षा १–८) | १२५.४ | ११९.५ | १२२.४ | ९०.९ | ९१.१ | ९१.० |
| माध्यमिक (कक्षा ९–१०) | ७७.७ | ८०.५ | ७९.० | ५८.९ | ६०.९ | ५९.८ |
| माध्यमिक (कक्षा ११–१२) | ४०.८ | ३९.९ | ४०.४ | १९.० | १७.३ | १८.२ |
| माध्यामिक (कक्षा ९–१२) | ५८.९ | ६०.४ | ५९.६ | ३८.६ | ३९.३ | ३८.९ |

स्रोतः शिक्षा विभाग

## माध्यमिक शिक्षा (कक्षा ११-१२)

१३.४६ शिक्षा ऐनको आँठौ संशोधन २०७३ ले कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षाको रूपमा संरचना परिवर्तन गरी कक्षा ११ र १२ लाई माध्यमिक तहभित्र समाहित गरेको छ । कक्षा ११ र १२ लाई विद्यालय शिक्षाको माध्यमिक तह कायम गरेकोले वर्तमान समयमा कक्षा ११ र १२ को सञ्चालन र व्यवस्थापकीय कार्य शिक्षा विभाग, परीक्षा सञ्चालन र व्यवस्थापन राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम निर्माणको कार्य पाठ्यक्रम विकास केन्द्र र शिक्षक तालिम सम्बन्धी कार्य शैक्षिक जनशक्ति विकास केन्द्रबाट हुँदै आएको छ ।

## अनुमति प्राप्त विद्यालय

१३.४७ शैक्षिक सत्र २०७३ सम्म सामुदायिक र संस्थागत माध्यिमक विद्यालय र क्याम्पस गरी कुल ३ हजार ७ सय ६१ वटा शैक्षिक संस्थाले साविकको उच्च माध्यमिक विद्यालय तहमा अनुमति प्राप्त गरेका छन् । शैक्षिक सत्र २०७३ सम्ममा कक्षा ११ र १२ सञ्चालित विद्यालयको विवरण देहाय बमोजिम रहेको छ:

**तालिका १३ (ठ) : अनुमति प्राप्त कक्षा ११-१२ सञ्चालित माध्यमिक विद्यालयको क्षेत्रगत विवरण**

| विकास क्षेत्र | शै.स.२०७२ | | | | | शै.स. २०७३ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामु | निजी | १०+२ | क्याम्पस | जम्मा | सामु | निजी | १०+२ | क्याम्पस | जम्मा |
| पूर्वाञ्चल | ५६२ | १२७ | ३१ | २१ | ७४१ | ५७६ | १३३ | ३१ | २१ | ७६१ |
| मध्यमाञ्चल | ७७७ | ३०१ | १०० | ६३ | १२४१ | ७७७ | ३२१ | १०० | ६३ | १२६१ |
| पश्चिमाञ्चल | ६७० | १६४ | १४ | २८ | ८७६ | ६७२ | १८३ | १४ | २८ | ८९७ |
| मध्य पश्मिाञ्चल | ३५० | ५४ | ५ | ३ | ४१२ | ३६९ | ६२ | ५ | ३ | ४३९ |
| सुदुर पश्चिमाञ्चल | ३४१ | ४५ | ५ | ८ | ३९९ | ३४२ | ४८ | ५ | ८ | ४०३ |
| **जम्मा** | २६९९ | ६९२ | १५५ | १२३ | ३६६९ | २७३५ | ७४८ | १५५ | १२३ | ३७६१ |

स्रोतः शिक्षा विभाग ।

## माध्यमिक शिक्षा परीक्षा (SEE)

१३.४८ माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन र व्यवस्थापनको कार्य विक्रम सम्वत् १९९० (सन् १९३४) देखिनै हुँदै आइरहेको छ । पहिलो वर्ष ३४ जना परीक्षार्थीको परीक्षा सञ्चालन व्यवस्थापन गरी सुरु भएको यो परीक्षाले हालका वर्षमा ६ लाख भन्दा बढी परीक्षार्थीको परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणपत्र प्रदान लगायतका व्वस्थापकीय कार्य गरिरहेको छ ।

१३.४९ २०७१ को एसएलसी देखि प्राविधिक तथा व्यावसायिक धारको परीक्षा समेत सञ्चालनको अनुभवसँगै २०७२ को एसएलसी देखि अक्षराङ्कन पद्धतिको प्रयोग गरी नतिजा प्रकाशन प्रारम्भ भएको छ । शिक्षा ऐन २०२८ (आठौं संशोधन, २०७३) ले कक्षा १२ सम्म विद्यालय शिक्षा कायम गर्ने र राष्ट्रिय परीक्षा बोर्डमार्फत् माध्यमिक तहको परीक्षा व्यवस्थापन गर्ने व्यवस्था गरेसँगै हाल परीक्षा नियन्त्रण कार्यालयले कक्षा १० को अन्त्यमा सञ्चालन गर्दै आएको एसएलसी परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (SEE) का रूपमा सञ्चालन र व्यवस्थापन गरिएको छ । शैक्षिक शत्र २०७२ को माध्यमिक शिक्षा परीक्षामा नियमिततर्फ २ लाख १८ हजार ८१ छात्र र २ लाख १९ हजार २ सय ४५ छात्रा गरी जम्मा ४ लाख ३७ हजार ३ सय २६ विद्यार्थी सामेल भएका थिए । जसमध्ये, ९ हजार ६ सय छात्र र ६ हजार ८ सय ५४ छात्रा गरी कुल १६ हजार ४ सय ५४ ले Gross Point Average (GPA) ३.६-४.०० प्राप्त गरेका थिए ।

**तालिका १३ (ड) : SEE (साविकको एस.एल.सी.) परीक्षाको विवरण (शैक्षिक सत्र २०७२)**

| नतिजा/सामेल | नियमित | | | एक्जाम्टेड | | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | | |
| | २१८०८१ | २१९२४५ | ४३७३२६ | ५८४४६ | ९२३८० | १५०८२६ | ५८८१५२ |
| ३.६– ४.० | ९६०० | ६८५४ | १६४५४ | ३ | १ | ४ | १६४५८ |
| ३.२ – ३.५५ | २४३०७ | १७२७० | ४१५७७ | ४ | ४ | ८ | ४१५८५ |
| २.८ – ३.१५ | २७८५९ | २०७५२ | ४८६११ | ४६ | ४८ | ९४ | ४८७०५ |
| २.४ – २.७५ | ३४२७२ | २८९०९ | ६३१८१ | १२७८ | १६६५ | २९४३ | ६६१२४ |
| २.० – २.३५ | ४५७४८ | ४८९६८ | ९४७१६ | ११६२३ | १८१५७ | २९७८० | १२४४९६ |
| १.६– १.९५ | ४६८५८ | ५७४२० | १०४२७८ | २९०९७ | ४६२४३ | ७५३४० | १७९६१८ |
| १.२ – १.५५ | २४२६७ | ३२४९६ | ५६७६३ | १४५४४ | २३३९५ | ३७९३९ | ९४७०२ |
| ०.८ – १.१५ | ३०८६ | ४९१४ | ८००० | ८८८ | १५६४ | २४५२ | १०४५२ |
| ०.०० –०.८० | ८ | ३ | ११ | ० | २ | २ | १३ |

स्रोतः शिक्षा मन्त्रालय ।

१३.५० शिक्षा ऐन, २०२८ आठौं संशोधन), २०७३ ले कक्षा १२ सम्म विद्यालय शिक्षा कायम गर्ने र राष्ट्रिय परीक्षा बोर्ड मार्फत् माध्यमिक तहको परीक्षा व्यवस्थापन गर्ने व्यवस्था गरेसँगै शैक्षिक सत्र २०७३ मा कक्षा ११ मा परीक्षामा सम्मिलित २ लाख ६६ हजार ३ सय ४४ विद्यार्थी मध्ये छात्र तर्फ ५१.४ प्रतिशत र छात्रा तर्फ ५०.८ प्रतिशत र कक्षा १२ मा परीक्षामा सम्मिलित विद्यार्थी २ लाख १६ हजार १ सय ९८ मध्ये छात्र तर्फ ५३.४१ प्रतिशत र छात्रा तर्फ ५१.९९ प्रतिशत विद्यार्थी उतीर्ण भएका थिए ।

## विद्यार्थी सिकाइ उपलब्धि परीक्षण, विद्यालय/निकायगत कार्यसम्पादन परीक्षण र प्रारम्भिक पठनसीप परीक्षण

१३.५१ नेपालमा विद्यार्थी सिकाइ उपलब्धि राष्ट्रिय परीक्षणको सुरुवात विभिन्न संघसंस्थाबाट सन् २००० बाट सुरु भई सन् २०११ सम्म सानो नमुना लिई कक्षा ३, ४, ५, ६, ८ र १० मा भएको पाइन्छ । सरकारी तवरबाट भने सन् २०११ बाट कक्षा ३, ५ र ८ मा राष्ट्रिय परीक्षण गरी सम्बन्धित निकायलाई सुझाव दिंइदै आएको छ । यसै गरी आर्थिक वर्ष २०६८/२०६९ बाट स्वीकृत परीक्षण साधनको प्रयोग गरी प्रत्येक वर्ष नमुना छनोटको आधारमा केही विद्यालय र शैक्षिक निकायको कार्यसम्पादन परीक्षण गरिदै आएको छ ।

१३.५२ आर्थिक वर्ष २०७२/७३ मा देशव्यापी रूपमा सामुदायिक तथा संस्थागत विद्यालयले स्वमूल्याङ्कन फाराम भरी परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । प्रारम्भिक कक्षा पठनसीप परीक्षण कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ मा ५/५ जिल्लामा प्रारम्भिक कक्षा पढाइसीप परीक्षण (EGRA) र कक्षा कोठामा आधारित प्रारम्भिक कक्षा पढाइसीप परीक्षण (CBEGRA) को पूर्वपरीक्षण गरेको छ । यस आर्थिक वर्षमा १० जिल्लाका २ हजार ५ सय ८९ विद्यालयका १ लाख बढी विद्यार्थीमा CBEGRA परीक्षण गरिएको छ ।

## उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति

१३.५३ स्वदेशमा विभिन्न विश्वविद्यालयसँग सम्बन्धन लिई निजी स्रोतमा सञ्चालन अनुमति प्राप्त गरी देशका विभिन्न स्थानमा सञ्चालित मेडिकल कलेजबाट र विदेशबाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययन गर्न शिक्षा मन्त्रालयले सञ्चालन गरेको परीक्षा उत्तीर्ण विद्यार्थीलाई निःशुल्क अध्ययनको लागि छनौट गरी चिकित्सा शास्त्रमा स्नातक, स्नात्तकोत्तर र नर्सिङमा स्नातक अध्ययनका लागि मनोनयन गरी पठाउने गरिएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा स्वदेशमा २ सय ८७ जना र विदेशमा २९ जना गरी जम्मा ३

सय १६ जना विभिन्न प्राविधिक विषयको छात्रवृतिको लागि मनोनयन गरी अध्ययनको लागि पठाइएको छ ।

## उच्च शिक्षा

१३.५४ आर्थिक वर्ष २०७२/७३ सम्म मुलुकभित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरू अन्तर्गतका क्याम्पसहरू र सोमा अध्ययन गरिरहेका विद्यार्थीहरूको संख्या गत आर्थिक वर्षको तुलनामा १७.८ प्रतिशतले बढेर ४ लाख ४१ हजार ४ सय ६१ पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा यो संख्या ३ लाख ७४ हजार ६ सय ४७ थियो । त्रिभुवन विश्वविद्यालय (त्रि.वि.वि.) मा अध्ययन गर्ने विद्यार्थी संख्यामा उच्च उतार चढाव भएको कारण आर्थिक वर्ष २०६९/७० देखि नै कुल विद्यार्थी संख्यामा व्यापक परिवर्तन देखिएको हो । आर्थिक वर्ष २०६९/७० मा त्रिभुवन विश्वविद्यालयमा ६ लाख ४ हजार ४ सय ३७ विद्यार्थी संख्या रही आर्थिक वर्ष २०७०/७१ मा ४ लाख ५ हजार ३ सय ४१ हुँदा ३२.९४ प्रतिशतले विद्यार्थी संख्या घट्न गएको थियो । त्यसैगरी, आर्थिक वर्ष २०७१/७२ मा त्रि.वि.वि. मा २ लाख ९८ हजार ९ सय ९० विद्यार्थी रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा सो संख्या बढी ३ लाख ६० हजार २ सय ५४ पुगेको छ ।

**चार्ट १३ (ङ) : त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको भर्ना अवस्था**




स्रोतः शिक्षा मन्त्रालय ।

१३.५५ आर्थिक वर्ष २०७२/७३ सम्ममा उच्च शिक्षा प्रदान गर्नको लागि ९ विश्वविद्यालय रहेकोमा यस आर्थिक वर्षमा खुला विश्वविद्यालय स्थापनाको लागि ऐन पारित भई सकेको छ । यसको अतिरिक्त ३ मानित विश्वविद्यालय (विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान) ले विभिन्न विषयमा

उच्च शिक्षाका अध्ययन अध्यापनका कार्यक्रम सञ्चालन गरी उच्च स्तरीय जनशक्ति उत्पादन गर्दै आइरहेका छन् ।

**चार्ट १३ (च) : त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी संख्या**




स्रोतः त्रिभुवन विश्वविद्यालय

१३.५६ आर्थिक वर्ष २०७२/७३ मा विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा मात्र अध्ययनरत विद्यार्थीको संख्या कुल अध्ययनरत विद्यार्थी संख्याको ८२ प्रतिशत रहेको देखिएको छ । मानित विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीमा सबैभन्दा बढी वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ९ सय ५० विद्यार्थी अध्ययनरत रहेका छन् ।

## स्वास्थ्य क्षेत्र

१३.५७ कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य क्षेत्रको योगदान आर्थिक वर्ष २०७२/७३ मा १.६३ प्रतिशत पुगेकोमा चालु आर्थिक वर्षमा १.७४ रहने अनुमान छ । साथै, स्वास्थ्य क्षेत्रको वृद्धिदर गत वर्ष ३.२५ प्रतिशत भएकोमा चालु वर्षमा ६.५८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

१३.५८ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिमा स्वास्थ्य मन्त्रालयबाट राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७३, मानसिक स्वास्थ्य नीति, २०७३ र अपाङ्ग सम्बन्धी रणनीति, २०७३ जारी भएका छन् । यसका साथै, एम्बुलेन्स सम्बन्धी नीतिलाई परिमार्जन गरिएको छ ।

१३.५९ हालै सम्पन्न भएको जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २०१६ को प्रारम्भिक नतिजा अनुसार स्वास्थ्य क्षेत्रमा सञ्चालन गरिएका कार्यक्रमबाट परेको प्रभाव सम्बन्धी केही सूचकहरू तल तालिकामा देखाइएको छः

**तालिका १३ (ढ) : स्वास्थ्य क्षेत्रका कार्यक्रमबाट परेको प्रभाव सम्बन्धी सूचक**

| क्र.सं. | सूचक | मान |
|---|---|---|
| १ | कुल प्रजनन् दर (प्रति महिला) | २.३ |
| २ | परिवार नियोजनका साधन प्रयोगकर्ता दर (सबै तरिका, प्रतिशत) | ५२.६ |
| ३ | नवजातशिशु मृत्यु दर (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र) | २१ |
| ४ | शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र) | ३२ |
| ५ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ३९ |
| ६ | कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत | ६९.४ |
| ७ | दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ५८ |
| ८ | स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ५७ |
| ९ | पूर्ण रूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत | ७८ |

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

## स्वास्थ्य सेवा र सुविधामा विस्तार

१३.६० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा १ सय १६ अस्पताल, ३ हजार ९ सय ७२ स्वास्थ्य चौकी, ३ सय २४ आयुर्वेद अस्पताल तथा औषधालयहरू, २ सय १० प्राथमिक स्वास्थ्य केन्द्र समेत जम्मा ४ हजार ६ सय २२ स्वास्थ्य संस्था रहेका छन्। उक्त स्वास्थ्य संस्थामा ३८ हजार ९ सय ९ प्राविधिक तथा अप्राविधिक कर्मचारी र करिब ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका (नगर) समेत गरी जम्मा ९० हजार ९ सय ९ जनशक्ति स्वास्थ्य सेवामा कायिरत रहेका छन् ।

**तालिका १३ (ण) : स्वास्थ्य संस्था, शैया र जनशक्तिको विवरण**

| विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|---|
| १. जम्मा स्वास्थ्य संस्था | **४३९३** | **४३९३** | **४३९३** | **४४८५** | **४५०५** | **४५९९** | **४६२२** |
| क) अस्पताल | १०२ | १०५ | १०७ | १०७ | ११६ | ११६ | ११६ |
| ख) प्राथमिक स्वास्थ्य केन्द्र | २०८ | २०५ | २०४ | २१५ | २१५ | २१६ | २१० |
| ग) स्वास्थ्य चौकी | १६९८ | २१७५ | २१७५ | २१७५ | ३७९० | ३८८३ | ३९७२ |
| घ) आयुर्वेदिक औषधालय | २९१ | २९३ | २९३ | २९३ | ३८४ | ३८४ | ३२४ |
| ङ) उपस्वास्थ्य चौकी | २०९५ | १६१५ | १६१५ | १६९५ | - | - | |
| २. अस्पताल शैया | ७०४९ | ७०३५ | ७०८५ | ७५५० | ७६४० | ७७४८ | ७७८२ |
| ३. जम्मा जनशक्ति | ८२९९४ | ९२१५० | ९३४९५ | ९३४९५ | ८७२९० | ८८६४० | ९०९०९ |
| क) डाक्टर | १७९८ | १६५४ | १६५४ | २१५४# | २४५७# | २५५० | २६४० |
| ख) नर्स। अ.न.मी. | १२६८१ | ११७५६ | १२५५० | ९५३५ | २०३४६ | २०४२३ | २०५१० |
| ग) कविराज | ४०७ | ३९४ | ३९४ | ३९४ | ४८५ | ५७० | ७१९ |
| घ) वैद्य | ३६० | ३६० | ३६० | ३६० | ४५१ | ४५१ | ६९३ |
| ङ) स्वास्थ्य सहायक (हे.अ., | ८०१३ | ८०१३ | ८५६३ | ११५५१ | ११५५१ | १२६४६ | १४३४७ |
| च) महिला स्वास्थ्य | ५२५६० | ६३३२६ | ६३३२६ | ६३३२६ | ५२००० | ५२००० | ५२००० |

स्रोतः स्वास्थ्य सेवा विभाग

*प्रथम आठ महिनाको ।

१३.६१ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा कुल ३९ लाख ८२ हजार ५ सय ६१ जनाले बहिरंग सेवा तथा ७ लाख ६८ हजार ८९ जनाले आकस्मिक सेवा प्राप्त गरेका छन् । गत वर्षको सोही अवधिमा यो संख्या क्रमशः ३० लाख ५४ हजार ३ सय ४६ र ५ लाख ३३ हजार ७ सय ७१ रहेको थियो ।

**तालिका १३ (त) : विकास क्षेत्र अनुसार स्वास्थ्य सेवाबाट लाभान्वित भएका जनसंख्या**

| राष्ट्रिय / विकास क्षेत्र अनुसार | आर्थिक वर्ष २०७१/७२ | | | आर्थिक वर्ष २०७२/७३ | | | आर्थिक वर्ष २०७३/७४* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | बहिरंग | आकस्मिक | भर्ना | बहिरंग | आकस्मिक | भर्ना | बहिरंग | आकस्मिक |
| **राष्ट्रिय** | ६६९१४४ | ४६९२१४६ | ९८८८८८ | ९७५२८० | ७११६२५२ | १२६३९९२ | ५५४५११ | ३९८२५६१ | ७६८०८९ |
| पूर्वाञ्चल | १४५३२८ | ७९९९२४ | १७४४३७ | १७४३४३ | ११७८८६९ | २७९२०१ | ८१०९१ | ४६७५५० | ११८७६२ |
| मध्यमाञ्चल | २६८३५२ | २१७६५४४ | ४३८७३४ | ४००९९५ | ३६५३१८७ | ४७८४६९ | २६३७५७ | १९८६४८५ | ३३३४५८ |
| पश्चिमाञ्चल | १५९४३९ | ९७८९५९ | १९८५८६ | २५३३०४ | १४०७५५० | २७५१०९ | १३९८०४ | ९८५३१५ | २०३१९२ |
| मध्यपश्चिमाञ्चल | ५४१६३ | ३५५६९८ | ७९३१८ | ९८७८२ | ४५६८५७ | १०६३३९ | ४२१५० | २९२७३७ | ४५७६९ |
| सुदुरपश्चिमाञ्चल | ४१८६२ | ३८१०२१ | ९७८१३ | ४७८५६ | ४१९७८९ | १२४२७४ | २७७०९ | २५०४७४ | ६६९०८ |

स्रोतः HMIS, स्वास्थ्य सेवा विभाग । *प्रथम आठ महिनाको ।

१३.६२ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा ७७ लाख ३३ हजार ३ सय १८ पटक बहिरंग स्वास्थ्य सेवा प्रवाह भएको छ । यस्तो संख्या गत आर्थिक वर्षको सोही अवधिमा ८९ लख ५ हजार ५ सय १० रहेको थियो ।

**तालिका १३ (थ) : विकास क्षेत्र अनुसार बहिरंग सेवा लिनेको विवरण**

| क्र.सं. | राष्ट्रिय/ विकास क्षेत्र अनुसार | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
| | राष्ट्रिय | २१६६१८४९ | २०२४२९०८ | १८७६७०२१ | ७७३३३१८ |
| १. | पूर्वाञ्चल | ४५६४७४५ | ३९१५५४४ | ३७७१८५६ | १४०९३७१ |
| २. | मध्यमाञ्चल | ६९४७९९६ | ६६१००१३ | ५९१३८४१ | २३९९५३६ |
| ३. | पश्चिमाञ्चल | ४६९५१४७ | ४८२०४६४ | ४४८०८७१ | १८४०८२० |
| ४. | मध्यपश्चिमाञ्चल | ३२६७१९३ | २८४१०७८ | २७१९९९२ | ११७५५८५ |
| ५. | सुदुरपश्चिमाञ्चल | २१८६७६८ | २०५५८०९ | १८८०५०१ | ९०८००६ |

स्रोतः स्वास्थ्य सेवा विभाग

*प्रथम आठ महिनाको

## स्वास्थ्य सेवाका प्रमुख उपलब्धिहरू

१३.६३ पाँच वर्ष मुनिका बालबालिकालाई झाडापखाला स्वासप्रश्वास रोग नियन्त्रण, पोषण सेवा उपलब्ध गराइनुका साथै गर्भवती महिलाहरूलाई आइरन चक्की, भिटामिन ए लगायत सेवाहरू उपलब्ध गराइदै आएको छ । आर्थिक वर्ष २०७२/७३ मा दुई ठूला अभियान क्रमशः दादुरा रूबेला खोप र जे.ई. खोप अभियान सञ्चालन भएका छन् । चालु आर्थिक वर्ष

२०७३/७४ को प्रथम आठ महिनामा काठमाडौं उपत्यकाका तीन र तराईका १२ जिल्ला गरी १५ जिल्लामा पोलियो थोपा खुवाउने कार्य सम्पन्न भएको छ । त्यसैगरी विस्तारित खोप तथा पोलियो खोप कार्यक्रम अन्तर्गत बि.सी.जि. भ्याक्सिन, टिटानस विरूद्धको खोप, डी. पी. टि. हेपाटाईटिस बि. (तेस्रो) लगायत एघार किसिमका खोपहरू उपलव्ध गराइएको छ ।

**तालिका १३ (द): विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप (संख्यामा)**

| क्र.स. | सूचकांक | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| १ | वि.सि.जि. भ्याक्सिन | ४०४२५९ | ५७१३९५ | ५७५५५४ | ३०९९२८ |
| २ | डि.पि.टी. हेपाटाईटिस बि (तेस्रो मात्रा) | ३३६९६० | ५५२२४७ | ५३८४१५ | २७९२६७ |
| ३ | पोलियो (तेस्रो) | ३३५४२८ | ५५०३९२ | ५२४७२९ | २७७१२७ |
| ४ | दादुरा विरूद्ध खोप | २२८९५२ | ५१७३११ | ५०९६७८ | २७८५६७ |
| ५ | टिटानस | १८७७५१ | ५२२१५९ | ४९६११२ | २५२३२० |
| ६ | दादुरा रूवेला खोप अभियान | - | - | १०९३८२८ | ** |
| ७ | आइरन चक्की पाएका महिलाहरू | ५९५००० | ५०२२४० | ४९२८८८ | २४८९२१ |
| ८ | झाडापखालाका रोगीहरू दर्ता | ९५५००६ | १५४८८५१ | १३०९१७७ | ६२७२०५ |
| ९ | जिंक तथा जीवनजलबाट झाडापखाला | ९२३११९ | १३१५६२२ | १०९१२५० | ५६४९८१ |
| १० | श्वासप्रश्वास रोगको उपचार | १७०११५१ | २२०८६५२ | २२८९७७ | ११६६३२ |

स्रोतः स्वास्थ्य सेवा विभाग

*प्रथम आठ महिनाको

**दादुरा रूबेला खोप अभियान चालु आ. व. मा नरहेको ।

## परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

१३.६४ नेपालको संविधानले प्रजनन स्वास्थ्यलाई महिलाको मौलिक हकको रूपमा उल्लेख गरेको र उक्त हकलाई सुनिस्चित गर्न परिवार स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन भएको छ ।

१३.६५ स्वास्थ्य सेवाको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको सुरक्षित मातृत्वको लागि चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा परिवार नियोजन कार्यक्रममा अस्थायी २ लाख ३२ हजार २ सय २६ र स्थायी १० हजार २ सय ७९ गरी जम्मा २ लाख ४२ हजार ५ सय ५ जना परिवार नियोजनको सेवाको प्रयोगकर्ता थपिएका छन् ।

### तालिका १३ (ध) : प्रजनन् स्वास्थ्यको विवरण

| सूचक | एकाइ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| परिवार नियोजनको नया प्रयोगकर्ता (अस्थाई साधन) | जना | ५९९४२० | ६२३६७६ | ६६८७७७ | ६९६५३५ | २३२२२६ |
| परिवार नियोजनको नया प्रयोगकर्ता (स्थाई बन्ध्याकरण) | जना | ५२१८१ | ३७१०७ | ३०७२८ | २८३८१ | १०२७९ |
| परिवार नियोजनकको लगातार प्रयोगकर्ता | जना | २४७८००० | २५१४०४४ | २५२७३८० | २६४०७८१ | १४८२०७३ |
| दुर्गम क्षेत्रबाट जटिलतायुक्त प्रसूति सेवाका लागि प्रेषण गरिएको | जना | ९९ | १९४ | ५७ | ८ | ७ |
| चौथो पटक गर्भवती जांच गरेका गर्भवती महिला | जना | NA | ३८८२३९ | ३१८९३० | ३२७८१८ | १५२८८० |
| गर्भवती उत्प्रेरणा रकम प्राप्त गर्ने महिलाको संख्या | | NA | NA | १७५७३२ | १६१४९५ | ६५७४१ |
| आमा सुरक्षा कर्यक्रमबाट निःशुल्क प्रसूति सेवा प्रदान | जना | ३१७००० | ३१८२०८ | ३०९२२० | ३६८२३० | २६६३३६ |
| सुत्केरी सेवा प्रदान | जना | ५५६५० | ३८७३९२ | ४१६८४२ | ३४७४४८ | २०९६४१ |
| चौबिसै घण्टा अत्यावस्यक प्रसूति सेवा प्रदान गरिएका जिल्लाहरू | जना | २६ | ५६ | ६२ | ६९ | ७३ |
| पाठेघर खस्ने रोगको स्क्रीनिंग तथा रिंग पेसरी लगाउने र अप्रेसन गर्नुपर्नेको लगत तयार गर्ने | जना | ४८०१७ | ९५० | ९०० | १४८३९ | ९२६९ |
| पाठेघर खस्ने रोग को उपचार तथा अपरेसन | जना | ४७५१ | ४४४५ | १००३ | १६८१ | १०५० |

स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

*प्रथम आठ महिनाको

## क्षयरोग

१३.६६ आर्थिक वर्ष २०७२/७३ मा २ लाख २५ हजार ४ सय ३९ जना शंकास्पद विरामीको खकार परीक्षण भएको छ । यस अवधिमा ६१ हजार ८४ वटा फलोअप खकार परीक्षण भएको छ । साथै, ३२ हजार ५६ जना क्षयरोगको फस्टलाइन विरामीको रूपमा दर्ता भएका छन् ।

१३.६७ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा सञ्चालित कार्यक्रमबाट सम्भाब्य १ लाख १२ हजार ७१ जना संकास्पद बिरामीको खकार परीक्षण भएको छ । यस अवधिमा ३९ हजार ४ सय ७० वटा फलोअप खकार परीक्षण भएको छ । साथै, २२ हजार ३ सय ७७ जना क्षयरोगको फस्टलाइन बिरामीको रूपमा दर्ता भएका छन् ।

## सरूवा रोग तथा महामारी प्रकोप व्यवस्थापन

१३.६८ आर्थिक वर्ष २०७२/७३ मा महामारी प्रकोपबाट प्रभावित भएका ३५ जिल्लाहरूमा समयमा नै सबै प्रकोपको नियन्त्रण तथा व्यवस्थापन गरिएको छ । सरूवा रोगहरूको सर्भिलेन्सलाई निरन्तरता दिनुका साथै कालाजार, मलेरिया, हात्तीपाइले, डेंगु, चिकेंगुनिया नियन्त्रणका लागि किटनाशक औषधि छर्ने र किटनासक झुल वितरण गरिएको छ ।

आर्थिक वर्ष २०७२/७३ मा मलेरिया अति जोखिममा रहेका ८ जिल्लाका १० गाउँ विकास समितिहरूमा २ लाख ४६ हजार १ सय ५७ थान किटनासक झुल वितरण गरिएको छ। अति जोखिममा रहेका र मध्यम जोखिममा रहेका २५ गाउँ विकास समितिका गर्भवती महिलालाई प्रथम पटक गर्भ जाँच गर्न आउँदा ५५ हजार २ सय ८० थान किटनासक झुल वितरण भएको छ । मलेरिया रोकथामलाई प्रभावकारी बनाउन ४४ जिल्लामा वडा तहको Malaria Risk Microstratification अध्ययन सम्पन्न गरिएको छ । त्यसैगरी, डेंगु लगायत अन्य किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासंस्थान खोजी गरी लार्भा नस्ट गर्ने कार्य गरिएको छ।

१३.६९ आर्थिक वर्ष २०७२/७३ मा बहुला कुकुर तथा अन्य जनावरले टोकेका करिब २३ हजार मानिसलाई Anti Rabies Vaccine(ARV) खोप र सर्पले टोकेका करिब ३ हजार २ सय बिरामीलाई Anti Snake Venum(ASV) खोप उपलब्ध गराइएको छ । देशभरिका करिब ३ सय ५० चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी, मेडिकल रेकर्डरहरूलाई रेविज भ्याक्सीन र ASV को उचित प्रयोग तथा कुकुरले टोक्दा लगाईने Intra Dermal (ID) भ्याक्सिन सम्बन्धी तालिम अभिमुखीकरण गरिएको छ ।

१३.७० आर्थिक वर्ष २०७२/७३ मा हात्तीपाइले निवारणको औषधि सेवन अभियान अन्तर्गत ३५ जिल्लाहरूमा करिब एक करोड चौबीस लाख मानिसलाई हात्तीपाईले रोग नियन्त्रण, रोकथाम र निवारणको लागि औषधि सेवन गराइएको छ । त्यसैगरी चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिमा सो अभियान ३० जिल्लाहरूमा सञ्चालन गरी १ करोड ८ लाख मानिसलाई उक्त औषधि खुवाइएको छ ।

१३.७१ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा मलेरियाका अनुमानित ७ सय ७८ केश देखिएका छन् भने गत आर्थिक वर्ष देशभरिमा मलेरियाका जम्मा ९ सय ९१ केशहरू देखिएका थिए । कालाजार प्रभावित क्षेत्रबाट चालु आर्थिक वर्षको आठ महिनामा अनुमानित १ सय ६४ केश देखिएका छन् । गत आर्थिक वर्ष २०७२/७३ मा २ सय ५० केश देखिएका थिए । त्यसैगरी, चालु आर्थिक वर्षको प्रथम आठ महिनामा देशभरिमा डेंगुका अनुमानित १ हजार ५ सय २९ केश देखिएका छन् । गत आर्थिक वर्ष २०७२/७३ मा १ सय ३४ केशहरू देखिएका थिए । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा देशका विभिन्न ४७ जिल्लाबाट स्क्रबटाइफसका ८ सय ३१ केसहरू देखिएका छन् । चालु आर्थिक वर्ष २०७३/७४ मा खानेपानीको गुणस्तर निगरानीको लागि पश्चिमाञ्चलका आठ जिल्लामा अभिमुखीकरण, Wagtech Machine वितरण र अनुगमन भएको छ ।

## कुष्ठरोग

१३.७२ विश्वका अन्य देश सरह नेपालमा पनि कुष्ठरोग निवारण (प्रति १० हजारमा १ भन्दाकम कुष्टरोगका बिरामी) भएको छ । हाल नेपालमा प्रति १० हजार जनसंख्यामा ०.८९ कुष्ठरोग बिरामी रहेका छन् । राष्ट्रिय स्तरको कुष्ठरोग निवारणको स्थितिलाई दिगो राखिएको छ । बहु औषधि विधिबाट करिब १ लाख ८० हजार कुष्ठरोगका बिरामीलाई औषधि उपचार गरी निको पारिएको छ । सुरुको अवस्थामा नै कुष्ठरोगका बिरामी पहिचान गरी यसबाट हुने अपाङ्गतादरमा कमी आएको छ ।

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

१३.७३ आर्थिक वर्ष २०७३/०७४ मा २९ स्थानबाट एच.आइ.भी. संक्रमितलाई CD4 सेवा उपलब्ध छ । ६७ वटा ART केन्द्रबाट १३ हजार ६९ जनालाई ART उपचार सेवा दिइएको छ । १६ जिल्लामा समुदायमा आधारित Community Based Pregnant Mother to Child Transmission (CB PMTCT) सेवा विस्तार गरिएको छ । सो अवधिमा Anti Retro Viral (ARV) औषधि सेवन गरिरहेका संक्रमित तथा Pregnant Mother to Child Transmission (PMTCT) कार्यक्रममा आवद्ध गर्भवती महिला र ARV मा रहेका १५ वर्ष मुनिका बालबालिकालाई पौष्टीक आहार वितरण गरिएको छ । १ सय ७२ वटा HIV Testing Center (HTC) बाट एच.आइ.भी. परीक्षण सेवा दिइएको छ ।

१३.७४ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १ लाख ७३ हजार ७ सय ४९ जनाको HIV परीक्षण गरिएको छ । साथै ३ लाख ६ हजार ८ सय ७२ जना गर्भवती महिलामा पनि HIV परीक्षण गरिएको छ । उच्च जोखिममा रहेका Migrant र उनीहरूको परिवारलाई लक्षित गरी गैरसरकारी संस्थासँग सेवा करार गरेर विस्तृत एच.आई.भि. रोकथाम कार्यक्रम सञ्चालन गरिएको छ ।

## मानव अंग प्रत्यारोपण केन्द्र

१३.७५ मृगौला रोगको डायलासिस तथा मृगौला प्रत्यारोपण सेवा सुलभ तरिकाबाट उपलब्ध गराउने उद्देश्यले विक्रम सम्वत् २०६९ सालमा मानव अंग प्रत्यारोपण केन्द्रको स्थापना भएको छ। यस केन्द्रको स्थापना भएदेखि चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा जम्मा २ सय ५९ जना विरामीलाई मृगौला प्रत्यारोपण गरिएको छ । गत आर्थिक वर्ष २०७२/७३ मा १ सय १ जना बिरामीलाई मृगौला प्रत्यारोपण गरिएको थियो । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ७७ जनाको मृगौला प्रत्यारोपण भएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा मुटु सम्बन्धी शल्यक्रियाका साथै इन्डोस्कोपिक अल्ट्रासाउन्ड सेवा सुरु भएको छ । यसै वर्षदेखि फोक्सोको प्रत्यारोपण सुरु भएको छ ।

## राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

१३.७६ नेपालमा विभिन्न रोगको परीक्षण तथा निदानात्मक विशिष्टीकृत सेवा प्रदान गर्नको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला तथा यस अन्तर्गत देशभरिमा जम्मा २ सय ७७ वटा प्रयोगशाला सञ्चालनमा छन् । आर्थिक वर्ष २०७२/७३ मा २ लाख १ हजार ९ सय ३७ जनालाई विभिन्न प्रकारका परीक्षणको लागि प्रयोगशालाको सेवा प्रदान भएको छ ।

१३.७७ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ३५ वटा स्वास्थ्य चौकीहरूमा नयाँ प्रयोगशाला सेवा सञ्चालन भएको छ । २५ वटा जिल्लामा पुराना मेशिन विस्थापित गरी नयाँ वायोकेमेष्ट्रि एनालाइजरबाट सेवा विस्तार भएको छ । विराटनगरमा क्षेत्रीयस्तरको प्रयोगशाला सेवा सुरु भएको छ । दुर्गम ५ जिल्लामा रक्त सञ्चार सेवा विस्तार कार्य सम्पन्न भएको छ । झापा जिल्लामा कम्पोनेन्ट मेशिन खरिद गरी रक्त तथा रक्तजन्य पदार्थको सहज रूपमा आपूर्ति गर्ने व्यवस्था भएको छ । सिकलसेल परीक्षणको लागि भेरी अञ्चल अस्पताल, सेती अञ्चल अस्पताल र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा अत्याधुनिक उपकरणसहित मेशिन जडान भएको छ । माहामारीजन्य रोगको परीक्षण गर्न एन.आइ.सी. र वि.एस.एल.थ्रि जस्ता अत्याधुनीक प्रयोगशाला सञ्चालनमा छन् । रक्तदातालाई रक्तदान गर्नुपर्छ भन्ने सन्देशसहित विभिन्न जिल्ला तथा क्षेत्रमा रक्तदाता अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ ।

## आयुर्वेदिक स्वास्थ्य सेवा

१३.७८ नेपालमा आयुर्वेदिक स्वास्थ्य सेवा प्रवाह गर्न केन्द्रीय स्तरमा आयुर्वेद विभाग र यस अन्तरगत केन्द्रीय स्तरका २ वटा, दाङ जिल्लामा क्षेत्रीयस्तरको १ वटा र ७५ जिल्लामा जिल्लास्तरीय आयुर्वेद कार्यालय रहेका छन् । यी कार्यालयबाट आयुर्वेदिक स्वास्थ्य सेवा प्रवाहका साथै योग तथा पन्चकर्म सम्बन्धी सेवा प्रदान गरिएको छ ।

१३.७९ आयुर्वेदिक स्वास्थ्य सेवा अन्तर्गत गत आर्थिक वर्ष २०७२/७३ मा ७५ जिल्लाका जेष्ठ नागरिकलाई निःशुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिएको थियो जसबाट २८ हजार ५ सय ५ जेष्ठ नागरिकले निःशुल्क आयुर्वेदिक स्वास्थ्यसेवा प्राप्त गरेका छन् । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ७५ जिल्लामा निःशुल्क आयुर्वेद शिविर सञ्चालन गरिएको छ । स्तनपान गराइरहेका महिलालाई समेत निःशुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

## जनशक्ति विकास

१३.८० स्वास्थ्य क्षेत्रमा आवश्यक पर्ने जनशक्ति विकास गर्नको लागि स्वास्थ्य मन्त्रालय अन्तरगत केन्द्रीय स्तरमा १ राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र सोही अन्तरगत सबै विकास क्षेत्रमा एक

एक गरी ५ वटा क्षेत्रीय, १ उपक्षेत्रीय तथा ३० वटा जिल्लास्तरीय तालिम केन्द्रहरू रहेका छन् । आयुर्वेदतर्फ एकवटा तालिम एवं अनुसन्धान केन्द्र रहको छ ।

१३.८१ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा १ सय ५० जना सि.अ.हे.ब तथा १ सय ८० जना अ.हे.ब. र ६० जना अ.न.मी. तथा ६० जना सि.अ.न.मी.लाई स्तरवृद्धि सम्बन्धी तालिम, ६० जना स्टाफ नर्सलाई दक्ष प्रसूति सेवा तालिम र १ सय जनालाई एनेस्थेस्टि असिस्टेन्ट तालिम दिइएको छ । त्यसैगरी, ३५ जनालाई हाइअल्टिच्यूड सिक्नेस प्रशिक्षक तालिम र ६ सय ७८ जनालाई Transaction Accounting and Budget Control System (TABUCS) तालिम प्रदान गरिएको छ ।

## अध्ययन तथा अनुसन्धान

१३.८२ स्वास्थ्य मन्त्रालयबाट गत आर्थिक वर्ष २०७२/७३ मा नेपाल स्वास्थ्य संस्था सर्वेक्षण कार्य सम्पन्न भएको छ । यस आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा प्रत्येक ५ वर्षमा हुने स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्ने नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको तथ्यांक संकलन कार्य सम्पन्न भई प्रारम्भिक नतिजा प्राप्त भएको छ । त्यसैगरी, नेपाल माइक्रोन्यूट्रियन्ट सर्वेक्षण पनि चालु आर्थिक वर्षमा सम्पन्न भएको छ ।

१३.८३ नेपाल स्वास्थ्य अनुसन्धान परिषदले सन् १९९५ देखि २०१६ सम्म स्वास्थ्य क्षेत्रमा १ सय ३८ वटा अध्ययन अनुसन्धान गरेको छ । यस परिषदबाट मुख्यतया स्वास्थ्य प्रणाली, नसर्ने रोगहरू तथा वातावरणीय स्वास्थ्य सम्बन्धमा अध्ययन अनुसन्धान सम्पन्न भएको छ।

**तालिका १३ (न) : स्वास्थ्य अनुसन्धान परिषदबाट भएका अध्ययन अनुसन्धान (१९९५-२०१६)**

| अध्ययन अनुसन्धानको क्षेत्र | संख्या | अध्ययन अनुसन्धानको क्षेत्र | संख्या |
|---|---|---|---|
| सरूवा रोगहरू | ४५ | परम्परागत उपचार | ११ |
| वातावरणीय स्वास्थ्य | ४४ | मनसिक स्वास्थ्य | १० |
| स्वास्थ्य प्रणाली | ४२ | पोषण तथा खाद्य सुरक्षा | ८ |
| प्रजनन स्वास्थ्य | ३१ | जेष्ठ नागरिक स्वास्थ्य | ६ |
| नवशिशु तथा बालस्वास्थ्य | १८ | चोटपटक तथा दुर्घटना | २ |
| नसर्ने रोगहरू | १७ | अन्य | ४ |

स्रोतः नेपाल स्वास्थ्य अनुसन्धान परिषद

## नेपाल मेडिकल काउन्सिल

१३.८४ नेपाल मेडिकल क्षेत्रको नियमन एवं व्वस्थापन गर्न नेपाल मेडिकल काउन्सिल स्वायत्त संस्थाको रूपमा छ । यसले स्वदेश लगायत विदेशबाट समेत चिकित्साशास्त्रमा डिग्री ⁄डिप्लोमा गरी आउने चिकित्सकलाई नियमानुसार दर्ता गर्ने, नेपाल भित्र नयाँ खोलिने मेडिकल⁄डेण्टल कलेजको स्तर हेरी नियमानुसार सञ्चालनको मान्यता दिने, र पठनपाठन तथा विद्यार्थी भर्नाको लागि स्वीकृति प्रदान गर्ने, चिकित्साशास्त्र (डिग्री/डिप्लोमा) अध्ययनको

लागि न्यूनतम योग्यता निर्धारण गर्ने तथा नेपाल मेडिकल काउन्सिल कानून विरूद्ध कार्य गर्ने चिकित्सक तथा मेडिकल/डेण्टल कलेजलाई कानूनी कारवाहीको सिफारिस गर्ने एवं गैरकानूनी तरिकाले चिकित्सा व्यवसाय सञ्चालन गर्न निरूत्साहित वा रोक्ने कार्य समेत यस संस्थाले गर्दछ ।त्यसैगरी नियमित रूपमा दर्ता प्रमाणपत्र परीक्षा (Licensing Exam) सञ्चालन गर्ने, विभिन्न खालका स्वास्थ्य तथा चिकित्सा व्यवसायसँग सम्बन्धित उजुरी-निवेदनमाथि छानवीन गर्ने, विदेशी नागरिक चिकित्सकको योग्यता हेरी नेपाल मेडिकल काउन्सिलको नियमानुसार अस्थायी दर्ता गर्ने कार्य पनि यस संस्थाबाट गरिन्छ।

१३.८५ यस आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा जम्मा १२ हजार ५ सय ६८ जना पुरूष तथा ६ हजार ८ सय ४१ जना महिला चिकित्सकहरू गरी जम्मा १९ हजार ४ सय ९ जना चिकित्सकहरू दर्ता भएका छन् जसमध्ये विभिन्न विषयमा बिशिष्टीकृत अध्ययन पूरा गरेका विशेषज्ञ चिकित्सकहरूको संख्या ३ हजार ७ सय ३७ जना पुरूष र १ हजार ४ सय २२ जना महिला गरी जम्मा ५ हजार १ सय ५९ जना रहेको छ ।

## नेपाल नर्सिङ्ग काउन्सील

१३.८६ नर्सिङ्ग पेशालाई सुचारू राख्न नीति निर्माण तथा नर्सिङ्ग विषयको पाठ्यक्रम निर्माण लगायत नर्सको योग्यता र क्षमता परीक्षण गरी पेशागत अनुमती प्रदान गर्न काउन्सीलको स्थापना भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा ४३ हजार १ सय ३९ जना स्टाफ नर्स २७ हजार ५ सय ८९ जना अ.न.मी. तथा ८ सय २९ जना विदेशी नर्ससहित जम्मा ७१ हजार ५ सय ५७ जना नर्सहरू दर्ता भएका छन्।

## सामाजिक सुरक्षा कार्यक्रम

१३.८७ आर्थिक वर्ष २०७२/०७३ मा सामाजिक स्वास्थ्य बीमा कार्यक्रम कैलाली, बाग्लुङ र इलाम ३ जिल्लाबाट सुरु भएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिना सम्ममा यस कार्यक्रमलाई थप ५ जिल्लामा विस्तार गरी ८ जिल्लामा पुऱ्याइएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिना सम्ममा यस कार्यक्रममा सदस्यता लिएका परिवार संख्या ८ हजार ७ सय ३७ पुगेको छ भने बिमीत व्यक्तिको संख्या ४५ हजार २ सय ७७ रहेको छ । जम्मा ६ हजार ६६ जनाले यस कार्यक्रमबाट सेवा प्राप्त गरिसकेका छन् ।

**तालिका १३ (प) : सामाजिक सुरक्षा कार्यक्रम**

| क.सं. | सूचकांकहरू | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|
| १. | औषधि बितरणः उप स्वास्थ्य चौकी (प्रकार) | २५ | २५ | - | |
| २. | औषधि बितरणः स्वास्थ्य चौकी (प्रकार) | ३५ | २७ | २७ | ३५ |
| ३. | औषधि बितरणः प्राथमिक स्वास्थ्य केन्द्र (प्रकार) | ४२ | ५८ | ५८ | ५८ |
| ४. | अस्पतालबाट अति गरिब तथा गरिबहरूको निःशुल्क उपचार | ९६८२५८८ | - | ११९२६** | १६०००** |
| ५. | १५ वर्ष मुनिका बालकालिकाहरूको निःशुल्क मुटुरोगको शल्यक्रिया सहितको उपचार | ९२२ | ७९३ | ८२४ | ६८२ |
| ६. | ७५ वर्ष माथिका जेष्ठ नागरिकको निःशुल्क मुटुरोगको शल्यक्रियासहितको उपचार | ३१२ | २५९ | ५८४ | ४२९ |
| ७. | ५० वर्ष माथिका नागरिकलाई निःशुल्क चस्मा वितरण | ५००० | - | ३१६८*** | ४५०० |

स्रोतः स्वास्थ्य मन्त्रालय

*प्रथम आठ महिनाको

**बिपन्न नागरिक कोषबाट गरिएको ***नेपाल नेत्रज्योती संघबाट गरिएको ।

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार

१३.८८ नसर्ने रोगका मुख्य जोखिम तत्व जस्तै सुर्तीजन्य पदार्थको सेवन, रक्सी सेवन, खानपिन र शारीरिक कसरतको कमीका बारेमा जनचेतना फैलाउन सञ्चार कार्यक्रम, अन्तरव्यक्ति सञ्चार, आम सञ्चार, अन्तरक्रिया, गोष्ठी, वकालत लगायत श्रब्य, दृश्य र एफ.एम., रेडियो तथा टेलिभिजनबाट संदेश उत्पादन र प्रसारण भएका छन् जसबाट करिब १० लाख व्यक्तिहरू लाभान्वित भएका छन् ।

१३.८९ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा स्वास्थ्य सम्बन्धी सन्देश नेपाल टेलिभिजनबाट १ हजार ७ सय पटक प्रशारण गरिएको छ । साथै, २ हजार ३ सय ३३ पटक सर्ने रोग र ३ हजार ६ सय ५० पटक नसर्ने रोग सम्बन्धी जनचेतनामूलक सन्देश रेडियो नेपालबाट प्रशारण भएको छ । सूर्तिजन्य पदार्थको प्याकेटमा चित्र र सन्देश अंकित गर्ने कार्य भएको छ ।

## भूकम्प पश्चात पुनर्निर्माण तथा पुनर्स्थापना कार्य

१३.९० २०७२ सालमा गएको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थाको पुननिर्माण गर्ने कार्य भइरहेको छ । आर्थिक वर्ष २०७२/७३ मा जम्मा ८१ वटा स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनाको अवधिमा १ सय २१ वटा स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न गरिएको छ । हालसम्ममा जम्मा २ सय २ वटा स्वास्थ्य संस्थाको पुनर्निर्माण भइसकेको छ ।

## स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालनबाट स्वास्थ क्षेत्रमा परेको प्रभाव

१३.९१ नेपाल सरकारबाट स्वास्थ्य क्षेत्रमा चालिएका नीतिगत एवं संस्थागत क्रियाकलापबाट वर्षभरी अत्यावश्यक औषधिहरू स्वास्थ्य संस्थामा उपलव्ध भई गरिब, सीमान्तकृत वर्गको स्वास्थ्य सेवामा पहुँच वृद्धि भएको छ । सेवाग्राहीको संख्यामा वृद्धि भएको (निःशुल्क सेवा सुरु हुनु अघि वहिरंग सेवा लिनेको प्रतिशत ३१ रहेकोमा हाल ९० प्रतिशत भन्दा बढी पुगेको), धेरै कार्यक्रमहरू ग्रामीण समुदायसम्म पुग्दा स्वास्थ्य सम्बन्धी जनचेतनामा वृद्धि भएको छ । बाल मृत्युदर, मातृ मृत्युदर, औसत आयुजस्ता स्वास्थ्य क्षेत्रका परिसूचकमा उल्लेखनीय सुधार भएको छ ।

१३.९२ स्वास्थ्य बीमा कार्यक्रम र नसर्ने रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रमलाई सँगसँगै लाने रणनीति अनुरूप नसर्ने रोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम र सामाजिक स्वास्थ्य बीमा कार्यक्रमले गति लिन थालेको छ । केही नवीन नीतिहरूका कारण स्वास्थ्य सेवामा क्रमिक रूपमा सुधार भएको छ।

१३.९३ विभिन्न खोप कर्यक्रम तथा भिटामिन ए खुवाउने कार्यक्रमको प्रभाव स्वरूप शिशु मृत्युदर र बाल मृत्युदरमा सुधार भएको छ ।

## महिला, बालबालिका तथा समाज कल्याण

१३.९४ राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार ५१.५ प्रतिशत महिला (पुरूष ४८.५ प्रतिशत), ३९.८ प्रतिशत बालबालिका, ८.१३ प्रतिशत जेष्ठ नागरिक तथा १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । समाजमा रहेका यिनै वर्गको संरक्षण र उनीहरूको जीवनमा सुधार ल्याउन विभिन्न प्रयास भएका छन् । यसै क्रममा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धतालाई समेत समावेश गरी नीतिहरू तथा राष्ट्रिय कार्ययोजना, संस्थागत तथा कानूनी व्यवस्था भएका छन् । व्यक्तिको क्षमता अभिवृद्धि, सशक्तिकरण, संरक्षण जस्ता पक्षमा सुधार ल्याउन विभिन्न कार्यक्रम सञ्चाचालनमा छन् ।

१३.९५ महिला सशक्तिकरणको लागि लैंगिक हिंसा न्यूनीकरण कार्यक्रम, महिला विकास कार्यक्रम, मानव वेचविखन तथा ओसारपसार नियन्त्रणजस्ता कार्यक्रम अभियानकै रूपमा सञ्चालन भएका छन् । समाजकल्याणको क्षेत्रमा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई संरक्षण, पुनर्स्थापना र आयमूलक, सशक्तिकरण जस्ता कार्यक्रम मार्फत सेवा पुऱ्याइएको छ। छापा तथा विद्युतीय सञ्चार प्रणाली मार्फत लैङ्गिक हिंसा विरूद्धको जनचेतना कार्यक्रम सञ्चालन भएका छन् ।

१३.९६ लैङ्गिक उत्तरदायी बजेट कार्यन्वयनमा आएको आर्थिक वर्ष २०६४/६५ मा यसको हिस्सा कुल बजेटको ११.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा आइपुग्दा २३.१

प्रतिशत पुगेको छ जुन प्रत्यक्ष रूपमा महिलाको क्षेत्रमा विनियोजित रकम अर्थात प्रत्यक्ष उत्तरदायी बजेट हो । अप्रत्यक्ष रूपमा महिलाको क्षेत्रमा विनियोजित बजेट अर्थात अप्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा भने कुल बजेटको ४८.४५ प्रतिशत रहेको छ ।

१३.९७ हालका वर्षमा राज्यका केही प्रमुख अङ्गमा महिलाको नेतृत्व रहेको छ । नेपालको संविधानले व्यवस्थापकिा संसदमा एक तिहाइ  र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व रहनु पर्ने व्यवस्थाको प्रत्याभूति गरेको छ । हाल व्यवस्थापिका संसदमा झण्डै एक तिहाइ (२९.६ प्रतिशत) महिला प्रतिनिधित्व रहेको छ । विश्वमै व्यवस्थापिका संसदमा महिला प्रतिनिधित्व हुने मुलुकमा अष्ट्रेलिया, क्यानाडा र अमेरिका जस्ता मुलुकलाई पछि पार्दै नेपाल ४८ औं स्थानमा रहेको छ भने तल तालिकामा उल्लेखित दक्षिण एशियाली मुलुकमा प्रथम स्थानमा छ । नेपाल महिलाको प्रतिनिधित्व/समावेशीकरण एवं सशक्तिकरणमा एक उदाहरणीय राष्ट्रको रूपमा रहेको छ।

१३.९८ महिलाको दक्षिण एशियाली मुलुकको मुख्य सूचकको तुलना गरी हेर्दा अन्य मुलुकको तुलनामा नेपालको प्राथमिक र माध्यमिक तहको शिक्षाको लैङ्गिक समता सूचकमा रहेको भेदभावमा उल्लेखनीय सुधार आएको छ । सन् १९९९ मा प्राथमिक तह र माध्यमिक तहमा नेपालको महिला समता सूचकांक भारत र भुटानको भन्दा कम रहेको थियो । सन् २०१२ मा आइपुग्दा नेपालले ती मुलुकलाई पछाडि पारेको छ । युवा महिला साक्षरता (१५-२४ वर्ष उमेर समूह) दरमा नेपालको सबैभन्दा राम्रो अर्थात ८२.७ प्रतिशत छ ।

**तालिका १३ (फ) : दक्षिण एशियाली मुलुकहरूबीच मुख्य सूचकहरूको तुलना**

| सूचकहरू | प्राथमिक शिक्षामा कुल भर्नादरमा महिला समता सूचक | | माध्यमिक शिक्षामा कुल भर्नादरमा महिला समता सूचक | | युवा महिला साक्षरता (१५-२४) प्रतिशतमा | महिला संसद प्रतिनिधित्व (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|---|
| देश / वर्ष | १९९९ | २०१२ | १९९९ | २०१२ | २०१२ | २०११ | २०१५ |
| अफगानिस्तान | ०.५० | ०.७२ | ०.२० | ०.५२ | १९ | २८ | २८ |
| बंगलादेश | - | - | १.०० | १.१७ | ८० | २० | २० |
| पाकिस्तान | ०.६८ | ०.८८ | - | - | ६८ | २३ | २१ |
| भुटान | ०.८४ | १.०२ | ०.७८ | १.०२ | ५१ | ९ | ९ |
| भारत | ०.८२ | १.०३ | ०.७१ | ०.९८ | ७७ | ११ | १२ |
| नेपाल | ०.७५ | १.०८ | ०.६८ | १.०१ | ८२.७ | ३३ | २९.५ |

स्रोतः राष्ट्रिय योजना आयोग/MDG's Final Status Report 2000-2015

## लैंगिक हिंसा न्यूनीकरण

१३.९९ लैंगिक हिंसा निवारणका लागि प्रयास कानूनी व्यवस्था र राष्ट्रिय कार्य योजनाका आधारमा वार्षिक कार्यक्रम सञ्चालन भएका छन् । घरेलु हिंसामा परेकालाई उद्धार, संरक्षण र पुर्नस्थापना गराउन विभिन्न १७ जिल्लामा १ सय ४ वटा सामुदायिक सेवा केन्द्र सञ्चालनमा छन् । यसबाट चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा

१ हजार ३ सय ५५ जना घरेलु हिंसामा परेका व्यक्तिलाई सेवा प्रदान भएको छ । सो संख्या आर्थिक वर्ष २०७२/७३ मा ७ सय ७७ थियो । त्यसैगरी, काठमाडौंमा मंगला-सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेको छ जसमा हाल ११ जनाले सेवा लिइरहेका छन् ।

### महिला विकास कार्यक्रम

१३.१०० राष्ट्रिय जनगणना, २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा लक्षित (विपन्न महिला) समूह करिब ५२ लाख रहेको अनुमान छ । महिला विकास कार्यक्रममा सहभागी महिलाको सङ्ख्या करिब ११ लाख रहेको छ । लक्षित समूहको आकार हेरी यो करिब २१ प्रतिशत मात्र हुन्छ । समूह सदस्यमा दलित समुदाय र जनजाति समुदायका महिलाको उपस्थिति झण्डै क्रमशः १५ प्रतिशत र ३६ प्रतिशत छ । दिगो संस्थागत विकास कार्यक्रम अन्तर्गत प्रवर्द्धित छिमेकी समूह सामाजिक पुँजीको सिर्जनामा, वडाका एकाइ सहभागिताका मञ्चको रूपमा र गाउँ विकास समितिका संस्था परिवर्तनको शक्तिका रूपमा देखिएका छन् । साथै, समूहको परिचालित बचत ४ अर्ब ५९ करोड भन्दा बढी छ । बचत परिचालनलाई टेवा दिन नेपाल सरकारको चालु कोषबाट १२ करोड २४ लाख वार्षिक २ प्रतिशत व्याजमा १ लाख सम्म प्रवर्धित संस्था, समितिलाई बिउ पुँजी सापटी उपलब्ध गराइएको छ ।

१३.१०१ बचत गर्ने बानीसँगै आर्थिक आत्मनिर्भरताका लागि भावनाको जागृत र व्यावसायिकताको विकास गर्ने कार्यक्रम सञ्चालन भएका छन् । आयका हिसाबले पछाडि परेका वर्गले पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यावसायिकता प्रशिक्षण, बजार सम्बन्ध र न्यूनतम स्तरमा व्यवसाय प्रारम्भ गर्न चाहिने अनुदान प्रदान गरी व्यावसायिक समूह विकास भएको छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०७२/७३ सम्ममा जम्मा १ लाख ६३ हजार ९ सय ५९ जना आफ्नै गाउँमा व्यवसाय थाल्ने गरी लाभान्वित भएका छन् ।

१३.१०२ सामाजिक लिङ्गभेदका कारण घटिरहेका हिंसाका घटनाको निगरानी, प्रतिकार र प्रभावितको मद्दतमा महिला समितिको सक्रियता छ । महिलाको प्रजनन स्वास्थ्यमा मागपक्षीय जागरूकता ल्याउन यी समिति सहयोगी भएका छन् । सङ्कटपूर्ण अवस्थामा रहेका बालबालिका, विद्यालय विमुख किशोरी, मुक्त कमलरीलाई लक्षित गरी महिला संस्थाबाटै एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्दा सशक्तिकरणमा सहयोग पुगेको छ ।

१३.१०३ महिला विकाससँग सम्बन्धित कार्यक्रमले सशक्तिकरणसँगै लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणका मुद्दाको वकालत र समन्वयमा सहयोग पुग्न गएको छ। मूलप्रवाहीकरण एवं समावेशीकरणमा स्थानीय निकायको नेतृत्व र क्षेत्रगत स्वामित्व रहने

गरी गरिएका सहजीकरण कार्यले समाजका विभिन्न संस्थामा महिला सहभागितामा सकारात्मक परिवर्तन ल्याएको छ । यसबाट महिलामा उद्यमशीलताको विकास भई आर्थिक समावेशीकरणमा टेवा पुगेको छ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

१३.१०४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कानूनी एवं संस्थागत प्रयास भएका छन् । ८ जिल्लामा सञ्चालित पुनर्स्थापना गृहबाट चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा वेचविखनमा परी उद्धार गरिएका ६ सय १६ जना महिलालाई सेवा पुऱ्याइएको छ । गत वर्षको सोही अवधिमा जोखिममा परी उद्दार गरिएका महिलाको संख्या १ हजार ४ सय ७० र पूर्ण अवधिमा १ हजार ६ सय ९७ रहेको थियो । यसै आर्थिक वर्ष देखि कास्की र सुर्खेतमा २ वटा पुनर्स्थापना केन्द्रको स्थापना भएको छ ।

**तालिका १३ (ब) : पुनर्स्थापना केन्द्रबाट सेवा लिनेहरूको विवरण**

| क्र.सं. | जिल्ला | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|
| १ | चितवन | ९० | ११२ | १६ |
| २ | रूपन्देही | २३१ | ४११ | १५७ |
| ३ | सिन्धुपाल्चोक | १३ | ३३ | ५१ |
| ४ | कैलाली | २८ | ७५ | २७ |
| ५ | पर्सा | १६५ | २७८ | १०० |
| ६ | वांके | ११४ | २५३ | ६७ |
| ७ | काठमाडौं | १८ | ४१ | ४६ |
| ८ | झापा | २४४ | ४९४ | १५२ |

स्रोतः महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय

*प्रथम आठ महिना

## बालबालिका र किशोरकिशोरी

१३.१०५ बालबालिका तथा किशोरकिशोरीको समग्र विकास, हक हित तथा बालअधिकार संरक्षण र सम्वर्द्धनका निम्ति कानूनी, नीतिगत र संस्थागत संयन्त्रहरूको व्यवस्था गरिएको छ । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिसकेको अवस्थामा उनीहरूका हक अधिकारको उपभोगको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको छ । बालअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि सरोकारवाला सरकारी निकाय, स्थानीय तह, विद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

अभिभावक, शिक्षक र नागरिक समाज बीचको समन्वय र सहकार्यमा अभिवृद्धि भएको छ।

१३.१०६ बालबालिकाको सहभागिताको सम्मान र अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि देशभरि २२ हजार ६ सय २८ बालक्लब गठन गरी सञ्चालनमा सहजीकरण भएको छ । यी बालक्लबमा ४ लाख ३७ हजार ७ सय ५९ (बालिका २ लाख ६ हजार ४९ र बालक २ लाख ३१ हजार ७ सय १०) जना बालबालिका सक्रिय रूपमा आवद्ध रहेका छन् । काठमाडौं उपत्यका र देशकै अन्य सहरलाई सडक बालबालिका मुक्त सहर बनाउने क्रममा पहिलो चरणमा काठमाडौं उपत्यका सडक बालबालिका मुक्त अभियान सञ्चालनमा छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०७२/७३ मा २ सय ३ जना र चालु आर्थिक वर्षको प्रथम आठ महिनामा २ सय ९३ जना गरी ४ सय ९६ जना सडक बालबालिकाको उद्धार संरक्षण भएको छ ।

१३.१०७ भूकम्पबाट अत्यधिक प्रभावित विभिन्न १४ जिल्लामा आर्थिक वर्ष २०७२/७३ मा प्रति बालबालिका रु.५ हजारका दरले ११ हजार ५२ जना र प्रति बालबालिका रु.४ हजारका दरले २ हजार ६ सय ८२ जनासहित जम्मा १३ हजार ७ सय ३४ जना बालबालिकालाई आर्थिक राहत सहयोग वितरण गरिएको थियो । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा जोखिम अवस्थामा रहेका बालबालिकाको पुनः लेखाजोखा गरी १ हजार ८ सय ४४ जना बालबालिकालाई प्रति बालबालिका रु.५ हजारका दरले तथा १ सय ७४ जना बालबालिकालाई रु.४ हजारका दरले जम्मा २ हजार १८ जना बालबालिकलाई बाल संरक्षण शैक्षिक सहयोग वितरण गरिएको छ । हालसम्म १५ हजार ७ सय ५२ जना भूकम्प प्रभावित बालबालिका लाभान्वित भएका छन् । भूकम्पबाट कुल प्रभावित बालबालिका संख्या ४६ हजार २ सय ७३ रहेको छ ।

१३.१०८ हराएका, हराएर फेला परेका र बेवारिस फेला परेका बालबालिकाको उद्धार, संरक्षण, खोजतलास र पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापनाका निम्ति बालबालिका खोजतलास समन्वय केन्द्र रहेको छ । उक्त केन्द्रद्वारा सञ्चालित निःशुल्क टेलिफोनलाई चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा २९ वटा जिल्लामा जडान गरिएको छ ।

**चार्ट १३ (छ) : हराएका, हराएर फेला परेका र बेवारीस फेला परेका बालबालिकाको विवरण**




स्रोतः केन्द्रीय बालकल्याण समिति

१३.१०९ हराएका बालबालिकाको प्रवृति हेर्दा आर्थिक वर्ष २०६९/७० मा यो संख्या केही बढी अर्थात १ हजार ७ सय ३४ रहेकोमा आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ मा कमी आई क्रमशः १ हजार १ सय ४५ र १ हजार १ सय ४६ थियो । आर्थिक वर्ष २०७२/७३ मा सो संख्या पुनः बढी १ हजार ५ सय २ पुगेको र चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा मात्र सो संख्या बढेर १ हजार ७ सय ६४ पुग्नु र उद्धार संरक्षण गरिएका/लाभान्वित बालबालिका औसतमा ५५ प्रतिशत मात्र रहेको देखिनुले यस क्षेत्रमा थप सुधारसहितको कार्य गर्नुपर्ने देखिएको छ ।

**चार्ट १३ (ज) : बालबालिका सम्बन्धी विवरण (आर्थिक वर्ष २०७३/०७४ को प्रथम आठ महिना)**




स्रोतः केन्द्रीय बालकल्याण समिति

१३.११० जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालीन उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापनाको लागि काठमाडौं, मकवानपुर, चितवन, कास्की, मोरङ, उदयपुर, लमजुङ, रूपन्देही, बाँके, सुर्खेत र कैलालीमा बाल हेल्पलाइन सञ्चालन गरिएकोमा चालु आर्थिक वर्ष २०७३/७४ को माघ महिनादेखि सुनसरीको इटहरीमा थप सञ्चालनमा रहेको छ । उल्लिखित १२ जिल्लामा सञ्चालित निःशुल्क बाल हेल्पलाइन बाट समीक्षा अवधिमा जोखिमपूर्ण अवस्थामा रहेका ६ सय ३६ बालक र ७ सय ७४ बालिका गरी जम्मा १ हजार ४ सय १० बालबालिकाको आपतकालीन उद्धार गरी राहत उपलब्ध गराइएको छ । यसका साथै यिनीहरूलाई मनोविमर्स तथा पारिवारिक पुनर्मिलन गराइएको छ । यो संख्या आर्थिक वर्ष २०७२/७३ मा ३ हजार ७ सय ११ रहेको थियो ।

**चार्ट १३ (झ) : बाल हेल्पलाइन निःशुल्क टेलिफोन नम्बर १०९८ बाट लाभान्वित बालबालिका**




स्रोतः केन्द्रीय बालकल्याण समिति

१३.१११ बाल विवाह बढी हुने विभिन्न ४० जिल्लामा बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालनमा छ । बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रण गर्न भारत र चीनसँग सीमाना जोडिएका २४ जिल्लाहरूमा बालबालिका वेचविखन तथा ओसार पसार रोकथाम प्रचार प्रसार कार्यक्रम सञ्चालित छ । बाल संरक्षणको दृष्टिकोणबाट पारिवारिक सचेतना कम भएका कर्णाली अञ्चल लगायतका पिछडिएका क्षेत्रका ९ जिल्लाहरूमा पारिवारिक सचेतना कार्यक्रम सञ्चालन भएको छ । २४ वटा जिल्लामा बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना नियन्त्रण तथा रोकथाम सचेतना कार्यक्रम समेत सञ्चालन गरिएको छ ।

१३.११२ आर्थिक वर्ष २०७२/०७३ मा विभिन्न २७ वटा जिल्लामा रहेका हिन्दु, इस्लाम, क्रिश्चियन, बौद्ध धर्मसँग सम्बन्धित मठ, मन्दिर, आश्रम, पीठ, गुरूकूल, मदरसा, चर्च, विहार, गुम्बा र स्तूपा लगायतका १ सय ४७ वटा धार्मिक संघ संस्थामा आवासीय

रूपमा ६ हजार ६ सय ८६ बालबालिका (बालक ५ हजार २ सय ३४ र बालिका १ हजार ४ सय ५२) आश्रित रहेका छन् ।

१३.११३ विभिन्न २० जिल्लामा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना तथा पुनःएकीकरण परियोजनाबाट आर्थिक वर्ष २०७२/७३ मा ४ हजार ७ सय ६६ जना र चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ४ हजार ७ सय २२ गरी हालसम्म कुल ९ हजार ४ सय ८८ जना द्वन्द्व प्रभावित बालबालिकालाई शैक्षिक, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, परिवारिक आयआर्जन, वैकल्पिक स्याहार, कानूनी सहायता र अन्य बाल संरक्षणको लागि राहत, संरक्षण एवं सहयोग प्रदान गरिएको छ ।

**तालिका १३ (भ) : सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका संरक्षण, राहत तथा पुनःएकीकरण विवरण**

| विवरण | रकम रू (प्रति व्यक्ति) | २०७२/७३ | २०७३/७४ (प्रथम आठ महिना) | जम्मा |
|---|---|---|---|---|
| शैक्षिक सहयोग | ५००० | ४३२९ | ३६०५ | ७९३४ |
| स्वास्थ्य उपचार सहयोग | ८००० | ९३ | २५ | ११८ |
| मनोसामाजिक परामर्श | ३००० | १४७ | ५५१ | ६९८ |
| आय आर्जन परिवार सहयोग | १५००० | १५८ | ४१३ | ५७१ |
| वैकल्पिक स्याहार सहयोग | २५०० | २७ | ८० | १०७ |
| कानूनी सहायता सहयोग | १०००० | १२ | १४ | २६ |
| अन्य बालसंरक्षण सहयोग | ५००० | ० | ३४ | ३४ |
| **जम्मा** | | **४७६६** | **४७२२** | **९४८८** |

स्रोतः केन्द्रीय बालकल्याण समिति

## ज्येष्ठ नागरिक

१३.११४ नेपालको संविधानले ज्येष्ठ नागरिकको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको छ । कुल जनसंख्याको ८.१३ प्रतिशत रहेका ज्येष्ठ नागरिकहरू (६० वर्ष भन्दा माथि) को सम्मानपूर्वक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गरी उनीहरूलाई सुरक्षित र सम्मानित तुल्याउनुपर्ने हुन्छ भने अर्कोतर्फ उनीहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई मुलुकको सामाजिक एवं आर्थिक जीवनमा उपयोग गर्ने वातावरणको सृजना गर्नुपर्ने हुन्छ । ज्येष्ठ नागरिकको संरक्षणका लागि मुलुक भरमा रहेका ४० वटा वृद्धाश्रमबाट ८ सय ६६ जना महिला र ४ सय ४७ पुरूष गरी जम्मा १ हजार ३ सय १३ जनाले निःशुल्क सेवा प्राप्त गरिरहेका छन् ।

१३.११५ विभिन्न जिल्लामा साझेदारीमा ८७ स्थानमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनमा रहेका छन् । ज्येष्ठ नागरिक सम्बन्धी सञ्चार माध्यमबाट चेतनामूलक कार्यक्रम,

स्याहारकर्ता तालिम, अन्तरपुस्ता सौहार्दता कार्यक्रमका साथै अन्तरपुस्ता सीप हस्तान्तरण लगायतका कार्यक्रम सञ्चालन भएका छन् । ७० वर्ष (कर्णाली अञ्चल र दलित समुदायका हकमा ६० वर्ष) उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक रु.२ हजारका दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । ज्येष्ठ नागरिकलाई यातायातका साधनमा आरक्षण र छुट सम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयनको लागि परिचयपत्र वितरण गरिएको छ । उपरोक्त कार्यक्रमबाट ज्येष्ठ नागरिकको जीवन केही मात्रामा भए पनि सहज भएको छ ।

**अपाङ्गता भएका व्यक्ति**

१३.११६ नेपालको संविधानले अपाङ्गता भएका नागरिकको लागि विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन् । अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना, कार्यक्रम,रेडियो/टी.भीबाट सचेतनामूलक कार्यक्रम, संस्थाको साझेदारीमा दिवा सेवा तथा आवासीय पुनर्स्थापना कार्यक्रम सञ्चालनमा छन् । साथै, सबै महिला तथा बालबालिका कार्यालयमा अपाङ्गता सम्बन्धी हेल्पडेस्क सञ्चालन, अपाङ्गता भएका महिलाका लागि पुनर्स्थापना एवं छात्रावासको व्यवस्था छ ।

१३.११७ दृष्टिविहीनलाई शिक्षामा पहुँच पुर्‍याउन सुन्न सक्ने सी.डी. र क्यासेट, बौद्धिक अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना तथा हेरचाह, मानसिक अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सहयोग, सहायक सामग्री उत्पादन तथा वितरणमा सहयोग जस्ता कार्यक्रम सञ्चालनमा छन् । अटिज्म (Autism), कुष्ठ प्रभावी र हेमोफेलिया भएका व्यक्तिका लागि सहयोग उपलब्ध गराइएको छ । साविकका मध्यमाञ्चल र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिका लागि आवासिय पुनर्स्थापना केन्द्र सञ्चालनमा छ । यसमा २५ जनाले आश्रय लिइरहेका छन् । अपाङ्गताका क्षेत्रका व्यक्तिलाई पूर्ण अशक्त, अति अशक्त, मध्यम अपाङ्गता र सामान्य अपाङ्गता सम्बन्धी परिचय पत्र वितरण गरिएको छ । पूर्ण अशक्त र अति अशक्त भएका व्यक्तिलाई क्रमशः मासिक रु.२ हजार र रु.६ सयका दरले अपाङ्ग भत्ता वितरण गरिन्छ ।

### तालिका १३ (म) : अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी विवरण

| क्र.सं. | परिचय पत्रको प्रकार | आर्थिक वर्ष २०७३/७४ को फाल्गुण मसान्तसम्म वितरित परिचय पत्र संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा |
| १ | रातो (पूर्ण अशक्त) | १६३०८ | २०९७७ | ३७२८५ |
| २ | निलो (अति अशक्त) | ८८६३ | ४०२१४ | ४९०७७ |
| ३ | पहेलो (मध्यम अशक्त) | २७०४१ | ३९७९८ | ६६८३९ |
| ४ | सेतो (सामान्य अशक्त) | १९०३४ | २७२५५ | ४६२८९ |
| **कुल जम्मा** | | **७१२४६** | **१२८२४४** | **१९९४९०** |

स्रोतः महिला तथा बालबालिका विभाग

**समाज कल्याण परिषद**

१३.११८ समाजकल्याण परिषद अन्तर्गत चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्ममा ७ सय ५५ गैरसरकारी संस्था र २ सय ५० अन्तराष्ट्रिय गैरसरकारी संस्था सञ्चालनमा छन् । गैरसरकारी संस्था अन्तर्गत ८ सय ५७ वटा स्वीकृत कार्यक्रममा रु.१२ अर्ब २६ करोड स्वीकृत रकम र अन्तराष्ट्रिय गैरसरकारी संस्था तर्फ ७७ वटा स्वीकृत कार्यक्रममा रु.८ अर्ब २९ करोड स्वीकृत रकम रहेको छ ।

**खानेपानी तथा सरसफाइ**

१३.११९ नेपालको संविधानले खानेपानी तथा सरसफाइमा सबै नागरिकको पहुँचलाई मौलिक हकको रूपमा स्थापित गरेकोले स्वच्छ एवं सुरक्षित खानेपानी तथा सरसफाइमा सबै नागरिकको पहुँच पुऱ्याउन आवश्यक छ । राष्ट्रिय जल योजना, २००५, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३, राष्ट्रिय सरसफाइ गुरूयोजना तथा दिगो विकास लक्ष्य, २०३० मा भएको व्यवस्था समेतलाई दृष्टिगत गर्दै सन् २०१७ को अन्त्य सम्ममा सबै नेपाली जनतालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिइएको छ ।

## तालिका १३ (य) : आधारभूत खानेपानी तथा सरसफाइको स्थिति

| सूचकहरू | राष्ट्रिय जल योजना, २००५ ले तय गरेका | | हाल सम्मको उपलब्धी |
|---|---|---|---|
| | सन् २०१७ | सन् २०२७ | |
| आधारभूत खानेपानी सेवा (कुल लाभान्वित जनसंख्याको प्रतिशत) | १०० | - | ८६.९७% |
| आधारभूत सरसफाइ (कुल लाभान्वित जनसंख्याको प्रतिशत) | १०० | - | ८७.२७% |
| उच्च मध्यम स्तरको खानेपानी (कुल लाभान्वित जनसंख्याको प्रतिशत) | २७ | ५० | १५% |

स्रोतः खानेपानी तथा ढल निकास विभाग

१३.१२० सन् २०१७ सम्ममा सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सुविधामा पहुँच सुनिश्चित गरी खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने संकल्पका साथ सरसफाइ अभियानलाई देशैभर एउटा सामाजिक आन्दोलनका रूपमा अगाडि बढाइएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा साविकका ४३ नगरपालिका र ३ सय २५ गाउँ विकास समिति गरी हालसम्म कुल २ हजार ४ सय ३५ गाउँ विकास समिति, १ सय ३२ नगरपालिका तथा ३८ जिल्ला खुला दिसा मुक्त क्षेत्र घोषणा भएका छन् ।

१३.१२१ खुला दिशामुक्त क्षेत्र घोषणा भएका साविकका गाउँ विकास समिति, नगरपालिका र जिल्लामा सरसफाइ सुविधाको दिगोपना कायम राख्न सार्वजनिक शौचालयको निर्माण कार्यलाई प्रवर्द्धन गर्दै खुल्ला दिसामुक्त क्षेत्र घोषणा भए पश्चातका (Post Open Defecation Free-ODF) कार्यक्रम सञ्चालनमा ल्याइएको छ । Post ODF कार्यक्रमको प्रभावकारिताको लागि Post ODF Guidelines तयार भई स्वीकृतिको चरणमा रहेको छ । यसका साथै नदीनाला, ताल, तलैया, तथा अन्य पानीका स्रोतको स्वच्छता कायम राख्ने हेतुले वातावरणीय व्यवस्थापन गर्ने कार्यक्रम सञ्चालनमा ल्याइएको छ । यस आर्थिक वर्षमा शे-फोक्सुन्डो, तिलिचो, वेगनासताल, राराताल र रूपाताल गरी ५ वटा तालहरू तथा कर्णाली, कोशी, नारायणी लगायतका ११ नदीको सहरी क्षेत्र ढलमुक्त बनाई नदीनाला तथा ताल तलैयाको स्वच्छता कायम गर्ने कार्यक्रम सञ्चालन गर्ने तयारीमा छ।

१३.१२२ तराई/मधेश क्षेत्रमा भूमिगत पानीका स्रोतमा रहेको आर्सेनिक प्रदुषणलाई न्यूनीकरण गर्ने अभिप्रायले चालु आर्थिक वर्ष देखि तराई/मधेस खानेपानी सूधार कार्यक्रम सञ्चालनमा ल्याइएको छ । यस आर्थिक वर्षमा तराई मधेसका २० जिल्लामा १ सय वटा आयोजनामा सोलार पम्प जडित स-साना ओभरहेड ट्याङ्क निर्माण गरी आर्सेनिक मुक्त पानी वितरण गर्ने कार्यक्रम निर्माण चरणमा प्रवेश गरेको छ ।

१३.१२३ सहरी तथा अर्धसहरी क्षेत्रमा गुणस्तरीय खानेपानी तथा आधारभूत सरसफाईको सुविधा पुऱ्याउने उद्धेश्यले सञ्चालित दोस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना

अन्तर्गत यस आर्थिक वर्षमा ४ वटा आयोजना समाप्त भएको र तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सल्यान खानेपानी आयोजना सम्पन्न भई ८ हजार ४ सय ७६ उपभोक्ता लाभान्वित भएका छन । त्यसैगरी ग्रामीण खानेपानी आयोजना अन्तर्गत यस अवधिमा ७ वटा खानेपानी आयोजना सम्पन्न भई ३ हजार २ सय ४१ जनसंख्या लाभान्वित भएका छन।

## मेलम्ची खानेपानी

१३.१२४ मेलाम्ची खानेपानी आयोजना काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति गर्ने वृहत आयोजना हो । काठमाडौं उपत्यकामा खानेपानी उपलब्ध गराई उपत्यकावासीले झेल्दै आएको खानेपानीको दीर्घकालीन समस्या समाधान गर्ने एवं उपत्यकावासीलाई पानीजन्य रोगबाट मुक्त गराउने मुख्य उद्धेश्य सहित मेलम्ची खानेपानी आयोजना कार्यान्वयनमा रहेको छ।

१३.१२५ काठमाडौं उपत्यकाको सहरी क्षेत्रको खानेपानीको माग पूर्ति गर्नका लागि क्रमिक रूपमा क्षमता बढाउँदै लैजान सकिने प्रावधान रहेको यस आयोजनाले पहिलो चरणमा सिन्धुपाल्चोक जिल्लाको साविकको हेलम्बु गाउँ विकास समिति अन्तर्गत मेलम्ची नदीको रिवर्मा भन्ने ठाँउमा मुहान (हेडवर्कस) निर्माण गरी त्यहाँदेखि सुन्दरीजल सम्म २६.५ किलो मिटर लामो सुरूङ्गका माध्यमबाट काठमाडौं उपत्यका भित्र दैनिक १७ करोड लिटर पानी ल्याउने उद्धेश्य रहेको छ । यस आयोजनाको दोस्रो चरणमा याङ्ग्री र लार्के नदीबाट क्रमशः १७/१७ करोड लिटरका दरले थप गरी जम्मा ५१ करोड लिटर पानी काठमाडौंमा ल्याउने लक्ष्य रहेको छ।

१३.१२६ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ५.२५२ कि.मि.सुरूङ्ग निर्माण कार्य सम्पन्न भएको छ । हालसम्म मुख्य सुरूङ्गको विभिन्न खण्डमा गरी जम्मा २३.१८४ कि.मि. सुरूङ्ग निर्माण कार्य सम्पन्न भएको छ । हेडवर्क्स निर्माणका लागि आवश्यक डाइभर्सन सुरूङ्ग निर्माण कार्य समेत सम्पन्न भएको छ।

१३.१२७ सुन्दरीजलमा दैनिक ८ करोड ५० लाख लिटर प्रशोधन क्षमताको पानी प्रशोधन केन्द्र निर्माण कार्य जारी छ । पानी प्रशोधन केन्द्रका विभिन्न इकाईमा जम्मा २१२२२.१२ घनमिटर RCC को कार्य सम्पन्न भएको छ । हालसम्म पानी प्रशोधन केन्द्र निर्माण कार्य ९९ प्रतिशत सम्पन्न भएको छ।

## आयोजना कार्यान्वयन निर्देशनालय

१३.१२८ सन २०१७ सम्म राजधानी काठमाडौं उपत्यकाका जनतालाई मेलम्ची प्रथम चरण अन्तर्गत प्राप्त हुने १७ करोड लिटर पानी समानुपातिक रूपमा वितरण गर्ने उद्देश्यले स्थापित आयोजना कार्यान्वयन निर्देशनालयबाट चालु आर्थिक वर्षको प्रथम आठ महिना

सम्ममा २ सय २० किलोमिटर वितरण संजाल, ४० किलोमिटर मुख्य प्रणाली र ५ वटा पानी पोखरीको बाँकी निर्माण कार्य सम्पन्न भएको छ । यस आयोजना अन्तर्गत हालसम्मको प्रगति देहाय बमोजिम छः

| क्र. स. | विवरण | लक्ष्य | हाल सम्मको प्रगति |
|---|---|---|---|
| १ | वितरण संजाल निर्माण | ६७० कि. मि. | ५५० कि.मि. |
| २ | मुख्य प्रणाली निर्माण (थोक वितरण प्रणाली) | ६१ कि. मि. | ४१ कि.मि. |
| ३ | पानी पोखरी निर्माण | ६ वटा | ५ वटा |

## ग्रामीण खानेपानी कोष विकास समिति

१३.१२९ ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाको दोस्रो फेज सम्पन्न भएपछि जुलाई ११, २०१४ देखि ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना सञ्चालनमा आइ विगत ३ वर्षमा ३ सय ८ आयोजना सम्पन्न गरी करिब २ लाख ७५ हजार ९ सय ६८ जनसंख्यालाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याएको छ ।

१३.१३० आर्थिक वर्ष २०७३/७४ मा कार्यान्वयन चरणमा रहेका १ सय १ आयोजना सम्पन्न गरिने, दशौं समूहका ५ सय ६२ आयोजनाको निर्माण कार्य सुरु गरिने, एघारौं समूहमा विकास चरणका ६ सय ५० आयोजना छनौट गरी पुर्व सम्भाव्यता अध्ययन गरी पूर्व विकास चरणका कार्य गर्ने लक्ष्य रहेको थियो । यस मध्ये हालसम्म ३९ आयोजना पूर्ण रूपले सम्पन्न भइसकेका छन् । यसैगरी, विकास चरणका ५ सय ६२ आयोजनाको कार्य लगभग सम्पन्न हुने क्रममा रहेको र निकट भविष्यमा नै यी आयोजनामा निर्माण कार्य सञ्चालनको लागि सम्झौता हुने स्थितिमा रहेका छन् । ४ सय गाउँ विकास समितिमा खुला दिसामुक्त घोषणा तथा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा हालसम्म ३ सय ५४ गाउँ विकास समितिमा कार्यक्रम पुऱ्याइएको छ ।

## काठमाडौं उपत्यका खानेपानी व्यवस्था

१३.१३१ यस बोर्डबाट वर्षातको पानी संकलन तथा पुनर्भरण, ढुंगेधारा, ईनार पोखरी आदि संरक्षण गरी खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको छ । साथै भूमिगत स्रोतको पानीको दोहन तथा प्रयोग सम्बन्धमा समुचित व्यवस्थापनका लागि नियमनकारी निकायको हैसियतबाट बोर्डले अनुमती पत्र जारी गर्ने, टैंकर व्यसायीलाई खानेपानी सेवा सचालन गर्न अनुमति दिने कार्य गरी आएको छ । यस सम्बन्धमा सेवा प्रदायकबाट भइरहेको

खानेपानी तथा ढल निकास सम्बन्धी सेवा प्रणाली सम्बन्धमा पनि वोर्डले नियमित अनुगमन निरीक्षण गरी आएको छ ।

१३.१३२ आर्थिक वर्ष २०७३/७४ मा सम्पति संरक्षण, वर्षातको पानी संकलन, खानेपानीको गुणस्तर कायम, ट्युववेलहरूको अवस्था अनुसार सुधार, ढुंगेधारा, इनार जस्ता पुरातात्विक महत्त्वका खानेपानीका स्रोतहरूको जिर्णोद्धार गर्ने मुख्य नीति अवलम्वन गरी स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यहरू सम्पन्न भएका छन् ।

## युवा तथा खेलकुद

१३.१३३ मुलुकको आर्थिक, सामाजिक विकास एवं राष्ट्र निर्माणमा युवा वर्गको महत्त्वपूर्ण योगदान रहन्छ । कुल जनसंख्याको ४०.३ प्रतिशत रहेको युवा जनशक्ति (१६ देखि ४० वर्ष उमेर समूह) को जनसांख्यिक लाभ लिई राष्ट्रिय समृद्धिमा युवाको परिचालन गर्नुपर्दछ । कमै मुलुकले मात्र यस्तो प्रकारको जनसांख्यिक लाभको उपयोग गर्न पाउँछन् । युवाले देशको समग्र विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले चालु १४ औं आवधिक योजनाले राखेको **विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण**, गर्ने सोच एवं **युवाहरूलाई राष्ट्रको सर्वाङ्गिण विकासमा मूलप्रवाहीकरण गर्ने**, लक्ष्यलाई व्यवहारमा रूपान्तरण गर्न भने ढिला भएको छ ।

१३.१३४ युवाको उद्मशीलता र सीपको आवश्यकता पहिचान र क्षमता विकास गराउँदै स्वरोजगार एवं उद्यमशील बन्न प्रोत्साहन गर्ने हेतुले राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन-२०२५ को तर्जुमा भई कार्यान्वयनमा छ । केन्द्रमा राष्ट्रिय युवा परिषद र ६० जिल्लामा जिल्ला युवा परिषद कार्यरत रहेका छन् । सबै जिल्लामा जिल्ला युवा कार्यालय स्थापना भई युवा लक्षित कार्यक्रम सञ्चालनमा छन् ।

१३.१३५ खेलकुद क्षेत्रको विकासका लागि खेलकुद पूर्वाधारको निर्माण तथा सुधार, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता, खेलाडी तथा प्रशिक्षकका लागि प्रशिक्षण तथा प्रोत्साहन गर्ने कार्य गरिएको छ । सन २०१८ मा तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता नेपालले आयोजना गर्ने प्रतिवद्धता पूरा गर्न आवश्यक पूर्वाधार निर्माण र तयारीका कार्य सुरु भएका छन् ।

१३.१३६ अनुशासित, उत्तरदायी एवं स्वयंसेवी बालबालिका तथा युवा तयार पार्न नेपाल स्काउटको सहयोगमा स्काउट सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा छन् । नेपाल स्काउटसँगको सहयोग तथा समन्वयमा स्काउटको विकास तथा विस्तारका लागि पूर्वाधार विकास र प्रशिक्षण जस्ता क्रियाकलाप सञ्चालनमा छन् ।

## राष्ट्रिय युवा परिचालन

१३.१३७ युवाको समग्र विकास गरी उनीहरूलाई देश निर्माणमा सहभागी गराउने उद्देश्यका साथ राष्ट्रिय युवा परिचालन कार्यक्रम सञ्चालनमा छ । यस अन्तर्गत युवा परिचालन, युवा क्षमता अभिवृद्धि तथा सशक्तिकरण, युवा सहयोग तथा सहकार्यका कार्यक्रम रहेका छन्। आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा बाह्य युवा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत २०७३ फागुनमा ५० सदस्यीय भारतीय युवा प्रतिनिधिमण्डलबाट र २०७३ चैत्रमा ५० सदस्यीय चिनीया युवा प्रतिनिधिमण्डलबाट नेपालको भ्रमण सम्पन्न भएको छ ।

१३.१३८ युवा परिचालन कार्यक्रमबाट युवाको सीप, क्षमता, सचेतना अभिवृद्धिमा सहयोग पुगेको छ। युवा अनुभव आदानप्रदान कार्यक्रमबाट मुलुक तथा स्थानको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, भौगोलिक लयातका विषयमा ज्ञान र अनुभव प्राप्त भई सो ज्ञान र अनुभवलाई मुलुकको विकासमा उपयोग गर्न सहयोग पुगेको छ ।

१३.१३९ युवाका लागि उपयोगी सूचना प्रवाह गर्न रेडियो नेपालबाट "युवा सञ्चार रेडियो कार्यक्रम" र नेपाल टेलिभिजनबाट "विकास र समृद्धिमा युवा" कार्यक्रमको प्रसारण भएको छ । अन्तर्राष्ट्रिय युवा दिवसका दिन १० जना प्रतिभावान युवालाई पुरस्कृत तथा सम्मान गरिन्छ । युवाका लागि तालिम र टेवा, राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन-२०२५ को प्रचारप्रसार जस्ता कार्यक्रमबाट युवालाई अध्ययन, अनुसन्धान, उद्यमशीलता र समाज सेवा गर्न प्रोत्साहन मिल्नुका साथै युवाको रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण गर्न सघाउ पुऱ्याएको छ ।

## खेलकुद विकास

१३.१४० खेलकुद क्षेत्रको विकासको आधारस्थल नै विद्यालयहरू हुन् । विद्यालयस्तरमा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय छात्र/छात्रा फुटबल र क्रिकेट प्रतियोगिताको सञ्चालनबाट स्थानीयस्तरदेखि नै प्रतिभाको खोजी, पहिचान, सम्मान र संरक्षणमा सहयोग पुगेको छ । खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्धको सचेतना जगाउन र औषधिको प्रयोगलाई निरूत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालनमा छन् ।

१३.१४१ परम्परागत खेलहरूको अध्ययन, संरक्षण तथा विकास सम्बन्धी कार्य गरी ती खेलको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने तर्फ प्रयासहरू केन्द्रित छन् । प्रतिभावान खेलाडी तथा खेलकुदको क्षेत्रमा विशेष योगदान पुऱ्याउने संस्थाको सम्मान, विभिन्न वैदेशिक प्रतियोगितामा उच्चस्तरीय प्रतिनिधिको सहभागिता एवं अध्ययन जस्ता कृयाकलापबाट हौसला वृद्धि गर्न, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता वृद्धि गर्न र खेलकुदसँग सम्बन्धित वैदेशिक सहायतामा बढोत्तरी ल्याउन मद्दत पुगेको छ।

१३.१४२ **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने खेलकुदको मूल नारालाई साकार पार्नका लागि राष्ट्रिय खेलकुद परिषदबाट खेलकुदको पूर्वाधार निर्माण तथा सुधार, राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना तथा त्यसमा सहभागिता, खेलाडीलाई नियमित रूपमा प्रशिक्षण प्रदान र प्रोत्साहनका कार्यक्रम सञ्चालनमा छन् । पारा तथा स्पेशल खेलकुद सहयोग, खेलाडीलाई आजीवन भत्ता, बीमा तथा दुर्घटनामा परेका खेलाडीको उपचारमा सहयोग पुऱ्याउने जस्ता कार्य राष्ट्रिय खेलकुद परिषदबाट सञ्चालन भएका छन् ।

१३.१४३ विक्रम सम्वत् २०७३ पौष ८ देखि १५ गतेसम्म पूर्वाञ्चल (विराटनगर) मा सम्पन्न सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपाली सेना ११३ स्वर्ण पदक सहित प्रथम स्थान, सशस्त्र प्रहरी र नेपाल पुलिस क्लव क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरेका थिए । ३१ वटा खेल समावेश गरिएको उक्त प्रतियोगितामा साविकका ५ विकास क्षेत्र र ५ वटा विभागीय टीमका २ हजार ३ सय ३ पुरूष र १ हजार ६ सय ६९ महिला गरी ३ हजार ९ सय ७२ जना खेलाडी सहभागी भएका थिए ।

**तालिका १३ (र) : सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता**

| सहभागी टिम | स्वर्णपदक | रजत पदक | कास्यपदक | जम्मा |
|---|---|---|---|---|
| नेपाली सेना | ११३ | ६४ | ४८ | २२५ |
| सशस्त्र प्रहरी | ५० | ४८ | ५८ | १५६ |
| नेपाल पुलिस क्लब | ४० | ३८ | ४१ | ११९ |
| मध्यामाञ्चल विकास क्षेत्र | ३२ | ५० | ५७ | १३९ |
| मध्यपश्चिमाञ्चल विकास क्षेत्र | ९ | १५ | ४३ | ६७ |
| पश्चिमाञ्चल विकास क्षेत्र | ८ | २१ | ३८ | ६७ |
| पूर्वांचल विकास क्षेत्र | ७ | १७ | ४९ | ७३ |
| सुदुर पश्चिमाञ्चल विकास क्षेत्र | ४ | ११ | ५९ | ७४ |
| जम्मा | २६३ | २६४ | ३९३ | ९२० |

स्रोतः युवा तथाखेलकुद मन्त्रालय

## संस्कृति

१३.१४४ देशमा रहेका सम्पूर्ण मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने गरी कार्य अगाडि बढेको छ । पशुपति, लुम्बिनी, जनकपुर लगायत महत्त्वपूर्ण धार्मिक,

सांस्कृतिक एवं ऐतिहासिक स्थलहरूको संरक्षण, सम्वर्द्धन एवं दिगो व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१३.१४५ राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकास कोषबाट आर्थिक वर्ष २०७२/७३ मा वम मुक्तेश्वर सत्तलको जिर्णोद्वार तथा धुनीघर र रक्षेश्वर सत्तलको संरक्षण कार्य सम्पन्न भएको छ। विद्युतीय शवदाह गृह सञ्चालनमा आएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा रणमुक्तेश्वर सत्तलको जिर्णोद्वार सम्पन्न भएको छ । विद्युत शवदाह गृहमा ३० वटा शव अटाउने चिस्यान कोठा निर्माण भई सञ्चालनमा आएको छ। वनकाली वगैचा, भण्डारखाल वगैंचा र हंसमण्डप प्राङ्गण निर्माण भइरहेको छ । भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको कार्य प्रारम्भ भएको छ ।

१३.१४६ राष्ट्रिय गौरवको आयोजना लुम्विनी क्षेत्र विकास कोषबाट आर्थिक वर्ष २०७२/७३ मा लुम्विनी विकास कोष क्षेत्रमा रहेका वनजङ्गलको रेखदेख र बोधिवृक्षको संरक्षण गर्ने कार्य सम्पन्न भएको छ । कपिलवस्तुका पुरातात्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा उत्खनन् तथा संरक्षणको कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा गुरूयोजना अनुसारको प्रशासनिक भवन निर्माण भएको छ । १६ कि.मी सुरक्षा पर्खाल र केन्द्रीय नहर निर्माण कार्य सम्पन्न भएको छ। मायादेवी मन्दिर वरिपरि गार्डेन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । बृहत्तर लुम्बिनी अन्तर्गतका तिलौराकोट, देवदह, रामग्राम लगायतका क्षेत्र समेटी गुरूयोजना तयार भएको छ ।

१३.१४७ लोपोन्मुख, सीमान्तकृत, अतिसीमान्तकृत र सुविधाबाट वञ्चित जाति/समुदायको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्ने जस्ता कार्य सम्पन्न भएका छन् । राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमको रूपमा राष्ट्रिय संस्कृतिलाई लिईएको छ । परम्परागत संस्कृतिको जगेर्ना गर्न विभिन्न संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ।

१३.१४८ २०७२ सालको विनासकारी भूकम्पबाट २५ जिल्लाका करिब ७ सय ५० सांस्कृतिक सम्पदा क्षतिग्रस्त भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा १ सय ३२ सम्पदाको पुनर्निर्माण सुरु भएको छ ।

१३.१४९ प्रतिलिपि अधिकार रजिष्ट्रेशन तर्फ आर्थिक वर्ष २०७२/७३ मा साहित्य तर्फ १ सय २२, आर्किटेक्ट डिजायन ४२, कम्प्यूटर सफ्टवेयर तर्फ ४ र शोधपत्र १ गरी १ सय ६९ दर्ता भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा साहित्यतर्फ ५०, ध्वनिअंकन १०, फोटोजन्य १ र चलचित्र वृत्तचित्र १ गरी ६२ प्रतिलिपि अधिकार दर्ता भएको छ । यसरी आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा

साहित्यमा १ हजार १ सय १०, म्यागजिन प्रकाशन ३, अनुवाद ५, आर्ट/पेन्टिङ ७५, ध्वनिअंकन ७९, अर्किटेक्ट ४४, कलाजन्य १ सय १६, सफ्टवेयर २८, प्रस्तुती ४, फोटाग्राफी ४८, शोधपत्र ४ र चलचित्र/वृत्तचित्र ९ गरी कुल १ हजार ५ सय २५ प्रतिलिपि अधिकार दर्ता भएको छ ।

## जनसंख्या व्यवस्थापन

१३.१५० जनसंख्याको आकार र गुणस्तरले आर्थिक विकासलाई प्रभाव पार्दछ । सामाजिक विकासको केन्द्रविन्दु देशका बासिन्दा हुन् । जनसंख्या व्यवस्थापनका लागि राष्ट्रिय जनसंख्या नीति, २०७१ कार्यान्वयनमा रहेको छ । जनसांख्यिक लाभांश लिई उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्न आर्थिक रूपले सक्रिय उमेर समूहको जनसंख्यालाई उपयोग गर्ने गरी युवा स्वरोजगार लगायतका कार्यक्रम सचालन गरिएका छन् ।

१३.१५१ जनसंख्या परिवर्तनलाई प्रभाव पार्ने कारक तत्वहरू जन्म, मृत्यु, बसाई सराईको तथ्याङ्क संकलनलाई प्रभावकारी बनाउन केन्द्रीय पञ्जिकरण विभागको स्थापना गरी केही स्थानीय निकाय/तहबाट विद्युतीय माध्यमबाट व्यक्तिगत घटना दर्ता प्रणाली सुरुवात भएको छ। शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा र पूर्वाधार तथा शहरी विकास सम्बन्धी योजना बनाउँदा जनसंख्या सम्बन्धी तथ्याङ्कको उपयोग गर्ने गरिन्छ ।

१३.१५२ जनसंख्या व्यवस्थापन सम्बन्धी सूचनालाई व्यवस्थित गर्न जनसंख्या सूचना प्रणाली (Population Management Information System-PMIS) Software निर्माण भएको छ। साथै Nepal Population Report 2016 र Population Pressure Index 2016 समेत तयार भएका छन् ।

## स्थानीय निकायबाट सामाजिक विकासमा भएको कार्य

१३.१५३ गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई प्रदान गरिएको अनुदानबाट लक्षित समूह अन्तर्गत सबै जातजातिका विपन्न वर्ग महिला, बालबालिका र सामाजिक, आर्थिक रूपमा पछाडि परेका ज्येष्ठ नागरिक, मधेशी, मुश्लिम, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र पिछडा वर्गलाई प्रत्यक्ष फाइदा पुऱ्याउने कार्यक्रम लगायत, जनशक्ति विकास, संस्थागत सुधार र पूर्वाधार विकास तर्फ, ग्रामीण सडक, साना सिँचाइ खानेपानी, सामुदायिक भवन, जस्ता कार्यक्रम/योजनाहरू सञ्चालन भइरहेका छन्।

१३.१५४ नेपालको संवैधानिक व्यवस्था बमोजिम २०७३ फागुन २७ देखि साविकका सबै स्थानीय निकायहरू स्थानीय तहको रूपमा ४ सय ८१ गाउँपालिका, २ सय ४६ नगरपालिका,

१३ उपमहानगरपालिका एवं ४ वटा महानगरपालिका र ७५ जिल्ला समन्वय समितिमा रूपान्तरित भएका छन् । उक्त सबै निकायहरूले सोही मिति देखि रूपान्तरित स्थानीय तहको रूपमा सेवा प्रवाह र विकास निर्माणका कार्य गरिरहेका छन् ।

## व्यक्तिगत घटना दर्ता

१३.१५५ केन्द्रीय पञ्जिकरण विभागले जन्म, मृत्यु, बसाईसराईं, विवाह, सम्बन्ध बिच्छेद लगायतका व्यक्तिगत घटना दर्ताका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै आएको छ । विद्यालय भर्ना, एस.ई.ई मा रजिष्ट्रेशन र नागरिकता प्राप्त गर्नका लागि जन्मदर्ता प्रमाणपत्रलाई आधारका रूपमा लिने परीपाटीको थालनी भएको छ ।

१३.१५६ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा विद्युतीय माध्यम (Online System) बाट व्यक्तिगत घटना दर्ता गर्ने स्थानीय निकायको संख्या २ सय ५ पुगेको छ। चालु आर्थिक वर्ष भित्र यस्तो संख्या ६ सय पुग्ने अनुमान छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा विद्युतीय माध्यम (Online System) बाट ६८ हजार ४ सय ९४ जन्म र १० हजार ९ सय ७४ मृत्युको घटना दर्ता भएको छ ।

**तालिका १३ (ल) : व्यक्तिगत घटना दर्ता**

| व्यक्तिगत घटना | विवरण | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
|---|---|---|---|---|---|---|
| जन्म दर्ता | महिला | ३८५५३६ | ४८८८०२ | ४२१५०३ | २९०५५६ | २४७९६१ |
| | पुरुष | ४२९४८५ | ५४०८७९ | ४५६०९० | ३१०२४० | २५९४८७ |
| | जम्मा | ८२२४२९ | १०२९६८१ | ८७७५९३ | ६००७९६ | ५०७४४८ |
| मृत्यु दर्ता | महिला | ४३०४५ | ४८२७० | ४७७०७ | ३७०२८ | ३०१५० |
| | पुरुष | ६९८२३ | ७४०८७ | ६६६४५ | ५७६६३ | ४३६६० |
| | जम्मा | ११३३६८ | १२१८४९ | ११४३५२ | ९४६९१ | ७३८१० |
| विवाह दर्ता | | २०८२११ | १३७३१६ | २२४८२६ | १५८७९५ | १२९५६२ |
| सम्बन्ध विच्छेद दर्ता | | ५५७ | ११०४ | १३५५ | १०६५ | ११९९ |
| बसाई सराइ दर्ता | | ८१९४६ | ९४६१३ | १२१४२९ | ६९८२७ | ४७९०७ |
| वसाइ सरी गएको संख्या | | १३७४९९ | १४१८७१ | १७३४५४ | ८८४३१ | ६४४९८ |
| बसाई सरी आएको संख्या | | १५८९०१ | १६७०३४ | १९३५६० | १०६१०३ | ७२६८१ |
| बसाई सराई गर्ने जम्मा संख्या | | २९६२५१ | ३०८९८१ | १९६१७० | १९४५३४ | १३७१७९ |

*प्रथम ८ महिनाको

स्रोत : केन्द्रीय पञ्जीकरण विभाग

नोटः जन्म, मृत्युको दर्तामा कतिपय जिल्लाबाट महिला र पुरुषको संख्या नछुट्याई एकमुष्ट प्राप्त हुने हुँदा जम्मामा फरक देखिनसक्ने ।

## सामाजिक सुरक्षा

१३.१५७ आर्थिक सामाजिक रूपमा पछि परेका जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपाङ्गता भएका नागरिक, लोपोन्मुख आदिवासी जनजाति तथा बालबालिकालाई नेपाल सरकारले विभिन्न दरमा भत्ता उपलब्ध गराउँदै आएको छ । सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ ले निर्दिष्ट गरे बमोजिम चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम ८ महिनासम्ममा जेष्ठ नागरिक १० लाख ८३ हजार २ सय ४३ जना, एकल महिला तथा विधवा ६ लाख १९ हजार ५ सय ४६ जना, लोपोन्मुख आदिवासी जनजाति २४ हजार ४ सय १ जना, पूर्ण अपांग ३३ हजार १ सय १५ जना, आंशिक अपांग ४३ हजार ७ सय ५८ र कर्णाली अञ्चल तथा दलित परिवारका ५ वर्ष मुनिका बालबालिका ४ लाख ४२ हजार ४ सय २८ जना समेत जम्मा २२ लाख ४६ हजार ४ सय ९१ जनालाई विभिन्न दरमा मासिक भत्ता वितरण गरिदै आएको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३९ जिल्लाका १४ लाख ३३ हजार ६६ जना लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणाली (MIS) मा प्रविष्टि भएको छ ।

१३.१५८ चालु आर्थिक वर्ष २०७३/७४ देखि जुन सुकै लक्षित समूहमा परेका भए पनि ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई साविकमा पाई आएको मासिक भत्ताको अतिरिक्त उपचार खर्च वापत मासिक रु.१ हजार प्रदान गर्ने कार्यको थालनी भएको छ । यो व्यवस्थाबाट ७० वर्ष नाघेका ९ लाख ३१ हजार ६ सय २३ जना जेष्ठ नागरिक लाभान्वित भएका छन् ।

**तालिका १३ (व) : सामाजिक सुरक्षा भत्ता वितरण (संख्या)**

| लक्षित समूह | मासिक दर (रु.) | २०७०/७१ | २०७१/७२ | २०७२/७३* | २०७३/७४* |
|---|---|---|---|---|---|
| जेष्ठ नागरिक (अन्य) | १००० | ६५५७३७ | ६८८९३० | ७९२३७९ | ८३९६९६ |
| जेष्ठ नागरिक (दलित) | १००० | २४४६४६ | २३४६३४ | २३००८५ | २११६११ |
| जेष्ठ नागरिक (कर्णाली) | १००० | २८७९७ | २७८५५ | २७३५५ | ३१९३६ |
| कुल जेष्ठ नागरिक | | ९२९१८० | ९५१४१९ | १०४९८१९ | १०८३२४३ |
| ६० वर्ष माथिका एकल महिला | १००० | ३४११०६ | २३१३५२ | १७२८४२ | १०२१७८ |
| ६० वर्ष मुनिका एकल महिला (विधवा) | १००० | ३१३६१३ | ४१७२०१ | ४८७२८६ | ५१७३६८ |
| पूर्ण अपाङ्गता भएका व्यक्ति | २००० | २५४९२ | २७२०३ | ३०९१२ | ३३११५ |
| आशिंक अपाङ्गता भएका व्यक्ति | ६०० | ६८६३ | ६३७५ | ३१४०८ | ४३७५८ |
| लोपोन्मुख आदिवासी/जनजाती | १००० | १९२२३ | २०३०८ | २३३४६ | २४४०१ |
| बलबालिका | २०० | ५३७११८ | ५०६७१८ | ४६९९२२ | ४४२४२८ |
| कुल जम्मा | | २१७२५९५ | २१६०५७६ | २२६५५३५ | २२४६४९१ |
| ७० वर्ष नाघेका जेष्ठ नागरिक (उपचार खर्च- रु.१०००) | | | | ९०५७२५ | ९३१६२३ |

* प्रथम आठ महिनाको

स्रोत : केन्द्रीय पञ्जीकरण विभाग

१३.१५९ चालु आर्थिक वर्ष २०७३/७४ देखि कर्णाली अञ्चल र दलित परिवारका अतिरिक्त गरिबी मापन सूचकाङ्कमा सबैभन्दा पछाडि परेका अछाम, रौतहट र बझाङ्ग जिल्लाका ५ वर्ष मुनिका सबै बालबालिकाले पाउने गरी बालपोषण अनुदान कार्यक्रम विस्तार गरिएको छ। यसबाट थप ८७ हजार भन्दा बढी बालबालिका लाभान्वित हुने अनुमान छ ।

## सुनौला हजार दिन कार्यक्रम

१३.१६० सुनौला हजार दिनको अवधिसम्ममा पोषणका लागि समुदायको क्रियाशिलतामा प्रजनन उमेर समूहका महिला र २ वर्ष मुनिका बालबालिकामा पोषण सम्बन्धी वानी व्यवहार, धारणामा सुधार गर्ने लक्ष्य लिई ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी, सुनसरी, सिरहा, सिन्धुली, रामेछाप, धनुषा, महोत्तरी, मकवानपुर, बारा, पर्सा, रौतहट, र सर्लाही जिल्लाका २ सय ९२ गाउँ विकास समितिमा सुनौला हजार दिन कार्यक्रम सञ्चालनमा छ ।

१३.१६१ चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा पोषणमा आधारित कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस कार्यक्रमको विभिन्न क्लष्टरबाट बालपोषण लगायतका विषयमा पोषण सम्बन्धी ६ हजार ३ सय ५५ वटा प्रस्ताव तयार भएकोमा ४ हजार ७ सय ३२ वटा स्वीकृत गरी कार्यान्वयन भएको छ ।

## वातावरण मैत्री स्थानीय शासन कार्यक्रम

१३.१६२ वातावरण मैत्री स्थानीय शासन कार्यक्रम कोशी जलाधार तथा गण्डकी जलाधार क्षेत्रका १४ जिल्लाका ५४ नगरपालिका तथा ६० गाउँ विकास समितिमा सञ्चालित छ । आर्थिक वर्ष २०७२/७३ मा २ सय ३२ वटा पोखरी संरक्षण, १ सय ५६ वटा पार्क निर्माण, ७१ हजार ७ सय ७९ वटा विरूवा संरक्षण, वृक्षारोपण (सडक छेउ, सार्वजनिक जग्गा), ६३ वटा नर्सरी व्यवस्थापन, स्मृति बाटिका निर्माण सम्पन्न भएका छन् । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम लागू भएका जिल्लाका कुल ४६ जनालाई स्थानीय निकायमा जलवायु परिवर्तन बजेट संकेत प्रावधान तथा त्यसको पहिचान सम्बन्धी दुईदिने अनुशिक्षण तालिम प्रदान गरिएको छ । साथै कुल ५ हजार ३ सय ९० घरधुरी, ४२ वटा बस्ती र १ वडा वातावरणमैत्री घोषणा भएका छन् ।

## समावेशी विकास

१३.१६३ समावेशी विकासको अवधारणा अनुरूप आदिवासी/जनजाति, उपेक्षित, उत्पीडित र दलित, मधेशी, मुस्लिम, पिछडा वर्ग, बादी समुदायका अतिरिक्त दुर्गम एवं विशेष क्षेत्र, गुम्बा व्यवस्था विकास कार्यक्रम सन्चालनमा रहेका छन् । यसैगरी हरेक योजना तथा कार्यक्रममा महिला मैत्री र लैंगिक समानतामुखी कार्यक्रमलाई अनिवार्य गरिएको छ ।

१३.१६४ लोपोन्मुख आदिवासी/जनजाति उत्थान र चेपाङ विकास कार्यक्रमबाट देशका विभिन्न भौगोलिक स्थानमा बसोबास गर्ने आदिवासी जनजाति समुदाय तथा चेपाङ जातिको सामाजिक, आर्थिक, साँस्कृतिक तथा शैक्षिक विकास एवं उत्थान भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा समावेशीकरण, सामाजिक न्याय, लैंगिक मुलप्रवाहीकरण कार्यक्रम, सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम, आदिवासी जनजाति हक अधिकार सचेतना कार्यक्रम, सामाजिक, आर्थिक जीवनस्तर सुधार कार्यक्रम, छात्रबृत्ति वितरण र संस्थागत क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन भएका छन् ।

१३.१६५ सामाजिक एवं आर्थिक रूपले अत्यन्तै पिछडिएको अवस्थामा रहेको दलित समुदायको समग्र विकास गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन उपेक्षित, उत्पीडित दलित वर्ग उत्थान विकास समिति मार्फत उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास कार्यक्रम सञ्चालन भएको छ । आर्थिक वर्ष २०७२/७३ मा उच्च शिक्षा छात्रवृत्ति ८ सय ८४ जना, लोकसेवा तयारी कक्षा १ सय ६० जना, सीपमूलक तालिम ३ सय जनालाई प्रदान गरिएको छ । ५ जिल्लामा आरन सुधार कार्यक्रम सञ्चालन गरिएको छ। चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा उच्च शिक्षा छात्रवृत्ति ५ सय ७२ जना, लोकसेवा तयारी कक्षा १ सय ६० जना, सीपमूलक तालिम १ सय जना र सिलाइ मेशिन १ सय जनालाई वितरण गरिएको छ।

१३.१६६ मधेशी, मुस्लिम एवं पछाडि परेका वर्ग र अन्य अल्पसंख्यकको हित अनुकूल नीति निर्माण गरी उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिमा सुधार गर्ने हेतुले पिछडिएको समुदाय उत्थान विकास समिति मार्फत २६ जिल्लामा पिछडिएको समुदाय उत्थान विकास कार्यक्रम सञ्चालनमा छ । आर्थिक वर्ष २०७२/७३ मा महिला सिलाई कटाई तालिम २ सय १० जना, लोकसेवा तयारी कक्षा १ सय ७५ जना, हाउस वायरिङ्ग तालिम १ सय जनालाई दिइएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा महिला सिलाई कटाई तालिम २० जना, लोकसेवा तयारी कक्षा ६० जना र हाउस वायरिङ्ग तालिम ४० जनालाई दिइएको छ।

१३.१६७ दलितको हक हित संरक्षण र समग्र विकासको लागि गठन भएको राष्ट्रिय दलित आयोगले मुख्यतः दलित सम्बन्धी नीति निर्माण गर्ने, दलितहरूको परम्परागत सीपको अध्ययन गर्ने र भूमिहीन दलितको तथ्यांक संकलन एवं विश्लेषण गर्ने, सामाजिक जागरण र न्याय सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, दलित सम्बन्धी कार्यक्रमहरूको समन्वय र संयोजन गर्ने तथा दलित तथ्यांक स्रोत केन्द्रको विकास गर्ने कार्य गर्दै आएको छ । आर्थिक वर्ष २०७२/७३ मा दलित जातिय प्रमाणपत्र वितरण ७ हजार २ सय ४१ वटा, जातिय भेदभाव तथा छुवाछुतसँग सम्बन्धित ४४ वटा उजुरी परेकोमा २० वटा

घटनाको अनुगमन गरिएको छ । साथै, चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा दलित जातिय प्रमाणपत्र वितरण १ हजार ६ सय १ वटा, जातिय भेदभाव तथा छुवाछुतसँग सम्बन्धित ६० वटा उजुरी परेकोमा १७ वटा घटनाको अनुगमन गरिएको छ । सामाजिक जागरण कार्यक्रम समेत सञ्चालन भएका छन् ।

१३.१६८ मुस्लिम समुदायको धार्मिक, सांस्कृतिक, भाषिक सवलीकरण गरी आर्थिक उत्थान गर्नका लागि राष्ट्रिय मुस्लिम आयोगबाट काम भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा मुस्लिम समुदाय सम्बन्धी अन्तर्क्रिया, समानता सम्बन्धी तालिम, लोकसेवा तयारी कक्षा, मस्जिद मदरसाहरूको स्थानीय अवस्थाको अध्ययन सम्पन्न भएको छ ।

१३.१६९ उत्तरी भू-भागका सीमावर्ती जिल्लाहरू र भौगोलिक दृष्टिकोणले अत्यन्त विकट एवं आर्थिक दृष्टिकोणले पिछडिएका २२ जिल्लाहरूमा गरिबी निवारणलाई सघाउ पुऱ्याउने गरी लक्षित कार्यक्रमको रूपमा दूर्गम क्षेत्र विकास कार्यक्रम सञ्चालनमा रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा १० वटा झोलुङ्गे पुल निर्माण, १ वटा विद्युतीकरण आयोजना, ४ वटा सिँचाइ आयोजना, २ वटा खानेपानी आयोजना, वाटो/घोडेटो बाटो ३३.६ कि.मी. र अन्य सामुदायिक पूर्वाधार तर्फ ३ वटा आयोजना सम्पन्न भएका छन् ।

१३.१७० दलित भित्रको पनि उत्पीडित बादी समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक तथा शैक्षिक विकास एवं उत्थान गर्नका लागि वादी समुदाय उत्थान विकास समितिबाट विभिन्न कार्यक्रम सञ्चालन भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा ६७ वटा चर्पी निर्माण, २ वटा खानेपानी, लोकसेवा तयारी कक्षा सञ्चालन ९ जना, सीप विकास तालिम १५९ जना र चार दिने कृषि, स्वास्थ्य र सरसफाई सचेतनामूलक गोष्ठी तथा कार्यशाला सम्पन्न भएको छ ।

१३.१७१ बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास कार्यक्रम मार्फत देशभित्र छरिएर रहेका गुम्वा तथा गुम्वामा रहेका महत्त्वपूर्ण पुरातात्विक वस्तु तथा सार्वजनिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र विस्तार गर्ने काम भएको छ । आर्थिक वर्ष २०७२/७३ मा १४ वटा गुम्बाहरूलाई सोलार वितरण, बौद्ध दर्शन अध्ययन भ्रमण १ पटक, धर्म देशना (प्रवचन कार्यक्रम) १ पटक, गुम्वा व्यवस्थापन, प्राचीन थाङ्का संरक्षण र सोरिग औषधि तालिम तथा प्राचीन नमूना गुम्बा संरक्षण तालिम १० वटा सम्पन्न भएका छन् । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा बौद्ध दर्शन अध्ययन भ्रमण १ पटक, धर्म देशना कार्यक्रम १ पटक, ३४ वटा गुम्बाहरूलाई सोलार वितरण र गुम्बा व्यवस्थापन तालिम कार्यक्रम सम्पन्न भएको छ ।

१३.१७२ राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुश्लिम आयोग गठन गर्ने सम्बन्धी छुट्टाछुट्टै ऐनको मस्यौदा तयार भएको छ । उक्त ६ वटै आयोगको उपयुक्त संगठनात्मक संरचना तयार गर्नका लागि O&M को कार्य अन्तिम चरणमा पुगेको छ ।

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

१३.१७३ अधिकाधिक जनताको सहभागितामा विकेन्द्रित पद्धति अनुसार स्थानीय निकाय/तह शासनलाई जनमुखी ढंगले सञ्चालन गर्नका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालनमा रहेको छ । उत्तरदायी स्थानीय शासन, सामाजिक परिचालन, सेवा प्रवाह र स्रोत परिचालनमा जोड, स्थानीय आर्थिक विकास र जीवीकोपार्जन कार्यक्रममा जोड, स्थानीय सार्वजनिक लेखा व्यवस्थापनमा सुधार तथा वित्तीय जोखिम न्यूनीकरण, वातावरण एवं बालमैत्री स्थानीय शासन र परिवर्तित सन्दर्भमा स्थानीय शासनको नयाँ पद्दतिमा समायोजन गर्ने विषयहरू समेत समावेश गरी कार्यान्वयनमा रहेको छ ।

१३.१७४ चालु आर्थिक वर्ष २०७३/७४ वर्षको प्रथम आठ महिनामा स्थानीय शासनमा सबै तह र वर्गका नागरिकको प्रत्यक्ष सहभागिता गराई सामावेशी विकास प्रयासलाई सार्थक बनाउन मुलुक भरका सबै गाउँ विकास समिति तथा नगरपालिकाका सबै वडामा गठन गरिएका वडा नागरिक मञ्चलाई स्थानीय योजना तर्जुमा, प्राथमिकीकरण, योजना कार्यान्वयन, अनुगमन, सार्वजनिक वस्तु र सेवा प्रवाहको निगरानी जस्ता कार्यमा संलग्न गराउने काम भएको छ ।

## चुनौतीहरू

१३.१७५ नेपालको संविधानले सामाजिक क्षेत्रसँग सम्बन्धित शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, स्वच्छ वातावरणको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । सामाजिक क्षेत्रसँग सम्बन्धित मौलिक हकको क्रमशः कार्यान्वयनको लागि स्रोत परिचालनको आवश्यकता छ । राज्यको वित्त संरचना अनुसार धान्न सक्ने क्षमता (Bearing Capacity) बढाउने काम चुनौतीपूर्ण छ ।

१३.१७६ संघीयताको व्यवस्थापनमा शिक्षाको कार्य जिम्मेवारी र कार्य सञ्चालनको लागि स्रोतको हस्तान्तरण गर्ने र शिक्षा (शिक्षक तथा विद्यालय) को व्यवस्थापन गर्ने कार्य चुनौतीको रूपमा रहेको छ ।

१३.१७७ शिक्षालाई व्यवहार उपयोगी, उद्यमशील, रोजगारमुखी बनाई आर्थिक विकाससँग जोड्नुका साथै शिक्षा क्षेत्रमा गरिएको लगानीको तुलनामा प्राप्त भइरहेको प्रतिफललाई बढाउँदै मानव स्रोत विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

१३.१७८ सामुदायिक विद्यालयको गुणस्तर बढाउने र संस्थागत विद्यालयमा संस्थागत सुशासन कायम गरी गुणस्तरीय शिक्षा सर्वसुलभ बनाउने काम चुनौतीका रूपमा रहेको छ ।

१३.१७९ सूचना प्रविधिको पहुँच बढाई Digitization of Education को माध्यमबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्ने कार्य चुनौतीका रूपमा रहेको छ ।

१३.१८० सरकारी स्वास्थ्य सेवाको तुलनामा निजी स्वास्थ्य संस्थाले प्रदान गरेको स्वास्थ्य सेवा सहर केन्द्रित र सर्वसाधारणको पहुँच बाहिर छ । नागरिकको स्वास्थ्यमा समान पहुँच स्थापित गर्ने र स्वास्थ्य क्षेत्रमा गरिएको ठूलो लगानीका बाबजुद यस क्षेत्रमा सेवाको सुनिश्चितता र गुणस्तर कायम गरी स्वास्थ्य संस्थाहरूको सेवामा सुधार ल्याउने र जनविश्वास बढाउने काम चुनौतीपूर्ण छ ।

१३.१८१ स्वास्थ्य क्षेत्र मार्फत दिइएको सामाजिक सुरक्षा (निःशुल्क औषधि, विविध प्रकारको नगद सहायता आदि) को व्यवस्थापनलाई अझै प्रभावकारी बनाउदै हालसम्म केन्द्रीय तहबाट सम्पादन भइरहेको स्वास्थ्य सम्बन्धी कामलाई स्थानीय तहमा हस्तान्तरण गरी सेवा सूचारु गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।

१३.१८२ स्वास्थ्य क्षेत्रमा स्रोतको समन्वित उपलब्धता (Coherent Availability of Resources) को ठूलो समस्या छ । डाक्टर हुँदा औषधि र उपकरण नहुने, अस्पताल भवन, उपकरण र औषधि हुँदा डाक्टर नहुने, आधुनिक उपकरण हुँदाहुँदै सञ्चालन/मर्मत गर्ने प्राविधिक नहुने, उपकरण सञ्चालनका लागि चाहिने विद्युत नहुने आदि समस्याहरू छन् । यस्ता समस्याहरू समाधान गर्न स्वास्थ्य क्षेत्रमा बृहत व्यवस्थापकीय सुधार (Comprehensive Managerial Reform) गर्ने कार्य चुनौतीपूर्ण छ ।

१३.१८३ २०७२ को विनाशकारी भूकम्पबाट प्रभावित महिलालाई थप गरिबीको दुष्चक्र (Vicious Circle of Poverty), यौनिक र लैङ्गिक हिंसा, मानव वेचविखन जस्ता समस्यामा फस्न सक्ने सम्भावना रुपान्तरण गर्न र स्रोतसाधनको पहुँचमा हुने भेदभावबाट रोक्नुपर्ने चुनौती सिर्जना भएको छ ।

१३.१८४ सरकार तथा गैरसरकारी क्षेत्रबाट महिला, बालबालिका तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन भएका कार्यक्रमलाई एकीकृत तथा समाविष्ट गरी लक्ष्यित वर्गमा पुऱ्याउने चुनौती छ ।

१३.१८५ विगत १० वर्षदेखि राज्यका निकायहरूमा समावेशीकरणका कार्यक्रमको माध्यमबाट सञ्चालनमा आएको आरक्षणको कार्यक्रमको प्रभाव मूल्यांकन गरी यसको निरन्तरता एवं विस्तार गर्ने नेपालको संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी प्रणालीको कार्यान्वयन गर्न थप स्रोतको आवश्यकता हुने हुँदा स्रोत व्यवस्थापन गरी कार्य सञ्चालन गर्ने चुनौती छ ।

१३.१८६ संघीयताको कार्यान्वयन गर्दा सामाजिक समावेशीकरण, मूल प्रवाहीकरणका विषयमा केन्द्र, प्रदेश र स्थानीय तहका बीचमा कार्यक्रमहरूको अन्तरमिलान गरी सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण छ ।

१३.१८७ बालबालिका, युवा, महिला, ज्येष्ठ नागरिक, मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, अपाङ्ग र सामाजिक, आर्थिक र भौगोलिक रूपमा पछाडि परेका वर्गको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण गरी समाजको मूलप्रवाहमा ल्याउन नवीन सोचयुक्त बहुआयामिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत साधनको अभाव र कार्यान्वयन क्षमताको कमीले गर्दा चुनौतीपूर्ण छ।

१३.१८८ समाज कल्याणको क्षेत्र बृहत भएकोले यसका लागि चाहिने स्रोत जुटाउन कठिन रहेको अवस्थामा सरकारी क्षेत्र र गैर सरकारी क्षेत्रको बीचमा तालमेल मिलाई समाज कल्याणको बृहद् लक्ष्य हासिल गर्ने कार्य चुनौतीपूर्ण छ।

१३.१८९ युवा विकासका लागि राष्ट्रिय युवा नीति, २०७२ तथा युथ भिजन – २०२५ ले तय गरे बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था, दिनानुदिन विदेशीरहेका दक्ष, अर्धदक्ष एवं अदक्ष नेपाली जनशक्तिलाई मुलुकमै उद्यमशीलताको अवसर र रोजगारी सिर्जना गर्ने विषय चुनौतीको रूपमा रहेको छ ।

१३.१९० खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माण, मर्मत तथा सुधारका कार्य गर्न प्रयाप्त स्रोतको व्यवस्था, खेलकुद क्षेत्रमा विश्वमा विकसित नवीनतम प्रविधिको नेपाली खेल जगतमा प्रयोग, खेलकुद गतिविधिमा निजी क्षेत्रको परिचालन, खेलाडी तथा प्रशिक्षकका लागि समय सापेक्ष तालिम तथा अभ्यासको व्यवस्था गर्नुपर्ने जस्ता विषय खेलकुद क्षेत्रको मुख्य चुनौतीको रूपमा रहेका छन् ।

१३.१९१ नेपाल विश्वका जनसांख्यिक तथा आर्थिक विस्तारका हिसाबले ठूला देशहरूको बीचमा रहेको छ । खेलकुदको अत्यावश्यक पूर्वाधारको विकास गरी खेल पर्यटनको प्रवर्द्धन गर्ने कार्यको विस्तार गर्ने काम पनि चुनौतीपूर्ण छ ।

१३.१९२ बालविकासका लागि आवश्यक पर्ने खेल मैदान, खुल्ला क्षेत्रको विकास गरी सक्षम युवाको विकास गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

१३.१९३ खानेपानी र सरसफाई सेवामा क्रमिक सुधार हुँदै आएको भएपनि सहरमा जनसंख्याको अत्याधिक केन्द्रीकरण र गाउँमा छरिएको बस्तीका कारण दिगो विकास लक्ष्य अनुरूपको सेवा पुऱ्याउने काम चुनौतीपूर्ण छ।

१३.१९४ मौसम परिवर्तन एवं विश्वव्यापी उष्णताका कारण असामयिक वर्षा, बाढी, पहिरो, खडेरी जस्ता समस्याहरू देखा पर्दै गएको अवस्थामा वातावरण संरक्षण गर्दै विकासलाई अगाडि बढाउने कार्य चुनौतीपूर्ण छ।

१३.१९५ समावेशी विकासको भावना अनुकूल सबै जातजाति, भाषाभाषी, वर्ग, समुदाय र क्षेत्रका जनताको हित हुनेगरी सन्तुलित रूपमा आर्थिक सामाजिक विकासका गतिविधि सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

१३.१९६ मूर्त र अमूर्त सम्पदाको संरक्षण गरी वहुल साँस्कृतिक नेपाली समाजमा सामन्जस्यता कायम गरी राष्ट्रिय एकतालाई बलियो बनाउने कार्य चुनौतीपूर्ण छ ।

# १४. सार्वजनिक संस्थान

सन् १९३० को दशकमा विश्वमा देखिएको महामन्दीको स्थितिमा सुधारका लागि अर्थतन्त्रमा गतिशीलता सृजना गर्न राज्यको भूमिका प्रभावकारी हुनुपर्ने अवधारणा अगाडि बढाइएको थियो। त्यस अवधिबाट आधारभूत आवश्यकताका वस्तु तथा सेवा उपलब्ध गराउन, पूर्वाधार विकासका आधार निर्माण गर्न, अर्थतन्त्रमा गतिशीलता प्रदान गरी रोजगारीका अवसरहरू सृजना गर्न सार्वजनिक संस्थानहरूको स्थापना गर्दै लगिएको थियो । नेपालमा वि.सं. २००७ सालको राजनितिक परिवर्तनसँगै सार्वजनिक संस्थानको स्थापनामा जोड दिंदै वि.सं. २०४९ सालसम्ममा आइपुग्दा ६६ वटा संस्थानहरूको स्थापना गरी सकिएको थियो । वि.सं. २०४६ सालपछि अबलम्वन गरिएको उदारीकरणको नीतिसँगै सार्वजनिक संस्थानमा विनिवेश गर्ने नीति लिइयो। हालसम्म ३० वटा सार्वजनिक संस्थानहरूको निजीकरण गरिएको छ । सार्वजनिक संस्थानको वित्तीय परिसूचक विश्लेषण गर्दा ३७ वटा सार्वजनिक संस्थान र निजीकृत संस्थानको समेत कार्यकुशलता सन्तोषप्रद रहन सकेको छैन । सार्वजनिक संस्थान सञ्चालनका सम्बन्धमा स्पष्ट नीतिगत मार्गदर्शन नहुनु, व्यवसायिक नेतृत्व छनौटको कमी हुनु, मानव संशाधनको कुशलतम परिचालन गर्न नसक्नु, वित्तीय/भौतिक/सूचना लगायतका साधनहरूको सदुपयोग गर्न नसक्नु जस्ता कारणहरूले सार्वजनिक संस्थानको प्रभावकारिता कमजोर देखिदैंछ । यसर्थ, सार्वजनिक संस्थानको विनिवेश नीति सम्बन्धमा स्पष्ट नीति तय गरी उपलब्ध स्रोत र साधनको नतिजामुखी परिचालनबाट सार्वजनिक संस्थानको औचित्यतता सिद्ध गर्नुपर्नेछ ।

१४.१ विश्वमा सन् १९३० को दशकबाट लोककल्याणकारी राज्य स्थापना र योजनावद्ध विकासको प्रक्रियालाई अघि बढाउन सरकारी लगानीमा सार्वजनिक संस्थानको स्थापना गर्न थालिएको हो । नेपालमा पनि मूल रूपमा विक्रम सम्वत् २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात योजनावद्ध विकासको थालनीसँगै सार्वजनिक संस्थानको स्थापनालाई अगाडि बढाइएको हो। सार्वजनिक संस्थान सर्वसाधारण नागरिकहरूलाई आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरू सर्वसुलभ रूपमा र सुपथ मूल्यमा उपलब्ध गराउने, दिगो विकासका लागि भौतिक पूर्वाधारहरूको विकास गर्ने, रोजगारी वृद्धि गर्ने लगायतका उद्देश्यहरू हासिल गर्न स्थापना र सञ्चालन गरिएका हुन् ।

१४.२ विक्रम सम्वत् २०४९ सालसम्ममा ६६ वटा सार्वजनिक संस्थान स्थापना भएकामा विनिवेशको नीति अबलम्बन पश्चात् हाल ४१ वटा सार्वजनिक संस्थान अस्तित्वमा रहेका र

ती मध्ये ३७ वटा संचालनमा रहेका छन् । विनिवेशको नीति अबलम्बन पछि हालसम्म ३० वटा सार्वजनिक संस्थान निजीकरण गरिएको छ । विगतमा कतिपय सार्वजनिक संस्थान कुशल नै देखिएको भए पनि समय परिवर्तनको बहाव पक्रन नसक्दा सार्वजनिक संस्थानका अतिरिक्त निजीकृत संस्थान समेत प्रभावकारी नभएको स्थिति छ ।

१४.३ आर्थिक परिसूचकका आधारमा अधिकांश सार्वजनिक संस्थान प्रभावकारी देखिएका छैन। बैङ्किङ्ग तथा वित्तीय सेवाको विकास, पूर्वाधार विकास, आधारभूत वस्तु, खानेपानी, विद्युत, पेट्रोलियम पदार्थ र अन्य खाद्यवस्तुको बिक्री वितरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यहरूमा सरकारको उपस्थिति प्रभावकारी बनाउनु पर्दछ । साथै, उद्यमशीलता प्रवर्द्धन, परम्परागत कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन, पूर्वाधार क्षेत्रको विकास र विस्तार तथा राष्ट्रिय विपद्को समयमा समेत अत्यावश्यक वस्तुको वितरण र बजारमा हुन सक्ने कृत्रिम अभाव, कार्टेलिङ्ग, सिण्डिकेट र कालोबजारीमा नियन्त्रण गर्न सार्वजनिक संस्थानको माध्यमबाट आपूर्ति प्रणाली सुदृढ गर्न सार्वजनिक संस्थानको भूमिका रहन सक्दछ ।

१४.४ नेपाल सरकारले आर्थिक वर्ष २०७२/७३ मा संकलन गरेको कुल राजस्व रु. ४ खर्ब ८२ अर्ब ७५ करोडमा सार्वजनिक संस्थानबाट प्राप्त लाभांश (रु. ७ अर्ब ८१ करोड) को अंश १.६२ प्रतिशत रहेको छ। नेपाल सरकारले संस्थानमा गरेको शेयर लगानीको अनुपातमा सरकारलाई प्राप्त लाभांशको अनुपात ५.४ प्रतिशत रहेकोले प्रचलित व्याज दर भन्दा न्यून रहेको भए पनि आयकर, मूल्य अभिवृद्धि कर र गैह्रकर संकलनमा सार्वजनिक संस्थानको योगदान सकारात्मक नै रहेको छ ।

१४.५ आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ उत्पादन रु. २२ खर्ब ४७ अर्ब रहेकोमा सार्वजनिक संस्थानको कुल सञ्चालन आयको योगदान १०.७ प्रतिशत रहेको छ । यस्तो योगदान सबैभन्दा धेरै व्यापारिक क्षेत्रका संस्थानको ४.७७ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून सामाजिक क्षेत्रका संस्थानको ०.०७ प्रतिशत रहेको छ ।

१४.६ आर्थिक वर्ष २०७२/७३ मा नेपाल सरकारले सार्वजनिक संस्थानमा रु. २१ अर्ब ७३ लाख थप ऋण लगानी गरेको छ । सो अवधिमा हिसाब मिलान तथा ऋणको सावाँ फिर्ता वापत रु. २० अर्ब ४६ करोड २३ लाख प्राप्त भएको र ऋण लगानी कुल बजेट खर्च रु. १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाखमा २ प्रतिशत रहेको छ ।

१४.७ सार्वजनिक संस्थानको सञ्चालन आयलाई वित्तीय कार्यकुशलताको एक प्रमुख आधार मानिन्छ । आर्थिक वर्ष २०७२/७३ मा सार्वजनिक संस्थानको कुल सञ्चालन आय रु. २ खर्ब ४० अर्ब ४९ करोड ७५ लाख पुगेको छ । अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा

यस्तो आय रु. २ खर्ब ७६ अर्ब १६ करोड १२ लाख रहेको थियो । यसैगरी, आर्थिक वर्ष २०७२/७३ मा २३ सार्वजनिक संस्थान नाफामा तथा १२ वटा नोक्सानीमा रहेकामा समग्र सार्वजनिक संस्थानको खुद नाफा रु. ३४ अर्ब ९६ करोड ९ लाख रहेको छ ।

१४.८ आर्थिक वर्ष २०७२/७३ सम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको कुल शेयर लगानी रु. १ खर्ब ४३ अर्ब ५६ करोड ८२ लाख रहेको छ भने सोही अवधिसम्ममा कुल ऋण लगानी रु.१ खर्ब ३० अर्ब ५० करोड ६८ लाख पुगेको छ। आर्थिक वर्ष २०७१/७२ मा यी संस्थानमा शेयर लगानी रु. १ खर्ब २६ अर्ब १६ करोड ३ लाख र ऋण लगानी रु.१ खर्ब २९ अर्ब ९६ करोड १८ लाख रहेको थियो।

१४.९ सार्वजनिक संस्थानको यथार्थ वित्तीय अवस्था प्रस्तुत हुने गरी लेखापरीक्षण (Due Diligence Audit) हुन सकेको छैन । सार्वजनिक संस्थानले प्रचलित लेखामान अनुसार खरिद मूल्य (Historical Value) को आधारमा खुद स्थिर सम्पत्तिको किताबी मूल्य कायम गर्ने गरेकोले सम्पत्तिहरूको वास्तविक मूल्य प्रस्तुत गर्न सकिएको छैन । सार्वजनिक संस्थानले वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०७२/७३ मा खुद स्थिर सम्पत्ति रु. २ खर्ब २५ अर्ब १० करोड ५५ लाख रहेको छ ।

## सार्वजनिक संस्थानको क्षेत्रगत विश्लेषण

### औद्योगिक क्षेत्र

१४.१० औद्योगिक क्षेत्रमा दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि., हेटौंडा सिमेन्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि., नेपाल औषधी लि., उदयपुर सिमेन्ट उद्योग लि. र नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लि. गरी ७ वटा सार्वजनिक संस्थान रहेकोमा जनकपुर चुरोट कारखाना लि. हाल बन्द छ। यस क्षेत्रका सार्वजनिक संस्थानको आर्थिक वर्ष २०७२/७३ मा रु.६ अर्ब ४३ करोड ४६ लाख सञ्चालन आय आर्जन गरेका छन् । गत आर्थिक वर्ष २०७१/७२ मा यस्तो आय रु. ६ अर्ब ६२ करोड ८० लाख रहेको थियो ।

१४.११ आर्थिक वर्ष २०७२/७३ मा औद्योगिक क्षेत्रका संस्थानको खुद नाफा रु. २४ करोड ७२ लाख रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा यस क्षेत्रका संस्थानको रु. ६० करोड ८९ लाख खुद नोक्सान रहेको थियो।

१४.१२ यस क्षेत्रका संस्थानको कुल सञ्चित नोक्सानी आर्थिक वर्ष २०७२/७३ मा रु. ११ अर्ब २९ करोड ४९ लाख पुगेको छ। सञ्चित नोक्सानीमा रहेको रकमको आकारले औद्योगिक

क्षेत्रका संस्थान समस्याग्रस्त रहेको देखिन्छ। यस क्षेत्रका संस्थानको खुद स्थिर सम्पत्ति आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. २० करोड ९१ लाख क्षयीकरण भई आर्थिक वर्ष २०७२/७३ मा रु. ३ अर्ब ६ करोड १५ लाख पुगेको छ ।

१४.१३ यस क्षेत्रमा सञ्चालित संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७२/७३ मा रु. ६ अर्ब ८३ करोड ४३ लाख पुगेको छ जुन आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. ३८ करोड ४० लाखले बढी हो । औद्योगिक क्षेत्रका संस्थानमा सरकारले आर्थिक वर्ष २०७२/७३ सम्ममा शेयर लगानी रु. ५ अर्ब ४४ करोड ५५ लाख गरेको भएपनि लाभांश भने प्राप्त भएको छैन ।

१४.१४ औद्योगिक क्षेत्रका संस्थानको शेयरधनी कोष आर्थिक वर्ष २०७२/७३ रु. ४ अर्ब ८८ करोड ६० लाखले ऋणात्मक भएको छ । यस क्षेत्रका संस्थान मध्ये दुग्ध विकास संस्थान र हेटौडा सिमेण्ट उद्योग लिमिटेडले आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण गराएका छन् भने अन्य संस्थानको लेखापरीक्षण समयमा सम्पन्न हुनसकेको छैन ।

१४.१५ यस क्षेत्रका संस्थानमा आर्थिक वर्ष २०७२/७३ मा २ हजार २ सय ४१ जना कर्मचारीहरू कार्यरत रहेकामा प्रशासनिक खर्च वार्षिक रु. ५३ करोड २१ लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. १ अर्ब ७३ करोड ५५ लाख रहेको छ ।

## व्यापारिक क्षेत्र

१४.१६ व्यापारिक क्षेत्रमा कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बिउ बिजन कम्पनी लि., नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, नेपाल आयल निगम लि. र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. गरी ६ वटा संस्थान रहेका छन् । यी संस्थानले आर्थिक वर्ष २०७२/७३ मा रु. १ खर्ब ७ अर्ब १८ करोड ४६ लाख सञ्चालन आय आर्जन गरेका छन् । आर्थिक वर्ष २०७१/७२ को तुलनामा यस्तो आय २९ प्रतिशतले कमी हो ।

१४.१७ आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानको खुद नाफा गत वर्षको तुलनामा २७.४८ प्रतिशतले बढ्न गई रु.१९ अर्ब २४ करोड ७० लाख पुगेको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा यस क्षेत्रको कुल सञ्चित नोक्सानी भने रु. ५७ करोड ५४ लाख पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा नेपाल आयल निगम रु. १९ अर्ब ७४ करोड २२ लाखले सञ्चित नोक्सानीमा रहेकोमा आर्थिक वर्ष २०७२/७२ मा निगमको सञ्चित नाफा रु. १ अर्ब ५८ करोड ३० लाख भएकोले व्यापारिक क्षेत्रका संस्थानको सञ्चित नोक्सानी घट्न गएको हो ।

१४.१८ आर्थिक वर्ष २०७२/७३ सम्ममा व्यापारिक क्षेत्रका संस्थानको खुद स्थिर सम्पत्ति अघिल्लो आर्थिक वर्ष २०७१/७२ को रु. १ अर्ब ९८ करोड ८७ लाख पुगेको छ । यस अवधिमा कृषि सामाग्री कम्पनी लि. र नेपाल आयल निगमको सम्पत्ति अघिल्लो वर्षको तुलनामा ह्रास भएको छ । अन्य संस्थानको स्थिर सम्पत्तिमा वृद्धि हुन गएकोले व्यापारिक क्षेत्रको समग्र स्थिर सम्पत्तिमा वृद्धि भएको छ ।

१४.१९ व्यापारिक क्षेत्रमा सञ्चालित संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. १२ अर्ब ६२ करोड ६५ लाखले न्यून भई आर्थिक वर्ष २०७२/७३ मा रु. ९२ करोड ९३ लाख पुगेको छ । यसरी ऋण न्यून हुनुमा मुलतः नेपाल आयल निगमले नेपाल सरकारसँग लिएको ऋण रकम भुक्तानी गरेकाले हो । यसका साथै नेपाल आयल निगमको शेयरधनी कोष धनात्मक भएकोले आर्थिक वर्ष २०७२/७३ मा शेयरधनी कोष रु. २ अर्ब ६० करोड १० लाख पुग्न गएको छ, जुन अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा रु. १३ अर्ब ७६ करोड ७ लाख रहेको थियो ।

१४.२० यस क्षेत्रका ६ वटा संस्थान मध्ये कृषि सामाग्री कम्पनी लि., राष्ट्रिय बिउबिजन कम्पनी लि., नेपाल आयल निगम र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.को आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण भएको छ । यस क्षेत्रका अन्य संस्थानको समयमै लेखापरीक्षण हुन सकेको छैन । व्यापारिक क्षेत्रका संस्थानमा सरकारले आर्थिक वर्ष २०७२/७३ सम्ममा शेयर लगानी रु. १ अर्ब ९९ करोड ९३ लाख गरेको तर लाभांश प्राप्त गर्न सकेको छैन।

१४.२१ व्यापारिक क्षेत्रका संस्थानमा आर्थिक वर्ष २०७२/७३ मा १ हजार ७ सय २८ जना कर्मचारीहरू कार्यरत रहेकामा कुल प्रशासनिक खर्च वार्षिक रु. १ अर्ब ६३ करोड ९७ लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. ६७ करोड २० लाख रहेको छ ।

## सेवा क्षेत्र

१४.२२ सेवा क्षेत्रमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, औद्योगिक क्षेत्र व्यवस्थापन लि, नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि., राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि., नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. गरी ७ वटा संस्थान सञ्चालनमा रहेका छन् । यस क्षेत्रमा पर्ने नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. र नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र बन्द अवस्थामा रहेका छन् ।

१४.२३ सेवा क्षेत्रमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानले आर्थिक वर्ष २०७२/७३ मा रु. १४ अर्ब ५५ करोड ५४ लाख सञ्चालन आय आर्जन गरेका छन् । जुन अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा १४ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानको खुद नाफा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा ६.१९ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ५१ करोड ८७ लाख पुगेको हो ।

१४.२४ आर्थिक वर्ष २०७२/७३ सम्ममा यस क्षेत्रको कुल सञ्चित नाफा रु. १० अर्ब ६८ करोड ३१ लाख पुगेको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा सेवा क्षेत्रका संस्थानको खुद स्थिर सम्पत्ति अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. २३ अर्ब ६७ करोड १९ लाखबाट वृद्धि भई रु. २३ अर्ब ८८ करोड ३१ लाख पुगेको छ । यस अवधिमा नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थिर सम्पत्तिमा वृद्धि हुन गएकोले यस क्षेत्रको समग्र स्थिर सम्पत्तिमा वृद्धि भएको हो ।

१४.२५ यस क्षेत्रमा सञ्चालित संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. १ अर्ब ६५ करोड १२ लाखले न्यून भई आर्थिक वर्ष २०७२/७३ मा रु. १ अर्ब ३३ करोड ७६ लाख पुगेको छ । यसका प्रमुख कारणमा नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि., नेपाल वायुसेवा निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणले नेपाल सरकारसँग लिएको ऋणको किस्ता रकम भुक्तानी हुनाले हो ।

१४.२६ यसैगरी आर्थिक वर्ष २०७२/७३ मा शेयरधनी कोष रु. ३२ अर्ब ६६ करोड ३१ लाखले धनात्मक रहेको छ । सेवा क्षेत्रका संस्थानमा सरकारले आर्थिक वर्ष २०७२/७३ सम्म रु. २१ अर्ब ५९ करोड ७८ लाख शेयर लगानी गरेको छ भने यस क्षेत्रको एक मात्र सार्वजनिक संस्थान, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट रु. ४२ लाख लाभांश प्राप्त भएको छ ।

१४.२७ सेवा क्षेत्रका ७ वटा संस्थान मध्ये औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले मात्र आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण गराएको छ भने अन्यको लेखापरीक्षण समयमा सम्पन्न हुन सकेको छैन । आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानमा २ हजार ७ सय ८७ जना कर्मचारी कार्यरत रहेका छन् । यस अवधिसम्म कुल प्रशासनिक खर्च वार्षिक रु. २ अर्ब २३ करोड ३० लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. ९९ करोड ६८ लाख पुगेको छ ।

## सामाजिक क्षेत्र

१४.२८ सामाजिक क्षेत्रमा सांस्कृतिक संस्थान, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र लि., नेपाल टलिभिजन र राष्ट्रिय आवास कम्पनी लि. गरी ५ वटा संस्थान रहेका छन्। यस क्षेत्रका संस्थानको आर्थिक वर्ष २०७२/७३ मा रु.१ अर्ब ६२ करोड ६४ लाख सञ्चालन आय रहेको छ, जुन आर्थिक वर्ष २०७१/७२ को तुलनामा १४ प्रतिशतले बढी हो।

१४.२९ आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानको खुद नोक्सानी रु. १८ करोड २१ लाख रहेको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा यस क्षेत्रको कुल सञ्चित नोक्सानी रु. २ अर्ब २४ करोड ३४ लाख पुगेको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा सामाजिक क्षेत्रका संस्थानको खुद स्थिर सम्पत्ति आर्थिक वर्ष २०७१/७२ तुलनामा रु.५ करोड ८ लाखले घटेर रु. १ अर्ब ६ करोड २४ लाख पुगेको छ ।

१४.३० यस क्षेत्रमा सञ्चालित संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७२/७३ मा रु. १ अर्ब ७५ लाख रहेको छ । साँस्कृतिक संस्थान, गोरखापत्र संस्थान र जनक शिक्षा सामाग्री केन्द्र लि. ले ऋण रकम भुक्तानी गरेका छैनन् । यी संस्थानमा यस अवधिमा थप ऋण समेत लगानी नभएकोले ऋण लगानीमा परिवर्तन भएको छैन । त्यस्तै सेवा क्षेत्रका सार्वजनिक संस्थानको शेयर धनी कोष रु. ३ अर्ब ५० करोड १५ लाख पुगेको छ ।

१४.३१ सामाजिक क्षेत्रका ५ वटा संस्थान मध्ये साँस्कृतिक संस्थानको मात्र आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण भएको छ भने अन्य संस्थानहरुको समयमै लेखापरीक्षण सम्पन्न हुन सकेको छैन । यस क्षेत्रका संस्थानमा आर्थिक वर्ष २०७२/७३ सम्ममा रु. ३ अर्ब १२ करोड २० लाख शेयर लगानी रहेकोमा सो अवधिमा लाभांश प्राप्त नभएको स्थिति छ।

१४.३२ सामाजिक क्षेत्रका संस्थानमा आर्थिक वर्ष २०७२/७३ मा १ हजार ४ सय ८७ जना कर्मचारीहरू कार्यरत रहेकामा यस अवधिको कुल प्रशासनिक खर्च वार्षिक रु. ७२ करोड ६४ लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. ८५ करोड ४२ लाख रहेको छ ।

## जनोपयोगी क्षेत्र

१४.३३ जनपयोगी क्षेत्रमा नेपाल दूरसञ्चार कम्पनी लि., नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थान गरी ३ वटा संस्थान छन् । यी संस्थानको आर्थिक वर्ष २०७२/७३ मा रु. ७३ अर्ब ५ करोड ६७ लाख सञ्चालन आय रहेको छ। आर्थिक वर्ष २०७२/७३ को तुलनामा यस्तो आय ४ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानको खुद नाफा रु. ४ अर्ब ३२ करोड ३९ लाख पुगेको छ । नेपाल विद्युत प्राधिकरणको खुद नोक्सानी ७९ प्रतिशतले र नेपाल खानेपानी संस्थानको खुद नोक्सानी ९९ प्रतिशतले बढ्न गएकोले गत वर्षको तुलनामा यस वर्ष खुद नाफा घट्न गएको हो ।

१४.३४ आर्थिक वर्ष २०७२/७३ सम्ममा यस क्षेत्रको कुल सञ्चित नाफा रु. ३५ अर्ब ३३ करोड ८० लाख पुगेको छ । यस मध्ये नेपाल विद्युत प्राधिकरणको मात्रै सञ्चित नोक्सानी रु. ३४ अर्ब ६४ करोड ७० लाख रहेको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा जनउपयोगी क्षेत्रका संस्थानको खुद स्थिर सम्पत्ति आर्थिक वर्ष २०७१/७२ तुलनामा रु. १९ अर्ब ९५ करोड ७ लाख कमी भई रु. १ खर्ब ९१ अर्ब ८० करोड ७२ लाख पुग्न गएको छ ।

१४.३५ जनउपयोगी क्षेत्रमा सञ्चालित संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. १५ अर्ब १८ करोड २१ लाखले वृद्धि भई रु. १ खर्ब १८ अर्ब ६० करोड २९ लाख पुगेको छ । आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका सार्वजनिक संस्थानको शेयरधनी कोष रु. १ खर्ब ४ अर्ब ७४ करोड ३५ लाख पुग्न गएको छ ।

१४.३६ यस क्षेत्रका ३ वटा संस्थानमध्ये नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि.ले आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण सम्पन्न गरेका छन् भने नेपाल खानेपानी संस्थानको आर्थिक वर्ष २०७१/७२ सम्मको लेखापरीक्षण सम्पन्न भएको छ । जनउपयोगी क्षेत्रका संस्थानमा सरकारले आर्थिक वर्ष २०७२/७३ सम्ममा शेयर लगानी रु. ८३ अर्ब १९ करोड ३ लाख गरेकोमा आर्थिक वर्ष २०७२/७३ मा नेपाल दूरसञ्चार कम्पनी लि.बाट रु. ६ अर्ब ८६ करोड २० लाख लाभांश प्राप्त भएको छ ।

१४.३७ आर्थिक वर्ष २०७२/७३ मा जनउपयोगी क्षेत्रका संस्थानमा १२ हजार ७ सय २९ जना कर्मचारीहरू कार्यरत रहेका छन् । यस अवधिमा प्रशासनिक खर्चतर्फ वार्षिक रु. ७ अर्ब ३७ करोड ५३ लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. २८ अर्ब ५ करोड ११ लाख पुगेको छ ।

## वित्तीय क्षेत्र

१४.३८ वित्तीय क्षेत्रमा कृषि विकास बैङ्क, राष्ट्रिय बीमा संस्थान, एन.आई.डि.सी. डेभलपमेण्ट बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल आवास फाइनान्स कम्पनी लिमिटेड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नागरिक लगानी कोष, नेपाल बैंक लि., राष्ट्रिय बीमा कम्पनी र जलविद्युत लगानी तथा विकास कम्पनी लि. गरी ११ वटा संस्थान रहेकामा नेपाल आवास फाइनान्स कम्पनी लिमिटेड मर्ज भएको हुँदा हाल १० वटा संस्थानहरु संचालनमा छन्। यस क्षेत्रमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानको आर्थिक वर्ष २०७२/७३ मा रु. ३७ अर्ब ६३ करोड ९८ लाख सञ्चालन आय रहेको छ । आर्थिक वर्ष २०७२/७३ को सञ्चालन आय अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा ९.५१ प्रतिशतले बढी हो ।




\# नेपाल बैंक लि. समेत समावेश

१४.३९ आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रका संस्थानको खुद नाफा रु. ९ अर्ब ८० करोड ६१ लाख पुगेको छ । गत आर्थिक वर्ष २०७१/७२ मा यस्तो नाफा रु. ९ अर्ब ३ करोड ४५ लाख रहेको थियो । आर्थिक वर्ष २०७२/७३ सम्ममा यस क्षेत्रको कुल सञ्चित नोक्सानी रु. ३ अर्ब ८ करोड ३४ लाख पुगेको छ ।




\# नेपाल बैंक लि. समेत समावेश

१४.४० वित्तीय क्षेत्रका सार्वजनिक संस्थानको आर्थिक वर्ष २०७२/७३ सम्ममा खुद स्थिर सम्पत्ति आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. ७ करोड ९४ लाख वृद्धि भई रु. ३ अर्ब ३० करोड २५ लाख पुगेको छ । यस क्षेत्रका संस्थानले नेपाल सरकारलाई तिर्न बाँकी ऋण आर्थिक वर्ष २०७१/७२ को तुलनामा रु. ७४ करोड ३३ लाखले घट्न गई रु. १ अर्ब ७९ करोड ५२ लाख पुगेको छ । त्यस्तै यस क्षेत्रका सार्वजनिक संस्थानको शेयर धनी कोष रु. ७० अर्ब ८७ करोड २६ लाख पुगेको छ । गत वर्ष यस्तो कोष रु. ५६ अर्ब २३ करोड ४७ लाख रहेको थियो ।

१४.४१ वित्तीय क्षेत्रका ९ वटा संस्थान मध्ये कृषि विकास बैंक, एन.आई.डी.सी. डेभलपमेण्ट बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि., नेपाल स्टक एक्सचेन्ज लि. र जल विद्युत लगानी तथा विकास कम्पनीले  आर्थिक वर्ष २०७२/७३ सम्मको लेखापरीक्षण सम्पन्न गरेका छन् भने बाँकी संस्थानको  लेखापरीक्षण समयमै सम्पन्न हुन सकेको छैन । यस क्षेत्रका संस्थानमा आर्थिक वर्ष २०७२/७३ सम्ममा शेयर लगानी रु. २८ अर्ब २१ करोड ३२ लाख भएको छ । आर्थिक वर्ष २०७२/७३ मा कृषि विकास बैंक लि. र नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट रु.९४ करोड ५१ लाख लाभांश भएको छ ।



# नेपाल बैंक लि. समेत समावेश

१४.४२ वित्तीय क्षेत्रका सार्वजनिक संस्थानमा आर्थिक वर्ष २०७२/७३ मा ८ हजार ३६ जना कर्मचारीहरू कार्यरत छन् भने यस अवधिमा कुल प्रशासनिक खर्च वार्षिक रु. १० अर्ब ७६ करोड ६९ लाख तथा कर्मचारी अवकाशको निमित्त कोषमा व्यवस्था नगरेको दायित्व रु. ३७ करोड ६ लाख पुगेको स्थिति छ ।

## चुनौतीहरू

१४.४३ सार्वजनिक संस्थान सञ्चालनका सम्बन्धमा स्पष्ट दृष्टिकोण सहितको दीर्घकालीन नीति तर्जुमाको खाँचो छ । मूलत: विनिवेश नीतिका सम्बन्धमा नीतिगत स्पष्टता कायम गर्ने चुनौती रहेको छ ।

१४.४४ सार्वजनिक संस्थानको कुशलतम सञ्चालनका लागि व्यावसायिक नेतृत्वको छनौटका आधारमा सार्वजनिक संस्थानको नेतृत्व चयन गर्ने चुनौती छ ।

१४.४५ सार्वजनिक संस्थानमा रहेका पदहरूको कार्य जिम्मेवारी स्पष्ट र वस्तुगत तुल्याई उद्देश्य, रणनीति, कार्यनीति र जिम्मेवारी वैज्ञानिक मापदण्डका आधारमा तयार गरी कार्यान्वयनमा लैजाने कार्य चुनौतीपूर्ण छ ।

१४.४६ सार्वजनिक संस्थानको वित्तीय, भौतिक, सूचना लगायतका स्रोत साधन परिचालनमा प्रभावकारिता हासिल गर्न साधनहरूको नतिजामूलक परिचालन गर्नुपर्ने चुनौती छ ।

१४.४७ सार्वजनिक संस्थानको सेवाप्रवाह सुधार गरेर यसका लक्ष्य एवं उद्धेश्यहरू हासिल हुन सक्ने गरी परिचालन गर्ने चुनौती रहेको छ ।

# १५. भूकम्पपछिको पुनर्निर्माण र नवनिर्माण

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र तत्पश्चातको पराकम्पमा परी ८ हजार ८ सय ९१ जनाको मृत्यु भयो । २२ हजार ३ सय २ जना घाइते भए । १४ जिल्ला पूर्ण रूपमा र १७ जिल्ला आंशिक रूपमा प्रभावित उक्त भूकम्पमा पूर्ण र आंशिक गरी ८ लाख भन्दा धेरै निजी घर भत्किए । हजारौ सरकारी भवन, सांस्कृतिक सम्पदा, विद्यालय भवन, स्वास्थ्य भवन, ग्रामीण सडक, पुल, खानेपानी, विद्युत उत्पादन गृह जस्ता भौतिक संरचना एवं कृषि जमिन र पर्यटकीय पदमार्गमा क्षति भयो । क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र एकीकृत वस्ती विकास गर्नका लागि सरकारी, गैरसरकारी, नागरिक समाज र विकास साझेदारबाट विभिन्न पहल भएका छन् । निजी आवास बनाउनका लागि अनुदान वितरणको काम भइरहेको छ । क्षतिग्रस्त निजी भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, पुरातात्विक सम्पदा र सार्वजनिक भवन लगायतका संरचनाको पुनर्निर्माणको काम भइरहे तापनि अपेक्षित रूपमा उक्त कार्यले गति लिएको छैन । त्यसैले, सबै निकायको समन्वयमा बजेट, जनशक्ति, निर्माण सामाग्री लगायतका साधन स्रोतको पर्याप्त व्यवस्था गरेर पुनर्निर्माण र वस्ती विकासको कामलाई समयमै सम्पन्न गर्नुपर्नेछ । साथै, भौतिक संरचना र आवास भवन बलियो बनाई व्यवस्थित र सुरक्षित बस्ती विकास गर्नुपर्नेछ ।

१५.१ २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र तत्पश्चातको पराकम्पहरूबाट मानवीय, भौतिक एवं प्राकृतिक स्रोतको ठूलो क्षति भयो । भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो, दरिलो र योजनावद्ध रूपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न विभिन्न संस्थागत तथा नीतिगत व्यवस्था गरिएको छ । विपद्पछिको आवश्यकता आंकलन प्रतिवेदन, विपद् पश्चातको पञ्चवर्षीय योजना तथा पुनर्निर्माण सम्बन्धी खाका तयार पारिएको छ । राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ र नियमावली, २०७२ कार्यान्वयनमा ल्याइएको छ । विभिन्न कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ ।

१५.२ भूकम्पबाट प्रभावित संरचनाहरूको पुनर्निर्माणलाई द्रुत गतिमा अगाडि बढाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भएको छ । अति प्रभावित १४ जिल्लामा जिल्ला समन्वय समितिको सचिवालय स्थापना भएको छ । विकास साझेदारहरूबाट प्रवाह हुने सहयोगको समन्वय र प्रभावकारी उपयोगका लागि विकास सहायता समन्वय सहजीकरण समिति गठन भएको छ ।

१५.३ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तयार गरेको Post Disaster Recovary Framwork (PDRF) मा पुनर्निर्माणको लागि रु. ८ खर्ब ३७ अर्ब ७४ करोड लाग्ने अनुमान छ । नेपाल सरकारले भूकम्प प्रभावित लाभग्राहीलाई दिने आवास अनुदानमा थप १ लाखका दरले वृद्धि गरेपछि थप १ खर्ब व्ययभार थपिन गई पुनर्निर्माण तथा पुनर्स्थापना लागत रु.९ खर्ब ३७ अर्ब ७४ करोड हुने अनुमान छ ।

१५.४ आर्थिक वर्ष २०७२/७३ मा विनाशकारी भूकम्प र सीमा नाकामा भएको अवरोधले अर्थतन्त्र विस्तार हुन सकेन । भूकम्प पछिको पुनर्निर्माण कार्य पनि अपेक्षा अनुसार हुन सकेन । फलस्वरूप कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ०.०१ प्रतिशत रहन पुग्यो । चालु आर्थिक वर्ष २०७३/७४ मा भूकम्प पछि निजी आवास तथा सार्वजनिक संरचनाको पुनर्निर्माण र नव निर्माणको कार्यले गति लिएको हुँदा निर्माण सामाग्रीको मागमा वृद्धि, उत्पादनमा वृद्धि र रोजगारीका अवसरको सिर्जना हुन गई आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको छ । पुनर्निर्माणको लागि निर्माण सामाग्री (स्टिल, फिटिङका सामान, सिमेन्ट, टिम्बर आदि) को उच्च माग स्वदेशी उत्पादनले धान्न नसक्दा आयात बढेको तर निर्यात बढ्न नसकेकोले व्यापार घाटा भने उच्च रहन गएको छ ।

## निजी आवास अनुदान

१५.५ भूकम्पबाट पीडित लाभग्राहीलाई उपलब्ध गराइने अनुदान रकममा रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख कायम गरिएको छ जसअनुसार पहिलो किस्तामा रु. ५० हजार, दोस्रो किस्तामा रु. १ लाख ५० हजार र तेस्रो किस्तामा रु. १ लाख पाउने गरी अनुदान वितरण कार्यविधिमा संशोधन गरिएको छ ।

१५.६ उपत्यका बाहिरका भूकम्प अतिप्रभावित ११ जिल्लामा विस्तृत सर्वेक्षणबाट ५ लाख ३२ हजार २ सय ३६ र गुनासो सम्बोधनबाट २३ हजार ३ सय ६९ गरी जम्मा ५ लाख ५५ हजार ६ सय ५ लाभग्राहीको पहिचान भएको छ । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा ४ लाख ८० हजार ७ सय ८७ घरधनीसँग अनुदान सम्झौता भई ४ लाख ७१ हजार ५ सय ६२ घरधनीकोको बैंक खातामा पहिलो किस्ता स्वरूप रु.५० हजार रकम जम्मा भएको छ । साथै, मापदण्ड पूरा गरी निर्माण सुरु भएका घरका घरधनीलाई दोस्रो र तेस्रो किस्ता बापतको रकम पनि उपलब्ध गराउन सुरु भएको छ। आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा १ हजार ४ सय ३८ जना घरधनीलाई दोस्रो किस्ता बापतको रु. १ लाख ५० हजार रकम प्राप्त गरेका छन् । साथै, ४४ जना घरधनीले तेस्रो किस्ता बापतको रु.१ लाख रकम पनि प्राप्त गरेका छन् ।

१५.७ काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका नगरपालिकामा Verification Model र साविकका गाउँ विकास समितिमा विस्तृत घरधुरी सर्वेक्षणबाट ९४ हजार ४ सय ५९ र गुनासो

सम्बोधनबाट ३ हजार ८ सय ४९ गरी ९८ हजार ३ सय ८ लाभग्राही पहिचान भएका छन् । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा उपत्यकाको ३ जिल्लाका ७३ हजार ८ सय २७ जना लाभग्राहीसँग अनुदान सम्झौता भएको छ । ६२ हजार १ सय ८३ जना लाभग्राहीको बैंक खातामा प्रथम किस्ता बापतको रु. ५० हजार जम्मा भएको छ । साथै, काठमाडौं उपत्यकामा दोस्रो र तेस्रो किस्ता वितरणको कार्य पनि सुरु भएको छ ।

**तालिका १५ (क) : निजी आवास अनुदान लाभग्राही र अनुदान वितरण**

| क्र.सं. | जिल्ला | पहिचान भएका कुल लाभग्राहको संख्या | गुनासो सम्बोधनबाट थपिएका लाभग्राहीको संख्या | कुल पहिचान भएका लाभग्राहीको संख्या | अनुदान सम्झौता भएका जम्मा घरधुरी | प्रथम किस्ता अनुदान पाएका जम्मा घरधुरी | दोस्रो किस्ता पाएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | ७८५३७ | १३८० | ७९९१७ | ७४९२४ | ७४९१२ | २०० |
| २ | ओखलढुङ्गा | १९८१९ | ३४६ | २०१६५ | १८४८९ | १८३०१ | - |
| ३ | नुवाकोट | ६५७७३ | ३५११ | ६९२८४ | ६२०४६ | ६१५७५ | २५२ |
| ४ | रामेछाप | ४३६०९ | १०४३ | ४४६५२ | ४०९११ | ३९७५९ | - |
| ५ | दोलखा | ५१९४० | ९२६३ | ६१२०३ | ४८११३ | ४७०७९ | २५८ |
| ६ | गोरखा | ५८५०३ | २४८४ | ६०९८७ | ५३३४९ | ५२६७५ | ५५ |
| ७ | धादिङ | ७०५८१ | २५८९ | ७३१७० | ६३९७८ | ६२८४९ | - |
| ८ | काभ्रेपलाञ्चोक | ६७७३१ | १७४३ | ६९४७४ | ६०७२१ | ५९७५१ | - |
| ९ | रसुवा | ११२३६ | ३९३ | ११६२९ | ९६८२ | ९१०६ | - |
| १० | सिन्धुली | ३४२६९ | २० | ३४२८९ | २८२६९ | २६१६२ | ७३ |
| ११ | मकवानपुर | ३०२३८ | ५९७ | ३०८३५ | २०३०५ | १९३३९ | ६०० |
| १२ | काठमाडौं | ४२५०० | १२८६ | ४३७८६ | ३५१३६ | ३०८९३ | - |
| १३ | ललितपुर | २५८९३ | १०७४ | २६९६७ | १८५३५ | ११७३७ | - |
| १४ | भक्तपुर | २६०६६ | १४८९ | २७५५५ | २०१५६ | १९५५३ | - |
| | **जम्मा** | **६२६६९५** | **२७२१८** | **६५३९१३** | **५५४६१४** | **५३३६९१** | **१४३८** |

स्रोतः- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

### चार्ट १५ (क) : भूकम्प अतिप्रभावित १४ जिल्लामा अनुदान वितरण




स्रोतः- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

१५.८ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म ४४ हजार ४ सय ५७ जना लाभग्राहीले आफ्नो घर निर्माण कार्य थालनी गरेका छन् । १७ हजार २ सय ४० जना लाभग्राहीले आफ्नो निजी घर आफै निर्माण गरेका छन् । २५ हजार २ सय ६८ जना लाभग्राहीले दोस्रो किस्ता बापतको रु.१ लाख ५० हजार प्राप्तिका लागि निवेदन दिएका छन् । यसमध्ये ७ हजार ७ सय ५९ घरको दोस्रो किस्ता भुक्तानीको लागि प्रमाणीकरण भएको छ।

१५.९ भूकम्पबाट तुलनात्मक रूपमा कम क्षति पुगेका १७ जिल्लामा हाल Verification Model बाट सर्वेक्षण कार्य अन्तिम चरणमा पुगेको छ ।

१५.१० आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा स्थानीय तहमा २ लाख ५ हजार ३ सय ३५ गुनासा दर्ता भएका छन् । दर्ता भएका गुनासो मध्ये ४५ प्रतिशत अर्थात ९३ हजार ३ सय ७४ गुनासो फछ्र्यौट भएका छन् ।

१५.११ आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा १७ हजार ३ सय ६ जना व्यक्तिलाई सिकर्मी डकर्मीको तालिम दिइएको छ । त्यसैगरी २ हजार ५ सय प्राविधिकलाई प्रशिक्षक तालिम र Inspection Manual सम्बन्धी तालिम दिइएको छ । नेपाली सेनाका २ सय जना प्राविधिकलाई प्रशिक्षक तालिम दिइएको छ ।

१५.१२ सिभिल/आर्किटेक्ट ईन्जिनियरिङको अन्तिम वर्षमा अध्ययनरत ९ सय ८५ विद्यार्थीलाई ५ जिल्लामा स्वंयसेवकको रूपमा खटाइएको छ र बन्दै गरेका तथा बन्ने क्रममा रहेका घरको निरीक्षण गर्ने व्यवस्था गरिएको छ ।

१५.१३ भूकम्पबाट अति जोखिमयुक्त ४ सय ७५ वटा बस्ती मध्ये आर्थिक वर्ष २०७२/७३ मा १ सय १७ वटा जोखिमयुक्त बस्तीको भौगर्भिक अध्ययन भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा बाँकी ३ सय ५८ बस्ती मध्ये २ सय वटा जोखिमयुक्त बस्तीहरूको अध्ययन भएको छ । अध्ययनबाट १ सय ११ बस्ती स्थानान्तरण गर्न सिफारिस भएको छ ।

१५.१४ विभिन्न संघसंस्था एवं समुदायको प्रयासबाट विभिन्न जिल्लामा एकीकृत बस्ती निर्माण गर्ने कार्य भइरहेको छ ।

१५.१५ निजी आवास पुनर्निर्माणको लागि भूकम्पबाट सुरक्षित १७ वटा घरका डिजाइन आर्थिक वर्ष २०७२/७३ मा स्वीकृत भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा नेपाली ग्रामीण परिवेश अनुसारका थप ६ प्रकारका घरका डिजाइन स्वीकृत गरिएको छ ।

## शैक्षिक संस्थाको पुनर्निर्माण

१५.१६ भूकम्पबाट पुनर्निर्माण गर्नुपर्ने विद्यालयको संख्या ७ हजार ९ सय २३ रहेको छ । विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग १ हजार २ सय ५० विद्यालय निर्माणका लागि समझदारी भएको छ । ती संस्थाबाट आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिना सम्म ३ सय २५ विद्यालयको निर्माण सम्पन्न भएको छ भने ९ सय २५ विद्यालयको निर्माण कार्य भइरहेको छ । विद्यालय व्यवस्थापन समिति मार्फत भूकम्प प्रभावित ३१ जिल्लाका १ हजार ६२ विद्यालय पुनर्निर्माण गर्ने तथा भूकम्प अति प्रभावित १४ जिल्लामा १/१ वटा नमूना विद्यालय निर्माण गर्ने कार्य भइरहेको छ । विदेशी दातृ निकायबाट १ सय ३२ विद्यालयको निर्माण भइरहेको छ ।

## स्वास्थ्य संस्थाको पुनर्निर्माण

१५.१७ भूकम्पबाट ९ सय २९ स्वास्थ्य संस्थाको क्षति भएको छ । पूर्ण क्षति भएका स्वास्थ्य संस्था ४ सय ४०, आंशिक क्षति भएका २ सय १० र सामान्य क्षति भएका २ सय ७९ छन् । चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म २ सय स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न भएको छ । विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्था तथा मित्रराष्ट्रको सहयोगमा भूकम्प प्रभावित जिल्लाका क्षतिग्रस्त अस्पताल, स्वास्थ्य केन्द्रको मर्मत, प्रवलीकरण एवं निर्माण कार्य प्रारम्भ भएको छ । आर्थिक वर्ष २०७२/७३ मा भूकम्पबाट अति प्रभावित १४ जिल्लाका क्षतिग्रस्त स्वास्थ्य संरचनाहरूको विस्तृत इञ्जिनियरिङ्ग अध्ययन सम्पन्न भएकोमा चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ

महिनासम्म अन्य प्रभावित १७ जिल्लामा भएको क्षतिको विस्तृत इञ्जिनियरिङ्ग कार्य सम्पन्न भएको छ।

१५.१८ स्वास्थ्य संस्थाको निर्माण कार्य सँगै सहयोगी संस्थाका तर्फबाट स्वास्थ्य संस्थाका लागि आवश्यक औषधि, उपकरण लगायत मेडिकल तथा अन्य सामाग्रीहरू जस्तैः फर्निचर, सोलार जडान आदि आवश्यकता अनुसार उपलब्ध भएको छ । भूकम्पबाट अति प्रभावित जिल्लाका घाइतेको पुनर्स्थापना, प्रजनन स्वास्थ्य शिविर, मनोसामाजिक उपचार, खानेपानी तथा सरसफाइ, पोषण, लैगिक हिंसा बिरूद्धका कार्यक्रम, थप स्वास्थ्यकर्मीको व्यवस्था लगायतको प्रभावले स्वास्थ्य सेवा लिनेको संख्यामा वृद्धि भएको छ । निर्माण भएका स्वास्थ्य संस्था मार्फत स्वास्थ्य सेवा पुनर्स्थापित भई जनताको स्वास्थ्य सम्बन्धी मौलिक अधिकार प्राप्तिमा टेवा पुगेको छ।

## पुरातात्विक सम्पदाको पुनर्निर्माण

१५.१९ विनासकारी भूकम्पबाट उपत्यका लगायत २५ जिल्लाका करिब ७ सय ५० सांस्कृतिक सम्पदाहरू प्रभावित भएका छन् । ती मध्ये १ सय ३३ पूर्ण रूपमा क्षति भएका छन् । बाँकी आंशिक तथा सामान्य क्षति भएका छन् । चालु आर्थिक वर्ष २०७३/७४ मा महत्त्वपूर्ण १ सय ३२ वटा सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण सम्पन्न गर्ने अनुमान छ।

१५.२० क्षतिग्रस्त ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरूको पुनर्निर्माण गर्दा सम्पदाको मौलिकता कायम राख्न परम्परागत सीप भएका कालिगढ र निर्माण सामाग्रीको प्रयोगमा जोड दिइएको छ । काठमाडौं उपत्यका भित्र विश्व सम्पदा सूचीमा रहेका प्राचीन सम्पदाहरूको पुनर्निर्माण कार्य भइरहेकोमा बौद्धनाथ मन्दिरको निर्माण सम्पन्न भइसकेको छ।

१५.२१ "मेरो धरहरा म बनाउँछु" अभियान अन्तर्गत आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा राष्ट्रिय पुनर्निर्माण कोषमा रु. ८ करोड २९ लाख रूपैयाँ जम्मा भइसकेको छ। त्यसैगरी, धरहरा पुनर्निर्माणको लागि Detailed Design सम्पन्न भई पुनर्निर्माणको जिम्मा नेपाल टेलिकमलाई दिइएको छ ।

## सरकारी भवन पुनर्निर्माण

१५.२२ भूकम्पबाट पुनर्निर्माण गर्नुपर्ने सरकारी भवन (सुरक्षा निकायका भवन बाहेक) २ हजार ६ सय ८८ र मर्मत गर्नुपर्ने भवन ३ हजार ७ सय ७६ रहेका छन् । क्षति भएका विभिन्न सरकारी भवनको निर्माण प्रकृया अगाडि बढाइएको छ । आर्थिक वर्ष २०७३/७४ को

प्रथम आठ महिनासम्ममा ५१ वटा भवनको निर्माणका लागि ठेक्का सम्झौता भएको छ । प्रवलीकरण गर्नुपर्ने २ सय ८२ भवन मध्ये ३२ वटा भवनको प्रवलीकरण सम्पन्न भएको छ । ९१ भवनहरूको विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य भइरहेको छ । विभिन्न जिल्लाका ४४ वटा सरकारी भवनहरूको निर्माण सुरु भएको छ । २ सय ८८ वटा अस्थायी प्रकृतिका संरचना निर्माण गर्नुपर्नेमा ७६ वटाको निर्माण कार्य सम्पन्न भएको छ ।

१५.२३ सुरक्षा निकायका क्षतिग्रस्त १ हजार २ सय ८० भवन मध्ये सामान्य क्षति भएका ५ सय ८३ भवनको निर्माण सम्पन्न भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा ६ सय ८ भवनको निर्माण सम्पन्न हुने अनुमान छ।

## अन्य कार्यहरू

१५.२४ भूकम्पबाट पूर्ण तथा आशिक रूपमा क्षति भएका ७ हजार ७ सय ४१ खानेपानी आयोजना मध्ये ३ सय ६३ आयोजनाको पुनर्निर्माण सम्पन्न भएको छ । १ सय ४६ खानेपानी आयोजना चालु आर्थिक वर्ष २०७३/७४ मा सम्पन्न हुने अनुमान छ ।

१५.२५ भूकम्प प्रभावित जिल्लाहरूमा आर्थिक पुनस्थापना तथा जीविकोपार्जन कार्य सञ्चालन गरी भूकम्प पीडितको उत्थान गर्न कृषि विकास मन्त्रालय, पशुपंछी विकास मन्त्रालय, उद्योग मन्त्रालयलाई आर्थिक पुनर्स्थापना तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न बजेट उपलब्ध गराइएको छ।

## चुनौतीहरू

१५.२६ भूकम्पबाट ध्वस्त भएका आवास, सांस्कृतिक सम्पदा, भौतिक तथा सामाजिक पूर्वाधार सम्बन्धी संरचनाको पुनर्निर्माण तथा नवनिर्माणको लागि बजेट सुनिश्चितता हुन बाँकी रहेकोले बजेटको सुनिश्चितता कायम गरी पुनर्निर्माणको काम समयमै सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

१५.२७ निजी आवास निर्माणको लागि भूकम्प अति प्रभावित १४ जिल्लामा पहिलो किस्ता बापतको अनुदान वितरण कार्य अन्तिम चरणमा पुगेतापनि दोस्रो एवं तेस्रो किस्ता वितरणले अपेक्षित गति लिन सकेको छैन । त्यसको लागि स्थानीयस्तरमा थप प्राविधक जनशक्ति पठाएर तथा स्थानीयस्तरमा सिकर्मी डकर्मी लगायतका निर्माणकर्मी उत्पादन गरेर तथा निर्माण सामाग्रीको सहज आपूर्ति गरेर पुनर्निर्माणको कार्यलाइ गति दिनु चुनौती छ ।

१५.२८ कतिपय लाभग्राहीको जग्गा नामसारी नभएको, सार्वजनिक जग्गामा घर बनाएको, नागरिकता नभएको, ऐलानी जग्गा र सुकुम्बासी समस्या आदिका कारणले अनुदान सम्झौता गर्न बाँकी भएको छ । यी समस्याको समाधान गरी सबै लाभग्राहीको निजी आवास पुनर्निर्माण गर्ने कार्य चुनौतीको रूपमा रहेको छ ।

१५.२९ भूकम्पपछिको समयमा बढी जोखिममा रहेका बस्तीको एकीकृत बस्ती विकास गर्ने, संघीयताको व्यवस्थापनको सन्दर्भमा निर्माण गरिने पूर्वाधारलाई भूकम्प प्रतिरोधी बनाउने र स्थानीय तहका आर्थिक केन्द्रमा भूकम्प प्रतिरोधी नवनिर्माणका पूर्वाधार बनाउने कार्य चुनौतीपूर्ण छ ।

१५.३० निजी आवास पुनर्निर्माणका सम्बन्धमा स्थानीय तहमा गुनासो दर्ता दिनानुदिन बढिरहेकोले गुनासोको समयमै सम्बोधन गरी पुनर्निर्माण कार्यलाई तीव्रता दिनु चुनौतीपूर्ण रहेको छ ।

१५.३१ सरकार तथा निजी क्षेत्रबाट सञ्चालित भौतिक संरचनाको निर्माण गर्दा भूकम्पीय जोखिम न्यूनीकरण हुने गरी निर्माण गर्ने कार्य चुनौतीपूर्ण छ ।

